# स्थानीय तहको कानुनी विकासको वर्तमान स्थिति : एक अध्ययन



डा विपिन अधिकारी

उमेश गौतम

# स्थानीय तहको कानुनी विकासको वर्तमान स्थितिः एक अध्ययन

विपिन अधिकारी

उमेश गौतम

**नेपाल कन्सल्टिङ्ग लयर्स इन्क**

काठमाण्डौ

# स्थानीय तहको कानुनी विकासको वर्तमान स्थितिः एक अध्ययन

नेपाल कन्सल्टिङ्ग लयर्स इन्क
काठमाण्डौ, चैत २०७७

१,००० प्रति

सर्वाधिकारः लेखक र प्रकाशकमा

इमेल: lawyers_inc_nepal@yahoo.com

यस प्रकाशनलाई यस स्वरुपमा ल्याउन अष्ट्रेलियन सरकारको विदेश मामिला तथा वाणिज्य विभाग र द एसिया फाण्डेसन नेपालको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमबाट सहयोग उपलब्ध भएको छ । यस प्रकाशनमा व्यक्त विचार तथा निष्कर्षहरुले कार्यक्रम सम्बद्ध अष्ट्रेलिया सरकार र द एसिया फाउण्डेसनको धारणालाई व्यक्त गरेको मानिने छैन ।

आवरण डिजाइनः प्रत्युष खतिवडा (babupratyush57@gmail.com)

प्रिण्टः युनाइटेड ग्राफिक्स प्रिण्टर्स, हाँडीगाउँ, काठमाण्डौ

# भूमिका

नेपालको नयाँ संविधान, २०७२ लागु भएको पाँच वर्ष पुगिसकेको छ । यस संविधानले अपनाएको तीन तहको संघीयताको अवधारणा बमोजिम स्थापना भएका सबै स्थानीय तहहरुको निर्वाचन सम्पन्न भई काम गर्न थालेको पनि तीन वर्ष भन्दा बढी भइसकेको छ । चौथो वर्षको अनुभव बटुल्दै गरेका स्थानीय तहहरुले यो अवधिमा गोडा टेकिसकेका छन् । स्थानीय स्वशासन संविधानको प्रतिबद्धता बमोजिम कार्यान्वयन हुँदैछ । सबैका अनुभव नयाँ छन् । तथापि केही सिकाईका अनुभवहरु हरेक स्थानीय तहको छ । त्यस्तो अनुभव कानुन निर्माण प्रक्रिया तथा बनेका कानुनहरुको कार्यान्वयन सम्बन्धमा पनि छ । यो पुस्तक स्थानीय तहका रुपमा केही नगरपालिकाहरुको कानुन निर्माण तथा विकासको वर्तमान स्थितिको एक अध्ययन हो । यो अध्ययनले समस्या तथा समाधान दुवै तर्फ केही सुझावहरु प्रस्तुत गरेको छ ।

संविधानविद प्रा.डा. विपिन अधिकारी तथा कानुनी अनुसन्धानकर्ता उमेश गौतमको यो एउटा सानो अवधिको अध्ययन हो । यस क्रममा करिब तीन हप्ता जति स्थलगत अध्ययन पनि गरिएको थियो । तिनलाई प्रस्तुत गर्न यस पुस्तकलाई छ भागमा विभाजन गरिएको छ । पहिलो भागले यस अध्ययनको सामान्य पृष्ठभूमि उल्लेख गर्दछ । यसले प्रस्तुत अध्ययनको उद्देश्य, नयाँ संविधान कार्यान्वयनका लागि निर्माण गर्नुपर्ने कानुनहरुको एक झलक, संघीयताका लागि आजका मितिसम्म बनिसकेका कानुनी तथा संस्थागत संरचनाहरुको रुपरेखा, स्थानीय तह सम्बन्धमा संघीय सरकारले बनाउने कानुनहरु, कर्मचारी प्रशासनको निर्माण तथा संविधान अन्तर्गतको स्थानीय तहको व्यवस्थापनका लागि संघीय संसदले बनाएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आउनु अघिको परिस्थितिलाई उल्लेख गरको छ । यो प्रारम्भिक भागले अध्ययनको मूल उद्देश्यका लागि पृष्ठभूमि तयार गर्दछ ।

पुस्तकको दोस्रो भाग स्थानीय तहको वर्तमान कानुनी संरचनाको विश्लेषणमा केन्द्रित छ । यसले संविधानले प्रस्तुत गरेको स्थानीय तह सम्बन्धी अवधारणालाई कार्यान्वयन गर्न ल्याइएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को उद्देश्यलाई प्रकाश पार्दछ । यसले स्थानीय तहका लागि संघबाट प्रेषित कानुनहरुका साथै स्थानीय तहको कानुनी विषयवस्तुहरुमा संघीय सरकारद्वारा सहयोग स्वरुप पठाइएका नमुना कानुनका मूल क्षेत्र तथा तिनका आधारभूत प्रावधानहरुको चर्चा गर्दछ । स्थानीय सरकारका रुपमा कार्य गर्न सम्भव तुल्याउने उद्देश्यबाट आएका यी सबै नमुना कानुनहरु स्थानीय तहले आवश्यकता अनुसार पारित गरी आफ्नो कानुनी प्रणाली सिर्जना गरेका हुन् । यी नमुनाहरु आर्थिक, विकास तथा निर्माण, वित्तीय, सामाजिक तथा स्थानीय प्रशासनिक क्षेत्रसँग सम्बन्धित छन् । यसका साथै नेपाल सरकार, सर्वोच्च अदालत तथा संवैधानिक अंगहरु लगायतबाट स्थानीय तहलाई गरिएका परिपत्र तथा निर्देशनहरुले पनि स्थानीय सरकारको प्रशासनिक परिस्थितिलाई प्रष्ट गर्दछन् । यसपछि पालिकाहरुले संघ सरकारको नमुना बाहेक पनि

बनाएका ऐन कानुनहरुको विश्लेषण छ। समग्रमा भाग २ ले स्थानीय तहको संविधान मुनिको वर्तमान कानुनी संरचनाको पूर्ण चित्र प्रस्तुत गर्दछ।

यस पुस्तकको तेस्रो भागमा नगरसभामा प्रयोग हुने कानुन निर्माणको आन्तरिक प्रक्रियालाई अध्ययन गरिएको छ। यस भागमा नगरसभा सञ्चालन कार्यविधि, प्रदेश स्तरीय गाउँ सभा तथा नगरसभा कार्य सञ्चालन (कार्यविधि) ऐनले गरेका व्यवस्थाहरु, स्थानीय तहको मिश्रित शासन प्रणालीमा संसदीय मापदण्डको प्रयोग तथा विधायिकी प्रक्रियालाई सहयोग गर्न गैरविधायिकी प्रक्रियाको महत्व माथि प्रकाश पारिएको छ। कानुन निर्माणको कार्यविधिमा नगरपालिकाहरुले गरेको उपलब्धि, यस सम्बन्धी उनीहरुका समस्याहरु तथा ती समस्याहरुको परिस्थितिको विवेचना गरिएको छ। यस भागले स्थानीय सरकारको कानुन निर्माणको आन्तरिक प्रक्रिया तथा नगर सभाको क्षमताको प्रयोग गर्नका लागि विचार गर्नुपर्ने तथ्यहरु के के हुन् ? भन्ने पनि स्पष्ट गरेको छ।

यो अध्ययनको भाग ४ केही नगरपालिकाहरुमा विशेष रुपमा केन्द्रित छ। अध्येताहरुको कार्यक्षेत्र नेपालका सबै स्थानीय तह भए पनि यस अध्ययनमा केही नमुना नगरपालिकाहरुलाई अध्ययनको विषय बनाइएको छ। यी सबै नगरपालिकाहरु प्रत्येक प्रदेशबाट लिइएका छन्। यसरी छनोट गर्दा पहाडी क्षेत्र तथा तराई क्षेत्र दुवैको प्रतिनिधित्व गरिएको छ। कानुन निर्माणको विषयलाई यस भागमा केन्द्रित गर्दै त्यस्ता प्रत्येक नगरपालिकाको नीति तथा कार्यक्रम, लागु भएका कानुनहरु, त्यस्ता केही कानुनहरुको टिप्पणी, त्यस्तो नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति तथा सुधारका अपेक्षाहरु बारे टिप्पणी गरिएको छ। यी सबै विषयवस्तुले अध्ययन गरिएका नगरपालिका तथा तिनले सिर्जना गरेको कानुनी व्यवस्थाहरुलाई प्रष्ट पार्दछन्। यस भागमा कानुनी संरचनाको अभाव भएका क्षेत्रहरुलाई पनि प्रकाश पारिएको छ। समस्या तथा समाधान दुवैका सम्बन्धमा टिप्पणी गरिएका छन्।

यस पुस्तकको भाग ५ ले उपरोक्त सबै छनोट गरिएका नगरपालिकाहरुको कानुन निर्माण एवम् कार्यान्वयनका सम्बन्धमा आफ्नो दृष्टिकोणलाई प्रस्तुत गर्दछन्। स्थानीय तहको निर्वाचन भएर स्थानीय सरकार निर्माण भएदेखि यो अध्ययन गर्दा सम्मका कानुन निर्माण तथा कार्यान्वयनका उपलब्धि तथा समस्याहरुलाई यसमा उल्लेख गरिएको छ। स्थानीय जनप्रतिनिधिहरुसँग बेग्लाबेग्लै वा ससाना समूहहरुका साथसाथै नगरकार्यपालिकाका प्रशासक तथा कर्मचारीसँग गरिएको बैठक र अन्तर्क्रियाका आधारमा ती *इनपुटहरु* लिइएका हुन्। स्थानीय परिवेश अनुसार आ-आफ्नो सरोकारका विषयहरुलाई उनीहरुले जुन रुपमा राखे संश्लेषण गरी त्यसै रुपमा यस भागमा प्रस्तुत गरिएका छन्। भाग ४ मा गरिएको अध्ययनलाई भाग ५ को अध्ययनले अझ बलियो बनाउँछ। स्थानीय अर्थ राजनीति तथा कानुन निर्माण तथा कार्यान्वयनका प्रसंगहरु पनि यसमा संश्लेषित छन्।

भाग ६ यस पुस्तकको अन्तिम भाग हो। यसले प्रस्तुत अध्ययनको निचोड तथा नीति निर्माता तथा प्रशासकहरुका लागि केही सुझावहरु प्रदान गर्दछ। यी सुझावहरुको कार्यान्वयनले स्थानीय तहको कानुन निर्माण, यसको प्रक्रिया तथा बनेका कानुनको कार्यान्वयन लगायतका क्षेत्रहरुमा स्थानीय सरकारलाई संस्थागत गर्ने उद्देश्य राख्दछ।

यो अध्ययनबाट के देखिन्छ भने स्थानीय सरकारहरुले यो तीन वर्षको अवधिमा आफूलाई अनुभवका आधारमा परिष्कृत गर्दै लगेका छन् । अध्ययन गरिएका सातवटै नगरपालिका स्रोत साधनको कमी र कतिपय अवस्थामा अस्पष्टता रहँदा रहँदै पनि हिजोका परिस्थितिलाई पछि छाड्दै निकै अगाडि बढेका छन् । विद्यमान कानुन निर्माण तथा कार्यान्वयन लगायतका समस्याहरुको निराकरण गरी नेपाली संघीयताको एउटा तहका रुपमा स्थानीय तह अझ संगठित हुँदै जाने अवसर जुटाइदिनु जरुरी छ ।

यो पुस्तक यस क्षेत्रको धेरै महत्वपूर्ण पुस्तक हो । यो ठीक समयमा आएको छ । यस पुस्तकले सम्बन्धित क्षेत्रको विकास तथा सुधारका लागि अवश्य नै योगदान गर्नेछ । यस अध्ययनको सफलताका लागि म डा. विपिन अधिकारी तथा उमेश गौतमलाई शुभकामना दिन चाहन्छु ।

**प्राध्यापक (डा) ऋषिकेश वाग्ले**
डीन
काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल (केयुएसएल)
धुलिखेल
चैत २०७७

# आभार

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभाबाट वि.सं. २०७२ सालमा नेपालको नयाँ संविधान जारी गरिएको हो । यो संविधानको घोषित उद्देश्यमा मुलुकमा सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका बिभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिबद्धता छ। यो प्रतिबद्धता प्राप्तिका लागि संविधानले आत्मसात् गरेका विभिन्न सांगठनिक ढाँचाहरु मध्ये एउटा ढाँचा मुलुकको संघीयकरण गर्नु पनि हो ।

नेपालले आत्मसात् गरेको संघीयता तीन तहको मान्यतामा आधारित छ। राष्ट्रिय स्तरमा संघीय सरकारका रुपमा नेपाल सरकार, सातवटा प्रदेशहरु तथा स्थानीय तहको संरचनाबाट संघीय उद्देश्यलाई प्राप्त गर्न खोजिएको छ । संविधानको प्रस्तावनाले मुलुकलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको मान्दछ । यसलाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्ने संविधानले संकल्प गरेको छ । संविधानको माध्यमबाट वर्गीय जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्नु नयाँ संविधानको लक्ष्य हो । यसै लक्ष्यको कार्यान्वयनका लागि जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने स्पष्ट आकांक्षा संविधानको प्रस्तावनामा उल्लेख गरिएको छ । निस्सन्देह यी प्रतिबद्धताहरु तीनै तहको शासन व्यवस्थाद्वारा संविधान बमोजिम कार्यान्वयन गरिनु पर्ने हुन्छ । यस अर्थमा उपरोक्त विषयवस्तुहरुमा संघीय स्तरको नेपाल सरकार, प्रदेशहरु तथा स्थानीय तहका रुपमा कानुनद्वारा व्यवस्था गरिएका ७५३ गाउँपालिका तथा नगरपालिका र ७७ वटा जिल्ला समन्वय समिति समेतको शासकीय भूमिका हुन्छ ।

यो अध्ययन नेपालको संघीयताको तेस्रो तह अर्थात स्थानीय तहको कानुनी विकासको वर्तमान स्थितिको एउटा संक्षिप्त तथा सानो अवधिको अध्ययन हो । यस अध्ययनका दुई पक्षहरु छन् । पहिलो, यसमा स्थानीय तहमा कानुन निर्माणको कार्यविधि तथा तिनको प्रयोगको समीक्षा गर्ने उद्देश्य राखिएको छ भने दोस्रो पक्षमा बनेका कानुनहरुको गुणस्तर तथा प्रभावकारिताका बारेमा एउटा धारणा कायम गर्ने उद्देश्य छ । यी दुवै पक्षको विश्लेषण गर्दा स्थानीय तहहरुको कानुन निर्माण तथा कार्यान्वयनको वर्तमान परिप्रेक्ष्य कस्तो छ भनेर पनि हेर्न खोजिएको छ। यो प्रक्रियामा स्थानीय नीति तथा कार्यक्रम एवम्

लैंगिक समानता तथा सामाजिक समावेशिकरणका साथै तिनलाई कानुनी आधार प्रदान गर्ने चुनौतीलाई कुन रुपमा निर्वाह गरिँदैछ भन्ने पक्षलाई पनि विश्लेषण गरिएको छ । प्राध्यापक डा. ऋषिकेश वाग्लेले यस अध्ययनको भूमिकामा गर्नुभएको प्रस्तुति (च्याप्टराइजेसन स्किम) ले यसबारेमा उल्लेख गरिसकेकाले यहाँ पुनः वर्णन गर्नु आवश्यक भएन । तथापि अध्ययनको निचोड तथा भविष्यका लागि उल्लेख गरिएका सुझावहरुले यो अध्ययनलाई प्रयोजनपरक बनाएका छन् ।

स्थानीय तहमा कार्यरत ७५३ वटै पालिकाहरुको अध्ययन धेरै ठूलो लक्ष्य हो । करिब दुई महिनाको अवधिमा यो सम्भव पनि छैन । यस अध्ययनले आफ्नो उद्देश्यलाई छनोट गरिएका केवल सातवटा नगरपालिकाको अध्ययनबाट प्राप्त गर्न खोजेको छ । प्रत्येक प्रदेशबाट एउटा नगरपालिकाको अध्ययनका आधारमा सबै विश्लेषण तथा निचोड निकालिएका हुन् । तर नगरपालिका छान्दा मुलुकका सबै मूल क्षेत्रहरुको नमुना पर्न सकोस् भन्ने चाहना राखिएको छ । यसै चाहना अनुरुप प्रदेश १ बाट दमक नगरपालिका, प्रदेश २ बाट कलैया उपमहानगरपालिका, बागमती प्रदेशबाट भीमेश्वर नगरपालिका, गण्डकी प्रदेशबाट वालिङ नगरपालिका, लुम्बिनी प्रदेशबाट तानसेन नगरपालिका, कर्णाली प्रदेशबाट वीरेन्द्रनगर नगरपालिका तथा सुदुरपश्चिम प्रदेशबाट टीकापुर नगरपालिका यस अध्ययनमा परेका हुन् ।

सानो स्तरको तथा संक्षिप्त अध्ययन भए पनि यी सातवटै नगरपालिकाको यस पुस्तकमा समग्र (होलिस्टिक) अध्ययन छ । सम्बन्धित पालिकाले सार्वजनिक गरेका कागजपत्र, पालिकाको वेबसाइटमा राखिएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा प्रत्येक नगरपालिकामा गरिएको करिब तीन-तीन दिनको स्थलगत अध्ययन एवम् कर्मचारी, पदाधिकारी तथा नगरसभाका सदस्यहरुसँगको एकल वा ससाना सामूहिक अन्तर्क्रियाका आधारमा स्थानीय कानुन निर्माण, त्यसको प्रक्रिया, कार्यान्वयन तथा स्थानीय शासन पद्धतिको विश्लेषण गरिएको हो । कोभिड १९ का कारणले ठूलो बैठकहरु सम्भव भएन । निसन्देह लेखकहरुको विगत केही वर्षमा भएको अन्य स्थानीय तहहरुको भ्रमण तथा अन्तरर्क्रिया एवम् मुलुकको संवैधानिक तथा प्रशासनिक कानुनको अनुभवबाट पनि यो अध्ययनलाई फाइदा पुगेको छ । त्यसैले यो केवल सैद्धान्तिक अध्ययन मात्र होइन । स्थानीय तहको व्यवहारिक कानुनी कठिनाईहरुलाई मसिनोसँग बुझ्ने प्रयास यसमा छ ।

यस अध्ययनलाई सहयोग गर्ने स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी र नागरिक समाज प्रति हामी आभारी छौं । दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली, उपप्रमुख गीता अधिकारी, वडा अध्यक्षहरु बोधराज न्यौपाने, इन्द्र बहादुर गुरुङ तथा भीमप्रसाद पौडेल, नगरसभा सदस्यहरु कमला बस्नेत खाती, मीना प्याकुरेल, मीना विश्वकर्मा लगायत नगरपालिकाको कर्मचारी संयन्त्रतर्फ प्रमुख प्रशासकीय अधिकृत गणेश प्रसाद तिम्सिना, कानुन अधिकृत माधव बस्नेत, इञ्जिनियर अनन्त प्रसाद सेनेहाङ, स्वास्थ्य शाखा प्रमुख रामकृष्ण चौधरी तथा कुबेर भट्टराई, स्थानीय नागरिक समाजका बोधराज न्यौपाने, शान्ता नेपाल, अम्बिका प्रसाद खनाल लगायतले दिनुभएको सहयोगका लागि हामी कृतज्ञ छौं । यसै क्रममा सानो भेटमा पनि हामीलाई आफ्नो विचार राखिदिनुहुने कमल गाउँपालिका प्रमुख मेनुका काफ्ले तथा उपप्रमुख बेनु प्रसाद शिवाकोटी एवम्

प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ; शिवसताक्षी नगरपालिकाका उपप्रमुख भोजकुमारी नेपाल तथा प्रमुख प्रशासकीय अधिकृत गीता कुमारी राई, गौरादह नगरपालिकाका उपप्रमुख गीता भेटवाल र प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराई सहित सबैलाई धन्यवाद छ ।

यस्तै कलैया उपमहानगरपालिकाका प्रमुख राजेश राय यादव, उपप्रमुख रहिमा खातुन, कार्यपालिका तथा नगरसभा सदस्यहरु सुशीला देवी, शीलादेवी कुर्मी लगायत नगरपालिकाको कर्मचारी संयन्त्रतर्फ प्रमुख प्रशासकीय अधिकृत प्रहलाद प्र. वर्णवाल, कानुन अधिकृत कमल पोखरेल, न्यायिक समिति शाखा सचिव महन्थ ठाकूर, प्रशासन शाखाका दिवाकार झा, इञ्जिनियर राजकुमार साह, सूचना अधिकृत सुरेश कुमार यादव, उपप्रमुखका स्वकीय सचिव आदिल अन्सारी, नागरिक समाजका मुकेश साह, जगदीश ठाकूर लगायत हामीलाई सहयोग गर्नुहुने सबैमा आभार व्यक्त गर्दछौं । वहाँहरुसँगको एकल तथाससाना सामूहिक अन्तर्क्रिया प्रस्तुत अध्ययनका लागि धेरै महत्वपूर्ण रहेको छ ।

अध्ययनको क्रममा भीमेश्वर नगरपालिकाबाट पनि हामीले धेरै कुरा जान्न बुझ्न पायौं । यसका लागि हामी नगर प्रमुख भरत बहादुर केसी, वडा अध्यक्षहरु विराजमान श्रेष्ठ, नविन लामा तथा हरिशरण शिवाकोटी, नगरसभा सदस्यहरु तेजबहादुर खाती तथा गोकुल प्रसाद न्यौपाने लगायत नगरपालिकाको कर्मचारी संयन्त्रतर्फ प्रमुख प्रशासकीय अधिकृत मान बहादुर खड्का, आर्थिक प्रशासन प्रमुख जगदीश अर्याल, सामाजिक विकास अधिकृत नारायण सेढाईं, वडा सचिव लक्ष्मी खड्का, लिला खतिवडा लगायत सबैजना प्रति कृतज्ञ छौं । छिमेकी नगरपालिकाका अनुभवहरु समेत हामीले वहाँहरुबाट सुन्न बुझ्न पाएका थियौं ।

वालिङ नगरपालिकाको भ्रमण पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ । यस भ्रमणमा नगर प्रमुख दिलीप प्रताप खाँड तथा उपप्रमुख कल्पना तिवारीले हामीलाई उत्साहपूर्वक आफ्ना नीति तथा कार्यक्रमहरुका बारेमा जानकारी दिनुभएको थियो । नगरपालिकाका वडा अध्यक्षहरु कमल प्रसाद सुवेदी, केदार काफ्ले तथा श्याम श्रेष्ठ, कार्यपालिका तथा नगरसभा सदस्यहरु गीता वि.क., सीता वि.क., सपना विश्वकर्मा एवम् युगमाया पंगेनी लगायत नगरपालिकाको कर्मचारी संयन्त्रतर्फ प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवाली, कानुनी सल्लाहकार नरबहादुर पौडेल, इञ्जिनियर प्रकाश अर्याल, सूचना प्रविधि शाखाका माधव न्यौपाने, जनस्वास्थ्य निरीक्षक कमल प्रसाद पाण्डे, पशु स्वास्थ्य प्राविधिक रमेश शर्मा, नगर प्रमुखका स्वकीय सचिव छवि आले लगायत अन्य सबैप्रति आभारी छौं । कानुन निर्माण तथा कार्यान्वयनका सम्बन्धमा वालिङ नगरपालिकासँगको हाम्रो अनुभव धेरै महत्वपूर्ण छ ।

यस्तै तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाही, उपप्रमुख लक्ष्मी देवी पाठक, वडा अध्यक्ष सागरमान महर्जन, नगरसभा सदस्य मैयादेवी घिमिरे, शशी श्रेष्ठ, दुर्गा नेपाली, कमला भण्डारी लगायत नगरपालिकाको कर्मचारी संयन्त्रतर्फ प्रशासकीय अधिकृत भरत प्रसाद आचार्य, राजस्व शाखा प्रमुख मधुसुदन घर्ती, योजना शाखा प्रमुख

विष्णु पौडेल, सूचना प्रविधि अधिकृत प्रकाश गैरे, सरसफाई शाखा प्रमुख शंकर भण्डारी, पञ्जीकरण शाखाका नारायण प्रसाद पाण्डे, प्रेस सल्लाहकार गोविन्द भट्टराई तथा अन्य सबैलाई धन्यवाद छ । यस अध्ययनले तानसेन नगरपालिकाले गरेका कतिपय उपलब्धिहरुलाई उपयुक्त ठाउँमा प्रष्ट रुपमा उल्लेख गरेको छ ।

वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख मोहनमाया भण्डारी (ढकाल), वडा अध्यक्षहरु थम्म प्रसाद गौतम तथा भूपेन्द्र खत्री, नगरसभा सदस्यहरु डण्ड विश्वकर्मा, यमुना नेपाली सुनिता चौधरी, बुद्धिसदा सुनार लगायत नगरपालिकाको कर्मचारी संयन्त्रतर्फ प्रमुख प्रशासकीय अधिकृत टीकाराम ढकाल, न्यायिक शाखा प्रमुख सुरेश आचार्य र न्यायिक शाखाका विनिता ढुंगाना, योजना अधिकृत प्रकाश पौडेल, उद्योग नियमन शाखाका इन्द्र थापा र चक्र थापा सहित मधुराधिका ढकाल, टंक लामिछाने एवम् अन्य सबैजनालाई आभार व्यक्त गर्दछौं ।

त्यस्तै, टीकापुर नगरपालिकाका नगरप्रमुख तपेन्द्र बहादुर रावल, कार्यपालिका सदस्यहरु डम्बर राजी, अक्कल माझी, तथा गंगाराम आचार्य, नगरसभा सदस्यहरु इन्द्र प्रसाद शर्मा एवम् सीता चौधरी लगायत नगरपालिकाको कर्मचारी संयन्त्र तर्फ प्रमुख प्रशासकीय अधिकृत मोहन प्रसाद अर्याल, कानुन अधिकृत केशर थापा, प्रशासकीय अधिकृत रञ्जु आचार्य लगायत पालिकामा कार्यरत दुई महिला नगरप्रहरी सहित अन्य सबैलाई धन्यवाद दिन चाहन्छौं । यसका साथै टीकापुर नगरपालिकामा आएको परिवर्तनका सम्बन्धमा सुदुरपश्चिम प्रदेश सभा तथा विधायन समिति सदस्य रणबहादुर रावललाई पनि वहाँको विचारका लागि कृतज्ञता प्रकट गर्दछौं ।

तानसेन, वीरेन्द्रनगर तथा टीकापुर लगायत सबै नगरपालिकामा हामीले सहकार्य गरेका कतिपय सदस्य तथा पदाधिकारीको नाम अडियो रेकर्डमा दुरुस्त नआएकाले यहाँ उल्लेख गर्न सकेका छैनौं । तथापि स्थानीय स्तरमा औपचारिक तथा अनौपचारिक रुपमा हामीसँग कुराकानी गरेर सहयोग गर्नुहुने सबै स्थानीय व्यक्ति, निर्वाचित प्रतिनिधि, पालिकाका कर्मचारीहरु तथा नगरप्रहरीहरुलाई पनि वहाँहरुको सहयोगका लागि धन्यवाद व्यक्त गर्दछौं । यो क्रममा सबै नगरपालिकाहरुमा गरी जम्मा २१ दिन (एक पालिकामा ३ तीन) स्थलगत अध्ययन तथा औपचारिक अनौपचारिक छलफलहरु गरिएका थिए ।

स्थानीय पालिकाहरुसँगको हाम्रो अध्ययनलाई सहजीकरण गरिदिनुहुने द एसिया फाउण्डेसनका सातवटै प्रदेशका फिल्ड कोअर्डिनेटरहरु - दमक नगरपालिकामा सहयोग गर्नुहुने श्याम सापकोटा, कलैया उपमहानगरपालिकामा सहयोग गर्नुहुने नजबुल्लाह अन्सारी, भीमेश्वर नगरपालिकामा सहयोग गर्नुहुने उद्धव प्रसाद अधिकारी, बालिङ नगरपालिकामा सहयोग गर्नुहुने पूर्ण परियार, तानसेन नगरपालिकामा सहयोग गर्नुहुने चूरामणि पोखेल, वीरेन्द्रनगर नगरपालिकामा सहयोग गर्नुहुने विशाल आचार्य तथा टीकापुर नगरपालिकामा सहयोग गर्नुहुने यज्ञमान शेठी प्रति विशेष आभारी छौं । वहाँहरुको सहयोग नभएको भए हामीले उचित रुपमा सम्बन्धित पदाधिकारी, सदस्य तथा कर्मचारीहरुसँग बैठक तथा अन्तर्क्रिया गर्न सक्ने थिएनौं । वहाँहरुले यो अध्ययनको

मस्यौदामा सम्बन्धित नगरपालिकाको विषयवस्तुमा हामीलाई टिप्पणी गरिदिएर पनि सहयोग गर्नुभएको थियो ।

त्यस्तै यस अध्ययनलाई अन्तिम रुप दिने क्रममा सल्लाह, सुझाव तथा टिप्पणी प्रदान गर्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता फुर्पा तामाङ तथा काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल का सहायक प्राध्यापक शिव बहादुर विसंखे धन्यवादका पात्र हुनुहुन्छ। यसैगरी पुस्तकलाई भूमिका प्रदान गर्नुहुने काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल का डीन प्राध्यापक डा. ऋषिकेश वाग्ले प्रति आभारी छौं। काठमाण्डौ विश्वविद्यालयले स्थानीय तहको विषयवस्तुमा निरन्तर चासो राखेको तथा प्रयोगात्मक अध्ययनका लागि आफ्ना छात्रछात्राहरुलाई त्यसतर्फ प्रेरित गर्ने गरेको तथ्य यहाँ उल्लेख गर्न चाहन्छौं ।

यस अध्ययनलाई अष्ट्रेलियन सरकारको विदेश मामिला तथा वाणिज्य विभाग र द एसिया फाउण्डेसन नेपालको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमबाट सहयोग उपलब्ध नभएको भए यो अध्ययन सम्पन्न गर्न सम्भव हुने थिएन। हामी यस सहयोगका लागि उक्त दुवै संस्थाहरुप्रति कृतज्ञ छौं । यस प्रकाशनमा व्यक्त विचार तथा निष्कर्षहरु अध्ययनकर्ताको विचार तथा निष्कर्षहरु हुन् । तिनले यो कार्यक्रम सम्बद्ध अष्ट्रेलिया सरकार र द एसिया फाउण्डेसनको धारणालाई व्यक्त गरेको मानिने छैन। यस अध्ययनमा सहयोग तथा सल्लाह सुझाव प्रदान गर्नुहुने द एसिया फाउण्डेसनका डेपुटी कण्ट्री रिप्रेजेन्टेटिभ प्रीति थापा, कार्यक्रम निर्देशक विष्णु अधिकारी, कार्यक्रम उपनिर्देशक नमित वाग्ले, वरिष्ठ कार्यक्रम अधिकृत सृजना नेपाल तथा सहायक अनुगमन तथा मूल्यांकन अधिकृत सञ्जु जि.सी. सहित फाउण्डेसनका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छौं । वहाँहरुसँगको अनुभव असाध्यै राम्रो रहेको छ ।

अन्त्यमा, यस अध्ययनमा रहन गएका त्रुटि वा कमीकमजोरीहरु हाम्रो आफ्नै हो । पाठकहरुबाट पाउने टिप्पणीहरु सहर्ष स्वीकार गरिने छन् ।

**विपिन अधिकारी / उमेश गौतम**
नेपाल कन्सल्टिङ्ग लयर्स इन्क
चैत २०७७

# स्थानीय तहको कानुनी विकासको वर्तमान स्थितिः एक अध्ययन

## विषयसूची


**भाग १ः पृष्ठभूमि** **१-२०**

१. अध्ययनको उद्देश्य ५
२. संविधान कार्यान्वयनका लागि निर्माण गर्नुपर्ने कानुनहरु ७
३. संघीयताका लागि बनिसकेका कानुनी तथा संस्थागत संरचना ९
४. स्थानीय तह सम्बन्धमा संघीय सरकारले बनाउने कानुनहरु १६
५. कर्मचारी समायोजन तथा स्थानीय तहको स्थिति १८
६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आउनु अघिको व्यवस्था १९

**भाग २ः स्थानीय तहको वर्तमान कानुनी संरचना** **२१-७७**

१. स्थानीय तहको विस्तारिकरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ २१
२. स्थानीय तहका लागि संघ प्रेषित कानुनहरु २७
३. नमुना कानुनका मूल क्षेत्र तथा तिनका आधारभूत प्रावधानहरु ३४
(क) आर्थिक क्षेत्रसँग सम्बन्धित ३४
(ख) विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित ३८
(ग) वित्तीय क्षेत्रसँग सम्बन्धित ४६
(घ) सामाजिक क्षेत्रसँग सम्बन्धित ५४
(ङ) प्रशासनिक क्षेत्रसँग सम्बन्धित ६०
४. नेपाल सरकार, सर्वोच्च अदालत तथा संवैधानिक अंगहरु लगायतबाट स्थानीय तहलाई गरिएका परिपत्र तथा निर्देशनहरु ७२
५. पालिकाहरुले आफ्नै पहलमा बनाएका ऐन कानुनहरु ७५

**भाग ३ः गाउँ सभा तथा नगर सभामा प्रयोग हुने कानुन निर्माणका आन्तरिक प्रक्रिया** **७८-९२**

१. नगर/गाउँ सभा सञ्चालन कार्यविधि ७९
२. प्रदेशस्तरीय गाउँ सभा तथा नगर सभा कार्य सञ्चालन (कार्यविधि) ऐनले गरेका व्यवस्थाहरु ८१
३. स्थानीय तहको मिश्रित शासन प्रणालीमा संसदीय मापदण्ड ८४
४. विधायिकी प्रक्रियालाई सहयोग गर्न गैरविधायिकी प्रक्रियाको महत्व ८९

**भाग ४ः अध्ययन गरिएका नगरपालिका तथा तिनले सिर्जना गरेका कानुनी व्यवस्थाहरू** ९३-१६०

१. दमक नगरपालिका (प्रदेश १) ९८
क. दमक नगरपालिकाको नीति तथा कार्यक्रम ९९
ख. दमक नगरपालिकामा लागु भएका कानुनहरु १०१
ग. दमक नगरपालिकाको केही कानुनहरुमा टिप्पणी १०३
घ. दमक नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति १०६
ङ. दमक नगरपालिकाको राजनीतिक अर्थव्यवस्था १०७

२. कलैया उपमहानगरपालिका (प्रदेश २) १०७
क. कलैया उपमहानगरपालिकाको नीति तथा कार्यक्रम १०८
ख. कलैया उपमहानगरपालिकामा लागु भएका कानुनहरु १०९
ग. कलैया उपमहानगरपालिकाको केही कानुनहरुमा टिप्पणी ११०
घ. कलैया उपमहानगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति ११२
ङ. कलैया उपमहानगरपालिकाको राजनीतिक अर्थव्यवस्था ११२

३. भीमेश्वर नगरपालिका (बागमती प्रदेश) ११३
क. भीमेश्वर नगरपालिकाको नीति तथा कार्यक्रम ११४
ख. भीमेश्वर नगरपालिकामा लागु भएका कानुनहरु ११६
ग. भीमेश्वर नगरपालिकाको केही कानुनहरुमा टिप्पणी ११७
घ. भीमेश्वर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति १२०
ङ. भीमेश्वर नगरपालिकाको राजनीतिक अर्थव्यवस्था १२१
४. वालिङ नगरपालिका (गण्डकी प्रदेश) १२२
क. वालिङ नगरपालिकाको नीति तथा कार्यक्रम १२३
ख. वालिङ नगरपालिकामा लागु भएका कानुनहरु १२४
ग. वालिङ नगरपालिकाको केही कानुनहरुमा टिप्पणी १२६
घ. वालिङ नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति १३१
ङ. वालिङ नगरपालिकाको राजनीतिक अर्थव्यवस्था १३२
५. तानसेन नगरपालिका (लुम्बिनी प्रदेश) १३२
क. तानसेन नगरपालिकाको नीति तथा कार्यक्रम १३३
ख. तानसेन नगरपालिकामा लागु भएका कानुनहरु १३४
ग. तानसेन नगरपालिकाको केही कानुनहरुमा टिप्पणी १३६
घ. तानसेन नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति १३६

ङ. तानसेन नगरपालिकाको राजनीतिक अर्थव्यवस्था १३७
६. वीरेन्द्रनगर नगरपालिका (कर्णाली प्रदेश) १३७
क. वीरेन्द्रनगर नगरपालिकाको नीति तथा कार्यक्रम १३८
ख. वीरेन्द्रनगर नगरपालिकामा लागु भएका कानुनहरु १४०
ग. वीरेन्द्रनगर नगरपालिकाको केही कानुनहरुमा टिप्पणी १४१
घ. वीरेन्द्रनगर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति १४४
ङ. वीरेन्द्रनगर नगरपालिकाको राजनीतिक अर्थव्यवस्था १४५
७. टीकापुर नगरपालिका (सुदुरपश्चिम प्रदेश) १४६
क. टीकापुर नगरपालिकाको नीति तथा कार्यक्रम १४६
ख. टीकापुर नगरपालिकामा लागु भएका कानुनहरु १४८
ग. टीकापुर नगरपालिकाको केही कानुनहरुमा टिप्पणी १४९
घ. टीकापुर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति १५१
ङ. टीकापुर नगरपालिकाको राजनीतिक अर्थव्यवस्था १५३
८. कानुनी संरचनाहरुको अभाव १५३

**भाग ५: कानुन निर्माण एवम् कार्यान्वयन सम्बन्धमा स्थलगत अनुभव** **१६१-२०४**

१. दमक नगरपालिका १६१
२. कलैया उपमहानगरपालिका १६८
३. भीमेश्वर नगरपालिका १७४
४. वालिङ नगरपालिका १८०
५. तानसेन नगरपालिका १८५
६. वीरेन्द्रनगर नगरपालिका १९१
७. टीकापुर नगरपालिका १९९

**भाग ६: निष्कर्ष तथा सुझावहरू** **२०५-२१९**

१. स्थानीय कानुनहरुको स्थिति २०६
२. स्थानीय सरकारहरुको अनुभव २०८
३. स्थानीय नगरसभाहरु २१२
४. लैंगिक समानता र सामाजिक समावेशिकरण २१५
५. स्थानीय तहमा कानुन निर्माण र कार्यान्वयनका केही मुख्य अवलोकनहरु २१६
६. निष्कर्ष २१९

**अनुसूची १**: नेपाल सरकार, सर्वोच्च अदालत तथा संवैधानिक अंगहरु लगायतबाट स्थानीय तहलाई भएका परिपत्र तथा निर्देशनहरु २२०

**सन्दर्भ सामाग्रीहरू** २५६

## भाग १

# पृष्ठभूमि

असोज ३, २०७२ मा जारी गरिएको नेपालको नयाँ संविधान पाँच वर्ष पूरा गरी छैठौं वर्षमा हिँड्दैछ । नेपालको पहिलो संविधान सभाको निर्वाचन भएदेखि लगातार चार वर्षको अवधि तथा दोस्रो संविधान सभाको निर्वाचन भएपछिको १६ महिना गरी करिब साढे पाँच वर्ष तथा यी दुई बीच रहेको दुई वर्ष समेत लगाई सात वर्ष भन्दा बढीको गृहकार्य पछि अन्ततः यो संविधानको निर्माण कार्य समाप्त भई लागु गरिएको हो । संविधान निर्माणका अघि तथा पछि संविधानका सम्बन्धमा निरन्तर चर्चा भएका छन् । यसको सबल तथा सुधारोन्मुख पक्षहरु बारे विभिन्न राजनीतिक दलहरुको आआफ्नो प्रतिक्रिया देखिन्छ । आमजनतासँग सम्बन्धित संघसंस्था तथा नागरिक समाजको पनि आ-आफ्नै दृष्टिकोण रहेको छ । तथापि सहमतिको दस्तावेजका रुपमा जारी भएको यो संविधान जारी भएको मितिदेखि नै निरन्तर कार्यान्वयनमा छ ।

यो कार्यान्वयनको चरणमा हुँदै गरेका विभिन्न कामकारबाहीहरु मध्ये संविधानले अपेक्षा गरेका कानुनहरुको निर्माण एउटा महत्वपूर्ण पक्ष हो । तेस्रो तहका हकमा गत पाँच वर्षको अवधिमा संविधानको अपेक्षा बमोजिम के कति कानुनहरु निर्माण भए भन्ने बारेमा यो अध्ययनले आफूलाई केन्द्रित गरेको छ ।

नयाँ संविधानको निर्माण तथा घोषणाले नेपाललाई संघीय मुलुकका रुपमा रुपान्तरण गरेको छ । यसले अपनाएको नमुना तीन तहको संघीयताको हो । यस नमुनाको कार्यान्वयनका लागि आधारभूत सिद्धान्त तथा संरचनाहरु संविधानले नै उल्लेख गरेको छ भने त्यसमा आधारित रहेर संघीयकरणका लागि आवश्यक अन्य कानुनहरु संविधान बमोजिम संघीय व्यवस्थापिकाले बनाउने अभिभारा पाएको छ। यी वि.सं. २०७४ सालको वैशाख ३१, असार १४ र असोज २ मा भएको स्थानीय तहको निर्वाचन र मंसीर १० र २१ मा सम्पन्न भएको प्रादेशिक तथा संघीय निर्वाचन पछि कानुनहरुको निर्माणले गति पाएको छ । संघीय सरकार, सातवटा प्रदेश सरकार तथा ७५३ स्थानीय सरकारहरु संविधान बमोजिमको शक्तिको बाँडफाँट सहित कानुन निर्माणमा सक्रिय छन् । यसै अनुसार आ-आफ्नो क्षेत्राधिकार अन्तर्गत आर्थिक, सामाजिक तथा राजनीतिक विकासको प्रक्रिया सुरु भएको छ । स्वायत्तताको प्रयोग गर्ने तथा आ-आफ्नो शासकीय लक्ष्य पूरा गर्ने सम्बन्धमा स्थानीय सरकारहरुमा समेत नौलो आशा र विश्वासको सिर्जना हुँदैछ । यसैबाट मुलुकमा स्थायित्व समावेशिकरण, सुशासन तथा दिगो विकास हुने अपेक्षा छ । संविधान अनुसार नयाँ संघीय संरचनाले सो अवसरको प्रयोगका लागि आवश्यक कानुनी पूर्वाधारको विकास गर्नुपर्ने हुन्छ ।

वि.सं. २०७४ को मंसीरमा भएको निर्वाचन पश्चात बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकारले जनताबाट प्राप्त नयाँ कार्यादेश बमोजिम नयाँ संविधान अन्तर्गत काम सुरु गरेको हो । *ऋषिराम कट्टेल* विरुद्ध *निर्वाचन आयोग समेतको* २०७७ मा फैसला भएको मुद्दामा सर्वोच्च अदालतको निर्णयका कारण नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नाम उत्प्रेषणको आदेशबाट बदर भई एकीकरणपूर्व राजनीतिक दलका रुपमा दर्ता रहेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) अलग-अलग राजनीतिक दलका रुपमा साविककै अवस्थामा कायम रहन गएका छन् ।[1] प्रदेश नं. २ बाहेक सबै प्रदेशहरुमा संघीय सरकारको नेतृत्व गर्ने राजनीतिक दलहरुकै बहुमत छ । स्थानीय तहका हकमा ७५३ वटै स्थानीय सरकारहरु कार्यरत छन् । संविधानले बाँडफाँट गरे बमोजिम एकल तथा साझा अधिकारका प्रयोगको आधारमा तीनै तहका सरकारहरु कामकारबाही सुरु भएको छ । नयाँ संविधान बमोजिम नेपालको राजनीतिक परिवेश निस्सन्देह परिवर्तन हुँदैछ ।

संघीय पद्धतिको मापदण्ड बमोजिम संघीयकरणको जिम्मेवारी समेत निर्वाह गर्ने अधिकार पाएको संघ सरकारले कानुन निर्माणमा पनि ठूलो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । राज्य शक्तिको बाँडफाँट अनुसार संविधानको अनुसूची ५ ले संघीय सरकारको अधिकार उल्लेख गर्दछ । अनुसूची ६ ले प्रदेशको अधिकारलाई उल्लेख गर्दछ । संघीय सरकारले आफ्नो अनुसूची अन्तर्गतको अधिकार संविधान र संघीय कानुन बमोजिम प्रयोग गर्दछ भने प्रदेशले सरकारले पनि आफ्नो अधिकार संविधान र प्रदेश कानुन बमोजिम प्रयोग गर्नु पर्ने हुन्छ । यी अनुसूची ५ तथा अनुसूची ६ दुवै एकल अधिकारका अनुसूची हुन् । संघ र प्रदेशको साझा अधिकार अनुसूची ७ मा उल्लेख गरिएको छ । साझा अधिकार भएकाले यो अनुसूचीमा उल्लिखित विषयहरुमा अधिकारको प्रयोग गर्दा संविधान, संघीय कानुन र प्रदेश कानुन बमोजिम गर्नु पर्ने हुन्छ । प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने स्पष्ट व्यवस्था छ । त्यसैगरी संविधानले अनुसूची ८ का रुपमा स्थानीय तहको एकल अधिकारको बेग्लै अनुसूचीको व्यवस्था गरेको छ । यस सम्बन्धमा यो संविधान एवम् गाउँ सभा र नगर सभाले बनाएको कानुन बमोजिम गर्नुपर्ने हुन्छ ।

संविधानको धारा ५७ को (५) ले संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा उल्लिखित विषयमा निहित रहने स्पष्ट गर्दछ । त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानुन, प्रदेश कानुन र गाउँ सभा वा नगर सभाले बनाएको कानुन बमोजिम हुने उल्लेख गरिएको छ । यसको उपधारा (६) बमोजिम गाउँ सभा वा नगर सभाले कानुन बनाउँदा पनि संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने छ । प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानुन संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने स्पष्ट व्यवस्था छ । गाउँ सभा वा नगर सभाले कानुन बनाउँदा पनि प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानुन प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने धारा

[1] *ऋषिराम कट्टेल* विरुद्ध *निर्वाचन आयोग समेत,* मुद्दाः उत्प्रेषण परमादेश, आदेश ०७५-डब्ल्युओ-०५१७, निर्णय मितिः फागुन २३, २०७७

५७ (७) ले उल्लेख गर्दछ। अर्को शब्दमा, गाउँ सभा वा नगर सभाले संघीय कानुन तथा प्रदेश कानुन दुवैको अनुकूल हुनु पर्ने संविधानको व्यवस्था हो। त्यस्तै, संविधानको धारा ५८ ले यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने स्पष्ट गरेको छ। यस्ता अवशिष्ट अधिकार संघको हुनुको अर्थ कतिपय छुटपुट विषयहरु संघको नेतृत्वमा व्यवस्थापन हुने भन्ने हो।

संविधानले धारा ५९ मा आर्थिक अधिकारको प्रयोग र धारा ६० मा राजस्व स्रोतको बाँडफाँटको व्यवस्था गरेको देखिन्छ। जहाँसम्म आर्थिक अधिकारको प्रयोगका सम्बन्धमा स्थानीय तहको अधिकारको प्रश्न छ, यसले आफ्नो क्षेत्राधिकार भित्रको आर्थिक अधिकारको विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार पाएको छ। यसले आफ्नो आर्थिक अधिकार क्षेत्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्दछ। स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने व्यवस्था छ।

**स्थानीय तहको अधिकार सूची**

(नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था भए बमोजिम)

१. नगर प्रहरी
२. सहकारी संस्था
३. एफ. एम सञ्चालन
४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन
५. स्थानीय सेवाको व्यवस्थापन
६. स्थानीय तथ्यांक र अभिलेख संकलन
७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
८. आधारभूत र माध्यमिक शिक्षा
९. आधारभूत स्वास्थ्य र सरसफाइ
१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३. स्थानीय अभिलेख व्यवस्थापन
१४. घर जग्गा धनी पुर्जा वितरण
१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७. बेरोजगारको तथ्यांक संकलन
१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा

२०. विपद व्यवस्थापन
२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

संविधानको धारा २३२ (१) ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने स्पष्ट गर्दछ। नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरु बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषद्लाई यो संविधान र संघीय कानुन बमोजिम आवश्यक निर्देशन दिन सक्दछ। त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषद्को कर्तव्य हुन्छ। यसै अर्थमा संविधानको धारा २३५ अनुसार संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन बनाउने अधिकार पाएको छ। धारा २३२ को उपधारा (८) मा नेपाल सरकारले आफैं वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानुन बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्दछ। त्यस्तो निर्देशनको पालना गर्नु गाउँ/नगर कार्यपालिकाको कर्तव्य हुन्छ।

संघीय सरकारले संघीयता कार्यान्वयनका सम्बन्धमा पाएका उपरोक्त सबै अधिकारहरु संघीयताको सिद्धान्त बमोजिम प्रयोग गर्ने हो। एकल अधिकारका विषयमा सामान्यतः आफूखुशी र साझा अधिकारका हकमा एकअर्कासँग समन्वयमुखी हुनुपर्ने हुन्छ। धारा २३२ को उपधारा (१) मा उल्लिखित सहकारिता, सहअस्तित्व र समन्वय केवल संघीय सरकारको नेतृत्वमा मात्र नभई अन्य सरकारहरुले पनि यस सम्बन्धमा अग्रसरता लिन सक्दछन्। समन्वय केवल संघीय सरकारले मात्र गर्ने हो भन्ने दृष्टिकोण संविधानको आशय होइन। आआफ्नो सरोकारका विषयमा समन्वयको भूमिका निर्वाह गर्न सकिन्छ। हाल संविधानमा उल्लेख गरिएका संघीयताका प्रावधानहरुको कार्यान्वयनको स्थिति सीमित छ। एकातर्फ बन्नु पर्ने सबै कानुन बनेका छैनन् भने अर्कोतर्फ बनिसकेका कानुनहरुमा पनि संविधानको आशय बमोजिम भएको वा नभएको भनी टिप्पणी गर्नुपर्ने परिस्थिति छ। त्यसैगरी संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारमा गर्नुपर्ने शक्तिको निक्षेपीकरण वा विकेन्द्रीकरण पनि आशातीत रुपमा हुन सकेको छैन।

यति हुँदाहुँदै पनि संघीयताको कार्यान्वनयका प्रयासहरु सुरु भइसकेका छन्। कतिपय अत्यावश्यक कानुनहरु बनिसकेको पनि देखिन्छ भने बन्न बाँकी कानुनहरुको मस्यौदा हुँदैछन्। क्रमशः तिनलाई अन्तिम गन्तव्यमा पुऱ्याउनु जरुरी छ। यस सम्बन्धमा विभिन्न चुनौतीहरु देखिएका छन्। त्यसमध्ये संघीय, प्रादेशिक र स्थानीय सरकारको कार्य र उत्तरदायित्वलाई सकेसम्म स्पष्ट पार्नुपर्ने आवश्यकता आजको प्रमुख आवश्यकता हो। त्यसैगरी आधारभूत सेवाहरु प्रदान गर्ने र पूर्वाधार विकासलाई कायम राख्न कानुनको उचित व्यवस्थापन हुनै पर्दछ। निजी क्षेत्रका लागि अनुकूल वातावरण बनाउन पनि कानुन एउटा अस्त्र हो। स्थानीय स्तरमा प्रशासनका कमजोरीहरुलाई सम्बोधन गर्न निरन्तर प्रयास गर्नुपर्ने अवस्था छ। समयमा ध्यान नपुऱ्याउँदा संघीय प्रणालीका प्रारम्भिक समस्याहरुले निरन्तरता पाउन सक्दछन्। यो परिस्थितिबाट पार पाउनका लागि महत्वपूर्ण

समायोजनहरु र ठूला प्राविधिक चुनौतीहरु पार गर्नुपर्ने छ। यसमा आवश्यकता अनुसार कानुनको मस्यौदा गर्ने, भएका कानुनहरुलाई संशोधन गर्ने, निजामती सेवालाई सबैतिर पुऱ्याउने, पुनर्गठन गर्ने, वित्तीय व्यवस्थापनलाई बलियो तुल्याउने तथा विकास एवम् समृद्धिको प्रक्रियामा सबै निर्वाचित पदाधिकारीहरुलाई समाहित गर्ने र उनीहरुको स्थानीय तहमा भूमिका र जिम्मेवारी स्पष्ट पार्नुपर्ने अवस्था छ। यसै पृष्ठभूमिमा यो अध्ययन गरिएको हो।

## १. अध्ययनको उद्देश्य

नयाँ संविधानले संघीय राज्य प्रणालीका लागि सरकारको तीन तहहरुको व्यवस्था गरेको छ : संघ, प्रदेश र स्थानीय तह। यो संघीय संरचनाले विगतको एकात्मक शासन प्रणालीमा ठूलो परिवर्तन ल्याएको छ। किनकी यो प्रणाली अंग्रेजीमा भनिए जस्तो "टप-डाउन" प्रणाली होइन। सरकारका तीनै तहहरु संविधानद्वारा समान रुपमा सिर्जना गरिएका छन्। संविधानले कुनै तहलाई ठूलो र कुनैलाई सानो भनेको छैन। सबै तहले राज्यशक्तिको बाँडफाँट सम्बन्धी संविधानको प्रावधान तथा मापदण्ड बमोजिम कार्य गर्नुपर्ने हुन्छ। हरेक तह शासकीय अधिकार सम्पन्न छ। यो संवैधानिक प्रारुपलाई कार्यान्वयन गर्न कानुनी संरचनाहरुको विकास गर्दै जानुपर्ने हुन्छ। सरकारका तीनै तहबीच साझा शक्ति र साझा शासनका लागि विधायिकी रुपरेखाको आवश्यकता हुन्छ। यस सम्बन्धमा पहिलो र मुख्य आवश्यकता नवगठित प्रदेश र स्थानीय सरकारहरुलाई कार्यान्वयन गर्नका लागि विविध क्षेत्रहरुमा संघीय कानुन निर्माण गर्नु नै हो।

महत्वपूर्ण कानुनहरुको मस्यौदा तयार गर्ने र पारित गर्ने बाहेक देशको वर्तमान कानुनी र प्रशासनिक ढाँचालाई संघीयता अनुरुप एकरुपता सुनिश्चित गर्न र संविधानसँग भएका विसंगतिहरुलाई सम्बोधन गर्न थप संशोधन पनि चाहिएको हुनसक्छ। कानुन, न्याय र संसदीय व्यवस्था मन्त्रालयले गरेको अध्ययन अनुसार संविधानको आरम्भमा संघीय विषयवस्तुमा ११० वटा कानुन प्रान्तीय विषयवस्तुमा २२ वटा कानुन र स्थानीय विषयवस्तुमा ६ वटा कानुन निर्माण तथा लागु गर्नु आवश्यक छ।[२] हाल कार्यान्वयनमा रहेका विभिन्न ऐनहरु तथा प्रत्यायोजित विधायनलाई संशोधन वा परिमार्जन गर्नुपर्ने पनि हुन्छ। प्रादेशिक तथा स्थानीय तहलाई काम गर्न सहजीकरण गर्ने कानुनहरुको आवश्यकता क्रमशः महसुस हुँदै जान्छन्। यसका साथसाथै प्रादेशिक र स्थानीय सरकारले एक सय भन्दा बढी कानुनको मस्यौदा तयार गर्नुपर्ने छ।[३] संविधानमा उल्लेख गरिएको एकल तथा साझा अधिकारहरुलाई कार्यान्वयन योग्य बनाउन ती कानुनहरु चाहिने छन्।

---

[२] *नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानुनको पहिचान, प्राथमिकीकरण र कानुन निर्माणको विद्यमान अवस्था* (काठमाण्डौ: नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, २०७३) अध्ययन प्रतिवेदन

[३] ऐ.ऐ.

संविधानको धारा २३२ अनुसार यी सबै कानुनहरु संविधान तथा अन्य संघीय कानुनसँग नबाभिने हुनका साथै आफ्नो उद्देश्य प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सक्षम पनि हुनु पर्दछ । आजसम्म प्रादेशिक र स्थानीय सरकारहरुले विभिन्न कानुनहरु बनाइसकेका छन् । तर ती कानुनहरु कस्ता छन् ? तिनले संघीय मापदण्डलाई बोकेर हिँडेका छन् कि छैनन् ? विसंगतिहरु छन् भने ती कस्ता प्रकारका विसंगतिहरु हुन् र तिनलाई कसरी हल गर्ने भन्ने बारेमा प्रष्ट हुनु जरुरी छ । प्रायजसो अवस्थामा विसंगतिहरुका कारण निम्न हुन सक्दछन्:

१. स्थानीय तहका कानुनहरुलाई मार्गदर्शन गर्ने उपयुक्त संघीय कानुनको अभाव
२. स्थानीय तहहरुमा समावेशी तथा सहभागितामूलक कानुन निर्माणका प्रक्रियाहरुको अभाव तथा भएका प्रक्रियाहरुको पनि उचित रुपमा प्रयोग नहुनु
३. संघीय सरकारहरुले बनाउने ऐन कानुन प्रादेशिक वा स्थानीय कुनै पनि सुझाव, मार्गदर्शन वा सहयोग (इनपुट) विना मस्यौदा गर्ने तौरतरिकाका कारण बनेका कानुनहरुमा देशको राजनीतिक र प्रशासनिक शक्तिहरुको केन्द्रीकृत झुकाव देखिनु
४. स्थानीय सरकारद्वारा नयाँ कानुन बनाउने चटारोमा कानुनको उचित प्रक्रिया अनुरुप कानुन बनाउने तरिका अपनाउन नसक्नु
५. स्थानीय तहमा कर्मचारी प्रशासनको अधिकार र राजनीतिक शक्ति बीच सन्तुलन गर्ने असमर्थता
६. संघीय नेपालमा कानुन निर्माणमा प्रादेशिक तथा स्थानीय तहको विश्वासको जोखिमहरु (फिड्युसिअरी रिस्क) विद्यमान छन् । प्रत्युत्पादक हुन्छ वा सीमान्तिकरणमा परिन्छ भन्ने सोचाइका कारणले अधिकांश स्थानीय सरकारहरु या त कानुन निर्माणमा अघि बढ्न चाहँदैनन् वा संघीय सरकारले सुझावका रुपमा पठाएका नमुना कानुनबाटै काम चलाउन चाहन्छन्
७. संघीय सरकारबाट पठाइएका नमुना कानुन (ऐन, नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि इत्यादि) का प्रावधानहरुले कतिपय अवस्थामा संविधानको व्यापक उद्देश्यलाई आत्मसात गर्न नसकेको कारण
८. स्थानीय व्यवस्थापिकाका रुपमा स्थानीय सभाहरुलाई प्राविधिक, संस्थागत तथा मानव संशाधन क्षमताहरु उपलब्ध नहुनु
९. संघीय कानुनहरुले स्थानीय सरकारलाई असर गरेका विषयहरुमा पनि सर्वोच्च अदालत जान नसक्नु र गएका अवस्थाहरुमा पनि सर्वोच्च अदालतबाट छिटोछरितो निर्णय आउन नसक्नु

उपरोक्त सबै कारक तत्वहरुको परिणाम स्वरुप स्थानीय रुपमा बनेका कानुन तथा तिनको प्रशासन प्रभावित हुन जानु स्वभाविक हो । उदाहरणका लागि त्यस्ता कैयौं क्षेत्रहरु छन्, जहाँ संघीय सरकारले तीन तहमा शासनको विभाजनका लागि संवैधानिक दृष्टिकोण कार्यान्वयन गर्न उत्साह देखाएको छैन । आफूलाई संघीय आवश्यकता भन्दा बढी प्रस्तुत

गरेको संघीय सरकारका उदाहरणहरु छन् । यसका साथै यस्ता विभिन्न प्रमुख विधायिकी क्षेत्रहरु छन्, जुन सम्बन्धित ऐनमा पूर्ण रुपमा व्याख्या गरिएको छैन । अन्त्यमा, यस्ता मूल कानुनहरुसँग सम्बन्धित आवश्यक नियम वा विनियमहरु अझै मस्यौदा भएका छैनन् । यसको सट्टा संघीय सरकारले स्थानीय सरकारहरुलाई कामकारबाहीहरु सम्पन्न गर्ने आधार प्रदान गर्न निर्देशिकाहरु जारी गरेका छन् । यस पृष्ठभूमिमा संघीय कानुन र स्थानीय कानुनको पुनरावलोकनको विशेष महत्व छ । सामान्यतया समीक्षाको उद्देश्य भनेको विभिन्न तहका सरकारको कानुन व्यवस्थामा रहेका विरोधाभाषहरुको पहिचान गर्नु; तिनीहरु बीच रहेका रिक्ततहरुलाई स्पष्ट गर्नु तथा स्थानीय सरकारको क्षमताका विषयहरु उल्लेख गर्नु हो । अझ प्रष्ट रुपमा भन्ने हो भने यो समीक्षाका निम्न उद्देश्यहरु छन्:

१. स्थानीय तहमा कानुन बनाउने प्रक्रियाको गहिरोसँग अध्ययन गर्नु
२. स्थानीय तहमा मस्यौदा गरिएका कानुन वा विधेयक बीचको विरोधाभाष, विसंगतिहरु पहिचान गर्नु
३. संघीय, प्रादेशिक तथा स्थानीय कानुनका बीच तथा सम्बन्धित विषयवस्तुहरु बीचको सम्बन्ध र सूसंगतताको पहिचान गर्नु
४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिले प्रमुख कानुनहरुमा रहेको रिक्ततालाई सम्बोधन गर्ने अवसरहरुलाई प्रष्ट गर्नु
५. स्थानीय सरकारद्वारा निर्माण गरिएका विकास सम्बन्धी प्रमुख कानुनहरु मार्फत सेवा प्रवाह तथा आर्थिक वृद्धि एवम् यसले गर्ने सामाजिक परिचालनका विस्तारित अवसरहरुको मूल्यांकन गर्ने

## २. संविधान कार्यान्वयनका लागि निर्माण गर्नुपर्ने कानुनहरू

नेपालको संविधानको व्यवस्था कार्यान्वयनका लागि करिब १३८ वटा भन्दा बढी विषयमा कानुन निर्माण गर्नुपर्ने आवश्यकताको प्रारम्भिक पहिचान कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७३ सालमा गरेको थियो । यसरी पहिचान गरिएका कानुनलाई संविधानले सम्बन्धित तहलाई दिइएको अधिकार बमोजिम संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुनको रुपमा विभाजन गरेको छ । संविधानका अधिकांश प्रावधानहरुले कार्यान्वयनका लागि कानुन बनाउनु पर्ने उल्लेख नभए पनि कतिपय प्रावधानको कार्यान्वयनका लागि कानुन बनाउनै पर्ने आवश्यकता रहेको स्पष्ट देखिन्छ । कतिपय विषयका कानुन निर्माणको सन्दर्भमा संविधानले नै समयावधि निर्धारण गरिदिएको र कतिपय विषयमा संविधानको कार्यान्वयनको विषयवस्तुको सन्दर्भबाट विश्लेषण गर्दा संविधान बमोजिम बनाउनु पर्ने तथा सुधार गर्नु पर्ने कानुनलाई पहिलो प्राथमिकता, दोस्रो प्राथमिकता, तेस्रो प्राथमिकता र आवश्यकता अनुसार बनाउन सकिने गरी अध्ययन गरिएको छ ।

संविधान बमोजिम बनाउनु पर्ने कानुनका विषयवस्तु विभिन्न मन्त्रालयसँग सम्बन्धित छन् । नेपालको संविधान, २०७२ जारी हुँदाका बखत लागु रहेका कानुनहरुको समेत संविधानको सन्दर्भमा पुनरावलोकन हुनु आवश्यक छ। नेपालको संविधान संघीय संरचना सहित जारी भएको र एकात्मक राज्य संरचनाको सन्दर्भमा निर्माण भई हाल बहाल रहेको ३१५ भन्दा बढी ऐन तथा करिब २७० को संख्यामा रहेका नियमावलीहरुलाई पुनरावलोकन गर्नुपर्ने अवस्था छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रारम्भिक अध्ययनबाट हाल लागु रहेका ३१५ ऐनहरुमध्ये ७३ वटा ऐनहरु बाहेक बाँकी ऐनहरुमा केही न केही संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। हाल लागु रहेको ३१५ वटा ऐनहरुको अध्ययन गर्दा १७० वटा ऐनहरुमा केही नेपाल संशोधन गर्ने ऐनबाट ४० वटा ऐनहरुमा संशोधनको बेग्लै मस्यौदा बनाउनु पर्ने, १९ वटा ऐनहरुलाई प्रतिस्थापन गर्ने विधेयकबाट संशोधन, परिमार्जन तथा सुधार गर्नुपर्ने देखिएको थियो । केही अवस्थामा मौजुदा ऐनमा संशोधन गर्न संशोधनको बेग्लै मस्यौदा आवश्यक पर्ने वा नयाँ विधेयक मस्यौदा बनाउनु पर्ने देखिएका विषयमा त्यस्तो संशोधन मस्यौदा तर्जुमा गरी कारबाही अगाडि बढाउन सम्बन्धित मन्त्रालयलाई अनुरोध गरिएको थियो। त्यस्तै तत्काल संशोधन गर्न आवश्यक नदेखिएका ऐनहरुको हकमा समेत प्रदेश तथा स्थानीय तहमा बन्नु पर्ने कानुनको सन्दर्भमा र त्यस्ता कानुन बनिसकेपछि पर्ने प्रभावको विषय समेत आंकलन गरी सम्बन्धित मन्त्रालयबाट थप अध्ययन तथा विश्लेषण गरी कानुन संशोधनको कार्य प्रारम्भ गर्नका लागि नेपालको संविधान जारी भए लगत्तै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल सरकारका विभिन्न मन्त्रालयलाई अनुरोध गरी त्यसको समन्वय तथा सहयोगको काम गरिरहेको छ ।

नेपालको संविधानका विभिन्न धाराहरुको कार्यान्वयनका लागि बनाउनु पर्ने कानुनको सम्बन्धमा फरक-फरक शब्दावलीहरु प्रयोग भएको पाइन्छ। संविधान बमोजिम ऐनबाट मात्रै कानुनी व्यवस्था गर्न आवश्यक ठानेको विषयमा ऐन बमोजिम भन्ने र नियमावलीबाट पनि कार्यान्वयन गर्न सकिने विषयमा कानुन बमोजिम भन्ने शब्दावली प्रयोग गरेको पाइन्छ। ऐनबाटै व्यवस्था गर्नुपर्ने विषय बाहेक कतिपय विषयमा नियमावलीबाट समेत व्यवस्था गर्न सकिने हुन्छ। नेपाल सरकारले ऐनको विषयलाई प्राथमिकता दिएको तथा त्यस्ता ऐनहरुलाई संविधानको व्यवस्था बमोजिम समायोजन गर्नका लागि आवश्यक कार्य थालनी गरेको भएता पनि नियमावलीको विषयमा त्यस्तो अध्ययन तथा सुधारतर्फ ठोस रुपमा कार्य भएको पाइँदैन ।

नेपालको संविधानको विभिन्न धाराहरुले त्यस्तो धाराहरुको कार्यान्वयनका लागि संघ, प्रदेश वा स्थानीय तहबाट कानुन बन्नु पर्ने व्यवस्था गरेका छन्। संघ, प्रदेश र स्थानीय तह गरी करिब १३८ भन्दा बढी विषयमा कानुन बनाउनु पर्ने संविधानको धारागत अध्ययनबाट देखिएको हो। त्यसैगरी संविधानको कतिपय धाराले नै कानुन बनाउने स्पष्ट उल्लेख गरेको नभएता पनि त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कानुन बनाउनु पर्ने देखिएको उल्लेख गरिएको छ । उदाहरणका लागि उपयुक्त आवासको हक नागरिकको मौलिक हकको रुपमा व्यवस्था भएको र त्यस्तो हकको कार्यान्वयनका लागि

संविधानले कानुन बनाउन निर्देश गरेको नभएता पनि कानुनको अभावमा आवासको हकको कार्यान्वयन सुनिश्चित हुन सक्ने अवस्था थिएन ।

त्यसैगरी संविधानका कतिपय धाराले कानुन निर्माणका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समय सीमा समेत निर्धारण गरेको पाइन्छ । उच्च अदालतको स्थापना, संघीय कानुन बमोजिम हुने व्यवस्था गर्दै त्यस्तो उच्च अदालत संविधान जारी भएको एक वर्ष भित्र स्थापना गरिने संवैधानिक व्यवस्था यसको एउटा उदाहरण हो । यसरी संविधान कार्यान्वयनका लागि निर्माण गर्नुपर्ने कानुन तथा मौजुदा कानुनलाई पुनरावलोकनको सम्बन्धमा प्राथमिकीकरण गर्दा संविधानले नै ६ महिना वा एक वर्षभित्र निर्माण गर्नुपर्ने गरी अवधि किटान गरेको र २०७४ साल माघ ७ गते भित्र स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक पर्ने ऐन समेतलाई मध्यनजर गरी पहिलो प्राथमिकता निर्धारण गरिएको थियो । सो बाहेकका अन्य विषयलाई दोस्रो र तेस्रो प्राथमिकतामा राखी काम हुँदै आएका हुन् ।

## ३. संघीयताका लागि बनिसकेका कानुनी तथा संस्थागत संरचना

संविधान अनुसार संघीय प्रणालीको सफल कार्यान्वयनका लागि उल्लेखनीय मात्रामा छाता कानुन (अम्ब्रेला लेजिस्लेसन) हरुको आवश्यकता पर्दछ । हालसम्म संघीयता तर्फको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनी संरचना निर्माण गर्ने क्रममा विभिन्न क्षेत्रमा प्रगति भएको छ । आएका मूख्य कानुनहरु लागु हुँदैछन् । विशेषगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा बनेको ऐन २०७६, कर्मचारी समायोजन ऐन २०७५, प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन २०७५, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन २०७६, संघ, प्रदेश र स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ तथा संघीय निजामती सेवा ऐन, २०७५ यस सम्बन्धी केही महत्वपूर्ण ऐनहरु हुन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहको प्रयोगका लागि करिब ३ दर्जन जति नमुना कानुन/मार्गदर्शनहरु तयार भएका छन् । अर्थ मन्त्रालयले पनि सातवटा नमुना कानुनहरु तर्जुमा गरेको छ । यी कानुनहरुका बारेमा यथोचित समालोचना पनि भएको देखिन्छ । संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने साझा अधिकारसँग सम्बन्धित सबै आवश्यक क्षेत्रगत कानुनहरु बनाइसकेको छैन । यसर्थ, संघीयताका लागि आवश्यक कानुनी संरचना पूर्ण हुन बाँकी नै छ ।

संघीयताको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि उपयुक्त संस्थागत संरचना आवश्यक हुन्छ । अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद, प्रदेश समन्वय परिषद, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग प्रमुख संरचनाका रुपमा रहेका

छन् । संविधान बमोजिम स्थापना भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, लोकसेवा आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, थारु आयोग तथा मुस्लिम आयोग, आदिवासी जनजाति आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गठन भई कार्यरत छन् । यी संस्थागत संरचनाहरु गठन भएकै अवस्थामा पनि सम्बन्धित पदाधिकारीको नियुक्ति हुन नसकेको अवस्थामा यिनले काम गर्न सक्दैन् ।

प्रदेश र स्थानीय स्तरमा नीति तथा प्रशासन सम्बन्धी व्यवस्थाहरुको तर्जुमा र व्यवस्थापन गर्न अन्तरमन्त्रालय समन्वय संयन्त्रको आवश्यकता रहेको एउटा अध्ययनले देखाएको छ ।[४] नेपाल सरकार स्वयम्ले संघीयता कार्यान्वयन गर्न मार्गचित्रको तर्जुमा गर्ने, बाँकी रहेको महत्वपूर्ण कानुनहरु जारी गर्ने, संघीयताको कार्यान्वयनका लागि सञ्चार नीति तर्जुमा गर्ने, क्षमता विकासका लागि एउटा विस्तृत रणनीति तथा कार्यक्रमको तर्जुमा गर्ने, भौतिक पूर्वाधार र कार्यालय भवन सुधार योजनाको तर्जुमा गर्ने, संघीयताका लागि आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने र एक आधुनिक एवम् प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गर्ने आवश्यकता रहेको उल्लेख गरेको देखिन्छ ।

### संघीयता कार्यान्वयनका संघबाट जारी केही महत्वपूर्ण ऐनहरू

१. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
३. उपभोक्ता संरक्षण ऐन, २०७५
४. कर्मचारी समायोजन ऐन, २०७५
५. खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५
६. जनस्वास्थ्य सेवा ऐन, २०७५
७. थारु आयोग ऐन, २०७४
८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
९. निर्वाचन आयोग ऐन, २०७३
१०. निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३
११. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६
१२. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४
१३. प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
१४. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
१५. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४
१६. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६

[४] नेपाल सरकारको अनुरोधमा विश्व बैंक र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को सहजीकरणमा सम्पन्न गरिएको तथा २०७५ भदौ र २०७६ साउन बीचको अवधिमा अमेरिकाको जर्जिया स्टेट युनिभर्सिटी र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा तयार पारिएको नेपालमा संघीयता कार्यान्वयनका लागि आवश्यक क्षमताको लेखाजोखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत मंसीर, २०७६

१७. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
१८. बालबालिका सम्बन्धी ऐन, २०७५
१९. भूउपयोग सम्बन्धी ऐन, २०७६
२०. मतदाता नामावली सम्बन्धी ऐन, २०७३
२१. मधेसी आयोग ऐन, २०७४
२२. मुस्लिम आयोग ऐन, २०७४
२३. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
२४. राजनीतिक दल सम्बन्धी ऐन, २०७३
२५. राष्ट्रिय दलित आयोग ऐन, २०७४
२६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
२७. राष्ट्रिय महिला आयोग ऐन, २०७४
२८. राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
२९. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५
३०. लेखा परीक्षण ऐन, २०७५
३१. वन ऐन, २०७६
३२. वस्तु विनियम बजार सम्बन्धी ऐन, २०७४
३३. वातावरण संरक्षण ऐन, २०७६
३४. विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४
३५. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५
३६. शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७७
३७. श्रम ऐन, २०७४
३८. संघ, प्रदेश र स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
३९. सहकारी ऐन, २०७४
४०. सामाजिक सुरक्षा ऐन, २०७५
४१. सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५
४२. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
४३. स्थानीय तह निर्वाचन ऐन, २०७३
४४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४५. स्वास्थ्य बीमा ऐन,  २०७४

संघीयताको मार्गचित्रले सुधारका प्राथमिकता तथा यिनको कार्यान्वयनलाई बलियो बनाउन सहयोग गर्नेछ । त्यस्तै संघीयताको प्रभावकारी कार्यान्वयनका लागि निजामती सेवा सम्बन्धी विभिन्न कानुनहरु जारी गर्नु आवश्यक छ । उल्लिखित सञ्चार नीतिले संघीयता कार्यान्वयनका लागि सुधार प्रक्रिया यसको प्रयोजन तथा लाभका बारेमा साझा बुझाईको प्रवर्द्धन गर्ने, नागरिकहरुलाई नयाँ प्रणालीबाट प्राप्त हुने फाइदा तथा कार्यान्वयनका चुनौतीहरुलाई बुझ्ने अवसर प्रदान गर्ने र संघीय व्यवस्थाको कार्यान्वयनमा बढ्दै गइरहेको आवश्यकतालाई पूर्ति गर्न सहयोग पुऱ्याउने प्रकारका सूचनाहरुको सम्प्रेषण गर्न सहयोग गर्नेछ। क्षमता विकासका लागि एउटा विस्तृत रणनीति तथा कार्यक्रम तर्जुमा भएमा यसले संघीयताका सिद्धान्त तथा संयन्त्रहरुको विषयमा

जननिर्वाचित प्रतिनिधिहरुको बुझाईलाई अझ गहन बनाउन, प्रदेश तथा स्थानीय सरकारमा सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक खरिद, सार्वजनिक लगानीको व्यवस्थापन र नागरिक सहभागिता जस्ता क्षेत्रमा आवश्यक पर्ने सीप भएका कर्मचारीहरुको सुनिश्चितता गर्ने, संघीयताको सन्दर्भमा सरकारी अधिकारीहरुलाई औपचारिक अनुशिक्षण दिनका लागि प्रशिक्षण प्रतिष्ठानहरुलाई सहयोग गर्ने र प्रदेश तथा स्थानीय सरकारहरु बीच एकआपसमा र प्रदेश तथा स्थानीय सरकारहरु तथा संघीय सरकार बीचको  समन्वयलाई बलियो बनाउन संयन्त्र तथा प्रक्रियाहरुको विकास गर्ने कुराहरुलाई समेट्न सक्दछ ।

त्यसैगरी, भौतिक पूर्वाधार र कार्यालय भवन सुधारको योजना त्यत्तिकै आवश्यक छ । यसले प्रदेश तथा स्थानीय सरकारहरुको पूर्वाधारसँग सम्बन्धित क्षमताको सुदृढीकरणका लागि सरकारी प्राथमिकताको पहिचान गर्ने छ। यसको उद्देश्य समयमै आवश्यक गुणस्तर तथा परिणाममा प्रशासनिक कार्यालय भवनहरुको व्यवस्था गर्न पर्याप्त बजेटको सुनिश्चितता गर्ने रहेको छ।[५] संघीयताको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गर्न र यसको कार्यान्वयनमा सहयोग गर्न एक संघीयता कार्यान्वयन इकाइको स्थापना गर्न सकिन्छ। यो इकाइलाई प्रदेश तथा स्थानीय सरकारहरुसँगको समन्वयमा सरकारका लागि अन्तरसरकारी प्रणालीको निरन्तर मूल्यांकन गर्ने जिम्मेवारी दिन सकिन्छ । प्रदेश तथा स्थानीय सरकारहरुको समन्वयमा यस इकाइलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राख्न सकिन्छ । अन्त्यमा संघीयताको कार्यान्वयनको व्यवस्थित लेखाजोखा गर्न एउटा प्रभावकारी एवम् आधुनिक अनुगमन तथा मूल्यांकन प्रणालीको आवश्यकता रहेको छ । यस अन्तर्गत एउटा संघीयता कार्यान्वयन इकाइको स्थापना गर्न उपयुक्त हुन्छ। साथै प्रदेश तथा स्थानीय सरकारहरुको वित्तीय व्यवस्था र त्यसको प्रभावकारिताको मूल्यांकन गर्ने प्रणालीको पनि विकास गर्नुपर्ने देखिन्छ। प्रस्तावित अनुगमन तथा मूल्यांकन प्रणालीबाट प्राप्त हुने प्रतिवेदनहरुको समीक्षा, संघ र प्रदेश दुवै तहमा हुने अन्तरसरकारी समन्वय बैठकहरुमा संयुक्त रुपमा गर्न सकिन्छ।[६]

उपरोक्त विषयहरु मध्ये कतिपय कानुनी विषयहरुमा नेपाल सरकारले श्रावण २०७७ मा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन जारी गरिसकेको छ । संविधानमा उल्लेख भएको अतिरिक्त संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धमा अन्य आधारहरु पनि यसले उल्लेख गरेको छ। यो ऐनले कानुन, नीति वा योजना तर्जुमा, एकल तथा साझा अधिकारको कार्यान्वयन, संघीय कानुनबाट व्यवस्थित हुने विषयहरु,

[५] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई २०७६ चैत ९ गते स्थानीय तह प्रमुख प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका लागि विनियोजित भएको बजेटको विवरण उपलब्ध गराउन पत्राचार गरेको देखिन्छ।

[६] नेपाल सरकारको अनुरोधमा विश्व बैंक र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को सहजीकरणमा सम्पन्न गरिएको तथा २०७५ भदौ र २०७६ साउन बीचको अवधिमा अमेरिकाको जर्जिया स्टेट युनिभर्सिटी र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा तयार पारिएको नेपालमा संघीयता कार्यान्वयनका लागि आवश्यक क्षमताको लेखाजोखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत मंसीर, २०७६

प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्ने प्रावधान जस्ता महत्वपूर्ण विषयहरुलाई सम्बोधन गरेको छ । खासगरी ऐनको दफा १६ ले प्रधानमन्त्रीको नेतृत्वमा नेपाल सरकारको अर्थ मन्त्री, कानुन न्याय तथा संसदीय मामिला मन्त्री, गृह मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री समेत भएको  संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न एउटा राष्ट्रिय समन्वय परिषद्को गठन गरेको छ । यसमा सबै प्रदेश सरकारका मुख्यमन्त्रीहरु, प्रतिनिधि सभाको विपक्षी दलको नेता वा निजले तोकेको संघीय संसदको सदस्य तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीले तोकेका कम्तिमा ३ जना महिला सहित प्रत्येक प्रदेशबाट एक जनाको दरले ७ जना सदस्यहरु समेत हुन्छन् ।

यो परिषद्लाई साझा अधिकारका विषयमा कानुन तथा नीति तर्जुमाका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गर्ने; प्रदेश तथा स्थानीय स्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएको विषयमा समन्वय गर्ने; राष्ट्रिय योजना, नीति तथा कानुनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने; अन्तरप्रदेश तथा स्थानीय तहलाई प्रभाव पर्ने कानुन, नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने अधिकार दिइएको छ । परिषद्ले अन्तरप्रदेश स्तरमा सञ्चालित विकासका ठूला आयोजनाहरुको कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने; संघीयता कार्यान्वयनका सम्बन्धमा तीनै तहबाट बनेका नीति, कानुन तथा योजनाको समीक्षा तथा विश्लेषण गर्ने गराउने; संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामञ्जस्यता कायम गर्न आवश्यक कार्य गर्ने; कानुन निर्माण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई सुझाव दिने र नेपाल सरकार, मन्त्रिपरिषद्, विषयगत समिति र प्रदेश समन्वय परिषद्बाट छलफलका लागि पठाएका विषयमा आवश्यकता अनुसार छलफल तथा समन्वय गर्ने कार्य पनि गर्दछ ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले नेपाल सरकारलाई संघ, प्रदेश वा स्थानीय तहले बनाएको कानुन तथा सोको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्न कुनै निकायलाई तोक्न सक्ने अधिकार दिएको छ । यस्तो अध्ययनका आधारमा प्रतिवेदन पेश भएमा परिषद्ले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गर्ने वा विशेष समिति गठन गर्न वा सम्बन्धित विज्ञको राय समेत लिई कुनै त्यस्तो कानुन परिमार्जन गर्नुपर्ने देखिएमा त्यसरी परिमार्जन गर्न सम्बन्धित तहलाई सिफारिस गर्न सक्दछ । परिषद्ले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न सक्दछ । विशेषगरी ऐनको दफा २२ ले संघ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तह बीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास लगायतका काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्री र अध्यक्षले तोकेको स्थानीय तहको एक जना प्रमुख वा

अध्यक्षलाई सदस्य बनाई विषयगत समिति बनाउने व्यवस्था छ । यस्तो समितिले आफ्नो विषयसँग सम्बन्धित क्षेत्रको योजना, नीति तथा कानुनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने; क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानुन, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने; आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाका लागि परिषद्लाई सुझाव दिने; परिषद्को निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने गराउने अधिकार पाएको छ ।

प्रदेश र स्थानीय तह बीच वा प्रदेश भित्रका एकभन्दा बढी जिल्ला भित्रका स्थानीय तह बीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेश स्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद्को गठन हुने व्यवस्था यस ऐनको अर्को महत्वपूर्ण प्रावधान हो । यस्तो परिषद्मा प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री त्यस्तै आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री, प्रदेश सरकारको प्रमुख सचिव, प्रदेश भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तिमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एकजनाको दरले मुख्यमन्त्रीले तोकेको व्यक्ति सदस्यका रुपमा रहने एवम् प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव सदस्य सचिवका रुपमा कार्य गर्ने व्यवस्था छ । यस परिषद्ले पनि प्रदेश भित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारको विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एक भन्दा बढी स्थानीय तह बीच समन्वय र अन्तरसम्बन्ध कायम गर्ने अधिकार पाएको छ । त्यसैगरी ऐनको दफा २६ ले जिल्ला समन्वय समितिले संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य, जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य र प्रचलित कानुन बमोजिम तोकिएको अन्य कार्यका विषयमा समन्वय गर्ने व्यवस्था छ । यस ऐन बमोजिम परिषद् वा प्रदेश समन्वय परिषद्मा पेश भएको कुनै विषयमा कुनै जिल्ला भित्रका स्थानीय बीचको समन्वयको विशेष व्यवस्था भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्छ ।

यस ऐन बमोजिम समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा प्रदेश वा स्थानीय तहले संघसँग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्य क्षेत्र रहेका मन्त्रालय मार्फत गर्नुपर्ने व्यवस्था छ । त्यस्तो परामर्शको विषयमा सम्बन्धित मन्त्रालयले आवश्यक अध्ययन गरी विषयको निरुपण गर्नुपर्छ । तर सम्बन्धित मन्त्रालयले साझा अधिकारसँग सम्बन्धित विषयको कार्यान्वयन; अन्य प्रदेश वा स्थानीय तहबीच एकरुपता कायम गर्नुपर्ने नीतिगत विषय तथा सम्बन्धित मन्त्रालयबाट समाधान हुन नसक्ने विषयहरु भने विषयगत समितिमा पेश गर्नुपर्छ । त्यस्तै विषयगत समितिले आफैं निरुपण गर्न सक्ने विषय आफैं निरुपण गरी अन्य प्रदेशमा समेत समन्वय तथा एकरुपता कायम गरी कार्यान्वयन गर्नु पर्ने कुनै नीतिगत विषय तथा विषयगत समितिबाट निरुपण हुन

नसकेका राष्ट्रिय महत्वका अन्य विषयहरु परिषद्‌मा पठाउनु पर्छ । सम्बन्धित मन्त्रालय वा विषयगत समितिले निरुपण गरेको विषयको जानकारी परिषद्‌लाई गराउनु पर्छ । नेपाल सरकारले प्रदेश वा स्थानीय तहसँग समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सम्बन्धित स्थानीय तहसँग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउनु पर्छ ।

सामान्यतः संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ संघमुखी ऐन देखिन्छ । यसको महत्वाकांक्षी कार्यान्वयनले प्रदेश सरकार तथा स्थानीय सरकारहरुको एकल अधिकारलाई प्रभावित तुल्याउन सक्ने तथा विशेषगरी साझा अधिकारहरुको कार्यान्वयनमा प्रदेश तथा स्थानीय सरकारको आवश्यकताहरुको राम्रो प्रतिनिधित्व हुन गाह्रो हुने अवस्था पनि आउन सक्दछ । खासगरी, यस ऐन अन्तर्गतका परिषद् तथा विषयगत समिति, प्रदेश समन्वय परिषद् तथा जिल्ला समन्वय समितिको काम कारबाहीमा स्थानीय सरकारको प्रतिनिधित्व नगन्य भएको सजिलै अनुभव गर्न सकिन्छ । साझा अधिकारको कार्यान्वय गर्दा वा त्यस्ता विषयमा कानुन बनाउँदा कसूर र सजायको निर्धारण, राष्ट्रिय स्तर वा राष्ट्रिय महत्वका वा एक भन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचनाको निर्माण र सबै प्रदेशमा समान रुपमा लागु हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन संघीय कानुन बमोजिम हुने यो ऐनको व्यवस्था हो । जहाँसम्म प्रदेश स्तरका सडक, विद्युत, खानेपानी, सिंचाई जस्ता पूर्वाधार संरचनाको निर्माण र सञ्चालन, शिक्षा, स्वास्थ्य वातावरण जस्ता विषयमा जनचेतनाको अभिवृद्धि, रोजगार प्रवर्द्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा, प्रदेश स्तरमा हुने सेवा प्रवाह, सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेश स्तरको नियमन प्रदेश कानुन बमोजिम हुने स्पष्ट गरिएको छ । स्थानीय स्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीय स्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट वा स्थानीय कानुन बमोजिम हुने उल्लेख छ । संविधान अनुसार प्रदेशले संघ र प्रदेशको साझा अधिकारको विषयमा परेको विषयको कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानुन बनाउँदा सो सम्बन्धी संघीय कानुन अनुकूल हुने गरी कार्यान्वयन गर्नु वा कानुन बनाउनु पर्ने यो ऐनले उल्लेख गर्दछ । तथापि त्यस्तो विषयमा संघीय कानुन नबनेको अवस्थामा प्रदेशले सो विषय कार्यान्वयन गर्न वा कानुन बनाउन सक्ने व्यहोरा पनि स्पष्ट गरिएको छ । संविधानको अनुसूची ९ को विषयमा संघीय कानुन नबनेको अवस्थामा प्रदेशले र संघीय वा प्रदेश कानुन नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधीनमा रही आवश्यक कानुन बनाउन वा सो विषयको कार्यान्वयन गर्न सक्दछन् । तर नेपालमा संघीयता कार्यान्वयनका लागि आवश्यक क्षमताको लेखाजोखा सम्बन्धी माथिल्लो प्रतिवेदनले उल्लेख गरेका कतिपय सुझावहरुको कार्यान्वयन गर्न बाँकी नै छन् ।

# ४. स्थानीय तह सम्बन्धमा संघीय सरकारले बनाउने कानुनहरू

संघीय सरकारले स्थानीय तह सम्बन्धमा विभिन्न कानुनहरु बनाउने अभिभारा पाएको छ । वास्तवमा संघीयता कार्यान्वयन सम्बन्धी धेरैजसो कानुन निर्माणका विषयहरुमा संघीय तहकै भूमिका छ । यसमध्ये गाउँपालिका र नगरपालिकामा रहने वडाहरुको संख्याहरुको विषयमा; विशेष संरचना कायम गर्न सक्ने सम्बन्धी विषयमा; स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाहरुका बारेमा; न्यायिक समितिले कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने लगायतका विषयहरुमा संघले कानुन बनाउन सक्छ । साथै संघले स्थानीय तह सम्बन्धी देहायका विषयमा कानुन बनाउन सक्छ :

- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्ने विषय
- साझा सूचीको विषय
- आर्थिक अधिकारका अन्य क्षेत्र सम्बन्धी विषय
- स्थानीय तहको निर्वाचन सम्बन्धी विषय
- स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सम्बन्धी विषय
- नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहमा न्यायोचित वितरण गर्ने सम्बन्धी विषय
- संघ, प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सम्बन्धी विषय
- संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी विषय
- संघीय सञ्चित कोषबाट प्रदान गरिने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिइने विशेष अनुदान वितरण सम्बन्धी विषय

कानुन निर्माणका सम्बन्धमा स्पष्ट गर्दा तेस्रो तहको व्यवस्थापिकाका रुपमा रहेका गाउँ सभा तथा नगर सभाले संविधानको अनुसूची ८ को गाउँपालिका तथा नगरपालिकाको २२ वटा एकल अधिकारका विषयको क्षेत्रमा स्थानीय कानुन बनाउन पाउँछन् । सिद्धान्ततः एकल अधिकारका विषयहरु संघ वा प्रदेशसँग प्रभावित हुनुपर्ने विषय मानिँदैनन् । त्यस्तै, गाउँ सभा तथा नगर सभाले अनुसूची ९ सँग सम्बन्धित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रका विषयमा संघीय र प्रदेश कानुनसँग नबाझिने गरी स्थानीय कानुन बनाउन पाउँछन् । यसका साथै नेपालको संविधान अनुसार गाउँपालिका तथा नगरपालिकाले बनाउनु पर्ने मूख्य कानुनहरु  निम्न बमोजिम रहेका छन् :

- कार्य विभाजन तथा सम्पादन नियमावली (धारा २१८)
- निर्णय तथा आदेश प्रमाणिकरण सम्बन्धी कानुन (धारा २१४(५)
- स्थानीय तहमा कर लगाउने सम्बन्धी कानुन (धारा २२८)
- स्थानीय तहको आर्थिक कार्यविधि कानुन (धारा २२९)
- स्थानीय तहको राजस्व तथा व्ययको अनुमान सम्बन्धी कानुन (धारा २३०)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि निम्न बमोजिम कानुन निर्माणको अधिकार स्थानीय तहलाई दिएको छ :

- स्थानीय कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धी व्यवस्था कार्यविभाजन तथा कार्य सम्पादन नियमावली बमोजिम हुने (दफा १७)
- स्थानीय तहको न्यायिक समितिसँग सम्बन्धित म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, लगत कट्टा गर्ने लगायतका कार्यविधि (दफा ४९)
- संघीय कानुनले निर्धारण गरेको आधारभूत सिद्धान्त र मापदण्डको अधीनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था सम्बन्धमा स्थानीय तहले कानुन बनाउने
- एकीकृत सम्पत्ति करमा छुट दिन सक्ने मापदण्ड (दफा ५५)
- गैरसरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थासँगको समन्वय सम्बन्धी कानुन (दफा २५)
- गाउँपालिका तथा नगरपालिकामा आकस्मिक कोष स्थापना र सञ्चालन सम्बन्ध व्यवस्था (दफा ७०)
- पदाधिकारीको आचारसंहिता बनाई लागु गर्न सक्ने व्यवस्था (दफा ११२)
- स्थानीय तहको सार्वजनिक खरिद नियमावली (दफा ७४)
- संविधान र कानुन बमोजिम गाउँपालिका र नगरपालिकाको अधिकार क्षेत्र भित्रका अन्य विषयहरु

उपरोक्त स्थानीय कानुन बनाउँदा गाउँ सभा वा नगर सभाको व्यवस्थापन सम्बन्धी विषयमा प्रदेश कानुनमा अन्यथा व्यवस्था नभएसम्मका लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐनले उल्लेख गरेको छ । कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्दछ । पेश भएको विधेयक सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले पारित गर्न सकिन्छ । पारित भएको विधेयक १५ दिन भित्र सभाका अध्यक्षले प्रमाणिकरण गर्नुपर्ने हुन्छ । प्रमाणिकरण भएको विधेयक ऐन बन्दछ । सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्छ । सभाको व्यवस्थापन कार्यविधि सम्बन्धी अन्य विषय सभाले बनाएको सभाको कार्य सञ्चालन नियमावली बमोजिम हुन्छ ।

जहाँसम्म नेपाल सरकारले उपलब्ध गराएका नमुना कानुनहरुको प्रश्न छ, नवगठित स्थानीय तहको आवश्यकता पूर्ति गर्ने उद्देश्यले तिनलाई पठाइन्छन् । नवगठित स्थानीय तहको काममा सहयोग र सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई विभिन्न नमुना कानुनहरुको ढाँचा उपलब्ध

गराउँदै आएको छ। स्थानीय तहको आवश्यकताका आधारमा नमुना कानुनहरुको तर्जुमा गर्ने कार्य अझै अघि जान सक्दछ। यस प्रक्रियाले स्थानीय तहको साधन, स्रोत र समयको बचत गर्नुका साथै अनावश्यक अलमल र ढिलासुस्ती हुनबाट जोगाउने विश्वास मन्त्रालयको रहेको छ । स्थानीय क्षमताको अभाव भइरहेको वर्तमान परिप्रेक्ष्यमा नमुना उपलब्ध हुनु यसै पनि कानुन निर्माणका लागि राम्रो सहयोग हो । गाउँपालिका तथा नगरपालिकाका लागि आवश्यक नमुना कानुनको ढाँचा तयार गरी उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०६ को उपदफा (१) को खण्ड (ङ) ले समेत गरेको छ । उपलब्ध कानुनका नमुनाहरुमा स्थानीय आवश्यकता र परिवेश अनुसार आवश्यक नपर्ने विषयवस्तु भए हटाउने र कुनै विषय छुटेको भए थप गरी ऐन भए सभाले र नियम भए कार्यपालिकाले स्थानीय तहको कानुन बनाउने प्रक्रिया अवलम्बन गरी पारित र प्रमाणिकरण गरेर लागु गर्नु पर्दछ । प्रमाणिकरण भएको कानुनलाई स्थानीय राजपत्रमा प्रकाशन गरेपछि मात्र त्यस्तो कानुन लागु हुने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको छ ।

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारका रुपमा व्यवस्था गरेको हुँदा स्थानीय तहले कानुन बनाउने, सार्वजनिक गर्ने र लागु गर्ने सम्बन्धमा निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नु आवश्यक हुन्छ। यसका लागि स्थानीय तहले आफूले बनाएका कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गर्ने, वडा कार्यालयहरुमा पठाउने र आफ्नो वेबसाइटमा राखी सार्वजनिक गर्नु पर्छ। यसका साथै पारित कानुनको प्रति नेपाल सरकार र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयहरुमा पठाउनु पर्छ ।

## ५. कर्मचारी समायोजन तथा स्थानीय तहको स्थिति

एकात्मक राज्य प्रणालीको प्रशासनिक संरचनालाई संघीय प्रणाली अनुरुप रुपान्तरण गर्नका लागि नेपालको संविधानको धारा ३०२ (२) बमोजिम यो संविधान प्रारम्भ हुँदाको बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ भन्ने व्यवस्था अनुसार संघीय ऐनको रुपमा २०७४ सालमा कर्मचारी समायोजन ऐन जारी भएको देखिन्छ । विविध कारणले सो ऐन बमोजिम कर्मचारी समायोजन सम्भव नहुने देखेर त्यसबेलाको सरकारले कर्मचारी समायोजन अध्यादेश, २०७५ जारी गरी समायोजनको कार्य अघि बढेको थियो ।[७] वि.सं. २०७५ फागुन १० मा प्रमाणिकरण भएको कर्मचारी समायोजन ऐन, २०७५ ले यो अध्यादेशलाई खारेज गरेको छ । यस अनुसार संघ, प्रदेश र स्थानीय तहका लागि संगठन संरचना र दरबन्दी बनाएर ती संगठन, संरचना र दरबन्दी बमोजिम कर्मचारीलाई ज्येष्ठताका आधारमा संघ वा प्रदेश

[७] कर्मचारी समायोजन अध्यादेश मिति २०७५ मंसीर २३ मा जारी भएको हो । यो अध्यादेश जारी मितिदेखि नै लागु भएको हो। यो अध्यादेशले कर्मचारी समायोजन ऐन, २०७४ लाई खारेज गरेको थियो ।

वा स्थानीय तह छनोट गर्ने अवसर दिइयो । यस प्रकार सुरुमा समायोजन गर्ने प्रयोजनका लागि संघमा ४८,४०९ वटा, सात प्रदेशमा २२,२९७ वटा र ७५३ स्थानीय तहमा ६६,९०८ वटा दरबन्दी सिर्जना भएको देखिन्छ । समायोजन गर्ने समयमा कर्मचारीको संख्या भने दरबन्दीको तुलनामा कम थियो । दरबन्दी भन्दा कर्मचारीको संख्या कम भएकाले समायोजन सकिँदा कर्मचारीले समायोजन हुन चाहेको तहमा कर्मचारीहरुको संख्या धेरै हुन पुग्यो तर कर्मचारीले नरोजेको तहमा अधिकांश पदहरु रिक्त हुन गए । कर्मचारी समायोजनको पहिलो काम सकिँदा संघमा ४०,२०२ जना, सात प्रदेशमा १४,०१४ जना र स्थानीय तहमा ४२,२७९ कर्मचारी समायोजन भएको अवस्था देखिन्छ । प्रक्रियाको हिसाबले कर्मचारीको ज्येष्ठताको सूची तयार पार्ने, दोस्रो चरणमा निश्चित समय तोकी कर्मचारीलाई सफ्टवेयर मार्फत छनोटको अवसर प्रदान गरेर अर्थात फर्म भर्ने अवसर दिई अन्त्यमा उपलब्ध दरबन्दी तथा कर्मचारीको छनोटको आधारमा कर्मचारी समायोजनको नतिजा निकालियो । सेवा समूह सञ्चालन गर्ने मन्त्रालय/सचिवायलय/आयोगलाई आआफ्नो सेवाका कर्मचारीको समायोजन सम्बन्धी पत्र जारी गर्ने व्यवस्था मिलाइयो भने राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीलाई मुख्य सचिव र राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीलाई भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवले पत्र दिने व्यवस्था भयो । तद्अनुरुप समायोजन सम्बन्धी पत्राचार भएको देखिन्छ भने समायोजन भइसकेका कर्मचारीलाई समायोजन भएको तहमा पदस्थापन गर्ने कार्य जुन हालसम्म पनि सम्पन्न भएको छैन, सो समेत सेवा समूह सञ्चालन गर्ने मन्त्रालयमार्फत हुँदै आइरहेको छ ।

प्रदेश स्तरमा स्वीकृत दरबन्दीको ६२ प्रतिशत कर्मचारी समायोजन भएको देखिन्छ । तर उल्लिखित संख्याका कर्मचारी पनि सबै प्रदेशमा हाजिर हुन नगएको र कतिले प्रदेशमा समायोजन हुँदा पाउने एक तह माथिको बढुवा लिएर राजीनामा दिइसकेको अवस्था रहेको थियो । कतिपय कर्मचारी समायोजन भएको २१ दिन भित्र समायोजन/पदस्थापना भएको तहमा हाजिर हुन जानुपर्ने कानुनी व्यवस्थाको विपरीत साविक कार्यरत निकायमै कार्यरत रहेका थिए ।[८]

## ६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आउनु अघिको व्यवस्था

संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाएको हो । यो ऐन सोही वर्षको असोज २९ गतेदेखि कार्यान्वयनमा छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा यसले आवश्यक व्यवस्था गरेको हो ।

---

[८] बाबुराम अधिकारी, "कर्मचारी समायोजनः भ्रम र यथार्थ", *प्रशासन* (सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका), वर्ष ५०, अंक १, पूर्णाङ्क १३२, वैशाख २०७७, पृष्ठ ५७-६४

स्थानीय सरकार सञ्चालन  ऐन, २०७४ लागु हुनु भन्दा करिब ४ महिना अघि नेपाल सरकारले स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी गरेको थियो । स्थानीय सरकारहरुको निर्वाचन भइसकेको तर स्थानीय सरकार सञ्चालन ऐन पारित नभएको परिस्थितिमा यो आदेश नेपाल सरकार मन्त्रिपरिषद्ले संविधानको धारा ३०२ को उपधारा (१) बमोजिम जारी गरेको थियो । उक्त आदेशमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सेवा प्रवाहलाई निरन्तरता दिनु पर्ने भएकाले सो आदेश बमोजिम गर्नु गराउनु हुन नेपाल सरकार सचिव स्तरको सोही मितिको निर्णयानुसार अनुरोध गरिएको थियो । यस आदेश सबै जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु प्रति लक्षित थियो । यो आदेशले करिब चार महिना मात्र कार्यान्वयन हुने अवसर पायो । यसका मूल सिद्धान्त तथा प्रावधानहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा निरन्तरता पाएका छन् । सुरुको अस्थिरतालाई यसले व्यवस्थापन गर्न मद्दत गरेको थियो ।

संक्षेपमा स्थानीय तहको कार्य सञ्चालन र सेवा प्रवाह, आर्थिक प्रशासन, योजना तथा आयोजना सञ्चालन एवम् व्यवस्थापन, कर तथा राजस्व, सम्पत्ति हस्तान्तरण, सहजीकरण तथा समन्वय, लगायत खारेजी र बचाउ सम्मका प्रावधान यसमा थिए ।[९] यस आदेशमा जिल्ला सभाको काम, कर्तव्य र अधिकार; गाउँ सभा वा नगरसभाको काम, कर्तव्य र अधिकार; गाउँपालिका वा नगरपालिकाको वडाको काम, कर्तव्य र अधिकार; भवन निर्माण सम्बन्धी व्यवस्था; स्थानीय तहको नाम र छापको बारेमा व्यवस्था गर्ने ६ वटा अनुसूची पनि संलग्न थियो । यो आदेशको दुईवटा महत्वपूर्ण विशेषता देखिन्छ । पहिलो, यसको दफा ८२ ले यस आदेश बमोजिम गर्नु गराउनु पर्ने कार्यलाई सहजीकरण गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्री संयोजक रहेको तथा सामान्य प्रशासन मन्त्री सहसंयोजक रहेको केन्द्रीय सहजीकरण समितिको व्यवस्था गरेको थियो । यसमा सदस्यका रुपमा विभिन्न मन्त्रालय, महालेखा नियन्त्रक लगायतलाई संलग्न गरिएको थियो । यसका अतिरिक्त दफा ८३ ले यस आदेश बमोजिम स्थानीय तहमा नेपाल सरकारबाट खटाउने निजामती कर्मचारी र स्थानीय तहको कार्यक्षेत्रका विषयमा समन्वय गर्न मुख्य सचिवको संयोजनमा सामान्य प्रशासन मन्त्रालय, सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवहरु रहेको केन्द्रीय व्यवस्थापन समन्वय समितिको पनि व्यवस्था गरिएको थियो । यी संरचनाहरु संविधानमा उल्लिखित संरचना थिएनन् । स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ लाई यसले खारेज गरेको थियो र स्थानीय तह सञ्चालन ऐन जारी भए पछि यो आदेश स्वतः निष्क्रिय हुने उल्लेख गरिएको थियो ।

यो आदेशको अर्को महत्वपूर्ण विशेषता भनेको संविधानको अनुसूची ८ मा उल्लेख गरिएको स्थानीय तहको एकल अधिकारको सूचीको विस्तृतिकरण गर्दै उक्त सूचीको २२ वटै अधिकारहरुलाई उल्लेख गरेको थियो । त्यत्तिमात्र नभई यसले जिल्ला सभाको काम, कर्तव्य र अधिकारलाई पनि संविधानको धारा २२० को उपधारा (७) मा भएका व्यवस्थाहरुलाई विस्तारिकरण गरेको थियो । अहिले आएर इतिहास भइसके पनि यस आदेश अन्तर्गतको पूर्वाभ्यासले स्थानीय सरकार सञ्चालन ऐन प्रभावित देखिन्छ ।

---

[९] स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४

# भाग २

# स्थानीय तहको वर्तमान कानुनी संरचना

नेपालको संविधान, २०७२ ले तीन तहको संघीयताको मान्यता बमोजिम स्थानीय तहका लागि बेग्लै कार्यपालिका, व्यवस्थापिका तथा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था गरेको छ। जहाँसम्म न्यायपालिकाको कुरा छ, स्थानीय स्तरमा स्थानीय सरकारकै संरचना अन्तर्गत न्यायिक समितिको व्यवस्था गरिएको छ । आफ्नो अधिकारको प्रयोग गर्ने सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धको प्रारुप संविधानले नै उल्लेख गरेको छ । संविधानले सिर्जना गरेका सबै संवैधानिक निकायहरुले संविधान बमोजिम राष्ट्रिय परिप्रेक्ष्यमा कार्य गर्दछन् । उनीहरुको स्थानीय संलग्नताका आधारहरु कानुनद्वारा स्पष्ट हुँदै जाने अपेक्षा गर्न सकिन्छ । यहाँ स्थानीय तहको वर्तमान कानुनी संरचना तथा तिनका आधारभूत प्रावधानहरुको विश्लेषण गर्न खोजिएको हो । यो परिच्छेदले स्थानीय तहको हाल कायम हुँदै गरेको कानुनी प्रणालीलाई विवेचना गर्दछ ।

## १. स्थानीय तहको विस्तारिकरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४

वि.सं. २०७४ असोजमा लागु गरिएको स्थानीय सरकार सञ्चालन ऐन स्थानीय तहका सम्बन्धमा धेरै महत्वपूर्ण ऐन हो । वास्तवमा स्थानीय सरकार सञ्चालन ऐनले संविधान बमोजिम स्थानीय कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाका साथै यी तीनवटै स्थानीय शासकीय संरचनाहरुको एक अर्कासँगको सम्बन्ध, शक्ति सन्तुलन तथा काम, कर्तव्य र अधिकारको पनि व्यवस्था गर्दछ । यो ऐनले स्थानीय सरकार तथा जिल्ला सभा तथा जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा संघीय सरकारसँगको सम्बन्धका बारेमा उल्लेख गर्दछ । त्यस्तै संविधानले स्थापित गरेका सिद्धान्तहरु सहित संविधानको धारा २३२ को उपधारा (१) बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा अन्तरसम्बन्धलाई पनि उल्लेख गर्दछ ।[१०] यस अर्थमा स्थानीय सरकारका सम्बन्धमा यो एउटा सानो संविधान नै हो ।

---

[१०] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ ले गरेको प्रदेश समन्वय परिषद् सम्बन्धी व्यवस्थालाई भने हालै जारी भएको संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३५ ले खारेज गरेको छ ।

यो महत्वपूर्ण ऐनका कतिपय पक्षहरू असाध्यै राम्रा छन् । संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको अधिकारको सूचीमा संलग्न भएका २२ वटै बुँदाहरुलाई यस ऐनले स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ ले झैं बुँदागत रुपमा विस्तृतिकरण गरेको छ । अर्को शब्दमा भन्दा, अनुसूची ८ को प्रत्येक बुँदाले स्थानीय तहलाई दिएको अधिकार वास्तविक रुपमा के के हुन आउँछन् भनी स्पष्ट गरेको छ । पहिलेको आदेशभन्दा यो ऐनको व्यवस्थाहरु अधिकांश रुपमा सुस्पष्ट हुनुका साथै कार्यान्वयन गर्न सकिने गरी प्रस्तुत गरिएको देखिन्छ । संविधानको अनुसूचीको क्रमलाई ऐनले पनि अनुसरण गरेको छ । विस्तृतिकरण गरिएका प्रावधानहरुले नेपालको विकेन्द्रीकरण वा शक्तिको निक्षेपिकरण सम्बन्धी परम्परालाई आत्मसात् गर्दै संविधानले दिएको स्वायत्त अधिकारहरुका आधारमा संरक्षण गर्ने प्रयास गरिएको यो ऐनले देखाउँछ । माथि उल्लेख गरिएझैं संविधान बमोजिम स्थानीय तहको कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका सम्बन्धी आधारभूत व्यवस्थाहरु यस ऐन अन्तर्गतका विविध व्यवस्थाहरु मातहत कार्यान्वयन योग्य हुन पुगेका छन् ।

स्थानीय तहका लागि स्थानीय सरकार सञ्चालन ऐन महत्वपूर्ण हुँदाहुँदै पनि संवैधानिक दृष्टिकोणले यो ऐन बनाउँदा केही पक्षहरुलाई ध्यान नदिएको देखिन्छ । संघीय सरकारले र कतिपय अवस्थामा प्रदेश सरकारले संविधान बमोजिम स्थानीय सरकारका सम्बन्धमा कानुन बनाउने वा नीति निर्णय गर्ने अधिकार पाएको छ । तर माथिल्लो तहका सरकारहरुले स्थानीय तहको अधिकार आफैंले प्रयोग गरी स्थानीय सरकारहरुले आफ्नो स्वायत्तताको प्रयोग गर्न नसक्ने अवस्थामा पुऱ्याउने गरी त्यस्तो अधिकार प्रयोग गर्ने अख्तियार संविधानले दिएको छैन । आफ्नो अधिकार संविधानको रुपरेखा अन्तर्गत कसरी प्रयोग गर्ने भन्ने स्थानीय तहको संविधान प्रदत्त अधिकार हो । उदाहरणका लागि संविधानको धारा २१७ बमोजिमको स्थानीय तहको न्यायिक समितिले गर्ने कामकारबाही सम्बन्धी व्यवस्थालाई लिन सकिन्छ । न्यायिक समिति कस्तो बनाउने भन्ने सम्बन्धमा संविधानको धारा २१७ ले स्पष्ट गरेको छ । यो धाराले दुईवटा कुरा उल्लेख गर्दछ । पहिलो, कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने । दोस्रो, न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफू मध्येबाट निर्वाचित गरेका दुई सदस्यहरु रहने । यस बाहेक संविधानले अर्थोक उल्लेख गर्दैन । यहाँ 'कानुन' भन्नाले संघीय कानुन, प्रदेश कानुन तथा स्थानीय कानुन जुनसुकै हुनसक्दछ । तर संविधानले स्थानीय तहका लागि बनाएको संरचना आफ्नो आवश्यकता बमोजिम सञ्चालनमा ल्याउने अधिकार स्थानीय तहकै हुन्छ । त्यसलाई प्रत्येक स्थानीय तहले आफ्नो क्षमता तथा आवश्यकताका आधारमा सञ्चालनमा ल्याउन सक्दछ । यसरी संघीय ऐन अघि बढेर अधिकार प्रयोग गरिदिनुको अर्थ स्थानीय ऐनले फैलने अवसर नपाउनु हो । स्थानीय सरकार सञ्चालन ऐनले संघीय ऐनका रुपमा स्थानीय सरकारले पाएको एकल क्षेत्राधिकारको हरेक क्षेत्रलाई स्पष्ट गरेर कानुनी व्यवस्थाहरू उल्लेख गर्नु अर्थ स्थानीय सरकारले संघीय मापदण्ड विपरीत आफू फैलिन नपाउनु पनि हो । सङ्घीय सरकारले

के गर्ने के नगर्ने भन्ने सम्बन्धमा आफ्नो मापदण्ड उल्लेख नगरी केवल स्थानीय सरकारले पाएका अधिकारहरूलाई व्यवस्थापन गर्ने सम्मको उद्देश्य स्थानीय सरकार सञ्चालन ऐनको देखिन्छ । यो दृष्टिकोण सही होइन ।

संक्रमणकालमा अत्यन्त आवश्यक अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन निर्माण भई चौतर्फी रुपमा देखिएको शंका-उपशंका र विभिन्न स्थानीय तहका बीचको विविधतालाई संघीय सरकारले सम्बोधन गर्न सक्दैन कि भन्ने दृष्टिकोण व्यवस्थापन गर्न यो ऐन सफल भएकै मान्नु पर्दछ । तर तत्कालीन आवश्यकता पूरा गरे पनि स्थानीय सरकार आफैंले आफ्ना विषयवस्तुहरूमा स्वतन्त्र रुपमा संविधानले दिएको अधिकार बमोजिम कानुन निर्माण गर्ने यसको अधिकार स्थानीय सरकार सञ्चालन ऐनबाट अनावश्यक रुपमा प्रभावित हुनु हुँदैन । सङ्घीय सरकारले बनाउनु पर्ने र आफूले आफ्ना क्षेत्राधिकारका विषयमा संविधानसम्मत् रुपमा आफूलाई कसरी प्रस्तुत गर्ने तथा त्यस्तो क्षेत्राधिकारका सम्बन्धमा प्रदेश सरकारले आफ्ना विषयवस्तुमा के गर्ने, कसरी गर्ने भन्ने विषय संविधानको मापदण्ड अन्तर्गत सङ्घीय तथा सम्बन्धित प्रदेश सरकारको विषय हो । उक्त सम्बन्धमा सङ्घीय सरकारका नीति तथा कानुनहरू अपूरो मात्र होइन, पर्याप्त दृष्टिकोण विहीन पनि छन् । यी प्रावधानहरू अरु ऐनहरूसँग पनि बाझिन्छन् । यो समस्या स्थानीय सरकार सञ्चालन ऐनका विविध प्रावधानहरूमा प्रचुर रुपमा देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार, सभाको बैठक र कार्यप्रणाली, सभाको व्यवस्थापन सम्बन्धी कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयन, भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था, न्यायिक कार्यसम्बन्धी व्यवस्था, गाउँपालिका वा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र, आर्थिक कार्यप्रणाली, प्रशासनिक संगठन र कर्मचारी व्यवस्था, जिल्ला सभा सम्बन्धी व्यवस्था, स्थानीय तहको सम्पत्तिको संरक्षण, विशेष, संरक्षित वा स्वायत्त क्षेत्र सम्बन्धी व्यवस्था इत्यादि विषयहरूलाई नियमन गरेको देखिन्छ । विशेषगरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाहरू उल्लेखनीय छन् ।

गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य तथा अधिकार सम्बन्धी व्यवस्था उल्लेखनीय हुँदाहुँदै पनि सबैभन्दा बढी समस्या यसैमा छ । सबै काम, कर्तव्य र अधिकारहरू अनुसूची ८ को २२ वटै एकल अधिकारहरूको विस्तृतिकरण हो । तर विस्तृतिकरण गरी आइसकेका यी व्यवस्थाहरू पनि कार्यान्वयन योग्य छोडिएका छैनन् । नगर प्रहरी सम्बन्धी बुँदालाई एउटा उदाहरणका रुपमा उल्लेख गर्न सकिन्छ । संविधानले अनुसूची ८ को पहिलो बुँदामा बाहेक नगर प्रहरी भन्ने शब्दावलीको कहीँ कतै प्रयोग गरेको छैन । यसमा संघीय सरकार वा प्रदेश सरकारका संरचनाहरु मिसिने अवस्था पनि छैन । यस अर्थमा नगर प्रहरीको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित नगरपालिकाकै हो । हरेक नगरपालिकाले संघीय वा प्रादेशिक ऐनको संरचना तथा सिद्धान्तहरुसँग समायोजन गरी आफ्नो नगर प्रहरी ऐन बनाउन सक्दछ । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) को खण्ड (क) ले नगर प्रहरीका सम्बन्धमा नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति कानुन

र मापदण्डको निर्माण तथा कार्यान्वयनका साथै देहायका भन्दै १३ वटा बुँदामा नगर प्रहरीको परिचालन गर्न सकिने भनी तोकेको छ । अर्को शब्दमा भन्दा अन्य विषयवस्तुमा प्रवेश गरे त्यो स्वीकार हुन नसक्ने परिस्थिति यसले देखाउँदछ । त्यसो गर्नु जरुरी थिएन । आजका अवस्थामा ती १३ वटा बुँदाहरु पर्याप्त देखिएता पनि स्थानीय सरकारहरुको सांगठनिक विकास हुँदै जाँदा नगर प्रहरीलाई अझ बलियोसँग स्थानीय तहको अधिकारहरुको अन्य परिप्रेक्ष्यमा पनि प्रयोग गर्ने चाहना देखिन सक्दछ । तर यसमा स्थानीय सरकार सञ्चालन ऐनले हात हाल्नुले एकल अधिकारको स्वायत्त प्रयोग प्रभावित हुने अवस्था देखिन्छ ।[११]

उपरोक्त समस्या स्थानीय सरकार सञ्चालन ऐनले संविधानको विभिन्न बुँदाको विस्तृतिकरण गर्ने क्रममा देखिएको समस्या हो । संघीय सरकारले एकल अधिकार भनी जिम्मा लगाएका विषयमा पनि कति सम्म दिने वा नदिने भन्ने दृष्टिकोणका आधारमा व्यवस्था गरिएको देखिन्छ । यसमा तेस्रो तहसँग विचार विमर्श गरेको वा सहमतिमा ल्याउने प्रयास गरेको पनि देखिँदैन । यति हुँदाहुँदै पनि स्थानीय सरकार सञ्चालन ऐन विभिन्न आधारमा यस पछि बनेका ऐन, नियम वा आदेश भन्दा अधिकांश अवस्थामा राम्रो देखिन्छ । जति स्वायत्तताको कार्यान्वयन गर्ने दृढता यो ऐनले देखाएको छ, त्यति अन्य ऐन तथा प्रत्यायोजित विधायनहरुले देखाउन सकेको छैन । अझ कतिपय अवस्थामा पछि बनेका संघीय ऐनहरुले स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थालाई साँघुरो पार्दै अघि बढेको देखिन्छ ।

संविधानको अनुसूची ८ को बुँदा २ मा रहेको 'सहकारी संस्था' भन्ने एकल अधिकारलाई एउटा अर्को उदाहरणका रुपमा लिन सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२) को (ख) को व्यवस्थाले स्थानीय सरकारलाई सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन, सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घसंस्थासँग समन्वय र सहकार्य, सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि र स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र विकासको विषयलाई समेटिएको देखिन्छ । ऐनले यति प्रष्टताका साथ सीमांकन गरिसकेपछि सहकारी संस्थाको विषयमा स्थानीय सरकारले आवश्यकता अनुसार काम गर्न अतिरिक्त सङ्घीय कानुनहरूबाट अन्य तवरले रोकटोक गरिनु पर्ने कारण देखिँदैन ।

---

[११] ऐनको दफा ११ ले स्थानीय तहको एकल अधिकार अनुसूची ८ बमोजिम हुने तथा यस अनुसूचीको सर्वसामान्यतामा प्रतिकूल असर नपर्नेगरी मात्र उक्त अधिकार प्रयोग गरिएको भन्ने देखिएता पनि व्यवहारमा स्थानीय तहहरुलाई माथिल्लो तहका सरकारहरुले यसै ऐन बमोजिम कायम राख्न प्रयास हुने अवस्था विद्यमान छ ।

हाल सङ्घीय रुपमा आएको सहकारी ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारहरूलाई दिएको अधिकारहरूलाई अतिक्रमण गर्दै नयाँ प्रावधानहरूको व्यवस्था गरेको छ । जस्तो, स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२) (ख) को (१) बमोजिम सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमनको अधिकार स्थानीय सरकारले पाएको छ । यो अधिकार एकल अनुसूचीको भावना बमोजिम नै हो । तर सम्पूर्ण ऐनमा स्थानीय सरकार सञ्चालन ऐन वा स्थानीय सरकारलाई उल्लेख नै नगरी २०७४ कार्तिक १ मा प्रमाणिकरण गरिएको सहकारी ऐनको दफा १३ ले "कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन भनी उल्लेख गर्दछ ।" यतिमात्र नभई उक्त ऐनको दर्ताका लागि दर्खास्त दिनुपर्ने, दर्ता गर्नुपर्ने, दर्ता गर्न अस्वीकार गर्न सक्ने, सहकारी संस्थाको कार्यक्षेत्र लगायतका सबै प्रावधानहरू स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था विपरीत आएका छन् । विपरीत छ भन्ने जान्दाजान्दै पनि खारेज गरिएको छैन । यस्ता पछि बन्ने ऐनहरुले स्थिर मूल्यमान्यताका आधारमा स्थानीय तहलाई काम गर्ने वातावरण प्रदान गर्दैनन् ।

सङ्घीय सरकारले एकल अधिकारका बारेमा एकीकृत दृष्टिकोण नराखेसम्म उपरोक्त समस्या स्थानीय सरकारको एकल अधिकारका विषयहरूलाई छोएर आउनेसबै सङ्घीय ऐनहरूमा हुने स्पष्ट छ । अझसम्म आइसकेका र आउँदै गरेका धेरैजसो ऐनमा यो समस्या छ । विशेषगरी संशोधित शिक्षा ऐन २०२८, संशोधित भूमि सम्बन्धी ऐन २०२१, वन ऐन २०७६, कर्मचारी समायोजन सम्बन्धी ऐन २०७५ जस्ता स्थानीय तर व्यापक सरोकारका ऐनहरूमा स्थानीय सरकार सञ्चालन ऐनसँग बाझिएका प्रावधानहरू आएका छन् । यसमा स्थानीय सरकारका सम्बन्धमा समग्र दृष्टिकोणको अभाव देखिन्छ । यो अभावलाई धारा २३२ (१) को सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तले धान्न सक्दैन ।

यतिमात्र नभई हाल संसदको दुवै सदनमा प्रक्रियामा रहेका शान्ति र सुरक्षा विधेयक २०७५, खानेपानी तथा सरसफाई विधेयक २०७५, बिरुवा संरक्षण (पहिलो संशोधन विधेयक २०७५, बीउ बिजन (दोस्रो संशोधन) विधयेक २०७५, शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०७५ लगायतका विधेयकहरू पनि स्थानीय सरकारको उपस्थिति अनुकूल देखिँदैनन् । कुरा केवल संशोधनको मात्र होइन, समग्र दृष्टिकोणको अभावको पनि हो । यसलाई समयमै पुनर्मूल्याङ्कन गर्न सकिए प्रदेश सरकार तथा स्थानीय सरकारले काम गर्ने वातावरणका बारेमा स्पष्ट हुन पाउने थिए ।

संविधानले *विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र*को बारेमा उल्लेख गरेको छ ।[१२] संघीय ऐनका रुपमा स्थानीय सरकार सञ्चालन ऐनले विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रका बारेमा उल्लेख गर्दै त्यस्तो क्षेत्र निर्धारण गर्ने मापदण्डहरू दिएको छ ।[१३] यसको बारेमा

---

[१२] नेपालको संविधान, २०७२ को धारा ५६ (५) : "संघीय कानुन बमोजिम सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।"

[१३] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९९-१०१

कानुन बनाएर सरकारले व्यवस्था गर्न सक्दछ । तर यो बनाउनै पर्ने भन्ने बाध्यता संविधानले उल्लेख गरेन । अहिले लागु भएका ७५३ सरकारहरूको संरचनामा विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र सम्बन्धी धारणा कसरी लागु हुने भन्ने कुरालाई संविधानले उल्लेख नगरिदिएको हुनाले यसमा केही अस्पष्टता छ । त्यति हुदाँहुँदै पनि संविधानको मूल नीति तथा सिद्धान्तहरूमा रुपान्तरणका कुराहरू उल्लेख गरिएका छन् । पहिचान मिश्रित विकासका कुरा पनि छन् । त्यस्तै मुलुकलाई परिवर्तन गर्ने कारक विषयहरूका बारेमा पनि एउटा लामो विवरण छ । साथै ती निर्देशक सिद्धान्तहरूका हकमा यो रुपमा जाने भनेर नीतिगत प्रस्थान बिन्दुहरू पनि छन् । तर विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रका लागि बेग्लै किसिमको सरकार वा व्यवस्थापिकाको व्यवस्था भने छैन । संविधानमा पहिचानका लागि प्रशस्त स्थान छ । तर त्यसको प्रयोग कानुनले कुन रुपमा गर्ने भन्ने अहिलेको प्रमुख चासोको विषय हो । यस सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन महत्वपूर्ण हुन सक्दथ्यो । तर आवश्यक व्यवस्थाहरुको अभावमा त्यस्तो हुन सकेन ।

संविधान कार्यान्वयन गर्ने सिलसिलामा अहिलेसम्म सङ्घीय इकाइहरूको व्यवस्था गर्नलाई नै नेपाल सरकारले धेरै समय खर्च गरेको देखिन्छ । विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रहरू हुन सक्ने तर्फ कानुन बनाएर पर्याप्त व्यवस्थाका लागि नयाँ ऐनहरू आएका छैनन् । स्थानीय सरकार सञ्चालन ऐनका केही प्रावधानहरूले यस विषयलाई उल्लेख गर्दछ । उक्त ऐनले नेपाल सरकारले सामाजिक, सांस्कृतिक संरक्षण र आर्थिक विकासका लागि प्रदेश सरकारको परामर्शमा राजपत्रमा सूचना प्रकाशित गरेर विशेष, संरक्षित वा स्वायत्त क्षेत्र निर्धारण गर्न सक्दछ भनिएको छ । त्यसलाई धेरै विस्तारमा उल्लेख गरेको भने छैन । अत्यन्तै जरुरी भएर स्थानीय सरकार सञ्चालन ऐन एकदमै हतारमा ल्याइएको थियो । त्यो अवस्थाको व्यवस्थापन भइसकेको छ । अब संविधानका आदर्शहरूलाई कार्यान्वयन गर्ने विषयमा प्रवेश गर्नु महत्वपूर्ण हुन्छ । ऐन बमोजिम प्रदेश सरकारसँग सल्लाह गरेर नेपाल सरकारले निर्णय गर्नुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐनको अहिलेको व्यवस्था अनुसार विभिन्न जिल्लाहरू वा जिल्ला भित्रका विभिन्न गाँउपालिका वा नगरपालिकालाई जोडेर वा गाँउपालिका या नगरपालिकाको कुनै एक वा एकभन्दा बढी वडाहरूलाई पनि सम्मिलित गरेर विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र बनाउन सकिन्छ । तर स्थानीय सरकारका वर्तमान क्षेत्रहरुलाई नै पूनः संरचना गरी पहिचानको आवश्यकता पूर्ति हुने गरी त्यस्ता क्षेत्रहरु कायम गर्न सकिने प्रावधानको अझै आवश्यकता छ । सो ऐन अनुसार विशेष क्षेत्र कायम गर्दा यातायात तथा पूर्वाधार अभावका कारणले भौगोलिक रुपमा दुर्गम, गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत र गरिबीको विषमता राष्ट्रिय औसतभन्दा बढी रहेको तथा आर्थिक र सामाजिक रुपले पिछडिएका समुदायको बाहुल्यता रहेको कुरालाई आधार बनाउनु पर्दछ । यस्तै नेपाल सरकारले उपयुक्त ठानेको अन्य कुनै आधारहरू पनि हुन सक्छन् । तसर्थ त्यस्ता आधारहरू भएको स्थानमा नेपाल सरकारले विशेष क्षेत्रका रुपमा अवसरहरू सिर्जना गर्न सक्दछ ।

संरक्षित क्षेत्र पहिचानमा आधारित क्षेत्रहरू हुन् । यसका लागि अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायको बसोबास रहेको, त्यस्तो समुदायको सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औषतभन्दा कम भएको तथा नेपाल सरकारले उपयुक्त ठानेको अन्य आधारहरू हुन सक्छन् । यस्ता समुदायहरूको विकास र पहिचानको अधिकारलाई सुनिश्चित गरिदिन पुनर्संरचना नै आवश्यक हुन सक्छ । पहिचानलाई सुनिश्चित गर्ने भनेको कुनै पनि विशेष समुदायको नागरिक, भाषा, धर्म, संस्कृति या परम्परा, सामुदायिक रुचि, सीप, रोजगार र क्षमताका कुराहरू होलान् । पहिचानमुखी स्थानीय सरकारको व्यवस्था हिमाली क्षेत्रहरुमा कुनै पुनर्संरचना बिना पनि गर्न सकिन्छ । तर अन्य क्षेत्रहरुमा सो आवश्यक हुन सक्दछ । संरक्षित क्षेत्रको सन्दर्भमा सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औसतभन्दा कम हुनु पर्ने मापदण्ड जरुरी थिएन । यस्ता विशेष, संरक्षित र स्वायत्त क्षेत्र कायम भइसकेपछि ती क्षेत्रहरुलाई कुनै स्थानीय सरकार अन्तर्गत राख्नुको औचित्य रहँदैन । तिनको राजनीतिक स्तर वर्तमान नगरपालिका वा गाउँपालिका सरह नै हुन पर्दछ ।

त्यस्तै ऐनमा स्वायत्त क्षेत्र निर्माणका लागि एकै भाषा वा संस्कृति भएका समुदायको सघन उपस्थिति वा बाहुल्यता भएको, त्यस्तो समुदायको सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औसतभन्दा कम भएको तथा नेपाल सरकारले उपयुक्त ठानेका अन्य आधारहरू हुनसक्ने उल्लेख छ । यसरी नेपाल सरकारले प्रदेश सरकारसँगको सल्लाहमा तीन किसिमको क्षेत्रहरू निर्धारण गर्न सक्दछ । पहिचानका कुराहरूमा आधारित भएर यदि निर्वाचन क्षेत्रलाई व्यवस्था गर्न सकियो भने सामान्य रुपमा हरेक नागरिकले हामी आफ्नो पहिचान बलियो बनाउन सक्दछौं भन्ने दृष्टिकोणलाई कुनै न कुनै किसिमको बल पुग्ने अवस्था सिर्जना हुन्छ । ती कुराहरूले एउटा निकास पाउँछ । त्यसका लागि नयाँ ऐन नै चाहिन्छ । जस्तो हिमाली क्षेत्रमा गयौं भने अहिलेकै तीन तहको सङ्घीयता अन्तर्गत कुनै पनि स्थानीय सरकारका क्षेत्रहरू सामान्य रुपमा ऐनलाई संशोधन गरेर विशेष क्षेत्र बनाउन सकिने अवस्था छ । त्यसलाई संरक्षित क्षेत्र वा स्वायत्त क्षेत्र भन्न सकिन्छ । संरक्षित क्षेत्र तथा स्वायत्त क्षेत्रलाई विकासको अवधारणाका रुपमा मात्रै नहेरी पहिचानको दृष्टिकोणबाट पनि लैजान सकियो भने नयाँ संविधान निर्माणका क्रममा पहिचान सहितको राज्य संरचनाको मागमा देखिएका असन्तुष्टिहरुलाई सम्बोधन गर्न सकिन्छ । त्यहाँ सम्बन्धित समुदायको जातीय र भौगोलिक रुपमा भएको संयोजनतालाई खुशी मानेर स्वीकार गरियो भने त्यसले देशको विविधता संरक्षण हुन सक्दछ । यसतर्फ पटक्कै ध्यान गएको छैन । यसले स्थानीय सरकारका अधिकारहरुलाई प्रभावित गरेको छ । निकासतर्फ धेरै विचार गरिएको छैन ।

## २. स्थानीय तहका लागि संघ प्रेषित नमुना कानुनहरू

स्थानीय तहको सबै मूल आवश्यकताहरुलाई पूरा गर्ने दस्तावेजका रुपमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था भए पनि मौजुदा स्थानीय तहमा कानुन निर्माणको सैद्धान्तिक,

व्यवहारिक तथा प्राविधिक पक्षको यथोचित व्यवस्था भइनसकेको परिप्रेक्ष्यमा ती स्थानीय तहबाट आफ्नो एकल अधिकारका विषयवस्तुमा वा संघीय तथा प्रादेशिक ऐनले दिएको अधिकार प्रयोग गरी अतिरिक्त विधायिकी व्यवस्थापन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले संघीय सरकारले आफैं मस्यौदा गरी विभिन्न नमुना कानुनहरु स्थानीय तहलाई उपलब्ध गराउने गरेको उल्लेख भइसकेको छ । यस्ता नमुना कानुनहरु स्थानीय तहका लागि मार्गदर्शक हुन् । स्थानीय तहले यस्ता नमुना कानुनबाट मोटामोटी रुपमा नेपाल सरकारको दृष्टिकोण बुझ्न पाउने तथा स्थानीय आवश्यकता तथा औचित्यका आधारमा त्यसलाई परिमार्जन गरी चाहिएका नविन प्रावधानहरु समेत समावेश गर्दै सम्बन्धित सभाबाट वा स्थानीय कार्यपालिकी अधिकार प्रयोग गरी लागु गर्न सक्दछ । नमुना कानुन अक्षरशः लागु हुनु पर्दछ भन्ने छैन । त्यस्तै नमुना कानुनलाई कुन रुपमा परिमार्जन गर्ने भन्ने सम्बन्धमा संघीय सरकारको लिखित निर्देशन पनि देखिँदैन । तथापि अधिकांश स्थानीय तहले त्यस्ता नमुना कानुनलाई केवल गर्नै पर्ने औपचारिक परिवर्तनहरु गर्ने बाहेक लगभग जस्ताको तस्तै पारित गरिएको पाइन्छ । अतः एकल अधिकारका विषयवस्तुमा समेत स्थानीय सरकारको विवेकको प्रयोग नभएको हुन सक्ने पर्याप्त अवस्थाहरु विद्यमान छन् । यसको कारण मूलतः स्थानीय क्षमताको अभाव नै हो । यसका अतिरिक्त सबै स्थानीय तहमा रहेका प्रमुख प्रशासकीय अधिकृतहरुबाट संघीय मापदण्डलाई नै अनुसरण गर्ने चाहना व्यक्त हुनु पनि हो ।

नमुना कानुन अन्तर्गत स्थानीय ऐन, नियमावली, विनियमावली, निर्देशिका, लगायतका सबै विधायिकी तथा प्रत्यायोजित विधायनका विषयवस्तुहरु पर्दछन् । नमुना कानुन नै नभने पनि तालुकवाला संघीय मन्त्रालयले विभिन्न विषयमा निर्देशन दिने तथा ती निर्देशनलाई कानुनका रुपमा कार्यान्वयन गराइने प्रचलन पनि छ । संघीय दृष्टिकोणका आधारमा बन्ने तथा पठाइने भएकाले यस्ता नमुना कानुनहरुले मूलतः संघीय सोचलाई व्यक्त गर्दछन् । सुरुका वर्षहरुमा स्थानीय सरकारसँग सहकार्य गरी नमुना कानुनहरु मस्यौदा गर्ने अवस्था पनि थिएन । संघीयकरणको आवश्यकतालाई संविधानको परिप्रेक्ष्यमा नबुझी प्रायः परम्परागत विकेन्द्रीकरणका रुपमा लिने प्रवृत्ति देख्न सकिन्छ । त्यसैले स्थानीय स्वायत्तताको विषय र त्यसमा पनि संविधानको धारा २३२(१) को प्रावधान बमोजिम सहकारिता, सहअस्तित्व तथा समन्वयका लागि पूर्व विचार-विमर्शका आधारमा तिनको मस्यौदा गरिएको थिएन । हालसम्म स्थानीय सरकारका लागि प्रेषित नमुना कानुनहरुलाई निम्न आधारमा सामूहिक रुपमा प्रस्तुत गर्न सकिन्छ ।

### विषयगत आधारमा नमुना स्थानीय कानुन तथा कार्यविधिहरु

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कानुन सहजीकरण गर्नका लागि स्थानीय तहका हकमा समय समयमा राखिएका नमुना कानुनहरुलाई अध्ययनको उद्देश्यले आर्थिक क्षेत्र, विकास तथा निर्माण; वित्तीय क्षेत्र; सामाजिक क्षेत्र तथा प्रशासनिक क्षेत्र गरी ५ शीर्षकका आधारमा ती क्षेत्रमा के कस्ता नमुना कानुनहरु बनेका छन् भनी वर्गीकरण गरेका छौं ।

**आर्थिक क्षेत्रसँग सम्बन्धित**
कृषि व्यवसाय प्रवर्द्धन ऐन
स्थानीय तह सहकारी ऐन
स्थानीय तहको सरकारबाट गरिने बजार अनुगमन निर्देशिका

**विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित**
स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन
नदी तथा अन्य सार्वजनिक क्षेत्रको सफाई सम्बन्धी (नमुना) कार्यविधि, २०७५
स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७४
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि (नमुना), २०७४
'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यपत्र
एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि,२०७४
गाउँ/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५

**वित्तीय क्षेत्रसँग सम्बन्धित**
स्थानीय तहको आर्थिक ऐन, २०७४
स्थानीय तहको विनियोजन ऐन, २०७४
एकीकृत सम्पत्ति कर व्यवस्थापन नमुना कार्यविधि, २०७४
गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४
राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन
स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
व्यवसाय कर सम्बन्धी कार्यविधि

**सामाजिक क्षेत्रसँग सम्बन्धित**
बालविवाह विरुद्ध कार्यक्रम खर्च कार्यविधि, २०७५
सडक बालबालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७५
बालगृह सञ्चालन कार्यविधि, २०७५
उत्थानशील समुदायका लागि गाउँपालिका/नगरपालिकाको रणनीति, २०७५
शिक्षा नियमावली, २०७४

**प्रशासनिक क्षेत्रसँग सम्बन्धित**
स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन
स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमुना कार्यविधि, २०७४
गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि, २०७४
महानगर नगरकार्यपालिका कार्य विभाजन नियमावली, २०७४
उपमहानगर नगरकार्यपालिका कार्य विभाजन नियमावली, २०७४

नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४
गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०७४
नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७४
गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली, २०७४
गाउँ/नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४
गाउँपालिका/नगरपालिका आपतकालीन कार्य सञ्चालन विधि, २०७५
स्थानीय विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५
गाउँ/नगर विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन (नमुना) ऐन
सहरी योजना तथा भवन निर्माण मापदण्ड स्रोत पुस्तिका, २०७५
स्थानीय तहको उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४
स्थानीय राजपत्रको नमुना
न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

उपरोक्त नमुना कानुनहरु आर्थिक, विकास तथा निर्माण क्षेत्र, वित्तीय व्यवस्था, सामाजिक क्षेत्र र प्रशासनसँग सम्बन्धित छन् । सामान्यतः ती नमुनाहरुलाई आवश्यकता अनुसार संशोधन वा परिमार्जन गरी कानुन निर्माण प्रक्रियामा समावेश गर्ने स्थानीय तहको अधिकारका बारेमा संघीय सरकारलाई दुविधा छैन । तथापि स्थानीय तहले त्यस्ता नमुना कानुन प्रस्ताव गरे बमोजिम नै स्थानीय रुपमा स्वीकार गरुन् भन्ने भावना भने संघीय स्तरमा व्याप्त देखिन्छ । जस्तो तलको चित्रमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७ साउन १८ मा सबै गाउँपालिका तथा नगरपालिकालाई सम्बोधन गर्दै पठाइएको एक पत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाएका कानुन, प्रदेश सरकार तथा नेपाल सरकारमा पठाउनु पर्ने व्यवस्था रहेकोमा कतिपय गाउँपालिका तथा नगरपालिकाले बनाएका कानुनहरु यस मन्त्रालयमा प्राप्त नभएकाले उपलब्ध गराइदिनु हुन अनुरोध गरिएको छ । यसै सन्दर्भमा यस मन्त्रालयबाट स्थानीय तहलाई नीतिगत सहजीकरण अन्तर्गत नमुना कानुनको मस्यौदा उपलब्ध गराइएकोमा के कति कानुनहरु पारित भएका छन्, सोको विवरण सूची तयार गरी पठाइदिनु हुन भनी अनुरोध गरिएको पत्र आफैंमा स्पष्ट छ ।

नेपाल सरकार

**संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्राल**

(संघीय मामिला शाखा )

प.सं.२०७७/७८
च.नं. ०६

सिंहदरबार, काठमान्डौ ।

मिति:२०७७/०४/१८

श्री गाउँपालिका (सवै),
श्री नगरपालिका (सवै) ।

**विषय: कानून उपलब्ध गराईदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा बनाएको कानून प्रदेश सरकार तथा नेपाल सरकारमा पठाउनु पर्ने व्यवस्था रहेकोमा कतिपय गाउँपालिका तथा नगरपालिकाले बनाएका कानूनहरु यस मन्त्रालयमा प्राप्त नभएकोले उपलब्ध गराईदिनुहुन अनुरोध छ । यसै सन्दर्भमा यस मन्त्रालयबाट स्थानीय तहलाई नीतिगत सहजीकरण अन्तर्गत नमूना कानूनको मस्यौदा उपलब्ध गराईएकोमा के कति कानूनहरु पारित भएका छन् सोको विवरण सुची तयार गरी fsmofaga@gmail.com मा पठाईदिनुहुन निर्णयानुसार अनुरोध छ।

**वोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा- सवै स्थानीय तहलाई ईमेल गरिदिनुहुन।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम – आवश्यक समन्वय गरीदिनुहुन।

भेषराज खनाल
(शाखा अधिकृत)

त्यसैगरी मिति २०७७ साउन १३ मा सोही मन्त्रालयले सबै गाउँपालिका तथा नगरपालिकालाई आवश्यक नमुना कानुनको ढाँचा तयार गरी उपलब्ध गराउँदै आएकोमा सो सन्दर्भमा नेपालको संविधान बमोजिम नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्न आवश्यक कानुनहरु तर्जुमा गर्ने सन्दर्भमा मन्त्रालयबाट नमुना कानुनको ढाँचा तयार गर्ने कार्यलाई वस्तुगत र आवश्यकतामा आधारित बनाउन स्थानीय तहको समेत राय संकलन गरी कार्य अगाडि बढाउन उपयुक्त भएकाले आवश्यक पर्ने कानुनका विषय र क्षेत्र जानकारी गराइदिन अनुरोध गरिएको पनि देखिन्छ । सम्बन्धित पत्र तल हेर्न सकिन्छ ।

नेपाल सरकार
**संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय**
(संघीय मामिला शाखा )

प.सं.२०७६/७७
च.नं. ३

सिंहदरबार, काठमाण्डौ ।

मिति:२०७७/०४/१३

श्री गाउँपालिका (सवै),
श्री नगरपालिका (सवै) ।

**विषय: नमूना कानून सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थनीय सरकार संचालन ऐन,२०७४ बमोजिम यस मन्त्रालयले गाउँपालिका तथा नगरपालिकाको लागि आवश्यक नमूना कानूनको ढाँचा तयार गरी उपलब्ध गराउदै आएको छ । सो सन्दर्भमा नेपालको संविधान बमोजिम नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन एवं स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र आधिकारको कार्यान्वयन गर्न आवश्यक कानूनहरु तर्जुमा गर्ने सन्दर्भमा मन्त्रालयबाट नमूना कानूनको ढाँचा तयारी गर्ने कार्यलाई वस्तुगत र आवश्यकतामा आधारित बनाउन स्थानीय तहको समेत राय संकलन गरी कार्य अगाढी बढाउन उपयुक्त भएकोले आवश्यक पर्ने कानूनको विषय र क्षेत्र जानकारी गराइदिनुहुन निर्णयानुसार अनुरोध छ ।

**वोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा- सवै स्थानीय तहमा इमेल गरिदिनुहुन ।

मेघराज खनाल
(शाखा अधिकृत)

नमुना नै मापदण्डका रुपमा प्रयोग होस् भन्ने चाहना पनि पर्याप्त रुपमा देखिन्छ । उदाहरणका लागि मिति २०७६ चैत १९ को सबै स्थानीय तहहरुलाई सम्बोधन गरी राहत सम्बन्धमा पठाइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रमा मन्त्रालयले *"असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी नमुना मापदण्ड, २०७६"* तथा *"कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरुका लागि राहत सुविधा प्रदान गर्ने कार्य योजना, २०७६"* को नमुना मापदण्डको आधारमा राहत वितरणको मापदण्ड स्वीकृत गरी देहायमा उल्लेख गरिए अनुसार राहत वितरण कार्य गर्न गराउन सचिवस्तरीय निर्णय अनुसार अनुरोध गरिएको छ ।

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद व्यवस्थापन शाखा)

प.सं ०७६\७७
च.नं ४३१

मिति: २०७६।१२।१९

श्री स्थानीय तहहरु (सबै) ।

विषय : राहत सम्बन्धमा ।

प्रस्तुत विषयमा "**असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी नमुना मापदण्ड, २०७६**" तथा "**कोभिड–१९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने** कार्ययोजना, २०७६" यसै साथ संलग्न छ । नमुना मापदण्डको आधारमा राहत वितरणको मापदण्ड स्वीकृत गरी देहाय अनुसार राहत वितरण कार्य गर्नु, गराउनुहुन यस मन्त्रालयको मिति २०७६।१२।१९ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

देहायः

१. मापदण्ड तथा कार्ययोजनाको आधारमा मात्र राहत वितरणको व्यवस्था मिलाउने,
२. प्रत्येक वडामा सम्पर्क व्यक्ति तोकि निवेदन/गुनासो संकलन गर्ने व्यवस्था मिलाउने,
३. वितरण गरिएको राहतको विवरण हरेक दिन website तथा अन्य उपयुक्त माध्यमहरुबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने,
४. नमुना मापदण्डको दफा ६ को उपदफा (१) खण्ड ख. बमोजिम कुपन मार्फत राहत वितरण गर्नुपर्ने अवस्था भएमा सोको दुरुपयोग नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने । दुरुपयोग भएको अवस्थामा आपुर्तिकर्ता र राहत पाउने व्यक्तिलाई स्थानीय तहबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्ने लगायतका अन्य आन्तरिक नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाउने,
५. राहत वितरण कार्यको नियमित अनुगमन गर्ने,
६. वितरित राहतको प्रतिवेदन तोकिएको ढाँचामा यस मन्त्रालयलाई दैनिक रुपमा dreportingsystem@gmail.com मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउने ।

२०७६।१२।१९
ऋषिराज आचार्य
उपसचिव

बोधार्थ तथा कार्यार्थ:

श्री **जिल्ला समन्वय समिति (सबै)**: यस बमोजिम गरिने राहत वितरण कार्यको नियमित अनुगमन गरी साप्ताहिक रुपमा **dreportingsystem@gmail.com** मार्फत प्रतिवेदन गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा : website मा uplaoad गरिदिनुहुन ।

## ३. नमुना कानुनका मूल क्षेत्र तथा तिनको आधारभूत प्रावधानहरू

मूलतः पाँचवटा क्षेत्रलाई घनीभूत रुपमा नियमन गर्ने संघीय नमुना कानुन वा संघ प्रेरित कानुनी संरचनाहरुको यस प्रकार छन् :

### (क) आर्थिक क्षेत्रसँग सम्बन्धित

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आर्थिक क्षेत्रसँग सम्बन्धित भएर दुई वटा नमुना ऐन र एउटा नमुना निर्देशिका प्रस्तुत गरिएको देखिन्छ। ऐनहरु कृषि तथा सहकारी विषयसँग सम्बन्धित छन् भने निर्देशिका स्थानीय तहको सरकारबाट गरिने बजार अनुगमनको विषयसँग सम्बन्धित छ।

*(अ)* *गाउँ/नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४:* यो नमुना ऐन गाउँ वा नगरपालिका क्षेत्र भित्रको कृषिको व्यवसायिकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवम् व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानुनी व्यवस्था गर्ने उद्देश्यले आएको छ। यस ऐनले कृषि बजार सम्बन्धी व्यवस्था, यसको प्रवर्द्धन सम्बन्धी प्रावधानहरु, कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना तथा सञ्चालन, व्यवसायिक कृषि करार, लिजको व्यवस्था, विवाद समाधानका प्रावधानहरु तथा व्यवसाय दर्ता, क्षतिपूर्ति, कारबाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी, पुनरावेदन, बीमा सम्बन्धी व्यवस्था लगायतका विविध प्रावधानहरु उल्लेख गरेको छ।

प्रस्तावित नमुना ऐन अनुसार कुनै पनि पालिकाले आफ्नो क्षेत्र भित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्दछ। त्यस्तै कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले पनि सम्बन्धित पालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न पाउँदछ। यस नमुना ऐनले कृषि बजारको थोक बजार, खुद्रा बजार, हाट बजार वा संकलन केन्द्रका रुपमा वर्गीकरण गरेको छ। यस्तो कृषि बजारको स्थापना गरिएमा यसको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि कृषि बजार तथा व्यवस्थापन समिति रहने व्यवस्था छ। कृषि व्यवसाय प्रवर्द्धन समिति यस ऐनले सिर्जना गरेको समिति हो। सम्बन्धित पालिकाको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा सदस्य सचिव समेत सातजना रहने समितिको गठनको व्यवस्था छ। यस समितिले ऐनको दफा ७ बमोजिम स्थानीय स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने, कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने, कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने र कार्यक्रम सञ्चालन गर्ने, यस सम्बन्धमा आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित

व्यवस्था गर्ने प्रवर्द्धनात्मक कार्यहरु गर्ने, कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने तथा तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने अधिकार पाएको छ ।

यस नमुना ऐन अन्तर्गत सम्बन्धित पालिकाले कृषि व्यवसायका लागि विभिन्न छुट तथा सुविधा दिन सक्दछ । कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउन सक्दछ । कृषि व्यवसाय प्रवर्द्धन कोषको व्यवस्था गरेर ऐनले कृषि विकासका लागि दीर्घकालीन सोच लिएको देखिन्छ । व्यवसायिक कृषि करारको व्यवस्था गरेर यस ऐनले दुई वा दुई भन्दा बढी पक्ष बीच यस सम्बन्धमा करार गर्न सकिने तथा कुनै व्यक्ति संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फर्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्ने तथा कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नका लागि प्रचलित कानुनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न त्यस्ता व्यक्ति वा निकायसँग माग गर्न सक्दछ । ऐनले व्यवसायिक कृषि करारको सम्बन्धमा स्वामित्व हस्तान्तरण, पुनः करार, व्यवसायिक कृषि करारका विषयवस्तुहरु, पक्षहरुको दायित्व, करार पूरा गर्नुपर्ने समय र तरिका, स्थान, करार पूरा गर्नु नपर्ने अवस्था तथा करार दर्ता गर्नुपर्ने प्रावधान पनि उल्लेख गरेको छ। यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले ३५ दिनभित्र सम्बन्धित पालिकामा दर्ता गराउनु पर्दछ ।

*(आ)* *गाउँपालिका / नगरपालिकाको सहकारी ऐन, २०७४*: यो नमुना ऐन सहकारी मूल्यमान्यता र सिद्धान्त अनुरुप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्पारिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमनका लागि ल्याइएको हो । मूलतः यस नमुना ऐनले सहकारी संस्थाको गठन तथा दर्ता, त्यस्तो संस्थाको उद्देश्य तथा कार्यहरु, विनियम तथा आन्तरिक कार्यविधि, सदस्यताको व्यवस्था, साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समितिको व्यवस्था, बचत तथा ऋण परिचालन, आर्थिक स्रोत परिचालन, संस्थाको कोष, अभिलेख र सूचना, लेखा र लेखा परीक्षण, छुट, सुविधा र सहुलियत, ऋण असुली र बाँकी बक्यौता, एकीकरण, विघटन तथा दर्ता खारेज, दर्ता गर्ने अधिकारी, निरीक्षण तथा अनुगमन, समस्याग्रस्त संस्थाको व्यवस्थापन, कसूर, दण्ड, जरिवाना तथा पुनरावेदन एवम् विविध व्यवस्थाहरु उल्लेख गरेको देखिन्छ ।

यस नमुना ऐनले सहकारी संस्थाहरुलाई उत्पादक संस्था, उपभोक्ता संस्था, श्रमिक संस्था, बहुउद्देश्यीय संस्थाका विषयगत आधारमा वर्गीकरण गरेको छ ।[१४] यस्ता संस्थाहरुले दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाको आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्दछ । यसका साथै प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नु नपर्ने गरिएको छ । तर त्यस्तो कारोबार व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमति पत्र, स्वीकृति पत्र वा इजाजत पत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमति पत्र, स्वीकृति वा इजाजत पत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्ने हुन्छ ।[१५] यस्ता सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहन्छ । सहकारी संस्थाहरुको नाममा सहकारी र यसको अन्त्यमा लिमिटेड भन्ने शब्द राख्नै पर्दछ ।[१६]

*(इ)* *गाउँपालिका/नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४:* यो नमुना निर्देशिकाले सम्बन्धित पालिकालाई बजार अनुगमन गर्न चाहिने अत्यावश्यक प्रावधान तथा तौरतरिकाहरु उल्लेख गर्दछ । संविधानको अनुसूची ८ बमोजिम उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा सो संवैधानिक दायित्व कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३ माघ १८ मा स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनको अधीनमा रही संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यो नमुना निर्देशिका तयार गरिएको हो । उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार बिन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चय स्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग स्थल लगायतका ठाउँहरुमा वस्तुमा सेवा प्रदायक वा बिक्रेताका व्यवसायिक कारोबारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल स्थानीय पालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न यो निर्देशिकाको प्रयोग हुने छ ।

यस बजार अनुगमन निर्देशिकाले उपभोक्ता हित संरक्षण समिति, बजार अनुगमन सम्बन्धी व्यवस्था, उजुरी सम्बन्धी प्रावधान, अनुगमन सम्बन्धी प्रक्रिया, बजार अनुगमनमा जाने अनुगमन टोलीको आचारसंहिता तथा बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट, स्थानीय प्रशासनको कर्तव्य लगायतको विविध व्यवस्थाहरु

[१४] दफा १२

[१५] दफा १२

[१६] दफा १३

गरेको छ । निर्देशिकाले उपभोक्ताको हित संरक्षणको विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गनिर्देशन एवम् समन्वयका लागि गठन गरिने उपभोक्ता हित संरक्षण समितिमा संयोजकका रुपमा सम्बन्धित पालिकाको उपाध्यक्ष वा उपप्रमुख रहने तथा अन्य सदस्यहरुमा सम्बन्धित पालिकाको आर्थिक समितिका संयोजक, जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि, खाद्य गुणस्तर, औषधी/ जनस्वास्थ्य/ उद्योग वाणिज्य हेर्ने (उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख/प्रतिनिधि, सम्बन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि तथा उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्तिहरु मध्येबाट एकजना सदस्य तथा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/डेस्क/इकाइका प्रमुख सदस्य सचिव रहने व्यवस्था छ । यस समितिले निर्देशिकाको दफा ५ अनुसार उपभोक्ता हित संरक्षणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक संकलन र मागको प्रक्षेपण गर्ने, समितिले गठन गरेको अनुगमन टोलीद्वारा प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदनमाथि विश्लेषण गरी आवश्यक निर्देशन दिने, उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने, बजार अनुगमन सम्बन्धी कामको मूल्यांकन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्गदर्शन गर्ने, पालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने र उपभोक्ता हित विपरीत कार्यमा आवश्यक कानुनी कार्यवाहीका लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने अधिकार पाएको छ ।

वस्तु वा सेवाका दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन सम्बन्धित पालिकाले विभिन्न अनुगमन सम्बन्धी कार्यहरु गर्न सक्दछ । यसमा गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/इकाई/डेस्कको व्यवस्था गरी नियमित र प्रभावकारी अनुगमनको व्यवस्था गर्नु यसको कर्तव्य हो । बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यान्वयनमा जोड दिनु पर्छ । उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई प्राथमिकतामा राख्नु पर्छ। उपभोक्तालाई सचेत र जागरुक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्नु पर्छ । आफ्नो गाउँ वा नगरपालिका अन्तर्गत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल बिजक तथा बिक्रीका लागि राखिएको माल वस्तु, नापतौल गुणस्तर, लेवल, आपूर्ति आदिको अनुगमन गर्नुपर्दछ । यसैगरी तरकारी, फलफूल, माछामासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्यवस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने उत्तरदायित्व पनि सम्बन्धित पालिकाको हो । वस्तु वा सेवा प्रदायक व्यवसायको

दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवम् आकस्मिक अनुगमनको लागि सम्बन्धित पालिकाले कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा /इकाई/ डेस्कका प्रमुखको संयोजनमा बजार अनुगमन टोली गठन गर्न सक्दछ । निर्देशिकाले यस टोलीको गठन तथा बजार अनुगमनको कार्यविधि पनि उल्लेख गरेको छ । बजार अनुगमन गर्न जाने अनुगमन टोलीले पालना गर्नुपर्ने आचार संहिता निर्देशिकाको दफा १५ मा उल्लेख छ ।

## (ख) विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित

यस समूहमा स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, नदी तथा अन्य सार्वजनिक क्षेत्रको सफाई सम्बन्धी कार्यविधि २०७५, स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका २०७४, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७४, एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७४ र 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कानुनहरु यस समूहमा पर्दछन् ।

*(अ)* *वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६:* स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षणका सम्बन्धमा यो नमुना ऐन तयार गरिएको हो । स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समूचित उपयोग एवम् दिगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्ने उद्देश्य यो ऐनले राख्दछ । संविधानको अनुसूची ८ र ९ मा उल्लिखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि पनि यसमा आवश्यक प्रावधानहरु छन् ।

यो नमुना ऐनले वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, जैविक विविधता संरक्षण, संस्थागत प्रावधानहरु, यस ऐन अन्तर्गतको कसूर भएको अवस्थामा जरिवाना तथा क्षतिपूर्ति तथा ढुंगा, गिट्टी, बालुवा, माटोको उत्खनन, संकलन, उपयोग, बिक्री तथा वितरण, भूउपभोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन, समन्वय र सहजीकरण, सर्वेक्षण, गुनासो व्यवस्थापन लगायतका विविध प्रावधानहरुको उल्लेख गरेको छ । मूलतः आफ्नो क्षेत्राधिकार भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित पालिकाको हुने तथा सो पालिकाले प्रचलित भूउपयोग नीति समेतलाई मध्यनजर गरी वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्दछ । पालिकाले आफ्नो क्षेत्रको सम्पदाको संरक्षण गर्नुपर्नेछ । प्रचलित कानुन तथा मापदण्ड बमोजिम विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानुन बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भूउपयोगको परिवर्तन गर्ने कुनै योजना वा कार्यक्रम सञ्चालन गर्ने प्रस्तावका

प्रस्तावकले प्रस्तावको स्वीकृतिका लागि दिएको निवेदन बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस्तो प्रस्ताव तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड वा गुणस्तर कायम हुने गरी गर्नुपर्ने हुन्छ । प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्दछ । प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न पाईंदैन ।

यस नमुना ऐन अन्तर्गत सम्बन्धित पालिकाले आफ्नो क्षेत्रभित्र प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरु प्रभावकारी रुपले गर्ने गराउने, वातावरण संरक्षण सम्बन्धी प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले निर्धारित मापदण्ड र प्रक्रिया पूरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्दछ । वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार दफा १८ मा उल्लेख गरिएको छ । यस नमुना ऐनमा फोहरमैला व्यवस्थापन, जैविक विविधता संरक्षण तथा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन परिषद् गठन गर्न सकिने प्रावधान समेत गरेको छ । यस ऐनमा वन तथा हरित क्षेत्रको संरक्षण र व्यवस्थापन तथा निजी वन दर्ता एवम् व्यवस्थापनका बारेमा स्पष्ट व्यवस्था छ ।

*(आ)* *<u>नदी तथा अन्य सार्वजनिक क्षेत्रको सफाई सम्बन्धी कार्यविधि, २०७५</u>*: यो कार्यविधि बढ्दो सहरीकरण, अव्यवस्थित वस्ती विकास, तथा सार्वजनिक स्थलको अतिक्रमणबाट सडक, गल्ली तथा धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् वातवरणीय सम्पदाको रुपमा रहेका सार्वजनिक स्थलहरु जस्तै नदी, खोलानाला, पोखरी, तालतलैया, पार्क, उद्यान एवम् धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहर, खुला स्थान तथा अन्य सार्वजनिक स्थलको सरसफाई थप प्रभावकारी बनाई स्वच्छ, सफा, सुन्दर, सभ्य र समृद्ध गाउँ/नगरको पहिचान कायम गर्न स्थानीय सरकार निजी तथा सहकारी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज तथा आम नागरिकलाई सरसफाईको अभियानमा स्वस्फूर्त रुपमा परिचालन गरी सरसफाई कार्यक्रमलाई थप प्रभावकारी, संस्थागत एवम् दिगो बनाउने उद्देश्य राख्दछ । यसले नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाईको उद्देश्य र सञ्चालनको रणनीति, सरसफाई गरिने क्षेत्र तथा सञ्चालन विधि, सरोकारवाला निकाय तथा तिनको भूमिका, संस्थागत प्रबन्ध एवम् काम, कर्तव्य र अधिकार, स्रोत परिचालन र खर्च, हुन जाने कसूर उपर दण्ड सजायको व्यवस्था इत्यादिका बारेमा प्रावधानहरुको उल्लेख गरेको छ ।

यस कार्यविधिको दफा ३ ले नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाईको उद्देश्यहरु उल्लेख गर्दै यसको रणनीति कस्तो हुने भन्ने बारे पनि स्पष्ट गरेको छ । यसमा आफ्नो नगर क्षेत्र भित्रका नदी, खोलानाला, पोखरी, तालतलैया, धार्मिक सांस्कृतिक सम्पदा तथा सार्वजनिक स्थलको संरक्षण तथा सार्वजनिक स्थलको

संरक्षण एवम् संवर्द्धन स्थानीय तहको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकाले यसमा सार्वजनिक, निजी, सहकारी, समुदायको साझेदारी कायम गर्ने लगायतका प्रमुख रणनीति उल्लेख गर्दै निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व अभिवृद्धि गरी सरसफाई क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार गर्ने समेत उल्लेख गरिएको छ । यस नमुना कार्यविधिमा सरसफाई गरिने क्षेत्रहरु उल्लेख गर्दै खुला दिशामुक्त क्षेत्र, पूर्ण सफाई गाउँ/नगर, वातावरण मैत्री घर/टोल/वडा/गाउँ/नगर, प्लास्टिकमुक्त क्षेत्र, सार्वजनिक स्थलमा मद्यपान, धुम्रपान, गुट्खा, सुपारी लगायत विभिन्न नसाजन्य पदार्थको सेवन निषेध गर्ने अभियान, फोहर गर्नेले नै सोको सफाई गर्ने (पोल्युटर्स टु पे), लगायतका अभियानहरु सञ्चालन गर्ने निर्णय गर्न सक्ने स्पष्ट गरिएको छ । यो कार्यविधिमा सरोकारवाला निकायहरु, सरसफाईमा संलग्न हुने निकायहरुको प्रमुख भूमिका तथा जिम्मेवारी पनि उल्लेख गरिएको छ ।

त्यसैगरी, कार्यविधिको दफा ९ ले गाउँ/नगर क्षेत्र भित्र सरसफाई कार्यक्रममा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरी सरसफाई अभियानलाई दिगो र संस्थागत गर्नका लागि पालिका स्तरमा सरसफाई समिति गठन गरिने व्यवस्था छ । सम्बन्धित पालिका अध्यक्ष वा प्रमुखको संयोजकत्वमा सम्बन्धित पालिकाको सामाजिक विकास शाखाको सदस्य सचिव सहित १२ जना सदस्य भएको पालिका स्तरीय सरसफाई अभियान समिति हुने तथा यसले पालिका स्तरीय सरसफाई नीति तर्जुमा गर्ने, सरसफाई कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्र पहिचान तथा सो सम्बन्धी योजना तर्जुमा गर्ने, सरसफाईका अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने, विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने, वडास्तरीय सरसफाई समितिको कार्यमा आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने तथा पालिका स्तरीय सरसफाईको कार्यक्रम र समग्र स्थितिको अनुगमन गरी वार्षिक प्रतिवेदन स्थानीय सभामा पेश गर्ने इत्यादि प्रमुख काम, कर्तव्य र अधिकार उल्लिखित छन् ।

कार्यविधिको दफा १० अनुसार प्रत्येक पालिकाले आफूलाई प्राप्त समानिकरण अनुदान, राजस्व बाँडफाँट तथा आफ्नो आन्तरिक आयबाट सरसफाई क्षेत्रमा न्यायोचित रुपले बजेट विनियोजन गर्नुपर्ने हुन्छ । आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरी एकीकृत रुपमा स्रोत परिचालन गर्न सरसफाईको लागि छुट्टै कोष सिर्जना गरी स्रोत परिचालन गर्न सक्दछ । त्यस्तै दफा ११ बमोजिम सम्बन्धित पालिकाले सरसफाई कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्दा प्रचलित नियमानुसार गर्ने, खर्चको लेखांकन राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखा परीक्षण गराउनु पर्नेछ ।

*(इ)* <u>*स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७४:*</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (घ) को बुँदा नं ३ को कार्यान्वयन र सहजीकरणका लागि स्थानीय तहबाट एक मेगावाट (एक हजार किलोवाट) भन्दा कम क्षमताका आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरणको अनुमति

पत्र जारी गर्ने उद्देश्यले ल्याइएको नमुना स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिकाले विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षणको अनुमति पत्र तथा विद्युत उत्पादन प्रसारण वा वितरणको अनुमति पत्र जारी गर्ने वा संशोधन गर्ने वा नवीकरण गर्ने वा खारेज गर्ने काम कारबाहीलाई व्यवस्थित बनाउन खोजेको छ। यस कार्यविधिमा एक हजार किलोवाट सम्मको क्षमताका आयोजनाहरुको विद्युत उत्पादन, प्रसारण, वितरण वा सर्वेक्षणको अनुमति पत्र सम्बन्धी व्यवस्था; सो सम्बन्धी अनुमति पत्रको व्यवस्थालाई उल्लेख गरिएको छ। यस सम्बन्धमा प्रयोग हुने फारमहरुको व्यवस्था अनुसूचीले उपलब्ध गराएको छ। कार्यविधि अनुसार कुनै विद्युत आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको सर्वेक्षणको अनुमति पत्र प्राप्त गर्न कार्यविधिमा उल्लेख गरिएका कागजात तथा विवरणहरु सहित दरखास्त दिनु पर्ने उल्लेख गरिएको छ। त्यस्तै विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गर्न सर्वेक्षण अनुमति पत्र बहाल रहेको अवधि भित्रै दरखास्त दिई अनुमति पत्र प्राप्त गर्नुपर्ने व्यवस्था छ।

(ई) *गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन कार्यविधि, २०७४:* यो कार्यविधि नमुनाका रुपमा स्थानीय निकायहरुलाई उपलब्ध गराउनुको अर्थ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) र अष्ट्रेलियन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित लघु उद्यम विकास कार्यक्रम (मेडपा) को सफलता पश्चात नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखि नै मेडपा मोडललाई आन्तरिकीकरण गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको रुपमा कार्यान्वयनमा रहेकोमा त्यसलाई सुचारु रुपमा सञ्चालन गर्नु हो। मेडपालाई थप प्रभावकारी र दिगो बनाउनका लागि नेपाल सरकारबाट गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) पाँच वर्षे रणनीतिक योजना, २०७० र मेडपा सञ्चालन निर्देशिका, २०७० स्वीकृत भई यसैको आधारमा हाल ७७ वटै जिल्लामा यो कार्यक्रम विस्तार भई सञ्चालनमा रहेको छ। स्थानीय स्रोत र सीपको परिचालन गरी स्थानीय स्तरमा नै रोजगारी सिर्जनाको माध्यमबाट गरिबी निवारण गर्ने यस लघु उद्यम विकास मोडेल उपयुक्त माध्यम भएकाले मेडपाको लागि केन्द्रीय र स्थानीय स्तरमा क्षमता अभिवृद्धि गर्नुका साथै संस्थागत विकासका कार्यहरु समेत तीव्र रुपमा अगाडि बढिरहेकोमा यस कार्यक्रमलाई थप निरन्तरता दिनका लागि नेपाल सरकारले आगामी पाँच वर्षका लागि मेडपा रणनीतिक योजना - दोस्रो (आ.व. २०७५/०७६-०७९/८०) स्वीकृतिको चरणमा रहेको उल्लेख गरेको छ। यो रणनीतिक योजनाले देशका ७७ वटै जिल्लाका ७५३ स्थानीय तहमा मेडपा कार्यक्रमलाई विस्तार गरी कार्यान्वयन गर्ने लक्ष्य राखेको छ। अतः उल्लिखित कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी स्थानीय तहबाट अपनाउनका लागि यो कार्यविधि पठाइएको हो।

यस कार्यविधिले कार्यक्रमको छनौट र सञ्चालन सम्बन्धी व्यवस्था, उद्यम विकास कोष स्थापना र सञ्चालन, स्थानीय तह तथा विभिन्न समितिहरुको भूमिका तथा

दायित्व, व्यवसाय विकास सेवा प्रदायक संस्थाको दायित्व तथा जिम्मेवारी सम्बन्धी व्यवस्था, साझा सुविधा केन्द्र स्थापना र सञ्चालन; अनुगमन, मूल्यांकन र प्रगति प्रतिवेदन तथा उजुरी र गुनासो व्यवस्थापन प्रक्रिया, लागत सहभागिता प्रवर्द्धन गर्ने लगायतका विविध व्यवस्थाहरु उल्लेख गरेको छ ।

स्थानीय तहले आ.व. ०७४/०७५ मा लघु उद्यम विकास, उद्यमशीलता विकास र रोजगार, स्वरोजगार सिर्जनामा विनियोजित बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास मोडलको सिद्धान्तको आधारमा प्रभावकारी रुपमा सञ्चालन गर्ने यो कार्यविधिको उद्देश्य हो । यसको लक्षित समूहमा गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरु, जसअन्तर्गत (१) गरिबीको रेखामुनि रहेका नेपाली नागरिकका परिवारका सदस्यहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन् (२) अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातिहरु, दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रहरुमा यस कार्यक्रमलाई केन्द्रित गर्ने उद्देश्य हो (३) लक्षित समूहमा महिला ७० प्रतिशत, दलित ३० प्रतिशत, जनजाति ४० प्रतिशत, मधेसी ४० प्रतिशत, युवा (१६-४० वर्ष) ६० प्रतिशत रहने छन् । यस कार्यविधि अन्तर्गत स्थानीय तहको सञ्चित कोष अन्तर्गत उद्यम विकास कोषको स्थापना गरिएको छ । कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित पालिकाको प्रमुख वा अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको निर्वाचित पदाधिकारीको संयोजकत्वमा उद्यम विकास समितिको गठनको व्यवस्था छ । कार्यविधिले त्यस्तो समितिको काम, कर्तव्य र अधिकार प्रष्ट गर्दछ । यसमा लघु उद्यम विकास सम्बन्धी सम्बन्धित पालिकाको योजना तर्जुमा गराई सम्बन्धित सभामा स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत योजनालाई कार्यान्वयन गर्न कार्ययोजना स्वीकृत गर्ने लगायतका अधिकारहरु उल्लेख गरिएका छन् । त्यसैगरी लघु उद्यम घरेलु तथा साना उद्योगको नियमन तथा प्रवर्द्धन गर्नका लागि एक उद्योग विकास शाखाको स्थापना गरिने र यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा उद्योग विकास शाखाको विभिन्न भूमिका तथा दायित्व उल्लेख गरिएको छ । यसमध्ये लघु उद्यम विकास सम्बन्धी योजना तर्जुमा गरी स्वीकृतिका लागि उद्यम विकास समितिमा पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्न कार्ययोजना बनाई स्वीकृतिका लागि उद्यम विकास समितिमा पेश गर्ने व्यवस्था पनि छ ।

*(उ)* <u>*'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४*</u>: यो कार्यविधिको उद्देश्य स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभावरहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (छ)(१०) ले दिएको अधिकार प्रयोग गर्नु हो । यो कार्यविधिले प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम

इजाजत प्राप्त नगरी 'घ' वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन नहुने प्रष्ट गरेको छ ।

यस कार्यविधिमा नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था, इजाजत पत्रको अवधि र नवीकरण, यसको खारेजी, प्रतिलिपि दिने व्यवस्था उल्लेख गर्दै यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने स्पष्ट गरिएको छ । यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने उल्लेख छ। विशेषगरी सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले यस कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रका लागि सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्दछ। यस्तो दरखास्त अनुसूची ५ बमोजिमको योग्यता भए नभएको सम्बन्धमा सिभिल इञ्जिनियर, सब इञ्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराई त्यस्तो समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने हुन्छ । न्युनतम योग्यता पुगेको निर्माण व्यवसायी, फर्म, कम्पनीहरुले इजाजत पत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र बापत अनुसूची २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची ३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्न सक्दछ। तर झुट्टा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा, सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा, सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा सम्बन्धित पालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्दछ । यस्तोमा सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्ने मनासिब माफिकको मौका दिइने व्यवस्था छ । म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुन्छ ।

(ञ) *नगरपालिका/गाउँपालिका एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४:* यो कार्यविधि एफ.एम. रेडियो सञ्चालनका लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा बनाइएको हो । गाउँपालिका वा नगरपालिका भित्र १०० वाटसम्मको एफ.एम. रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार सम्बन्धित पालिकाको हुन्छ । कसैले यस कार्यविधि बमोजिम इजाजत पत्र नलिई कुनै पालिका क्षेत्रभित्र एफ.एम. सञ्चालन गर्न पाउँदैन । यस सम्बन्धमा यस कार्यविधिले इजाजत पत्रका लागि निवेदन दिनु पर्ने, संलग्न गर्नुपर्ने कागजातहरु, इजाजत दिन सकिने अवस्था, इजाजत पत्रको अवधि र नवीकरण, दस्तुर तिर्नुपर्ने व्यवस्था, प्रसारणमा रोक लगाउन सकिने अवस्था, इजाजत पत्र रद्द गर्न सकिने प्रावधान इत्यादिको पनि व्यवस्था गरेको छ । प्रत्येक स्थानीय तहमा पालिकाको अध्यक्ष/प्रमुखको

संयोजकत्वमा एउटा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको व्यवस्था गरिएको छ । यस समितिले स्थानीय तहमा दर्ता हुन आएका १०० वाट क्षमता सम्मको एफ.एम. रेडियोको दर्ता सम्बन्धमा आवश्यक निर्णय गर्दछ । तोकिएको सर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने तथा स्थानीय तहमा एफ.एम. रेडियो सञ्चालनका लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने कार्य पनि यसै समितिले गर्दछ । यस कार्यविधिको दफा १५ ले एफ.एम. रेडियोले पालना गर्नुपर्ने ११ वटा सर्तहरु उल्लेख गरेको छ । यसमध्ये त्यस्तो रेडियोले प्रसारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रसारण गर्नुपर्ने; लोककल्याणकारी समाचारहरुको प्रसारणमा ध्यान दिनु पर्ने र समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रसारण गर्नुपर्ने हुन्छ । प्रसारण गर्न नहुने विषयवस्तु कार्यविधिले उल्लेख गरेको छ । इजाजत पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले इजाजत पत्र पाएपछि कार्यक्रम प्रसारण प्रारम्भ गर्नुपर्ने; त्यस्तो इजाजत पत्रमा उल्लिखित विवरणहरु संशोधन गर्न सकिने; इजाजतपत्रको प्रतिलिपि लिने व्यवस्था; इजाजतपत्रमा उल्लिखित सर्तहरु बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानविन गर्न सक्ने; दण्ड जरिवाना, पुनरावेदन लगायतका प्रावधानहरुको व्यवस्था गरेको छ ।

*(ए)* *गाउँ/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५:* स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ ले दिएको अधिकार प्रयोग गर्न यो नमुना नियमावली प्रस्ताव गरिएको हो । यो नमुना सार्वजनिक खरिद ऐन, २०६३ सँग सम्बन्धित छ । यस नियमावलीले उक्त ऐनको सामान्य सिद्धान्तहरुका आधारमा खरिद कार्यको तयारी, खरिद योजना र लागत अनुमान, खरिद र खरिद सम्झौताको छनौट, मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताको आधार, प्राविधिक क्षमता र प्राविधिक व्यहोरा (स्पेसिफिकेसन), बोलपत्र सम्बन्धी व्यवस्थाहरु तथा सम्बन्धित पालिकाले परामर्श सेवा खरिद गर्नका लागि अपनाउनु पर्ने परामर्श सेवा सम्बन्धी व्यवस्था पनि उल्लेख गर्दछ । यसबाहेक यस नमुना नियमावलीमा खरिद सम्बन्धी अन्य व्यवस्था, रासन खरिद, घरजग्गा भाडामा लिने तथा सेवा करारमा लिने व्यवस्था समेत उल्लेख गर्दछ । यसका अतिरिक्त यो नियमावलीमा पुनरावलोकन, खरिद सम्झौता सम्बन्धी व्यवस्था, आय ठेक्का बन्दोबस्त, विवाद समाधान, पारदर्शिता र आचरण तथा अन्य विविध प्रावधानहरु रहेका छन् ।

सार्वजनिक खरिद नियमावलीका नमुना व्यवस्थाहरुमा गाउँपालिका/ नगरपालिकाले आवश्यक तयारी नगरी कुनै खरिद कारबाहीमा अघि बढ्न पाइँदैन । अधिकार प्राप्त अधिकारीको आदेश विना खरिद गर्न मिल्दैन । मालसामान खरिद सम्बन्धी कारबाही सुरु गर्नु अघि खरिद इकाईले खरिद मागपत्र प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । प्रमुख प्रशासकीय अधिकृतले मालसामान निर्माण कार्य र

सेवाको विवरण स्वीकृत गर्नुपर्ने प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । केही स्पष्ट अवस्थामा बजेटमा व्यवस्था नभए पनि खरिद कारबाही सुरु गर्न सकिन्छ । तर सामान्यतया सम्बन्धित पालिकाले खरिदको लागि आवश्यक व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन । नियमावलीले गाउँपालिकाले वार्षिक ५ करोड र नगरपालिकाले वार्षिक १० करोड रुपैया भन्दा बढी रकमको खरिदको गुरुयोजना तयार गर्नुपर्दछ । वार्षिक खरिद योजना तयार गर्नुपर्ने अर्को प्रावधान हो । कुनै खरिदको लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा नियमावलीले नै उल्लेख गरेको छ । नियमावलीमा निर्माण कार्यको लागत अनुमान, मालसामानको लागत अनुमान, परामर्श सेवाको लागत अनुमान र अन्य सेवाको लागत अनुमान गर्ने पद्धति उल्लेख गरिएको छ तथा यसलाई स्वीकृति दिने अधिकारी पनि तोकिएको छ ।

नियमावलीले खरिद र खरिद सम्झौताको छनोट सम्बन्धी व्यवस्थाहरु स्पष्ट गरेको छ । यस नियमावलीको नियम १८ ले उल्लेखित कुनै विधि छनोट गरी खरिद गर्दा विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान १५ प्रतिशतसम्म महंगो भएता पनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने उल्लेख गरेको छ । नियमावलीको परिच्छेद ३ मा मौजुदा सूची (स्ट्याण्डिङ्ग लिस्ट) तयार गर्ने व्यवस्था छ । स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेकासँग खरिद गर्नुपर्ने, उपयुक्त खरिद सम्झौताको छनौटका लागि खरिदको प्रकार र परिमाण, समान प्रकृतिको खरिद पुनः गरिने सम्भावना भए नभएको लगायतका विषयहरु उपर विचार गर्नुपर्ने हुन्छ । नियमावलीले मालसामान आपूर्ति गर्ने बोलपत्रदाता, निर्माण व्यवसायी, परामर्श सेवा प्रस्तावदाता तथा संयुक्त उपक्रमको योग्यताको आधारका बारेमा स्पष्ट प्रावधान उल्लेख गर्दछ । त्यस्तै सम्बन्धित पालिकाले २० लाखभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने हुन्छ । नियममा एकमुष्ट दरविधिबाट गरिने खरिद कार्यविधि, उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट गरिने खरिदको कार्यविधि, सीमित बोलपत्र अर्थात (लिमिटेड टेण्डरिङ्ग) विधिबाट खरिदको कार्यविधि तथा नयाँ लिने पुरानो दिने (बाइब्याक मेथड) विधिबाट गरिने खरिदको कार्यविधिका प्रावधानहरु छन् । उल्लिखित अवस्थामा स्वदेशी बोलपत्र दाताहरु बीच मात्र प्रतिस्पर्धा गराई खरिद गरिने तथा संयुक्त उपक्रमबाट सहभागी हुनुपर्ने नियमहरु पनि स्पष्ट गरिएका छन् ।

नियमावलीको नियम १४७ ले प्रचलित कानुन बमोजिमको लेखा परीक्षण, अनुगमन, अनुसन्धान वा निरीक्षण गर्न अधिकार प्राप्त निकायले खरिद कारबाही सम्बन्धी कुनै कागजात माग गरेमा सम्बन्धित पालिकाले त्यस्तो कागजात मनासिव समयमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । पारदर्शिता र आचरणका उद्देश्यले खरिद सम्झौताको सार्वजनिक सूचना गर्नुपर्ने, परामर्शदाताले स्वार्थ बझाउन नहुने, प्रलोभन, भ्रष्टाचार वा जालसाझीजन्य व्यवहारको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु पर्ने, सुपरीवेक्षण र जाँचबुझ गर्न सकिने अवस्था, कालोसूचीमा राख्नु परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध

कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनु पर्ने तथा कालोसूचीबाट फुकुवा गर्ने कार्य सार्वजनिक खरिद अनुगमन कार्यालयबाट हुने व्यवस्था गरिएको छ । नियम १५४ अनुसार यस नियमावली बमोजिम गरिने सार्वजनिक खरिद कार्यको अनुगमन ऐनको दफा ६५ तथा प्रचलित अन्य संघीय कानुनमा उल्लेख भए बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले गर्ने स्पष्ट गरिएको छ ।

## (ग) वित्तीय क्षेत्रसँग सम्बन्धित

वित्तीय क्षेत्रसँग सम्बन्धित नमुनाहरुमा स्थानीय तहको आर्थिक ऐन, २०७४; स्थानीय तहको विनियोजन ऐन, २०७४; एकीकृत सम्पत्ति कर व्यवस्थापन नमुना कार्यविधि, २०७४; गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४; राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन; स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ तथा व्यसाय कर सम्बन्धी कार्यविधि पर्दछन् । यी सबै स्थानीय सरकारको वित्तीय नियन्त्रणसँग सम्बन्धित छन् ।

*(अ)* *स्थानीय तहको आर्थिक ऐन, २०७४:* गाउँपालिका/नगरपालिकाको प्रत्येक आर्थिक वर्षको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न स्थानीय तहको आर्थिक ऐनको नमुना प्रदान गरिएको हो । यस नमुनाले सम्पत्ति कर, भूमि कर (मालपोत), घरबहाल कर; व्यवसाय कर, जडिबुटी, कबाडी र जीवजन्तु कर; सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, बहाल बिटौरी शूल्क, पार्किङ्ग शूल्क; ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोयिङ्ग, बञ्जी जम्पिङ्ग, जीप फ्लायर र ऱ्यापिटङ्ग; सेवा शूल्क दस्तुर, पर्यटन शूल्क, कर छुट र कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधिका बारेमा उल्लेख गर्दछ ।

*(आ)* *स्थानीय तहको विनियोजन ऐन, २०७४:* स्थानीय तहको विनियोजन ऐन गाउँपालिका तथा नगरपालिकाको प्रत्येक आर्थिक वर्षको सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्नका लागि व्यवस्था गरिएको हो । यस अनुसार हरेक आर्थिक वर्षको निमित्त गाउँ/नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी उल्लिखित जम्मा रकम रुपैयामा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने अधिकार यस नमुनाले दिन्छ । यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्षको निमित्त सम्बन्धित कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिन्छ । यसरी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा सम्बन्धित कार्यपालिकाले बचत हुने शीर्षकबाट

नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम, ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ। तर एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सम्बन्धित सभाको स्वीकृति लिनु पर्ने छ।

*(इ)* *<u>एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४</u>*: यो कार्यविधि गाउँपालिका तथा नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानुनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ले सम्बन्धित पालिकालाई आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र एकीकृत सम्पत्ति कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न ल्याइएको हो। हाल केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले साविकको दफा ५५ लाई संशोधन गरिसकेको परिस्थितिमा एकीकृत सम्पत्ति कर सोही बमोजिम कायम छैन। तथापि स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ ले एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन भन्ने र दफा ६३ को उपदफा (३) र (४) मा समेत यस्ता प्रावधानहरु कायम रहिरहेकाले सैद्धान्तिक रुपमा एकीकृत सम्पत्ति करको व्यवस्था कायम गर्न सकिने नै भएकाले यो नमुना ऐनको अझै महत्व छ।

यस कार्यविधिले एकीकृत सम्पत्ति करको दर तथा सम्पत्ति मूल्यांकन, विवरण संकलन तथा अभिलेख र यसको मूल्यांकन सम्बन्धी व्यवस्था, एकीकृत सम्पत्ति करको दर रेट निर्धारण तथा बिलिङ्ग सम्बन्धी व्यवस्था, यस्तो करको असुली; पुरस्कार, मिनाहा तथा दण्ड जरिवानाको समेत तौरतरिकाहरु उल्लेख गरेको छ। विशेषगरी सम्बन्धित पालिकाले आफ्नो क्षेत्रभित्र लगाउने एकीकृत सम्पत्ति करको दर अनुसूची १ को ढाँचामा सम्बन्धित सभाले स्वीकृत गरेको स्थानीय आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुने तथा यस्तो कर लगाउने प्रयोजनका लागि सम्बन्धित पालिकाले आफ्नो क्षेत्र भित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा वडाको बासिन्दाको एकीकृत सम्पत्ति विवरणको लगत कायम गरी अनुसूची २ को ढाँचामा गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ। यसरी विवरण तयार भए पछि एकीकृत सम्पत्तिको मूल्यांकनका लागि सम्बन्धित पालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्यांकन समिति गठन गर्ने, यसको

कार्यावधि ३ वर्षको हुने तथा यसले मूल्य निर्धारण गर्न सिफारिस गर्दा एकीकृत सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने, भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने, ह्रासकट्टी गर्दा संरचनाको बनोटको आधारमा प्रत्येक तीन वर्षमा ६ प्रतिशत देखि २० प्रतिशत सम्म गर्ने, जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्यांकन दर, संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने, भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने गर्नुपर्छ ।

यस कार्यविधिले विभिन्न तहका सरकारको स्वामित्वमा रहेको घरजग्गा, गुठीको स्वामित्वमा रहेको जग्गा, धार्मिक संस्थाको भवन र जग्गा, खानेपानी संकलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु तथा राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गामा एकीकृत सम्पत्ति कर नलाग्ने स्पष्ट गरेको छ । यस कार्यविधि बमोजिम एकीकृत सम्पत्ति कर लागेको सम्पत्तिमा भूमिकर ( मालपोत) नलगाइने पनि प्रष्ट गरिएको छ ।

यस कार्यविधि अनुसार सम्बन्धित पालिकाले एकीकृत सम्पत्तिको मूल्यांकन आधार तयार गरी सिफारिस गर्न र मूल्यांकन सम्बन्धी समस्या समाधान गर्नका लागि राय सुझाव पेश गर्न सम्बन्धित पालिकाको प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्षको संयोजनमा मालपोत कार्यालय वा कार्यपालिको सम्बन्धित शाखाको प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख सदस्य भएको तथा राजस्व शाखा प्रमुख सदस्य सचिव भएको एकीकृत सम्पत्ति कर मूल्यांकन समितिको व्यवस्था गरेको छ । सम्बन्धित पालिका क्षेत्र भित्रको जग्गाको क्षेत्र विभाजन गरी अनुसूची ६ बमोजिमको ढाँचामा न्युनतम मूल्यांकन दर सिफारिस गर्ने, यसरी मूल्यांकन सिफारिस गर्दा सडकले छोएको जग्गाको अधिकतम लम्बाइको सीमा समेत खोल्नु पर्ने, संरचनाको हकमा सोको बनोट, रहेको स्थान, प्रयोग र लाभलाई समेत विचार गरी अनुसूची ७ बमोजिमको ढाँचामा मूल्यांकन दर सिफारिस गर्ने लगायतका काम कर्तव्य र जिम्मेवारी तोकिएका छन् । कार्यविधिको विविध व्यवस्था अन्तर्गत सम्बन्धित पालिकाले एकीकृत सम्पत्ति करको मूल्यांकन गरी बिजक तयार गर्न परामर्शदाता नियुक्त गर्न सक्ने, कर्मचारीलाई अतिरिक्त समय कार्य गराए बापत सुविधा दिन सक्ने, कागजातको गोप्यता, खाता तथा फारम, सम्पत्ति मूल्यांकन सिफारिस एवम् घर बाटो प्रमाणिकरणको आधार, मासिक रुपमा असूल भएको एकीकृत सम्पत्ति कर र बार्षिक रुपमा उठेको एकीकृत सम्पत्ति कर तथा सो सम्बन्धमा भएको क्रियाकलापको समीक्षा सहितको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ । विशेष अवस्था परी सम्पत्ति मूल्यांकन गरिएको ३ वर्ष पछि पूनः सम्पत्ति मूल्यांकन गर्न नसक्ने अवस्था आएमा

सभाले अघिल्लो मूल्यांकनलाई आधार मानी एकीकृत सम्पत्ति कर असूल गर्ने व्यवस्था गर्न सक्ने जस्ता बाधा अड्काउ फुकाउने अधिकार समेत व्यवस्था गरिएका छन् । यस कार्यविधिमा आवश्यक अनुसूचीहरुले कार्यविधिको उद्देश्य बमोजिमका फारम तथा बीजक दररेटहरु समेत उल्लेख गरेको छ ।

*(ई)* *<u>गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४</u>*: यो ऐन संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गाउँ वा नगरपालिकाको सञ्चित कोषको सञ्चालन गर्ने, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, निकासा तथा खर्च गर्ने, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्ने, आर्थिक कारोबारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने, बेरुजु फर्छ्यौट तथा असूल उपर गर्ने गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन आएको हो ।

यस नमुना ऐनको सबैभन्दा महत्वपूर्ण पक्ष सञ्चित कोष सञ्चालन सम्बन्धी व्यवस्था नै हो । सञ्चित कोषमा सम्बन्धित सभाबाट स्वीकृत कानुन बमोजिम लगाइएको कर तथा गैरकर बापत असूल भएको राजस्व रकम, नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट बापत प्राप्त रकम, समानिकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत प्राप्त रकम, सम्बन्धित पालिकाले लिएको आन्तरिक ऋण बापतको रकम तथा अन्य प्रचलित कानुन बमोजिम पालिकाको नाममा प्राप्त भएको अन्य आय बापतको रकम रहने व्यवस्था छ । सम्बन्धित पालिकाको कार्यकारी अधिकृतले कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने र लेखा दाखिला गर्ने गराउने कर्तव्य उल्लेख गरेको छ ।

यस नमुना ऐनमा बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तरण तथा नियन्त्रण, कारोबारको लेखा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा बेरुजु असूल फर्छ्यौट, बरबुझारथ, लिलाम बिक्री तथा मिनाहा सम्बन्धी व्यवस्था तथा विविध प्रावधानहरु रहेका छन् । ऐनको दफा ५ मा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने उत्तरदायित्व सम्बन्धित कार्यपालिकालाई दिइएको छ । यस प्रयोजनका लागि उपलब्ध हुने स्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत मसान्त भित्र गरिसक्नु पर्ने र सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा सीमा भित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपर्ने हुन्छ । सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी कार्यकारी अधिकृतले मातहत कार्यालय प्रमुखलाई दिनुपर्ने व्यवस्था छ । सम्बन्धित पालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार सम्बन्धित पालिकाले पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्ने अधिकार पाएको छ । ऐनको सीमाभित्र रकमान्तर तथा स्रोतान्तर गर्न सकिन्छ । यस ऐन अनुसार स्वीकृत वार्षिक बजेटमा विनियोजन भई निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी

खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्त्यमा सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने हुन्छ ।

यस नमुना अन्तर्गत सम्बन्धित पालिकाले आफ्नो र मातहतको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्ने उल्लेख गरिएको छ । आन्तरिक लेखापरीक्षणमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्ड भित्र रही सम्बन्धित पालिकाको आन्तरिक लेखा परीक्षण शाखा वा तोकिएको अधिकृतबाट मातहत कार्यालयहरुको आन्तरिक कारोबारको आन्तरिक लेखापरीक्षण हुने व्यवस्था छ । ऐनको दफा २० को उपदफा (१) ले महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएको बेरुजु असूल उपर गर्नुपर्ने तथा तिर्नुबुझाउनु पर्ने भनी ठहऱ्याइएको रकमको लगत कार्यालयले अद्यावधिक गरी गराई राख्नु पर्ने हुन्छ । यसको उपदफा (२) ले लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको बेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्ने उल्लेख छ ।

यस ऐनको विविध व्यवस्था अन्तर्गत लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवार व्यक्ति लगायत नगदी वा जिन्सी सम्बन्धी काम गर्ने सबैको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुने, वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, आर्थिक प्रशासनको सञ्चालन तोकिए बमोजिम हुने, संघीय र प्रदेश आर्थिक कार्यविधि कानुनलाई आधार मान्नु पर्ने, विद्युतीय प्रविधिको प्रयोग गर्न सक्ने, लेखापरीक्षण सहजीकरण समितिको व्यवस्था लगायतका प्रावधानहरु स्पष्ट गरिएको छ ।

*(उ)* *राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन:* संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यो गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन प्रदान गरिएको हो । सम्बन्धित पालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनका लागि राजस्व सुधारका क्रियाकलापहरु पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त गर्न सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन तयार गरिएको हो । यसको उपयोगबाट स्थानीय तहलाई आफ्नो राजस्व योजना तर्जुमा गरी आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिइएको छ ।

संविधानको अनुसूची ८ ले स्थानीय तहलाई कर, शूल्क तथा दस्तुरका सम्बन्धमा विभिन्न किसिमको एकल अधिकार क्षेत्र दिएको छ । त्यस्तै अनुसूची ९ मा सेवा शूल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शूल्क लगाउने अधिकार तीनै तहको साझा अधिकारको रुपमा राखिएको छ । त्यसैगरी अनुसूची ६ मा प्रदेश सरकारको तथा अनुसूची ५ मा संघीय सरकारको अधिकार

हुने विषय उल्लेख गरिएको छ । कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा पनि नेपाल सरकारले निर्धारण गरे अनुसार कर लगाउने व्यवस्था उल्लेख छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरुप अनुसूची ६ र ८ मा दोहोरोपन हुन गएका घरजग्गा, रजिष्ट्रेसन शूल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यवस्था मिलाएको छ । यस व्यवस्था अनुसार घरजग्गा रजिष्ट्रेसन शुल्क प्रदेश कानुन बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत कर प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गरिएको छ । मनोरञ्जन कर प्रदेश कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफूले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने हुन्छ । साथै सोही ऐनले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशूल्क बापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ ।

यस दिग्दर्शनको मूल उद्देश्य स्थानीय तहको आन्तरिक आय परिचालन क्षमता सुधारका लागि राजस्व सम्भाव्यता अध्ययन गर्न, त्यस्तो सम्भाव्यताको अधिकतम उपयोगका लागि गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी कार्ययोजना तयार गर्न तथा सोको आधारमा भविष्यको आय प्रक्षेपण गर्ने कार्यमा उनीहरुलाई सक्षम बनाउनु रहेको छ । यस दिग्दर्शनका उद्देश्यहरु देहाय अनुसार हुने उल्लेख गरिएको छ :

- राजस्व परिचालनको सन्दर्भमा विद्यमान नीति तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्न मार्ग दर्शन गर्ने,
- स्थानीय तहको आन्तरिक आयका आधार तथा दरको सम्भाव्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्न मार्गदर्शन गर्ने,
- सहभागितामूलक विधि अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न मार्गदर्शन गर्ने,
- राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी स्पष्ट खाका उपलब्ध गराई ढाँचामा एकरुपता र विषयवस्तुमा गुणस्तरीयता कायम गर्ने,

- स्थानीय तहको राजस्व अधिकारका सम्बन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग पुऱ्याउने ।

यस दिग्दर्शनले यसका प्रयोगकर्ताहरु (स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यमा संलग्न, सरोकारवालाहरु), राजस्व सुधार कार्ययोजनाको तर्जुमाको पूर्वतयारी, यसका चरणहरु, सन्दर्भ सामाग्रीको अध्ययन, अभिमुखिकरण तथा कार्यशालाको आयोजना, तथ्यांक सूचना संकलन र विश्लेषण, राजस्व सुधार कार्ययोजनाको तयारी, राजस्व प्रक्षेपणका आधारहरु, प्रतिवेदनको मस्यौदा तयारी, अन्तिम प्रतिवेदन तयारी र स्वीकृतिको समेत उल्लेख गरेको छ । यसले राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन, समन्वय तथा सहजीकरण समिति र यसको कार्यजिम्मेवारी, सहजीकरण तथा समन्वय समितिको व्यवस्था, यसको काम, कर्तव्य र अधिकार, प्रतिवेदनमा राय सुझाव दिने प्रक्रिया, प्रतिवेदन पठाउनु पर्ने व्यवस्था तथा योजना कार्यान्वयनमा सहजीकरण तथा अनुगमन बारे विस्तृत व्यवस्था गरिएको छ । राजस्व सुधार कार्ययोजना कार्यपालिकाबाट स्वीकृत भएको १५ दिन भित्र सम्बन्धित पालिकाले सोको विद्युतीय प्रति अभिलेखका लागि सहजीकरण तथा समन्वय समितिमा पठाउनु पर्छ । समितिले यसरी प्राप्त भएका प्रतिवेदनहरुको अभिलेख राखी कार्ययोजना तर्जुमा हुन बाँकी स्थानीय तहलाई योजना तर्जुमाका लागि सहजीकरण गर्न र योजना तर्जुमा भइसकेका स्थानीय तहलाई कार्यान्वयनमा सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्दछ । त्यस्तै सहजीकरण तथा समन्वय समितिले राजस्व सुधार कार्ययोजना तर्जुमा गरेका स्थानीय तहलाई कार्यान्वयनमा सहजीकरण गर्न सूचक तयारी, समन्वय संयन्त्र स्थापना तथा कार्यान्वयन क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्न सक्ने व्यवस्था छ ।

(ऊ) *स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४:* स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा यो योजना तथा बजेट तर्जुमा दिग्दर्शन तयार गरिएको हो । आवधिक योजनाले लिएका लक्ष्यहरु मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषयवस्तुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन बनाइएको हो ।

यस दिग्दर्शनले वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, प्राथमिकताहरु, तिनलाई तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु, योजना तर्जुमाका चरणहरु (बजेटको पूर्वतयारी, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण, वस्ती तहका योजना छनोट, वडा तहमा योजनाको छनोट तथा प्राथमिकीकरण, बजेट तथा कार्यक्रम तर्जुमा, गाउँ वा नगरपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति र सम्बन्धित सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति), योजना कार्यान्वयन, लागत साझेदारीमा योजना कार्यान्वयन तथा स्थानीय तहले सम्बन्धित पालिकाको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत हुनेगरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक, आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्दछन् । त्यस्तो ऋणको अवधि अधिकतम २५ वर्षसम्म हुनेछ । त्यस्तै नेपाल सरकारबाट प्राप्त भएको ऋण वा नेपाल सरकार जमानी भई लिएको ऋण सम्बन्धित गाउँपालिका वा नगरपालिकाले निर्धारित समयमा चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो पालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्ने वा ऋण भुक्तानी गरिदिने छ । वस्तुगत विवरण तयार गर्नुपर्ने प्रावधान पनि यो दिग्दर्शनमा उल्लेख गरिएको छ । यस अनुसार सम्बन्धित पालिकाले वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार वा अद्यावधिक गर्ने र आफ्ना वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने कर्तव्य तोकिएको छ ।

*(ए)* *व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६:* गाउँ/नगरपालिका भित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरुको वर्गीकरण सम्बन्धी विषयमा प्रक्रियागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो नमुना कार्यविधि प्रेषित गरिएको हो । यस कार्यविधिले व्यवसाय दर्ता, नवीकरण र वर्गीकरण सम्बन्धी व्यवस्था, विवरण हेरफेर सम्बन्धी प्रावधान, कर बुझाउने दायित्व, कर निर्धारण र कर दाखिला, व्यवसाय दर्ता खारेजी तथा दण्ड जरिवाना लगायतका विविध व्यवस्थाहरु गरेको छ । मूलतः यस कार्यविधिले सम्बन्धित पालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनका लागि त्यहाँ व्यवसाय दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ । व्यवसाय दर्ता गर्न दरखास्त दिनु पर्ने हुन्छ । त्यसैगरी दर्ता भएको व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसायको नवीकरण गराउनु पर्दछ । यस कार्यविधि बमोजिम व्यवसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी कार्यको सहजताका लागि व्यवसायीलाई पायक पर्ने स्थानमा घुम्ती सेवा सञ्चालन गर्न सकिने व्यवस्था छ । यस कार्यविधि अन्तर्गत अनुसूची ५ बमोजिम सम्बन्धित पालिकाले व्यवसाय कर प्रयोजनका लागि व्यवसायको किसिम, कारोबार र पूँजी लगानी एवम् स्थानगत अवस्था समेतका आधारमा वर्गीकरण गर्न सक्छ ।

करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको प्रक्रिया यस कार्यविधिमा उल्लेख छ । साझेदार थपघट र ठाउँसारी प्रक्रिया पनि उल्लेख गरिएका छन् । कर अधिकृतले सम्बन्धित व्यक्तिले विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा निजलाई आधार र कारण खोली विवरण दाखिला गर्न आदेश दिन सक्छ । कर बुझाउने दायित्व, कर निर्धारणको प्रक्रिया, सोको सूचना, कर दाखिला गर्नुपर्ने कर्तव्य, सोको निस्सा तथा कर असूली सम्बन्धी व्यवस्था पनि कार्यविधिमा उल्लेख छन् । कुनै करदाताले व्यवसाय बन्द गर्न चाहेमा लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्दछ । व्यवसाय दर्ता नवीकरण नगरी सञ्चालन गर्न पाईंदैन । दफा २६ अनुसार व्यवसायीले प्रचलित कानुन बमोजिम तोकिएको नाफाको अंश सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई सम्बन्धित पालिकाभित्र सामाजिक सेवामा खर्च गर्नुपर्ने उल्लेख गरिएको छ ।

## (घ) सामाजिक क्षेत्रसँग सम्बन्धित

सामाजिक क्षेत्रसँग सम्बन्धित नमुनाहरु विशेष गरी बालबालिका तथा उत्पादनशील समुदायसँग सम्बन्धित छन् । यसमा शिक्षा नियमावली २०७४, बालबालिका विरुद्ध कार्यक्रम खर्च कार्यविधि २०७५, सडक बालबालिकाको खर्च व्यवस्थापन कार्यविधि २०७५, बालगृह सञ्चालन कार्यविधि २०७५ र उत्थानशील समुदायका लागि गाउँपालिका/नगरपालिको रणनीति २०७५ रहेका छन् ।

*(अ)* *शिक्षा नियमावली, २०७४:* संघीय शिक्षा ऐन तथा स्थानीय शिक्षा ऐनले तयार गरेको रुपरेखा भित्र रही यस नमुना नियमावलीले विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था, गाउँ/नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र सम्बन्धित पालिकाको शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविध, विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था, पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्वयको प्रावधान, प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था, विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था, प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार, छात्रवृत्ति तथा निशुल्क ज्ञशिक्षा सम्बन्धी व्यवस्था, शिक्षक तथा कर्मचारीले पाउने बिदा तथा काज, विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था, सम्पत्ति संरक्षण सम्बन्धी प्रावधान, विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था, विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था तथा विविध अन्तर्गत शिक्षक तथा कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता समेत संलग्न गरी यो नियमावली बनेको छ ।

यस नियमावली बमोजिम विद्यालय खोल्ने अनुमतिका लागि निवेदन दिनु पर्दछ । यसरी निवेदन परेकोमा शिक्षा शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र

स्थलगत जाँचबुझ गरी आवश्यक पूर्वाधार पूरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयका हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको बैठकमा पेश गर्नुपर्ने छ। यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरुपमा सञ्चालन गर्ने अनुमति माग गरिएको हो, सोका सम्बन्धमा यकिन उल्लेख गर्नुपर्दछ । शिक्षा समितिको बैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यपालिकाले स्वीकृति सम्बन्धी आफ्नो सिफारिस सहित गाउँ/नगरसभामा पेश गर्नुपर्ने र उक्त सभाले सिफारिस उपयुक्त लागेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ। नियमावलीको नियम ६ ले त्यस्तो विद्यालयले पालना गर्नुपर्ने सर्त तथा बन्देज उल्लेख गरेको छ।

नियमावलीको परिच्छेद ३ ले गाउँ/नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ। त्यसैगरी गाउँ र नगरपालिकाको शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधिलाई परिच्छेद ४ ले उल्लेख गरेको छ । सम्बन्धित पालिकाको प्रमुख वा निजले तोकेको एकजना कार्यपालिका सदस्य संयोजक भएको शिक्षा समितिको गठन हुन्छ। शिक्षा अधिकृत यसको सदस्य सचिव रहेको हुन्छ। यसका सदस्यहरुमा सम्बन्धित कार्यपालिकाको महिला तथा दलित समेत ३ जना सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी, सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुनेगरी समितिले तोकेको एकजना प्रधानाध्यापक, संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुनेगरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधि १ जना, गाँउपालिका वा नगरपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुनेगरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधि १ जना र गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुनेगरी सम्बन्धित पालिकाको अध्यक्ष वा प्रमुखले तोकेको १ जना गरी समग्रमा यस समितिमा १० जना सदस्यहरु रहन्छन्। शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने कर्तव्य यसै समितको हो।

यस नियमावली र यस अन्तर्गत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्रबाहेक विद्यालय सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ। स्थानीय तहका विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुन्छ । परीक्षा सञ्चालन तथा समन्वयका लागि शिक्षा समितिका अध्यक्षको अध्यक्षतामा परीक्षा सञ्चालन तथा समन्वय समितको व्यवस्था गरिएको छ। प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहनेले वडा कार्यालयमा अनुमतिका लागि निवेदन दिनु पर्ने यो नियमावलीले व्यवस्था गरेको छ। सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा

गाउँपालिका वा नगरपालिकाबाट विद्यालयको लागि प्राप्त रकम गाउँ र नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय सञ्चित कोषमा पठाउने व्यवस्था गरिएको छ । यो शिक्षा नियमावली नमुनाका रुपमा पठाइएको सबै ऐन, नियम वा कार्यविधि भन्दा लामो नियमावली देखिन्छ ।

*(आ)* *<u>बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि, २०७५</u>* : यो कार्यविधि देशमा रहेका बालविवाह जस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यले आएको छ । यसको प्रस्तावक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय हो । यस कार्यविधिले कार्यक्रम सञ्चालन, खर्च र लेखापरीक्षण, प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था तथा विविध अन्तर्गत बालविवाह तथा बालबालिका माथि हुने हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाई समेत आधार मान्नु पर्ने व्यवस्था गरेको छ ।

यस कार्यविधिले बालविवाह भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झिनु पर्छ भनी उल्लेख गरेको छ । यसको उद्देश्यमा आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने; बालविवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरुको सहभागिता सुनिश्चित गर्ने; बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनीतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरुको क्षमता विकास गरी परिचालन गर्ने र बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने उद्देश्य राखिएको छ । कार्यक्रम सञ्चालनका लागि बालअधिकार, लैंगिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरुको सचेतना, अभिवृद्धि गर्ने कार्यक्रमहरुलाई लिइएको छ । बालविबाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बाल क्लब र समुदायका बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था पनि गर्नुपर्दछ । बालमैत्री पूर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आवश्यक तालिम प्रदान गर्ने, बालविवाह विरुद्ध सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समूह निर्माण गर्ने वा भएका समूहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने, सरकारी गैरसरकारी वा निजी संघसंस्थाहरुसँग समन्वय गरी बालविवाह विरुद्ध पारिवारिक सचेतना कार्यक्रम सञ्चालन गर्ने र बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा बालक, किशोर तथा पुरुषहरुको सहभागिता गराउने सचेतना कार्यक्रमहरु समेत सञ्चालन गर्ने यस कार्यविधिले समेटको कार्यक्रमहरुमा पर्दछ ।

बालविवाह तथा बालबालिका माथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आय-व्यय विवरणको लेखा राख्नु पर्ने हुन्छ । कार्यक्रम खर्चको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण गर्नुपर्ने छ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनु पर्ने छ । अन्त्यमा, यस कार्यविधि अन्तर्गत गरेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन मासिक, त्रैमासिक, अर्द्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ ।

(इ) *सडक बालबालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७५*: सामाजिक क्षेत्रसँग सम्बन्धित यो अर्को महत्वपूर्ण नमुना कार्यविधि हो । यो कार्यविधि विभिन्न कारणले सडकमा आएका बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, सामाजिकरण, पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना तथा पुनएकीकरणका कार्यक्रमहरु सञ्चालन गरी सडक बालबालिकाको व्यवस्थापन तथा सडकमा बालबालिकाहरु नआउने वातावरण सिर्जना गर्न सञ्चालन गरिने कार्यक्रमको खर्च गर्ने कार्यविधिका लागि यो नमुना कार्यविधि बनाइएको हो । यस कार्यविधिले सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमको उद्देश्य र सञ्चालनका तरिकाहरु, खर्च र लेखापरीक्षण तथा नियमित प्रतिवेदन पेश गर्ने प्रणालीको व्यवस्था गरेको छ ।

सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमको उद्देश्य उपरोक्त कार्य तथा खर्च गर्ने प्रक्रियामा एकरुपता कायम गर्नु पनि रहेको छ । जहाँसम्म कार्यक्रम सञ्चालनको विषय छ, प्रत्येक प्रदेशमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले सडक बालबालिकाहरुको उद्धार, संरक्षण, लालनपालन, पारिवारिक तथा सामाजिक पुनर्स्थापना, पुनर्मिलन, पुनः एकीकरण, मनोसामाजिक परामर्श, सामाजिकरण लगायतका कार्यक्रमहरु गर्नुपर्ने उल्लेख गरिएको छ । उद्धार गरिएका बालबालिकाहरुलाई प्रदेशको समन्वयमा सम्बन्धित स्थानीय तह तथा सामाजिक संघसंस्थाबाट पुनर्स्थापना गर्न सकिने छ । यसैगरी सडक बालबालिकाहरुलाई विभिन्न सचेतनामूलक सन्देश तथा कार्यक्रम सञ्चालन गरी समाजमा बस्ने उपयुक्त वातावरण सिर्जना गर्दै पुनः सडकमा फर्कनबाट रोक्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । सडक बालबालिकाहरुको स्वास्थ्य तथा औषधी उपचारको कार्यका लागि आवश्यक व्यवस्था मिलाउने अर्को कार्यक्रम हुनसक्छ । सडक बालबालिकाहरुलाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमूलक तथा अभिमुखिकरण तालिममार्फत सक्षम बनाउने कार्यहरु सञ्चालन गर्ने, बालबालिका सडकमा आउने कारणको पहिचान गरी सोको सम्बोधनद्वारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहित गर्न कार्य अगाडि बढाउने, सरोकारवालाहरु (सरकारी तथा गैरसरकारी संघसंस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने र प्रत्येक प्रदेशको प्रदेश सरकार सामाजिक विकास मन्त्रालय तथा प्रदेशभित्र

सञ्चालित सडक बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने समेत प्रदेश तथा स्थानीय तहमा सडक बालबालिका व्यवस्थापन सम्बन्धी गर्नुपर्ने कार्यहरु हुन् ।

यो कार्यविधिले सडक बालबालिका व्यवस्थापनका लागि विभिन्न स्रोतबाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आयव्यय विवरणको लेखा राख्ने तथा आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने र सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा समेत पठाउनु पर्ने हुन्छ । सडक बालबालिकाको व्यवस्थापनका लागि विनियोजित बजेट प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन, नियमावलीको खर्चको मापदण्डको परिधिभित्र रही खर्च गर्नुपर्नेछ । उक्त रकम खर्च गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ तथा यस कार्यविधिको परिधिभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । विनियोजित बजेट अनुसार कुन कुन क्षेत्रमा के कति रकम खर्च गरियो ? सडक बालबालिका व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरु के-के रहे ? कमीकमजोरीहरु के के छन् ? भन्ने सम्बन्धमा विवरण तयार गर्ने र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने व्यवस्था कार्यविधिले गरेको छ ।

यस कार्यविधिले सम्बन्धित प्रदेश वा स्थानीय तहले सडक बालबालिका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन, आयव्यय विवरण, मासिक, त्रैमासिक, अर्द्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले एकीकृत रुपमा अर्द्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्ने हुन्छ । सडक बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा *सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२* र सडक बालबालिका पहिचान र उद्धारका लागि कार्यसञ्चालन पुस्तिका, २०७२ लाई समेत आधार मान्नु पर्ने स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

(ई) *बाल गृह सञ्चालन कार्यविधि, २०७५:* बालगृह सञ्चालन कार्यविधि, २०७५ को नमुना कार्यविधि आमाबाबु वा संरक्षकविहीन, बेवारिसे, असहाय, अनाथ बालबालिकाहरुलाई आश्रय र खानपिन, सुरक्षा, पालनपोषण र शिक्षा प्रदान गर्न र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६(१) ले दिएको अधिकार प्रयोग गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार बालगृहको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनाइएको हो । यो कार्यविधि नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मस्यौदा गरिएको हो । यस कार्यविधिमा बालगृह स्थापनाको उद्देश्य, सञ्चालन र व्यवस्थापन, सोका लागि बजेटको व्यवस्था, अभिलेखिकरण र अनुगमन तथा विविध विषयहरु समावेश छन् ।

बालगृह स्थापनाको उद्देश्यका रुपमा असहाय बालबालिकालाई आश्रय दिने, खानपिन, लालनपालन तथा शिक्षा प्रदान गर्ने, बालगृहमा आश्रित बालबालिकाहरुलाई आश्रयको साथै बालबालिकाको शारीरिक तथा मानसिक विकास र खेलकूद तथा मनोरञ्जनका सुविधाहरु उपलब्ध गराउने, बालगृहमा आश्रित बालबालिकाहरुको शिक्षाका लागि आवश्यकता अनुसार शिक्षकको व्यवस्थापन तथा विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाउने, अनाथ असहाय बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यक गतिविधि तथा कार्यक्रम व्यवस्था गर्ने, बालगृहमा बसोबास गर्ने बालबालिका सम्बन्धी ऐनले गरेको प्रावधान बमोजिम बालगृहमा आश्रित बालबालिकाहरुको अधिकारलाई सुनिश्चित गर्ने तथा सम्पूर्ण बालगृहबाट सम्पादित कार्यमा एकरुपता कायम गर्ने उद्देश्य राखिएको छ । यस उद्देश्य प्राप्तिका लागि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने सरकारी बालगृह वा सम्बन्धित तहको सरकारको सम्बन्धित निकायको स्वीकृति लिई निजी तथा सामाजिक संस्थाबाट सञ्चालन गरिने सबै प्रकारका बालगृहले न्युनतम रुपमा नेपाल सरकारबाट स्वीकृत एकीकृत आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिम बालगृह सञ्चालन गर्नुपर्नेछ । प्रचलित ऐन, नियमावली, मापदण्ड र यस कार्यविधिको प्रतिकूल नहुने गरी नेपाल सरकारबाट स्वीकृत न्युनतम एकीकृत मापदण्ड भन्दा उच्च सेवा सुविधाको मापदण्ड निर्धारण गरी प्रदेश सरकार र स्थानीय सरकारले बालगृह सञ्चालन मापदण्ड निर्धारण गरी लागु गर्न सक्दछ। बालगृह सञ्चालन गर्नुपूर्व नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहको पूर्वस्वीकृति लिनु पर्दछ । त्यस्तो बालगृहको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्वीकृति दिने सम्बन्धित तहको सम्बन्धित निकायको हुनेछ ।

यस कार्यविधिले बालगृहको व्यवस्थापन र सञ्चालनका बारेमा आवश्यक प्रावधानहरुको पनि उल्लेख गर्दछ । नेपाल सरकारबाट सञ्चालनमा रहेको बालकल्याण गृह प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण गर्न सकिन्छ । बालगृहको चल-अचल सम्पत्ति, जग्गा-जमिन नेपाल सरकारको स्वामित्वमा रहन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली र कार्यविधिको अधीनमा रही प्रदेश सरकार वा स्थानीय तहले बालगृह स्थापना र सञ्चालन गर्नुपर्ने हुन्छ । नेपाल सरकारको स्वीकृतिले सञ्चालन भएको बागगृहको आर्थिक तथा व्यवस्थापन खर्च नेपाल सरकारको तथा प्रदेश सरकार र स्थानीय सरकार (स्थानीय पालिका) बाट सञ्चालन भएको बालगृहको सम्पूर्ण व्यवस्थापन खर्च सम्बन्धित प्रदेश सरकार र स्थानीय तहले नै व्यवस्थापन गर्नुपर्ने छ । बालबालिका सम्बन्धी ऐन, २०७५ लागु हुँदाका बखत सञ्चालनमा रहेको बालगृहले आफूले चाहेको तहमा रही सेवा सञ्चालन तथा कार्य गर्न सम्बन्धित तहको स्वीकृति लिई सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

बालगृह सञ्चालन गर्ने सञ्चालकले निश्चित रकमको व्यवस्था गर्नुपर्ने हुन्छ । सम्बन्धित प्रदेश सरकार वा पालिकाले सालबसाली रुपमा बजेट विनियोजन गरी

बजेटको सुनिश्चितता गर्नुपर्दछ । कार्यविधिले बालगृहमा बसोबास गर्ने सम्पूर्ण बालबालिकाको विवरण अद्यावधिक गरी राख्नु पर्ने तथा प्रत्येक तीन महिनामा सम्बन्धित पालिकामा विवरण पेश गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, निजी तथा सामाजिक संघ संस्थाले सञ्चालन गरेको बालगृह बालबालिका सम्बन्धी ऐन, २०७५, सोको नियमावली र नेपाल सरकारले तयार गरेको कार्यविधि तथा मापदण्ड अनुरुप सञ्चालन भए नभएको सम्बन्धित प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र सम्बन्धित पालिकाले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ । अनुगमन गर्ने निकाय तथा पदाधिकारीले दिएको निर्देशन तथा प्रतिवेदनको सुझाव पालना गर्नु तथा सोको कार्यान्वयन गर्नु सम्बन्धित बालगृह प्रशासक तथा व्यवस्थापन समितिको कर्तव्य हुनेछ । बालगृहको सेवा, सुविधा तथा व्यवस्थापन बारे प्रत्येक वर्ष सरोकारवालाहरुको सहभागितामा बालगृहले सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण गर्नुपर्ने छ । निजी संस्था वा सामाजिक संघ संस्थासँग सम्झौता गरी बालगृह सञ्चालन गर्न सकिन्छ । बालगृहमा रहेका वा रहन सक्ने बालबालिकाको संख्याको आधारमा तोकिएको मापदण्ड बमोजिम बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति सहित सर्वोत्तम हित हुनेगरी आवश्यक बजेट रकम व्यवस्थापन गर्नु बालगृह स्थापना तथा सञ्चालन गर्ने सम्बन्धित तहको सम्बन्धित निकाय वा संस्थाको जिम्मेवारी हुनेछ । त्यस्तै बालबालिका सम्बन्धी पूर्ण विवरण वा प्रहरी कार्यालयको मुचुल्का सहितको विवरण बालगृहलाई उपलब्ध गराउने दायित्व सम्बन्धित सिफारिस गर्ने अधिकारी वा निकायको हुनेछ । बालगृहले पूरा गर्नुपर्ने अनिवार्य दायित्व तथा कार्यहरु पनि यस कार्यविधिमा उल्लेख गरिएको छ ।

### (ङ) प्रशासनिक क्षेत्रसँग सम्बन्धित

यस समूह अन्तर्गत विभिन्न प्रकारका ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरु नमुनाका रुपमा प्रस्ताव गरिएका छन् । यसमा स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, गाउँ/नगर विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन प्रमुख रुपमा लिन सकिन्छ । त्यसैगरी नगरकार्यपालिका कार्यविभाजन नियमावली २०७४, गाउँ कार्यपालिका कार्यविभाजन नियमावली २०७४, उपमहानगर नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४, नगर कार्यपालिका कार्य सम्पादन नियमावली २०७४, गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली २०७४ नमुना नियमावलीका रुपमा प्रस्ताव गरिएको पाइन्छ । त्यसैगरी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४, गाउँ/नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४, गाउँपालिका/नगरपालिका आपतकालीन कार्य सञ्चालन विधि २०७५, स्थानीय विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५, स्थानीय तहको उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ र स्थानीय राजपत्रको नमुना तेस्रो किसिमका नमुनाहरु हुन् ।

(अ) *गाउँपालिका/ नगरपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०७४:* यो नमुना ऐन नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम प्रस्तुत भएको छ। यसले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त सम्बन्धित कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने अधिकार दिएको छ। यसरी नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयमा मात्र बनाउनु पर्ने यस ऐनमा उल्लेख छ। त्यसैगरी संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सम्बन्धित कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड पनि बनाई लागु गर्न सक्नेछ। यो सबैभन्दा संक्षिप्त नमुना ऐन हो।

(आ) *गाउँ/नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५:* यो नमुना ऐन गाउँपालिका /नगरपालिका भित्र अप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि ल्याइएको छ। नमुनामा सम्बन्धित पालिका भित्रको विपद व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार, समितिको बैठक सम्बन्धी व्यवस्था, सुरक्षा निकाय तथा अन्य निकाय परिचालनका प्रावधान, सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व, विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था लगायतका विषयमा आवश्यक प्रावधानको व्यवस्था गरिएको छ। यो नमुना नेपाल सरकारको विपद् जोखिम न्युनीकरण व्यवस्थापन ऐन, २०७४ को मापदण्डमा आएको देखिन्छ।

यस नमुना अनुसार विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम न्युनीकरण, विपद् प्रतिकार्य, विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई लिइएको छ। यसले सम्बन्धित पालिका भित्रको विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँ/नगर विपद् व्यवस्थापन समिति गठन हुने व्यवस्था गर्दछ। यो समितिमा सम्बन्धित पालिकाको अध्यक्ष वा प्रमुखको संयोजनमा निज लगायत २२ थरि व्यक्तिहरुको प्रतिनिधित्व गराइएको छ। त्यसमा प्रदेश प्रहरी, नेपाल रेडक्रस सोसाइटीको स्थानीय प्रतिनिधि, निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, गैरसरकारी संस्था महासंघको स्थानीय प्रतिनिधि लगायतका प्रतिनिधित्व गराइएको छ। यसले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा

क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी विपद् व्यवस्थापन योजना तर्जुमा गरी पेश गर्ने; सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्युनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागु गर्ने गराउने लगायतका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दछ । यो नमुनामा वडा स्तरीय विपद् व्यवस्थापन समितिको पनि व्यवस्था गरिएको छ ।

यस ऐनको दफा ८ ले विपद् व्यवस्थापनका काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेको संघीय तथा प्रादेशिक सुरक्षा निकायहरुलाई सहयोग र समन्वय गर्ने, सुरक्षा निकायले विपदको समयमा खोज तथा उद्धार कार्यका लागि आवश्यक सामाग्री माग गरेको अवस्थामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराउने तथा विपद् प्रतिकार्यका लागि आफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्ने उल्लेख गर्दछ । वारुण यन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार तथा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्वको पनि ऐनमा उल्लेख गरिएको छ । त्यसैगरी सम्बन्धिति पालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघसंस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनस्थापना तथा पुनर्निमाण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने, विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, क्षमता विकास, आपतकालीन नमुना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने, खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्नुपर्ने हुन्छ । ऐनले विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था समेत गरेको छ । कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी काममा प्रयोग गरिने छ । यसका अतिरिक्त नेपाल सरकारले पालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएमा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु सम्बन्धित पालिकाको कर्तव्य हुनेछ । यस्तो विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायताका लागि प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिने छ । विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामाग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धित व्यवस्था बमोजिम खरिद वा निर्माण कार्य गर्न सकिन्छ । त्यस्तै, विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त सम्बन्धित पालिकाले आन्तरिक स्रोतबाट थप राहत प्रदान गर्न सक्दछ । समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन

तयार गरी कार्यपालिका मार्फत स्थानीय सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(इ) *स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४*: यो कार्यविधिले गाउँपालिका /नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित पालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरबन्दीको अधीनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्दछ। यसमा कार्यविधि लागु हुने क्षेत्र र सेवा, करारमा राख्ने प्रयोजनका लागि सूचीकरण तथा छनोट सम्बन्धी व्यवस्था, अन्तरवार्ता र सूचीकरण समिति, सूचीकरणको विवाद प्रकाशन गर्ने प्रावधान, करार गर्ने सूचना तथा करार सम्पन्न गर्ने तरिका, कार्य सर्त, पारिश्रमिक र अवधि, करारको समाप्ति लगायत यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नुपरेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी सम्बन्धित कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्ने तुल्याइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (७) तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) बमोजिम प्राविधिक कर्मचारी करारमा राख्ने प्रयोजनका लागि इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, पशु सेवा, वन सेवा, स्वास्थ्य सेवा वा अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित करारमा राख्न सकिने छ ।

(ई) *नगरपालिका नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४*: यो नमुना संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गर्दै प्रस्ताव गरिएको हो । यो नियमावलीले महानगरपालिकाले पाएको कार्यकारिणी अधिकार कुन रुपमा कार्यपालिका भित्र कार्यविभाजन गर्ने र कुन कामका लागि को कसप्रति उत्तरदायी हुने भन्ने बारेमा स्पष्ट प्रावधानहरुको उल्लेख गरेको छ । यो नियमावली कार्यकारिणी अधिकार प्रयोग गरी बनाइने भएकाले यसलाई आवश्यकता अनुसार संशोधन, परिमार्जन गर्न सजिलो छ ।

नियमावलीले नगर कार्यपालिकाको कार्यसम्पादन, यसको कार्यालय, वडा कार्यालय एवम् विषयगत शाखा, त्यस्ता विषयगत शाखाहरु र तिनीहरुको कार्यविवरण नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुने छ। त्यस्ता विषयगत विभाग, महाशाखा, शाखा कार्यालय, उपशाखा वा इकाइको विवरण अनुसूची १ मा उल्लेख छन् । त्यसैगरी नगर कार्यपालिकाको कार्यालय र विषयगत शाखाबाट सम्पादन हुने कार्य अनुसूची २ मा खुलाइएको छ। यसमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सकिन्छ। वडा समितिबाट सम्पादन हुने कार्य अनुसूची ३ मा उल्लेख गरिएको छ। प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार अनुसूची ४ बमोजिम हुन्छ । प्रमुखले विषयगत क्षेत्रको कार्यका लागि कार्यपालिकाको कुनै सदस्यलाई निजले गर्ने कार्यको क्षेत्राधिकार समेत तोकी जिम्मेवारी दिन सक्दछ। कार्यपालिकाले आफ्नो कार्य सम्पादनका लागि अनुसूची ५ बमोजिमको विषयगत

समिति गठन गरी कुनै सदस्यको संयोजकत्वमा त्यस्तो समितिको कार्यक्षेत्र तोकी जिम्मेवारी दिन सक्नेछ । नगर कार्यपालिकाबाट सम्पादन भएका कामका लागि प्रमुख तथा सदस्यहरु सामूहिक रुपमा नगरसभाप्रति उत्तरदायी बनाइएको छ । त्यसैगरी नगर कार्यपालिकाका सदस्यहरु आफूलाई तोकिएको कार्यका लागि व्यक्तिगत रुपमा कार्यपालिका तथा प्रमुख प्रति उत्तरदायी हुनुपर्छ । त्यस्तै विषयगत समितिबाट सम्पादन हुने कामका लागि समितिका संयोजक वा सदस्यहरु सामूहिक रुपमा कार्यपालिका प्रति र वडा अध्यक्ष आफूले गर्ने कामका लागि कार्यपालिका प्रमुख तथा वडा समितिप्रति र वडा समितिबाट गरिने कामका लागि सामूहिक रुपमा कार्यपालिका र सभा प्रति उत्तरदायी हुन्छन् ।[१७]

यस नमुना नियमावलीले नगर कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य तथा मातहतका समिति, उपसमिति वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ । प्रमुखले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ । त्यसैगरी वडा समिति वा वडा अध्यक्षले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार वडा समितिका कुनै सदस्य वा वडा सचिवलाई प्रत्यायोजन गर्न सक्दछ । त्यसैगरी यसमा नियमावलीको संशोधन, थपघट, हेरफेर हुनसक्ने, कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यसलाई फुकाउन सक्ने व्यवस्था पनि गरेको छ । यस नियमावलीको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको यसका अनुसूचीहरु हुन् तथा ती अनुसूचीहरु लामा तर वस्तुगत रुपमा उल्लेख गरिएका छन् ।

त्यस्तै उपमहानगरपालिका नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४, नगरपालिका नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४ तथा गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ उपरोक्त बमोजिम महानगरपालिका नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ बमोजिमकै नियमावली हो । आधारभूत रुपमा सोही प्रावधान तथा प्रक्रियाहरु यस नियमावलीमा पनि प्रयोग गरिएको छ ।

*(उ)* *महा/उपमहा/नगरपालिका नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७४:* यो नमुना नियमावली पनि संविधानको धारा २१८ लाई प्रयोग गरी महा/उपमहा/नगरपालिका नगर कार्यपालिकाबाट जारी गर्नुपर्ने नियमावली हो । यसले नगर कार्यपालिकाको कामकारबाहीलाई व्यवस्थित गर्दछ । नगर कार्यपालिकाको कार्य सम्पादन र कामको फर्छ्यौट यस नियमावलीमा व्यवस्था भए बमोजिम हुने तथा त्यसरी कामको फर्छ्यौट गर्दा तोकिएको अधिकारी वा निकायबाट गर्नुपर्ने यसले उल्लेख गर्दछ । यो नमुना नियमावलीले प्रमुखबाट हुने कामको फर्छ्यौट, निजले निर्णय गर्नुपर्ने विषयहरु, अधिकार प्रत्यायोजन गर्न सक्ने

---

[१७] उत्तरदायित्व सम्बन्धी यी प्रावधानहरु सैद्धान्तिक हुन् । सभा प्रति उत्तरदायित्व मानिएता पनि सो उत्तरदायित्व पूरा गर्न नसकिएको आधारमा सम्बन्धित पदाधिकारीलाई अविश्वासको प्रस्तावबाट पदच्यूत गर्ने अधिकार सभालाई प्राप्त छैन ।

अवस्थाहरु, नगरपालिकाबाट हुने कामको फर्छ्यौट, कार्यपालिकाको बैठकमा निर्णयार्थ कुनै विषय पेश गर्नुपर्दा सम्बन्धित विषयगत शाखा वा वडा समितिको कार्यालयले सो विषयसँग आवश्यक विवरण समावेश गरी प्रस्ताव तयार गर्ने तथा कागजात संलग्न गर्ने प्रावधान, कार्यसूचीको विवरण, कार्यपालिकाको बैठकको निर्णय, निर्णयको अभिलेख, निर्णय प्रमाणित तथा वितरण गर्ने तरिका, यसको कार्यान्वयन, कार्यपालिकाको समितिको गठन, कार्यभार मुक्त भएपछि कागज फिर्ता गर्नुपर्ने, प्रवक्ता तथा सूचना अधिकारी तोक्ने प्रावधान समेतको व्यवस्था गरिएको छ ।

उपरोक्त बमोजिमकै मूल्यमान्यता अनुसार यस नियमावलीले कार्यकारी अधिकृत, विषयगत शाखा र वडा समितबाट हुने कामको फर्छ्यौटका बारेमा पनि विभिन्न प्रावधानको व्यवस्था गरेको छ । कार्यकारी अधिकृतबाट कामको फर्छ्यौट, निजको काम, कर्तव्य र अधिकार, त्यस्तो अधिकार प्रत्यायोजनको व्यवस्था, वडा समितिबाट कामको फर्छ्यौट र विषयगत शाखाबाट कामको फर्छ्यौट यसमा पर्दछन् । नियमावलीले प्रमुख कार्यकारी अधिकृत मार्फत सम्बन्धित शाखा (वित्त व्यवस्थापन शाखा, योजना शाखा, प्रशासन शाखा, कानुनसँग सम्बन्धित शाखा) सँग स्वीकृत वार्षिक कार्यक्रमभन्दा बाहेकका कार्यक्रम सञ्चालन गर्ने विषय, स्वीकृत वार्षिक कार्यक्रममा हेरफेर वा संशोधन गर्ने विषय, अन्य निकायसँगको समन्वयमा कार्य सञ्चालन गर्ने विषय, नयाँ नियम, आदेश, निर्देशिका वा कार्यविधि जारी गर्नुपर्ने विषय, नयाँ नियम, आदेश, निर्देशिका वा कार्यविधि जारी गर्नुपर्ने विषय, कर शूल्क दस्तुर सम्बन्धी विषयमा निर्णय गर्नुपूर्व परामर्श लिनु पर्दछ । यसरी निर्णय भएका विषयहरु कार्यपालिका वा नगरसभामा छलफलका लागि प्रस्तुत गर्नुपर्छ । नियमावलीले विधेयक सम्बन्धी कार्यविधि, स्रोत अनुमान समिति, राजस्व र व्ययको अनुमान (बजेट) र कर सम्बन्धी प्रस्ताव, गोपनीयता राख्नु पर्ने, समन्वय कायम गर्नुपर्ने, बैठकमा कुनै सदस्यको निजी स्वार्थ निहित भएको विषय उपर छलफल हुने भएमा बैठकमा भाग लिन नहुने व्यवस्था तथा विभिन्न निकायहरुसँग आवश्यकता अनुसार सहयोग लिन सक्ने प्रावधानहरु पनि नियमावलीको विविध व्यवस्था अन्तर्गत उल्लेख गरिएको छ । यस नियमावलीको अनुसूचीहरुले ऐनको प्रावधानहरुलाई अझ स्पष्ट गर्दछन् ।

उपरोक्त बमोजिमको नगरकार्यपालिका कार्य सम्पादन नियमावली, २०७४ बमोजिम नै सामान्यतया: गाउँकार्यपालिका (कार्य सम्पादन) नियमाली, २०७४ को नमुना प्रस्ताव गरेको देखिन्छ ।

(ऊ) *गाउँ/नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४*: यो नमुना कार्यविधि गाउँ कार्यपालिका/नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियमले उल्लेख गरे बमोजिम गाउँ कार्यपालिका/नगर कार्यपालिकाको बैठक सञ्चालनका लागि स्वीकृत गर्नुपर्ने गरी प्रस्ताव भएको छ । यसले गाउँ/नगर कार्यपालिका तथा वडा समितिको बैठक, बैठक बस्ने स्थान र समय, छलफलको

विषय, उपस्थिति, बैठक सञ्चालन प्रक्रिया, निर्णय सम्बन्धी व्यवस्था, निर्णयको अभिलेख कसरी राख्ने भन्ने विषयलाई व्यवस्थित गर्दछ । यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ/नगर पालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्दछ । त्यस्तै कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सकिन्छ ।

*(ए)* *गाउँपालिका/नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५:* यो नमुना कार्यविधि गाउँ नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को नमुना बमोजिम गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको विपद् व्यवस्थापन कोषको सञ्चालन सम्बन्धी कार्यविधि कायम गर्न बनाइको हो । यसले ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गर्दछ । कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि सम्बन्धित पालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एउटा छुट्टै खाता खोलिने यस कार्यविधिले उल्लेख गर्दछ तथा कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको दफा ५ बमोजिम कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय र दफा ६ बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउँछ । तर बस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश नगरिने कार्यविधिले उल्लेख गर्दछ । कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिने व्यवस्था छ ।

यस कार्यविधिले कोषको आम्दानी, बस्तुगत सहायता सामाग्री, कोषको प्रयोग, राहत सहायता वितरण गर्दा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिने प्रावधान तथा कोषको प्रयोग गर्न नपाइने अवस्थाहरु स्पष्ट गर्दै कोषको सञ्चालन लेखा तथा लेखापरीक्षणको व्यवस्था गरेको छ । कोषको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्ने तथा सम्बन्धित पालिकाले कोषको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने स्पष्ट गरेको छ ।

विपद् व्यवस्थापनका सम्बन्धमा सशर्त सहायताको प्रावधान, कार्यसम्पादन गर्न उपयुक्त व्यक्ति वा संस्थासँग परामर्श लिन सकिने नियम र रकम फ्रिज नहुने तथा आवश्यक आवर्ती कोष (रिवल्भिङ्ग फण्ड) को रुपमा रहने व्यवस्था सहयोग, छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्ने व्यवस्था, अभिलेख दुरुस्त राख्नु पर्ने प्रावधान, अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न

सक्ने र गाउँ/नगर सभाले ऐन अन्तर्गतको समितिको कामकारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ ।

(ऐ) *गाउँपालिका/नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४*: यो नमुना ऐन नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिमको स्थानीय सरकारको आवश्यकता पूरा गर्न प्रस्ताव गरिएको हो । संविधानले न्यायिक समितिको स्थापना गरे पनि न्यायिक समितिले प्रचलित कानुन बमोजिम उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि उल्लेख नगरेकाले सोको स्पष्टता, एकरुपता एवम् पारदर्शिता कायम गरी न्यायप्रतिको जनविश्वास कायम राखी रहनु यस ऐनको उद्देश्य हो । संघीय कानुनमा भएदेखि बाहेकका थप कानुनी व्यवस्था यसमा गरिएका छन् । यसले न्यायिक समितिको अधिकार, निर्णय सम्बन्धमा बाहेकका अरु कामहरु, अवलम्बन गर्नुपर्ने कार्यविधि, विभिन्न उजुरीहरुमा कारबाही र किनाराको अधिकार उल्लेख गरेको छ । स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी, मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापका लागि सम्बन्धित पालिकामा प्रेषित उजुरी, संविधानको अनुसूची ८ अन्तर्गत एकल अधिकार बमोजिम सभाले बनाएको कानुनका आधारमा निरुपण हुने गरी सिर्जित उजुरी तथा प्रचलित कानुनले सम्बन्धित पालिकाले हेर्ने भनी तोकेका उजुरीहरु न्यायिक समिति अन्तर्गत पर्दछ । यस सम्बन्धमा समितिको क्षेत्राधिकारमा व्यक्तिको हकमा उजुरीका सबै पक्ष, गाउँपालिका/नगरपालिकाको भौगोलिक क्षेत्राधिकारभित्र बसोबास गरिरहेको, प्रचलित कानुन र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधिकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको पालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मिलापत्र वा मिलापत्रका लागि प्रेषित गरिएको अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति सम्बन्धित पालिकाको भौगोलिक क्षेत्राधिकार भित्र रहिरहेको र कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना सम्बन्धित पालिकाको भौगोलिक क्षेत्रभित्र घटेको उजुरीहरुमा मात्र न्यायिक समितिले क्षेत्राधिकार ग्रहण गर्ने तथा कारबाही किनारा गर्ने दफा ७ ले स्पष्ट गरेको छ ।

समितिको अधिकार तथा क्षेत्राधिकार सम्बन्धी उपरोक्त मूल विषय बाहेक यो ऐनले उजुरीहरुको दर्ता तथा प्रतिवाद, म्याद तामेली तथा तारेखमा राख्ने व्यवस्था, सुनुवाई तथा प्रमाण बुझ्ने प्रावधान, समितिको निर्णय र अन्य आदेश सम्बन्धी प्रावधानहरुलाई स्पष्ट गर्दै समितिको सचिवालय, मेलमिलाप सम्बन्धी व्यवस्था, निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था तथा अन्य न्यायिक परिपाटीका बारेमा उल्लेख गर्दछ । विविध व्यवस्था अन्तर्गत नक्कल निवेदन, त्यस्तो नक्कल दस्तुर, दस्तुर उल्लेख गर्ने, दस्तुर चुक्ता नभई नक्कल नदिइने तथा यस ऐनमा जेसुकै लेखिए पनि उजुरीसँग सम्बन्धित कानुनमा कुनै कुरा लेखिएको भए सोमा लेखिए जतिको हकमा सोही बमोजिम हुने भन्ने उल्लेख गर्दै नियम बनाउने अधिकार पनि यो ऐनले समितिलाई दिएको छ । यस नमुना ऐन अन्तर्गत १५ वटा अनुसूचीहरु छन् ।

यसले न्यायिक प्रक्रियामा प्रयोग हुने निवेदन फारम तथा अन्य कागजातको नमुना पनि उपलब्ध गराएको छ ।

(ओ) *स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ :* नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड, स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएको र पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमुना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न, सम्बन्धित पालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम सम्बन्धित कार्यपालिकाको बैठकले स्वीकृत गर्नुपर्ने कार्यविधिको रुपमा यो स्थानीय राजपत्र प्रकाशन सम्बन्धी नमुना कार्यविधिको व्यवस्था गरिएको हो ।

यो नमुना कार्यविधिमा स्थानीय राजपत्रको भाग र ढाँचा कायम गरिएको छ। यसले स्थानीय राजपत्रको खण्डको व्यवस्था, यसको संख्या, प्रकाशन गर्ने सामग्री र प्रकाशन गर्ने अधिकारीको व्यवस्था गरको छ। यस अनुसार हरेक पालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार स्थानीय राजपत्रको प्रकाशन हुने व्यवस्था छ । त्यसैगरी, स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरणको व्यवस्था अन्तर्गत कार्यपालिकाको शाखा वा कुनै इकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्यविवरण सहित जिम्मेवारी तोक्ने तथा तोकिएको शाखा वा इकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिने व्यवस्था छ । प्रकाशन हुने सामाग्री सम्बन्धित कार्यपालिकाको कानुनको विषय हेर्ने शाखा वा इकाइबाट सम्पादन गरिने र सम्पादित प्रति प्रमाणिकरण गरी राजपत्र प्रकाशन गर्ने शाखामा पठाइने यसले गरेको अर्को व्यवस्था हो । प्रमाणिकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिने यसको व्यवस्था छ । नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय, जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिकाको सूचना अभिलेख केन्द्र, सम्बन्धित स्थानीय विभाग, महाशाखा, शाखा र सम्बन्धित पालिकाको प्रत्येक वडा कार्यालयलाई स्थानीय राजपत्रको प्रकाशित प्रति निशूल्क रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै वेवसाइटमा राख्नु पर्ने प्रावधान पनि छ । प्रकाशित स्थानीय राजपत्र सम्बन्धित पालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा इकाइ मार्फत बिक्री वितरणको व्यवस्था मिलाउनु पर्ने यो नमुना कार्यविधिको अर्को प्रावधान हो । यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा उत्पन्न भएमा सम्बन्धित कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुने स्पष्ट गरिएको छ ।

(औ) *सहरी योजना तथा भवन निर्माण मापदण्ड स्रोत पुस्तिका, २०७५:* यो नमुना स्थानीय तहमा सुरक्षित भवन र व्यवस्थित वस्ती विकास योजनाको कार्यान्वयनमा सहयोग प्रदान गर्ने उद्देश्यले सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई उपलब्ध गराइएको हो । यो स्रोत पुस्तिका स्थानीय तहको प्राविधिक सहजीकरणका लागि तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयहरुको आधिकारिक विवरण सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरुमा उपलब्ध छ । यस स्रोत पुस्तिकामा वस्ती विकास र भवन निर्माणको आधारभूत मापदण्ड, काठमाण्डौ उपत्यका भित्रका नगरपालिकामा गरिने निर्माण सम्बन्धी मापदण्ड, निर्माण सम्बन्धी मापदण्ड २०६४ का मुख्य प्रावधानहरु, सम्पदा वस्तीका मापदण्डहरु, भूकम्प प्रतिरोधी भवन, नक्सापासमा प्रयोग हुने केही नमुना फारमहरु उल्लेख गरिएका छन् । यस्ता फारमहरुमा टेक्निकल डिटेल फर्म नम्बर २, स्ट्रक्चरल डिजाइन रिक्वायरमेण्ट, 'क' र 'ख' वर्गका भवनले नक्सा पासका लागि दर्खास्त साथ पेश गर्नुपर्ने प्राविधिक विवरण फारमहरु, 'ग' वर्गका भवनले नक्सा पासका लागि आवेदन गर्दा पेश गर्नुपर्ने दस्तावेजहरुको सूची, 'क' र 'ख' वर्गका भवनले नक्सापासका लागि आवेदन गर्दा पेश गर्नुपर्ने दस्तावेजहरुको सूची, भवन निर्माण सम्पन्न प्रमाणपत्र, प्लिन्थ लेभल भन्दा माथिको भवन निर्माण इजाजत पत्र, प्लिन्थ लेभल (डिपिसी) सम्म निर्माण गर्ने इजाजतपत्रका नमुनाहरु छन् । त्यसैगरी यस स्रोत पुस्तिकाले विभिन्न अनुसूचीहरु अन्तर्गत स्रोत पुस्तिकाका प्रावधानहरु प्रयोग गर्न सकिने गरी विवरण ढाँचा, मापदण्ड तथा सामाग्रीहरुको उल्लेख गरेको छ ।

(अं) *गाउँपालिका/नगरपालिका आपतकालीन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन विधि, २०७४:* यो नमुना कार्य सञ्चालन विधि भौगोलिक, भौगर्भिक, सामाजिक तथा आर्थिक र अव्यवस्थित वस्ती विकास जस्ता कारणले बढ्दै गएको विपद्को जोखिमलाई न्युनीकरण गर्दै गाउँपालिका/नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुन सक्ने विपद्बाट सर्वसाधारणको जीउज्यान तथा सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्दै आपतकालीन समयमा नागरिकको तत्कालै खोज तथा उद्धार गरी सहयोगको सुनिश्चितताका लागि सम्बन्धित पालिकामा आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्न प्रस्ताव गरिएको हो । यो नमुना सम्बन्धित पालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) को खण्ड (ट) सँग सम्बन्धित छ । यस कार्य सञ्चालन विधिले सम्बन्धित पालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र विपद् व्यवस्थापन समितिको निर्देशनमा सञ्चालित हुने तथा विपद् व्यवस्थापन समितिबाट तयार भएको योजना तथा कार्यक्रमको अधीनमा रही कार्य गर्ने लगायतका कार्य क्षेत्र यसलाई दिएको छ । यस केन्द्रको काम, कर्तव्य र अधिकार, सम्पर्क विवरण र केन्द्रको आधारभूत कार्यविधि, कार्यहरु, केन्द्रको सूचना प्रणाली, कर्मचारी

व्यवस्थापन र अन्य व्यवस्थापनका बारेमा ऐन बमोजिम यसले अतिरिक्त प्रावधान तथा कार्यविधिको व्यवस्था गरेको छ ।

*(अः)* *स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४:* यो नमुना संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्यसञ्चालनका लागि सम्बन्धित पालिकालाई उपभोक्ता समित गठन, परिचालन तथा व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ । यो कार्यविधि सम्बन्धित पालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनसँग सम्बन्धित छ र सम्बन्धित पालिकाभित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मतसम्भार कार्य गर्नका लागि गठन हुने उपभोक्ता समितिले पूर्ण रुपमा यो कार्यविधिको पालना गर्नुपर्ने हुन्छ । कूल लागत एक करोड रुपैयासम्म भएको तथा स्थानीय सीप, स्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिमार्फत गर्न सकिने स्पष्ट गरिएको छ ।

यस नमुना कार्यविधिले उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्था, यसका समावेशी सिद्धान्तहरु, समितिका सदस्यको योग्यता तथा समितिको काम, कर्तव्य र अधिकार उल्लेख गर्दछ । सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने, उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने, सम्झौता बमोजिम कार्य सुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र सुरु गर्ने, उपभोक्ता समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्यविभाजन र जिम्मेवारी बाँडफाँट गर्ने, समितिका सदस्यहरुको क्षमता विकास गर्ने, सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने, आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य उपभोक्ता समितिले गर्दछ ।

यस कार्यविधिले आयोजना कार्यान्वयन, आयोजना सम्झौताका लागि आवश्यक कागजातहरु, उपभोक्ता समितिको क्षमता विकास, खाता सञ्चालन, भुक्तानी प्रक्रिया, निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नुपर्ने प्रावधान सहित अनुगमन समितिको व्यवस्था गर्दछ । यसको विविध व्यवस्था अन्तर्गत अन्य संस्थाबाट पनि कार्य गराउन सकिने, सहजीकरण र सहयोग गर्नुपर्ने, उपभोक्ता समितिको दायित्व र आयोजनाको गुणस्तर सुनिश्चितताका लागि कार्यालयले अनुगमन मूल्यांकन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्ने अधिकार दिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनका लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्दछ ।

# ४. नेपाल सरकार, सर्वोच्च अदालत तथा संवैधानिक अंगहरु लगायतबाट स्थानीय तहलाई गरिएका परिपत्र तथा निर्देशनहरु

नगरसभाबाट पारित उपरोक्त बमोजिमका कानुनहरु लगायत नेपाल सरकार, सर्वोच्च अदालत, संवैधानिक अंगहरु तथा अन्य निकायबाट स्थानीय तहलाई गरिएका तथा निर्देशनहरुले स्थानीय सरकारको कानुनी परिस्थितिलाई स्पष्ट गर्दछन् । यस पुस्तकको अनुसूची १ मा २०७५ साल फागुनदेखि २०७७ साल असार मसान्त सम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माध्यमबाट स्थानीय तहलाई पठाइएका त्यस्ता परिपत्र, निर्देशन तथा समन्वयात्मक व्यहोराका चिट्ठीपत्रहरुको तालिका प्रस्तुत छ । तिनको अध्ययनबाट स्थानीय तहका हकमा संघ सरकारको धारणाका बारेमा बुझ्न सहज हुन्छ । उपरोक्त विभिन्न परिपत्रहरुको अध्ययनबाट निर्माण गर्न सकिने केही सामान्य धारणाहरु यहाँ उल्लेख गर्न सकिन्छ ।

स्थानीय तहका लागि विभिन्न क्षेत्रबाट कार्यको प्रकृति अनुसार अनुरोधात्मक, निर्देशनात्मक तथा बाध्यात्मक परिपत्रहरु गरेको देखिन्छ । स्थानीय तह लक्षित विभिन्न मन्त्रालयहरुबाट हुने परिपत्रहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत जाने स्पष्ट नै छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, कोभिड नियन्त्रण सम्बन्धी क्रियाकलापहरु, सशर्त अनुदानहरुको सर्तसहितका कार्यविधिहरु लगायत बिभिन्न विषयमा स्थानीय तहसँग मन्त्रालय तथा यसका विभागहरुले परिपत्र पठाउने गरेको देखिन्छ ।

यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न विषयहरुका नीतिको मस्यौदामा स्थानीय तहसँग राय सुझाव लिन मस्यौदाहरु पठाएको पाइन्छ । सामाजिक समावेशिकरण नीति, २०७६ को मस्यौदामा सबै स्थानीय तहको राय माग गरिएको परिपत्रलाई एक उदाहरणका रुपमा लिन सकिन्छ । त्यस्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट २०७६ माघ १२ को पत्र बमोजिम बाल श्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवम् पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७६ तथा बाल श्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) को मस्यौदामा स्थानीय तहको राय-सुझाव मागिएको हेर्न सकिन्छ ।

त्यस्तै स्थानीय तहको एकल अधिकारको विषयमा कार्यान्वयन गर्न बाध्यात्मक मापदण्डहरु पनि परिपत्र भएको देखिन्छ । उदाहरणका लागि, २०७६ चैतमा मन्त्रीबाट स्वीकृत आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण मापदण्ड, २०७६ कार्यान्वयन गर्न परिपत्र र मापदण्ड पठाइएको पाइन्छ ।

संघ सरकारले कानुन विपरीत कर उठाएको गुनासो आएको अवस्थामा स्थानीय तहलाई कानुनमा उल्लेख भए बाहेकका कर उठाउन नमिल्ने विषयमा पनि सचेत गराएको पाइएको छ । गोलबजार नगरपालिकाले प्रतिबोरा सिमेण्टमा रु. २ कर उठाएकोमा संविधान र प्रचलित कानुन बमोजिम बाहेक कर उठाउन नपाइने व्यवस्था मिलाउन २०७६ फागुन २ को अर्थ मन्त्रालयको सबै स्थानीय तहलाई दिइएको निर्देशन स्थानीय

तहलाई विधिको शासन र सुशासनमा जोड दिन खोजिएको मान्न सकिन्छ । अर्को उदाहरणका रुपमा चन्द्रकोट नगरपालिकाले बसाइसराई दर्ता प्रमाणपत्रका लागि लिएको राजस्वको रसिद सामाजिक सञ्जालमा आएपछि सोको बारेमा यथार्थ जानकारी माग गर्दै मन्त्रालयले २०७६ असोज ७ मा पत्राचार गरेर अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ४ ले गैरकरको दर निर्धारण गर्दा आधार मान्नका लागि भएको प्रावधानहरुको व्यहोरा स्मरण गराइएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पत्रिकामा आएको समाचारका आधारमा टिप्पणी गरी बेरुजू असूल उपर र फर्छ्यौटको विवरण पठाउन निर्देशन गरेको २०७६ असार १९ को पत्रबाट देखिन्छ। यस्तो अभ्यासबाट स्थानीय तहलाई सुशासनको विषयमा केही स्तरको भए पनि सचेत हुनुपर्ने वातावरण बन्दछ ।

साझा अधिकारको विषयमा पनि स्थानीय तहले निर्धारण गर्ने शूल्क सम्बन्धी विषयहरुमा स्पष्टता नभएको देखिन्छ। जस्तो पासाङ ल्हामु गाउँपालिकाले प्रति पर्यटक २,००० रुपैया पर्यटन शूल्क लिएको विषयमा सबै स्थानीय तहलाई पर्यटन शुल्कको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७६ जेठ ९ मा पत्र पठाई निर्देशन दिएको देखिन्छ । संविधानमा स्थानीय तहको एकल अधिकारमा पर्यटन शूल्क राखिएको छ तथा अनुसूची ९ को साझा अधिकार सूचीमा पनि पर्यटन शूल्क राखिएको पाइन्छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको पनि यस सम्बन्धमा प्रावधानहरु छन् । साझा अधिकारका राजस्व निर्धारण लगायतका विषयहरुमा स्पष्टता हुनु आवश्यक छ भनी यो उदाहरणलाई लिन सकिन्छ ।

स्थानीय तहको सुशासनको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि चासो लिन थालेको छ । पालिकाबाट सेवा प्रवाह तथा पूर्वाधार विकास निर्माणमा भएका अनियमितताको छानबिनको विश्लेषणबाट प्राप्त सुझाव कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा पठाउन मिति २०७६ मंसीर १५ मा आयोगले अत्यन्त जरुरी /गोप्य भनी पत्राचार गरेको पाइन्छ । त्यस्तै उपभोक्ता समितिले प्राविधिक रुपमा जटिल परियोजनाको कार्यान्वयन गर्दा गुणस्तरमा प्रश्न उठेकाले खुला बोलपत्रबाट गराउनु पर्ने अख्तियारको सुझाव २०७६ असोज ८ को पत्र पनि त्यही भावना अनुरुपकै देखिन्छ । यसबाट उपभोक्ता समिति सम्बन्धी कानुनी प्रावधान तथा नीतिमा परिवर्तन गरिनु पर्ने आवश्यकता देखिन्छ ।

तथापि केही उदाहरणमा स्थानीय तहको एकल अधिकारको विषयमा पनि आयोगले आफैं व्याख्या गरी निर्देशन दिएको पनि छ। जस्तो आधारभूत तथा माध्यमिक शिक्षाको विषय स्थानीय तहको एकल अधिकारको रुपमा रहेको र यस सम्बन्धी आफ्नो अधिकारमा संघ र प्रदेश सरकारको हस्तक्षेप भएको स्थानीय तहको गुनासो रहँदै आएको अवस्थामा आयोगले समेत शिक्षा नियमावली, २०५९ विपरीत स्थानीय तहमा शिक्षक नियुक्त नगर्नु नगराउनु भन्ने व्यहोराको पत्र २०७६ असोज १५ मा लेख्दा स्थानीय तहहरुका लागि शिक्षाको विषयको जटिलता बढ्न गएको छ ।

सामान्य प्रकारका स्थानीय गतिविधिले कुटनीतिक निकायको भौतिक संरचना प्रभावित हुँदा सो बारेमा स्थानीय तहले समन्वय गरी समस्या समाधान गर्न सक्ने परिपत्रका रुपमा जर्मन दुतावासको छिमेकमा भएको निर्माण कार्यले दुतावास परिसर अतिक्रमण भएकाले सम्बन्धित निकायसँग समन्वय गरी रोक्नका लागि २०७६ फागुन ६ को परराष्ट्र मन्त्रालयले गृह मन्त्रालय मार्फत संघीय मामिला मन्त्रालय हुँदै काठमाण्डौ महानगरपालिकालाई पठाएको पत्रलाई लिन सकिन्छ ।

स्थानीय तहमा भएका असल अभ्यासहरु पठाउनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पटक पत्राचार गरेको छ । यस्तो अभ्यासहरुबाट अन्य स्थानीय तहहरु पनि लाभान्वित हुन सक्ने भएकाले त्यस्ता असल अभ्यासहरुलाई संघ सरकारले विभिन्न प्रकारका प्रोत्साहनहरु प्रयोग गरी अन्य स्थानीय तहमा विस्तार गर्न पहल गर्न सके स्थानीय तहहरुलाई यसबाट सघाउ पुग्न सक्छ ।

संघले स्थानीय स्तरमा संघीय कानुन बमोजिमको कार्य गर्न सिधै नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई कानुन कार्यान्वयन अधिकृत तोकेको पनि देखिएको छ । जस्तो गृह मन्त्रालयले मन्त्रीस्तरको २०७६ वैखाख २९ को निर्णय अनुसार स्वीकृत *लागु औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६* बमोजिम बजेटमा कार्यक्रम समावेश गर्न परिपत्र गरी अन्य व्यवस्थाहरुका साथै पालिका प्रमुख अध्यक्ष रहने १७ सदस्यीय लागु औषध नियन्त्रण समिति गठन गर्न मिति २०७६ वैशाख ३१ मा पत्राचार गरेको छ । अर्को उदाहरणका रुपमा सूर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को कानुन कार्यान्वयन गर्ने निरीक्षकका रुपमा प्रमुख प्रशासकीय अधिकृतहरुलाई तोकिएको २०७६ पुस २८ को पत्र हेर्न सकिन्छ ।

स्थानीय तहले प्रमाणिकरण गर्नुपर्ने कागजात प्रमाणित नगर्दा सेवाग्राहीले संघ सरकारले प्रदान गर्ने सेवा लिनबाट वञ्चित भएको अवस्था आएकाले सो विषयमा स्थानीय सरकारलाई ध्यानाकर्षण गराएको छ । जस्तो पालिकाबाट सेवाग्राहीले लिएर आएका विभिन्न प्रमाणपत्र सम्बन्धित स्थानीय तहको अधिकारीले प्रमाणित नगरी पठाउँदा सेवाग्राहीहरुलाई फिर्ता पठाउनु परेकाले सो गरेरमात्र कन्सुलर कार्यालयमा पठाउनका लागि गरिएको परिपत्रलाई लिन सकिन्छ ।

मन्त्रालयको विभिन्न परिपत्रहरुको अध्ययन गर्दा संघ सरकारले विभिन्न विषयमा स्थानीय तहसँग तथ्यांक संकलन गरी पठाउन भनेको पाइन्छ । स्थानीय तहले संविधान बमोजिम विभिन्न तथ्यांक संकलनको काम पनि गर्नुपर्छ भने संघ सरकारले पनि आफूले गर्नुपर्ने विभिन्न क्षेत्रका तथ्यांक संकलनको कार्य स्थानीय स्तरबाट सहज रुपमा गर्न सक्छ । त्यस्तै कैयौं तथ्यांकहरु अन्तर्राष्ट्रिय तहमा समेत प्रस्तुत गर्नुपर्ने हुन्छ । यस्तोमा स्थानीय तहको त्यस्ता विभिन्न विषयमा तथ्यांक संकलन गर्ने क्षमता तथा प्राविधिक तथा अन्य दक्षताको विषयमा संघ तथा प्रदेश सरकारले कार्य गरेमा यो विषय अझै प्रभावकारी हुन सक्छ । उदाहरणका लागि, अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिमको बाध्यता रहेको कृषि मन्त्रालयले पशु रोगको विवरण माग गरेको २०७६ असार ४ को पत्रलाई लिन सकिन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मन्त्रिपरिषद् निर्णय बमोजिम प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ बमोजिम पत्रमै तोकिएका प्रकारका प्रयोगशालामा कार्यरत कर्मचारीलाई सम्बन्धित कार्यालयको बजेटबाटै २५ प्रतिशत जोखिम भत्ता दिनु पर्ने आदेश दिएको देखिन्छ । यसबाट स्थानीय तहका कर्मचारीहरुको तलब भत्ताको विषयमा निर्णय निर्धारण कसले कसरी गर्ने हो भन्ने प्रश्न अझै अनुत्तरित रहेको मान्न सकिन्छ ।

स्थानीय तहमा कर्मचारीहरुको व्यवस्थाको विषय अझै पनि पेचिलो विषयको रुपमा रहेको देखिन्छ । एकातर्फ स्थानीय तहहरु आफूलाई आवश्यक र दक्षताप्राप्त कर्मचारी भर्ना गर्न नपाएको समस्या व्यक्त गरिरहेका छन् भने अर्कोतर्फ संघले पनि कर्मचारीको बारेमा व्यवस्थापन गर्न अझै कार्य गर्नुपर्ने आवश्यकता छ । यसै सम्बन्धमा कर्मचारी समायोजन भइसकेपछि स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७६ वैशाख २९ को मन्त्रीस्तरीय निर्णयले दरबन्दी संरचनामा संशोधन सम्बन्धमा "कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३(१०) मा कर्मचारी समायोजनको कार्य सम्पन्न भइसके पछि प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने छन्" भन्ने व्यवस्था भएकाले कर्मचारी समायोजन कार्य भइसकेपछि आआफ्नो निकाय वा अन्तर्गतका कार्यालयहरुको संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सकिने व्यहोरा अनुरोध गरेको देखिन्छ ।

स्थायी पदपूर्ति सम्बन्धी कानुनी व्यवस्था राखी २०७६ वैशाख २६ को अर्को मन्त्रीस्तरको निर्णयले स्थानीय तहबाट रिक्त पदमा स्थायी पदपूर्तिको लागि प्रक्रिया अगाडि बढाउने व्यवस्था प्रचलित कानुनमा नभएकाले सो सम्बन्धमा प्रचलित कानुन बमोजिम प्रक्रिया अवलम्बन गर्ने व्यवस्था मिलाउने कानुन विपरीतका स्थायी पदपूति सम्बन्धी विज्ञापनहरु समेत बदर गर्ने निर्णय, २०७६ वैशाख २६ को संघीय मामिलाको पत्रबाट हेर्न सकिन्छ ।

स्थानीय सरकारमा अहिले निजामती सेवाबाट स्थानीय तहमा समायोजन भई गएका श्रेणीविहीन कर्मचारीहरुको स्तरवृद्धि सम्बन्धमा दुविधा सिर्जना भएको कुरा स्थानीय तहबाट आएकोमा यो विषयलाई हल गर्न २०७७ असार २२ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवस्तरीय निर्णयले छुट्टै प्रदेश र स्थानीय कानुन नबनेसम्म निजामती सेवा ऐनको दफा २४ र नियमावलीको नियम ३३ बमोजिम गर्न गराउन भनी हालको समस्या समाधान गरेको पनि देखिन्छ । कर्मचारी प्रशासन सम्बन्धी विषय संघीयता कार्यान्वयनका लागि एक महत्वपूर्ण विषय भएकाले यो विषयलाई गम्भीरतापूर्वक टुंगोमा पुऱ्याउनु आवश्यक छ ।

नेपाल सरकार मन्त्रिपरिषद्ले स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयनका क्रममा आएको समस्यामा बाधा अड्काउ फुकाउ गरेको पनि पाइन्छ । जस्तो २०७५ फागुन ५ को महालेखा परिक्षकले पठाएको पत्र अनुसार संघीय बजेटबाट स्थानीय तहले गर्ने कार्यक्रम र स्थानीय तहको बजेटबाट संघले गर्नुपर्ने कार्यक्रममा बजेट कार्यान्वयनमा देखिएको समस्यामा मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउको निर्णय गरेको छ ।

स्थानीय तहले आफ्नो परियोजनाका लागि जग्गा चाहिएमा कार्यपालिकाको निर्णय, जग्गा प्राप्ति मुआब्जाको लागि गर्नुपर्ने बजेट विनियोजनको व्यवस्था लगायतका कागजपत्र सहित मन्त्रालयमा जग्गा प्राप्तिका लागि अनुरोध गर्ने; स्थानीय पालिकाको नाममा भएको जग्गामा नेपाल सरकार वा प्रादेशिक सरकारको कुनै सरकारी निकायका लागि जग्गा दिँदा स्थानीय सभाको निर्णय सहितको सबै कानुनी प्रक्रिया पुऱ्याएर स्वीकृतिका लागि पठाएमा मात्र संघीय मामिला मन्त्रालयले कानुन बमोजिम स्वीकृतिका लागि कारबाही अगाडि बढाउने अन्यथा नबढाउने स्पष्ट गरिएको देखिन्छ ।

## ५. पालिकाहरूले आफ्नै पहलमा बनाएका ऐन कानुनहरू

मुलुक भरि तेस्रो तहले नेपाल सरकारबाट प्रदान गरिएका नमुना ऐन कानुन बाहेक पनि आफ्नै पहलमा आफ्ना लागि आवश्यक ऐन, कानुन, नियम, निर्देशिका, कार्यविधिहरु बनाई लागु गरेका छन् । सम्बन्धित पालिकाको क्षमता, आफ्नो उद्देश्यलाई कार्यान्वयन गर्ने इच्छाशक्ति तथा आफ्नो नीति तथा कार्यक्रम बमोजिमको आवश्यकताको सम्बोधन गर्दै बनेका यस्ता ऐनकानुनहरुले समग्र ऐनकानुनको एउटा ठूलो क्षेत्र समेटेको देखिन्छ । यी ऐनकानुनहरुलाई पनि नमुना कानुनझैं आर्थिक, विकास तथा निर्माण, वित्तीय, सामाजिक र प्रशासनिक क्षेत्रमा विभाजन गर्न सकिन्छ । यस खण्डको उद्देश्य केही महत्वपूर्ण पहलहरुको चर्चा गर्नु हो । चाहे नमुना कानुन मार्फत होस्, वा आफ्नै पहलमा बनाइएको होस्, सबै स्थानीय ऐनकानुनहरु सम्बधित सभा वा कार्यपालिकाको प्रक्रिया बमोजिम नै बनाउन खोजेको देखिन्छ । यस खण्डमा दमक, कलैया, भीमेश्वर, वालिङ्ग, तानसेन, वीरेन्द्रनगर तथा टीकापुर नगरपालिकाहरुको पहलका आधारमा बनाइएका केही ऐन कानुनहरु बारे टिप्पणी गरिएका छन् ।

दमक नगरपालिकाले आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित नमुना बजार संरक्षण तथा प्रवर्द्धन कार्यविधि २०७५, यातायात तथा ट्राफिक व्यवस्थापन र सहरी सुदृढीकरण कार्यविधि २०७६, दमक बसपार्क ऐन २०७५ बनाई लागु गरेको देखिन्छ । त्यस्तै सामाजिक क्षेत्रसँग सम्बन्धित केही महत्वपूर्ण ऐन तथा नियमावली पनि बनेका छन् । दमक प्रज्ञा प्रतिष्ठान ऐन २०७७ तथा यसको नियमावली २०७७, दमक नगर शिक्षा नियमावली २०७७, दमक नगर स्वास्थ्य नियमावली २०७७ र दमक खेलकूद निर्देशिका २०७४ लाई उदाहरणका रुपमा लिन सकिन्छ । यसका प्रयासहरु अन्य विविध विषयमा जारी देखिन्छ । आफ्नो कानुन निर्माणको सफलता र अनुभव अन्य छिमेकी पालिकाहरुमा समेत आदानप्रदान गर्ने आकांक्षा दमक नगरपालिकामा देखिएको छ ।

कलैया उपमहानगरपालिकाले पनि आफ्नो प्राथमिकताको क्षेत्रमा कानुन निर्माणमा अग्रसरता लिन थालेको देखिन्छ । हालै यसले आर्थिक सहायता तथा धर्म संस्कृति वितरण सम्बन्धी कार्यविधि २०७७ पारित गरेको छ ।

त्यसैगरी, भीमेश्वर नगरपालिका पनि ऐन कानुनको निर्माणमा एउटा सक्रिय नगरपालिका हो । आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित यसले विभिन्न ऐन कानुनहरु बनाएको देखिन्छ। यसमा सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन २०७४, भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र व्यवस्थापन गर्ने सम्बन्धी आदेश २०७४ र भारी सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ लाई उदाहरणका रुपमा लिन सकिन्छ । त्यसैगरी यसले सामाजिक क्षेत्रसँग सम्बन्धित केही अन्य ऐनकानुन पनि बनाएको छ । यसको उदाहरणका रुपमा सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली २०७५ लाई लिन सकिन्छ।

वालिङ नगरपालिका पनि ऐनकानुन निर्माणको क्षेत्रमा उर्जाशील देखिन्छ। आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन २०७५, आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि २०७४, पशु स्वास्थ्य तथा पशुसेवा ऐन २०७४ तथा स्थानीय बजार व्यवस्थापन तथा अनुगमन नियमावली २०७७ पर्दछन् । त्यसैगरी, सामाजिक क्षेत्रसँग सम्बन्धित धेरै ऐनकानुनहरु यस नगरपालिकाले निर्माण गरेको छ। बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५, स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७५, बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५, खरको छानामुक्त बनाउने कार्यविधि २०७६, राष्ट्रिय एकीकृत सूचना प्रणाली विपद् पोर्टल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७, स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता निर्देशिका २०७७, लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७ तथा कोभिड १९ उद्धार र सामाजिक, आर्थिक प्रतिकार्य परियोजना नीति तथा सञ्चालन कार्यविधि २०७७ लगायत सामाजिक क्षेत्रसँग सम्बन्धित ऐनकानुनहरु बनेका छन् । यी सबै ऐन कानुनहरुले विकासका नयाँ क्षेत्रहरुमा नगरपालिकाले हात हालेका कारण कानुनी व्यवस्थापनका लागि बनाउनु परेको स्पष्ट हुन्छ।

तानसेन नगरपालिका पनि कानुन निर्माणमा प्रशस्त रुचि राख्ने नगरपालिका हो । यस नगरपालिकाले सामाजिक क्षेत्रसँग सम्बन्धित उपभोक्ता सामाग्री वितरण कार्यविधि २०७५, विपन्न दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०७४, सुत्केरी स्याहार खर्च वितरण कार्यविधि २०७४ र नगरपालिकाको युवा परिषद् गठन तथा सञ्चालन कार्यविधि २०७५ पारित गरिसकेको छ। यी सबै ऐनकानुनहरु कार्यान्वयनमा छन् ।

वीरेन्द्रनगर नगरपालिकाले आर्थिक विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित विभिन्न ऐनकानुन पारित गरेको छ । सवारी साधन सञ्चालन कार्यविधि २०७६, अटो ड्राइभिङ्ग तालिममा सहभागीहरुका लागि वस्तुगत टेवा प्रदान निर्देशिका २०७६, भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्र जारी गर्ने सम्बन्धी निर्देशिका २०७६, बजार व्यवस्थापन अभियान २०७४ जारी गरिसकेको छ । त्यसैगरी सामाजिक क्षेत्रसँग सम्बन्धित वीरेन्द्रनगर नगरपालिका महिला स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७६, मेला महोत्सव व्यवस्थापन कार्यविधि २०७५ तथा इको क्लब गठन, सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४ कार्यान्वयनमा आइसकेका छन् ।

टीकापुर नगरपालिकाले कानुन निर्माणमा सामाजिक क्षेत्रमा पहल देखाएको छ । यसले जलचर एवम् जलीय जैविक विविधिता संरक्षण ऐन २०७६ लागु गरिसकेको छ । विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५, हाम्री छोरी प्यारी छोरी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७६, टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६, आमासँग उपमेयर कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७६, उपप्रमुख अनाथ तथा असहाय छात्रवृत्ति कार्यविधि २०७६ तथा अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन २०७५ पारित गरेको छ । यी सबै कानुनहरु कार्यान्वयनमा छन् । प्रशासनिक क्षेत्रसँग सम्बन्धितमा टीकापुर नगरपालिकाले स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन २०७७ जारी गरेको छ ।

उपरोक्त प्रयासहरुबाट के देखिन्छ भने पालिकाहरुले बल्ल आफ्नो स्थानीय आवश्यकता अनुसार आफ्नो कानुन निर्माणको अधिकार प्रयोग गर्ने प्रक्रिया सुरु भएको छ । सबै पालिकाहरु विभिन्न किसिमका कानुन निर्माणमा लागेका छन् । यसको आवश्यकता र औचित्यका बारेमा उनीहरु स्पष्ट पनि हुँदै गएका छन् । यसका लागि सांगठनिक क्षमताको खोजी सबै नगरपालिकामा देखिन्छ । गत वर्षहरुमा आफूले पारित तथा लागु गरेका विभिन्न नमुना कानुनहरुबाट सबै पालिकाहरुले संविधान बमोजिम तथा एउटै राष्ट्रिय स्तरमा काम गर्ने अवसर पाएकै हुन् । सम्भवत् नमुना कानुन विना तत्कालै त्यति गुणस्तरका ऐनकानुन बनाई संवैधानिक मापदण्ड बमोजिम कार्य गर्न पालिकाहरुलाई गाह्रो नै हुने थियो । आजका मितिमा कतिपय अवस्थामा ती कानुन बमोजिम प्रशासनलाई ढाल्न संघर्ष गर्नुपर्ने अवस्था पनि छ । नमुना कानुनको प्रयोग तथा सिकाइका आधारमा ती नमुना कानुनहरुलाई संशोधन गर्नुपर्ने सम्बन्धमा पनि स्थानीय दृष्टिकोण परिष्कृत हुँदै गएको देखिँदैछ । स्वशासन तथा स्वायत्तताको आकांक्षा क्रमशः वस्तुगत रुपमा देखिँदै जाने हुन्छ । आगामी वर्षहरुमा कानुन निर्माणमा स्वायत्तताको पाटो अझ बलियो हुँदै जाने अपेक्षा छ ।

## भाग ३

# गाउँ सभा तथा नगर सभामा प्रयोग हुने कानुन निर्माणका आन्तरिक प्रक्रिया

संविधानको धारा २२७ अनुसार गाउँ सभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी व्यवस्थाहरु प्रदेश कानुन बमोजिम हुने उल्लेख गर्दछ । यस धारा बमोजिम पर्याप्त प्रादेशिक कानुनहरु बनिसकेका छैनन् । स्थानीय सरकार सञ्चालन ऐन आएपछि मात्र प्रदेशहरुले गाउँ सभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि तथा समिति गठनका सम्बन्धमा कार्य सञ्चालन सम्बन्धी कानुन पारित गरेका हुन् । यसरी पारित गरिएका ऐनहरु एकैनासका छैनन् ।

जहाँसम्म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विषय छ, यसको परिच्छेद ४ र ५ ले कानुन निर्माण गर्ने व्यवस्थापकीय अधिकार पाएको गाउँ सभा तथा नगर सभाको कानुन निर्माण सम्बन्धी आन्तरिक प्रक्रिया बारे उल्लेख गर्दछ। स्थानीय सरकार सञ्चालन ऐनले सभाको बैठक वर्षको दुई पटक बस्ने उल्लेख गर्दछ । यसमा अधिवेशन भन्ने शब्दको प्रयोग गरिएको छैन । अधिवेशनहरु लामो अवधिका लागि बोलाइन्छन् । बैठकहरु निसन्देह अधिवेशन होइन । अध्यक्ष वा प्रमुखले त्यस्तो बैठक बोलाउने व्यवस्था छ । सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिन्छ । बहुमतको निर्णय मान्य हुन्छ । प्रमुख प्रशासकीय अधिकृतले सभाको सचिव भई काम गर्ने स्पष्ट गरिएको छ । उक्त ऐनको दफा १९ को उपदफा (११) ले प्रदेश कानुनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसम्म यसै बमोजिम हुने उल्लेख गर्दछ। त्यसैगरी, कार्यपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने, यसरी पेश भएको विधेयक सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले पारित गरेमा १५ दिन भित्र सभाका अध्यक्षले त्यस्तो विधेयक प्रमाणिकरण गर्ने, यसरी प्रमाणिकरण भए पछि विधेयक ऐन बन्ने, सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यक पर्ने समिति र विशेष समिति गठन गर्न सक्दछ । ऐनको दफा २३ ले सभाको व्यवस्थापन कार्यविधि सम्बन्धी अन्य विषय सभाले बनाएको कार्य सञ्चालन नियमावली बमोजिम हुने स्पष्ट गर्दछ ।

प्रदेश सभाहरुले स्थानीय सभा सञ्चालन कार्यविधि ऐन पारित गर्नुभन्दा अघि नै काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल ले मुलुकका सबै गाउँ सभा तथा नगर सभाका लागि अत्यावश्यक कार्यसञ्चालन नियमावलीको नमुना उपलब्ध गराएको थियो । २०७४ कार्तिकमा उपलब्ध गराएको त्यस्तो छुट्टाछुट्टै नियमावलीमा सभा सञ्चालनका लागि अत्यावश्यक प्रारम्भिक व्यवस्था, सभाको अधिवेशन र बैठक सम्बन्धी नियमहरु, सभामा कार्यरत विषयगत समितिहरु, स्थानीय कानुन मस्यौदा गर्ने प्रक्रिया, विधेयक दर्ता, छलफल र पारित गर्ने प्रक्रिया, राजस्व र व्यय (बजेट) छलफल, विनियोजन तथा आर्थिक विधेयक सम्बन्धी कार्यविधि, शून्य र विशेष समय, प्रश्नोत्तर, जरुरी सार्वजनिक महत्वको विषय, संकल्प, सभा र सदस्यको विशेषाधिकार, सदस्यको आचरण, तथा विविध व्यवस्थाहरु उल्लेख गरिएका थिए । सभा सञ्चालनको कुनै नियम वा प्रक्रिया नभएको, स्थानीय सरकार सञ्चालन ऐनका व्यवस्थाहरु अपर्याप्त भएको तथा सभाको अध्यक्षता गर्ने व्यक्तिले आफ्नो गाउँ सभा वा नगरसभाको अध्यक्ष वा प्रमुखका रुपमा भन्दा पृथक तथा निष्पक्ष भूमिका निर्वाह गर्ने अभिमुखिकरण नपाएका कारणले सभाको बैठक कार्य प्रणाली र व्यवस्थापन सम्बन्धी कार्यविधिले व्यवस्थापिकाको लक्ष्य पूरा गर्न गाह्रो अनुभव गरिएको परिस्थितिका कारण विश्वविद्यालयले त्यस विषयमा नमुनाको निर्माणमा काम गरेको थियो ।[१८] यस नमुनाका आधारमा विभिन्न पालिकाहरुले आफूले धान्न सक्ने जति प्रावधानहरु अनुकरण गरिएको देखिन्छ । त्यस्तै पछि बनेका प्रादेशिक ऐनहरुले पनि यो नमुनालाई आवश्यकता अनुसार प्रयोग गरेको पाइन्छ । प्रदेशहरुले पारित गरेका मध्ये २०७७ मा प्रमाणिकरण गरिएको प्रदेश नम्बर २ को गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ विस्तृत छ । तथापि गाउँ सभा तथा नगर सभामा प्रयोग हुने कानुन निर्माणका आन्तरिक प्रक्रियाका चुनौतीहरु विद्यमान नै छन् ।

## १. नगर/गाउँ सभा सञ्चालन कार्यविधि

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदान गरेको नमुना बमोजिम स्थानीय तहले पारित गरेको नगर/गाउँ सभा सञ्चालन कार्यविधिमा सामान्यतया एकरुपता देखिन्छ । यस अनुसार त्यस्तो कार्यविधिहरुमा सभाको बैठक तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था तथा स्थानीय कानुन निर्माण गर्ने प्रक्रिया एवम् विविध विषयहरुलाई उल्लेख गरिएको छ ।

विशेषगरी, सभाको अधिवेशन बोलाउने; सदस्यहरुको उपस्थिति र आसन; सभाको गणपूरक संख्या; बैठकको सञ्चालन र स्थगन; कार्यसूची र समयावधि प्रकाशन; समयावधि निर्धारण; सभामा मतदान; संशोधन; बैठकको प्रारम्भ; बैठकमा पालना गर्नुपर्ने आचरणहरु; बैठकमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियमहरु; छलफलमा बोल्ने क्रम; सदस्यहरुले

[१८] प्रस्तावित नमुनालाई कानुनका विद्यार्थीहरुको सहभागितामा भिडियो बनाई सभा सञ्चालनको तौरतरिका समेत प्रदर्शन गरिएको थियो । धुलिखेल नगरपालिका लगायत केही गाउँपालिका तथा नगरपालिकामा यसको परिणाम राम्रो देखिएको थियो ।

छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै कुरा स्पष्ट पार्न माग गर्ने अधिकार; निर्णयार्थ प्रस्ताव पेश गर्ने तरिका; सभाध्यक्षले बैठकमा अभद्र व्यवहार गर्ने सदस्याई निर्देशन दिने व्यवस्था; कारबाहीमा परेको सदस्यको कारबाही फिर्ता हुन सक्ने अवस्था; अध्यक्षले बैठक स्थगित गर्ने अधिकार; सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन गर्ने तरिका; सभाको निर्णयको अभिलेख र कार्यान्वयन तथा अध्यक्षले निर्णय प्रमाणित गर्ने नियम सभाको बैठक तथा बैठक सञ्चालनका लागि स्पष्ट रुपमा आएको देखिन्छ ।

जहाँसम्म कानुन निर्माणको विषय छ, उक्त नमुना ऐनले सभाले स्थानीय कानुन निर्माण वा संशोधन गर्दा संविधान बमोजिम आफ्नो अधिकारको विषयमा पर्ने वा नपर्ने; संविधान, संघीय कानुन तथा प्रदेश कानुनको व्यवस्था कस्तो छ; त्यस्तो कानुन न्यायपूर्ण छ वा छैन भनेर अगाडि नै विचार गर्नुपर्दछ । निर्माण गर्न लागिएको स्थानीय कानुनको व्यवहारिक कार्यान्वयन हुन सक्छ वा सक्दैन; यसको कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना विद्यमान छ कि छैन; सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा भएको आदेश कस्तो छ; नेपाल सरकार, संघीय संसद, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा आधारभूत कानुन निर्माण गरेको भए सोमा भएको व्यवस्था वा ती स्रोतहरुबाट नमुना कानुन उपलब्ध गराएको भए सोमा भएको व्यवस्था पनि बुझ्नु पर्ने हुन्छ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिबद्धता; सम्बन्धित स्थानीय तहले निर्माण गरेको अन्य स्थानीय कानुनहरुसँगको तालमेल वा सौहार्दता; जिल्ला भित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सीमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानुनको व्यवस्था लगायतका विषयहरु बुझेर मात्र प्रक्रिया अघि बढाउने हो ।

कलैया उपमहानगरपालिकाको सभा सञ्चालन कार्यविधि[१९] ले कार्यपालिकाले विधेयक तर्जुमा गर्नुअघि त्यस्तो विषयको कानुन निर्माण गर्न आवश्यक रहे नरहेको विषयमा आवश्यकताको पहिचान गर्नुपर्दछ । यसका लागि कार्यपालिकाले स्थानीय कानुन बनाउनु पर्ने आधार र कारण; त्यस्तो विषयमा प्रदेश र संघीय कानुन भए नभएको; स्थानीय कानुन तर्जुमाबाट हासिल गर्न खोजिएको लाभ, लागत र उपलब्धि; स्थानीय कानुन कार्यान्वयनका लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत; त्यस्तो स्रोत जुटाउनका लागि आवश्यक व्यवस्था र विधेयकमा रहने मुख्य मुख्य प्रावधानको समेत विश्लेषण गरी संक्षिप्त अवधारणापत्र तयार गर्नु पर्ने पनि उल्लेख गरिएको छ । कानुनको संशोधनका लागि विधेयक तर्जुमा गर्दा संशोधन गर्नुपरेको आधार र कारण सहितको दफावार तीनमहले विवरण तयार गर्नुपर्ने पनि उल्लेख गरिएको छ । त्यसैगरी, उक्त कार्यविधिले कुनै प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्ने र त्यसरी निर्णय गर्दा निजले कारण खुलाई प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्ने

---

[१९] नगर सभा सञ्चालन कार्यविधि, २०७४

अधिकार दिइएको छ । यी व्यवस्थाहरु भए पनि वास्तवमा कार्यान्वयनमा कडाइका साथ गएका छैनन् ।

उक्त कार्यविधिले विधेयक वा प्रस्ताव प्रस्तुत गर्ने नियमहरु; कुनै विधेयक पेश गर्दा संलग्न गर्नुपर्ने विवरण; विधेयक दर्ता गर्दा कम्तिमा १५ दिन अगावै अध्यक्षलाई उपलब्ध गराई दर्ता गराउने व्यवस्था; विधेयक मस्यौदा भएपछि अध्यक्षलाई उपयुक्त लागेमा त्यस्तो विधेयकमा सार्वजनिक रुपमा वा वडाबाट वडावासीको सुझाव संकलन गर्न सकिने कार्यविधि; विधेयक सभामा पेश गर्ने प्रक्रिया; संशोधन सम्बन्धी सर्तहरु; दफावार छलफल; विस्तृत छलफल गर्न सभाको समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयक वा प्रस्तावमा छलफल गर्दा विधेयकमा संशोधन पेश गर्ने तरिका; समितिको प्रतिवेदन; विधेयक फिर्ता लिने व्यवस्था; संशोधन प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अध्यक्षको अधिकार; विधेयक पारित गर्ने प्रस्ताव; सभाको निर्णयार्थ पेश गर्ने तरिका इत्यादि व्यवस्थाहरुले सभा सञ्चालनको भित्री पाटोलाई नियमन गर्न खोजेको देखिन्छ । कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन; स्थानीय कानुन निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कानुनको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने प्रयोजनका लागि विधेयक समिति तथा लेखा समिति गठन गर्न सकिने व्यवस्था छ । यस्ता प्रत्येक समितिमा बढीमा तीन जना सदस्यहरु रहन्छन् तथा अध्यक्षले तोके बमोजिम सदस्यले समितिको संयोजक भई काम गर्नुपर्ने हुन्छ । समितिको सचिवको कार्य कार्यपालिकाको विषयगत शाखा प्रमुखले गर्दछ । दुईजनालाई गणपूरक संख्या बनाइएको छ तथा बहुमतबाट निर्णय हुने हुन्छ । यस्तो समितिले आवश्यकता अनुसार विषयगत विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्दछ । आमन्त्रित सदस्यले बैठकको निर्णयमा मत दिन पाउँदैन । यी सबै व्यवस्थाहरु एकातिर अपूरो छन् भने अर्कोतिर भएका व्यवस्थाहरुको पनि पर्याप्त रुपमा कार्यान्वयनमा आउन सकेका छैनन् ।

कलैया उपमहानगरपालिकाझैं अन्य नगरपालिकाहरुले पनि उपरोक्त बमोजिमकै व्यवस्था गरेका छन् । राम्रा प्रावधानहरु भए पनि विविध कारणले प्रयोग हुन सकेको छैन ।

## २. प्रदेश स्तरीय गाउँ सभा तथा नगर सभा कार्य सञ्चालन (कार्यविधि) ऐनले गरेका व्यवस्थाहरू

संविधानले स्थानीय सभाको सञ्चालन, बैठकको कार्यविधि तथा समितिको गठन लगायतका विषयमा प्रदेश कानुनले व्यवस्था गर्न सक्ने भनी तोकिए अनुसार प्रदेशहरुले आफ्नो प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि स्थानीय तहको सभा सञ्चालन कार्यविधि ऐन बनाएर लागु गरेका छन् । स्थानीय तहले सोही कार्यविधि ऐनका व्यवस्थाहरु पालना गरेर सभाको अन्य कामकारबाहीका बारेमा आफ्नो सभाका लागि नियमावली बनाउन तथा त्यस्तो नियमावली बनाइसकेको अवस्थामा परिमार्जन गर्न सक्दछन् ।

प्रदेशले स्थानीय तहका सभाहरुका लागि बनाएका सभा सञ्चालन कार्यविधिमा सभा सम्बन्धी विभिन्न विषयहरु समेटेको देख्न सकिन्छ। उदाहरणको लागि प्रदेश २ ले बनाएको यस्तो कानुनमा विभिन्न परिच्छेदमा स्थानीय सभाको अधिवेशन आव्हान, अन्त्य तथा सदस्यहरुको उपस्थिति; बैठकको प्रारम्भ र स्थगन; बैठकको कार्यविधि; निर्णय गर्ने तरिका; बैठकमा सुव्यवस्था; संशोधनहरु; स्थगन प्रस्ताव; संकल्प प्रस्ताव; राजस्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था; विनियोजन विधेयक तथा आर्थिक विधेयक सम्बन्धी व्यवस्था; सभाका समितिहरु; अनुपस्थितिको सूचना र स्थान रिक्तता तथा सदस्यको आचरणका विषयमा प्रावधानहरु राखेको छ ।[२०] यो ऐनले अनुसूचीमा कार्यसूची र समयतालिका र छलफलको समयतालिकाको ढाँचा पनि समावेश गरेको छ ।

यस ऐनमा सभाको एक अधिवेशन र अर्को अधिवेशन बीचको समय ६ महिना भन्दा बढी हुन नपाउने व्यवस्था गरिएको छ । अधिवेशन चालु नरहेको वा बैठक स्थगित रहेको अवस्थामा बैठक बोलाउनु वाञ्छनीय छ भनी विषय र कारण खुलाई सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले लिखित अनुरोध गरेमा अध्यक्षले अधिवेशन आव्हान गर्नुपर्ने; सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति नभएमा कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत नगरिने; बहुमतको निर्णय मान्य हुने; स्वार्थ बाझिएको विषयमा अध्यक्षले सभाको अध्यक्षता नगरी उपाध्यक्षले अध्यक्षता गर्नुपर्ने एवम् उपाध्यक्षको पनि स्वार्थ बाझिएमा बैठकको अध्यक्षता उपस्थित ज्येष्ठ सदस्यले गर्ने व्यवस्था रहेको देखिन्छ । सभाध्यक्षलाई बैठकको मिति तोक्न सक्ने र विभिन्न परिस्थितिहरुमा बैठक स्थगन गर्न सक्ने अधिकार छ। सदस्यको स्थान रिक्त भए पनि सभाले कार्य गर्न सक्छ ।

यस ऐन अनुसार सभाको बैठकको कार्यसूची एक दिन अगावै तयार गरी सदस्यहरुलाई प्रदान गर्नुपर्दछ । सम्पूर्ण राजनीतिक दलको प्रतिनिधित्व हुनेगरी बढीमा सात सदस्यीय कार्यव्यवस्था समिति गठन गर्न सकिन्छ । यसका साथै बैठकमा पालना गर्नुपर्ने विभिन्न नियमहरु पनि तोकिएको छ । त्यस्तै बैठकमा छलफल गर्न नपाइने विषयहरु; बैठकमा बोल्ने र उत्तर दिने सम्बन्धी व्यवस्था; सम्बद्ध कुरामात्र बोल्नुपर्ने; सभामा छलफल चलिरहेको सम्बन्धित विषयको बारेमा सदस्यले स्पष्टीकरण माग गर्न सक्ने; नियमापत्ति; विचाराधीन मुद्दामा बहसमा बन्देज जस्ता व्यवस्थाहरु बैठकको कार्यविधि अन्तर्गत समावेश छन् ।

यसैगरी सभाको निर्णयका लागि पेश गर्दा प्रश्नको रुपमा पेश गर्नुपर्ने; सभामा निर्णयार्थ पेश गर्ने विधि; मत विभाजन र संकलनको प्रक्रियाहरु पनि तोकिएको छ । बैठकको सुव्यवस्था कायम राख्न सभाध्यक्षले चेतावनीयुक्त आदेश दिन र बैठक स्थगित गर्न पनि सक्दछ । त्यसैगरी प्रस्ताव पेश गर्दा समावेश गर्न नपाइने विषयहरुको सूची पनि यो ऐनले उल्लेख गरेको देखिन्छ । अध्यक्षले कारण खुलाई कुनै प्रस्तावलाई पूरै वा आंशिक

[२०] त्यसैगरी जिल्ला सभा सम्बन्धी व्यवस्था; सभा र समितिको बैठक सहित अन्य विविध व्यवस्थाहरु पनि गरेको पाइन्छ ।

रुपमा स्वीकार वा अस्वीकार गर्न सक्दछ। सभाध्यक्षको अनुमतिमा सभामा पेश भइसकेको प्रस्ताव फिर्ता लिन सकिन्छ । यसमा जरुरी र सार्वजनिक महत्वको प्रस्ताव सम्बन्धी व्यवस्था र प्रक्रियाहरु पनि रहेको देखिन्छ । ऐनमा तोकिएका केही विषयहरुमा बाहेक विना सूचना प्रस्ताव पेश गर्न पाईंदैन । त्यस्तै संकल्प प्रस्तावको बारेमा पनि परिच्छेद ९ मा व्यवस्था गरिएको छ ।

सभामा रहने समितिहरु र तिनको गठन; काम, कर्तव्य र अधिकारहरु; बैठक; गणपूरक संख्या; समितिको निर्णय; सम्बन्धित अधिकारी वा विशेषज्ञको प्रवेश; राय लिन सक्ने व्यवस्था; समितिको कार्यक्षेत्रको निर्णय लगायतको व्यवस्था परिच्छेद १२ मा सभाका समितिहरु भन्ने शीर्षक अन्तर्गत गरिएको छ। सदस्यहरुले पालना गर्नुपर्ने आचारसंहिता पनि ऐनमा खुलाइएको छ । विविध व्यवस्था अन्तर्गत नेपालको संविधान र यो ऐनको अधीनमा रही सभाको विशेषाधिकारहरुका बारेमा उल्लेख गरिएको छ । त्यस्तै अभिलेखहरुको सुरक्षा; सभा वा समितिको कामकारबाहीको भाषा; सदस्यको पक्राउ सम्बन्धी जानकारी सभाध्यक्षलाई दिनुपर्ने; सभामा प्रवेश नियमित गर्ने अधिकारका बारेमा पनि प्रावधानहरु छ । सभाध्यक्षले बैठकमा सम्बन्धित संघीय सांसद तथा प्रदेशसभा सदस्यलाई अनिवार्य आमन्त्रण गर्नुपर्ने; सभाध्यक्षको अनुरोधमा नेपालको राष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधिसभाको अध्यक्ष, प्रदेश प्रमुख, प्रदेश सरकारको मुख्यमन्त्री लगायतका पदाधिकारीहरुले सभाको बैठकमा सम्बोधन गर्न सक्दछन् । यसैगरी यस ऐन बमोजिम भएका कामकारबाहीहरु सभाको आन्तरिक कामकारबाही मानिने र यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने कुरा पनि ऐनले प्रावधान गरेको छ। समग्रमा ऐनका व्यवस्थाहरु राम्रा देखिन्छन् ।

अन्य प्रदेशहरुले पनि स्थानीय सभाहरुका बारेमा व्यवस्था गरेको पाइन्छ। सबै प्रदेशहरुले प्रबन्ध गरेको कार्यविधि ऐन विस्तृत छैन । जस्तो गण्डकी प्रदेश प्रदेशले लागु गरेको स्थानीय तहको सभा सञ्चालन कार्यविधि प्रदेश २ को भन्दा संक्षिप्त देखिन्छ । यस्तो अवस्थामा स्थानीय तहहरुले ऐनका व्यवस्थाहरुको हकमा ऐनकै अधीनमा रही बाँकी विषयमा स्थानीय सभालाई नियमन तथा सञ्चालन गर्न आवश्यक सभा सञ्चालन नियमावली बनाएर जान सक्दछ ।

सामान्यत: संसदीय परिपाटीमा प्रयोग हुने सभाको बैठक र कार्यप्रणालीलाई नै प्रादेशिक ऐन तथा स्थानीय ऐनहरुले अंगीकार गरेका छन्। त्यस्तै सभाभित्रको व्यवस्थापन सम्बन्धी कार्यविधि पनि यसै बमोजिम छ । अर्को शब्दमा भन्दा, नेपालमा सिंहदरबारमा प्रयोग भएका संसदीय प्रचलनहरुलाई नै संघीय संसदले अंगीकार गरेझैं संघीय संसदमा प्रयोग हुने सामान्य संसदीय प्रचलनलाई संक्षिप्त रुपमा स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रादेशिक ऐनहरुले प्रयोगमा ल्याएको छ । तर स्थानीय सरकारको संरचना तथा व्यवस्थापिकाका रुपमा सभाको बनोट संघीय र प्रादेशिक रुपमा प्रयोग गरिएको संसदीय परिपाटी भन्दा फरक भएकाले कानुन निर्माणका आन्तरिक प्रक्रियाहरु केही न केही रुपमा प्रभावित हुनु स्वभाविक नै देखिन्छ ।

## ३. स्थानीय तहको मिश्रित शासन प्रणालीमा संसदीय मापदण्ड

नेपालको संविधानले तीन तहको संघीयता अन्तर्गत सबैभन्दा ठूलो संघीय संसद तथा प्रादेशिक सभाहरुको संरचनाहरु एवम् सरकार र व्यवस्थापिका बीचको सम्बन्ध संसदीय परिपाटी बमोजिम निर्धारित गरेको छ । संघीय संसद दुई सदनात्मक छ भने प्रादेशिक सभाहरु एक सदनात्मक छन् । सदन एउटा वा दुईवटा जे भए पनि यिनले कानुन निर्माण (लेजिस्लेटिभ फङ्क्सन्स्), विमर्शात्मक कार्य (डेलिबरेटिभ फङ्क्सन्स्), आर्थिक तथा वित्तीय कामकारबाही (फिनान्सियल फङ्क्सन्स्), प्रशासन सम्बन्धी कार्य (एक्जेक्विटिभ फङ्क्सन्स्) लगायत सरकार निर्माण गर्ने कार्य समेत गर्दछ । सरकारको निर्माण संसद वा प्रदेश सभाले गर्नेमात्र होइन, यसलाई नियन्त्रण गर्ने तथा आफूप्रति जवाफदेहिता निर्वाह गर्ने गराउने कार्य पनि संसद वा प्रदेश सभाले नै गर्दछ ।

सरकारले संघीय संसदका हकमा प्रतिनिधि सभा तथा प्रदेशका हकमा प्रदेश सभाको बहुमतको विश्वास निरन्तर कायम राख्नु पर्दछ । संविधान बमोजिम संसदको विश्वास गुमाएको वा अविश्वासको प्रस्ताव पारित भएको प्रधानमन्त्री सत्तामा कायम रहन सक्दैन । प्रधानमन्त्री तथा निजले नेतृत्व गरेको सरकारले नै मुख्यतः संसदमा अधिकांश कामकारबाहीको नेतृत्व गर्दछ । आफूले प्रस्ताव गरेको विधेयक, आय-व्ययको व्यहोरा वा बजेट तथा नीति तथा कार्यक्रम लगायतका विषयवस्तुलाई पारित गराउने क्षमता सरकारले राख्दछ । संसद वा प्रदेश सभामा रहेको सरकार पक्षको बहुमत सरकारको निरन्तरताको प्रत्याभूति हो । त्यस्तो निरन्तरता कायम भएन भने अर्को सक्षम सरकारको निर्माण गर्नुपर्ने हुन्छ । जहिलेसम्म यो निरन्तरता कायम रहन्छ, संसद वा प्रदेश सभाको नेतृत्व प्रधानमन्त्री वा मुख्यमन्त्रीले नै गर्दछन् । यो पद्धतिले सरकार तथा संसद वा प्रदेश सभालाई एक अर्कासँग जोड्दछ तथा सरकारले गरेको काम कारबाहीलाई निरन्तर रुपमा मूल्यांकन गर्ने संसद वा प्रदेश सभाको हैसियतको सम्मान हुने अवस्था निर्माण गर्दछ । यही कारणले गर्दा कानुन निर्माणमा सरकारको नेतृत्व संघीय संसद तथा प्रादेशिक सभामा निरन्तर रुपमा कायम रहन्छ । केही परिस्थितिमा सरकारले नेतृत्व नलिए पनि दुवै तहमा निजी विधेयकहरु प्रस्तुत हुन सक्दछन् । तर तिनलाई पारित गर्न सरकारको सहानुभूति आवश्यक हुन्छ । जुनसुकै अवस्थामा पनि प्रतिनिधि सभा वा प्रदेश सभामा सम्बन्धित संघीय वा प्रादेशिक सरकारको बहुमत हुने हुनाले कानुन निर्माणमा अन्य पक्षको फरक दृष्टिकोण प्रबल रुपमा स्थापित रहन सक्दैन ।

संविधानले सिर्जना गरेको स्थानीय तहको सरकार निर्माण तथा व्यवस्थापिकाका रुपमा गाउँ सभा वा नगर सभा बीचको सम्बन्ध संसदीय प्रकृतिको छैन । तेस्रो तहको सरकार मिश्रित प्रणालीको सरकार हो । संविधानको भाग १७ ले गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख, जसको अध्यक्षतामा कार्यपालिका (स्थानीय सरकार) को गठन हुन्छ, उसको प्रत्यक्ष निर्वाचनको व्यवस्था गरेको छ । यो सरकारमा गाउँ कार्यपालिकाको एकजना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष तथा गाउँ सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट सम्बन्धित सभाले निर्वाचित गरेको दुई जना सदस्य

समेत सम्मिलित हुन्छन् । उपाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष सम्बन्धित पालिका क्षेत्र भित्रका मतदाताको एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन् । यसमा सम्बन्धित पालिकाको अध्यक्ष वा प्रमुखको छनोट भन्ने कुरा केही रहँदैन । यी व्यक्तिहरु स्वतः स्थानीय सरकारका सदस्य हुन पुग्छन् । जहाँसम्म चारजना महिला सदस्यको कुरा छ, उनीहरु सभाबाट निर्वाचित हुन्छन् । त्यसैगरी दलित र अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेको दुई जना सदस्य बाहिरबाट आएका हुन्छन् । अर्थात्, स्थानीय सरकारको अध्यक्षता गर्ने व्यक्ति सम्बन्धित सभामा बहुमत हुनै पर्दछ भन्ने छैन । त्यसैगरी, स्थानीय सरकारको सदस्य अर्थात अध्यक्ष वा प्रमुखको क्याबिनेटमा रहने स्थानीय सरकारको मन्त्री सरहको क्षमता भएका जनप्रतिनिधिहरु पनि उनको छनोटको व्यक्ति होइनन् । स्थानीय सरकार प्रमुखले निर्वाचित अवधिभर सबैसँग मिलेर काम गर्नुपर्ने हुन्छ । त्यहाँ दलीय रुपमा निर्वाचन हुन सक्ने भए पनि सरकार निर्माणमा संघीय वा प्रादेशिक सरकारको हकमा झैं दलीय बहुमतको अवधारणा छैन ।

जुनसुकै दलबाट वा स्वतन्त्र रुपमा निर्वाचित भई आइसकेपछि संविधानको प्रावधान अनुसार स्थानीय सरकारको निर्माण हुने हो । त्यस्तो निर्वाचनले अध्यक्ष वा प्रमुख एउटा दलको, वडा अध्यक्षहरु अर्को दलको तथा सभाबाट गरिने निर्वाचनबाट तेस्रो दलको प्रतिनिधित्व हुने अवस्था हुन्छ । स्थानीय सरकारकै प्रतिनिधिहरु बीचमा दलीय क्षमताका आधारमा बहुमत नहुने अवस्था सँधै रहन्छ । कतिपय अवस्थामा बहुमत नै होला । तर सरकारको अवधारणा केवल बहुमतका आधारमा मात्र कार्यान्वयन गर्न गाह्रो हुने भएकाले दलगत रुपमा जेसुकै भए पनि समूहगत रुपमा स्थानीय सरकारको दृष्टिकोण कायम गर्नुपर्ने बाध्यता हुन्छ । अर्कोतर्फ, स्थानीय सरकारका नेतृत्व लिने वा प्रभावकारी भूमिका निर्वाह गर्ने जनप्रतिनिधिहरुको दलगत हैसियत सम्बन्धित सभामा धेरै फरक हुन सक्दछ । अतः जुनसुकै परिस्थितिमा पनि एक अर्कालाई सहयोग गरी सरकारको अभिभारा निर्वाह गर्ने हो । स्थानीय कार्यपालिका वा यसका अध्यक्षको स्थानीय सभामा बहुमत नभए पनि सरकारका प्रस्ताव वा कानुनहरु पारित गराउनु पर्ने हुन्छ । कथम् कदाचित उनीहरु एकै राजनीतिक दल भएका कारण बहुमत रहेछ भने पनि त्यो बहुमतले स्थानीय सरकारलाई हटाउन सक्दैन । स्थानीय कार्यपालिका तथा स्थानीय व्यवस्थापिका कुनै राजनीतिक सूत्रबाट बाँधिएका छैनन् । उनीहरुमा सत्तारुढ दल तथा प्रतिपक्षी दलको अवधारणा पनि छैन । यस्तो अवधारणा कायम गर्न खोजियो भने त्यसले उचित प्रतिफल नदिन पनि सक्दछ । मिश्रित शासकीय प्रणाली भएका कारणले गर्दा स्थानीय कार्यपालिका तथा स्थानीय व्यवस्थापिकाले एक अर्कासँग सहयोग तथा सहमति निर्माण गर्दै कार्य गर्ने हो । यसरी कार्य गर्दा सभाको बैठक तथा व्यवस्थापन सम्बन्धी कार्यविधि संसदीय परिपाटीको बहुमतको धारणा बमोजिम चल्न सक्ने हुँदैन । कानुन निर्माणका दृष्टिकोणले यो भिन्नतालाई स्थानीय सरकारहरुले बुझ्नु पर्ने हुन्छ ।

मूलतः नगर सभा तथा गाउँसभाको कार्य सञ्चालन व्यवस्थापकीय मापदण्डमा हुन नसेकाले कानुन निर्माण लगायत सभाहरुले गर्ने विभिन्न कामकारबाहीहरु प्रभावित भएको अधिकांश अवस्थाहरुमा देखिएको छ । सभाको अधिवेशन आव्हान गरिन्छ । तर

सामान्यतया यसलाई बैठकका रुपमा नै सम्पन्न गरिन्छ । अधिवेशनका रुपमा पर्याप्त छलफल तथा अन्य कार्यविधि पूरा नगरी समाप्त गरिन्छ । कानुन निर्माणमा विशेष रुपमा प्रयोग गर्नुपर्ने पद्धतिको प्रयोग हुन सकेको देखिँदैन । विषयगत समितिहरुका प्रशस्त सम्भावनाहरु छन् । तर स्थानीय कार्यपालिकाले ती समितिहरुमा भर गरेको देखिँदैन । विधेयकहरु ल्याइन्छन् तथा तत्कालै पारित गरिन्छन् । विधेयक निर्माणको प्रथम वाचन, द्वितीय वाचन र तृतीय वाचनको परिपाटीको प्रयोग भएको देखिँदैन । विशेषगरी, राजस्व र व्ययको छलफल वा विनियोजन तथा आर्थिक विधेयक सम्बन्धी कार्यविधिको प्रयोग राम्रोसँग हुन पाउँदैन ।

स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ९ ले गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न अधिकारहरुको प्रयोग गर्दछ । प्रत्येक पालिकामा राजस्व सम्बन्धी परामर्शका लागि सम्बन्धित उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा एउटा स्थानीय राजस्व परामर्श समिति र अध्यक्ष वा प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको व्यवस्थाका साथै उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति बनाइएको छ । त्यस्तै परिच्छेद १० ले पालिकाहरुको आर्थिक कार्यप्रणाली, स्थानीय सञ्चित कोष, आकस्मिक कोष, बजेट पेश र पारित गर्ने प्रक्रिया, आर्थिक वर्ष र आय व्ययको लेखा, खर्च गर्ने अख्तियारी र कार्यविधि, सार्वजनिक खरिद, सञ्चित कोषमा जम्मा हुने रकम, कारोबारको लेखा, लेखा परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली, रकमान्तर जस्ता प्रावधानहरुको व्यवस्था गर्दछ । तर यी व्यवस्थाहरु व्यवस्थापकीय अधिकार पाएको सभासँग राम्रोसँग जोडिएको छैन । उदाहरणका लागि, ऐनको दफा ७१ बमोजिम उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र बजेटको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्ने व्यवस्था छ । यसरी पेश भएको बजेट माथि कार्यतालिका बनाई १५ दिनभित्र छलफलको काम सम्पन्न गरिसक्नु पर्ने अहिलेको व्यवस्था हो । छलफल सकेपछि सभाले बजेट पारित गर्न वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउन सक्दछ । त्यसरी सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारण सहित सभामा पाँच दिन भित्र पुनः पेश गर्नुपर्ने हुन्छ ।

यसरी पेश भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नुपर्ने ऐनको व्यवस्था छ । तर मिश्रित प्रकृतिको स्थानीय सरकारको अवधारणामा सरकारको बजेट सभामा स्वतः पारित हुन्छ भन्ने हुँदैन । सभाको राजनीतिक स्वरुप सरकारको राजनीतिक स्वरुप भन्दा फरक हुन सक्दछ । त्यसैले बजेट पारित गराउन राजनीतिक बल भन्दा पनि सभासँग सरकारले सहकार्य गर्नुपर्ने हुन्छ । त्यो भनेको माथि उल्लिखित स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति वा बजेट तथा कार्यक्रम तर्जुमा समितिले सभाको सम्बन्धित विषयगत समितिसँग सहकार्य गरी बजेटलाई टुंगो लगाउनु पर्ने हुन्छ । सामान्यतः सरकारबाट उपहारका रुपमा आएको बजेटलाई अन्य दलका बहुमत सदस्यहरु भएको सभाले स्वतः पारित गरी सहयोग गर्नुपर्ने बाध्यताको अनुभव नगर्न सक्छ । त्यसैले आश्चर्यचकित हुनेगरी सभामा बजेट लानु हुँदैन । बजेट लगिसके पछि पारित हुन सक्ने परिस्थिति विद्यमान हुनु पर्दछ र पारित भएको बजेटलाई कार्यान्वयन गर्न सभाले

विनियोजन ऐन लगायत वित्तीय तथा आर्थिक सहयोग प्रदान गर्ने आवश्यकता हुन्छ । यो भनेको कानुन बनाई सहयोग गर्ने वा सरकारलाई अनुगृहित गर्ने कुरा हो । ऐनमा लेखेको कारणले दोस्रोपल्ट बजेट स्वतः पारित हुन्छ वा गर्नुपर्छ भन्न सकिँदैन । संरचनागत रुपमा त्यस्तो परिस्थितिको निर्माण गर्नु जरुरी हुन्छ । वर्तमान अवस्था त्यस्तो छैन । आर्थिक वर्ष २०७७/७८ मा पनि दर्जनौं स्थानीय सरकारहरुले बजेट पारित नगराई आलटाल गरी बसेको समाचार पत्रहरुले उल्लेख गरेका छन् । यसको एउटा प्रमुख कारण सभाले बजेट पारित गर्दैन कि भन्ने डर पनि होला । सभासँगको डरलाई व्यवस्थापन गर्न संरचनाहरुको बन्दोबस्त गर्न नसक्नु पनि एउटा अर्को कारण हुन सक्दछ । कारण जेसुकै भएता पनि सामान्यतः अध्ययन गरिएका पालिकाहरुमा कानुन निर्माणका सम्बन्धमा निम्न बमोजिम सबै प्रक्रियाहरु अनुसरण गरिएका छैनन्:

| स्थानीय सभाले कानुन बनाउँदा अपनाउनु पर्ने चरणहरू | | |
|---|---|---|
| **क्र.सं.** | **प्रक्रिया** | **टिप्पणी** |
| १ | सम्बन्धित पालिकाको लागि आवश्यक कानुनको पहिचान | आफ्नो स्थानीय तहका लागि आवश्यक विषयमा कानुनको पहिचान कार्यपालिका वा स्थानीय सभाका सदस्यले गर्न सक्छन् । कुनै विषयमा कानुनको लागि स्थानीय रुपमा माग भएमा सो बारेमा पनि कार्यपालिकाले कानुन बनाउन प्रक्रिया सुरु गर्न सक्छ । |
| २ | पहिचान गरिएको कानुनको मस्यौदा तयार | कार्यपालिकाले कार्यपालिका र यस मातहतको समिति वा शाखालाई सो विषयमा मस्यौदा तयार गर्न लगाउन सक्छ । |
| ३ | मस्यौदामा विज्ञको छलफल तथा जनतासँग सुझाव लिने कार्य | मस्यौदा गरिएको कानुनको प्रकृति अनुसार विज्ञको सहयोग तथा स्थानीय जनता एवम् सरोकारवाला संस्थाहरुको सुझाव, टिप्पणी प्राप्त गर्न विज्ञ समूहमा छलफल, वडा भेला तथा विभिन्न सञ्चार माध्यमहरुको प्रयोग गर्न सकिन्छ । |
| ४ | सभामा प्रस्तुत गर्नुअघिको अन्तिम मस्यौदा तयारी | स्थानीय सभामा छलफलका लागि पेश गर्नु अघि माथिका प्रक्रियाबाट आएका महत्वपूर्ण टिप्पणीहरु बमोजिम पालिकाको आवश्यकता अनुसार संशोधन गरी मस्यौदालाई कार्यपालिकाले सभामा पठाउनका लागि स्वीकृत गर्ने । यसरी स्वीकृत गर्नु अघि सभाका विधेयक समितिका सदस्यहरुलाई पनि संलग्न गराउने । |
| ५ | सभामा विधेयक दर्ता तथा विरोधको सूचना | कार्यपालिकाबाट सरकारी विधेयकका रुपमा वा सभाका सदस्यले निजी विधेयकका रुपमा सभामा नयाँ कानुन विधेयकका रुपमा दर्ता गर्न सक्छ । यसरी दर्ता भएको विधेयक सभामा प्रस्तुत गर्नु |

| | | |
|---|---|---|
| | | उपयुक्त छैन भन्ने लागेमा सदस्यले कारण सहित विरोधको सूचना दर्ता गराउन सक्छन् । यस्तो छलफल हुनु भन्दा अघि नै सभाको नियमावली बमोजिम सभाका सबै सदस्यहरुलाई यस्तो विधेयकको प्रति उपलब्ध गराउनु पर्छ । |
| ६ | सभामा सैद्धान्तिक छलफल | प्रथम वाचनका रुपमा सभामा दर्ता भएको मस्यौदा विधेयक माथि सभा सदस्यहरु माझ सैद्धान्तिक छलफल गरिन्छ । यसमा दफावार रुपमा छलफल नगरी विधेयकको उद्देश्य तथा लक्ष्यहरुको सैद्धान्तिक पाटोमा मात्र छलफल गरिन्छ । विधेयक प्रस्तुतकर्ताले यस्तो छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन्छन् । |
| ७ | संशोधन पेश गर्ने | सभामा सैद्धान्तिक छलफल भए पछि त्यस्तो विधेयकमा संशोधन दर्ता गर्न सभा सदस्यहरुलाई समय दिइन्छ र प्राप्त संशोधनहरु सहित विधेयकलाई थप छलफल र सुधारका लागि सभाको सम्बन्धित समितिमा पठाइन्छ । |
| ८ | सभामा दफावार छलफल | सभामा दर्ता भएका संशोधन प्रस्तावहरु सहित विधेयकको प्रत्येक दफामा दफावार छलफल गरिन्छ । यसलाई कानुन निर्माणमा दोस्रो वाचन भनिन्छ । त्यस्ता संशोधन प्रस्ताव तथा फरक मतहरु सहित विधेयकलाई सभाको विधायन समिति तथा अन्य सम्बन्धित समितिमा पठाइन्छ र सुझावका लागि जनतासमक्ष सार्वजनिक गरिन्छ । |
| ९ | समितिमा छलफल | समितिमा हुने छलफलमा विज्ञहरुलाई बोलाउन सकिन्छ । यसैगरी यो समयमा यो मस्यौदा विधेयकमा जनस्तरको पृष्ठपोषण पाउन सञ्चार माध्यममा पनि छलफल गराउने, वडास्तरमा जनतासँग छलफल जस्ता माध्यमहरुबाट विधेयकका बारेमा जनस्तरमा जानकारी र तिनको चासो चिन्ताहरु लिने कार्य निरन्तर गर्न सकिन्छ |
| १० | समितिबाट प्रतिवेदन तयार गरी सभामा पुनः फिर्ता | समितिका सदस्यले माथिका प्रक्रिया पूरा गरी तथा विधेयकका प्रावधानहरुका बारेमा गहन छलफल गरी आवश्यक सुधार तथा संशोधन सहित पुनः सभामा पठाउँछ । |
| ११ | सभामा दफावार छलफल र सभाबाट पारित | समितिबाट आएको प्रतिवेदन तथा संशोधनहरु सहित सभामा पुनः दफावार छलफल हुन्छ तथा त्यस्ता संशोधनहरुलाई मिलाएर विधेयकको अंग बनाइन्छ । यस्तो विधेयकलाई दफावार रुपमा छलफल गरी सभाले दफावार रुपमा ध्वनी मतबाट र आवश्यकता भएमा हस्ताक्षर गरेर पारित गर्दै जान्छ । तथापि |

| | | |
|---|---|---|
| | | फरक मत तथा संशोधनहरु नभएमा पूरै विधेयकलाई एकसाथ पारित गर्न पनि सकिन्छ । सभाबाट विधेयक पारित गर्ने चरणलाई तेस्रो वाचन पनि भनिन्छ । |
| १२ | विधेयक फिर्ता र आनुषांगिक सुधार | विधेयक प्रस्तावकले सभाको स्वीकृतिमा जुनसुकै बेला विधेयक फिर्ता लिन सक्छ । विधेयकलाई अघि बढाउने भएमा विधेयकको क्रम मिलाउने तथा भाषागत आनुषांगिक सुधार गरिन्छ । |
| १३ | विधेयकको प्रमाणिकरण | सभाबाट पारित भएको विधेयकलाई ऐनको रुपमा सभाध्यक्षले हस्ताक्षर गरी प्रमाणिकरण गर्दछ । |
| १४ | विधेयकको प्रकाशन र प्रचार-प्रसार | यसरी प्रमाणित भई ऐन बनेपछि यसलाई स्थानीय राजपत्रमा पनि प्रकाशित गर्नुपर्छ । सर्वसाधारणको जानकारीका लागि नयाँ ऐनलाई पालिकाको वेबसाइटमा राख्ने, विभिन्न सञ्चार माध्यमबाट नयाँ ऐनका बारेमा पालिकाका सबैको जानकारी पुऱ्याउने कार्य गरिन्छ । |

## ४. विधायिकी प्रक्रियालाई सहयोग गर्न गैरविधायिकी प्रक्रियाको महत्व

सुधारका उपर्युक्त चरणहरुको विधायिकी प्रक्रियामा धेरै महत्व हुन्छ । तर अन्य पक्षहरुले पनि यो प्रक्रियामा मलजल गर्दछन् । जस्तो, शून्य समय शब्द संसदीय प्रणालीमा निकै प्रचलित रहेको छ । यसको अभ्यास बेलायतको संसदबाट भएको हो । प्रारम्भिक दिनहरुमा बेलायतको संसद दिनको १२ बजे बस्ने र संसदको बैठक प्रारम्भ भएसँगै संसदका सदस्यहरुलाई जनसरोकारका विषयमा १ मिनेटको समयमा संक्षिप्तमा राख्न दिइने र १ मिनेटको समय समाप्त भएपछि बोल्न थप समय नदिने अभ्यासबाट शून्य समय प्रारम्भ भएको पाइन्छ । संसदीय अभ्यास अपनाएका देशहरुको व्यवस्थापिका अर्थात संसदमा संसदको बैठक जुनसुकै समयमा प्रारम्भ भए पनि सदस्यहरुलाई १ मिनेटमा आफ्ना कुरा राख्न समय दिने अभ्यास विकसित भएको छ । नेपालको संसदीय अभ्यासमा पनि संसदको बैठक प्रारम्भ भएपछि सदस्यहरुलाई संक्षिप्तमा आफ्नो कुरा राख्न शून्य समयको कार्यक्रम रहेको छ र १ मिनेट पछि वक्ता सदस्यको माइक स्वतः काटिन्छ ।

काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल द्वारा प्रस्तावित नमुना स्थानीय सभा कार्य सञ्चालन नियमावली, २०७४ ले गरेको प्रस्तावमा सदस्य संख्याको आधारमा वर्णानुक्रम अनुसार शून्य समयमा बोल्ने सदस्यको समूह विभाजन गरेको देखिन्छ । यद्यपि १ मिनेटको समय कम भएको प्रतिक्रियाहरु आएकाले यस नियमावलीमा स्थानीय व्यवस्थापिकाका हकमा ३ मिनेटको समय छुट्याइएको थियो । नगरसभा र गाउँ सभा पनि स्थानीय तहको व्यवस्थापिका भएकोले शून्य समयको अभ्यास गर्न सकिन्छ । यसबाट सभाका सदस्यहरुमा संक्षिप्तमा सभामा आफुले प्रतिनिधित्व गरेको वडा र नगर/गाउँ भित्रका जनसरोकारका विषयमा सभामा नगर र गाउँ

कार्यपालिकाको ध्यानाकर्षण गर्न सकिन्छ । यसको अभ्यास सुरु हुन सकेको छैन । यसलाई सबै पालिकाहरुले सैद्धान्तिक रुपमा स्वीकार गरेका पनि छैनन् ।

त्यसैगरी, संसदीय व्यवस्थामा व्यवस्थापिका अर्थात संसदमा सदस्यहरुलाई शून्य समयमा दिइएको १ मिनेटमा मात्र सबै विषयवस्तु प्रभावकारी रुपमा राख्न सकिँदैन । त्यसैले, सदस्यहरुले संसदमा सार्वजनिक सरोकार एवं विकास निर्माणसँग सम्बन्धित विषयमा केही बढी समय लिएर विषयवस्तुको गाम्भीर्यताको आधारमा कुरा उठाउनु पर्ने हुन्छ । यसका लागि संसदमा विशेष समयको अभ्यास गरिन्छ । सामान्यतया विशेष समयमा ३ देखि ५ मिनेटको समय रहन्छ । सो समय भित्र वक्ता सदस्यले आफ्नो भनाई राख्नु पर्ने हुन्छ । विशेष समयको उद्देश्य पनि समसामयिक र जनसरोकार एवं विकास निर्माणको अवस्थाका विषयमा संसदमा जानकारी गराउनु र सरकारको ध्यानाकर्षण गर्नु हो । संसदमा विशेष समयमा उठेका विषयहरुको सरकारको तर्फबाट सम्बन्धित मन्त्रीले जवाफ दिने संसदीय अभ्यास रहेको छ । विशेष समयमा बोल्ने सबै सदस्यहरुको एक-एक गरी जवाफ दिने भन्दा पनि धेरै वक्ताहरुले कुनै विषयमा जोड दिएर उठाएको विषय भए सो विषयवस्तुका आधारमा सरकारको तर्फबाट मन्त्रीले सभामा जवाफ एवम् प्रतिक्रिया दिने अभ्यास रहेको छ । नगर सभा र गाउँ सभामा पनि सदस्यहरुले विशेष समयको अभ्यास गरेर बोल्ने र नगरकार्यपालिका र गाउँ कार्यपालिकाका सदस्यहरुले जवाफ वा प्रतिक्रिया दिने अभ्यासको प्रारम्भ गर्न सकिन्छ । यसबाट सभाका सदस्यहरुमा आफ्नो गाउँ/नगरपालिकाको विकास निर्माण र जनसरोकारका विषयमा स्थानीय सरकारको ध्यानाकर्षण गर्ने क्षमताको विकास हुन्छ । यो अभ्यास अझै पनि प्रयोगमा आउन सकेको छैन ।

प्रश्नोत्तरलाई व्यवस्थापिका अर्थात संसदीय संस्थाको निकै प्रभावकारी अभ्यास मानेर अगाडि बढाउनु पर्ने हो । संसदका सदस्यहरुले कार्यपालिकाको प्रमुख र सदस्य अर्थात प्रधानमन्त्री र सरकारका मन्त्रीहरुलाई उनीहरुको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रत्यक्ष रुपमा प्रश्न सोध्ने र सम्बन्धित मन्त्रीले प्रत्यक्ष रुपमा उत्तर कार्यक्रमलाई संसदीय प्रश्नोत्तर भनिन्छ । संसदीय संस्था अर्थात व्यवस्थापिकामा सञ्चालन गरिने प्रश्नोत्तर कार्यक्रमलाई सरकार अर्थात कार्यपालिकाको संसद अर्थात व्यवस्थापिका प्रति जवाफदेहि स्थापित गर्ने प्रभावकारी माध्यम मानिन्छ । संसदीय प्रश्न दुई प्रकारका हुन्छन् : मौखिक उत्तर दिने प्रश्न (संक्षिप्त रुपमा उत्तर दिन सकिने प्रश्न) र लिखित उत्तर दिने प्रश्न (विवरण माग गरिएको प्रश्न) । स्थानीय सभाहरुमा मौखिक उत्तरको प्रश्न र लिखित उत्तरको प्रश्न दुवैको उचित रुपमा प्रयोग गरिनु पर्ने आवश्यकता छ ।

त्यसैगरी नगरपालिका र गाउपालिकासँग सम्बन्धित जरुरी सार्वजनिक महत्वको विषयमा नगर सभा वा गाउँ सभामा छलफल गर्न सकिन्छ र गर्नु उपयुक्त हुन्छ । सभाको कुनै सदस्य वा सदस्यहरुलाई कुनै विषय सार्वजनिक महत्वको लागि सभामा छलफल गर्न उपयुक्त लागेमा सो विषयमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्न सकिन्छ । उदाहरणको लागि नगर/गाउँपालिका क्षेत्रमा हुने सवारी दुर्घटना न्यूनीकरण गर्ने विषय । काठमाण्डौ विश्वविद्यालयको प्रस्ताव अनुसार जरुरी सार्वजनिक महत्वको

प्रस्तावलाई २ जना सदस्यले समर्थन गरेको हुनु पर्दछ। सो प्रस्तावलाई सभाध्यक्षले जरुरी सार्वजनिक महत्वको ठहऱ्याएमा नगर वा गाउँ कार्यपालिकाको सो विषयसँग सम्बन्धित सदस्यसँग परामर्श गरी स्वीकृति दिन सक्नेछ। स्वीकृत भएमा सभामा छलफल हुन्छ। प्रस्तावक र समर्थकले बोलिसकेपछि सभाका अन्य सदस्यले पनि बोल्न सक्नेछन्। छलफलको अन्तिममा कार्यपालिकाको सम्बन्धित सदस्यले छलफलमा उठेका प्रश्नको जवाफ दिनु पर्दछ। यसलाई पनि स्थानीय सभाहरुले प्रयोगमा ल्याउनु जरुरी छ।

नगर वा गाउपालिकासँग सम्बन्धित सार्वजनिक सरोकार एवं महत्वको कुनै विषय (जस्तो नगर वा गाउँपालिकालाई २ वर्ष भित्र पूर्ण रुपमा साक्षर बनाइने) सभाको सदस्य वा सदस्यहरुले एकल वा संयुक्त रुपमा सभामा संकल्प प्रस्ताव प्रस्तुत गर्न सकिन्छ। संकल्प प्रस्ताव निम्न विषयहरुका सम्बन्धमा सभामा प्रस्तुत गर्न सकिन्छ :

- सभाले कुनै विषयमा सिफारिस वा प्रतिबद्धता प्रकट गर्न,
- नगर वा गाउँ कार्यपालिकाको कुनै कार्य वा नीतिको समर्थन वा विरोध वा पुनर्विचारको लागि ध्यानाकर्षण गर्न,
- सभाले कुनै सन्देश वा निर्देशन दिन।

सभाध्यक्षले परामर्श समितिको परामर्शमा संकल्प स्वीकार योग्य छ, छैन भन्ने निर्णय गर्न वा आवश्यक देखेमा परिमार्जन गर्न सक्छ। सभाध्यक्षले सभामा संकल्प छलफल हुने दिन निर्धारण गर्नुपर्छ। सभाध्यक्षबाट स्वीकृत संकल्प प्रस्ताव सभामा छलफल हुनु अगाडि सबै सदस्यलाई वितरण गर्नु पदर्छ। संकल्प छलफल हुने निर्धारित दिनमा सो प्रस्ताव प्रस्तुतकर्ता सदस्यले वक्तव्य सहित सभामा संकल्प वाचन गर्नेछ। छलफलमा संकल्पमा हस्ताक्षर गर्ने सदस्यहरु र सभाका अन्य सदस्यहरुले बोल्न सक्नेछन्। छलफलको अन्तिममा संकल्प र यसको छलफलमा सभामा उठेका विषयका सम्बन्धमा नगर वा गाउँ कार्यपालिकाको तर्फबाट सम्बन्धित सदस्यले जवाफ दिनुपर्ने हुन्छ। नगर वा गाउँ सभाबाट पारित भएको संकल्पलाई सम्बन्धित नगर वा गाउँ कार्यपालिकाले कार्यान्वयन गर्नु पर्दछ। कार्यान्वयनको जानकारी सभालाई दिनु पर्दछ। कार्यान्वयन हुन नसकेको भए यसको कारण समेत सभालाई जानकारी गराउनु पर्दछ।

कानुन निर्माणको पद्धति राम्रो हुनका लागि सभाले प्रयोग गर्ने व्यवस्थापकीय पद्धति पनि राम्रो हुनु पर्दछ। हाल मुलुकमा प्रयोगमा रहेका विभिन्न सभाहरुको कार्यसञ्चालन नियमावलीहरु व्यवस्थापिकाको गरिमा बमोजिमका छैनन्। त्यसैले सरकारबाट प्रस्तावका रुपमा आएका विधेयकहरु राम्रो अध्ययन, छलफल तथा विचार-विमर्श विना नै पारित हुन जान्छन्। यस्तो अध्ययन, छलफल तथा विचार विमर्श आन्तरिक प्रक्रियाहरुले बाध्य गर्ने हो। प्रक्रियाहरुको व्यवस्था वा प्रयोग हुन सकेन भने केवल अभिलाषाले मात्र राम्रो अध्ययन, छलफल तथा विचार विमर्श हुन सक्दैन। एकैदिन विभिन्न विधेयकहरु पारित भएको दृष्टान्त यस अध्ययनमा परेका पालिकाहरुमै पनि छ। यो प्रक्रियाबाट सभाको अधिकारको प्रयोग हुन सक्दैन। यसको अर्थ स्थानीय सभाले स्थानीय रुपमा प्रस्तावित विधेयकलाई परिमार्जन गर्ने क्षमताको प्रयोग गर्न सक्दैन। स्वभावतः जुनसुकै सरकारलाई

पनि व्यवस्थापिका भित्रका कामकारबाहीहरु दुखदायी नहुन् र छिटोछरितो रुपमा सम्पन्न होउन् भन्ने सोचाई हुन्छ । यस्तो अवस्थामा स्थानीय कानुन मस्यौदा गर्ने कार्यपालिकीय प्रक्रिया देखि विधेयक दर्ता, छलफल र पारित गर्ने विधायिकी प्रक्रिया छिटो, छरितो सम्पन्न गर्ने चाहना हुनु स्वभाविक नै हुन्छ ।

सभाहरुमा थोरै दिनका लागि मात्र बैठक बस्ने, अधिवेशनका रुपमा सभाको कामकारबाहीलाई विस्तारित रुपमा वर्गीकरण नगर्ने र कार्यभार निर्वाह गर्ने अध्यक्षहरुले विषयगत रुपमा जवाफदेहिता निर्वाह गर्ने पद्धतिको अनुसरण हुन नसकेका कारण सभाहरु व्यवस्थापिकाका रुपमा चल्न अझै मेहनत गर्नुपर्ने देखिन्छ । सभाभित्र शुन्य र विशेष समयको प्रयोग नहुनुले सरकारको प्रस्ताव बाहेक विषयवस्तुहरु सभाभित्र प्रवेश पाउने सम्भावनाहरु स्वतः न्यून हुन जान्छन् । प्रश्नोत्तरको प्रणाली नियमावलीमा नहुनु, त्यसबारे सदस्यहरुलाई जानकारी नहुनु, जरुरी सार्वजनिक महत्वको विषय छलफलमा नआउनु, संकल्पको प्रक्रिया प्रयोगमा नहुनु - यी सबैले सभाको कामकारबाहीलाई असर गरेको हुन्छ । कतिपय अवस्थामा सभाभित्र तथा स्थानीय सरकारमा क्षमताको कमी हुनु तथा संघीय वा प्रदेश सरकारबाट आवश्यक सहयोग प्राप्त नहुनु पनि सभा सञ्चालन तथा विशेष गरी कानुन निर्माण प्रक्रियामा देखिएका कमीकमजोरीका कारण हुन् । यसै कारणले गर्दा संघीय सरकारबाट पठाइएका नमुना कानुनहरु पनि उचित रुपमा परिमार्जन नगरी स्थानीय आवश्यकतालाई नहेरी सोझै पारित हुने गर्दछन् ।

अध्ययन गरिएका सबै नगरपालिकाहरुको सबैभन्दा राम्रो पक्ष के हो भने त्यहाँ अतिआवश्यक पूर्वाधारका रुपमा आफ्नै सभा कक्ष छन् । ती सभा कक्षहरुले आजको प्राथमिक आवश्यकता पूरा गर्न सक्दछन् । तर, कार्यविधि तथा  मापदण्ड कायम गर्ने तथा सोका लागि चाहिने प्रशासनिक क्षमताको व्यवस्था एउटा जटिल पक्षका रुपमा रहेको छ ।

## भाग ४

# अध्ययन गरिएका नगरपालिका तथा तिनले सिर्जना गरेका कानुनी व्यवस्थाहरू

स्थानीय तहको कानुन निर्माण प्रक्रिया तथा वर्तमान स्थितिका सम्बन्धमा अध्ययन गर्नुपर्ने अर्को महत्वपूर्ण पक्ष उनीहरुले आफ्नो मौलिक आवश्यकता पूरा गर्न आफ्नै क्षमतामा बनाएका ऐन, कानुन तथा कार्यविधिहरुको लेखाजोखा गर्नु पनि हो । यस उद्देश्यका लागि अगाडि उल्लेख गरिएझैं प्रत्येक प्रदेशबाट एक पालिका रहने गरी नमुनाका रुपमा सातवटा नगरपालिकाहरुको यहाँ सर्सर्ती अध्ययन गरिएको छ। प्रदेश नं. १ बाट दमक नगरपालिका, प्रदेश नं. २ बाट कलैया उपमहानगरपालिका, बागमती प्रदेशको भीमेश्वर नगरपालिका, गण्डकी प्रदेशको वालिङ नगरपालिका, लुम्बिनी प्रदेशको तानसेन नगरपालिका, कर्णाली प्रदेशको वीरेन्द्रनगर नगरपालिका तथा सुदुरपश्चिम प्रदेशको टीकापुर नगरपालिका यस अध्ययनमा समेटिएका छन् । यो छनोटले पहाडी तथा तराई दुवै क्षेत्रलाई समेट्दछ । यी सबै नगरपालिकाहरुको सामाजिक, आर्थिक तथा विकासको वर्तमान परिस्थिति फरक फरक छन् । यस भागमा उपलब्ध भएसम्मको तथा जुनसुकै मितिको भए पनि तथ्यपूर्ण विषयवस्तुलाई अध्ययनको आधार बनाइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, जसले स्थानीय सरकारहरुलाई आधारभूत रुपमा संविधानले दिएका अधिकारहरु प्रयोग गर्न न्युनतम प्रावधानहरु उल्लेख गरेको छ, त्यसको विवेचनाबाट यो प्रक्रियाको थालनी गर्नु उचित हुन्छ । धेरै अर्थमा महत्वपूर्ण हुँदाहुँदै पनि यो ऐनका आफ्ना समस्याहरु छन् । ती समस्याहरुबाट उम्किने चाहना स्थानीय सरकारहरुमा पनि छ । केवल संशोधनको माध्यमबाट मात्र त्यो हुन सक्दछ । स्थानीय तहका लागि संविधानले दिएका अधिकारहरुलाई स्थानीय सरकार सञ्चालन ऐनद्वारा पूर्णतः कार्यान्वयन गर्न अहिले नमिलेका प्रावधानहरु बारे पुनर्विचार आवश्यक छ ।[२१]

केही उदाहरणहरुका आधारमा अहिलेका समस्याहरुलाई उल्लेख गर्न सकिन्छ । शिक्षाको विषय स्थानीय सरकारका लागि अहम् महत्वको विषय हो । संविधानको अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको रुपमा राखेको छ । तर स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ज) (१) ले प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक

---

[२१] नेपाल नगरपालिका संघसँग गरिएको छलफल समेतका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का बारेमा यहाँ टिप्पणी गरिएको छ । संघ स्वयम्ले पनि यस सम्बन्धमा आफ्नो भनाई संघीय सरकारलाई उपलब्ध गराएको जानकारीमा आएको छ ।

शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनको विषय स्थानीय तहको अधिकारमा उल्लेख गरेको भए पनि यसमा माध्यमिक शिक्षालाई राख्न नचाहेको देखिन्छ। तसर्थ संविधान बमोजिम यो प्रावधानमा 'माध्यमिक शिक्षा' पनि हुनु पर्नेमा सबैमा स्पष्टताको आवश्यकता छ। यो एउटा सरल उदाहरण मात्र हो।

संविधानले स्थानीय तहको व्यवस्थापिकीय अंगको स्वरुपमा सभाको व्यवस्था गरेको हुनाले सभाको अध्यक्षता पालिकाको प्रमुखले गर्ने व्यवस्था दफा १६ को उपदफा (४) को खण्ड (क) (१) मा राखेको छ। नगर प्रमुखले कार्यकारी प्रमुख तथा व्यवस्थापिकाको अध्यक्ष दुवैको भूमिका निर्वाह गर्नुपर्ने अहिलेको अवस्था हो। नगर प्रमुख भनेको स्थानीय सरकारको प्रमुख हो। सभाको अध्यक्षता गर्ने व्यक्तिले हरेक अवस्थामा सभाको निर्णयबाट चल्नुपर्ने हुन्छ। उनको हैसियत सरकारी वा कार्यकारिणीको जस्तो हुँदैन। अतः नगर प्रमुखको दृष्टिकोण सरकारी हुन्छ भने सभाको अध्यक्षता गर्ने व्यक्तिको दृष्टिकोण निष्पक्ष हुनु आवश्यक हुन्छ। सभा सञ्चालन गर्नलाई निष्पक्षता भएन भने सभा सञ्चालन गर्ने क्षमता अवरुद्ध हुन जाने जोखिम रहन्छ। नगरप्रमुखको कार्यकारिणी प्रमुखका रुपमा महत्वपूर्ण भूमिका रहने हुनाले स्थानीय सभा प्रति उनको जवाफदेहिता रहन्छ। त्यस्तो जवाफदेहिता सभाका लागि माग्नु पर्ने अवस्था आउँछ। आफूले आफैंसँग जवाफदेहिता माग गर्ने भनेको कार्यान्वयन हुन नसक्ने अवस्था हो। सभाका सदस्यहरुले स्थानीय सरकारका प्रमुख वा जिम्मेवारी बहन गर्ने वडा अध्यक्ष लगायतलाई केरकार गर्ने अधिकार राख्दछन्। नगर प्रमुखले आफू वा आफ्नो सरकारका जिम्मेवारी बहन गर्ने व्यक्तिहरुलाई बचाउन खोज्नु स्वभाविक नै देखिन्छ। यस्तोमा नगर प्रमुख नै सभाको अध्यक्ष हुने व्यवस्था शक्तिको पृथकीकरणको सिद्धान्त विपरीत हुने देखिँदा सभाको अध्यक्ष कुनै अर्को नगरसभा सदस्य हुने गरी संशोधन गरिनु आवश्यक देखिन्छ। यसो नगर्ने हो भने सभा अध्यक्षको रुपमा आफ्नो अधिकारको प्रयोग गर्दा अपनाउनु पर्ने निष्पक्षताका नियमहरु ऐनमा उल्लेख गरी ती नियमहरुको कार्यान्वयन गर्ने गराइने व्यवस्था गर्नु आवश्यक हुन्छ। वर्तमान अवस्थामा यसो गर्नु सम्भव देखिँदैन।

स्थानीय तहमा वडा अध्यक्षहरुले कार्यपालिका, यसका समितिहरु तथा वडामा पनि जिम्मेवारी बहन गर्दछन्। अहिलेका वडाहरु ठूलो आकारका छन्। तिनीहरुको जनसंख्या पनि धेरै छ। वडा अध्यक्षले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम वडामा अन्य कामका अतिरिक्त दैनिक प्रशासन तथा सिफारिसहरु समेत गर्नुपर्ने हुन्छ। अझ कैयौं पालिकाहरुमा वडाअध्यक्षले न्यायिक समितिको सदस्यका रुपमा पनि कार्य गरिरहेका छन्। यस्तोमा वडा अध्यक्षको जिम्मेवारी पूरा गर्न सँधै वडामा वा कार्यपालिकामा वा न्यायिक समितिमा बस्न सक्ने स्थिति देखिँदैन। तर स्थानीय सरकार सञ्चालन ऐनको दफा १६ को उपदफा (४) को खण्ड (ग) को (६) मा वडा अध्यक्ष सातदिन भन्दा बढी समय वडामा अनुपस्थित भए मात्र वडाको दैनिक प्रशासन र सिफारिस गर्ने सम्बन्धी कार्य वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोक्न सक्ने व्यवस्था गरेको छ। यसबाट वडा अध्यक्षहरुले कार्यबोझले गर्दा वडा-पालिका-न्यायिक समितिसँग समय मिलाउन नसकेका कारण प्रभावकारी रुपमा आफ्नो कर्तव्य निर्वाह गर्न समस्या परेको देखिन्छ। यस्तोमा

वडाको सिफारिस लगायतका कैयन् दैनिक प्रशासनिक कार्यहरु कुनै सदस्यलाई अधिकार प्रक्षेपण गर्न सकिने व्यवस्था गरेमा वडा सदस्यले पनि पालिकाको कार्यमा सहयोग गर्न सक्ने र वडा अध्यक्षले वडा र पालिकाको अरु महत्वपूर्ण काममा बढी ध्यान दिन सक्ने वातावरण बन्न सक्छ ।

उपरोक्त राजनीतिक जिम्मेवारी बाहेकका समस्या पनि यस ऐनमा देखिन्छन् । जस्तो, ऐनको दफा ४७ को उपदफा (२) को खण्ड (घ) मा रहेको अंगभंग बाहेकको बढीमा एक वर्षसम्मको कैद हुन सक्ने कुटपिट भन्ने प्रावधान बमोजिम कस्तो अवस्थामा एक वर्षसम्मको कैद हुन सक्ने भन्ने बारेमा निक्र्यौल गर्न न्यायिक समितिलाई सबैतिर कठिनाई भएको देखिन्छ । यसलाई स्पष्ट पारिनु आवश्यक छ । किनकी बाहिरी रुपमा अंगभंग नभई कुटपिट हुँदा भित्री चोटका कारण केही समय पछि पनि मानिसहरुमा गम्भीर शारीरिक क्षति वा मृत्युसम्म हुन सक्ने अवस्था रहेको हुन्छ । विद्यमान अपराध कानुनको प्रयोगका सम्बन्धमा न्यायिक समितिको क्षमता भइसकेको छैन । अतः यस ऐनमै आवश्यक प्रावधानहरु सहित स्पष्ट निर्देशन राखिनु जरुरी हुन्छ ।

त्यसैगरी, न्यायिक समितिलाई हाल दिइएको क्षेत्राधिकार न्याय निरुपणका हकमा प्रयोगमा ल्याउन नसकिएको मुलुकभरि देखिएको छ । सुनुवाई गरेर न्यायिक निरुपण गर्नुपर्ने विषयवस्तुमा न्यायिक समितिहरुले धेरै प्रगति गर्न सकेका छैनन् । विशेषगरी न्यायिक समितिका सदस्यहरुमा क्षमताको अभाव नै यसको प्रमुख कारण हो । निर्वाचित राजनीतिक प्रतिनिधिहरुमा त्यस्तो क्षमता हुनै पर्छ भन्ने छैन । यो परिस्थिति निकट भविष्यमा परिवर्तन हुने सम्भावना पनि छैन । पाँच-पाँच वर्षमा निर्वाचन पश्चात् निर्वाचित प्रतिनिधिहरु परिवर्तन भइरहन्छन् । अतः न्यायिक समितिको क्षेत्राधिकार वर्तमान क्षमतालाई विचार गर्दै कायम गर्नु उचित देखिन्छ । यसको अर्थ स्थानीय स्तरमा न्यायिक निरुपणको प्रावधान नै नराख्ने भन्ने होइन । स्थानीय स्तरमा न्यायिक समितिका साथै स्थानीय अदालत पनि रहने संविधानको अभिप्राय स्पष्ट देखिन्छ । न्यायिक समितिका लागि धारा २१७ ले स्पष्ट व्यवस्था गरेझैं स्थानीय अदालतका सम्बन्धमा त्यस्तो उल्लेख छैन । संविधानको अनुसूची ८ को एकल अधिकारको सूचीको क्रम संख्या १२ मा स्थानीय अदालतको व्यवस्थापन भन्ने स्पष्ट रुपमा आएको तर आजसम्म यसका लागि ऐन बन्न नसकेको तथा विद्यमान ऐनहरुमा यस सम्बन्धी व्यवस्था पहिले कहिल्यै नभएको अहिलेको परिस्थिति हो । तर अदालत भन्ने शब्दले स्पष्ट रुपमा केही खास स्तरको भौतिक, कानुनी, न्यायिक तथा निष्पक्षता सम्बन्धी पूर्वाधार आवश्यक हुन्छ भन्ने कुरा आफैं स्पष्ट हुन्छ । न्यायिक समितिका सम्बन्धमा त्यस्तो स्पष्टता छैन । यसको स्तर अदालत सरहको हुनुपर्छ भन्ने पनि छैन । तर स्थानीय अदालत जुनसुकै अवस्थामा पनि अदालती स्तर बमोजिमको हुनुपर्दछ । स्थानीय अदालतको राम्रो व्यवस्था गर्ने हो भने न्यायिक समितिको वर्तमान क्षेत्राधिकारलाई पुनर्विचार गर्न र आवश्यकता अनुसार नयाँ दिशा दिन सकिन्छ । स्थानीय अदालतले स्थानीय सरकारको निर्णयसँग सम्बन्धित कतिपय मुद्दाहरु हेर्न सक्ने स्थिति पनि विद्यमान हुन्छ । क्षेत्राधिकारको स्पष्टता कायम गरेर यो प्रावधानलाई कार्यान्वयनमा ल्याउन ढिलो भइसकेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) मा उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी अधिकारहरुको सूची विस्तृतिकरण गरिएको छ। यो उपदफामा उपरोक्त अधिकारहरुको सूचीमा स्थानीय ऐन बमोजिम भन्ने व्यवस्था नराखिएका कारण पालिकाहरुले स्थानीय सरकार सञ्चालन ऐनले दिएका अधिकारहरुलाई स्थानीय ऐन नबनाई सिधै नियमावली, कार्यविधि तथा निर्देशिकाहरु जारी गरेर कार्यान्वयनमा लागेका कारण कानुन निर्माणमा स्थानीय सभाको प्रतिनिधिमूलक भूमिका निर्वाह हुन सक्ने अवस्था कमजोर देखिएको छ।[२२] त्यस्तो विषयमा अदालतमा मुद्दा पर्दा अदालतले स्थानीय सभाले बनाएको स्थानीय ऐनले अधिकार नदिई सिधै कार्यपालिकाले कार्य गरेको भनी खारेज गरेको दृष्टान्तहरु पनि छन्।तसर्थ उपरोक्त उपदफामा स्थानीय ऐन अनुसार भन्ने शब्दावली थप गर्दा स्थानीय सरकारहरु यसप्रति बढी सजग हुने अवस्था आउँदछ।

वर्तमान व्यवस्थामा संघीय सरकार र प्रदेश सरकारले सशर्त अनुदानको रुपमा पठाएको बजेट स्थानीय तहले त्यो वर्षको बजेटमा पारेर सभाबाट पारित गराउन नसकेको खण्डमा रकम खर्च हुन नसक्ने अवस्था छ। यसमा सुधार गरेर संघ र प्रदेशबाट आउने त्यस्ता सशर्त अनुदानको बजेट स्थानीय सभाले वार्षिक बजेट बनाउने बेलामा नै पठाउने गरी समय मिलाउनु पर्ने देखिन्छ। वर्षको बीचमा आएको बजेटले कार्यविधिगत जटिलता बढाउने र पारदर्शिताको प्रश्न पनि आउने देखिन्छ। सभाले पारित नगरेको बजेट खर्च गर्न पाइँदैन। बजेटमै राख्न नसक्ने गरी रकम आउनु वा खर्च हुनु दुवै गलत प्रक्रिया हो। यो जटिलतालाई स्थानीय सरकार सञ्चालन ऐनले फुकाउनु जरुरी छ।

स्थानीय कर्मचारी प्रशासन प्रति संघ तथा प्रदेशले गम्भीर रुपमा चासो राख्न सकेको देखिँदैन। सुशासनका लागि स्थानीय तहको कर्मचारीहरु भर्नाका लागि पदीय दायित्व, प्राविधिक ज्ञानको आवश्यकताको स्तर लगायतका पक्षहरु हेरेर स्थानीय कर्मचारी भर्ना मापदण्ड बनाएर लागु गरिनु जरुरी छ। यस्तो मापदण्ड नबनाई कार्यकारी आदेशको भरमा कर्मचारी भर्ना हुने प्रचलनले स्थानीय तहमा अनियमिता भएको भन्ने गुनासो एउटा धेरै सुनिएको गुनासो हो। एकातिर, प्रदेश सरकार तथा प्रदेश लोकसेवा आयोगले यस विषयमा ध्यान पुऱ्याउनु जरुरी छ भने अर्कोतर्फ, स्थानीय सरकारले पनि उपयुक्त ऐनको व्यवस्था गरी आफ्नो तजबिजलाई कानुनको दायरामा ल्याउनु जरुरी छ।

अनुसूची ९ मा भएका संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरु मध्ये स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको भागको अधिकार यी-यी हुने भनेर व्यवस्था गरेको भए पनि संघ र प्रदेश सरकारले साझा अधिकारको विषयमा सो कुरालाई ध्यानमा राख्न नसक्दा स्थानीय तहहरु साझा अधिकारले छोएको विषय भएका कारणले मात्र उपरोक्त विषयमा कतिपय अवस्थामा काम गर्न नपाउने परिस्थिति निर्माण भएको मान्दछन्। तसर्थ स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (४) मा

---

[२२] https://www.nayapatrikadaily.com/news-details/1824/2019-01-01

व्यवस्था गरिएका अधिकारहरुका बारेमा स्थानीय तहका हकमा संघ र प्रदेश सरकारहरु स्पष्ट भएर आउनु पर्दछ । किनकी यो ऐनले उपरोक्त विषयमा स्थानीय तहको अधिकारहरुको विस्तृत रुपमा उल्लेख गरिसकेको छ ।

स्थानीय तहका जनप्रतिनिधिहरु लामो समयसम्म कार्यपालिकी वा सभाको बैठकमा उपस्थित नभएको अवस्था धेरै ठाउँमा देखिएको छ । कार्यवाहकको जिम्मेवारी दिन सकिने कतिपय अवस्थामा सो जिम्मेवारी दिएर गएको पनि देखिँदैन । सामान्यत: कार्यवाहक दिएर वा नदिएर, जुनसुकै अवस्थामा पनि लामो समयसम्म अनुपस्थित भएको अवस्थामा उपरोक्त पद न त खाली हुन्छ, न त त्यस्ता जनप्रतिनिधिका कारण काम रोकिँदा विकल्प खोज्ने अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐनले यो अवस्थालाई सम्बोधन गर्नुपर्ने देखिन्छ ।

संविधानको धारा १३३ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनाउने स्थानीय कानुन संघीय र प्रदेश कानुनसँग बाझिनु हुँदैन । संघीय र प्रदेश कानुन भन्नाले संघीय ऐन र प्रदेश ऐनका अतिरिक्त सम्बन्धित सरकारद्वारा निर्माण गरिएका अन्य प्रत्यायोजित विधायनहरु पनि पर्दछन् । सामान्यत: ऐनहरु प्रकाशित गरिएका हुन्छन् भने प्रत्यायोजित विधायन अन्तर्गत पर्ने कतिपय आज्ञा, आदेश वा पत्र सार्वजनिक जानकारीमा आउँदैन । यस्तो अवस्थामा स्थानीय सरकारले ती सबै प्रत्यायोजित विधायनलाई कार्यान्वयन गर्ने अवस्था रहँदैन । अत: त्यस्ता विधायनहरुको प्रकाशन तथा पहुँचलाई सम्बन्धित सरकारले ध्यान दिनु जरुरी छ ।

स्थानीय सरकार सञ्चालन ऐनका केही समस्याहरुको बारेमा माथि चर्चा गरिसकिएपछि स्थानीय तहको कानुन निर्माण तथा कार्यान्वयन सम्बन्धी अधिकारको प्रयोगमा सोका कारण समस्याहरु भएको अनुमान लगाउन असहज छैन । स्थानीय सरकारहरुले स्थानीय कानुन बनाउँदा र कार्यान्वयनका क्रममा जाँदा त्यस्ता असहजताहरुलाई सकेसम्म संघ र प्रदेश सरकारसँग समन्वय गरेर जाने, नसकेको अवस्थामा त्यो विषयमा स्थानीय स्तरमा गरिने कामकारबाहीहरु त्यहीँ रोक्ने कार्यनीति अपनाएको यस अध्ययनका क्रममा भ्रमण गरिएको स्थानीय तहहरुमा भएको छलफलबाट देखिएको छ ।

सर्वप्रथम, यस परिच्छेदमा सबै स्थानीय तहहरुले आफूलाई आवश्यक विभिन्न कानुनहरु निर्माण गर्दै अघि बढेको सर्वत्र अनुभव गरिएको तथ्यलाई उल्लेख गर्नु जरुरी छ । यस्ता स्थानीय कानुनहरुमा खासगरी संघीय सरकारद्वारा प्रस्तावित नमुना कानुनहरु पनि रहेका छन् भने केही कानुनहरु स्थानीय तहहरुले आफ्नो प्राथमिकताका क्षेत्रहरुमा ल्याएको देखिन्छ । नमुना कानुनलाई आधार बनाएर नगरसभाले पारित गरेका स्थानीय कानुनहरुमा आधारभूत परिवर्तन भने देखिँदैन । सामान्यत: जेजस्तो नमुना प्रस्ताव गरिएको छ, त्यसैलाई स्वीकार गरिएको अवस्था छ । तर स्थानीय विषयवस्तुलाई समेटेर बनाएका कानुनले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने तथा त्यस्तो आवश्यकता बमोजिम नियमन गर्ने उद्देश्य राखेको भने पाइन्छ । कतिपय विषयवस्तुलाई स्थानीय रुपमा उत्साहपूर्वक लिइएको अवस्था पनि छ । स्थानीय ऐनहरु बाहेक नियमावली, कार्यविधि तथा निर्देशिकाहरु पनि कार्यपालिकाले बनाएर कार्यान्वयन गरेको देखिन्छ । यसरी बनेका

नियमावली, कार्यविधि तथा निर्देशिकाले सम्बन्धित स्थानीय ऐनलाई नै टेक्नु पर्ने भए पनि धेरैजसो त्यसो भएको पाइँदैन । मूल स्थानीय ऐन नबनाइकन पनि नियमावली, कार्यविधि तथा निर्देशिका बनेका देखिन्छन् । यसबाट विवाद उठेका बेला स्थानीय ऐनको आधार विनै कार्यपालिकाले निर्माण र लागु गरेका त्यस्ता नियम, कार्यविधि तथा निर्देशिकाहरुको वैधतामा प्रश्न उठ्न सक्ने प्रशस्त आधार भेटिन्छ ।

यस परिच्छेदमा अध्ययन गरिएका सबै नगरपालिकाहरुको कानुन निर्माण तथा तिनले सिर्जना गरेका महत्वपूर्ण कानुनी व्यवस्थाहरुलाई विश्लेषण गरिएको छ। यस विश्लेषणको उद्देश्य उक्त नगरपालिकाहरुको समग्र कानुनहरुको विस्तृत अध्ययन होइन । यसको उद्देश्य ती नगरपालिकाहरुको अध्ययनबाट देखिएका सामान्य प्रवृत्तिहरुको पहिचान गर्नु हो । यसका साथै ती नगरपालिकाहरुको नीति तथा कार्यक्रमहरु, तिनलाई कार्यान्वयन गर्ने विषयगत क्षेत्रका आधारमा उपरोक्त पालिकाहरुमा लागु भएका कानुनहरुको सूची, लैंगिक समानता तथा सामाजिक समावेशिकरणका बारेमा पनि यहाँ उल्लेख गरिने छ । त्यस्ता नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न अधिकांश अवस्थामा कानुनी पूर्वाधारको आवश्यकता हुन्छ । यस्तो पूर्वाधारले विधिको शासन, मौलिक अधिकारको सुनिश्चितता, प्रशासनिक दक्षता, पारदर्शिता लगायतका उद्देश्यहरु प्राप्त गर्न सहयोग पुऱ्याउँछ । यस खण्डमा स्थानीय तहले कुन रुपमा र के कस्ता क्षेत्रहरुमा नीति तथा कार्यक्रम ल्याएका छन् तथा तिनलाई विद्यमान कानुनहरुले समर्थन गरेका छन् कि छैनन् भन्ने बारेमा चर्चा गरिने छ ।

केही नगरपालिकाहरुले दीर्घकालीन उद्देश्यका लागि बृहत नगर योजना समेत बनाएर कार्यपालिकाबाट पारित गरेको वा पारित गर्ने क्रममा रहेको पाइन्छ । उदाहरणका रुपमा भीमेश्वर नगरपालिका, वालिङ नगरपालिका तथा तानसेन नगरपालिकालाई उल्लेख गर्न सकिन्छ। बृहत नगर योजनालाई नगरको सामाजिक-आर्थिक क्षेत्रको संगठित, सुव्यवस्थित र सुनियोजित ढंगले विकास गर्न समष्टिगत मार्गचित्रको रुपमा लिइएको छ। यो योजना तयार गर्दा नगरवासीहरुबाट सुझावहरु लिइएको र विज्ञहरुसँग पनि सहकार्य गरिएको थियो । उपरोक्त बृहत नगर योजनाले क्षेत्रगत एवम् मध्यकालीन योजनाहरु समेट्नुका साथै समावेशी, सन्तुलित र समन्यायिक विकासको दिशामा अघि बढ्ने बाटो पहिल्याएको छ। यस्तो बृहत योजना पनि नगरपालिकाको लागि एक महत्वपूर्ण दस्तावेज हो ।

## १. दमक नगरपालिका (प्रदेश १)

दमक नगरपालिका प्रदेश १ को झापा जिल्लामा अवस्थित छ। यस नगरपालिकाको कूल क्षेत्रफल ७५.८५ वर्ग किमी रहेको छ। यस नगरपालिकामा जम्मा १० वटा वडाहरु रहेका छन् । दमक नगरपालिका वर्तमान प्रदेश राजधानी विराटनगरबाट करिब ६० किमीको दुरीमा पर्दछ तथा सडक सञ्जालले सुगम रुपमा जोडिएको छ । यहाँ जम्मा २२,४४२ घरधुरीमा कूल ८६,८९० जनसंख्या रहेको छ । यो नगरपालिका बाहुन, क्षेत्री, जनजाति, दलित लगायतको जानसांख्यिक विविधतायुक्त छ । दमक नगरपालिकाको अर्थतन्त्र कृषि,

वन, साना व्यापार तथा उद्योग, खुद्रा बजार, होटल तथा सेवा क्षेत्रमा आधारित छ । नगरपालिकाको कूल क्षेत्रफलको ७६.९ प्रतिशत भूभाग खेतीयोग्य रहेको तथ्यांकमा देखिन्छ । प्राकृतिक स्रोत अन्तरगत ढुंगा, गिट्टी, बालुवा, काठ, दाउरा जस्ता वस्तुहरु निकासी भएको पाइन्छ । केही चिया बगानहरु पनि रहेको छ । यस नगरपालिकामा शिवालय, दुर्गा पञ्चायण मन्दिर, देवीथान ग्रामथान तथा विभिन्न गुम्बाहरु पनि रहेका छन् । यस नगरपालिका भएर रतुवा, मावा, बेतनी लगायत ९ वटा नदी तथा खोलाहरु बग्दछन् । नगरपालिकाको प्रमुख आन्तरिक आय स्रोतहरुमा सम्पत्ति कर, नक्सापास दस्तुर तथा अन्य सेवा शुल्क तथा दस्तुरहरु रहेको देखिन्छ । यद्यपि नगरपालिकाले व्यवसाय कर, विज्ञापन कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेसन जस्ता आयका क्षेत्रमा अनुमान गरे जस्तो आय गर्न सकेको भने देखिँदैन ।[२३]

नगरपालिकाको कूल साक्षरता दर ८२ प्रतिशतको हाराहारीमा छ । खानेपानी तथा बिजुली सुविधा सबै घरधुरीसम्म पुगेको पाइन्छ । पाँचवटा स्थानीय रेडियो तथा पाँचवटा पत्रपत्रिका स्थानीय रुपमा प्रकाशित हुने गरेको देखिन्छ ।[२४]

## क) दमक नगरपालिकाको नीति तथा कार्यक्रम

दमक नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास; सामाजिक विकास; शिक्षा, युवा तथा खेलकुद; स्वास्थ्य; सीप, क्षमता तथा आर्थिक विकास; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; सार्वजनिक निजी साझेदारी र गैरसरकारी संस्था; वातावरण तथा विपद व्यवस्थापन; संस्कृति तथा पर्यटन प्रवर्द्धन; कृषि विकास तथा पशुपालन; राजश्व परिचालन; शहरी विकास तथा भवन निर्माण; सञ्चार तथा सूचना प्रविधि; सार्वजनिक प्रशासन तथा क्षमता विकास; सुशासन र पारदर्शिता; विधायन सम्बन्धी तथा विविध शीर्षकमा नीति तथा कार्यक्रमहरु उल्लेख गरिएको छ ।

**विधायन सम्बन्धमा**ः नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम नगरपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी गर्ने कार्यलाई आर्थिक वर्ष २०७७/७८ मा निरन्तरता दिइने तथा नगरपालिकालाई आवश्यक पर्ने ऐन नियमहरु तर्जुमा गर्दा सरोकारवाला पक्षहरु र विज्ञहरुको सुझाव लिने नीति लिइने उल्लेख गरिएको छ ।

**सामाजिक विकास सम्बन्धमा**ः यस अन्तरगत सुरक्षित आवासका लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिने; नगरपालिका क्षेत्र भित्र रहेका सहकारी, वित्तीय संस्था तथा गैर सरकारी संघसंस्थाहरुको लगानीलाई नगरपालिकाको प्राथमिकता अनुसारका

---

[२३] दमक नगरपालिका प्रोफाइल, २०७५, लिन्कः http://damakmun.gov.np/ne/content/ दमक-नगरपालिका-प्रोफाईल-२०७५

[२४] कमिटेड नेपाल र विकास उद्यमीद्वारा तयार पारिएको इन्फोग्राफ, लिन्कः http://damakmun.gov.np/ne/content/अष्ट्रेलियन-एड-द-एसिया-फाउण्डेसनको-सहयोगमा-कमिटेड-नेपाल-र-बिकास-उध्यमी-द्वारा-तयार-गरिएको-1

कार्यक्रममा लगानी तथा सहकार्य गर्न अभिप्रेरित गरिने; सामाजिक विकृति, विसंगति, कुरीति, अन्धविश्वास, कमजोर आत्मबल विरुद्ध नगरपालिकाद्वारा सञ्चालित सचेतना कार्यक्रमका साथै सामाजिक मनोपरामर्श सेवालाई समेत समुदाय स्तर सम्म पुऱ्याउन पहल गरिने; विद्यालय तथा वडा स्तरमा बालक्लब गठनको कार्यलाई तीब्रता दिने; गरिबी न्युनीकरणका लागि विपन्नता पहिचान कार्यविधिका आधारमा १,००० परिवारको निशुल्क स्वास्थ्य बीमा गर्ने, अतिविपन्न २०० परिवारलाई २५ प्रतिशत सहुलियतमा दैनिक उपभोगका सामाग्री दिन सुपथ मूल्य पसल सञ्चालन गर्ने, २०० मजदुरलाई भलाई कोषमा सहभागी गराउने तथा विपन्न, दलित, एकल महिला, अपांगता भएका र यौनिक अल्पसंख्यकलाई आत्मनिर्भर बनाउन कम्तिमा ५ वटा समूहलाई तालिम, औजार, उपकरण, बीउबिजन र मल उपलब्ध गराएर स्वरोजगार हुन प्रोत्साहित गर्ने भनिएको छ। यसका साथै *सबैका लागि सबै, कोही एक्लो छैन* कार्यक्रम अन्तरगत अति विपन्न, अनाथ एवम् असहाय महिला, बालबालिका वा आपतविपदमा परेका र अन्य विविध कारणले आफ्नो भाग्यलाई दोष दिई आत्मग्लानीमा बाँच्न बाध्य नागरिकको जीवन रक्षा र आत्मसम्मानका लागि तत्काल राहत, उद्धार, औषधोपचार र पुनस्थापनाको व्यवस्था मिलाउने नीति बनाएको छ। हिंसा पीडित र असहाय महिला संरक्षणका लागि *सेफ हाउस* निर्माण गरिने कार्यक्रम छ। न्याय क्षेत्रको कामलाई थप व्यवस्थित र छिटो छरितो बनाउन मेलमिलाप समितिलाई समसामयिक तालिम र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिने; ज्येष्ठ नागरिकहरुको अनुभव लेखनलाई प्रोत्साहन गरिने तथा तिनको निशूल्क मोतिबिन्दु तथा पौरुष ग्रन्थी (प्रोस्टेट) को उपचारका लागि स्वास्थ्य संस्थाहरुसँग सहकार्य गर्ने; अपांगता भएका, असहाय, अशक्त, दलित, अल्पसंख्यक, पिछडा वर्ग एवम् विकास र समृद्धिबाट हालसम्म पछि रहेको वर्गको उत्थानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने जस्ता विषयहरु पनि सामाजिक विकास अन्तरगत उल्लेख रहेको देखिन्छ।

**सुशासन र पारदर्शिता सम्बन्धमा**: नगरपालिकाबाट कार्य सम्पादन गर्दा पारदर्शी, जवाफदेही र सहभागितामूलक प्रक्रिया अवलबन गरिने; सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक लेखा परीक्षण लगायतका कार्यक्रमको निरन्तरता; जनप्रतिनिधि र कर्मचारीहरुको आचार संहिता पालनालाई प्रभावकारी बनाउने; नागरिक बडापत्र मार्फत सेवाग्राहीलाई जानकारी गराउने नीतिलाई व्यवहारिक बनाइने; नगर कार्यपालिकाको काम छिटो, छरितो, चुस्तदुरुस्त र व्यवस्थित गर्न विभिन्न उपसमिति तथा कार्यदलहरु बनाई कामको जिम्मेवारी दिइने लगायतका कार्यहरु गरिने उल्लेख छ।

**महिला, बालबाबलिका तथा ज्येष्ठ नागरिक सम्बन्धमा**: यसका लागि विभिन्न कार्यक्रमहरु रहेको देखिन्छ। महिलाहरुलाई लैंगिकता, यौनिकता, प्रजनन स्वास्थ्य, सहकारी, शिक्षा, नेतृत्व विकास, लेखा व्यवस्थापन र लैंगिक हिंसा न्युनीकरण गर्नका लागि तालिम तथा सचेतनामूलक कार्यक्रम तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालन; किशोरीहरुका लागि सीप विकास कार्यक्रम; वडा स्तरमा पुरुष समविकास कार्यक्रम; बाल अधिकार र पुनर्स्थापना कार्यक्रम; लैंगिक हिंसा विरुद्धको अभियान; घरेलु हिंसा तथा लैंगिक

हिंसाको न्युनीकरण; बालमैत्री नगर निर्माणको अभियानमा बालबालिकाहरुको सहभागिताको सुनिश्चित गर्ने जस्ता कार्यक्रमहरु समेटिएको छ ।

युवाहरुलाई नीति निर्माण तहमा नेतृत्व तथा क्षमता विकास, वर्तमान शासकीय स्वरुपमा युवा समूहलाई परिचित गराउन नमुना युवा संसदको अभ्यास गराइने पनि उल्लेख छ । युवा शक्तिलाई नगरको सचेतनाका संवाहकका रुपमा सदुपयोग गर्दै नगर विकासमा सहभागी गराइने उल्लेख छ ।

दमक नगरपालिकाले *एक विद्यालय, एक पेशा व्यवसाय शिक्षा कार्यक्रम; शिक्षक विद्यार्थी परामर्श सेवा कार्यक्रम; रुख रोपौं, वातावरण जोगाऔं; घरमै सुत्केरी गराउने कार्य शून्य; पूर्ण खोप नगर र खुल्ला दिसामुक्त नगर; स्वस्थ्य दमक, कुपोषण रहित नगर; दमकका महिला, उद्यममा पहिला; १ घर - १ फलफूलको बिरुवा; शरणार्थी संग्रहालय; कृषिमा प्रोत्साहन, अनुदानै अनुदान; खनौं आफ्नो माटो, छोडौं विदेशको बाटो; बालीमा विषादी, स्वास्थ्यमा बर्बादी; नगर प्रमुख कृषि आधुनिकीकरण कार्यक्रम; करदाता सामाजिक सुरक्षा कार्यक्रम; नजाउँ विदेशमा, सम्भव छ आफ्नै ठाउँमा* जस्ता कार्यक्रम तथा अभियानहरुको सुरुवात एवम् निरन्तरताको प्रण पनि यो नीति तथा कार्यक्रम मार्फत गरेको छ ।

## ख) दमक नगरपालिकामा लागु भएका कानुनहरू

| आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित | |
|---|---|
| • कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७४ | • घर नक्सा नीति, २०७४/७५ |
| • दमक सहकारी ऐन, २०७५ | • भवन तथा योजना मापदण्ड, २०७४ |
| • स्थानीय बजार व्यवस्थापन ऐन, २०७४ | • भूमि व्यवस्थापन नियमावली, २०७४ |
| • दमक बसपार्क ऐन, २०७५ | • बालुवा प्रशोधन उद्योग तथा नदीजन्य सामाग्री व्यवस्थापन कार्यविधि, २०७५ |
| • दमक नगर संस्था दर्ता ऐन, २०७६ | • "घ" वर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ |
| • दमक कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन ऐन, २०७७ | • दमक नगरको जग्गा खण्डीकरण तथा प्लटिङ्ग सम्बन्धी कार्यविधि, २०७६ |
| • स्थानीय बजार नियमावली, २०७५ | • दमक यातायात व्यवस्थापन कार्यविधि, २०७६ |
| • यातायात तथा ट्राफिक व्यवस्थापन र सहरी सुदृढीकरण कार्यविधि, २०७६ | • उत्पादनमा आधारित कृषि अनुदान कार्यविधि, २०७७ |
| • नमुना बजार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०७५ | |
| • दमक बसपार्क व्यवस्थापन कार्यविधि, २०७५ | |

| | |
|---|---|
| • स्थानीय विकास तथा परियोजना सञ्चालन निर्देशिका, २०७४<br>• जग्गा प्लटिङ्ग कार्यनीति, २०७५<br>• भूमि व्यवस्थापन कार्यविधि, २०७४<br>• प्लटिङ्ग कार्यविधि, २०७४<br>• भवन तथा योजना मापदण्ड, २०७४ | • दमक नगर घर बहाल कर कार्यविधि, २०७७<br>• संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७<br>• दमक नगर व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७<br>• टोल विकास संस्था गठन र परिचालन कार्यविधि, २०७७ |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • दमक नगरपालिका विनियोजन ऐन (पहिलो संशोधन), २०७५<br>• दमक नगरपालिका आर्थिक ऐन (पहिलो संशोधन), २०७५ | • कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५<br>• आर्थिक ऐन, २०७६ |
| **सामाजिक क्षेत्रसँग सम्बन्धित** | |
| • स्वास्थ्य तथा सरसफाई ऐन, २०७५<br>• दमक नगरपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६<br>• दमक वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६<br>• दमक नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७६<br>• दमक प्रज्ञा प्रतिष्ठान ऐन, २०७७<br>• दमक नगर शिक्षा नियमावली, २०७७<br>• दमक प्रज्ञा प्रतिष्ठान नियमावली, २०७७<br>• दमक नगर स्वास्थ्य नियमावली, २०७७<br>• दमक खेलकूल निर्देशिका, २०७४<br>• फोहरमैला तथा वातावरण सम्बन्धी विशेष निर्णय, २०७४ | • दमक विपद व्यवस्थापन कोष निर्देशिका "२०७४"<br>• विपन्नता पहिचान कार्यविधि, २०७४<br>• अपांगता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५<br>• बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७५<br>• सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०७५<br>• दमक नगर युवा स्वरोजगार कोष कार्यक्रम सञ्चालन कार्यविधि, २०७६<br>• दमक कोभिड १९ अस्पताल सञ्चालन कार्यविधि, २०७७<br>• लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ |

| प्रशासनिक क्षेत्रसँग सम्बन्धित | |
|---|---|
| • दमक नगर प्रहरी ऐन, २०७६<br>• दमक तथ्यांक तथा अभिलेख संकलन ऐन, २०७५<br>• दमक नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७५<br>• दमक नगर प्रशासकीय कार्यविधि ऐन, २०७६<br>• दमक नगरपालिका प्रशासकीय संगठन, संरचना र दरबन्दी मापदण्ड, २०७७ (नगरसभाबाट पारित)<br>• दमक नगरपालिका लिखत प्रमाणिकरण नियमावली, २०७४<br>• दमक नगर सार्वजनिक खरिद नियमावली, २०७७<br>• दमक नगरपालिका नगर प्रहरी सम्बन्धी कार्यविधि, २०७५ | • स्थानीय राजपत्र प्रकाशन कार्यबिधि, २०७४<br>• नगर सभा सञ्चालन कार्यविधि, २०७४<br>• नगर कार्यापालिका (कार्यसम्पादन) नियमावली, २०७४<br>• नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४<br>• मानव संशाधन विकास कार्यविधि, २०७४<br>• दमक नगरपालिका स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७७<br>• समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ |

## ग) दमक नगरपालिकाका केही कानुनहरूको टिप्पणीहरू

दमक नगरपालिका कानुन निर्माण तथा यसको कार्यान्वयनमा अग्रणी स्थानमा देखिन्छ। यहाँ सामान्य छलफल तथा अध्ययनका क्रममा आएका कानुनहरु सम्बन्धी केही टिप्पणीहरु प्रस्तुत गरिएको छ :

दमक नगरपालिका नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि, २०७५ एउटा उल्लेखनीय कार्यविधि हो। नगर प्रहरी सम्बन्धी स्थानीय ऐन नबनाई कार्यपालिकाले यो कार्यविधि बनाएको अवस्था रहेको थियो। अहिले नगरपालिकाले सो समस्यालाई सम्बोधन गर्न नगर प्रहरी ऐन, २०७६ बनाएर लागु गरिसकेको छ।

कानुन निर्माणको अनुभवका सम्बन्धमा दमक नगरसभा सञ्चालन कार्यविधि, २०७४ लाई लिन सकिन्छ। यो कार्यविधि नगरकार्यपालिकाबाट पारित गरी लागु गरिएको थियो। नगरसभा नगर कार्यपालिका मातहतको अंग होइन। यो नगर कार्यपालिका लगायत आफ्नो स्थानीय तहका लागि स्थानीय कानुनहरु निर्माण गर्ने संवैधानिक अधिकार भएको थलो हो। नगर सभाले आफ्नो कार्य सञ्चालन कार्यविधि आफैंले तोक्न सक्ने गरी अधिकार पाएको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि यसबारेमा उल्लेख गर्दछ। तसर्थ कार्यपालिकाले नगरसभाको कार्य सञ्चालन कार्यविधि बनाउन सक्दैन। तर यो

लागु भइरहेको स्थिति भएकाले यसमा विचार पुऱ्याइनु पदर्छ । यसका अतिरिक्त शून्य समय, विशेष समय, विशेष र सार्वजनिक महत्वको प्रस्ताव तथा प्रश्नोत्तर जस्ता नगर सभाका सदस्यले प्रयोग गर्न पाउने विधायिकी अधिकारका बारेमा प्रष्ट रुपमा उल्लेख भएको पाइँदैन । यस कार्यविधिले अपांगता भएका सदस्यको हकमा आवश्यक भएमा एकजना सहयोगीको व्यवस्था गर्न सकिने सकारात्मक व्यवस्था गरेको छ ।

भूमि व्यवस्थापन कार्यविधि, २०७४ ले सार्वजनिक जग्गाको व्यवस्थापन, सुकुम्बासी व्यवस्थापन जस्ता विभिन्न राम्रा उद्देश्य राखेको भए पनि यो अति नै जेलिएको कानुन जस्तो देखिन्छ । पहिलो त संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारहरुलाई दिएको अधिकारलाई व्यवस्थित रुपमा स्थानीय स्तरमा प्रयोग गर्न पहिला नगरसभाले बनाउनु पर्ने कानुन बनिसकेको छैन । यसका साथै यस कार्यविधिले कार्यपालिका मातहत रहने गरी भूमि व्यवस्थापन उच्चस्तरीय अधिकार सम्पन्न आयोगको सिर्जना गर्दछ । यससँगै यस आयोगलाई अनुगमन र निर्देशन दिन नगर प्रमुख संयोजक रहने ५ सदस्यीय अनुगमन समिति सिर्जना गरिएको छ । फेरि आयोगको जवाफदेहिता नगरपालिका प्रमुख र बोर्ड प्रति हुनेछ भनी नियम २१ मा पनि भनिएको छ । एकातिर, यो आयोग स्थानीय सभाले विधायिकी अधिकार प्रयोग गरी बनाएको अधिकार सम्पन्न आयोग होइन । अर्कोतिर, भूमि व्यवस्थापन सम्बन्धी दमक नगरपालिकाको कुनै स्थानीय ऐन नबनाई जग्गा वितरण गर्ने सम्मको अधिकार सहितको व्यवस्थाहरु यस कार्यविधिमा देखिन्छ । अतः स्थानीय भूमि व्यवस्थापन ऐन नगरसभाबाट पारित गरी सोही ऐनको आधारमा अख्तियारी र उत्तरदायित्वयुक्त संयन्त्रहरुको व्यवस्था गरेर यो समस्याको समाधान खोज्नुपर्ने अवस्था छ ।

कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५ पनि सार्वजनिक चासोको अर्को विषय हो । यसको दफा ४० ले यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन भनेको छ । त्यस्तै दफा ४१ (२) ले त्यस्तो पुनरावलोकनका सम्बन्धमा जिल्ला अदालतको निर्णय अन्तिम हुने भनेको छ । यो क्षेत्राधिकारको विषय केवल संघीय ऐनले मात्र हल गर्न सक्दछ । त्यस्तै यस ऐनको दफा ५८ मा स्थानीय सरकारले आफूले असूल गर्नु पर्ने कुनै कर ठेक्का लगाई उठाउन पाइने छैन भनेको छ । यसको औचित्य प्रमाणित हुँदैन । नगरपालिका आफैंले आफ्नो अधिकारलाई केका लागि संकुचित गर्न खोजेको हो ? स्पष्ट हुनु जरुरी छ । कतिपय विषयमा ठेक्का दिएर कर असूल गर्दा प्रशासनिक रुपमा छिटो छरितो हुन सक्दछ । यस ऐनको दफा ५९ मा कागजातको हेरफेर अन्तरगत नगर कार्यपालिकाले ऐनको अनुसुचीलाई आवश्यक हेरफेर गर्न सक्नेछ र त्यस्तो हेरफेरको सूचना नगरसभालाई दिइनेछ भनिएको छ । अनुसूचीमा एकीकृत सम्पत्ति करको दर, संरचनाको ह्रास कट्टी दर, स्थानीय सरकारले शूल्क लगाई उठाउन सक्ने विषय उल्लेख छ । संविधानले ऐन नबनाई कर उठाउन नपाइने भनी व्यवस्था गरेको सन्दर्भमा उपरोक्त विषयवस्तुमा स्थानीय ऐनमा उल्लिखित सबै विषयवस्तुमा कार्यपालिकाले आफैं हेरफेर गर्न सक्ने अवस्था पुनरावलोकन गर्नु जरुरी छ ।

कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा कम्पनी फर्मको दर्ता र खारेजीको व्यवस्था रहेको देखिन्छ । कर तथा स्थानीय व्यवस्थापकीय प्रयोजनका लागि स्थानीय कम्पनीलाई पालिकामा सूचीकृत गर्न नसकिने होइन । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ञ) को बुँदा ६ ले स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमनको अधिकार स्थानीय सरकारलाई दिएको देखिन्छ । तर कम्पनी ऐन, २०६३ संघीय स्तरको ऐन हो । यस बमोजिम काम, कारबाही गरिएको छ भने स्थानीय सरकारले टिप्पणी गर्ने अवस्था रहँदैन । यस्तो अवस्थामा कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७४ को कम्पनीको दर्ता र खारेजीको व्यवस्थाको व्याख्या स्पष्ट रुपमा हुनु पर्ने आवश्यकता छ । त्यस्तै दफा १९ को घाटा नाफा बहन गर्नु पर्ने सम्बन्धी प्रावधान लगायत कम्पनी कानुनमा भएका व्यवस्थाहरुमा यस ऐनमा पनि व्यवस्था भएको विषयहरुमा कुन ऐनलाई आधार मान्ने भन्ने प्रश्न छ । यसमा स्पष्टता चाहिन्छ ।

आर्थिक ऐन, २०७५ (पहिलो संशोधन समेत) को परिच्छेद २ सम्पत्ति करको दफामा ११३१३ सम्पत्ति कर अन्तरगत १० नम्बर बुँदाले सम्पत्ति कर लिँदा प्रत्येक करदाताबाट प्रतिवर्ष रु. १० वारुण यन्त्र सेवा शूल्क लिइने भनेको छ । वारुण यन्त्र शूल्क लिए पछि वारुण यन्त्र नगरवासीका लागि निशूल्क हुने हो वा होइन भन्ने प्रष्ट छैन । न त यो शूल्क दमक नगर सभाबाट निर्मित दमक विपद व्यवस्थापन कोषमा जम्मा गरिने उल्लेख छ । सोही दफाको ११ नम्बर बुँदाले सम्पत्ति करको दरमा १० प्रतिशत थप मर्मत सम्भार शूल्क लिइने छ भन्ने प्रावधान छ । मर्मत सम्भार शूल्क लिनु पर्ने औचित्य भने खुल्दैन ।

दमक विपद् व्यवस्थापन कोष, २०७४ ले व्यवस्था गरेको कोष स्थानीय सरकारको कोष हो । यसलाई नगर सभाले पारित गरे पनि ऐनको रुपमा नभई निर्देशिकाका रुपमा पारित गरेको छ । निर्देशिका सरकारी स्तरमा जारी गर्नुपर्ने हो । सभाले निर्देशिका भनेर जारी गरे पनि यसको हैसियत ऐन बमोजिमको हुनुपर्छ । दफा १४ मा यो निर्देशिका परिवर्तन गर्नु परे कोष परिचालन समितिले एक उपसमिति गठन गरी वा आफैंले परिवर्तन गरी कोष परिचालन समितिको साधारण सभाबाट पारित गर्नेछ भनी स्पष्ट छ । नगरसभाबाट पारित भएको निर्देशिका दफा ४ को कोष परिचालन समितिले संशोधन वा परिवर्तन गर्न सक्ने विषय मिल्दो देखिँदैन ।

दमक सहकारी ऐन, २०७५ को दफा ७(४) ले सहकारी दर्ता गर्ने अधिकारीले दर्ता हुन आउने सहकारी संस्थाले पालना गर्नुपर्ने गरी कुनै शर्त तोक्न सक्ने अधिकार दिएको छ । सहकारी संस्था दर्ता गर्न आवश्यक शर्त ऐनमा र तोकिए बमोजिम हुने भनी दफा ७(१) मा प्रष्टसँग उल्लेख गरिएको छ । अतः यो उपदफाले ऐन र ऐन बमोजिम तोकिएको बाहेकका शर्त पनि तोक्न सक्ने तजबिजी अधिकार दर्ता गर्ने अधिकारीलाई दिएको देखिन्छ । ऐन, नियमावली र कार्यविधि बमोजिम गरिसकेपछि पनि दर्ता गर्ने अधिकारीले तजबिजी अधिकारको प्रयोग गर्नुपर्ने अवस्था ठीक होइन । यसको दुरुपयोग हुन सक्ने अवस्था भएकाले यस्तो तजबिजी अधिकारलाई पर्याप्त रुपमा परिभाषित गर्नु जरुरी छ । त्यस्तै, ऐनको दफा १०० सजायको प्रावधान हो । यसमा कसूर अनुसार जरिवाना तथा कैद सजायहरु तोकिएको छ । कैद सजाय एक बर्षदेखि बीस बर्षसम्मको तोकिएको छ । व्यक्तिलाई कैद गर्ने विषय स्वतन्त्रताको हकसँग सम्बन्धित भएकाले कसूरको गम्भीरता

बमोजिम मापदण्ड स्पष्ट गर्नु पर्ने हो । यस्तो मापदण्ड नहुँदा हचुवाका आधारमा कैद सजाय गरिने खतरा बढ्दछ । यो ऐन संशोधन गर्दा यसतर्फ सोचिनु पर्दछ । ऐनको दफा १०५ ले दफा १०१ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुने र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश गरेको मानिनेछ भनी उल्लेख गरेको छ । स्थानीय सरकारले बनाएको कानुनमा नेपाल सरकार वादी हुनु पर्ने र स्थानीय कानुनका विषय संघीय कानुनको अनुसूचीमा समावेश गरेको मानिने भन्ने विषय संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई दिएको सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमनको अधिकारसँग बाझिएको देखिन्छ । यस्ता विषयहरु संघीय ऐनले नै स्पष्ट गरेर अघि सार्नु पर्ने हो । स्थानीय कानुन अनुसार गर्दा विभिन्न पालिकाहरुमा विभिन्न किसिमको व्यवस्था हुन जाने जोखिम हुन सक्छ ।

स्थानीय बजार व्यवस्थापन ऐन, २०७४ को दफा ४ मा दर्ता सम्बन्धी प्रक्रियाका प्रावधानहरु छन् । यो व्यवस्थामा उद्योग, धन्दा, पसल, स्वास्थ्य क्लिनिक वा अन्य व्यवसाय गर्ने व्यक्ति, फर्म, कम्पनीले दर्ताको तोकिएको ढाँचाको आवेदन फारम भरी पेश गर्नुपर्ने छ भनिएको छ । स्थानीय फर्म स्थानीय तहले दर्ता गर्न मिले पनि कम्पनी ऐन, २०६३ का व्यवस्थाहरुका सन्दर्भमा यो ऐन स्पष्ट छैन । सम्बन्धित नगरपालिकामा खुलेका कम्पनीहरु कर तथा अन्य व्यवस्थापकीय प्रयोजनका लागि स्थानीय तहमा सूचीकरण गर्न सकिए पनि यस दफा बमोजिम दर्ता तथा खारेजी गर्न मिल्ने देखिँदैन । सूचीकृत नहुने र नवीकरण नगर्नेलाई नगरपालिकाले दण्ड जरिवाना लगाउन वा नगरपालिकाको सुविधा दिनबाट वञ्चित गर्न मिले पनि दर्ता खारेजी गर्न मिल्ने कानुनी आधार देखिँदैन । त्यस्तै, नगरकार्यपालिकाको संयोजकत्वमा बजार अनुगमन समितिको गठन गरिएको छ । यसमा टिप्पणी गर्नुपर्ने अवस्था छैन । तर ऐनमा तोकिएको अवस्थाहरुमा अनुगमन समितिलाई पनि कारबाही हुने भनिएको छ । समितिलाई कसले कारबाही गर्ने, कुन प्रक्रिया अपनाएर तथा कसरी एवम् के कारबाही हुने भनी ऐनले उल्लेख गरेको छैन । अतः माथि उल्लिखित आधारहरुमा स्थानीय बजार व्यवस्थापन ऐनलाई दोहोर्‍याएर हेर्नुपर्ने देखिन्छ ।

## घ) दमक नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति

दमक नगरपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम अनुसार यस नगरपालिकामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि विभिन्न कार्यक्रमहरु रहेको देखिन्छ । महिलाहरुलाई लैंगिकता, यौनिकता, प्रजनन स्वास्थ्य, सहकारी, शिक्षा, नेतृत्व विकास, लेखा व्यवस्थापन र लैंगिक हिंसा न्युनीकरण गर्नका लागि तालिम तथा सचेतनामूलक कार्यक्रम तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालन; किशोरीहरुका लागि सीप विकास कार्यक्रम; वडा स्तरमा पुरुष समविकास कार्यक्रम; बाल अधिकार र पुनर्स्थापना कार्यक्रम; लैंगिक हिंसा विरुद्धको अभियान; घरेलु हिंसा तथा लैंगिक हिंसाको न्युनीकरण; बालमैत्री नगर निर्माणको अभियानमा बालबालिकाहरुको सहभागिताको सुनिश्चितता जस्ता कार्यक्रमहरु समेटिएको छ । युवाहरुलाई नीति निर्माण तहमा नेतृत्व तथा क्षमता विकास तथा वर्तमान शासकीय स्वरुपमा युवा समूहलाई परिचित गराउन नमुना युवा संसदको अभ्यास गराइने पनि उल्लेख छ । युवा शक्तिलाई नगरको सचेतनाका

संवाहकका रुपमा सदुपयोग गर्दै नगर विकासमा सहभागी गराइने प्रतिबद्धता देखिन्छ। यिनै कार्यक्रमहरुलाई लक्षित गरी माथि उल्लेख गरिए बाहेक अन्य ऐन कानुन प्रस्ताव गरिएको छैन ।

### ङ) दमक नगरपालिकाको राजनीतिक अर्थव्यवस्था

दमक नगरपालिकाको कतिपय क्षेत्रको विकासको वर्तमान स्तर तथा आवश्यकता एकै प्रकारको छैन। त्यस्तै सहरी विकासको सबै आधुनिक विशेषता पनि दमक नगरपालिकाले पूरा गर्नुपर्ने देखिन्छ। पूर्व पश्चिम राजमार्गमा पर्ने यस नगरपालिका पुर्वी पहाडी जिल्लाको आर्थिक केन्द्र तथा भारतको दार्जलिङसँगको नजिकको सम्पर्क विन्दु समेतको रुपमा रहेकाले यहाँको आर्थिक विकासको प्रशस्त सम्भावना छ । सो सम्भावनालाई दमक नगरपालिकाले अवसरमा परिवर्तन गर्नुपर्छ। विगतमा योजनावद्ध सहरी विकास र बस्ती व्यवस्थापनको अभ्यास नहुँदा विकासका कार्यक्रममा नगरको केन्द्रीय नियन्त्रण र नियमन नभएकाले नगरमा अव्यवस्थित शहरीकरणको समस्या पनि रहेको छ। भौतिक पूर्वाधार पनि विभिन्न हिसाबले विकसित हुँदैछन्। नगर केन्द्रको तुलनामा बाह्य वडाहरूमा सेवा प्रवाहका भौतिक पूर्वाधारको उपलब्धता कम रहेको छ। आर्थिक विकासका अवसरको अधिकतम उपयोग गरी ती अवसर सदुपयोगको रणनीति बनाउनु पर्ने आवश्यकता छ। यहाँको स्थानीय पहिचान संरक्षण गर्दै विगतमा पूर्वाधार निर्माण र सेवा व्यवस्थापनमा भएका कमी कमजोरी सुधार गरी नगरलाई सुव्यवस्थित बनाउन र निश्चित सहरी मापदण्ड बमोजिम पुर्वाधार र सेवा व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ। शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रलाई गुणस्तरीय बनाउन थप कदम चाल्नुपर्ने देखिएको छ। दमक नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई मूख्य प्राथमिकता दिनुपर्ने देखिएको छ भने शिक्षा, यातायात र आर्थिक विकासलाई क्रमशः अन्य महत्वपूर्ण प्राथमिकतामा राखिनुपर्ने छ। यो नगरपालिका बाढी र डुबानको उच्च जोखिममा रहेकोले बस्तीलाई सुरक्षित बनाउने तथा समुदायले विपद्को चुनौतीको सामना गर्दै विकास र समृद्धिको मार्गमा अघि बढ्नु आवश्यक छ।[२५]

## २. कलैया उपमहानगरपालिका (प्रदेश २)

कलैया उपमहानगरपालिका प्रदेश २ को बारा जिल्लामा अवस्थित छ । यस नगरपालिकाको कूल क्षेत्रफल १०८.९४ वर्ग किमी छ। यो उपमहानगरपालिकालाई २७ वटा वडामा विभाजन गरिएको छ। प्रदेश राजधानी जनकपुरबाट करिब १४५ किमी पर रहेको कलैया उपमहानगरपालिका सडक मार्गबाट सुगम रुपमा जोडिएको छ । यहाँ १८,६८९ घरधुरीमा करिब १,२३,६५९ जनसंख्या रहेको छ । यस उपमहानगरपालिकामा करिब ४५ प्रतिशत जनसंख्या मुसलमान, यादव, कुर्मी, कानु समुदायका छन् भने बाँकी अन्य समुदायका छन्। यस नगरपालिकाको अर्थतन्त्र कृषि,

---

[२५] दमक नगरपालिकाको नगर बृहत योजना, २०७७ को मस्यौदा

खुद्रा बजार, साना व्यापार तथा उद्योगहरुमा निर्भर रहेको छ । यहाँ सिद्धेश्वर महादेव, रामजानकी मन्दिर तथा विभिन्न मस्जिदहरु छन् । यहाँको ऐतिहासिक दरबारको रुपमा रहेको बरेवा दरबारको एक टुक्रा अझै अस्तित्वमा छ ।

## क) कलैया उपमहानगरपालिकाको नीति तथा कार्यक्रम

समृद्ध कलैयाको अवधारणालाई साकार पार्न महानगरीय परिकल्पनाका साथ अल्पकालीन तथा दीर्घकालीन विकासका योजनाहरु मार्फत *समृद्ध कलैया, सुखी कलैया नगरवासी* निर्माण गर्ने लक्ष्यसाथ कलैया उपमहानगरपालिकाले स्थानीय निकायबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणको कार्यलाई गुणस्तरियता एवम् नतिजामुखी बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई बजेटमार्फत उच्च प्राथमिकता दिएको उल्लेख गरेको छ ।

संघीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप सामाजिक एवम् आर्थिक रुपमा पछाडि परेका महिला, दलित, अपांग महिला तथा बालबालिकाहरुलाई आत्मनिर्भर हुने खालका विभिन्न सीपमूलक तालिमहरुको माध्यमबाट विकासमा मूलप्रवाहिकरण गर्ने; वातावरण मैत्री शासन पद्धति अवलम्बन गर्ने; उपभोक्ता समिति एवम् सरोकारवाला निकायहरुको भूमिका स्पष्ट गर्दै स्थानीय शासन र विकास प्रक्रियामा उत्तरदायी र जवाफदेहि बनाउने; सामाजिक परिचालनको माध्यमद्वारा लक्षित वर्ग उन्मुख कार्यक्रम मार्फत गरिबी न्युनीकरणमा सहयोग पुऱ्याउने; कर प्रशासनलाई सेवाग्राही मैत्री, पारदर्शी बनाई करको दायरा विस्तार गरी राजस्व अभिवृद्धि गर्ने; योजना तथा कार्यक्रमहरुको गुणस्तरियता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने लगायतका उद्देश्य कलैया उपमहानगरपालिकाले लिएको देखिन्छ ।

कलैया उपमहानगर पालिकाले क्षेत्रगत नीतिहरुलाई पूर्वाधार सम्बन्धी; आर्थिक विकास; सामाजिक सेवा; बन, वातावारण संरक्षण तथा विपद् व्यवस्थापन; सुशासन तथा संस्थागत विकास विभाजन गरेर विभिन्न कार्यक्रमहरु निर्धारण गरेको छ ।

**पूर्वाधार सम्बन्धमा**: सवै वडाको आफ्नै वडा कार्यालय निर्माण; प्रत्येक घरमा अनिवार्य शौचालय सहित सबै वस्तीमा खानेपानी एवम् सरसफाईजन्य क्रियाकलापलाई उच्च प्राथमिकता दिने; सडकको न्युनतम चौडाई २० फुट कायम गर्ने; पूर्वाधार मर्मत सम्भारका लागि मर्मत सम्भार कोष स्थापना गरिने लगायतका विषयहरु छन् ।

**आर्थिक विकास सम्बन्धमा**: कृषिको माध्यमबाट आय आर्जन एवम् स्वरोजगार अवसर विकासका लागि कार्यक्रम सञ्चालन गरिने; कृषि विकास प्रवर्द्धन अनुदान कोषको व्यवस्था गरिने; प्रत्येक वडामा एक कृषि उपज पकेट क्षेत्रको अवधारणा अवलम्बन गरिने; व्यवसायिक, कृषि, पशुपालन तथा मत्स्य विकास प्रोत्साहन कोषको स्थापना गरिने; पशु बीमा कार्यक्रम तथा पशु व्यवसायमा आधारित सहकारीहरुको विकास गरिने कार्यक्रमहरु छन् ।

**सामाजिक सेवा सम्बन्धमाः** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकको दरबन्दी मिलान, विद्यालयहरु विलयन (मर्जर), शिक्षक तालिम सञ्चालन; शैषिक गुणस्तर सुधार; विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्ड जस्ता आधारभूत पूर्वाधारमा लगानी; महिला स्वयंसेविकालाई मासिक प्रोत्साहन उपलब्ध गराइने; आर्थिक रुपमा विपन्न दलित तथा सीमान्तकृत समुदायका युवायुवती लक्षित स्वरोजगारमूलक सीपविकास तालिम सञ्चालन गरिने आदि कार्यक्रमहरु छन् ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धमाः** सार्वजनिक खर्चलाई उत्पादन मूलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि बनाई लागु गरिने; पदाधिकारीहरु तथा कर्मचारीहरुको आचारसंहिता लागु गरिने; प्रोत्साहन प्रणालीलाई सूचकांकमा आधारित बनाइने; पालिकाको अभिलेख दर्ता, चलानी जस्ता विषयलाई सफ्टवेयरमा आधारित बनाइने; लक्षित कार्यक्रमहरुलाई नगरस्तरमा नगर प्रमुख वा निजले तोकेको पदाधिकारीले र वडा स्तरमा वडा अध्यक्ष वा निजले तोकेको सदस्यले सुपरीवेक्षण गर्ने तथा त्यस्तो लक्षित कार्यक्रम सञ्चालन गर्दा सबै वडाको जनता लाभान्वित हुनेगरी एकीकृत रुपमा सञ्चालन गरिने; गैरसरकारी संस्था, दातृनिकाय वा साझेदार संस्थाको कार्यक्रम नगरपालिकाको स्वीकृति विना नगरपालिकामा कार्यान्वयनका लागि अनुमति नदिइने तथा साझेदार संस्थाहरुको सहयोगलाई प्रभावकारी बनाउन तथा आवश्यक समन्वयका लागि गैरसरकारी संस्था समन्वय शाखाको स्थापना गरिने जस्ता विषयहरु परेको देखिन्छ ।

## ख) कलैया उपमहानगरपालिकामा लागु भएका कानुनहरू

| **आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित** | |
|---|---|
| • स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७<br>• कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७<br>• उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५<br>• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७७ | • पूरानो भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी मापदण्ड, २०७७<br>• टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७<br>• मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७७ |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७५<br>• आर्थिक ऐन, २०७५ | • विनियोजन ऐन, २०७५<br>• आर्थिक ऐन, २०७७<br>• विनियोजन ऐन, २०७७ |

| सामाजिक क्षेत्रसँग सम्बन्धित | |
|---|---|
| • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५<br>• शिक्षा ऐन, २०७७<br>• स्वास्थ्य ऐन, २०७७<br>• वातावरण संरक्षण ऐन, २०७७<br>• शिक्षा नियमावली, २०७४<br>• कक्षा ८ अन्तिम परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | • अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५<br>• ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७५<br>• आर्थिक सहायता तथा धर्म संस्कृति वितरण सम्बन्धी कार्यविधि, २०७७ |
| **प्रशासनिक क्षेत्रसँग सम्बन्धित** | |
| • प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५<br>• न्यायिक समिति सम्बन्धी कार्यविधि ऐन, २०७५<br>• नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७५<br>• नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ | • करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५<br>• राजपत्र प्रकाशन कार्यविधि, २०७५<br>• नगरसभा सञ्चालन कार्यविधि, २०७५ |

## ग) कलैया उपमहानगरपालिकाको केही कानुनहरुमा टिप्पणी

कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली, २०७४ को परिच्छेद ६ ले पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्वय सम्बन्धी नियमहरु उल्लेख गर्दछ । यसमा पाठ्यक्रम र पाठ्य सामाग्री मन्त्रालयले निर्धारण गरे बमोजिम हुने, सोमा सुधार गर्ने तथा नयाँ पाठ्यक्रम निर्माण गर्न आवश्यक देखिएमा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाले मन्त्रालयलाई अनुरोध गर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको पाठ्यक्रम बनाउन पाउने अधिकारलाई नियमावलीले बेवास्ता गरी मन्त्रालयमा सारेको देखिन्छ। शिक्षा सम्बन्धी स्थानीय ऐन नभएको तर नियमावलीले स्थानीय सरकार सञ्चालन ऐनले दिएको पाठ्यक्रम निर्माण गर्न पाउने अधिकार मन्त्रालयलाई दिएको वर्तमान अवस्था कानुन संगत देखिँदैन ।

नगर सभा सञ्चालन कार्यविधि, २०७५ को दफा ३३ ले अध्यक्षलाई उपयुक्त लागेमा सार्वजनिक रुपमा वा वडाबाट वडाबासीको सुझाव संकलन गर्न सक्ने व्यवस्था गरेको छ । यो प्रावधानको भाषा हेर्दा कानुन निर्माण अघि जनता समक्ष कानुनको विषयवस्तु सार्वजनिक गर्ने वा नगर्ने भन्ने विषय अध्यक्षको स्वविवेकमा मात्र छोडेको हो कि जस्तो लाग्छ। यद्यपि नियम ४७ ले विधेयक पारित भए पछि प्रचारप्रसार गर्नु पर्ने व्यवस्था भने

गरेको देखिन्छ। त्यस्तै कार्यविधिको नियम ४७ ले विधेयक प्रमाणीकरण र प्रकाशन तथा बिक्री वितरण अन्तरगत प्रमाणिकरण गरिएको विधेयक कार्यपालिकाको वेबसाइटमा राख्नु पर्ने तथा त्यसरी पारित विधेयकका मुख्य व्यवस्थाहरु स्थानीय सञ्चार माध्यम वा अन्य तरिकाबाट प्रचारप्रसार गर्नुपर्ने व्यवस्था प्रशंसनीय छ। यससँगै कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन तथा स्थानीय प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिन समेत प्रयोजनका लागि विधयेक समिति र लेखा समिति गठन गर्न सकिने व्यवस्था छ । यस बाहेकको समिति बनाउने पाउने वा नपाउने यस कार्यविधिले स्पष्ट गर्दैन ।

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ एउटा राम्रो कार्यविधि हो । यसका प्रावधानहरुले उपभोक्ता समितिलाई विभिन्न व्यवस्था मार्फत तोकिएको गुणस्तरको कार्य सम्पादन गराउन प्रेरित गरेको देखिन्छ। त्यसैगरी अनुगमन समितिको व्यवस्था पनि गरिएको छ र गुणस्तरका लागि प्राविधिक कर्मचारी र उपभोक्ता समिति जिम्मेवार हुने भनिएको पाइन्छ। यसैगरी आयोजना निर्माण स्थलमा सूचना पाटी राखी सर्वसाधारणले आयोजनाका बारेमा जानकारी पाउने अधिकार पनि सुनिश्चित गर्न खोजिएको छ। यसको कार्यान्वयन कुन रुपमा अघि बढेको छ, त्यो भने महत्वपूर्ण प्रश्न हो ।

कलैया उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को नियम बनाउने अधिकार सम्बन्धी प्रावधानको उपदफा (२) ले नगरकार्यपालिकाले संघीय तथा प्रदेश कानुन बमोजिम उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र नियम बनाउनु पर्ने उल्लेख गरेको छ। स्थानीय नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरु स्थानीय ऐन मातहत बन्ने विषय हुन् । सम्बन्धित संघीय तथा प्रादेशिक ऐनले नगर कार्यपालिकालाई सिधै नियम, कार्यविधि बनाई लागु गर्न सकिने अधिकार दिएमा बाहेक अन्य अवस्थामा आफ्नो कार्यकारिणी अधिकार प्रयोग गरी त्यस्ता नियम वा कार्यविधि बनाउँदा त्यस्तो कार्यपालिकाले स्थानीय ऐनमा टेकेर मात्रै स्थानीय नियम, निर्देशिका आदि बनाउनु पर्ने हो। विशेषगरी स्थानीय सरकारको एकल अधिकारका विषयहरुमा ऐन बनाउने अधिकार स्थानीय सभालाई छ। सो ऐन नै नबनिकन त्यस अन्तर्गतको प्रत्यायोजित अधिकार प्रयोग गर्दै नगर कार्यपालिकाले प्रत्यायोजित विधायन निर्माण गर्ने भन्ने अवस्था नै छैन। तर प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनको दफा ३ को प्रावधानले नगरकार्यपालिकाले नियम बनाउँदा स्थानीय कानुनलाई आधार लिनु नपर्ने हो कि ? भन्ने अवस्था सिर्जना गरेको छ। हुन त यो टिप्पणी सबै पालिकाहरुका सम्बन्धमा गर्न सकिन्छ।

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को परिच्छेद ३ को समितिको नाम वडा विपद व्यवस्थापन समिति भनेर परिवर्तन गर्दा परिच्छेद २ को समितिसँग नाम बाझिदा हुने दुविधा समाप्त हुन्छ। यस ऐनको दफा १७ को तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने प्रावधानका सम्बन्धमा उपदफा (२) मा विपदबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपदबाट थप क्षति हुन नदिनका लागि लागि उपमहानगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा

सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिने छ भनेको छ । सोही दफाको उपदफा (३) ले विपदबाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन उपमहानगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य आवश्यक वस्तु चाहिएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिने छ भनेको छ । यी प्रावधानहरुको औचित्य पुष्टि भए पनि यिनको दुरुपयोग हुन सक्ने अवस्था नभएको होइन । यसतर्फ ऐन निर्माताको ध्यान पुगेको देखिँदैन । त्यस्तै सम्बन्धित पालिकाको विपद व्यवस्थापन समितिले स्थानीय समुदाय तथा संघ संस्थाहरुलाई विपदको अवस्थाका लागि तयारी राख्न आवश्यक तालिम गराई विपदका समयमा संयमित भई उद्धार, राहत, खोज तथा सहयोग जुटाउन सक्ने तालिम प्राप्त व्यक्तिहरुको सञ्जाल निर्माण गर्नु पर्ने व्यवस्था पनि उपयुक्त हुन सक्दछ ।

## घ) कलैया उपमहानगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति

कलैया उपमहानगरपालिकामा पनि लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति तथा कार्यक्रममा परेको विषय हो । सामाजिक सेवा अन्तरगत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकको दरबन्दी मिलान, विद्यालयहरुको विलयन ( मर्जर), शिक्षक तालिम सञ्चालन; शैक्षिक गुणस्तर सुधार; विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्ड जस्ता आधारभूत पूर्वाधारमा लगानी; महिला स्वयंसेविकालाई मासिक प्रोत्साहन उपलब्ध गराइने; आर्थिक रुपमा विपन्न दलित तथा सीमान्तकृत समुदायका युवायुवती लक्षित स्वरोजगारमूलक सीपविकास तालिम सञ्चालन गरिने आदि कार्यक्रमहरु छन् । यो नगरपालिकाको यस विषयमा रहेको आवश्यकतालाई हेर्दा गरिएको प्रतिबद्धताको दायरा बढाउनु आवश्यक देखिन्छ ।

## ङ) कलैया उपमहानगरपालिकाको राजनीतिक अर्थव्यवस्था

महालेखा परीक्षकको कार्यालयले २०७५ माघ १४ मा कलैया उपमहानगरपालिको कार्यालयलाई पठाएको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा नगरप्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिए पनि प्रशासकीय प्रमुखबाट वडामा अख्तियारी प्रदान गरेको नदेखिएको; उपमहानगरपालिकाको २०७४/७५ को बजेट र कार्यक्रम २०७४ पुस २७ मा मात्र पारित भएको अर्थात आर्थिक वर्षको करिब ६ महिना पछि पारित बजेटका कारण कार्यान्वयनमा असर पर्ने भएको; सेवा प्रवाहका सम्बन्धमा स्वास्थ्य बीमा, खानेपानी सहजकर्ता, खानेपानी, नागरिक सचेतना तर्फ कार्यक्रम सञ्चालन गरेको नदेखिएको; आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि उपमहानगरपालिकाले तयार नगरेकाले कार्यविधि तयार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्ने अवस्था रहेको; वित्तीय विवरणको यथार्थता परीक्षण गर्दा मासिक र वार्षिक प्रतिवेदन तयार गरेको नपाइएको; कानुनी व्यवस्था अनुसार स्रोत अनुमान र बजेट सीमा तयार नभएको; बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी कार्यक्रमको आपसी तादम्यता तथा परिपक्वता

मिलाउनु पर्ने अवस्था रहेको इत्यादि टिप्पणी गरिएको देखिन्छ । यसका साथै महालेखा परीक्षक कार्यालयले आन्तरिक ऋण, स्थानीय तथ्यांक र अभिलेख, लक्ष्य प्रगतिको स्थिति, बैंक हिसाब, चौमासिक खर्च, कर्मचारी व्यवस्था, वित्तीय जवाफदेहिताको पालना, विशेष भत्ता, पदाधिकारी सुविधा, राजस्व अभिलेख, सम्पत्ति हस्तान्तरण, बरबुझारथ, स्रोत नक्सांकन, आर्थिक विवरण, उपभोक्ता समिति, कल्याण कोष, लक्षित समूह खर्च, वातावरणीय प्रभाव, सामाजिक सुरक्षा, कर प्रशासन लगायतका विषयहरुमा सुधार गर्नुपर्ने सुझाव दिएको छ ।

## ३. भीमेश्वर नगरपालिका (बागमती प्रदेश)

भीमेश्वर नगरपालिका बागमती प्रदेशको दोलखा जिल्लामा अवस्थित छ । यहाँ ९ वटा वडाहरु रहेका छन् । यसको क्षेत्रफल १३२.५ वर्ग किमी रहेको छ । भीमेश्वर नगरपालिका काठमाण्डौबाट करिब १३५ किमीको दुरीमा छ । वि.सं. २०७५ सालको तथ्यांक सर्वेक्षण अनुसार यहाँ १०,२५५ घरधुरी र ३६,११५ मानिसहरु छन् । यहाँ क्षेत्री, नेवार, तामाङ, थामी, बाहुन, कामी, घर्ती (भुजेल) तथा अन्य जातजातिहरुको बसोबास छ । नगरपालिकाको ४४ प्रतिशत क्षेत्र कृषि क्षेत्रका रुपमा रहेको छ भने ४३ प्रतिशत वन तथा चरन क्षेत्रका रुपमा छ । २१ प्रतिशत घरसम्म कालोपत्रे सडक पुगेको देखिन्छ भने धुले सडक ३३ प्रतिशत र गोरेटो बाटोले ३९ प्रतिशत घर जोडिएको नगरपालिकाको तथ्यांकमा देखिन्छ । करिब ७५ प्रतिशत जनसंख्या पढ्न तथा लेख्न सक्दछन् । ४१ प्रतिशत जनसंख्याले कक्षा ९ देखि १२ सम्म पढेका र ४२ प्रतिशतले कक्षा १ देखि ८ सम्म पढेको देखिन्छ । ५७ प्रतिशत मानिसले निजी पानीको स्रोत र ३४ प्रतिशतले सरकारी/सार्वजनिक पानीको स्रोत प्रयोग गर्दछन् । औसतमा खानेपानीको मुख्य स्रोतसम्म पुग्न लाग्ने समय ४८ मिनेट ३० सेकेण्ड देखिए पनि १४३३ घरपरिवारलाई २ घण्टा भन्दा बढी सयम लाग्दछ ।

यस नगरपालिका भएर कुथली, बोखरा, चर्नावती र तामाकोशी लगायत कैयौं खोला नदीहरु बग्दछन् । यस नगरपालिकाको अर्थतन्त्र मूलतः कृषि तथा पशुपालन, नोकरी, साना तथा खुद्रा व्यवसायहरु, होटल तथा सेवा क्षेत्र आदिमा आधारित छ ।

भीमेश्वर नगरपालिकाको आ.व. २०७६/७७ मा मुख्य आन्तरिक आय स्रोतमा सिफारिस दस्तुर, एकीकृत सम्पत्ति कर, नक्सा पास दस्तुर, घरबहाल कर, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय तथा व्यवसाय कर लगायत रहेका छन् । यहाँ भीमेश्व मन्दिर, त्रिपुरा सुन्दरी मन्दिर, मञ्जुश्री मन्दिर लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु छन् भने प्रसिद्ध कालिञ्चोक भगवती मन्दिर प्रवेशद्वारको रुपमा समेत यो नगरपालिका रहेको छ ।

पर्यटकीय सम्भावना प्रशस्तै भएको यो नगरपालिका आन्तरिक आय स्रोत बढाउनका लागि चिन्तित छ।[२६]

## क) भीमेश्वर नगरपालिकाको नीति तथा कार्यक्रम

भीमेश्वर नगरपालिकाले आ.व. २०७७/७८ का लागि ल्याएको नीति तथा कार्यक्रममा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको पहिलो आवधिक योजना, भीमेश्वर नगरपालिकाको बृहत आवधिक योजना लगायतलाई आधार मानेर बनाएको छ।

**आर्थिक विकास सम्बन्धमा**: यो वर्षको नीति तथा योजनामा स्थानीय सरकारको आन्तरिक राजस्व बृद्धि गर्न स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रभित्रका कर, सेवा शुल्क, दस्तुर र बिक्रीको दर र आधारलाई जनचाहना बमोजिम निर्धारण गरी करको दर भन्दा दायरा फराकिलो बनाइएको छ। कृषि क्षेत्रलाई समृद्धिको आधार मान्दै निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिकतातर्फ लैजान आधुनिकीकरण र यान्त्रीकरण गर्न कृषकलाई कृषि औजार, उपकरण खरिदमा अनुदान एवम् विविध सहायता प्रदान गरिएको छ। *रोकौँ विदेश जान; खोलौँ आफ्नै कारखाना* नीति कार्यान्वयन गर्ने सन्दर्भमा यस नगरपालिकाको वडा नं. ७ भुलभुलेमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य प्रारम्भ गरिएको छ।

भीमेश्वर उन्नत कोषको स्थापना गरी निजी क्षेत्रसँग औद्योगिक लगानीका लागि साझेदार गर्ने नीति लिइने छ। यस्तो कोषबाट स्थानीय सीप, श्रम, प्रविधि र सामग्रीमा आधारित मूल्य शृङ्खला हुने प्रकृतिको लघु, घरेलु र साना उद्योगहरूलाई सहयोग गरिने छ। वैदेशिक रोजगारीबाट फर्किएका नगरवासीहरूलाई विदेशमा सिकेको सीपलाई उपयोग गरी उत्पादनमूलक कार्य गर्न समेत यो कोषबाट सहयोग पुऱ्याइने छ। सहकारी क्षेत्रको बहुआयामिक योगदानलाई उच्च कदर गर्दै सहकारीसँगको साझेदारीमा नगरवासीको आय बृद्धि गर्ने र सार्वजनिक- सहकारी - समुदाय साझेदारी ढाँचामा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।

**सामाजिक विकास सम्बन्धमा**: *शिक्षामा हाम्रो लगानी, स्कूल जान्छन् नानी* भन्ने नारा अन्तरगत सामुदायिक र संस्थागत विद्यालयमा रहेका बालबालिकाहरुमा हुनसक्ने मनोवैज्ञानिक विभेदलई न्यूनीकरण गर्न विद्यालय पोसाकमा एकरुपता ल्याइएको छ। बालमैत्री स्थानीय शासनको सबै सूचकहरू पूरा गरी २०७६ भदौ २९ गते यस नगरपालिकालाई बागमती प्रदेशको पहिलो 'बालमैत्री नगर' घोषणा गरिएको छ। सामाजिक सुरक्षा दायित्व अन्तर्गत पूर्ण अशक्त अपाङ्गता नगरवासीहरूका हेरालुलाई घर-घरमा गएर बाह्र हजार रूपैंया आर्थिक सहयोग गरिएको छ। अपाङ्ग परिचय पत्र नगर

---

[२६] भीमेश्वर नगरपालिका नगर पार्श्वचित्र, २०७५), बेवसाइट:

http://bhimeshwormun.gov.np/sites/bhimeshwormun.gov.np/files/Bhimeshwar%20Book%20final%20mail.pdf

कार्यपालिकाको कार्यालयबाट र जेष्ठ नागरिक परिचय-पत्र वडा कार्यालयबाट प्रदान गरिएको छ ।

सुरक्षित सुत्केरी गराउन, सुत्केरी महिलाको पोषणमा सुधार गर्न र समयमा नै जन्म दर्ता गराउन संस्थागत सुत्केरी भएका महिलाहरूलाई बच्चाको जन्म दर्ता समेतका आधारमा एक हजार रूपैयाँ सुत्केरी पोषण भत्ता प्रदान गरिएको छ । हिंसा विरुद्धको १६ दिने अभियान, सडकमा रहेका असहाय महिलाहरूको पुनर्स्थापना, महिलाहरूका लागि सीप विकास, क्षमता विकास, आयआर्जन र सचेतानमूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र आर्थिक र सामाजिक रूपमा पछाडि परेका लगायतका लक्षित वर्गहरूको आर्थिक सामाजिक सशक्तिकरण र मूलप्रवाहिकरण र सचेतीकरण गर्ने नीति लिइने छ । जातीय विभेद न्यूनीकरणका लागि नगरस्तरीय निगरानी केन्द्र गठन गरी विभेदका घटनाहरूको मासिक रूपमा अनुगमन गरिने छ । साथै दलित र गैर दलित समुदायबीच अन्तर जातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरूप पचास हजार प्रदान गरिने छ । हिंसा विरुद्धको १६दिने अभियान लगायतका अभियानमार्फत सामाजिक सचेतना अभिवृद्धि गरिनेछ । लक्षित वर्गको सीप तथा क्षमता विकास, आयआर्जन र सहयोगका लागि कार्यक्रम सञ्चालन गरिने छ । आदिवासी, जनजाति र दलित समुदायहरूको परम्परागत सीप र कलाको संरक्षण र सम्बर्द्धन गरिने छ । सबै वडाका अति विपन्न महिला पहिचान गरी उद्यमशीलता तालिम सञ्चालन गर्दै 'एक वडा १० उद्यमी'' को नीति लिई महिला तथा दलितलाई उद्यमी बनाइने छ ।

जेष्ठ नागरिक प्रति सम्मान गर्दै 'एक वडा एक जेष्ठ नागरिक आरोग्य केन्द्र' स्थापना गर्ने नीति अनुरूप जेष्ठ नागरिक आरोग्य केन्द्र निर्माण गरिएको छ । हिंसा पीडित महिला र संकटमा परेका बालबालिकाहरूलाई सुरक्षाका लागि सेफ हाउस सञ्चालनमा सहयोग गर्नुका चरिकोटमा सेफ हाउस निर्माण कार्यका सुरुवात भएको छ ।

बालश्रम निवारण गर्ने, हिंसापीडित महिला र संकटमा परेका बालबालिकाहरूलाई सुरक्षाको व्यवस्था मिलाइने कार्यक्रम सञ्चालन गरिने छ । महिला हिंसा, जातीय भेदभाव र छुवाछुत, मानव बेचबिखन विरुद्धको अभियान तथा कार्यक्रम सञ्चालन गरिने छ ।

**सुशासन र पारदर्शिता सम्बन्धमा**: सार्वजनिक खर्चलाई मितव्ययी र औचित्यपूर्ण बनाइएको छ । खर्चको प्रभावकारिता वृद्धिका लागि संघ, प्रदेश र यस नगरपालिकाको आर्थिक ऐन नियमहरूको पूर्ण पालना गर्ने संयन्त्र विकास गरिएको छ । स्थानीय सञ्चित कोष सञ्चालन र व्यवस्थापनमा एकरूपता र मितव्ययिता कायम गर्न ' स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली'' प्रयोगमा ल्याइएको छ । कार्यक्रम आयोजनाहरूको गुणस्तरको सुनिश्चितताका लागि अनुगमन कार्यलाई प्रभावकारी बनाइएको छ । अनुगमनबाट दिइएका सुझावको आधारमा सुधार गर्ने र अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गर्ने व्यवस्था गरिएको छ । स्थानीय सेवा प्रवाह प्रभावकारी बनाउन, दरवन्दी यकिन तथा सङ्गठनात्मक संरचना अद्यावधिक गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ ।

नगरपालिकाको सेवा प्रवाहमा सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूति दिइने छ। नगरवासीहरूलाई सेवा प्रवाह सम्बन्धमा सहज गुनासो गर्न सक्ने र यथाशीघ्र गुनासो सुनुवाई गर्ने संयन्त्र विकास गरिने छ। स्थानीय सेवा प्रवाह प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार दरवन्दी यकिन तथा सङ्गठनात्मक संरचना अद्यावधिक गरिने छ। भीमेश्वर नगरपालिकाको सङ् गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन २०७७ अनुसार कर्मचारीहरूको कार्यविवरण यकिन गरी कार्यसम्पादनमा जवाफदेही बनाइने छ। क्षमता विकासका लागि तालिम र अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

नगरपालिकाबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिने छ। नियमित रूपमा समीक्षा र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिने छ। आयोजनाहरूको नतिजामुखी अनुगमन प्रणालीको सुरुवात गरिने छ। आयोजना कार्यान्वयनको सन्दर्भमा देखिएका बाधा अवरोधलाई अनुगमन गरी यथाशीघ्र समाधान गरिने छ। विकास निर्माण कार्यमा वित्तीय अनुशासन कायम गरिने छ।

भीमेश्वर नगरपालिकाले पनि आफ्ना कार्यक्रमलाई विभिन्न नाराहरुका साथ जोडेको देखिन्छ। यसमा *जैविक कृषि पर्यटन, दिगो पूर्वाधारः शिक्षा, स्वास्थ्य र संस्कृतिक् समृद्ध भीमेश्वर; व्यवसायिक कृषि, आधुनिक प्रविधिः कृषिमा लगानी, नगरको समृद्धि; रोकौं विदेश जान, खोलौं आफ्नै कारखाना; एक वडा, १० उद्यमी; सबै जमिनमा सिंचाई पुऱ्याउँ, बाँझो जमिनलाई उर्वर बनाउँ; नगरवासीको एउटै इच्छा, जीवनउपयोगी आत्मनिर्भर शिक्षा; एक वडा, एक खेल मैदान; महामारी विरुद्ध लड्न तयार रहौं, स्वास्थ्य सचेतना घर-घरमा पुऱ्याउँ; हाम्रो अभिभारा, घर घरमा धारा; एक वडा, एक ज्येष्ठ नागरिक आरोग्य केन्द्र; आस्थासँग जोडौं सम्पदालाई, पदमार्ग खोलौं पर्यटकलाई; वातावरणमैत्री दिगो पूर्वाधार, समृद्ध नगरको बलियो आधार* जस्ता विषयहरुबाट भीमेश्वर नगरपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रमले समेट्न खोजेका कृषि, उद्यमशीलता, विपद् व्यवस्थापन, आधारभूत आवश्यकताका विषयहरु, शिक्षा लगायतका प्राथमिकता रहेको देख्न सकिन्छ।

## ख) भीमेश्वर नगरपालिकामा लागु भएका कानुनहरू

| आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित | |
|---|---|
| • सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४<br>• सहकारी ऐन, २०७४<br>• कृषि तथा पशुपालन सम्बन्धी ऐन, २०७४ | • भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र व्यवस्थापन गर्ने सम्बन्धी आदेश, २०७४<br>• भारी सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४<br>• बजार अनुगमन सम्बन्धी समन्वयात्मक दिग्दर्शन, २०७७ |

| | |
|---|---|
| • 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली, २०७५ | |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • आर्थिक ऐन, २०७७<br>• विनियोजन ऐन, २०७७<br>• विनियोजन ऐन, २०७६<br>• आर्थिक ऐन, २०७६<br>• विनियोजन ऐन, २०७५ | • आर्थिक ऐन, २०७५<br>• आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७४<br>• आर्थिक ऐन, २०७४<br>• विनियोजन ऐन, २०७४ |
| **सामाजिक क्षेत्रसँग सम्बन्धित** | |
| • आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४<br>• आधारभूत सरसफाई तथा फोहरमैला व्यवस्थापन ऐन, २०७४<br>• सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०७५<br>• अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ | • टोल सुधार तथा सरसफाई समितिको विधानको मस्यौदा<br>• आगलागी नियन्त्रणका लागि अग्नि नियन्त्रक ग्याँस राख्ने बारेको आदेश, २०७४<br>• आधारभूत शिक्षा उतीर्ण परीक्षा बोर्ड गठन |
| **प्रशासनिक क्षेत्रसँग सम्बन्धित** | |
| • प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५<br>• न्यायिक समिति कार्यविधि ऐन, २०७४<br>• स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ | • करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५<br>• नाता प्रमाणित गर्ने निवेदन र नाता प्रमाण पत्रको ढाँचा |

## ग) भीमेश्वर नगरपालिकाका केही कानुनहरूमा टिप्पणी

आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४ को दफा ३ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) ले प्रारम्भिक बाल बिकास केन्द्र, आधारभूत विद्यालय शिक्षा तथा माध्यमिक विद्यालय शिक्षाका लागि विद्यार्थीको उमेर तोकेको छ । जस्तो उदाहरणका लागि नौ कक्षा पढ्न न्यूनतम तेह्र वर्ष उमेर पूरा भएको विद्यार्थी तोकिएको अवस्थामा

बाह्र वर्ष पूरा गरेको विद्यार्थीले कक्षा नौ पढ्न पाउने हो कि होइन भन्ने नीतिगत प्रश्न उब्जाएको छ । संघीय ऐनले पूर्व प्राथमिक विद्यालय भनेर चार वर्ष उमेर पूरा भएको बालबालिकालाई एक वर्षको पूर्व प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्भनु पर्छ भनी विद्यार्थी भर्नाको न्युनतम उमेर तोकेको छ। तर अन्य स्तरका विद्यार्थीको उमेरको न्युनतम स्तर तोकेको छैन । त्यस्तै, दफा ५ विद्यालयको पूर्वाधारको मापदण्ड अन्तरगत अन्य मापदण्डका अतिरिक्त एउटा कक्षामा अधिकतम ३० जना विद्यार्थी राख्न सकिने प्रावधान छ । यी मापदण्डको कार्यान्वयन तथा पालना गराउन नगरपालिकाको सहयोग तथा अनुगमन दुवै आवश्यक पर्ने व्यवहारिक परिस्थितिहरु हुन सक्छन् ।

स्थानीय शिक्षा ऐनकै दफा १५ ले शिक्षक तथा कर्मचारी दरबन्दी सम्बन्धी व्यस्वस्था अन्तरगत विद्यालय व्यवस्थापन समितिले विद्यालयका लागि विद्यार्थी सङ्ख्या र तोकिएको आधारमा आवश्यक दरबन्दी पहिचान गरी वडा शिक्षा समितिमा पेस गर्नुपर्ने छ र वडा शिक्षा समितिले आवश्यक निर्णय गरी कार्यालयमा लेखी पठाउनुपर्ने छ भनेको पाइन्छ । यसको उपदफा (२) ले त्यस्तो माग भएको अवस्थामा कार्यालयले सामुदायिक विद्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यालयलाई आवश्यक पर्ने दरबन्दीको प्रस्ताव तयार गरी नगर शिक्षा समितिमा पेश गर्ने भनेको छ। यो व्यवस्था सामुदायिक विद्यालयको हकमा मात्रै हो वा संस्थागत विद्यालयहरुका हकमा पनि हो भनी स्पष्ट रुपमा खुलेको छैन । यस ऐनको विभिन्न दफाहरुमा भएका व्यवस्थाहरु जस्तो शिक्षकको सेवा सर्त, कर्मचारीको सेवा सर्त, शिक्षकको सरुवा सम्बन्धी व्यवस्था, शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था, तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने जस्ता व्यवस्थाहरु सामुदायिक विद्यालयका हकमा मात्रै भनेर नतोकिएको अवस्थामा संस्थागत विद्यालयहरुका लागि पनि यो दफा लागु हुने हो वा त्यस्ता विद्यालयको आफ्नै नियम लागु हुने हो भन्ने नीतिगत स्पष्टता आवश्यक छ । जस्तो परिभाषा खण्डले कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्भनु पर्छ भन्दछ तर शिक्षकको हकमा सामुदायिक विद्यालयका मात्र भनी तोकेको छैन । यस्तोमा शिक्षक सम्बन्धी कैयौं व्यवस्थाहरु संस्थागत विद्यालयहरुका हकमा के हुने भन्ने पनि प्रश्न छ । अन्तर स्थानीय तह शिक्षक सरुवा तथा करार शिक्षक नियुक्तिको अनुमति सम्बन्धी दफाहरुको हकमा पनि यो प्रश्न उपस्थित हुन्छ। यस ऐन अन्तर्गत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थसँग दान दातव्यका रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर कार्यपालिकाको स्वीकृति लिनु पर्ने दफा ३८(३) मा उल्लेख छ। यो प्रावधानको औचित्य वा उपादेयता बुझाउने अन्य व्यवस्था भने पाइँदैन ।

सहकारी ऐन, २०७४ को केही टिप्पणी माथि आइसकेको छ। यसको दफा ४० मा सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था छ । यो व्यवस्थाले संघ, सम्बन्धित प्रदेश र नगरपालिकाले बचत तथा ऋणको ब्याजदर तोक्ने सक्ने र सो बमोजिम तोकिएको ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुने भनिएको छ । यस्तोमा ३ तहका सरकारले ३ थरि ब्याजदर तोक्न सक्ने अवस्था देखिन्छ। या त संघ र प्रदेश कानुन बमोजिम नगरपालिकाले सन्दर्भ ब्याजदर तोक्ने प्रावधान हुनु उपयुक्त हुन्छ वा राष्ट्र बैंक जस्तो नियामक निकायले तोकेको ब्याजदरलाई पछ्याउने प्रावधान हुँदा सहज हुन्छ । त्यस्तै, दफा ८० ले तोकेको सजाय हुने कसूरमा दफा ८५ ले संघीय कानुन बमोजिम हुने भनेको छ र दफा ८६ ले त्यस्तो मुद्दाको सुरु कारबाही र किनारा जिल्ला अदालतबाट हुने भनेको छ । यस्तोमा दफा ८७

को उजुरी दिने हदम्यादमा दफा ८० बमोजिमको कसूरमा कसूर भएको थाहा भएको ३० दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनु पर्नेछ भन्ने प्रावधान छ। जबकी माथिको दफामा त्यस्तो कसूरमा सुरु कारबाही र किनारा जिल्ला अदालतबाट संघीय कानुन बमोजिम हुने भन्ने प्रष्ट छ। यस्तोमा दर्ता अधिकारी समक्ष ३० दिन भित्र उजुरी दिनुपर्ने औचित्य स्पष्ट हुँदैन।

कृषि तथा पशुपालन सम्बन्धी ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालन ऐनले कृषि सम्बन्धमा दिएको स्थानीय स्तरको स्रोत तथा सूचना केन्द्रहरुको विकास र व्यवस्थापन सम्बन्धी अधिकारको विषय पनि समेट्न सकेको भए कृषकहरुलाई आवश्यक ज्ञान, सीप, प्रविधि तथा अनुभवहरुबाट लाभान्वित हुन सक्ने अवस्था हुन्थ्यो। यस ऐनले कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको व्यवस्था गरेको छ। ऐनले कृषकहरुको उत्पादनले स्थानीय बजारमा उपयुक्त मूल्य पाउने व्यवस्था प्रत्याभूत गर्ने मापदण्डहरु राखेमा कृषि कर्ममा लागेका उत्पादक कृषकहरुको सामान बिक्री नहुने, कम मूल्यमा बेच्नु पर्ने जस्ता समस्याहरुबाट उनीहरुलाई जोगाई कृषि बजारको अधिकतम लाभ उठाई ऐनको उद्देश्य पूरा हुन सहयोग हुन सक्छ। यो ऐन कृषि तथा पशुपालन व्यवस्थापनलाई आधुनिकीकरण गर्दै नगरपालिकाको आर्थिक वृद्धिमा सहजीकरण गर्न सक्ने गरी आएको देखिन्छ। यसले कृषि भित्र पर्ने विषयहरु प्रष्ट रुपमा तोकेको तथा व्यवसायिक कृषि ता पशुपालन मापदण्डहरु स्पष्ट रुपमा उल्लेख गरेको छ।

आधारभूत सरसफाई तथा फोहरमैला व्यवस्थापन ऐन, २०७४ भीमेश्वर नगरपालिकाको आफ्नो विशेष प्रयास हो। सरसफाईको विषयलाई यस नगरपालिकाले धेरै महत्व दिएको छ। यसको कार्यान्वयन पनि कडाइका साथ गरिएको नगरपालिकाको सोचाई छ। यो ऐनले सरसफाई तथा फोहर मैला व्यवस्थापनलाई नगरवासी लगायत सबै पक्षको जिम्मेवारीको रुपमा लैजाने गरी एक सामुदायिक अवधारणाको रुपमा परिकल्पना गरेको छ। ऐनका प्रावधानहरु सोही उद्देश्य बमोजिम आएको पाइन्छ। तथापि सरसफाई तथा फोहरमैला व्यवस्थापन, नियमन, अनुगमनको लागि एक विशिष्ट नगरस्तरीय संयन्त्रको व्यवस्था भने यस ऐनले परिकल्पना गरेको पाइँदैन। यो कार्य नगरकार्यपालिकाले आफैं अन्तर्गत राखेको छ। सरसफाई तथा फोहरमैला व्यवस्थापनको विषय स्थानीय जनताको बढी गुनासो आउने विषय भएकाले गुनासो व्यवस्थापन गर्ने प्रभावकारी संयन्त्र पनि नगरपालिकामा हुनु जरुरी छ।

सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ ले भीमेश्वर नगरभित्र सडक, सडक पेटी, निजी र व्यवसायिक भवन, पार्किङ्ग, सार्वजनिक स्थानमा धुम्रपान तथा हर्न निषेध सम्मको व्यवस्था समेटेको पाइन्छ। नगरभित्र एउटा न्युनतम मापदण्ड बमोजिम सार्वजनिक मापदण्डलाई व्यवस्थित गर्न खोजिएको पाइन्छ। तथापि यो ऐनले भवन निर्माण गर्दा परम्परागत स्वरुपमा निर्माण हुने भवन र घरहरुका बारेमा बोलेको पाइँदैन। यस्तै तीन तलाभन्दा ठूलो आवासीय भवन र पाँचतल्ला भन्दा ठूलो व्यवसायिक भवन निर्माण गर्दा कार्यपालिकाको पूर्वस्वीकृति लिनु पर्ने अनौठो प्रावधान पनि राखेको छ। यसैगरी कसूर र दण्ड सजायको परिच्छेदले कसूरमा दण्ड सजायको व्यवस्था त गरेको छ र नगर प्रमुखलाई भत्काउने अधिकार सम्म दिएको छ। तर त्यस्तो भत्काउने आदेश दिनु पूर्वका प्रक्रियाहरु, पक्षलाई आफ्नो कुरा राख्न दिन सक्ने जस्ता व्यवस्थाको भने

अभाव देखिन्छ। यसैगरी यस्ता दण्ड जरिवानामा पक्षले पुनर्विचार गर्न सक्ने संयन्त्र पनि देखिँदैन । नगरपालिकाहरुमा भवन निर्माण लगायत सार्वजनिक सेवा प्रवाहको विषयमा हुने बेथितिहरुको सम्बोधन गर्न भने यो ऐन पछाडि परेको छ।

टोल सुधार तथा सरसफाई समितिको विधानको मस्यौदा पनि नगर कार्यपालिकाले पारित गरेको पाइन्छ। यो विधानको मस्यौदा पालिका अन्तर्गत स्थापित हुने टोल सुधार तथा सरसफाई समितिको लागि हो । यसको प्रस्तावनाले टोलको विकासमा टोलवासीको सहभागिता एवम् अग्रसरतामा वृद्धि देखि विपद व्यवस्थापन कार्यमा जनसहभागिता जुटाउने आदि सामूहिक कार्य गर्न तथा नगरपालिकाको योजना तर्जुमा कार्यमा नगरपालिकालाई सहयोग पुऱ्याउन यस्तो समिति गठन गर्नुपरेको उल्लेख गरिएको छ। यसको उद्देश्य राम्रो नै देखिन्छ। तथापि कोरोना भाइरसको विपद व्यवस्थापनमा स्थानीय सरकारले स्वयम् सेवक भनी स्थानीय युवाहरुलाई आफ्ना सडकमा खटाउँदा त्यस्ता स्वयंसेवकहरुले सर्वसाधारण जनतामाथि अनाधिकृत बलको प्रयोग, रोकछेक र चेकजाँच गर्ने सम्मको काममा संलग्न भएको गत वर्ष देखिए सुनिएको कुरा नै हो । कतिपय स्थानमा त नगर प्रमुख स्वयम् नै यस्तो कार्यमा अग्रसर भई सडकमा आएको घटना पनि सार्वजनिक भएको छ। यस्तोमा नगरपालिकाले स्वयम्सेवक खटाउँदा तिनलाई दिने जिम्मेवारी र कानुन तथा विधिको शासन र मानव अधिकारको सम्मानको विषयमा अभिमुखिकरण गर्नुपर्ने तथा टोल सुधारको काम गर्दा पनि तोकिएको अधिकार क्षेत्र बाहिर गई कार्य गर्न रोक्ने तथा अमर्यादित व्यवहार देखाउने व्यक्तिहरु यस्तो समितिको सदस्य हुन नसक्ने जस्ता आवश्यक प्रावधानको व्यवस्था गर्नु उपयुक्त हुन्छ।

## घ) भीमेश्वर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति

भीमेश्वर नगरपालिकाले सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र आर्थिक र सामाजिक रूपमा पछाडि परेका लगायतका लक्षित वर्गहरूको आर्थिक सामाजिक सशक्तिकरण र मूलप्रवाहिकरण र सचेतीकरण गर्ने नीति लिइने २०७७/७८ को नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । जातीय विभेद न्यूनीकरणका लागि नगरस्तरीय निगरानी केन्द्र गठन गरी विभेदका घटनाहरूको मासिक रूपमा अनुगमन गर्नुका साथै दलित र गैर दलित समुदायबीच अन्तर जातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरूप पचास हजार प्रदान गर्ने भनिएको छ । हिंसा विरुद्धको १६ दिने अभियान लगायतका अभियानमार्फत सामाजिक सचेतना अभिवृद्धि गर्ने तथा लक्षित वर्गको सीप तथा क्षमता विकास, आयआर्जन र सहयोगका लागि कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ।

पूर्ण अशक्त अपाङ्गता नगरवासीहरूका हेरालुलाई घर-घरमा गएर बाह्र हजार रूपैँया आर्थिक सहयोग गरिएको; अपाङ्ग परिचय पत्र नगर कार्यपालिकाको कार्यालयबाट र जेष्ठ नागरिक परिचय-पत्र वडा कार्यालयबाट प्रदान गरिएको; ७५ वर्षमाथिका जेष्ठ नागरिकहरूलाई उपचार खर्च सहायता स्वरूप जेष्ठ नागरिक भेटघाट कार्यक्रम गरी

प्रतिव्यक्ति एक हजार रूपैंया प्रदान गरिएको जस्ता विषयहरुलाई पालिकाको सामाजिक सुरक्षाको क्षेत्र अन्तर्गत गरिएको छ । सुरक्षित सुत्केरी गराउन, सुत्केरी महिलाको पोषणमा सुधार गर्न र समयमा नै जन्म दर्ता गराउन संस्थागत सुत्केरी भएका महिलाहरूलाई बच्चाको जन्म दर्ता समेतका आधारमा एक हजार रूपैयाँ सुत्केरी पोषण भत्ता प्रदान गरिएको छ। सडकमा रहेका असहाय महिलाहरूको पुनर्स्थापना, महिलाहरूका लागि सीप एवम् क्षमता विकास, आयआर्जन र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् ।

हिंसा पीडित महिला र संकटमा परेका बालबालिकाहरूलाई सुरक्षाका लागि सेफ हाउस सञ्चालनमा सहयोग गर्नुका साथै प्रदेश सरकार र जिल्ला समन्वय समिति, दोलखा समेतको सहयोगमा चरिकोटमा सेफ हाउस निर्माण कार्यका सुरुवात भएको छ। वैदेशिक रोजगारीबाट फर्किएका नगरवासीहरूलाई विदेशमा सिकेको सीपलाई उपयोग गरी उत्पादनमूलक कार्य गर्न सहयोग पुऱ्याइने; कोरोनाबाट सिर्जित आर्थिक, सामाजिक समस्या समाधान गर्न आर्थिक उपार्जनसँग सम्बन्धित कार्यक्रमसँग आबद्ध गराइने विषयहरु पनि छन् । सबै वडाका अति विपन्न महिला पहिचान गरी उद्यमशीलता तालिम सञ्चालन गर्दै 'एक वडा १० उद्यमी' को नीति लिई महिला तथा दलितलाई उद्यमी बनाइने प्रतिबद्धता पनि छ ।

सहकारीलाई आफ्ना सदस्यहरूको वर्गिकरण गरी विपन्न र गरिब नगरवासीहरूका लागि विशेष सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न र सरल एवम्सहुलियतपूर्ण कर्जा प्रदान गर्न प्रोत्साहन गर्ने; सदस्यहरूको आर्थिक हितको आधारमा सहकारीको मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने; लक्षित वर्गहरूलाई उद्यमशील बनाउन सहकारीसँगको साझेदारीमा उद्यमशीलता तालिम सञ्चालन गर्ने तथा व्यवसाय सहजिकरण गरिने कार्यक्रमहरु पनि छन् ।

## ङ) भीमेश्वर नगरपालिकाको राजनीतिक अर्थव्यवस्था

भीमेश्वर नगरपालिका एक पर्यटकीय सम्भावना बोकेको नगरपालिका हो । तथापि यस पालिकाका आफ्नै चुनौती तथा समस्याहरु रहेका छन् । यहाँ कृषि र पशुपालन क्षेत्रमा संलग्न परिवारको कृषिबाट औसत वार्षिक आय रु. ५० हजार भन्दा कम रहेको छ । स्थानीय यातायात सेवा सञ्चालनमा नरहेको अवस्थामा बाह्य सार्वजनिक यातायातले केही रुपमा स्थानीय यातायातको आवश्यकता पूरा गरेको अवस्था छ । स्वास्थ्य संस्थाहरूमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको नगरपालिकाको विश्लेषण छ। त्यसैगरी नगरको आदिबासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपी, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएकाले यसको संरक्षण गरेर नगरको मौलिक परिचय जीवित राख्नुपर्ने चुनौती नगरपालिकालाई छ । नगरको सहरी क्षेत्रमा स्वच्छता र सरसफाईको समस्या समाधान गर्नुपर्ने छ। त्यसैगरी भूक्षय, बाढी, पहिरो, नदी कटान, सडक दुर्घटना, चट्याङ, असिना पानी, जंगली जनावर लगायतबाट विपद् जोखिम रहेको देखिन्छ। नगरपालिकाले सडक, पुल, पुलेसा, खानेपानी र सरसफाईका पूर्वाधार, सिँचाइका पर्याप्त एवं उपयोगी पूर्वाधार

तथा उद्योग, व्यवसाय र पर्यटन प्रवर्द्धनका लागि पर्याप्त भौतिक पूर्वाधारको तयारी गर्नु आवश्यक छ। नगरभित्र काम गर्नसक्ने उमेरका करिब २५ प्रतिशत जनसङ्ख्या पूर्ण वा आंशिक बेरोजगार रहेको अवस्था छ । यस्तोमा अपेक्षित रूपमा कृषि क्षेत्र व्यवसायिकतातर्फ जान वा लैजान नसक्नु, भौतिक पूर्वाधारको सीमितता तथा सेवा क्षेत्रको अपर्याप्त व्यवसायिकताका कारण आर्थिक क्रियाकलापका क्षेत्र सीमित भएकाले नगरमा पर्याप्त रोजगारीको अवसर निर्माण गर्न सकिएको छैन। छरिएर स-साना खण्डमा परम्परागत रुपमा हुने गरेको कृषि उत्पादनलाई व्यवसायिक उत्पादन अभ्यासले प्रतिस्थापित गर्ने र उत्पादनलाई एकीकृत गरी बजारसँग जोड्ने चुनौती रहेको छ । पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी उत्पादन र ढुवानीको लागत घटाउने तथा उत्पादनलाई सहजै बजारमा लान सक्ने गरी पूर्वाधार विकास गर्ने चुनौती पनि नगरलाई रहेको छ। आर्थिक अभिवृद्धिका लागि लगानीकर्तालाई उत्प्रेरित गरी साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गराउनु पर्ने चुनौती पनि यस नगरपालिकामा छ।[२७]

## ४. वालिङ नगरपालिका (गण्डकी प्रदेश)

वालिङ नगरपालिका गण्डकी प्रदेशको स्याङजा जिल्लामा अवस्थित छ। यहाँ १४ वटा वडाहरु रहेका छन्। यसको क्षेत्रफल १३३.८५ वर्ग किमी रहेको छ। वालिङ नगरपालिका प्रदेश राजधानीबाट करिब ६५ किमी र काठमाण्डौबाट करिब २६० किमीको दुरीमा छ। वि.सं. २०७५ सालको तथ्यांक सर्वेक्षण अनुसार यहाँ ११,३६६ घरधुरी र ४५,६०४ मानिसहरु छन्। यहाँ बाहुन, मगर, गुरुङ, क्षेत्री, सार्की, कामी, दमाई लगायत विभिन्न जातजातिहरुको बसोबास छ।

नगरपालिकाको ६१ प्रतिशत जमिन कृषि योग्य जमिनका रुपमा रहेको छ भने २२ प्रतिशत वनजंगल तथा १२ प्रतिशत घाँसे मैदानका रुपमा रहेको छ। प्राकृतिक स्रोतका रुपमा ढुंगाखानी, गिटी, बालुवा, वनपैदावार आदि छन् भने यहाँ चुनढुंगा उपलब्ध हुने सम्भावना भएको मानिन्छ । मनोरम हिमश्रृंखला, झरना तथा तालतलैयाहरु युक्त पर्यटकीय सम्भावना भएको यस नगरपालिकामा प्याराग्लाइडिङको सुरुवात गरी पर्यटनहरुलाई आकर्षित गर्न कार्यरत रहेको पाइन्छ।

वालिङ नगरपालिकाको अर्थतन्त्र मूख्यतया कृषि, वन, साना व्यापार, व्यवसाय तथा उद्योग, थोक तथा खुद्रा बजार, होटल, पर्यटन तथा सेवा क्षेत्रमा आधारित रहेको छ । नगरपालिकाको आन्तरिक आय स्रोतहरुमा सेवा शूल्क, अन्य आय तथा मालपोत वा भूमिकर रहेको छ।[२८]

---

[२७] भीमेश्वर नगरपालिका, नगर बृहत योजना, २०७७

[२८] वालिङ नगरपालिका नगर पार्श्वचित्र, २०७५, लिन्कः

## क) वालिङ नगरपालिकाको नीति तथा कार्यक्रम

वालिङ नगरपालिकाले वार्षिक नगर विकास योजनाका नाममा आ.व. २०७७/७८ का लागि आठौं नगरसभाबाट स्वीकृत वार्षिक नीति, कार्यक्रम एवम् बजेट प्रस्तुत गरेको छ । यसले कृषि, उद्योग, व्यापार, पर्यटन, उर्जा, सूचना प्रविधि र पूर्वाधारलाई स्मार्ट सिटी वालिङ निर्माणको ६ आधारको रुपमा लिएको छ ।

वालिङ नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्धौं योजना मार्गदर्शन, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र यस नगरपालिकाको आवश्यकता तथा रणनीतिक योजना लगायतलाई आधार मानी वार्षिक नीति तथा कार्यक्रम बनाएको उल्लेख गरेको छ । यस नगरपालिकाले अर्थतन्त्रको संरचना परिवर्तन र आयमा कमी आउने, विकास साझेदारहरुको स्रोत साधन परिचालनको क्षमता, प्राथमिकता र क्षेत्र फरक हुन सक्ने अवस्था भएकाले अधिकतम आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था गर्ने; आर्थिक क्रियाकलाप, कृषि औद्योगिक उत्पादन, रोजगारी सिर्जना, उत्पादनशील क्षेत्र, विकास निर्माण कार्य र सामाजिक जनजीवनमा थप क्षति हुन नदिई सुचारु गर्ने; शिक्षा, स्वास्थ्य, लैंगिक समानता एवम् अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वस्थ्य, शिक्षित, न्यायपूर्ण र गतिशील सामाजिक जीवनको स्थापना गरिने; शिक्षा र स्वास्थ्य सेवामा गुणात्मक सुधार गर्ने, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्ने र विकास निर्माण कार्यलाई तीव्रता दिने कार्यक्रमहरु कार्यान्वयन गरिने; महामारीका कारण रोजगारी गुमाएका श्रमिक, किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम् आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने; स्वरोजगार तथा आत्मनिर्भर हुने गरी वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरुलाई प्राथमिकता दिइने विषयलाई अघि सारेको छ ।

वालिङ नगरपालिकाले आफ्नो वार्षिक नीतिमा स्वास्थ्य सम्बन्धी नीतिहरु; शिक्षा सम्बन्धी नीतिहरु; कृषि सम्बन्धी नीतिहरु; पर्यटन सम्बन्धी नीतिहरु; उद्योग सम्बन्धी नीतिहरु; युवा तथा खेलकुद नीति; सहकारी तथा अन्य वित्तीय क्षेत्र सम्बन्धी नीतिहरु; सामाजिक विकास सम्बन्धी नीतिहरु; खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरु; संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिहरु; पूर्वाधार विकास सम्बन्धी नीतिहरु; सिंचाई सम्बन्धी नीतिहरु; भवन तथा सहरी विकास सम्बन्धी नीतिहरु; उर्जा, लघु तथा साना जलविद्युत सम्बन्धी नीतिहरु; सञ्चार सम्बन्धी नीतिहरु; वन वातावरण तथा भू-संरक्षण सम्बन्धी नीतिहरु; जलाधार संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी नीतिहरु; सरसफाई/फोहरमैला व्यवस्थापन सम्बन्धी नीतिहरु; प्रकोप नियन्त्रण र विपद व्यवस्थापन सम्बन्धी नीतिहरु; वारुण यन्त्र सञ्चालन सम्बन्धी नीतिहरु; सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरु; मानव संशासन सम्बन्धी नीतिहरु; संस्थागत क्षमता विकास सम्बन्धी नीतिहरु; राजस्व परिचालन सम्बन्धी

---

http://walingmun.gov.np/content/नगर-प्रोफाईल

नीतिहरु; सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु; नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरक्रिया, समन्वय जस्ता नीतिहरु तथा अन्य नीतिहरु लगायतका नीतिहरु र सो अन्तरगत गरिने क्रियाकलापहरुलाई बुँदागत रुपमा उल्लेख गरेको छ ।

वालिङ नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीतिहरुमा लैंगिक समानता तथा समावेशिकरण र दलित एवम् बाल विकासका लागि चेतनामूलक कार्यक्रमहरु; भिन्न क्षमता, ज्येष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि सुरक्षित आश्रय घर (सेल्टर) को व्यवस्था; लोपोन्मुख जातिहरु माझी, कुमाल र दलितहरुका साथै विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम; आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय आर्जन, गरिबी न्युनीकरण, रोजगारी प्रवर्द्धन कार्यक्रमहरु लगायतका विषयवस्तुहरु उल्लेख गरिएको छ ।

सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरुमा नगरसभा सञ्चालन कार्यविधि, २०७४ मा उल्लिखित मर्यादा पालन सम्बन्धी विविध विषयहरुलाई कडाइका साथ पालना गरिने; जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता बनाई लागु गरिने तथा नगरकार्यपालिकाको बैठकबाट स्वीकृत बैठक सञ्चालन सम्बन्धी कार्यविधिको पालनामा जोड दिइने भनिएको छ । संस्थागत क्षमता विकास गर्नका लागि संगठन संरचना र दरबन्दी सिर्जना गर्न संगठनात्मक विकास (अर्गनाइजेसन डेभलपमेण्ट) सम्बन्धी अध्ययनको आधारमा पदपूर्ति गरिने; नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त, दुरुस्त, विश्वसनीय, क्षमतायुक्त र प्रभावकारी बनाउँदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा पदपूर्ति गरिने; सुशासन स्थापनाका लागि आवश्यक कानुन, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरी अख्तियारको श्रृंखला (चेन अफ कमाण्ड) निर्माण गरिने; कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिने; नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवम् सेवाग्राही मैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिइने; उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गर्ने; नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिइने कार्यक्रम वालिङ नगरपालिकाले लिएको छ ।

## ख) वालिङ नगरपालिकामा लागु भएका कानुनहरु

| आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित | |
|---|---|
| • वालिङ नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४<br>• पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७४<br>• वालिङ नगरपालिकाको सहकारी ऐन, २०७५ | • वालिङ नगरपालिकाको उपभोक्ता समिति कार्यसञ्चालन कार्यविधि, २०७४<br>• वालिङ नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७४ |

| | |
|---|---|
| • वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५<br>• स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६<br>• वालिङ नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७<br>• स्थानीय बजार व्यवस्थापन तथा अनुगमन नियमावली, २०७७<br>• वालिङ नगरपालिकाको आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ | • वालिङ नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५<br>• उपभोक्ता समिति कार्यसञ्चालन कार्यविधि, २०७४<br>• संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७<br>• उद्यमशिलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७७ |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • वालिङ नगरपालिकाको आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) ऐन, २०७५<br>• वालिङ नगरपालिकाको विनियोजन ऐन, २०७७<br>• वालिङ नगरपालिकाको आर्थिक ऐन, २०७७ | • वालिङ नगरपालिकाको विनियोजन ऐन, २०७५<br>• वालिङ नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधि, २०७७ |
| **सामाजिक क्षेत्रसँग सम्बन्धित** | |
| • स्थानीय शिक्षा ऐन, २०७४<br>• बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५<br>• वालिङ नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५<br>• स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५<br>• वालिङ नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७<br>• सूचनाको हक सम्बन्धी नियमावली, २०७० | • खरको छानामुक्त कार्यविधि, २०७६<br>• वालिङ नगरपालिकाको राष्ट्रिय एकीकृत सूचना प्रणाली विपत पोर्टल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७<br>• स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता निर्देशिका, २०७७<br>• वालिङ नगरपालिकाको एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७७<br>• लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि वालिङ, २०७७ |

| | |
|---|---|
| • फोहरमैला व्यवस्थापन नियमावली, २०६८<br>• वालिङ नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि, २०७४<br>• वालिङ नगरपालिकाको वारुण यन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५ | • वालिङ नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७<br>• कोभिड-१९ उद्धार र सामाजिक आर्थिक प्रतिकार्य परियोजना नीति तथा सञ्चालन कार्यविधि, २०७७ |
| **प्रशासनिक क्षेत्रसँग सम्बन्धित** | |
| • वालिङ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५<br>• वालिङ नगर कार्यपालिकाको (कार्यविभाजन) नियमावली, २०७४<br>• वालिङ नगरपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४<br>• वालिङ नगरपालिकाको निर्णय वा आदेश र अधिकरपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५<br>• वालिङ नगरकार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ | • वालिङ नगरपालिकाको न्यायिक सम्पादन कार्यविधि, २०७५<br>• वालिङ नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५<br>• वालिङ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७<br>• न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७७ |

## ग) वालिङ नगरपालिकाको केही कानुनहरूमा टिप्पणी

वालिङ नगरपालिकालाई बालमैत्री नगरको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घरपरिवार र समाजमा बालबालिका प्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बालबालिका सम्बन्धी विद्यमान संघीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिको भाववना अनुरुप गरिने क्रियाकलापहरुलाई व्यवस्थित रुपमा अघि बढाउनु नगरपालिकाको कर्तव्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बाल अधिकारको क्षेत्रमा देखिएका प्रतिकूल अवस्थालाई आधार मानेर स्थानीय तहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकता पहिचान गर्ने, सम्बद्ध क्षेत्रको समस्यालाई न्युनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुँदा बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चुनौतीहरुलाई सही ढंगले सम्बोधन गर्न आवश्यकता महसुस गरी वालिङ नगरपालिकाले बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५ बनाएको छ ।

आफ्नै पहलमा बनाइएको यो ऐनमा जम्मा २ वटा परिच्छेदहरु छन् । परिच्छेद २ मा बाल संरक्षण समितिको व्यवस्था गरिएको छ । प्रमुखले तोकेको वडा संयोजक अध्यक्ष तथा जिल्ला बाल संरक्षण समिति, बालअधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको प्रतिनिधि, नगर क्षेत्रभित्र स्थापित बाल सुधार गृहको प्रतिनिधि सदस्य रहने तथा नगरपालिकाको बालबालिका सम्बन्धित शाखाको प्रमुख सदस्य सचिव हुने गरी बाल संरक्षण समितिको गठनको व्यवस्था गरिएको छ । यस्तो समितिले बालबालिकाको हकहितको संरक्षण सम्वन्धी योजना तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने, संघीय कानुन अनुसार बाल अधिकार सम्बन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने तथा सोलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने एवम् बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने जस्ता कार्यहरु गर्दछ । यसको कार्यकाल २ वर्षको हुन्छ । बालबालिकाको अधिकारकै लागि भनेर अध्ययन गरिएका अन्य पालिकाहरुमा यस्तो ऐन बनेको पाइएन । यसर्थ, बालबालिकाको अधिकारको विषयमा नगरपालिकाको चासो र प्रतिबद्धतालाई ऐनबाट संस्थागत गर्ने प्रयास सह्रानीय छ ।

बालबालिकाका लागि भनेर स्थानीय तहले यस्तो ऐन ल्याउनु सकारात्मक विषय हो । तथापि प्रस्तावनामा उल्लिखित स्थानीय तहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकता पहिचान गर्ने, सम्बद्ध क्षेत्रको समस्यालाई न्युनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत भएको हुँदा बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चुनौतीहरुलाई सही ढंगले सम्बोधन गर्न यो ऐन निर्माण गरिएको भन्ने अभिव्यक्तिलाई ऐनका प्रावधानहरुले अझै विस्तारमा सम्बोधन गर्न सक्ने अवस्था थियो । तर वर्तमानमा यो ऐनले वडा अध्यक्षको संयोजकत्वमा दुई वर्षको कार्यकाल सहितको एक बाल संरक्षण समिति गठन गरिने विषयमात्र उल्लेख गर्न सकेको छ । स्थानीय स्तरका बालबालिकाको अधिकार संरक्षण गर्न सकिने विभिन्न विषय यस ऐनमा उल्लेख गर्ने अवसरबाट नगरपालिका अहिले चुकेको छ । नगरपालिकाले सरोकारवालाहरु तथा विज्ञहरुसँगको छलफलबाट आफूले बालअधिकारका क्षेत्रमा गर्न सक्ने कार्यहरुलाई संशोधनका माध्यमबाट ऐनको परिधिमा ल्याउन सके यस ऐनले वालिङका बालबालिकाहरु लाभान्वित हुने अपेक्षा गर्न सकिन्छ ।

यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७५ सार्वजनिक निजी साझेदारीको माध्यमबाट पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था वाञ्छनीय भएकाले निर्माण गरिएको प्रस्तावनामा उल्लेख छ । ऐनको परिच्छेद २ मा परियोजना पहिचान तथा स्वीकृति सम्बन्धी प्रावधानहरु छन् । सार्वजनिक निजी साझेदारी परियोजनामा दफा ३ को उपदफा (२) मा उल्लिखित पूर्ण वा अधिकांश विशेषताहरु निहित भएको हुनु पर्ने यसको व्यवस्था छ । यस्ता विशेषताहरुमा पूर्वाधार सेवाको निर्माण, पुनस्थापना वा आधुनिकिकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको; निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको; निजी निकायलाई पूर्वनिर्धारित मापन योग्य

मानक अनुसारको कार्यसम्पादनसँग आबद्ध भुक्तानीको व्यवस्था भएको तथा परियोजनाको सम्झौता अवधि स्पष्ट भएको हुनु पर्ने छ। त्यस्तै सार्वजनिक निजी साझेदारीका ढाँचाहरु, परियोजना पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने विषयहरु पनि यस परिच्छेदमा छन् । सार्वजनिक निजी साझेदारी बमोजिम परियोजना कार्यान्वयन गरिने वा नगरिने आधारहरु पनि तोकिएका छन् । यस्ता आधारहरुमा स्थानीय सरकारले लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको; गरिएको खर्चको स्तरमा सार्वजनिक रुपमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको; परियोजना आर्थिक रुपमा सम्भाव्य भएको तथा स्थानीय सरकार र निजी निकाय बीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए नभएको विषयहरु परेको देखिन्छ । यस्ता परियोजनाको ढाँचा छनौट गर्दा परियोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको, परियोजनाका लागि निजी क्षेत्रको साधन स्रोत उपलब्ध भएको, सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको, उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शूल्क भएको लगायतका विभिन्न ध्यान दिनु पर्ने विषयहरु पनि उल्लेख गरिएको छ। यस्तै परियोजना समितिको सदस्य सचिवबाट स्वीकृत गराउनु पर्दछ। त्यस्तै सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयन नगरिने परियोजनाहरु पनि प्रष्ट पारिएको छ । मनसाय पत्र आव्हान गर्न सक्ने, संक्षिप्त सूची तयार गर्ने, प्रक्रियाबाट प्रस्ताव आव्हान गर्न सक्ने, सोझै प्रस्ताव आव्हान गर्न सक्ने, प्रस्ताव छनौट गर्ने, वार्ताद्वारा परियोजना कार्यान्वय गर्न सक्ने, वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने, समझदारीपत्र सही गर्न सक्ने, परियोजनाको विवरण पेश गर्नुपर्ने, प्रस्ताव रद्द गर्न सक्ने आदि दफाहरु यस परिच्छेदमा छन् ।

परिच्छेद ३ मा अनुमतिपत्र सम्बन्धी व्यवस्थाहरु रहेका छन् । यस अन्तरगत प्रस्तावकसँग समितिले नगरपालिकाको परामर्श पश्चात सम्झौता गर्ने, सम्झौतामा खुलाउनु पर्ने कुराहरु, पर्फर्मान्स बण्ड सम्बन्धी व्यवस्था, अनुमति पत्र दिने, रीत पुगेको मानिने अवस्था, अन्य व्यक्तिलाई परियोजनालाई प्रतिकूल असर पर्ने गरी सोही किसिमको परियोजना कार्यान्वयन गर्न अनुमति पत्र नदिइने, अनुमति पत्रको अवधि तथा थप गर्न सकिने अवधि, अनुमति पत्र रद्द गर्न सक्ने अवस्थाहरु, रोयल्टी सम्बन्धी व्यवस्था, परियोजना हस्तान्तरण गर्नु पर्ने व्यवस्था तथा हस्तान्तरण भएको परियोजना स्थानीय सरकारको स्वामित्वमा हुने व्यवस्था यो परिच्छेदमा छ । परिच्छेद ४ मा अनुमति प्राप्त व्यक्तिको अधिकार तथा सुविधाहरुको विषय समावेश छन् । जसमा शूल्क उठाउन पाउने, परियोजना कार्यान्वयन सिलसिलामा अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न, परियोजना कार्यान्वयनका क्रममा घर जग्गा प्रवेश गर्दा केही प्रकारको क्षति हुने भएमा सोको मनासिव क्षतिपूर्ति सम्बन्धित धनीलाई दिनु पर्ने व्यवस्था छ । परियोजना कार्यान्वनयको सिलसिलामा घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न पर्ने भए सो गराउन सकिने उल्लेख गरिएको छ । क्षतिपूर्ति भने तिर्नु पर्दछ । नगरपालिकाले घरजग्गा उपलब्ध गराइदिनु पर्ने प्रावधान छ । परियोजननाको सुरक्षा अनुमति प्राप्त व्यक्ति आफैंले गर्न पर्नेछ । स्थानीय सरकारले सहयोग उपलब्ध गराउनु पर्ने पनि उल्लेख छ । विदेशी विनिमय आवश्यक भएमा सोको सुविधा प्रदान गराउन स्थानीय सरकारले प्रदेश वा

संघीय सरकारसँग अनुरोध गर्दछ। विष्फोटक पदार्थको प्रयोग, कानुन बमोजिमको सुविधा पाउने तथा सेवा सुविधाका सर्त तोक्ने सक्ने दफा पनि यो परिच्छेदमा छन् ।

परिच्छेद ५ मा लगानी सम्बन्धी व्यवस्थाहरु छन् । परिच्छेद ६ मा पूर्वाधार विकास र निर्माणमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी प्रवर्द्धन समितिको व्यवस्था गरिएको छ । यस्तो समितिमा नगर प्रमुख अध्यक्ष, उपप्रमुख उपाध्यक्ष रहने छन् । यसबाहेक प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका महिला सदस्य, सम्बन्धित वडा सदस्य, निजी क्षेत्रबाट २ जना, विशेषज्ञ/प्राविधिक सदस्य रहने र नगरपालिकाको कार्यालयको सार्वजनिक निजी साझेदारी इकाई प्रमुख सदस्य सचिव हुने उल्लेख छ । समितिले परियोजनाको अनुगमन गर्ने, विवरण राख्ने, निर्देशन दिन सक्ने अधिकार पाएको छ। यस बाहेक बढीमा पाँच सदस्यीय प्राविधिक समिति पनि नगरपालिकाले गठन गर्न सक्नेछ। यस्तो प्राविधिक समितिले नगरपालिकाले कार्यान्वयन गर्ने परियोजनाको सम्बन्धमा सुझाव दिनेछ।

परिच्छेद ७ मा विविध व्यवस्था गरिएको छ । यसमा पचास करोड भन्दा कम लागत भएको परियोजनामात्र सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था छ । विवाद उठेमा समाधानका व्यवस्थाहरु छन् । ऐनले क्षतिपूर्ति सम्बन्धी व्यवस्थाहरु पनि गरेको छ। लिज वा भाडामा दिन सकिने व्यवस्था, स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने, अध्ययन प्रतिवेदन माथि प्रस्तावकको पूर्ण अधिकार कायम रहने व्यवस्था यस ऐनको अन्य व्यवस्था हुन् ।

यो ऐन वालिङ नगरपालिकाले ल्याएको विशिष्ट स्थानीय कानुन हो । यसले स्थानीय तहमा सार्वजनिक निजी साझेदारितालाई प्रवर्द्धन गराउन निजी क्षेत्रलाई आकर्षित गर्न प्रयास गरेको छ । यसका साथै सार्वजनिक निजी साझेदारिताका विभिन्न पक्षहरुलाई ऐनबाट नियमित र व्यवस्थित गर्न खोजिएको देखिन्छ । ऐन राम्रो भए पनि यसमा लगानीकर्ताले पर्याप्त चासो लिएको देखिँदैन । यसमा लगानीकर्ताको दृष्टिकोणमा नगरपालिकाले विचार गर्नु पर्ने पक्षहरु हुन सक्दछन् ।

स्थानीय शिक्षा ऐन, २०७४ को परिच्छेद ३ ले विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ता कार्यालयको दरबन्दी, सेवा सर्त, योग्यता एवम् सक्षमताको मापदण्डहरु तोकेको छ । यसमा नगरपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्ने भनिएको छ । परिच्छेद २ को नगर शिक्षा समितिले आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने भनी तोकिएको प्रावधान र यो प्रावधान बीच कसरी तालमेल गर्ने भन्ने विषय सम्बोधन हुन बाँकी नै छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीलाई कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिन पनि रोकिएको छ। यस्तोमा डिभी भरेका शिक्षक कर्मचारीलाई पनि तोकिए बमोजिम दण्ड तथा सजाय हुन सक्ने अवस्था हुन्छ। केवल स्थायी आवासीय अनुमतिका लागि निवेदन दिने कार्यलाई नै रोक्नु चाहिँ अनुचित देखिन्छ। संस्थागत विद्यालयले कुनै

व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्ने प्रावधान देखिन्छ । विदेशी व्यक्ति वा संस्थाबाट दानदातव्य प्राप्त गर्नु अघि भने नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको छ ।

स्थानीय शिक्षा ऐनका धेरै प्रावधानहरुमा संघीय शिक्षा ऐन, २०२८ का विभिन्न प्रावधानहरुबाट प्रभावित छन् । दफा ७ मा विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने व्यवस्था छ । यो व्यवस्थाले वालिङ नगरपालिकामा संस्थागत विद्यालय शैक्षिक गुठी अन्तर्गत मात्रै खोल्ने प्रावधान गरेको जस्तो देखिन्छ । दफा (७) को उपदफा (४) ले यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ भनी उल्लेख गरेको छ । नयाँ विद्यालयहरु शैक्षिक गुठी मार्फत सञ्चालन हुने भए पनि पहिले नै कम्पनीका रुपमा दर्ता भएका विद्यालयहरु कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत जान नचाहेमा के हुने भन्ने सम्बन्धमा यो ऐन मौन रहेकाले सो कानुनी रिक्तता पूर्ति गर्नुपर्ने देखिन्छ । सोही दफा ७ को उपदफा (९) मा कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन भन्ने उल्लेख छ । सोसँगै "तर कानुनले तोकेका प्रक्रिया पूरा गरी माग भएमा स्वीकृत दिन बाधा पर्नेछैन" भनी उक्त दफालाई कमजोर बनाइएको छ । आफैंले विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति नदिइने व्यवस्था गरेर फेरि सो व्यवस्थालाई त्यही उपदफामै अर्को प्रतिबन्धात्मक व्यवस्था गरी कमजोर पार्नुको औचित्य स्पष्ट हुँदैन । बरु विदेशी सम्बन्धन गर्ने गरी विद्यालय खोल्न दिने हो भने सो सम्बन्धी यो ऐनमै अलग्गै व्यवस्थाहरु गरिनु उचित हुन्छ । सम्बन्धनलाई नियमन गर्ने हो, नियन्त्रण होइन ।

उपरोक्त ऐनको दफा १७ मा स्थायी अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन भनिएको छ । यो व्यवस्था संस्थागत विद्यालयहरुका लागि पनि बाध्यात्मक गरिएको हो ? दफा १८ मा शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था पनि छन् । यसको उपदफा (१) ले देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछ भनी अवस्थाहरु तोकेको छ । यो व्यवस्था अन्तर्गत संस्थागत विद्यालयहरुले पनि शिक्षक हटाउन नगरपालिकामा सिफारिस गर्नुपर्ने हो भन्ने प्रश्न उत्पन्न भएको छ । यसैगरी दफा ६१ मा दण्ड सजायको प्रावधानको उपदफा (१) मा कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ भन्ने उल्लेख छ । यसरी बिगो हेर्ने स्पष्ट अधिकारी नतोकिँदा कार्यक्षेत्रको दुविधा उत्पन्न हुन सक्छ भने दण्ड गर्ने अधिकारीले आफ्नो जिम्मेवारी बोध नगर्न सक्छ । तसर्थ केकस्तो विषय न्यायिक समितिलाई हेर्न दिने हो भनी स्पष्ट व्यवस्था गरिनु पर्दछ ।

वालिङ नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३ मा कृषि बजारको स्थापना सम्बन्धी व्यवस्था छ । यसको उपदफा (२) मा कृषि सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले वालिङ नगरपालिकाको अनुमति लिई कृषि बजार स्थापना गर्न

सक्नेछ भनेको छ । के कृषि बाहेकका अन्य व्यवसायीको समूह वा अन्य कम्पनीले यस्तो कृषि बजार सञ्जालन गर्न नपाउने हो ? भन्ने प्रश्न यहाँ उपस्थित हुन सक्छ । कृषि बजार प्रवर्द्धन गर्न तथा नगरपालिकाको यस ऐनको उद्देश्य परिपूर्ति गर्न आवश्यक पूँजी र प्रविधि लगाउन चाहने व्यक्ति, फर्म, कम्पनीहरुले दिन सक्ने योगदानको पाटोलाई समावेश नगर्दा कृषि व्यवसाय प्रवर्द्धनले आजको प्रतिस्पर्धी आवश्यकता पूरा गर्ने पक्षमा कतै न कतै कमी हुन सक्छ । कृषि सम्बन्धी सहकारी तथा व्यवसायिक संस्थालाई अन्य तरिकाले पनि प्रोत्साहन गर्न सकिन्छ । त्यस्तै, दफा ६ को स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिका पदाधिकारीहरुमा उद्योगी व्यवसायीको चाहिँ प्रतिनिधित्व छैन । यो क्षेत्रको प्रतिनिधित्व गर्न सके त्यसले कृषि व्यवसायको प्रवर्द्धनलाई झनै मद्दत पुग्न सक्दछ ।

स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ को दफा ८ (१) ले नगरपालिका आफैंले ५० शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ भनिएको छ । दफा ९ ले निजी क्षेत्रलाई २५ शैयासम्मको अस्पताल सञ्चालन गर्न नगरपालिकाले अनुमति दिनेछ भनिएको छ । एकै मापदण्ड पूरा गरेर सञ्चालित हुने र स्थानीय सरकारको अनुगमनको क्षेत्राधिकारभित्र पर्ने अवस्थामा निजी क्षेत्रलाई २५ शैयाको मात्रै अस्पताल सञ्चालन गर्न दिने विषय स्थानीय स्वास्थ्य सेवामा जनताको स्वास्थ्यमा पहुँचको आवश्यकता परिपूर्ति गर्ने दायित्वका हिसाबले पनि हेरिनु पर्दछ । निजी क्षेत्रका अस्पतालहरु राज्यको स्वास्थ्य सेवाको दायित्व पूरा गर्न सहायक पनि हुन् । नगरपालिकाको विकासका लागि वालिङ नगरपालिकाको आफ्नै सार्वजनिक निजी साझेदारी ऐन निर्माण गरेकाले निजी क्षेत्रलाई स्वास्थ्य वा कृषि वा कुनै पनि विकास तथा पूर्वाधार निर्माणका क्षेत्रमा आउन प्रोत्साहन गर्ने खालका प्रावधानहरु हुन सकेमा नगरपालिकाको आफ्नो उद्देश्य प्राप्तिमा सहयोग नै हुन्छ ।

नगर पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७४ मा धेरै विषयहरुमा ऐनले कुनै निर्देशनात्मक प्रावधानको व्यवस्था नगरी तोकिए बमोजिम हुनेछ भनी उल्लेख गरेको छ । सभाले त्यस्ता विषयहरुमा पुनरावलोकन गरी त्यस्ता निर्देशक प्रावधानहरुको आफैंले व्यवस्था गर्न सकेमा कार्यपालिकाले सिधै कार्यान्वयनमा जान सक्ने अवस्था हुन्थ्यो । यस्ता विषयमा अनावश्यक रुपमा कार्यपालिकालाई प्रत्यायोजित विधायन निर्माण गर्ने अधिकार दिइरहनु जरुरी छैन ।

## घ) वालिङ नगरपालिकामा लैंगिक तथा सामाजिक समावेशिकरणको नीति

वार्षिक नगर विकास योजना - आ.व. २०७७/७८ का लागि आठौं नगरसभाबाट स्वीकृत वार्षिक नीति, कार्यक्रम एवम् बजेट पुस्तिकाले लैंगिक समानता तथा सामाजिक समावेशिकरण अन्तरगत केही कार्यक्रमहरु गरिने उल्लेख गरेको छ । यसमा वालिङ नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीतिहरुमा लैंगिक समानता तथा समावेशिकरण र दलित एवम् बाल विकासका लागि चेतनामूलक कार्यक्रमहरु; भिन्न क्षमता, ज्येष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि सुरक्षित सेल्टरको व्यवस्था; लोपोन्मुख जातिहरु माझी, कुमाल र दलितहरुका साथै विपन्न वर्गहरुको लागि विशेष

कार्यक्रम; आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय आर्जन, गरिबी न्युनीकरण, रोजगारी प्रवर्द्धन कार्यक्रमहरु लगायतका विषयवस्तुहरु उल्लेख गरिएको छ ।

### ङ) वालिङ नगरपालिकाको राजनीतिक अर्थव्यवस्था

वालिङ नगरपालिका यस क्षेत्रको नमुना नगरपालिका मानिन्छ । तुलनात्मक रुपमा यसले गरेका सामाजिक, आर्थिक तथा पूर्वाधार विकास लगायतका काम कारवाहीहरु राष्ट्रिय मञ्चहरुमा पनि चर्चा हुने गर्दछ । स्वयं वालिङ नगरपालिकाको आफ्नो वर्तमान स्थितिका बारेमा स्पष्ट धारणा छ । आफ्नो आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदनमा नगरपालिकाले केही समस्याहरु बारे आफ्नो दृष्टिकोण सार्वजनिक गरेको छ ।

वडा कार्यालय, विषयगत शाखा एवम् नगरपालिकामा कार्यरत कर्मचारी अपूर्ण हुँदा काम गर्न असहजता भएको यसको स्पष्ट दृष्टिकोण छ । अतः आवश्यक कर्मचारीको दरबन्दी सिर्जना गरी पदपूर्ति गर्नुपर्ने उल्लेख गरेको छ । विज्ञताको अभावमा स्थानीय तहमा ऐन नियमहरु बनाउन असहजता भएको यसको सोचाई छ । कर र ठेक्का लगाउने कतिपय विषयमा प्रदेश र स्थानीय तह बीचमा अन्यौलता रहेको भन्ने नगरपालिकाको भनाईले यो अन्यौलताको प्रभाव विभिन्न प्रकारको हुन सक्ने देखिन्छ । वडा कार्यालय र अन्य स्वास्थ्य संस्थाको आफ्नै भवन छैन । यसबाट कार्यसञ्चालनमा समस्या परेको छ । थोरै बजेटबाट धेरै क्षेत्र र वर्गको आवश्यकतालाई समेट्न् पर्ने अवस्था रहेको छ । उपभोक्ता समितिहरुले मूल (स्ट्रक्चरल) काम भन्दा सतही खालका काम मात्र गर्न खोज्ने प्रवृत्ति रहनु; पुनः ठेकेदार र डोजर खोजी काम लगाउने प्रवृत्तिलाई रोक्न नसकिएको पनि प्रतिवेदनले उल्लेख गर्दछ । जस्तो खालको काम पनि उपभोक्ताबाटै गर्नुपर्छ भन्ने मान्यता बढ्दै गएको देखिन्छ । असारे विकास प्रणाली अर्थात अन्तिम समयमा लागिभिरी गर्ने प्रवृत्तिलाई अझै पनि पूर्ण रुपमा निर्मूल गर्न सकिएको छैन । विकास कार्यमा प्रदेश तथा केन्द्र सरकारको तर्फबाट अपेक्षित सहयोग पाउन सकिएको छैन भन्ने पनि समस्या तथा चुनौतीको रुपमा उल्लेख गरिएको छ । यसको उदाहरणका रुपमा सिद्धार्थ राजमार्गको बाटो विस्तारलाई अघि सारिएको छ ।[२१] त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को प्रतिवेदनले पनि यस प्रकारका समस्या तथा चुनौतीका बारेमा पुनः उल्लेख गरेका छन् ।

## ५ तानसेन नगरपालिका (लुम्बिनी प्रदेश)

तानसेन नगरपालिका लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा अवस्थित छ । यस नगरपालिकामा १४ वटा वडाहरु रहेका छन् । यो नगरपालिकाको क्षेत्रफल २३.५ वर्ग किमी रहेको छ । तानसेन नगरपालिका काठमाण्डौबाट करिब ३१० किमीको दुरीमा छ ।

---

[२१] वालिङ नगरपालिकाको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदनको समस्या तथा चुनौती खण्ड

वि.सं. २०७५ को घरधुरी सर्वेक्षण अनुसार यहाँ १३,१२२ घरधुरीमा ५७,०४५ मानिसहरु रहेका छन् । यहाँ मगर, नेवार, बाहुन, क्षेत्री, कामी, सार्की, मुसलमान, कुमाल लगायत अन्य विभिन्न जातजातिहरुको बसोबास रहेको छ ।

तानसेन प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरपालिकाका रुपमा रहेको छ । यहाँबाट हिमश्रृंखलाको अत्यन्तै मनोरम दृश्यावलोकन गर्न सकिन्छ । यहाँ पाल्पा दरबार, रानी महल, श्रीनगर डाँडा, रुरुधाम लगायत विभिन्न पर्यटकीय तथा धार्मिक स्थलहरु छन् । तिनाउ नदी, होलाङदि खोला लगायत दर्जनौ नदीनाला तथा खोलाहरु बग्दछन् । ढुंगा, गिटी, नदीजन्य पदार्थ आदि प्राकृतिक स्रोतका रुपमा पाइन्छ । यहाँ फलाम खानीको सम्भावना पनि रहेको मानिन्छ ।

नगरपालिकाको ४८ प्रतिशत भूमि कृषियोग्य जमिनको रुपमा छ भने ४३.३० प्रतिशत वन क्षेत्रले ढाकिएको छ । यस नगरपालिकाको अर्थतन्त्र मूख्यतया व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपालन, होटल, होमस्टे, पर्यटन तथा सेवा क्षेत्रमा आधारित छ । केही साना तथा घरेलु उद्योग तथा वैदेशिक रोजगारको पनि योगदान छ । नगरपालिकाको मूख्य आन्तरिक आयस्रोतमा सम्पत्ति कर, व्यवसाय कर, सवारी कर, अन्य सेवा शूल्क र दस्तुरहरु तथा घरजग्गा रजिष्ट्रेसन रहेको देखिन्छ । ४८ प्रतिशत घरधुरीले मासिक १० हजारभन्दा कमले परिवार धानेका छन् भने मासिक ५०,००० भन्दा बढी खर्चले परिवार धान्ने जनसंख्या ०.७१ प्रतिशत रहेको देखिन्छ ।[३०]

## ख) तानसेन नगरपालिकाको नीति तथा कार्यक्रम

तानसेन नगरपालिकाले ०७७/७८ को आफ्नो नीति तथा कार्यक्रममा आर्थिक विकास, सामाजिक विकास, विपद तथा वातावरण व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा कार्यक्रमहरु गर्न तयारी गरेको छ । यसले महामारीबाट पुगेको क्षतिको पुनर्भरण हुने गरी विकास निर्माण र पुनरुत्थानका कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्ने तयारी गरेको पाइन्छ ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकार र प्रदेश सरकारबाट पारित नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिवद्धता, दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना र नगरपालिकाको एकिकृत विकास योजनालाई नगरपालिकाको मुख्य मार्गदर्शक आधार लिएको उल्लेख भएको छ ।

यो वर्षको नीति तथा कार्यक्रमले कोरोना संक्रमण, रोकथाम, नियन्त्रण तथा संकट व्यवस्थापन; स्वास्थ्य सेवा; शिक्षा; युवा रोजगार प्रवर्द्धन; कृषि विकास तथा पशु सेवा; आर्थिक विकास; पर्यटन र संस्कृति; सामाजिक विकास; पूर्वाधार विकास; वन, वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन; सुशासन तथा संस्थागत विकासलाई विषयगत रुपमा

---

[३०] *तानसेन नगरपालिका नगर पार्श्वचित्र, २०७५*

उल्लेख गरेर उपरोक्त शीर्षकहरुमा गरिने कार्यक्रमहरुका बारेमा बुँदागत रुपमा प्रकाश पारेको छ ।

**सामाजिक विकास सम्बन्धमा**: नगरपालिकाको स्वरोजगार कार्यक्रम तर्फ करुवा निर्माण, ढाका प्रवर्द्धन लगायतको कार्यमा अत्याधिक महिला सहभागिता देखिएको हुँदा ऋण लगानी प्रक्रियामा महिला र दलित वर्गको पहुँच बृद्धि गरी विकासको मुल प्रवाहमा ल्याउन प्रोत्साहन गरिने; लैंगिक हिंसाको न्यूनीकरण, असहाय वर्गको संरक्षण, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अति विपन्नहरुको सामाजिक सुरक्षा र संरक्षणका लागि मागमा आधारित नतिजामुखी कार्यक्रम सञ्चालन गरिने; परम्परागत सीप, उद्यम र पेशा भएका दलित व्यक्तिहरुको व्यवसायलाई प्रविधिमैत्री र आधुनिकिकरण गरी श्रमिकबाट मालिकमा रुपान्तरण गर्ने अभियानको थालनी गरिने; युवा परिचालन, समाज सशक्तिकरण कार्यक्रम, खेलकूद लक्षित कार्यक्रम सञ्चालन गरी युवाहरूलाई समाज विकासका रचनात्मक काममा परिचालन गर्न कार्यक्रमहरु गरिने लगायत विषय समावेश गरिएको पाइन्छ ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धमा**: नगर प्रमुख र कर्मचारीहरु बीच कार्यसम्पादन सम्झौता गरी नतिजाका आधारमा कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने परिपाटीको थालनी गरिने; शून्य बेरुजुको अवधारणा अनुसार बेरुजु फर्छ्यौट कार्यलाई प्रभावकारी बनाउने र भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति अख्तियार गरिने; जनताका समस्या, सुझाव र विकासका सवालहरुलाई सम्बोधन गर्न जनतासँग मेयर कार्यक्रमलाई निरन्तरता दिने; सूचनाको हक प्रवर्द्धन गर्न नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुको लागि सूचनाको हक सम्वन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइने; पालिकालाई डिजिटलाइजेसन गर्ने र विद्युतीय अभिलेख राखिने; नगर प्रहरी ऐन बमोजिम विपद व्यवस्थापन, बजार अनुगमन, प्लाष्टिक झोला बरामद, घर निर्माण कार्यको अनुगमन, दमकल परिचालन, कर सप्ताह अभियान जस्ता कार्यमा नगर प्रहरी परिचालन गरिने लगायतका कार्यहरु नीति तथा कार्यक्रममा परेको देखिन्छ ।

यसबाहेक पूर्वाधार विकास, खानेपानी, शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, सांस्कृतिक क्षेत्रहरुमा विभिन्न निर्माण तथा कार्यक्रमहरुको बारेमा उल्लेख गरिएको छ ।

## ख) तानसेन नगरपालिकामा लागु भएका कानुनहरू

| **आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित** | |
|---|---|
| • कृषि व्यवसाय प्रवर्द्धन गर्ने ऐन, २०७४ | • एकीकृत सम्पत्ति कर लगत तथा असूली कार्यविधि, २०७४ |
| • तानसेन नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ | • तानसेन नगर कार्यपालिकाको उपभोक्ता समिति मार्फत सञ्चालन |

| | |
|---|---|
| • तानसेन नगरपालिकाको मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७५<br>• तानसेन नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ | गरिने योजना कार्यान्वयन कार्यविधि, २०७४ |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • आर्थिक ऐन, २०७६<br>• विनियोजन ऐन, २०७४<br>• आर्थिक ऐन, २०७४ | • तानसेन नगरपालिकाको विनियोजन ऐन, २०७७<br>• आर्थिक ऐन, २०७६ |
| **सामाजिक क्षेत्रसँग सम्बन्धित** | |
| • तानसेन नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७६<br>• विनियोजन ऐन (पहिलो संशोधन) २०७४<br>• नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४<br>• तानसेन नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७६<br>• तानसेन नगरपालिकाको उपभोक्ता सामाग्री वितरण कार्यविधि, २०७५ | • तानसेन नगरपालिकाको युवा परिषद गठन तथा सञ्चालन कार्यविधि, २०७५<br>• तानसेन नगरपालिकाको विपन्न, दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७४<br>• तानसेन नगरपालिकाको नगर सुत्केरी स्याहार खर्च वितरण कार्यविधि, २०७४ |
| **प्रशासनिक क्षेत्रसँग सम्बन्धित** | |
| • तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४<br>• तानसेन नगरपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४<br>• तानसेन नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | • तानसेन नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि, २०७४<br>• तानसेन नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४<br>• तानसेन नगरपालिकाको कार्यविभाजन नियमावली, २०७४<br>• नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७४ |

## ग) तानसेन नगरपालिकाको केही कानुनहरूमा टिप्पणी

तानसेन नगरपालिकाको उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजना कार्यान्वयन कार्यविधि, २०७४ का प्रावधानहरु उपभोक्ता समितिलाई विभिन्न व्यवस्था मार्फत तोकिएको गुणस्तरको कार्य सम्पादन गराउन प्रेरित रहेको देखिन्छन् । त्यसैगरी यस कार्यविधिमा अनुगमन समितिको व्यवस्था पनि गरिएको छ । आयोजना स्थलमा सूचना पाटी राख्नु पर्ने, स्थानीय जनताले समितिले गरेको कामको विवरण माग गरेमा उपलब्ध गराउनु पर्ने नगरेमा वडा कार्यालयमा गई त्यस्तो समिति पुनर्गठन वा भंग वा अर्को तरिकाले काम गर्न सकिने, अन्तिम किस्ता भुक्तानी अघि सार्वजनिक परीक्षणको व्यवस्था लगायतले उपभोक्ता समितिको कामलाई नियमित गर्ने खोजिएको पाइन्छ । समग्रमा नियमन गर्ने यसको उद्देश्य प्रष्ट हुन्छ । तर यो कार्यविधि यस सम्बन्धी कुनै ऐनले दिएको अधिकार प्रयोग गरी बनाइएको होइन । अतः सभाको व्यवस्थापकीय अधिकार अन्तर्गत ऐन नबनाई सिधै कार्यविधिद्वारा नियमन गर्ने प्रणाली उचित मानिँदैन । यो मान्यता स्थानीय ऐन नबनाई लागु गरिएका सबै नियमावली तथा कार्यविधिहरुका हकमा पनि लागु हुन्छ ।

तानसेन नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ का प्रावधानहरु करार ऐनबाट लिएजस्ता देखिन्छन् । जस्तो करार पूरा गर्नुपर्ने समय, तरिका र दायित्व लगायतका विषयहरु करार ऐनले नै व्यवस्था गरिसकेको देखिन्छ । यस्तोमा कुनै कुरा बाझिएको वा विवादित भएको खण्डमा करारका पक्षहरुले यस ऐन बमोजिम करारको दायित्व पूरा गरे पुग्ने हो वा संघीय करार ऐन बमोजिम जानुपर्ने हो ? यो दुविधा कायमै छ । संघीय ऐनलाई सामान्यतया स्थानीय ऐनले काट्न सक्दैन । करार ऐनमा उल्लिखित विषयवस्तु यसमा दोहोऱ्याउनु जरुरी छैन ।

## घ) तानसेन नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति

तानसेन नगरपालिकाले नगर बृहत योजना अनुसार लैंगिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा र स्वास्थ्य, सरसफाई जस्ता समाजिक विकासका संयन्त्रलाई थप क्षमतायुक्त क्रियाशील बनाउने लक्ष्य राखेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तरगत आवश्यक नीतिगत र कानुनी आधारहरू तयार गर्नु; नगरको विकास निर्माण र सेवा प्रवाहमा लैंगिक समानता र सामाजिक समावेशिकरणलाई व्यवहारिक कार्यान्वयन गर्नु; नगरमा स्थापना भएको महिला तथा बालबालिका शाखा तथा वडा तहसम्मका संरचनाहरूको क्षमता अभिबृद्धि गर्नु तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारी बनाउनु तानसेन नगरपालिकाको प्रमुख चार उद्देश्य रहेको छ। यसका लागि लैगिक समानता र सामाजिक समावेशिकरण सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिका निर्माण गरिने; लैगिक नीति तयार गरी कार्यान्वयनमा ल्याइने; अपांगता भएका व्यक्तिहरूको लागि आवश्यक नीति

नियम तयार गरी कार्यान्वयन गरिने; महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत समाजमा पछाडि पारिएका बर्गको विकास निर्माण लगायत सेवा प्रवाहको पहुँचमा सुनिश्चितता गरिने; आर्थिक, सामाजिक र राजनितिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिबृद्धि गर्ने नीति अवलम्बन गरिने तथा बालबालिका तथा ज्येष्ठ नागरिकहरुका लागि पनि विभिन्न कार्यक्रमहरु गरिने परिकल्पना गरिएको छ ।

### ङ) तानसेन नगरपालिकाको राजनीतिक अर्थव्यवस्था

तानसेन नगरपालिका महत्वाकांक्षी योजनाहरु लिएर अघि बढेको देखिन्छ । यसको आफ्नो ऐतिहासिक महत्वको पुनर्स्थापना गर्ने अठोट पनि छ । नगरपालिकाले योजनाका लागि पर्याप्त बजेट, समयमा आवश्यक संख्यामा दक्ष कर्मचारी पाउन सकेको स्थिति छैन । स्थानीय तहको संरचना निर्धारण आयोगले सिफारिस गरेको एक स्थानीय तह बराबरको न्यूनतम संख्यामा कर्मचारी पाउने दिन आएको छैन । यहाँ कतिपय वडामा वडा सचिवको काम समेत चलाउन हम्मे परेको स्थिति छ । संविधानको अनुसूची ८ ले प्रदान गरेका अधिकार र साझा सूचीमा रहेका कतिपय व्यवस्थालाई समयमा प्रबन्ध नगरिदिएका कारण निर्वाचित जनप्रतिनिधिहरूले स्थानीय सरकारलाई आफ्नो योजना बमोजिम हिँडाउन सकिरहेको छैन । प्रशासनिक दुविधाहरूले समेत बेलाबखत अवरोध पुऱ्याएको अनुभूति भएको छ ।[३१] यसका साथै संघीय सरकारको नेतृत्व तह र कर्मचारीतन्त्रको पुरानै मानसिकताले कतिपय स्थानमा आवश्यकता बमोजिम समायोजन हुन सकेन । कर्मचारी नपुगेको मात्र नभई नगरपालिका स्तरबाटै नियुक्ति गर्नसम्म पनि दिइएन भन्ने गुनासो छ । नगर कार्यपालिकामा व्यवस्थित सचिवालयका साथै विषय विज्ञ समूहको अभाव भएको प्रष्ट देखिन्छ । त्यस्तो समूह बनाउँदा राम्रो हुन्छ । एक्लो मेहनत भन्दा सामूहिक कार्य सहज र बलशाली तथा दिगो हुन सक्दछ । विकासका योजनाहरू छन् तर समग्र तानसेन कति वर्षमा कुन कुन क्षेत्रमा कसरी, कति लागतमा कस्तो बनाउने ? त्यस्को मार्गचित्र हुनुपर्दछ भन्ने धारणा छ ।[३२]

## ६. वीरेन्द्रनगर नगरपालिका (कर्णाली प्रदेश)

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको सुर्खेत जिल्लामा अवस्थित छ । यो नगरपालिकामा जम्मा १६ वटा वडाहरु छन् । यो नगरपालिका काठमाण्डौबाट ६०० किलोमिटर पर पर्दछ । नगरपालिका करिब २४५ वर्ग किमीमा फैलिएको छ । यहाँ २९,२१६ घरधुरीमा जम्मा १,१५,४५१ मानिसहरु बसोबास रहेको २०७५ को घरधुरी

---

[३१] अशोक शाही, नगर प्रमुख, तानसेन नगरपालिकाको हाम्रो तानसेन बुलेटिनको साउन, २०७६ को अंकमा प्रकाशित लेखबाट

[३२] नारायण प्रसाद कोइराला, *स्थानीय सरकारको कसीमा तानसेन नगरपालिका,* हाम्रो तानसेन बुलेटिनको साउन २०७६ को अंकमा प्रकाशित  लेखबाट)

संकलन तथ्यांकले देखाउँछ । यहाँ क्षेत्री, बाहुन, मगर, कामी, ठकुरी, थारु, मुस्लिम लगायत विभिन्न जातजातिहरुको बसोबास छ ।

भेरी नदी सहित विभिन्न खोलानालाहरु यस नगरपालिका भएर बग्दछन् । यस नगरपालिकामा गिट्टी, बालुवा, ढुंगाा जस्ता प्राकृतिक स्रोतहरु उपलब्ध छन् भने तामा, सुन तथा चुनढुंगा खानीको सम्भावना रहेको मानिन्छ । यस नगरपालिकामा काँक्रे विहार, सुर्खेत संग्रहालय, बुलबुले ताल, देउती बज्यै, विभिन्न मस्जिदहरु आदि रहेका छन् ।

खेतीयोग्य जमिन ३० प्रतिशत रहेको छ । वन, जंगलले नगरपालिकाको ४९ प्रतिशत क्षेत्रफल ओगटेको छ । झाडीले १५ प्रतिशत भाग समेटेको छ । यस नगरपालिकाको अर्थतन्त्र मूख्यतया व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपंछी पालन, थोक र खुद्रा बजार, होटल, पर्यटन तथा सेवा क्षेत्रमा आधारित छ । नगरपालिकाको आन्तरिक आयमा व्यवसाय कर, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, अन्य आय लगायत मुख्य रहेको छ ।[३३]

## क) वीरेन्द्रनगर नगरपालिकाको नीति तथा कार्यक्रम

वीरन्द्रनगर नगरपालिका सुर्खेत जिल्लाको समेत सदरमुकाम रहेको नगरपालिका हो । यसको आ.व. २०७७/७८ नीति, बजेट तथा कार्यक्रम पनि उपरोक्त अन्य नगरपालिका जस्तै छ । यो नगरपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर शहरका रुपमा विकास गर्न र सोही अनुरुप आवश्यक संरचनाहरु निर्माण गर्ने चुनौती यस नगरपालिकाको सामु रहेको छ । कर्णाली प्रदेशको राजधानी, मध्यपश्चिमाञ्चल विश्व विद्यालय सहितको शैक्षिक केन्द्र, प्रदेश अस्पताल, कर्णालीको प्रवेशद्वार, पहाड र तराई मिश्रित भू-भाग, समतल खुल्ला क्षेत्र, कृषि, पशुपालन, वन जंगल एवं हरियाली क्षेत्र, जैविक विविधता, कर्णाली र भेरी नदीले घेरिएको, काँक्रेविहार, बुलबुले, देउती बज्यै लगायतका धार्मिक तथा पुरातात्विक सम्पदा, स्थानीय जातजातिका लोक कला संस्कृति र मानव स्रोतलाई यस नगरपालिकाको अवसरका रुपमा लिन सकिन्छ ।

यद्यपि नगरपालिकाले प्रमुख चुनौतीहरुका रुपमा क) संसारभर महाविपत्तिका रुपमा रहेको कोरोना (कोभिड-१९) सँग सामना गर्दै जनचाहना अनुरुप समग्र विकासका गतिविधिलाई समेत अगाडि बढाउनु पर्ने; ख) नगरपालिकाको कार्यचापमा वृद्धि भएसंगै स्रोत साधनको कमी; ग) राजधानी केन्द्रित पूर्वाधार विकासका लागि आवश्यक स्रोतको अभाव; घ) नगरको पूर्वाधारतर्फ अव्यवस्थित बसोबास, खानेपानीको प्रवन्ध, उपत्यकाको ढल निकास, ऐलानी पर्ती जग्गा र खोला छेउ अतिक्रमणलाई व्यवस्थित गर्नुपर्ने; ङ) स्थानीय स्रोत साधनको पहिचान, परिचालन र व्यवस्थापन नयाँ परिवेश अनुकुलको व्यवस्था गर्नु; च) नयाँ परिवेशमा संविधान तथा अन्य कानुनको मर्म अनुरुप काम गर्नु पर्ने; छ) बाढी पीडित तथा सुकुम्बासीको व्यवस्थापन गर्नुपर्ने; ज) नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई गुणस्तरीय र प्रविधि मैत्री बनाउनुलाई लिएको छ । यसका साथै विकासका हिसाबले अझ

[३३] वीरेन्द्रनगर नगरपालिका नगर पार्श्वचित्र, २०७५

पनि कैयौं क्षेत्र, वर्ग तथा समुदायहरूले नगरपालिकाको पूर्ण अनुभूति गर्न नसकिरहेको अवस्थामा रहेको र यसलाई सम्बोधन गर्न नगर कार्यपालिका लागि परेको विषय यस नीति, बजेट तथा कार्यक्रममा उल्लेख भएको छ ।

नगरपालिकाले आ.व. २०७७/०७८ को आफ्नो नीति तथा कार्यक्रममा क्षेत्रगत नीतिहरु निर्धारण गरी सो अन्तगरतका कार्यक्रमहरु पनि बनाएको छ । यसका नीतिहरुमा राजस्व तथा वित्त व्यवस्थापन नीति; आर्थिक विकास नीतिहरु (कृषि विकास, भूमि व्यवस्थापन, पशु सेवा, सहकारी तथा गरिबी निवारण, पर्यटन प्रवर्द्धन); सामाजिक विकासमा शिक्षा, युवा तथा खेलकुद तर्फका नीतिहरु; सामाजिक संघ संस्था तथा समावेशिकरण; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; स्वास्थ्य; पूर्वाधार विकासका नीतिहरु; वातावरण तथा विपद व्यवस्थापन नीति (सरसफाई तथा स्वच्छता, विपद् व्यवस्थापन, वातावरण संरक्षण, सहरी सौन्दर्यता); सार्वजनिक सेवा तथा क्षमता विकास; सञ्चार क्षेत्र; सामाजिक सुरक्षा तथा पञ्जीकरण एवम् न्यायिक क्षेत्र सम्बन्धमा नीति तथा कार्यक्रमहरु उल्लेख भएको छ ।

**न्यायिक क्षेत्र सम्बन्धमा**: नगरबासीको न्यायमा सहज पहुँच स्थापित गर्न असहाय वर्गलाई निशुल्क कानुनी उपचारको व्यवस्थालाई कार्यान्वयन गरिने; हरेक वडाका गरिब तथा जेहेन्दार छात्राहरु मध्ये १६ जनालाई कानुन विषयमा उच्च शिक्षा अध्ययन गर्नका लागि छोरी छात्रवृद्धि कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयहरुसँग सहकार्य गरिने; हिंसा प्रभावित महिला तथा बालबालिकाको लागि टोलफ्री हेल्पलाइन सेवा सञ्चालनमा ल्याइने तथा नगरपालिकाका हरेक वडाका सूचीकृत मेलमिलापकर्तालाई वडा तहको विवाद समाधानमा सक्रिय बनाइने कार्यक्रम नगरपालिकाले राखेको छ ।

**सामाजिक संघसस्था तथा समावेशिकरण सम्बन्धमा**: नगरपालिकाबाट सञ्चालन गरिने लक्षित वर्ग दलित, जनजाती, वादी, मुक्त हलिया तथा अन्य लोपोन्मुख समुदायहरुलाई जनचेतनामूलक उत्पादन र सामाजिक सशक्तिकरण कार्यक्रमका अतिरिक्त सीपविकास, उद्धमशीलता र उत्पादनका क्षेत्रमा आवद्ध गरिने; नगरपालिकालाई कार्य क्षेत्र तोकेका गैरसरकारी संस्थाहरुको विषयगत वर्गीकरण गरी एकद्वार प्रणाली मार्फत सञ्चालनको व्यवस्था मिलाइने; टोल विकास संस्थाहरुलाइ व्यवस्थित बनाउनका लागि टोल विकास सञ्चालन कार्यविधि तयार गरी विकास निर्माण र सामाजिक परिचालनको एउटा सशक्त आधारभूत निकायको रुपमा विकास गर्न क्षमता विकासका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा ल्याइने तथा सामाजिक कुरीति तथा कु-संस्कार विरुद्ध अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरी समतामूलक समाज निर्माणतर्फ उन्मुख गराइने नीति रहेको देखिन्छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धमा**: *एक घर एक महिला स्वरोजगार, वीरेन्द्रनगरको विकास र सम्वृद्धिको मूल आधार* कार्यक्रमलाई निरन्तरता दिँदै रोजगारका कार्यक्रमहरु लागु गरिने; निर्माण भइसकेको महिला सीप विकास केन्द्रलाई आवश्यकताका आधारमा सीप विकासका गतिविधिहरु सञ्चालन गर्ने; महिलाहरुले सीप अनुसार उत्पादन

गरेका वस्तुहरुको संकलन केन्द्रको रुपमा समेत विकास गरी घरमा नै बसी उत्पादन गर्नमा समेत उत्प्रेरित गरिने; आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तिकरण र सामाजिक रुपान्तरण गरिने; महिला हिंसा र सदियौं देखिको परनिर्भरतालाई अन्त्य गर्नका लागि विभिन्न सशक्तिकरण, सचेतनामूलक र स्वरोजगारमूलक कार्यक्रमलाई उच्च महत्व दिइने; बालमैत्री स्थानीय शासनका सूचक तयार गरी सूचकमूखी गतिविधिहरु सञ्चालन गरिने; नगरपालिकालाई सडक बालमुक्त नगर घोषणा गर्ने; आगामी २ वर्षभित्र बाल विवाहमुक्त नगर घोषणा गर्ने; अपाङ्गता भएका बालबालिकाहरुका लागि अत्यावश्क सहायक सामाग्रीहरु उपलब्ध गराउने र अपांग परिचय-पत्र व्यक्तिको घरमा नै वितरण गर्ने; जेष्ठ नागरिकहरुको उत्थान र सम्मानका लागि विभिन्न स्थानहरुमा सञ्चालन हुँदै आइरहेका दिवा हेरचाह केन्द्र जेष्ठ नागरिक मिलन केन्द्रहरुको स्थापना र परिचालनमा निरन्तरता; जेष्ठ नागरिकहरुको ज्ञान, सीप, अनुभव र सिकाइलाई उपयोगमा ल्याइने; विगतका नगर सभा देखि शुरु गरिएका *छोरी हुनुमा गर्व*को नगर बनाउने विभिन्न योजना तथा कार्यक्रमलाई निरन्तरता दिदै कार्यक्रहरुलाई अझ बढी प्रभावकारी र नतिजामुखी बनाउन विशेष जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

नगरपालिकाले कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष; आमा सुरक्षा कार्यक्रम; महिला सेनेटरी प्याड वितरण; अल्पसंख्यक परम्परागत सीप प्रवर्द्धन कार्यक्रम (वादी समुदाय समेत); महिला, बालबालिका ज्येष्ठ नागरिक लक्षित कार्यक्रम; अपांग लक्षित कार्यक्रम; दलित लक्षित कार्यक्रम तथा आदिवासी जनजाति लक्षित कार्यक्रमका लागि बजेटको व्यवस्था गरेको छ। यसैगरी महिला स्वरोजगार कार्यक्रम; सहकारी प्रवर्द्धन; घरेलु उद्यम प्रवर्द्धन कार्यक्रमहरु पनि छन् ।

सुशासन प्रवर्द्धन गर्नका लागि सञ्चार क्षेत्र प्रवर्द्धन सहकार्य; सुशासन प्रवर्द्धनका लागि रेडियो, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रमहरु पनि रहेको छ ।

## ग) वीरेन्द्रनगर नगरपालिकामा लागु भएका ऐनहरू

| आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित | |
|---|---|
| • वीरेन्द्रनगर नगरपालिकाको सहकारी ऐन, २०७४<br>• वीरेन्द्रनगर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४<br>• बजार व्यवस्थापन अभियान, २०७४<br>• सवारी साधन सञ्चालन कार्यविधि, २०७६<br>• जग्गा प्राप्ति कार्यविधि, २०७५ | • भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्र जारी गर्ने सम्बन्धी निर्देशिका, २०७६<br>• पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ |

| | |
|---|---|
| • घर बहाल कर कार्यविधि, २०७५ | • अटो ड्राइभिङ तालिममा सहभागीहरुका लागि वस्तुगत टेवा प्रदान निर्देशिका, २०७६ |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • विनियोजन ऐन, २०७६<br>• आर्थिक ऐन, २०७५<br>• वीरेन्द्रनगर नगरपालिकाको आर्थिक ऐन, २०७४ | • आ.व. २०७५/२०७६ को न्युनतम मूल्य निर्धारण पुस्तिका |
| **सामाजिक क्षेत्रसँग सम्बन्धित** | |
| • वीरेन्द्रनगर नगरपालिका नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७६<br>• वीरेन्द्रनगर नगरपालिका शिक्षा ऐन, २०७४<br>• वीरेन्द्रनगर नगरपालिका महिला स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६<br>• मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७५ | • अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५<br>• इको क्लब गठन, सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४<br>• आधारभूत तह शिक्षा परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्नका लागि तयार पारिएको निर्देशिका, २०७४ |
| **प्रशासनिक क्षेत्रसँग सम्बन्धित** | |
| • वीरेन्द्रनगर नगरपालिकाको स्थानीय सेवा ऐन, २०७६<br>• न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन, २०७४<br>• लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७५<br>• प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ | • नगरसभा सञ्चालन कार्यविधि, २०७४<br>• नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४<br>• नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ |

## ग) वीरेन्द्रनगर नगरपालिकाको केही कानुनहरूमा टिप्पणी

वीरेन्द्रनगर नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा नगरसभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई

व्यवस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान रहे बमोजिम लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७५ बनाइएको छ । यस नियमावलीले नगर सभा सदस्यको रुपमा रहेका कार्यपालिका सदस्यहरु मध्ये एकजना संयोजक तथा नगरसभाको सदस्य मध्येबाट दुई जना सदस्य यस समितिमा रहने व्यवस्था गरेको छ । नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवका रुपमा काम गर्ने र निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतले सचिवको रुपमा काम गर्न पाइन्छ। समितिको बैठकमा समितिका संयोजकले नगर कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र नगरपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न पाइन्छ।

लेखा समितिले वार्षिक बजेटले अनुमान गरे बमोजिमको स्रोत परिचालन तथा रकम संकलन, लक्ष्य बमोजिम चौमासिक प्रगति भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तिका विषयमा नगर कार्यपालिकालाई आवश्यक सल्लाह सुझाव दिने उद्देश्य राख्दछ । यसले वार्षिक बजेटमा उल्लिखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम सञ्चालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनु पर्ने रणनीतिका सम्बन्धमा, कार्यपालिकाबाट नगरपालिकाको राजस्व तथा स्रोत परिचालन सम्बन्धमा भए गरेका निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनु पर्ने भएमा पनि कार्यपालिकालाई राय सुझाव पेश गर्न सक्दछ। यसका अतिरिक्त यसले वित्तीय सुशासन कायम गराउने, पेश्की बेरुजुको अवस्था विश्लेषण गर्दै सोको फर्छ्यौटका लागि आवश्यक रणनीति कायम गर्ने, आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेको वा नगर कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखा परीक्षण गर्ने, आन्तरिक लेखा परीक्षकको चौमासिक प्रतिवेदन इत्यादि लगायतका विषयमा कार्यपालिकालाई राय सुझाव पेश गर्ने अधिकार पाएको छ। यसबाहेक पनि यो समितिले लेखा परीक्षणबाट औंल्याएको बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवम् असुल फर्छ्यौट गर्न आवश्यक काम कारबाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने, वडा कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको बारेमा वडा अनुसार स्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने र कुन वडा के कारणले को भन्दा पछाडि परेको भन्ने समेत प्रतिवेदन तयार गर्ने, समितिले कार्यपालिकालाई दिएका सुझावहरु र सोको कार्यान्वयन अवस्थाका बारेमा नगर सभा समक्ष प्रतिवेदन पेश गर्न सक्दछ। आफ्ना दुवै कार्यहरु अर्थात कार्यपालिकालाई राय सुझाव दिने र नगर सभा समक्ष प्रतिवेदन पेश गर्ने सम्बन्धमा उपरोक्त व्यवस्थाहरु अनुकरणीय छन् ।

यति हुँदाहुँदै पनि लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७५ स्वयम् नगरसभाबाट पारित हुनु पर्ने नियमावली हो । यो नियमावलीको नेतृत्व पनि सभाकै साधारण सदस्यले लिनु पर्ने अवस्था छ। तर सभाको अधिकार कार्यपालिकाले प्रयोग गर्दै यो नियमावली जारी गरेको देखिन्छ । स्वयम् लेखा समिति पनि नगर सभा सदस्यको रुपमा रहेका कार्यपालिकाका सदस्यले संयोजन गर्ने भन्ने व्यवस्थाका कारणले यो समितिले स्वतन्त्र रुपमा काम गर्न नसक्ने अवस्था आउन सक्दछ। स्वतन्त्र रुपमा काम गर्ने क्षमता

तथा पारदर्शितालाई सुनिश्चित गर्न यसको नेतृत्व स्थानीय सरकारमा नभएका सभाका साधारण सदस्यले गर्नु जरुरी छ ।

वीरेन्द्रनगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ ले खेती नगरी लगातार दुई वर्ष सम्म बाँझो रहेको कृषियोग्य जग्गा स्थानीय सरकारले तोकिए बमोजिम कृषि प्रयोजनमा प्रयोग गर्न सकिने व्यवस्था गरेको छ। यो कसरी गर्ने भन्ने स्पष्ट छैन । यस व्यवस्थाको कार्यान्वयनलाई अझै दुरुस्त नपारिएकाले अझसम्म यसको प्रगति देख्न सकिएको छैन । यो ऐन नमुना ऐनमा आधारित ऐन भएकाले अन्य पालिकाहरुमा पनि यसै प्रकारको टिप्पणी गर्न सकिन्छ । तानसेन नगरपालिकाले २ वर्ष बाँझो जग्गा भए नगरपालिकाले प्रयोग गर्न सक्ने बारेमा उल्लेख नगरेकाले यो विषयमा तानसेनको ऐनमा जटिलताको प्रश्न आउँदैन । तर वीरेन्द्रनगर, टीकापुर लगायत केही नगरपालिकाहरुले भने त्यस्तो चुनौती सामना गर्नुपर्ने हुन्छ ।

यस नगरपालिकाले सवारी साधन सञ्चालन कार्यविधि, २०७६ बनाएको छ । नगरपालिकामा विगतदेखि प्रयोगमा रहेका तथा आगामी दिनमा सञ्चालन हुने विभिन्न किसिमका सवारी साधनहरुको मितव्ययी तवरले प्रयोग गरी कार्य सञ्चालन गर्नका लागि कार्यपालिकाले यो कार्यविधि बनाएको हो । स्थानीय तहहरुमा पालिकाहरुले सवारी साधनहरुको दुरुपयोग गरेको भन्ने गुनासोहरु सुनिएको सम्बन्धमा पालिकाले यस्तो कार्यविधि बनाई सम्बन्धित पक्षलाई आश्वस्त गरेको हो ।

त्यस्तै वीरेन्द्रनगर नगरपालिकाले महिला स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ पनि ल्याएको छ । नगरपालिकामा जनसंख्याका आधारमा आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरुको हक अधिकार सुनिश्चित गर्दै समाज निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउन महिलाको आर्थिक सशक्तिकरण, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गरी दिगो विकास हासिल गर्न महिला स्वरोजगार कार्यक्रम कार्यान्वयन गर्नका लागि यो कार्यविधि स्वीकृत गरिएको हो । यसले उपप्रमुखको संयोजकत्वमा कार्यक्रम कार्यान्वनय तथा अनुगमनका लागि महिला स्वरोजगार तथा सशक्तिकरण समितिको व्यवस्था गरेको छ । यसका साथै कार्यक्रम कार्यान्वयन प्रक्रिया, लाभान्वित हुनेहरुको संख्या, अनुदान प्राप्त गर्ने संस्था वा निकायको दायित्व, सहयोग प्राप्त गर्ने व्यक्ति, समूह, संस्था छनोटको आधार जस्ता प्रावधानहरु पनि उल्लेख गरेकाले यो एउटा राम्रो कार्यविधि हो। नगरसभाका कतिपय सदस्यहरुको भनाईमा लक्षित वर्गमा पुग्न नगरपालिकाले अझै परिश्रम गर्नुपर्ने अवस्था भने छ ।

त्यसैगरी नगरकार्यपालिकाले २०७४ मा बजार एवम् सहर व्यवस्थापन अभियान सञ्चालन अवधारणा पत्र पनि कार्यान्वयनमा ल्याएको छ। यसले सोही वर्ष इको क्लबको गठन, सञ्चालन तथा व्यवस्थापन निर्देशिका लागु गरेर यस क्षेत्रमा संगठित प्रयास गरेको देखिन्छ । मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७५ लागु गरेर यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न उद्देश्यका साथ सञ्चालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक लगायतका क्रियाकलापहरुको प्रवर्द्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गर्ने उद्देश्य राखेको छ । यस अनुसार प्रत्येक आर्थिक वर्षमा

नगरपालिका भित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले नगरपालिकामा भदौ मसान्त भित्र अनुसूची १ मा उल्लेख भए अनुसारका विवरण खुलाइएको प्रस्ताव सहित प्रस्तावक संस्थाले आवेदन दिनु पर्ने व्यवस्था छ । यी कार्यविधिहरुको कार्यान्वयनबाट नगरपालिकाका प्रयासहरु संस्थागत हुने अपेक्षा गर्न सकिन्छ ।

## घ) वीरेन्द्रनगर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति

वीरेन्द्रनगर नगरपालिकाको आ.व. २०७७/७८ नीति, बजेट तथा कार्यक्रमले सामाजिक संघसस्था तथा समावेशीकरणतर्फ नगरपालिकाबाट सञ्चालन गरिने लक्षित वर्ग, दलित, जनजाति, वादी, मुक्त हलिया तथा अन्य लोपोन्मुख समुदायहरुलाई जनचेतनामूलक उत्पादन र सामाजिक सशक्तिकरण कार्यक्रमका अतिरिक्त सीपविकास, उद्धमशीलता र उत्पादनका क्षेत्रमा आवद्ध गरिने; नगरपालिकालाई कार्य क्षेत्र तोकेका गैरसरकारी संस्थाहरुको विषयगत बर्गीकरण गरी एकद्वार प्रणाली मार्फत सञ्चालनको व्यवस्था मिलाइने; टोल विकास संस्थाहरुलाई व्यवस्थित बनाउनका लागि टोल विकास सञ्चालन कार्यविधि तयार गरी विकास निर्माण र सामाजिक परिचालनको एउटा सशक्त आधारभूत निकायको रुपमा विकास गर्न क्षमता विकासका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा ल्याइने तथा सामाजिक कुरीति तथा कु-संस्कार विरुद्ध अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरी समतामूलक समाज निर्माणतर्फ उन्मुख गराइने नीति रहेको देखिन्छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ *एक घर एक महिला स्वरोजगार, वीरेन्द्रनगरको विकास र सम्वृद्धिको मूल आधार कार्यक्रम*लाई निरन्तरता दिदै रोजगारका कार्यक्रमहरु लागु गरिने; निर्माण भइसकेको महिला सीप विकास केन्दलाई आवश्यकताका आधारमा सीप विकासका गतिविधिहरु सञ्चालन गर्ने; महिलाहरुले सीप अनुसार उत्पादन गरेका वस्तुहरुको संकलन केन्द्रको रुपमा समेत विकास गरी घरमा नै बसी उत्पादन गर्न उत्प्रेरित गरिने; आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलाहरुलाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तिकरण र सामाजिक रुपान्तरण गरिने; महिला हिंसा र सदियौं देखिको परनिर्भरतालाई अन्त्य गर्नका लागि विभिन्न सशक्तिकरण, सचेतनामूलक र स्वरोजगारमूलक कार्यक्रमलाई उच्च महत्व दिइने; बालमैत्री स्थानीय शासनका सूचक तयार गरी सूचकमूखी गतिविधिहरु सञ्चालन गरिने; नगरपालिकालाई सडक बालबालिकामुक्त नगर घोषणा गर्ने; आगामी २ वर्ष भित्र बालविवाहमुक्त नगर घोषणा गर्ने; अपाङ्गता भएका बालबवालिकाहरुका लागि अत्यावश्क सहायक सामाग्रीहरु उपलब्ध गराउने र अपांग परिचय-पत्र व्यक्तिको घरमा नै वितरण गर्ने; जेष्ठ नागरिकहरुका उत्थान र सम्मानका लागि विभिन्न स्थानहरुमा सञ्चालन हुँदै आइरहेका दिवा हेरचाह, केन्द्र जेष्ठ नागरिक मिलन केन्द्रहरुको स्थापना र परिचालनमा निरन्तरता; जेष्ठ नागरिकहरुको ज्ञान, सीप, अनुभव र सिकाइलाई उपयोगमा ल्याइने; विगतका नगर सभादेखि शुरु गरिएको *छोरी हुनुमा गर्वको नगर* बनाउने विभिन्न योजना तथा कार्यक्रमलाई निरन्तरता दिदै

कार्यक्रहरुलाई अझ बढी प्रभावकारी र नतिजामुखी बनाउन विशेष जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

नगरपालिकाले कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष; आमा सुरक्षा कार्यक्रम; महिला सेनेटरी प्याड वितरण; अल्पसंख्यक परम्परागत सीप प्रवर्द्धन कार्यक्रम (वादी समुदाय समेत); महिला, बालबालिका ज्येष्ठ नागरिक लक्षित कार्यक्रम; अपांग लक्षित कार्यक्रम; दलित लक्षित कार्यक्रम तथा आदिवासी जनजाति लक्षित कार्यक्रमका लागि बजेटको व्यवस्था गरेको छ। यसैगरी महिला स्वरोजगार कार्यक्रम; सहकारी प्रवर्द्धन; घरेलु उद्यम प्रवर्द्धन कार्यक्रमहरु पनि छन् ।

## ङ) वीरेन्द्रनगर नगरपालिकाको राजनीतिक अर्थव्यवस्थाको वर्तमान स्थिति

वीरेन्द्रनगर नगरपालिका प्रचुर सम्भावना भएको नगरपालिका हो । विद्यमान अवस्थामा विस्तारित नगर क्षेत्रको गुरुयोजना निर्माण, पानीको आपूर्तिका लागि पर्याप्त स्रोतको अभाव, उपत्यकाको ढल निकास, अपर्याप्त एयरपोर्ट पूर्वाधार, विद्युतको उच्च प्रशारण लाइन विस्तार, नेपालगंज सुर्खेतको बाटो व्यवस्थित गर्नुपर्ने, खानेपानीमा पर्याप्त पहुँच विस्तार गर्नु, राजधानी केन्द्रित पूर्वाधार विकासका लागि पर्याप्त स्रोत जुटाउनु र गरीबी निवारणलाई नगरको सुधार गर्नुपर्ने पक्षका रुपमा लिन सकिन्छ । नगरपालिकाको कार्यचापमा वृद्धि भएसँगै स्रोत साधनको कमी रहेको अवस्था छ । राजधानी केन्द्रित पूर्वाधार विकासका लागि आवश्यक स्रोतको अभाव रहेको छ । नगरको पूर्वाधार तर्फ अव्यवस्थित बसोवास, खानेपानीको प्रवन्ध, उपत्यकाको ढल निकास, ऐलानी पर्ती जग्गा र खोला छेउ अतिक्रमणलाई व्यवस्थित गर्नुपर्ने अवस्था छ ।. नयाँ परिवेश अनुकुल स्थानीय स्रोत साधनको पहिचान, परिचालन र व्यवस्थापन गर्नु आजको अर्को चुनौती रहेको छ । नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई गुणस्तरीय र प्रविधि मैत्री बनाउने लगायतका चुनौतीहरु छन् ।.

विकासको सम्भावना हुँदाहुँदै पनि उपलब्ध स्थानीय स्रोत र साधनको अपेक्षित उपयोग गर्न नसकेकाले जनताको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको देखिँदैन । विकासका हिसाबले अझ पनि कैयौं क्षेत्र वर्ग तथा समुदायहरूले नगरपालिकाको पूर्ण अनुभूति गर्न नसकिरहेको अवस्थामा नगर कार्यपालिकाको ध्यान यसतर्फ जानु जरुरी छ भन्ने टिप्पणी गरिएको छ ।[३४] नगरपालिकाको शासन सञ्चालन प्रक्रियालाई गुणस्तरीय

[३४] वीरेन्द्रनगर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति बजेट तथा कार्यक्रम, खण्ड क, पृष्ठभूमि तथा आर्थिक वर्ष २०७६/०७७ को वर्तमान अवस्थाको विश्लेषण, लिंक: http://birendranagarmun.gov.np/sites/birendranagarmun.gov.np/files/बजेट चालु.pdf

र प्रविधिमैत्री वनाउनु पर्ने अवस्था छ। सबै किसिमका कर्मचारीहरुको तत्काल व्यवस्थापन हुन नसक्नु अहिलेको अर्को समस्या हो ।[३५]

## ७. टीकापुर नगरपालिका (सुदुरपश्चिम प्रदेश)

टीकापुर नगरपालिका सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित छ । यो नगरपालिकामा जम्मा ९ वटा वडाहरु छन् । यो नगरपालिका काठमाण्डौबाट ६०० किलोमिटर पर पर्दछ । नगरपालिका करिब ११८.३३ वर्ग किमीमा फैलिएको छ । यहाँ १८,६२० घरधुरीमा जम्मा ८०,६९० मानिसहरु बसोबास रहेको २०७५ को घरधुरी संकलन तथ्यांकले देखाउँछ । यहाँ थारु, क्षेत्री, बाहुन, कामी, दमाई लगायत विभिन्न जातजातिहरुको बसोबास छ ।

यस नगरपालिकाबाट कर्णाली, मोहना लगायत विभिन्न खोलानालाहरु बग्दछ । यस नगरपालिकामा गिट्टी, बालुवा, ढुंगा जस्ता प्राकृतिक स्रोतहरु उपलब्ध छन् । नगरपालिकामा खेतीयोग्य जमिन ७३ प्रतिशत रहेको छ भने वनजंगल र झाडीले १४ प्रतिशत भूभाग ओगटेको छ ।

टीकापुरमा टीकापुर बृहत पार्क, बनानाज एग्रो फार्म, शिव मन्दिर, डल्फिन संरक्षण क्षेत्र लगायतका पर्यटकीय क्षेत्रहरु रहेका छन् । यस नगरपालिकाको अर्थतन्त्र मूख्यतया कृषि, वन, मत्स्यपालन, उद्योग, पानी, निर्माण, थोक र खुद्रा बजार, होटल, सेवा क्षेत्रमा आधारित छ । नगरपालिकाको आन्तरिक आयमा व्यवसाय कर, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, अन्य आय लगायत मुख्य रहेको देखिन्छ ।[३६]

### क) टीकापुर नगरपालिकाको नीति तथा कार्यक्रम

स्थानीय तह निर्वाचन भएको करिब ३ वर्ष पूरा हुदै गर्दा सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेहीविहीनता स्थितिको अन्त्य गर्न जनतालाई छिटो छरितो सेवा दिने, विकास प्रक्रियालाई तिब्र बनाउने र सुरक्षित जीवनको अनुभुति गराउने उद्देश्य टीकापुर नगरपालिकाको उद्देश्य रहेको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा उल्लेख छ। यसका लागि नगरपालिकाले दैनिक प्रशासन सञ्चालन गर्नुका साथै आवश्यक नीति, कानुन र योजना तर्जुमा गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ सम्पादन गरिरहेको छ ।

---

[३५] वीरेन्द्रनगर नगरपालिका आर्थिक वर्ष २०७५/७६ को नीति, बजेट तथा कार्यक्रम, पृ. ५), लिंक: http://birendranagarmun.gov.np/sites/birendranagarmun.gov.np/files/पुस्तक 2075.docx1_0.pdf

[३६] टीकापुर नगरपालिका नगर पार्श्वचित्र, २०७५ (टीकापुरः टीकापुर नगर कार्यपालिका, २०७५)

टीकापुर नगरपालिकाको प्रमुख प्राथमिकतामा पूर्वाधार विकास; कृषिमा आधुनिकीकरण; उत्पादकत्व वृद्धि; पर्यटन तथा रोजगारी तथा स्वरोजगारी सिर्जना; स्वास्थ्य; शिक्षा; अल्पसंख्यक, दलित, एकल महिला, आदिवासी जनजाति समुदायका महिलाहरुका लागि आत्मनिर्भरता तालिम; नागरिकको सूचनाको हकलाई सहज पार्ने; नगर बृहत योजनाको कार्यान्वयन; लैंगिक समानता र सामाजिक समावेशिकरण; दुर्व्यसन नियन्त्रण कार्यक्रम लगायत विभिन्न विषयवस्तुहरु परेका छन् ।

नगरपालिकाले *एक वडा, एक गौरवको सडक योजना; हाम्री छोरी, प्यारी छोरी कार्यक्रम; छाउपडी गोठ मुक्त नगरपालिका घोषणा कार्यक्रम; उत्पादनशील, स्वस्थ्य, शिक्षित, पूर्वाधारयुक्त सुव्यवस्थित पर्यटकीय नगर; म स्वस्थ्य, मेरो नगर स्वस्थ्य; साथी (दौतरी) शिक्षा कार्यक्रम; टीकापुर सहर, सडक मानव रहित नगर* जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन तथा सञ्चालनको तयारी गरिरहेको पाइन्छ ।

टीकापुर नगर क्षेत्रमा रहेका मुक्तकमैया र सुकुम्वासीहरुको जीवनस्तरमा सुधार ल्याउन विविध सीपमूलक, रोजगारमूलक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । त्यस्तै व्यवस्थित बसोबासका लागि प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्य र समन्वयका आधारमा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपमा अगाडि बढाइने; लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरु निर्माणमा जोड दिइने; लैंगिक हिंसा न्यूनीकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनीकरण निवारण कोष स्थापना गरिने; द्वन्द्वपीडित मूक्तकमैया, कमलरी, एकल महिला, दलित, विपन्न वर्गका महिलाहरुका लागि स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिने; बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिइने तथा बालश्रम शोषण अन्त्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने विषय पनि टीकापुर नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

उत्तरदायी सरकारको अवधारणा आत्मसात गर्दै सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेहिता विहीनताको स्थिति अन्त्य गर्दै स्थानीय तहको शासन प्रक्रिया तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय र सहभागितामूलक बनाउन सकियोस् भन्ने उद्देश्यले संरचनागत, संस्थागत तथा प्रक्रियागत सुधारमा जोड दिइएको; नगरवासीको आवश्यकता अनुसार सेवा प्रवाह गर्न, सरोकारवालाहरुको सक्रिय एवं सार्थक सहभागिता गराई नगरपालिकाबाट प्रदान हुने वस्तु तथा सेवाहरु छिटो, छरितो, सरल एवं न्यायिक रुपमा उपलब्ध गराउन सुशासन अभिबृद्धिसँग सम्बन्धित क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने; नगरपालिकाको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी रुपमा सञ्चालन गरी जवाफदेही र उत्तरदायी संगठनात्मक संयन्त्रको विकास गर्न सुशासन तथा पारदर्शिताका लागि सुशासन सम्बन्धि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने विषय टीकापुरको नीति तथा कार्यक्रममा प्राथमिकतामा रहेको देखिन्छ । यसका लागि

जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न समयसापेक्ष आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनताबीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउन जनतासँग मेयर, उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनुका साथै जनताका गुनासो सुन्न र जनतासँग मेयरलाई प्रत्यक्ष जोड्नका लागि सामाजिक सञ्जाल मार्फत गुनासो सुन्ने र समाधान गर्ने व्यवस्था समेत नगरपालिकाले मिलाउने उद्देश्य राखेको छ । त्यसैगरी, सुशासन तथा पारदर्शिता शीर्षक अन्तर्गत सार्वजनिक सुनुवाई, समीक्षा लगायतका कार्यक्रम गर्ने मिडिया मार्फत लोक कल्याणकारी सूचना तथा सन्देशहरु प्रवाह गर्ने कार्यक्रम पनि देखिन्छ ।

## ख) टीकापुर नगरपालिकामा लागु भएका कानुनहरू

| **आर्थिक, विकास तथा निर्माण क्षेत्रसँग सम्बन्धित** | |
|---|---|
| • टीकापुर नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६<br>• टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५<br>• टीकापुर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५<br>• टीकापुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | • घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५<br>• घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७<br>• टीकापुर नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ |
| **वित्तीय क्षेत्रसँग सम्बन्धित** | |
| • टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७७<br>• टीकापुर नगरपालिकाको आर्थिक कार्यविधि कानुन, २०७५<br>• टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७५ | • टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०७५<br>• टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७४ |
| **सामाजिक क्षेत्रसँग सम्बन्धित** | |
| • नगर शिक्षा ऐन, २०७६<br>• टीकापुर नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ | • आमासँग उपमेयर कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ |

| | |
|---|---|
| • जलचर एवम् जलीय जैविक विविधता संरक्षण ऐन, २०७६<br>• अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५<br>• टीकापुर नगरपालिकामा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५<br>• टीकापुर नगरपालिका उपप्रमुख अनाथ तथा असहाय छात्रवृत्ति कार्यविधि, २०७६<br>• स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६ | • टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि<br>• टीकापुर नगरपालिकाको हाम्री छोरी प्यारी छोरी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६<br>• एफ एम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५<br>• टीकापुर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्यविधि, २०७५<br>• विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ |
| **प्रशासनिक क्षेत्रसँग सम्बन्धित** | |
| • टीकापुर नगरपालिकको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन, २०७७<br>• टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५<br>• टीकापुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५<br>• स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७५<br>• टीकापुर नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४<br>• टीकापुर नगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण नियमावली, २०७४ | • टीकापुर नगरपालिकाको नगर सभा सञ्चालन कार्यविधि, २०७४ ( कार्यपालिकाबाट पारित)<br>• टीकापुर नगर कार्यपालिकाको कार्य सम्पादन नियमावली, २०७४<br>• टीकापुर नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४<br>• टीकापुर नगरपालिका कर्मचारीहरुको आचार संहिता, २०७५<br>• टीकापुर नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रक्रिया दिग्दर्शन, २०७४ |

## घ) टीकापुर नगरपालिकाको केही कानुनहरूमा टिप्पणी

टीकापुर नगरपालिकाको अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५ अनाथ तथा जोखिमयुक्त बालबालिकाका

लागि स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्न ल्याइएको हो । यस ऐन अनुसार नगरपालिका क्षेत्रमा अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्ने हुन्छ । तर नेपाल सरकार वा प्रदेश सरकारको सहमति वा अनुमति अथवा नेपाल सरकार वा प्रदेश सरकारको नीति अन्तर्गत सञ्चालित हुने अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भइरहेको हकमा यो ऐनको व्यवस्था लागु हुँदैन । यस ऐनले एउटा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कोषको व्यवस्था गरेको छ । जोखिमयुक्त बालबालिकाका लागि कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संघसंस्था तथा अन्य निकायले खर्च गर्न वा कोषको मूल धनमा योगदान गर्नेगरी रकम दाखिला गर्न सक्दछ । ऐनले कोष व्यवस्थापन तथा सञ्चालक समिति पनि निर्माण गरेको छ । नगर कार्यपालिकाबाट मनोनीत कार्यपालिकाको एकजना महिला सदस्यको संयोजनमा विभिन्न क्षेत्रको सदस्य समेत राखी त्यस्तो समिति बनेको छ । यो ऐन एउटा राम्रो प्रयास भए पनि स्थानीय सरकारको प्रतिबद्धता तथा यसले कोषमा गर्ने लगानीको स्तरका आधारमा अन्य पक्षले पनि सक्रियता देखाउने अवस्था भने छ ।

त्यस्तै, टीकापुर नगरपालिकाले स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन, २०७७ पनि बनाएको छ । संविधानको धारा २२६ र अनुसूची ८ मा रहेको एकल अधिकारको सूची अन्तर्गतको स्थानीय सेवा व्यवस्थापन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमको स्थानीय तहका काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्न नेपालको संघीय कानुन कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था साविकमा प्रचलनमा रहेको कानुन र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ अनुसार साविकको टीकापुर नगरपालिकाको सेवामा स्थायी नियुक्ति पाई सोही सेवा समूहको समान पदमा स्वतः समायोजन भएका कर्मचारीहरु र कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ (८) बमोजिम समायोजन भएका कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी ऐन निर्माण गरी स्थानीय सेवाको व्यवस्थापन गर्न यो ऐन बनाइएको यसको प्रस्तावनाले स्पष्ट गरेको छ ।

यस ऐनले संगठन तथा कर्मचारी दरबन्दी, तह/स्तर, वृत्ति, विकास तथा प्रोत्साहन सुविधा सम्बन्धी व्यवस्था गरेको छ । स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी टीकापुर नगरपालिकाको नगरसभाले स्वीकृत गरे बमोजिम हुने यस ऐनको दफा ३ ले उल्लेख गरेको छ । ऐनको दफा ४ बमोजिमको वृत्ति विकास तथा प्रोत्साहन सम्बन्धी विशेष व्यवस्था बमोजिम कायम हुने दरबन्दी स्वतः सिर्जना भएको मानिने छ । साथै प्रदेश सभाले यस सम्बन्धमा कानुन बनाई लागु गरेमा यो कानुन स्वतः खारेज हुनेछ । दफा ३ बमोजिमको संगठन संरचना र दरबन्दीमा स्थानीय तहका कर्मचारीहरुको एकपटकका लागि तह/स्तर वृद्धि तथा प्रोत्साहन सुविधा उपलब्ध गराइने दफा ४ को प्रतिबद्धता छ । यस बमोजिम तह/स्तर वृद्धि गर्दा कर्मचारी समायोजन ऐन, २०७५ ले तोकेको न्युनतम शैक्षिक योग्यता, विशिष्टिकरण, सेवा समूह र योग्यता प्रणालीको सिद्धान्तलाई मुख्य आधार बनाइने उल्लेख गरिएको छ । त्यस्तो तह/स्तर वृद्धि

तथा प्रोत्साहन गर्दा सेवा अवधिलाई गणना गरी तह/स्तर वृद्धि तथा प्रोत्साहन दिनु पर्ने व्यवस्था छ । तथापि उल्लिखित स्थायी कर्मचारीहरुलाई एक तह प्रोत्साहन सुविधाको रुपमा वृद्धि गरिने तर अन्य अर्थ लगाई एक तहभन्दा माथिको प्रोत्साहन सुविधा उपलब्ध नहुने स्पष्ट गरिएको छ । प्रदेश सरकारले बेलैमा ऐन नबनाइदिएका कारण स्थानीय सरकारले आफ्नो अधिकार प्रयोग गर्न अन्तरिम व्यवस्था भनेरै भए पनि आँट गरेको यो ऐन एउटा प्रखर उदाहरण हो ।

टीकापुर नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदर्शी एवम् प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न टीकापुर नगरपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूति गर्न टीकापुर नगरकार्यपालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको हो । यस अनुसार बिरामी, अशक्त/अपांग, परिवारबाट विस्थापित, साहराविहीन, वृद्धवृद्धा, अतिविपन्न व्यक्तिहरु तथा प्राकृतिक विपत्ति तथा विपदमा परेको घरबारविहीन व्यक्तिहरु वा निजका अभिभावक वा संरक्षकलाई यस कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समितिको सिफारिसमा नगर प्रमुखले पाँच हजार रुपैंयासम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्दछ । आर्थिक सहायता प्रदान गर्ने प्रक्रिया र स्वीकृत आर्थिक सहयोगको भुक्तानीको नियम प्रष्ट गर्दै यस कार्यविधिले यस्तो सहायता एक व्यक्तिलाई एक पटकमात्र सहयोग उपलब्ध गराउन सकिने भन्ने पनि स्पष्ट गरेको छ । यो कार्यविधि टीकापुर नगर कार्यपालिकाले बनाएको कार्यविधि हो । आर्थिक विषयवस्तुहरुमा सभाद्वारा ऐन बनाएर मात्र कार्यविधि जारी गर्नु कानुनको शासनका लागि झनै महत्वपूर्ण हुन्छ । यो कार्यविधि बनाउन स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ मा टेकिए पनि कार्यविधि बनाउने कुनै अधिकारमा टेक्न सकिएको छैन ।

### घ) टीकापुर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणको नीति

टीकापुर नगरपालिकाको २०७७/७८ को नीति तथा कार्यक्रमले नगर क्षेत्रमा रहेका मुक्तकमैया र सुकुम्वासीहरुको जीवनस्तरमा सुधार ल्याउन विविध सीपमूलक, रोजगारमूलक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवस्थित बसोबासका लागि प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्य र समन्वयका आधारमा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपमा अगाडि बढाइने; लैङ्गिक समानता र सामाजिक समावेशीकरणको ब्यवहारिक कार्यान्वयका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरु निर्माणमा जोड दिइने; लैंगिक हिंसा न्यूनीकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनीकरण निवारण कोष स्थापना गरिने; द्वन्द्वपीडित मुक्तकमैया, कमलरी, एकल महिला, दलित, विपन्न वर्गका महिलाहरुका लागि स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिने; बालअधिकारलाई सुनिश्चित

गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिइने तथा बालश्रम शोषण अन्त्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने विषय पनि टीकापुर नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

### ङ) टीकापुर नगरपालिकाको राजनीतिक अर्थव्यवस्था

टीकापुर नगरपालिका एक विकसित हुँदै गरेको नगर हो । तथापि यहाँको विकासको वर्तमान स्तर तथा आवश्यकता सबैतिर एकै प्रकारको छैन । नेपालका सबै नगर क्षेत्रझैं टीकापुर नगरपालिकाले पनि भू-उपयोग गुरुयोजना बनाएर एक व्यवस्थित नगरको लागि कार्यान्वयन गर्नुपर्ने चुनौती छ । यस नगरपालिकाको एक महत्वपूर्ण समस्या भनेको सुकुम्बासी, मुक्त कमैया लगायतहरुका लागि पुनस्थापना गर्ने कार्य सम्पन्न हुन नसक्नु पनि हो । यो विषय सम्बोधन गर्नु नगरका लागि आवश्यक छ। त्यस्तै यहाँ जग्गा उपभोग गरिरहेका धेरै व्यक्तिहरुसँग जग्गाको कुनै कागजात नभएको विषय पनि रहेको छ। छाडा चौपायाहरुको व्यवस्थापनको विषयलाई पनि नगरवासीले सम्बोधन गर्नुपर्ने विषयका रुपमा लिएका छन् । नगरपालिकाले आफ्नो राजस्व प्रक्षेपणको आधारमा आन्तरिक आयमा आशातीत अभिवृद्धि पाउन अझै धेरै गर्नुपर्ने देखिन्छ । यसका लागि आर्थिक विकासका अवसरको अधिकतम उपयोग गरी ती अवसर सदुपयोगको रणनीति बनाउनु पर्ने आवश्यकता छ । शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रलाई गुणस्तरीय बनाउन थप कदम चाल्नुपर्ने देखिएको छ । यो नगरपालिका राजनीतिक रुपमा संवेदनशील रहेकाले सो विषयलाई सकेसम्म चाँडो सम्बोधन गर्नु पर्ने देखिन्छ ।

## ८. कानुनी संरचनाहरूको अभाव

उपरोक्त सातवटै नगरपालिकाहरुको कानुनी संरचनालाई हेर्दा सबै क्षेत्रमा केही न केही कानुनी विकास भएकै देखिन्छ । तथापि उनीहरु सबैमा कानुनको आधिकारिकताको अनुक्रम (हाइरार्की अफ लज्) बारे अस्पष्टता देखिन्छ । संविधान मूल कानुन हो भन्ने बारेमा कतै दुविधा छैन । तर सभाबाट ऐन बनाउने अधिकार प्रयोग गर्नुपर्ने विषयवस्तु नियमावली बनाउने अधिकार अन्तर्गत कार्यपालिकाले प्रयोग गरेको, कार्यपालिकाबाट बनाई जारी गरिने विधायनहरु सभाबाट पारित भएको, मूल ऐन जारी नभइकन नियमावली, कार्यविधि इत्यादि जारी भएको, विभिन्न संघीय ऐनहरुले सम्बद्ध प्रावधानहरु उल्लेख गरेको अवस्थामा पनि ती प्रावधानहरुले ओगटेको विषयमा स्थानीय ऐन कानुन अन्तर्गत पूनः व्यवस्थाहरु प्रस्ताव गरिएको, सभा र कार्यपालिकाको विधायिकी क्षेत्राधिकारमा दुविधा भएको उदाहरणहरु सबैतिर देखिएका छन् । जबकी स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ का प्रावधानहरुले स्थानीय ऐनको अधीनमा रही पालिकाहरुले नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्ने स्पष्ट रुपमा लेखेको छ । उक्त दफा १०२ र प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐनलाई गलत अर्थमा उल्लेख गरी स्थानीय

ऐन निर्माणको जिम्मेवारी पन्छाएर नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अभ्यासलाई निरुत्साहित गर्नु आवश्यक छ ।

सबै नगरपालिकाहरुको नीति तथा कार्यक्रमहरुलाई हेर्दा सबै नीति तथा कार्यक्रमहरुमा संघीय सरकारको नीति तथा कार्यक्रमहरुको झझल्को स्पष्टसँग देख्न सकिन्छ । केही विषयवस्तुहरु नितान्त स्थानीय आवश्यकताका आधारमा छनौट गरिएका छन् । त्यसरी छनौट गरिएका विषयहरुले तात्कालीक तथा दीर्घकालीन स्थानीय आवश्यकताहरु पूरा गर्न सक्दछन् । तथापि, ती सबै नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न नगरपालिका स्तरमा कानुनी संरचनाहरुको विद्यमानता नरहेको देख्न सकिन्छ । कार्यपालिकी अधिकार अन्तर्गत नै त्यस्ता नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने चाहना प्रबल छ ।

माथि उल्लेख गरिएका नीति तथा कर्यक्रमहरु लगभग सबैमा उच्च प्रतिबद्धताका साथ गरिब, सिमान्तकृत, महिला, दलित तथा आदिवासी जनजातिका लागि कार्यक्रमहरु उल्लेख गरिएको पाइन्छ । लैंगिक समानता तथा सामाजिक समावेशिकरण सबैको प्रतिबद्धतामा परेका छन् । यी विषयहरु नेपालको संविधानको मौलिक अधिकार अन्तरगतका राष्ट्रिय प्रतिबद्धता भएका विषयहरु पनि हुन् । यद्यपि, संघीय सरकारले ती विषयहरुसँग सम्बन्धित मौलिक अधिकारको कार्यान्वयनका लागि ऐनहरु बनाई जारी गरेको छ, तिनलाई स्थानीय स्तरमा राज्यको अभिभारा स्थानीय सरकारले कसरी पूरा गर्ने भन्ने सम्बन्धमा स्थानीय कानुनको अभाव छ । संघीय ऐनहरुका व्यवस्थाहरु सामान्यतया गोश्वारा रुपमा आएका छन् । त्यसरी आएका प्रावधानहरुको उल्लंघन भएका आधारमा स्थानीय सरकार विरुद्ध अदालती कारबाही गर्न सकिने स्पष्ट अवस्थाहरुलाई स्थानीय कानुनको निर्माण पछि मात्र उल्लेख गर्न सकिन्छ । ल्याइएका कार्यक्रमहरु मौलिक अधिकारमुखी बनाउन स्थानीय ऐनको भूमिका आवश्यक छ । अहिलेको परिस्थितिमा स्वास्थ्य, खाद्यान्न, आवास, ज्येष्ठ नागरिकको अधिकार, सामाजिक सुरक्षा जस्ता विषयहरु मौलिक अधिकारका रुपमा स्पष्ट भएता पनि स्थानीय कानुन अन्तरगत स्थानीय सरकारको भूमिकाको विषय पर्याप्त रुपमा स्पष्ट छैन ।

टीकापुर नगरपालिकाले सञ्चालन गरेको *हाम्री छोरी, प्यारी छोरी* कार्यक्रम एउटा राम्रो कार्यक्रम हो । यसलाई कार्यान्वयन गर्न नगरपालिकाले एउटा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ पनि ल्याएको छ । यस कार्यविधिद्वारा कस्ता बालिकाका हकमा यो कार्यविधि आकर्षित हुने भन्ने उल्लेख गरिएको छ । यसका साथै बालिकाहरुका लागि प्रदान गरिने रकम उपलब्ध गराउने तरिका र त्यस्तो रकम झिक्दा चाहिने आवश्यक कागजातहरु पनि उल्लिखित छ । तर यसरी सञ्चालन गरेको कार्यक्रम अन्तर्गत कुनै बालिकाले उल्लेख गरे बमोजिम रकम प्राप्त गर्न नपाएका अवस्थामा कहाँ उजुरी गर्ने भन्ने बारेमा ऐन बनेको छैन । अतः यस्तो ऐनको आवश्यकता केवल कार्यविधिले मात्र पूरा गर्न सक्दैन । स्थानीय रुपमा स्थानीय निकायबाट अधिकार प्रचलन गराइदिने संचरना भए मात्र यो कार्यक्रम अधिकारमुखी हुन सक्दछ । यो एउटा सानो उदाहरण हो । यसका कार्यविधि विपरीत टीकापुर नगरपालिका क्षेत्र बाहिरका बालिकाको नाममा रकम जम्मा गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन

भनी उक्त कार्यविधिको दफा ६.५ मा उल्लेख गरिएको छ । तर त्यस्तो अवस्थामा हितग्राहीले कसरी उपचार पाउने ? स्पष्ट गर्नु जरुरी हुन्छ । कानुन निर्माणको यो एउटा सामान्य प्रचलन हो ।

**स्थानीय तहका सम्बन्धमा संविधानका केही उल्लेखनीय प्रावधानहरू**

**२२६. कानून बनाउन सक्ने** : (१) गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

**२२७. गाउँ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था** : गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

**२३२. संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध** : (१) संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।

**२३२(८).** नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

**२३५. संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय** : (१) संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन बनाउनेछ ।

(२) प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ ।

सबै सातवटा स्थानीय तहका कानुनहरुको अध्ययन गर्दा संघीय मन्त्रालयबाट प्राप्त नमुना कानुनहरुलाई लगभग दुरुस्त पारित गरेको पाइएको छ । नमुना कानुन भए पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना ऐन कार्यान्वयन भएको विषय सुनिश्चित गर्न स्थानीय तहहरुलाई परिपत्र गरिएको अवस्थामा स्थानीय तहहरुले स्थानीय नगर सभामा नमुना कानुनका विषयवस्तुमा स्थानीय आवश्यकता अनुसार छलफल र परिमार्जन गरी नमुना कानुन अपनाउन सकेको देखिँदैन । स्थानीय सरकारले आफ्नो पालिकामा कानुन निर्माणमा भएको संख्यात्मक प्रगति देखाउनका लागि पनि नमुना

कानुनहरु पारित गर्ने गरेको अवस्था छ। तर त्यस्ता नमुनालाई स्थानीयकरण गर्ने गरेको देखिँदैन । क्षमता नभएर पनि हो । तर त्यसभन्दा पनि आफ्नो अधिकारका सम्बन्धमा भइरहेको अन्यौलका कारण पनि हुन सक्छ ।

नमुना कानुन बाहेक पनि स्थानीय तहले बनाएका स्थानीय शिक्षा ऐन, विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐनहरुले सो ऐनसँग सम्बन्धित संघीय ऐनहरुको हुबहु प्रावधान राखेर स्थानीय ऐन पारित गरेको पाइन्छ। यसबाट स्थानीय सरकारहरु संविधान बमोजिम प्राप्त तथा संघीय संसदले पारित गरेको स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहका लागि भनेर विस्तारित रुपमा दिएका अधिकार तथा कर्तव्यहरुका हकमा अझै पनि स्वायत्त हुन नसकेको देखिन्छ । बरु संघीय ऐनका स्थानीय तह सम्बन्धी प्रावधान तानेर स्थानीय ऐन बनाई संघीय सरकारको प्रभावमा सुरक्षित हुन खोजेको महसुस भएको छ ।

स्थानीय सभाले पारित गरेको ऐन स्थानीय राजपत्रमा प्रकाशित गरी लागु गरिने व्यवस्था छ । त्यस्तो ऐन कानुन पालिकाको वेबसाइटमा पनि प्रकाशित गर्नुपर्छ । तर धेरै पालिकाहरुमा स्थानीय ऐन कानुनको अद्यावधिक सूचीहरु प्राप्त गर्न असहज नै छ । किनकी कतिपय नगरपालिकासँग आफूले पारित गरेका ऐन, नियम तथा कार्यविधिहरुको अद्यावधिक सूची नै तयार नभएको, कतिपय नगरपालिकामा सभाले पारित गरेका कानुनहरु समेत राजपत्रमा प्रकाशित नभई उपलब्ध गराउन नसकिने भनी प्राप्त गर्न नसकिएको अवस्था छ। स्थानीय ऐन स्थानीय राजपत्र तथा स्थानीय तहको वेबसाइटमा प्रकाशित गर्नुपर्नेमा धेरैजसो नगरपालिकाले वेबसाइटमा स्थानीय नियम तथा कानुनहरु राखेको भएता पनि सबै ऐन, नियम तथा कार्यविधिहरु अद्यावधिक भएको सुनिश्चित हुन सकेको छैन । नगरपालिकाको कुनै कर्मचारीलाई अतिरिक्त जिम्मेवारीका रुपमा वेबसाइटमा ऐन अद्यावधिक गर्ने कार्यको जिम्मेवारी दिँदा यस्तो भएको हुन सक्छ। त्यस्तै केही स्थानीय तहले सभाले पारित गरिसके पनि प्राविधिक कमीकमजोरी भेटिएकाले आलोचना हुन सक्ने त्रासमा त्यसलाई मिलाएर संशोधन गरेपछि मात्रै प्रकाशित गर्ने गरी रोकेर राखेकाले नगरसभाले पारित गरेका ऐन पनि उपलब्ध हुन नसकेको हुन सक्छ।

संविधानले स्थानीय सरकारहरुलाई जनताको दिनदैनिकीसँग सम्बन्धित अत्यन्त आधारभूत विषयवस्तुहरुको व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ। तथापि स्थानीय सरकारहरुको स्थानीय कानुन स्थानीय आवश्यकता परिपूर्ति गरी स्थानीय जनजीविका, व्यवसाय तथा पूर्वाधार विकासमा केन्द्रित हुनुभन्दा प्रशासनिक नियमनको विषयमा नै बढी अल्झिएको देखिन्छ। स्थानीय तहहरुसँग स्थानीय आवश्यकताका विषयहरुलाई सम्बोधन गर्ने सुनौलो अवसर छ। तर स्थानीय सभाहरुले सो अवसरको प्रयोग गर्न सकेका छैनन् । उदाहरणको लागि सामान्यतया राम्रो कार्यसम्पादन भएको वालिङ नगरपालिकाको नगर पशु स्वास्थ्य तथा पशु सेवा ऐनले स्थानीय रुपमा पशुपालन गर्ने कृषकहरुलाई लाभ दिन सक्ने संयन्त्र र व्यवस्थाहरु गरी ती व्यवस्थाहरुको निर्देशनमा रही कार्यपालिकालाई सो कार्य गर्न मार्गनिर्देशन गरेको देखिँदैन । उक्त ऐनले स्थानीय कार्यपालिकालाई निर्देशित नगरी धेरै प्रावधानहरुमा तोकिए बमोजिम हुनेछ भनी धेरै विषय स्थानीय कार्यपालिकाकै विवेक र तजबिजमा छोडेको छ । यसबाट स्थानीय सभाहरु कार्यपालिकालाई रचनात्मक रुपमा स्थानीय विकासमा सहभागी गराउन नसकिरहेको देखिन्छ ।

स्थानीय कानुन निर्माणमा स्थानीय सभाहरुको भूमिका संवैधानिक तथा सैद्धान्तिक रुपमा एकदमै ठूलो छ । तथापि व्यवहारमा नगरसभाहरु कार्यपालिकाद्वारा प्रस्तुत कानुनलाई वैधानिकता दिने स्थान मात्र बन्दै गइरहेको देखिन्छ । नगरसभाले स्थानीय विषयवस्तुमा स्थानीय सरकारलाई निर्देशित गर्ने गरी कानुन निर्माण गर्न उदासीन रहेको, नगरप्रमुखको चाहना तथा नगरकार्यपालिकाको विधायन समिति नगरसभाभन्दा बढी प्रभावशाली भएको, संघीय सरकारको चाहना विपरीत स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रमा कार्य गर्न र कानुन बनाउन नसकेको वा नचाहेको जस्ता परिस्थितिहरु विद्यमान देखिन्छन् । यसका साथै स्थानीय चासोका विषयवस्तुमा काम गर्दा स्थानीय जनताको राय बुझ्ने प्रभावकारी संयन्त्रहरु नगर कार्यपालिका र नगर सभाले बनाउन नसकेको पनि देखिन्छ । नगरसभामा स्थानीय सरकारलाई जवाफदेही बनाउने समितिहरु गठन हुन नसकेको वा गठन भए पनि प्रभावकारी रुपमा सरकारलाई जवाफदेही बनाउन नसकेको परिस्थिति पनि रहेको छ ।

यसका साथै स्थानीय तहमा निर्वाचित वडाका सदस्यहरुले कानुन निर्माणमा आफ्नो भूमिकालाई बुझ्न नसकेको तथा केही बुझेका सभा सदस्यहरु पनि प्रभावकारी रुपमा कानुन निर्माण प्रक्रियामा संलग्न हुन नसकेको परिस्थिति पनि छ। यस्तो परिस्थिति हुनुमा सभा सदस्यहरुमा आफ्नो संवैधानिक भूमिकाका बारेमा ज्ञान नहुनु वा उदासीन हुनु; कानुन तथा नीति निर्माणमा नगरसभा सदस्यको भूमिका नखोजिनु; नगरसभा सदस्यहरुको स्थानीय सार्वजनिक नीति निर्माणको क्षमता अभिवृद्धिमा पहल नहुनु; स्थानीय कानुन र सुशासनका सम्बन्धमा सभा सदस्यहरुले रचनात्मक भूमिका खेल्न नसक्नु; नीतिनिर्माणको विषयमा भन्दा बढी विकास निर्माण र अन्य स्थानीय स्वार्थहरुमा बढी केन्द्रित हुनु लगायतका विभिन्न कारक तत्वहरुको प्रभाव रहेको देखिन्छ । स्थानीय कानुन तथा सुशासनको अवधारणालाई प्रभावकारी बनाउन नगर सभा सदस्यहरुले आफ्नो भूमिकालाई पहिलेको वडा सदस्यको भूमिका भन्दा फरक र संविधानको मनशाय बमोजिमको बनाउनु जरुरी छ । नगरकार्यपालिका तथा आफूले प्रतिनिधित्व गर्ने वडाको सेवा प्रवाह र व्यवस्थापन पारदर्शी, चुस्त दुरुस्त र कानुनी अवधारणा बमोजिम निष्पक्ष राख्न पनि यो आवश्यक छ ।

संघीयतामा गइसकेपछि आमजनताको दैनिकी आवश्यकताका प्राथमिक विषयहरु जस्तो स्वास्थ्य, कृषि, बजार व्यवस्था, जग्गा सम्बन्धी, फोहरमैला व्यवस्थापन, स्थानीय यातायात लगायत थुप्रै विषयहरुको व्यवस्थापन स्थानीय तहको जिम्मामा पुगेको छ । यस्ता विषयहरुमा प्रदान गरिने सेवाको गुणस्तरले स्थानीय तहको आम जनविश्वास तथा प्रभावकारिता दर्शाउने हुन्छ । यो संघीय व्यवस्थाको प्रभावकारिता जनतालाई बुझाउने सबैभन्दा सशक्त माध्यम पनि हो । तसर्थ यस्ता आम जीवनका दैनिक आवश्यकताका विषयको व्यवस्थापन गर्ने पालिकाहरुले बनाउने हरेक कानुनले त्यस्तो सेवा प्रवाहमा देखिएका कमीकमजोरी सुधार गर्न तथा आमजनताको विश्वास प्राप्त गर्न यी स्थानीय विषयमा आमनागरिकले व्यहोर्नु परेका आम समस्याहरुको गुनासो सुन्ने र त्यसलाई सम्बोधन गर्ने प्रभावकारी गुनासो व्यवस्थापन संयन्त्र भएमा र त्यसले प्रभावकारी भई टड्कारो रुपमा देखा परेका समस्यालाई प्राथमिकतामा राखी हल गर्न सकेमा संविधानले स्थानीय तहका लागि दिएको ठूलो जिम्मेवारी निर्वाह गर्न सकिन्छ । स्थानीय तहले नियमन गर्ने, कारबाही गर्ने संयन्त्र त बनाएका छन् । तर स्थानीय गुनासो सुन्ने र स्थानीय

जनताले भोग्नुपरेका समस्यामा तत्काल काम गरिहाल्न सक्ने गरी स्वतन्त्र, पारदर्शी र जवाफदेही संयन्त्र विकास गर्न भने नसकेको वा ध्यान पुग्न नसकेको भने पक्कै हो । त्यस्तै आजसम्म बनेर कार्यान्वयमा रहेका कानुनहरुको कार्यान्वयनको वर्तमान स्थिति बारे अध्ययन भएको पनि देखिँदैन । सेवा प्रवाहका सम्बन्धमा प्रयोग हुने कानुनहरुको कार्यान्वयनका सम्बन्धमा त्यस्तो अध्ययन आवश्यक छ ।

स्थानीय सरकारहरु भर्खरै अभ्यासरत छन् । उनीहरुलाई संघीय सरकारले संविधान बमोजिमको अधिकारहरुको प्रयोग र कार्यान्वयनमा सहजीकरण र सशक्तिकरण गर्न प्रोत्साहित गर्नुभन्दा पनि संघीय निकायकै चाहना र नियन्त्रण स्थानीय सरकारमा हावी रहोस् भन्ने संघीय मानसिकता देखिन्छ । कतिपय अवस्थामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका परिपत्र तथा निर्देशनहरु र स्थनीय तहको स्तरको योजना र कार्यक्रममा समेत संघीय मन्त्रिपरिषद्ले निर्णय गरेर पठाउने कार्यले स्थानीय तहहरु आफ्नो अधिकारको सीमा बुझ्न नसक्ने परिस्थिति निर्माण हुँदैछ । हरेक विषयमा कार्य गर्दा संघीय अड्चन र निर्देशन आउने र संघ सरकार स्थानीय तहको क्षेत्राधिकारका बारेमा एउटा अवधारणामा टिकिराख्न नचाहेको यो परिस्थिति स्थानीय तहका लागि निरुत्साहित गर्ने खालको देखिएको छ । संघले स्पष्ट संवैधानिक र कानुनी मान्यता निर्धारण गरी स्थानीय तहलाई स्वायत्तताको अभ्यास गर्ने वातावरण बनाइदिनु पर्ने टड्कारो आवश्यकता देखिन्छ । प्रदेश सरकारको हकमा पनि यही कुरा भन्न सकिन्छ । प्रदेश समन्वय परिषद्ले यस्ता विषयमा राम्रो काम गर्नसक्ने अवसर अझै विद्यमान छ ।

स्थानीय सरकार सञ्चालन ऐनले न्यायिक समिति, नगर प्रमुख तथा कतिपय अवस्थामा प्रमुख कार्यकारी अधिकृतलाई समेत दण्ड, जरिवाना/बिगो तोक्ने अधिकार दिएको छ । नगरकार्यपालिकाले तोकेको सजाय, जरिवानामा जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन तथा अध्ययन गरिएका स्थानीय तहका कानुनहरुमा व्यवस्था भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐनले न्यायिक समितिले हेर्ने भनी विषयहरु तोकिदिएको छ । त्यस्ता विषयहरुमा मूलतः स्थानीय तहका बासिन्दाहरुको विभिन्न विवाद, लेनदेन तथा घरव्यहारका पक्षहरु समावेश भएका छन् । तर नगरपालिकाले जरिवाना गर्न सक्ने अर्थात नगरपालिका स्वयं संलग्न विषयहरुमा निष्पक्ष सुनुवाई गर्ने संयन्त्र नभई नगर कार्यपालिकाकै संयन्त्र वा नगरप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले जरिवाना तथा बिगो लगायतका रकम तोक्न सक्ने अधिकार देखिन्छ । यो प्रावधानले नगरपालिकाले बिगो तोकेमा त्यो पीडितले तिर्नैं पर्ने बाध्यात्मक अवस्था उत्पन्न हुन सक्छ भने त्यसमा पुनरावेदनका लागि जिल्ला अदालत जाँदा हुने समय तथा स्रोत र खर्चको मूल्यांकन गर्दा नगरवासीहरुले तोकिएको जरिवाना तिर्नुपर्ने व्यवहारिक बाध्यता उत्पन्न हुन सक्ने सम्भावना छ । तसर्थ नगरपालिकाले तोक्ने जरिवाना तथा बिगोहरु जस्तो ट्राफिक नियम नमान्दा हुने जरिवाना वा घर अगाडिको सडकमा बालुवा थुपारेको विषय लगायतका स्थानीय जीवनका कार्यहरुमा नगरपालिकाले गर्ने जरिवानाहरु नगरपालिकाको संयन्त्रले भन्दा पनि स्थानीय अदालतको व्यवस्था गरी सो अदालतबाट हेर्ने व्यवस्था गर्न सकिन्छ । अन्य विभिन्न स्थानीय ऐनहरु अन्तर्गत पनि

यस्तो अदालतलाई क्षेत्राधिकार दिन सकिन्छ । यसो गर्न सकेमा नागरिकहरुले सुरु अदालतको न्याय अनुभव गर्न सक्नेछन् ।[३७]

यसका साथै नगरपालिकाले निर्माण गरेका ऐनहरुमा गठित धेरै समितिहरुमा नगर प्रमुख आफैं समितिको संयोजक भएर कार्य गर्नु पर्ने अवस्था छ । यस्तोमा आफैं कार्यकारी अनि आफैंले कानुन पालना गरेको हो होइन भनी हेरेर दण्ड सजाय तोक्ने स्थानमा बस्नु न्यायको सिद्धान्तसँग मिल्ने विषय पनि भएन । स्थानीय नागरिकहरुलाई कार्यपालिकाका सदस्यहरुको व्यक्तिगत पूर्वाग्रह लगायतका कारणबाट स्थानीय स्तरमै (न्यायिक समिति होइन) रुपमा दण्ड, जरिवाना तथा बिगो निर्धारण गर्न निष्पक्ष रुपमा सुनुवाई हुनुपर्ने आवश्यकता संघीयताको दिगो विकासका लागि आवश्यक छ ।

अहिलेको कानुनी व्यवस्था हेर्दा प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको हरेक प्रशासनिक क्रियाकलापका लागि सबैभन्दा महत्वपूर्ण स्थानमा रहेको छ । कानुन र प्रशासनको जानकार, संघीय पद्धति बुझेको, नेपाली तथा अंग्रेजी दुवै भाषा जानेको, राजनीतिक परिस्थिति बुझेको तथा कतिपय अवस्थामा प्राविधिक ज्ञान समेत भएका कारण सम्बन्धित पालिकालाई निजको क्षमताबाट हरतरहले सहयोग पुग्दछ । यस अर्थमा प्रमुख प्रशासकीय अधिकृत स्थानीय सरकारको साथी, दार्शनिक तथा मार्गदर्शक (फ्रेण्ड, फिलोसफर एण्ड गाइड) नै हो । उनको नियुक्ति संघीय सरकारले गर्दछ । यस्तोमा प्रमुख प्रशासकीय अधिकृतले आफूले कार्य गर्दा नगरप्रमुख वा स्थानीय सरकारसँग जति जवाफदेही हुनुपर्दछ, त्यति नै वा सोभन्दा बढी उनले संघीय सरकार प्रति पनि जवाफदेही हुनुपर्ने दोहोरो अवस्थाको सिर्जना भएको छ । स्थानीय तहमा स्थानीय विषयमा संघको चाहना विपरीत काम गर्दा यस्ता कर्मचारीहरुले आफ्नो वृत्तिविकासको विषयलाई जोखिममा पारेर काम गर्नुपर्ने हुनसक्छ । अहिलेको व्यवस्था अनुसार नगरप्रमुखले स्थानीय आवश्यकता र स्थानीय कानुनलाई ध्यानमा राख्न खोजेपनि प्रमुख प्रशासकीय अधिकृतले संघको समेत आशय र मनोभाव बुझेर काम गर्नुपर्ने अप्ठ्यारो परिस्थिति भएको सहजै बुझ्न सकिन्छ ।

स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा स्थानीय तहले बनाएका कानुन तथा नियमहरु बमोजिम कार्यान्वयनको पक्षमा जाँदा संघीय तथा प्रादेशिक कानुनसँग बाझिने विषय आफूले कार्यान्वयन गर्नुपर्ने हो कि भन्ने भयले मनोवैज्ञानिक रुपमा प्रभावित गरेको पाइएको छ । स्थानीय तहका लागि संघ तथा प्रदेशहरुले आवश्यक सबै विषयहरुमा स्पष्ट रुपमा कानुन दिन नसकेको; बनेका कानुन पनि एक अर्कासँग बाझिने प्रावधान राखी जारी भएका कारण स्थानीय तहको अधिकार क्षेत्र अस्पष्ट भइरहनु; साझा अधिकारका विषयहरु स्पष्ट नहुनु जस्ता कारणहरुले गर्दा स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा नगरपालिकाले कानुन बनाई तय गरेका विषयहरुमा सकेसम्म तर्किन खोज्ने अवस्था पनि देखिएको छ । कर्मचारीहरु संघीय र प्रादेशिक कानुन विपरीत कार्य हुन गएमा आफ्नो वृत्ति विकासमा प्रभाव पार्ने तथा विभिन्न संवैधानिक र कानुनी निकायको कारबाहीमा

[३७] यस सम्बन्धमा यस खण्डको सुरुको परिच्छेदमा पनि उल्लेख गरिएको छ ।

तानिन सक्ने त्रासमा पनि हुन्छन् । यस्तोमा जनप्रतिनिधिहरुले कर्मचारीहरुबाट आवश्यक सहयोग नपाएको गुनासो भएको अवस्था पनि यहाँ उल्लेख गर्नु जरुरी छ ।

कर्मचारी समायोजनको विषयलाई संघीय सरकारले प्रभावकारी रुपमा टुंगोमा पुऱ्याउन नसकेको अवस्था विद्यमान भएसम्म स्थानीय सरकारहरुले आफूलाई आवश्यक कर्मचारीहरु नियुक्त गर्न असहज भएको छ। त्यसमाथि स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेछ भने पनि त्यस्तो संघीय मापदण्ड बनाउन संघीय सरकार उदासीन रहेको देखिन्छ। प्रादेशिक जिम्मेवारीहरु पनि छन् । यसका कारण स्थानीय तहको स्थानीय सेवा गठन हुन सकेको छैन । यही कारण टीकापुर नगरपालिकाले स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि अन्तरिम ऐन, २०७७ बनाएर काम चलाउन खोजेको माथि उल्लेख भइसकेको छ । यदि स्थानीय सरकारले आफूले सेवा दिनु पर्ने क्षेत्रहरुका लागि कर्मचारीको सबै किसिमले व्यवस्थापन गर्नबाट रोक्ने हो भने स्थानीय तहबाट प्रभावकारी कार्य सम्पादन हुने कुरा अपेक्षा गर्न गाह्रो हुने देखिन्छ ।

स्थानीय तहहरुले आफूले बनाउनु पर्ने विषयहरुमा कानुन बनाउन नसकेको विषय त छँदैछ । यसबाहेक कार्यपालिकाले बनेका ऐन बमोजिम कतिपय नियमावली तथा कार्यविधिहरु बनाई काम गर्नुपर्ने भनेको विषयमा नियमावली तथा कार्यविधिहरु बनाउन बाँकी नै देखिन्छन् । अध्ययनरत स्थानीय तहको वेबसाइटमा राखिएका कार्यविधि तथा निर्देशिकाहरुले पारित भएका स्थानीय ऐनले नियम वा कार्यविधि वा निर्देशिका बनाएर कार्य गर्नुपर्ने सबै विषयहरु समेटेको देखिँदैन। जनसरोकारका प्रायः सबै ऐनहरुका हकमा नियमावली आवश्यक पर्ने देखिन्छ । तर त्यसो हुन नसक्दा कार्यपालिकाको कार्यशैली स्वेच्छामा आधारित हुन सक्ने सम्भावनालाई नकार्न मिल्दैन ।

स्थानीय तहहरुको लागि अहिलेको समय भनेको दोहोरो जिम्मेवारीको समय हो। किनभने अहिले  स्थानीय तहले संविधानले दिएको जिम्मेवारी बमोजिम काम गर्नुका साथै ती जिम्मेवारी निर्वाह गर्न आवश्यक पूर्ण कानुनी संयन्त्रहरु (स्थानीय ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् प्रणाली तथा संरचनाहरु) पनि सँगै निर्माण गरेर जानुपर्ने अवस्था छ। यसै सन्दर्भमा उपरोक्त कामलाई प्रभावकारी रुपमा सम्पादन गरी भविष्यमा आउने जनप्रतिनिधिहरुका लागि एउटा बलियो प्रणाली हस्तान्तरण गर्न सके महत्वपूर्ण योगदान हुन सक्ने छ । यसर्थ, नगरसभाको विधायन समितिले सभाले निर्माण गरेका ऐनहरु बमोजिम आवश्यक नियम वा कार्यविधिहरु बने नबनेको विषयमा सहयोग, सहजीकरण र अनुगमन गर्न सक्ने जिम्मेवारी निर्वाह गर्न अघि बढ्नु पर्ने अवस्था छ ।

संविधानले स्थानीय तहलाई केही विषयहरुमा तथ्यांक संकलन गर्नुपर्ने कार्यजिम्मेवारी दिएको छ। तथ्यांक स्थानीय कार्यपालिकाका लागि मात्र नभई सबै तहका लागि आवश्यक हुन्छ। यसका साथै संघीय तथा प्रादेशिक सरकारले संकलन गर्ने विभिन्न तथ्यांकहरुको सुरु अभिलेख स्थानीय स्तरबाटै हुनुपर्ने हुन्छ। नेपाल सरकारले आफूले हस्ताक्षर गरेका विभिन्न अन्तर्राष्ट्रिय संगठनहरुका लागि पनि आवधिक रुपमा राष्ट्रिय तथ्यांक पठाउनु पर्ने दायित्व बहन गर्नुपर्छ । यस्ता तथ्यांकहरु पठाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बेलाबेलामा परिपत्रहरु आउने गर्दछ। यसर्थ संघीय स्तरका लागि

संकलन गरिनुपर्ने सबै क्षेत्रका तथ्यांकका लागि एउटा एकीकृत समन्वयात्मक व्यवस्था गरेर त्यस्ता सबै जिम्मेवारी पूरा गर्न स्थानीय तहहरुलाई आवश्यक स्रोत, साधन, दक्षता सम्पन्न गराउन सकेमा तथ्यांक संकलनको कार्यको गुणस्तरीयता र प्रभावकारिता बढाउन सकिन्छ । यसले कानुन निर्माण तथा कार्यान्वयन दुवै क्षेत्रमा सहयोग पुग्दछ ।

भाग ५

# कानुन निर्माण एवम् कार्यान्वयन सम्बन्धमा स्थलगत अनुभव

कानुन निर्माण एवम् कार्यान्वयनका सम्बन्धमा उपरोक्त परिच्छेदहरुमा विश्लेषण गरिए देखि बाहेक पनि केही प्रकारका स्थलगत अनुभवलाई यस परिच्छेदमा उल्लेख गर्नु जरुरी छ । निर्वाचित भएको पहिलो वर्ष अर्थात २०७४/७५ मा आफूलाई काम गर्न अतिआवश्यक आधारभूत कानुनी संरचनाको बारेमा जानकारी लिन तथा अभिमुखिकरण प्राप्त गर्न खर्च भएको प्रायजसो पालिकाहरुको अनुभव छ । सुरुवातदेखि नै स्थानीय कानुनहरु निर्माणमा स्थानीय तहले कार्य गरेको पाइन्छ । निर्वाचन भएको तेस्रो वर्षमा आइपुग्दा अब स्थानीय आवश्यकताहरु पहिचान गरी सो विषयलाई सम्बोधन गर्ने कानुन निर्माण गर्नुपर्ने कुरालाई प्राथमिकतामा राख्ने सम्बन्धमा सोचविचार गर्न सक्ने अवस्थामा पालिकाहरु पुगेका हुन् । त्यसैगरी आफ्नो तत्कालको कानुनी गर्जो टार्न पहिलो र दोस्रो वर्ष संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको नमुना कानुनलाई अपनाएका यी सबै स्थानीय पालिकाहरुले अब भने उक्त नमुनालाई आफ्नो आवश्यकता बमोजिम संशोधन गर्ने तयारीमा लागेको देख्न सकिन्छ। यो परिच्छेदको स्थलगत अनुभव पनि माथिका परिच्छेदहरुझैं मूलतः अध्ययन गरिएका सातवटै नगरपालिकाहरुमा आधारित छन् । त्यस्तै, नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन मातहत रहेर स्थानीय सरकारले कार्य गर्दाका अनुभवहरु, स्थानीय कानुनको कार्यान्वयनको विषय, स्थानीय नगरसभाहरुको सञ्चालनको विषय, सुशासनको विषय, लैंगिक समानता तथा सामाजिक समावेशिकरणको मुद्दामा सम्बोधन गर्न गरिएका कार्यक्रमहरु तथा नगरपालिकाको भावी प्राथमिकताका विषयवस्तुहरुका बारेमा स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरुको विचारहरुलाई संश्लेषण गरी यहाँ उल्लेख गरिएको छ ।

## १. दमक नगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन एवम् स्थानीय तह

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का केही प्रावधानहरु अझै अस्पष्ट छन् । तिनलाई प्रष्ट बनाउनु पर्ने आवश्यकता छ । सो ऐनले स्थानीय तहको अधिकारका रुपमा आधारभूत र माध्यमिक शिक्षालाई तोकेको सन्दर्भमा यसको व्यवस्थापकीय अधिकार स्थानीय तहमै हुनुपर्दछ । त्यसो नभएको हुँदा स्थानीय विद्यालयहरुलाई

व्यवस्थित गर्न नगरपालिकाले चाहेको जस्तो भूमिका निर्वाह गर्न सकेको छैन । माध्यमिक सरकारी स्कूललाई कसरी व्यवस्थापन गर्ने भन्ने अधिकार संविधानले जुन रुपमा दिएको छ, त्यही रुपमा स्थानीय तहलाई नदिँदा सम्म स्थानीय स्तरमा शिक्षा गुणस्तरीय बनाउन समस्या छ। स्थानीय शिक्षाको व्यवस्थापनको विषय पनि सहज छैन । सहकारीको साझा अधिकारको विषयमा पनि अझै नीतिगत स्पष्टता नभए सम्म स्थानीय तह प्रभावकारी हुन सक्दैनन् ।

- स्थानीय सरकारले गर्नुपर्ने मालपोत तथा नापी जस्ता कामको कार्यालय संघीय सरकार मातहत राखिएको छ। यसबाट सेवाग्राहीहरुलाई सेवा प्रवाह गर्न असुविधा भएको छ। भूमि व्यवस्थापनको विषयमा सबै तहको सरकारको अधिकार छ। यसमा स्थानीय तहको अधिकारको बारेमा अझै प्रष्ट हुन सकिएको छैन । यही कारण स्थानीय स्तरमा गर्न सकिने कार्यहरुका सम्बन्धमा दमक नगरपालिका यी विषयहरुमा चाहेजस्तो प्रभावकारी हुन सकेको छैन ।
- सिंहदरबारमा केन्द्रिकृत अधिकार तेस्रो तह मार्फत घरघरमा पुगेको भनिए पनि नगरपालिकाहरुको सबै क्षेत्राधिकार स्पष्ट नभइसकेको र कतिपय विषयमा अधिकार हस्तान्तरण नहुँदा कार्य गर्न असहज भएको अनुभव भएको छ। जस्तो, नागरिकताको विषय समस्याको रुपमा आएको छ। बुवा विना बच्चा दर्ता गर्ने विषय तथा विदेशी नागरिकसँग विवाह गरेर गएका नागरिकहरुको विषयमा सिफारिस गर्ने क्रममा समस्या देखिएको छ। जस्तो जन्म दर्ता गर्दा बुवा आमाको नाम चाहिन्छ। तर सँधै दुवैजना अभिभावक उपलब्ध हुँदैनन् । कहिलेकाहीँ बनावटी बुवा आएर जन्म दर्ता गर्न खोजेको पनि भेटिएको छ । नागरिकताका लागि सर्जमिन गर्दा वडा अध्यक्षले सबैलाई नचिन्ने हुँदा अहिले प्रहरीसँग समन्वय गरेर स्थलगत सर्जमिन गरेर मात्रै सिफारिस गर्ने विधि चालिएको छ। नागरिकता ऐनले यो आवश्यकताको सम्बोधन गर्नुपर्दछ ।
- प्रदेश सरकारसँग साझा अधिकारको विषयमा सहकार्य हुन सकेको छैन । स्थानीय कानुनहरुमा अहिले संशोधन र सुधार सुरु भएको छ। नीतिगत समस्यामा संघीय र प्रदेश सरकारबाट हुने हस्तक्षेप कम गराएर स्थानीय ऐन नियमावली अनुसार स्थानीय तहले काम गर्न पाउनु महत्वपूर्ण हुन्छ । स्थानीय तहलाई सहजीकरण गर्न पहिला संघ र प्रदेश सरकार स्थानीय तहको नीतिगत विषयमा स्पष्ट हुनु जरुरी छ। स्थानीय तहका लागि कानुन बनाउने प्रक्रियागत विषय पनि स्पष्ट हुनु पर्छ । दमक नगरपालिकाले काम सुरु गर्दा सुरुमा प्रदेश सरकारबाट स्थानीय कानुनका बारेमा सहजीकरण र सहयोग हुन्छ भन्ने आशा गरेको थियो । तर प्रदेशबाट स्थानीय तहलाई कानुनी मार्गदर्शन गर्नसक्ने सहयोग आउन सकेन । त्यसपश्चात् जिल्ला समन्वय समितिमार्फत सहजीकरण गर्न खोजिए पनि जिल्ला समन्वय समितिले पनि दमकको आवश्यकताका बारेमा सोचे जसरी नेतृत्व लिन सकेन। संघ र प्रदेशहरुले स्थानीय तहले निर्माण गरेको कानुनलाई अझै विश्वास गरिनसकेको देखिन्छ ।

- स्थानीय तहले स्थानीय कानुन अनुसार गरेको काममा अदालतमा मुद्दा पर्दा एकैखाले निर्णय नहुँदा नगरपालिकालाई समस्या परेको छ भन्ने नगरपालिकाका पदाधिकारीहरुको बुझाई छ ।

## स्थानीय कानुन निर्माण र कार्यान्वयनको विषय

- संविधानले दिएको कार्यजिम्मेवारीमा नगरपालिकाले गर्ने कार्य एकै प्रकारका छैनन् । नगरपालिकाले बहुउद्देश्यीय क्षेत्रहरुमा परिणाम आउने गरी कार्य गर्नुपर्छ । सुरुमा ऐन नबनाई सिँधै नियमावली बनाएर काम गर्न नहुने सामान्य जानकारी समेत नहुँदा विवादित भएको थियो । यस्ता विषयहरुमा नगरपालिका आफ्नो अनुभवका आधारमा परिष्कृत हुँदै गएको छ । कानुन निर्माण गर्ने क्रममा विगत तीन वर्षको अनुभवका आधारमा नगरपालिकाले आफूलाई सुधार गर्दै लगेको छ ।
- सुरुवातमा ऐन कानुन बनाउँदा हतारमा गरिएको थियो । संघले पठाएको नमुनालाई दमकको स्थानीय आवश्यकता अनुसार सामान्य परिमार्जन गरेर पनि स्थानीय कानुनहरु बनाइएको छ । अब नगरपालिकाले कानुनविद्हरुसँग परामर्श गरेर ती ऐनहरुलाई स्थानीय आवश्यकता सम्बोधन गर्ने गरी संशोधन गर्न तयारी गरिरहेको छ । सम्बन्धित शाखाबाट नगरपालिकाका लागि आवश्यक कानुनको पहिचान भएपछि उपरोक्त विषयमा कानुन बनाउने गरिएको छ ।
- कार्य जिम्मेवारीका कारण वडा अध्यक्ष सँधै वडामा बस्न सक्ने परिस्थिति छैन । स्थानीय सरकार सञ्चालन ऐनमा सात दिन बिदा नलिएसम्म कार्यवाहकको जिम्मेवारी दिन नपाइने व्यवस्था भएका कारण केही दिनलाई वडा कार्यालयमा उपस्थित नहुँदा वडाको कार्य सम्पादन गर्न समस्या आउने गरेको छ ।
- कर्मचारी र जनप्रतिनिधि बीच हार्दिकता नभएसम्म स्थानीय सरकारहरुले प्रभावकारी रुपमा कार्य गर्न सक्दैनन् । हिजोको कर्मचारीतन्त्रलाई परिवर्तनका बारेमा अभिमुखिकरण पुगेको छैन । जनप्रतिनिधिहरुबाट असल नेतृत्व भएमा कर्मचारीतन्त्र प्रभावकारी हुन सक्छ भने कर्मचारीतन्त्र सक्षम एवम् सहयोगी भएमा जनप्रतिनिधिले कार्यसम्पादन प्रभावकारी रुपमा गर्न सक्छन् । कार्य सम्पादन गर्ने क्रममा योजना बमोजिम सबै कार्य सम्पन्न गर्न नसकिएको भए पनि समग्रमा दमक नगरपालिकाको कार्य प्रगति सन्तोषजनक देखिएको छ । विकास निर्माणमा सरकारको महत्वपूर्ण भूमिका हुनुका साथै सबै पक्षको सहयोगको आवश्यकता हुन्छ । कर्मचारी परिचालन सम्बन्धी समस्या छ । किनकी यस विषयमा स्पष्ट नियम कानुन छैन । अदालतबाट कानुन नभएकाले ठाडो निर्णयले घटुवा-बढुवा लगायत कारबाही गर्न नमिल्ने आदेश आएको छ । अहिले समझदारीका आधारमा कार्य भइरहेको छ । तर त्यसलाई कानुनद्वारा नियमन गर्नु पर्ने कुरामा विवाद छैन ।
- दलीय प्रणालीमा जनमतको कुरा आउँछ । कानुन कार्यान्वयन गर्दा कठोरतापूर्वक कार्य गर्नुपर्ने अवस्थाहरु हुन्छन् । जनप्रतिनिधिहरुलाई आफ्नो सार्वजनिक सम्बन्ध जोगाइराख्नु पर्ने कारण बेलाबखत गाह्रो परेको देखिन्छ ।

- यहाँ कैयन् नागरिकहरुमा प्रक्रिया भन्दा पनि होहल्ला गरेर जसरी पनि आफ्नो काम नगरपालिकाले गरिदिनु पर्छ भन्ने मानसिकता देखिएको छ । कानुनका प्रावधानहरु पढ्दा सहज भए पनि कार्यान्वयनमा विभिन्न व्यवहारिक समस्याहरु देखा परेका छन् । जस्तो, दमक नगरपालिकाले जग्गा ७ धुर भन्दा बढी टुक्राउन नपाइने नियम बनाएको छ । एक मुद्दामा २ जना व्यक्तिको स्वामित्वमा १२ धुर जग्गा हुँदा एक जनाको भागमा ६ धुर मात्रै हुने भएकाले घर बनाउन नदिएको समस्या छ । त्यस्तै २०७५ वैशाखदेखि ३२ फुट बाटो चाहिने नियम छ । तर १४ फुट भन्दा साना बाटो र ६० मिटर भन्दा कमको निकास नभएको बाटोका हकमा बाटोको छेउमा कति जमिन छाड्ने भन्ने नियम नहुँदा यस्ता सुरुमा देख्न नसकिएका विषयहरुमा कसरी कानुन बमोजिम समाधान पहिल्याउने भन्ने कानुन कार्यान्वयनको व्यवहारिक पाटो उपस्थित भएको छ । त्यस्तै, नगरपालिकाले उपलब्ध गराउने सार्वजनिक शौचालय लगायतका सुविधाहरुमा न्युनतम शूल्क राखिएको छ । तर त्यस्तो न्युनतम शुल्क पनि तिर्न नपरे हुन्थ्यो भन्ने सोच मानिसहरुमा देखिन्छ । सामाजिक सहयोग प्रदान गर्ने वातावरण बनाउन नगरपालिका प्रयासरत छ ।
- नयाँ शासकीय व्यवस्थामा दमक नगरपालिकाले आफ्नो कार्य प्रभावकारी बनाउन प्रयत्न गरिरहेको छ । नयाँ कानुनका मस्यौदाहरु बनाउँदा विभिन्न गैरसरकारी संस्थाहरुसँग सहकार्य गरिएका छन् । दमक नगरपालिकामा विधायन समिति छ । बजार अनुगमन, नगर प्रहरी ऐन तथा नियम पारित हुने क्रममा छन् । स्थानीय आवश्यकता अनुसार पूर्वाधार सम्बन्धी ऐन र नियमावली बनाइएको छ ।
- सरकारी सेवा प्रवाहलाई निजी क्षेत्रको जस्तो बनाउन अझै धेरै मेहनत गर्नुपर्ने देखिन्छ । उदाहरणका लागि सरकारी अस्पताललाई संघ, प्रदेश र स्थानीय तहले सहयोग गर्दा पनि यसको सेवा प्रवाह निजी अस्पतालको जस्तो हुन नसकेको जनगुनासो आम रुपमा छ । स्वास्थ्य बीमा दाबी गर्न निजी अस्पताल जाँदा सेवाग्राहीले सहजै पाउनु हुन्छ । तर सरकारी अस्पतालमा त्यही काम गराउन सहज नभएको सेवाग्राहीको अनुभव छ । यसबाट कानुनी र नीतिगत रुपमा स्पष्ट भए पनि व्यवस्थापकीय पक्ष पनि सेवा प्रवाहका लागि महत्वपूर्ण हुन्छ भन्ने देखिन्छ ।
- बजार व्यवस्थापन ऐन जस्ता विषयलाई अनुभवका आधारमा समीक्षा र संशोधन गर्न खोजिएको छ । आगामी वर्षमा खाद्य सुरक्षा र गुणस्तर, आधारभूत स्वास्थ्य, नगर योजना निर्माण, शिक्षा तथा कर्मचारी प्रशासन ऐन जस्ता विषयमा कानुनहरु बनाउने योजना रहेको छ ।
- कानुन बनाउन विज्ञहरुको अभाव हुँदा नमुना कानुन खोज्नु पर्ने र त्यसैलाई आफ्नो आवश्यकता अनुसार मिलाएर पारित गर्नुपर्ने अवस्था छ । राष्ट्रिय गाउँपालिका महासंघ तथा नेपाल नगरपालिका संघबाट नमुना कार्यविधिहरु प्राप्त भएका छन् । नमुना कानुनको सम्बन्धमा संघीय तथा प्रदेश सरकारको निरन्तर सहयोगको अपेक्षा छ ।

## स्थानीय व्यवस्थापिकाका रूपमा नगरसभा

- नगरसभाको सञ्चालनका लागि एक नियमावली रहेको छ । सोही नियमावली बमोजिम स्थानीय सभा सञ्चालन गर्ने गरिएको छ। पालिकाको सबै ऐनहरु सभाबाटै पारित हुन्छ । कार्यपालिकाले बनाउने कार्यविधिहरुका बारेमा सभालाई जानकारी गराइने अभ्यास छ । अहिलेसम्म ५८ वटा ऐन तथा नियमहरु प्रकाशित भइसकेका छन् भने त्यति नै संख्यामा नयाँ कानुनहरु आउँदैछन् । स्थानीय स्तरमा आवश्यक परेका सम्बन्धित सरोकारवालाहरुले ऐन नियमहरु खोज्ने गर्दछन् । नगरपालिकाले पारित भएको कानुनहरु वेबसाइटमा राख्ने गरेको छ । यद्यपि पारित भएका नयाँ ऐन कानुनहरु स्थानीय बासिन्दाहरुसम्म लैजान अन्य कार्यक्रमहरु भने गर्न सकिएको छैन ।
- कानुन निर्माणका क्रममा कार्यपालिकाको विधायन समितिले आवश्यकता अनुसार जानकारहरुसँग सल्लाह र समन्वय गर्दछन् । स्थानीय सभाबाट ऐनहरु तथा कार्यपालिकाबाट नियम तथा कार्यविधिहरु पारित गरिने गरिएको छ ।
- निर्माण भएका कानुनहरु स्थानीय सञ्चार माध्यम तथा अन्य माध्यमबाट सर्वसाधारणसम्म जानकारी गराउने तर्फ कार्य गर्न सकिएको छैन ।

## सुशासन

- नगरपालिकाले सुशासनको विषयलाई प्रशस्त महत्व दिएको छ । कर्मचारीहरुको कार्यालयमा उपस्थिति, हितग्राहीका फाइलहरु चाँडो बढाउने प्रक्रिया, मुद्दा मामिला लगायतका विषयमा चाँडो निर्णय गर्ने जस्ता विषयहरुलाई अगाडि बढाइएका छन् ।
- स्वास्थ्य सम्बन्धी विषयवस्तुमा सुशासनको माग धेरै आएका छन् । स्वास्थ्य ऐनमा बृहत छलफल गरी समसामयिक सुधार गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । निजी अस्पताललाई कसरी नियमन र व्यवस्थापन गर्ने भनेर विद्यमान ऐनलाई राम्रो बनाउन सके हुन्थ्यो भन्ने धारणामा काम गर्नुपर्ने छ । पहुँचका आधारमा तोक लगाएर काम गर्ने नभई प्रणालीगत रुपमा काम गर्ने प्रचलन आवश्यक छ ।
- स्वास्थ्य मन्त्रालय र द एसिया फाउण्डेसनको नमुना मिलाएर स्वास्थ्य सम्बन्धी ऐनको मस्यौदा गरिएको हो । संघीय जनस्वास्थ्य ऐन बनिसकेपछि अब नगरपालिकालाई काम गर्न पहिला भन्दा बढी स्पष्टता भएको छ । ऐन कार्यान्वयन पालिकाको प्राथमिकतामा पनि निर्भर गर्दछ । एम्बुलेन्स सञ्चालन र अस्पताल निरीक्षण बाहेक अन्यमा नगरपालिकाको चासो हुन सकेको देखिँदैन । अस्पताल व्यवस्थापन समितिको कार्यान्वयन गर्न सकिएको छैन । जनस्वास्थ्य नियमावली, २०७७ बनेर आएको छ । विद्यमान ऐन कानुन भए पनि कार्यान्वयनको पाटो कमजोर छ ।
- बीमा कार्यक्रमले एक लाख सम्म खर्च धान्ने भनिएको छ । तर सेवाग्राहीहरुले खर्चिलो औषधी किन्नुपर्छ । सबै औषधीहरु बीमाले समेट्दैन । बीमाले खामेसम्मको औषधी बीमाबाट दिनु पर्ने आमधारण छ । तर त्यो बीमाको दायरामा परेको छैन ।

## विकास निर्माण, बजेट र समन्वय

- दमक नगरपालिकाले नगरको विकासका लागि २० वर्षे नगर विकास योजना तयार पारेको छ । यहाँको कार्यपालिकामा विभिन्न विधागत समितिहरु कार्यरत छन् । दमकको भूगोल, जनसंख्या, विपदको जोखिम, वातावरण लगायतका विभिन्न आधारहरु हेरेर वडामा बजेट पठाइन्छ । बजेटमा उल्लेख गरिएका योजना बाहेक वर्षको मध्यमा नयाँ योजना ल्याउने अभ्यासलाई बन्द गरिएको छ ।
- संघीय कानुन अनुसार टेण्डर प्रक्रिया गरिएको छ । जनश्रमदानको प्रचलन समाप्त भएको छ । पहिला उपभोक्ता समितिले ५० प्रतिशत र पालिकाले ५० प्रतिशत व्यहोर्ने नियम थियो । अहिले उपभोक्ता समितिले २० प्रतिशत लागत साझेदारी गरिएको छ । टेण्डरमा घटाघट प्रक्रियाका कारण धेरै घटेर टेण्डर लिने अनि ठेक्का पाएपछि काम नहुने र भएको काम गुणस्तरीय नहुने कारण स्थानीय जनस्तरबाट समेत प्रश्न आएको छ ।
- वस्ती विकास, प्लटिङ्ग कार्यविधिहरु कार्यान्वयनमा छन् । यसबाहेक भूउपयोग सम्बन्धी कानुन ल्याउनका लागि नगरपालिकाले तयारी गरिरहेको छ । यसमा छलफलको आवश्यकता देखिएको छ । भूउपयोग नीतिमा भूमिलाई त्यसको विशेषताको हिसाबले वर्गीकरण गर्ने काम सहज भए पनि पालिकाको कुनै क्षेत्रलाई कृषि क्षेत्र घोषित गर्न भने गाह्रो हुने देखिएको छ । जग्गाको मूल्याङ्कन लगायतका कारण स्थानीयहरुमा आफ्नो जमिन कृषि क्षेत्र घोषित नहोस् भन्ने मनस्थिति छ ।
- वि.सं. २०७२ को भूकम्प पछि धेरै घरधनीहरुबाट भूकम्पको जोखिम रहित घरका बारेमा चासो व्यक्त भएका थिए । तर भूकम्पको पराकम्प हराउँदै गएपछि आम मानसिकता फेरि पुरानै अवस्थामा पुगेको देखिन्छ । घरहरुमा तला थप्न रोक्दा पनि यसको कार्यान्वयनको पाटोमा समस्या छ । विपद् व्यवस्थापन जोखिममा जनचेतनाको आवश्यकता छ । खोला किनारमा घर बनाएर वर्षामा निस्कने हिउँदमा फेरि बसाइँ आउने चलन देखिन्छ । जोखिम व्यवस्थापनमा तयारी र सचेतनाको कार्यक्रमहरु गर्न सकिएको छैन । जनतालाई विकल्प विनाको रोजाई लागु गर्नु हुँदैन । कार्यान्वयनमा जाँदा नियमन र अनुगमन नियमित हुनुपर्छ । त्यस्तो अनुगमनबाट आएका प्रतिवेदनहरु बमोजिम सुधार र पूनः कार्यान्वयन गराउने व्यवस्था हुनु पर्दछ । राम्रो गर्नेलाई प्रोत्साहन तथा कानुन मिच्नेलाई दुरुत्साहनको प्रणाली बनाउनु पर्ने देखिन्छ । यस सम्बन्धमा गर्ने कुरा धेरै छन् ।
- लगानी साझेदारसँगको सम्बन्धको विषय पेचिलो छ । निजी क्षेत्रलाई कसरी विकासको साझेदार बनाउने भन्ने विषय छ । बजेटलाई कनिका छरेजस्तो खर्च गरिएको अवस्थामा सुधार गर्दै कामहरु पूर्ण सम्पन्न हुने गरी बजेट व्यवस्था गर्ने अभ्यास सुरु गर्न प्रयत्न गरिँदै छ ।

## न्यायिक समिति

- न्यायिक समितिले गर्ने कामकारबाहीहरुमा न्यायको धारणा छोड्न मिल्दैन । राजनीतिक आग्रह-पूर्वाग्रह नराखी न्यायिक समितिले कार्य गर्दा राम्रो हुन्छ । विभिन्न संघसस्थाहरुले मेलमिलाप तथा न्यायिक समितिका कार्यहरुका बारेमा तालिमहरु सञ्चालन गरेका छन् । कानुनी प्रशिक्षण अझै आवश्यक छ ।
- पहिला वडामा जनप्रतिनिधिहरु नै मेलमिलापकर्ताका रुपमा रहन्थे । त्यस्तो हुँदा सेवाग्राहीहरुले हुलहुज्जत गरेर आफ्नो पक्षमा निर्णय गर्न दवाब दिने प्रवृत्ति रहेको थियो । हाल सूचीकृत मेलमिलापकर्ताहरु राखिएका छन् । मेलमिलापको कार्यक्रमले अदालतबाट निर्णय भएर पनि कार्यान्वयन नभएका विषयहरुलाई समेत कार्यान्वयन गराएको छ । प्रहरीले मेलमिलापको विषय वडामै पठाउने प्रतिबद्धता गरेको छ । दमक नगरपालिकामा आउने एउटा मुख्य विवाद भनेको बजार क्षेत्रका कोठा, सटर खाली गराउने विषय हो ।
- मेलमिलाप गर्दा पीडितले विश्वास गर्ने व्यक्तिलाई मेलमिलापकर्ता नियुक्त गरेर प्रक्रिया अघि बढाउँदा प्रभावकारी हुने देखिएको छ । न्यायको आशामा आउने सेवाग्राहीहरु न्यायिक समितिमा आइसकेपछि यसले केही न केही गरी समस्या समाधान गरोस् भन्ने अपेक्षा गर्दछन् । तर सबै परिस्थितिमा त्यस्तो गर्न सकिएको छैन । तथापि न्यायिक समितिले केही सहयोग गरिदिन सक्ने अधिकार भए जनअपेक्षा केही मात्रामा भए पनि पूरा हुने थियो । मेलमिलापलाई नै बढी प्राथमिकता दिइएको छ । माना चामलको विषयमा न्यायिक समितिले न्यायिक निरोपण गरेको थियो । पछि अर्को पक्ष अदालतमा पुनरावेदनमा गएको थियो । न्यायिक समिति स्थलगत रुपमा पनि जाने गरेको छ । लेनदेनको सहमति पालना नहुँदा नेपाल प्रहरीको सहयोग लिइएको छ । अदालतमा मुद्दा चलेको सन्दर्भमा समितिमा आउँदा दर्ता गरेर अदालतमा मिलापत्रमा पठाइएको पनि छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- महिलाहरुलाई सक्षम र आत्मनिर्भर बनाउन सहयोग गर्न नगरपालिकाले केही कार्यक्रमहरु गरेको छ । पहिला औपचारिक कार्यक्रम सञ्चालन गरिन्थ्यो भने हाल त्यस्ता आत्मनिर्भरताको तालिमलाई व्यवहारिक कार्यक्रमको रुपरेखामा सञ्चालन गरिएको छ । महिलाको आर्थिक आय आर्जनका लागि सिलाई बुनाई लगायतका कार्यक्रम छ । महिलाहरुलाई सेनिटरी प्याड वितरण गर्ने कार्यक्रम, महिला रोजगार कार्यक्रम पनि सञ्चालनमा रहेको छ ।
- नगरपालिकाले महिलाका लागि बजेट छुट्याएको छ । सोही छुट्याएको बजेटमा गैरसरकारी संघ संस्थाले कार्यक्रम बनाई पालिकासँग बजेट लिएर पनि कार्यक्रम गरिरहेका छन् । दलित समुदायका लागि चूल्हो वितरण एवम् शौचालय निर्माण तथा सुरक्षित आवास कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा छ ।

- संविधानले महिला, दलित, जनजाति लगायत समुदायको प्रतिनिधित्वका लागि राखेको प्रावधानका कारण नगरसभामा उपरोक्त समुदायको प्रतिनिधित्व सुनिश्चित भएको छ। कानुन निर्माणका क्रममा र नगरपालिकाको बजेट निर्माण तथा विकास निर्माण लगायतका कार्यक्रममा आफ्ना कुराहरु राख्न पाइने वातावरण बनेको छ। सबै विषय सम्बोधन हुन नसके पनि कैयन् विषयहरु सम्बोधन हुँदैछन्।
- सभामा दलित समुदायको प्रतिनिधित्व भएको छ। तथापि, दमक नगरपालिकाका दलित प्रतिनिधिहरुले अनुभूति गरेको कमजोरी भनेको दलित समुदायका लागि उठाउनु पर्ने मूल एजेण्डाहरु के के हुन् भनी पहिचान गर्न नसकिएको भन्ने हो। सभा तथा कार्यपालिकाको निर्णय हुनु अघि सोको विषयवस्तु अध्ययन गरेर मात्रै निर्णय गर्नुपर्ने हो। लैङ्गिक र बालबालिका सम्बन्धी हिंसाले जति आवाज पाएको छ, जातजातिका आधारमा हुने विभेदले पनि त्यतिकै प्राथमिकता पाउनु पर्दछ भन्ने सोचाई दलित समुदायका सदस्यहरुको छ।

## २. कलैया उपमहानगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तह

- नेपालको संविधान तथा संघीय ऐनहरुले सुनिश्चित गरेका हक अधिकारहरु उपमहानगरपालिकाले सकेसम्म प्रयोग गर्ने प्रतिबद्धता राख्दछ। यसका लागि निरन्तर कार्यरत छ। सहयोग पनि लिइरहन चाहन्छ।
- प्रदेश सरकारसँग समन्वय हुन सकेको छैन। समन्वय गर्ने कडी पनि बनेको छैन। पालिकामा प्रदेशको कार्यक्रम सञ्चालन हुँदा समेत जानकारी हुँदैन। यसले गर्दा पालिका र प्रदेशका कार्यक्रमहरुमा दोहोरोपना (डुप्लिकेसन) को समस्या देखिएको छ। जिल्ला समन्वय समितिले पनि यो विषयमा प्रभावकारी भूमिका खेल्न सकेको छैन।
- पालिकाहरुले संघ र प्रदेशबाट अझै बढी बजेट नपाएसम्म विकास निर्माण कार्य सहज छैन। प्रदेशसँग विभिन्न विकास निर्माणका विषयमा छलफल भए पनि कुनै पनि योजना आउन सकेको छैन।

### स्थानीय कानुन निर्माण र कार्यान्वयनको विषय

- स्थानीय ऐन तथा नियमावलीहरु बनाउन सहज छैन। संघमा स्रोत, साधन, जनशक्ति, विज्ञता सबै रहेको हुन्छ। तर पालिकामा यी सबै जुटाउन गाह्रो छ। कानुन बनाउने अधिकार भए पनि त्यस्ता सुविधाहरु नहुँदा चाहेका धेरै कानुनहरु बनाउन सकिएको छैन। स्थानीय कानुन लागु भएर प्रयोगमा आएपछि सुधार गर्दै लैजाने विषय पनि रहेको छ। प्रमुख प्रशासकीय अधिकृत चाँडो-चाँडो परिवर्तन हुने अवस्थाले

प्रशासनिक कार्यमा कठिनाई हुने गरेको छ । कलैया उपमहानगरपालिकामा पनि यो समस्या रहेको छ ।

- कलैया उपमहानगरपालिकाले अहिले इरिक्साको नम्बरिङ्ग गर्ने, यातायात सम्बन्धी निर्देशिका निर्माणका लागि तयारी गर्दैछ । नगर प्रहरी सम्बन्धी कार्यविधि बनेको छैन । एफ.एम. सञ्चालन अनुमति सम्बन्धी विषयमा कानुन बनाइएको छ । सडक विस्तार गर्न क्षतिपूर्ति लगायतका विषयहरुमा समस्या देखिएको छ ।
- कलैया उपमहानगरपालिका वीरगञ्ज महानगरपालिका भन्दा पुरानो नगरपालिका भए पनि यसको संस्थागत संरचनाहरु अझै सबल र व्यवस्थित हुन सकेको छैन । नयाँ पालिकाहरुमा पुनर्संरचना गर्न सहज भए पनि पुराना पालिकाहरुका आफ्नै जटिलताहरुका कारण केही गाह्रो छ ।
- नगरपालिकाले शिक्षाको विकासमा जोड दिएको छ । सरकारी विद्यालयहरुको गुणस्तर सुधारका लागि कार्यहरु सुरु गरिएको छ । यहाँको नगवा कालिका मा.वि. मा ७,६०० विद्यार्थी पढ्दछन् । त्यसमा २०० जना निजी स्रोतका शिक्षकहरुको बन्दोबस्त गरिएको छ । त्यस्तै शान्ति नव मा.वि. मा ३,७०० विद्यार्थीहरु अध्ययन गर्दछन् त्यहाँ १०० जना शिक्षकहरु निजी स्रोतबाट व्यवस्था गरिएको छ । विद्यालयको गुणस्तर र शैक्षिक पूर्वाधारका लागि आवश्यक जनशक्ति, पूर्वाधार तथा प्रविधिहरुका लागि स्रोतको व्यवस्थापन गर्ने चुनौती पनि छ ।
- भावी रणनीतिक योजना र आवश्यक कानुनहरुको अध्ययन र सो अनुसार नयाँ कानुन पारित गर्ने विषयमा धेरै काम हुन सकेको छैन । ठूला विकास निर्माणमा प्रदेशसँग व्यक्तिगत सम्पर्कको आधारमा कार्य गराउनु पर्ने अवस्था छ । संस्थागत औपचारिक सम्पर्क संयन्त्रको अभाव छ ।
- स्थानीय तहले कर्मचारी नियुक्त गर्दा चिनजानका व्यक्तिहरु भर्ना गर्न खोज्दा नगरपालिकाले आफ्नो आवश्यकता अनुसारको योग्यता र क्षमता भएका कर्मचारीहरु पाउन सकेको छैन । स्थानीय तहमा दक्ष कर्मचारी नियुक्त गर्न स्थानीय मापदण्ड बनाएर नजाँदासम्म यसले विकृतिको रुप लिइरहने छ । केही कर्मचारीहरुमा भाषागत समस्या पनि छ । स्थानीय भाषा नजान्दा जनसरोकार बढी हुने कार्यालयमा अप्ठ्यारो पर्नु स्वभाविक हो । नगरपालिकालाई आवश्यक कर्मचारीको अभाव पनि सँगसँगै छ ।
- संघीय मापदण्डमा बनेका नमुना कानुनले स्थानीय परिवेशलाई समेट्न सकेको छैन । आवश्यक जनशक्ति, स्रोत लगायत कारणले पालिकाहरु आफैंले आफ्नो आवश्यकता बमोजिमका कानुन बनाउन सक्षम भइसकेका छैनन् । संघीय तथा प्रदेश सरकारको सहयोगको अपेक्षा छ ।

## स्थानीय व्यवस्थापिकाका रूपमा नगरसभा

- सभामा समिति प्रणाली छ । तर यसका समितिहरु प्रभावकारी हुन सकेका छैनन् । स्थानीय ऐन कानुनहरु बनाउने विषयमा नगरसभा सदस्यहरुले संविधानले परिकल्पना गरेजस्तो भूमिका निर्वाह गर्न सकेका छैनन् । कलैया

उपमहानगरपालिकामा कार्यपालिकाको समितिले बैठक बसेर छलफल गरी बनाएको ऐनको मस्यौदामा कार्यपालिकामा छलफल हुन्छ। कार्यपालिकाले उपरोक्त मस्यौदामा आवश्यक सुधार तथा परिमार्जनहरु गरेर नगरसभामा पारित गर्न पठाउने गरेको छ। सभामा सो मस्यौदा विधेयकमा छलफल हुन्छ। सभा सदस्यहरुलाई प्रोजेक्टरमार्फत मस्यौदाका प्रावधानहरु देखाएर जानकारी गराइन्छ र त्यसपछि उक्त मस्यौदालाई नगरसभाबाट पारित गरिने गरिएको छ।

- कलैया नगरसभाले एक पोखरीको ठेक्कामा अमूक व्यक्तिलाई कोरोना महामारीका कारण असर परेको भन्दै नगरपालिकालाई बुझाउनु पर्ने रकम मिनाहा गर्ने निर्णय गरेका कारण कार्यपालिकाले गर्ने कामहरुमा नगरसभाले निर्णय गर्दा उक्त विषयमा कानुनी दुविधा भएको छ। कानुनी प्रचलन के हो भन्ने तथ्य पनि बुझाउन गाह्रो भइदिने अवस्था देखिएको छ।
- संसदीय अभ्यास राम्ररी गर्न सकिएको छैन । सभाको कार्यसञ्चालनको नियम बमोजिम बैठकमा छलफल गर्नु ३ दिन अघि कानुनको मस्यौदा नगरसभा सदस्यहरुलाई उपलब्ध हुने गरेको छैन। यसमा प्रयास गर्नुपर्ने अवस्था छ।

## सुशासन

- कलैया उपमहानगरपालिकाले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेको छ। वडामा भएको काम नगरपालिकाले वास्तविक समयमा हेर्न सक्ने गरी समन्वय गर्ने संरचना तयार गरिँदै छ। शिक्षामा विद्यालयहरुको हाजिरी, विद्यार्थीहरुको विवरण अनलाइन हेर्न सकिने गरी तथ्यांक संकलन गरिसकिएको छ। तर कोरोना महामारीका कारण त्यस्ता तथ्यांकहरुको उचित प्रयोग गर्न सकिएको छैन। सुशासनको विषयमा स्थानीय नागरिक समाजहरुको चासो र सहभागिता कमजोर भएका कारण सन्तुलन र नियन्त्रण कमजोर भएको छ। कर्मचारी व्यवस्थापनमा केही महिनामै प्रमुख प्रशासकीय अधिकृतको सरुवा हुने कारणले गर्दा नगरपालिकाको संरचनागत तथा संस्थागत विकासलाई अत्यन्तै प्रभावित गरेको छ।
- महालेखा परीक्षकको सुझावहरुका आधारमा बेरुजुको समस्यामा केही सुधार भने भएको छ। पालिकाले कानुन अधिकृतको आवश्यकता महसुस गरेको र कानुन अधिकृतसँग राय गरेर कार्यपालिकाको कार्यहरु सम्पादन गर्दा पालिका विरुद्ध पर्ने मुद्दाहरुमा केही कमी आएको छ।

## विकास निर्माण, बजेट र समन्वय

- आर्थिक विकास, स्रोत अनुमान तथा राजस्व परामर्श तथा बजेट अनुमान समितिले नगरको बजेटको प्रारम्भिक खाका ल्याउँछ। उक्त खाकालाई कार्यपालिकामा छलफल गरी नगरसभामा स्वीकृतिका लागि पठाउनु अघि अन्तिम रुप दिइन्छ।
- कलैयाको पूर्वाधार तथा विकास निर्माण कार्यमा गत वर्ष कोभिड महामारीले धेरै असर गरेको थियो। त्यसबेलाका योजनाहरु अहिलेका लागि सारिएको छ। विगत ३ वर्षमा कलैया उपमहानगरपालिकाको विभिन्न सांस्कृतिक सम्पदाहरुमा लगानी

गरिएको छ । खेलकूद रंगशाला बनाएर खेलकूल क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यपालिकाको योजना छ । सातवटा वडाहरुमा स्वास्थ्य चौकीहरु निर्माण गरिएका छन् । सडक विस्तार तथा सहरीकरणको योजनाहरु बनेका छन् । यस अवधिका लागि योजना गरिएको पक्की सडक र नालाहरु बनाउने कार्यक्रम लगभग ६० प्रतिशत सम्पन्न भइसकेको छ ।

- संघ सरकारले दशकौं पुरानो मापदण्डमा कुनै परिमार्जन नगरी वीरगञ्जबाट कलैया हुँदै गढीमाई पुग्ने सडक निर्माण गर्दा त्यसले सुरक्षित सडकाको अवधारणा एवम् भविष्यको स्थानीय आवश्यकता पूरा गर्न सक्ने देखिँदैन । स्थानीय रुपमा निर्माण कार्य गर्दा संघ तथा प्रदेश सरकारले स्थानीय आवश्यकताका बारेमा स्थानीय पालिकाहरुसँग समन्वय गरेमा बनेका पूर्वाधारहरुको उपादेयता बढी हुने हुन्छ ।

## न्यायिक समिति

- कलैया उपमहानगरपालिकाको न्यायिक समितिको इजलास निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।
- उपमहानगरपालिकामा आउने सबै विवादहरु मेलमिलापको माध्यमबाट समाधान गरिने गरिएको छ । न्यायिक निरुपण गर्न पालिकामा अझै तयारी तथा योग्यता पुगिसकेको अवस्था छैन । अहिलेसम्मको अवस्थामा न्यायिक निरुपण गर्नुपर्ने अप्ठ्यारो विषयहरु अदालतमा जाने गरेको छ । मेलमिलाप केन्द्र बनेपछि विगत ६-७ महिनामा धेरै विवादहरु मेलमिलापका माध्यमबाट समाधान गरिएको छ । मेलमिलापकर्ताहरुमा महिला तथा पुरुष मेलमिलापकर्ताहरु लगभग बराबरी संख्यामा रहेका छन् । हालसम्म १९२ मेलमिलापकर्ताहरुलाई प्रशिक्षण प्रदान गरिसकिएको छ । मेलमिलापको कार्यक्रम राम्रै चलेको छ । घरायसी झैझगडा, आली काँटछाँट, बहुविवाह लगायतका विवादहरु बढी आउँछन् । महिला हिंसाका घटनाहरु हुने गरेता पनि न्यायिक समितिसम्म धेरै कम घटनाहरु मात्र आएका छन् ।
- उपप्रमुख सहितको न्यायिक समितिलाई न्यायिक निरुपणको विषयमा निर्णय गर्ने अधिकार त छ । तर कलैया उपमहानगरपालिका त्यस्तो निर्णयको कार्यान्वयन गर्न नगर प्रहरी परिचालन गर्न सक्ने अवस्थामा अझ पनि छैन । वडाको प्रतिनिधि, प्रशासन कार्यालय तथा अदालतहरुले अझै पनि न्यायिक समितिको क्षेत्राधिकार भएको विषयमा आफैंले विवादहरु हेर्ने गरेको छ । तसर्थ न्यायिक समितिको क्षेत्राधिकार भएको विषय अन्य निकायमा आएमा त्यसलाई पालिकाको न्यायिक समितिमा नै पठाउने विषयमा सहमति गर्न कलैया उपमहानगरपालिकाले उपरोक्त निकायहरुसँग बैठक गर्न लागेको छ ।
- न्यायिक समितिलाई वर्तमान कानुन अधिकृतको विज्ञताले केही प्रक्रियागत फाइदा भएको छ । न्यायिक समितिका सबै तीन सदस्यहरुको बैठक हुन सकेको छैन । न्यायिक निरुपणको पाटोलाई राजनीतिक आस्था, जातीयता लगायतका विषयले अप्रभावकारी र कमजोर बनाएको छ । न्यायिक समितिले अदालत र अन्य अर्द्धन्यायिक निकायसँग छलफल गर्ने र सम्बन्धित निकायको क्षेत्राधिकारको विषयका विवादहरु

आफूले नहेरी सम्बन्धित निकायमा नै सिफारिस गर्न नगरपालिकाले सबै निकायहरुसँग समन्वयको तयारी गर्दैछ । संघीय प्रहरीसँग स्थानीय पालिकाले कसरी समन्वय गर्ने भन्ने विषय पनि छ । न्यायिक समितिमा उपस्थित हुन बोलाइएका व्यक्ति नआउँदा प्रहरीको सहयोग नभएको अवस्थामा न्यायिक समिति प्रभावकारी हुन सक्दैन । न्यायिक समितिको सदस्यमा वडा अध्यक्षहरुलाई राखिँदा कार्यबोझ बढी भएर समितिको प्रभावकारितामा असर पारेको छ ।

- मेलमिलापकर्तालाई *एडभान्स* तालिमको आवश्यकता छ । फौजदारी तथा देवानी प्रकृतिका मुद्दाहरु न्यायिक समितिमा आउँदा के गर्ने भन्ने विषयमा अझै स्पष्ट हुन सकेको छैन । कहिलेकाहीँ अदालतमा विचाराधीन रहेको मुद्दा समेत न्यायिक समितिमा आउँछ । त्यस्तोमा के गर्ने भनेर अलमल हुने गर्छ ।
- प्रहरी प्रशासनले न्यायिक समितिको क्षेत्राधिकारका विषयका मुद्दाहरु अझै पनि आफैंले हेर्न छाडेको छैन । न्यायिक समितिले पक्ष विपक्षलाई बोलाउँदा नआउने समस्या पनि छ । समितिसँग प्रहरी जनशक्ति नहुँदा उपस्थित गराउन समेत समस्या छ । प्रशासनले पैसाको चलखेलमा पीडित पक्षलाई अन्यायपूर्ण निर्णयहरु पनि गर्ने गरेको गुनासो कतिले गरेका छन् ।
- न्यायिक समितिलाई यसको अधिकार र जिम्मेवारीहरुका सम्बन्धमा अदालतका न्यायाधीशहरुले सहजीकरण र छलफल गर्न सकेमा राम्रो हुने थियो । जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय तथा न्यायिक समितिले आफ्नो क्षेत्राधिकारका विषयमा छलफल गरेर स्पष्ट हुन तथा एक अर्कासँग कसरी समन्वय गरी जनतालाई प्रभावकारी रुपमा न्याय प्रशासन गर्ने भन्ने बारेमा एकै प्रकारको धारणा बनाउनु पर्ने आवश्यकता छ ।
- सुरुवातमा उपप्रमुखको कार्य जिम्मेवारीहरुका बारेमा धेरै अस्पष्टताहरु थिए । अहिले समयसँगै कैयन् विषयहरुमा स्पष्टता आएको छ । कोभिड महामारीको कारण भएको लकडाउनको अवधिमा करिब २०० वटा जति विवादहरु आएकोमा करिब १८५ जति मुद्दाहरु फर्छ्यौट भएका छन् ।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- महिला, दलित, अल्पसंख्यक समुदायहरुका सम्बन्धमा दीर्घकालीन कार्यक्रमहरु सञ्चालन गर्न सकिएको छैन । विभिन्न गैरसरकारी संघसंस्थाहरुको समन्वयमा केही दिने अभिमुखिकरण कार्यक्रम तथा तालिमहरु भने हुने गरेको छ । गत वर्ष बाल यौन दुर्व्यवहारमा परेका बालबालिकाहरुको संरक्षणका लागि संयुक्त राष्ट्र संघीय बाल कोष (युनिसेफ) को सहयोगमा एक वर्षे कार्यक्रम भएको थियो ।
- महिला सदस्यहरुमा उत्साह छ । तर केही महिला सदस्यहरुको भनाईमा अधिकांश महिला सदस्यहरुको भूमिका निर्णयमा सही गर्ने भन्दा धेरै हुन सकेको छैन । कार्यपालिका सदस्यहरुलाई नगरप्रमुखले जिम्मेवारी नदिएको गुनासो महिला सदस्यहरुबाट आएको छ । यसै कारण पनि कार्यपालिकाका सदस्यहरुले स्थानीय तहमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको अनुभूति देखिन्छ । नगरसभा

सदस्यहरुलाई स्थानीय तहका सम्बन्धमा संविधान र कानुनले दिएका अधिकार तथा जिम्मेवारीहरुका सम्बन्धमा तालिमको अत्यन्त धेरै आवश्यकता छ। कार्यपालिकाका सदस्यहरुले कार्यपालिकाबाट पारित हुने निर्णयहरु पारित गर्न मत दिने गरेका छन्, तर उनीहरुले आफ्नो कुरा राख्न र आएका प्रस्तावहरुमा विचार व्यक्त गर्ने अतिरिक्त अवसर चाहन्छन् ।

- वडामा हुने विकास वडाका सदस्यहरु बीच भागवण्डाका आधारमा हुनु पर्दछ । नगरपालिकाका सदस्यहरुले वडामा जाने कार्यक्रमहरुको स्वीकृति गर्ने प्रस्तावमा हस्ताक्षर गर्छन् । वडामा गइसकेपछि वडा अध्यक्ष धेरै बलियो हुन पुग्छन् । अर्कोतिर जनप्रतिनिधिहरुलाई काम गर्न आवश्यक सुविधाहरु पनि कटौती भएको छ । पहिले वडाबाट आउने भत्ता समेत आउन छाडेको छ ।
- नगर प्रमुख तथा कार्यपालिकाबाट नगरकार्यपालिका तथा नगरसभा सदस्यहरुको के-के अधिकारहरु हुन्छ भनेर स्पष्ट पार्ने प्रयत्नहरु भएको छैन । कार्यपालिकाका सदस्यहरु माफ अधिकार तथा जिम्मेवारीहरुको बाँडफाँट पनि राम्ररी हुन सकेको छैन । कार्यपालिकाले समूहगत निर्णय गर्छ । तर महिला कार्यपालिका सदस्यहरुलाई बेग्लै अधिकार छैन भनेर भनिन्छ । नगरसभामा पनि महिला आवाज संगठित छैन । कहिलेकाहीँ बोल्ने अवसर पनि प्राप्त हुँदैन ।
- वडा अध्यक्षहरुले बजेट चलाउँछन् । कार्यक्रमका लागि महिला सम्बन्धी बजेट महिला सदस्यले माग्दा पनि पाइएको छैन । आश्वासनहरु धेरै भए पनि समय बित्दै गएको छ ।
- विगत ३ वर्षको अनुभवहरुका आधारमा महिला सदस्यहरु आफ्ना अधिकारहरुका बारेमा क्रमशः जानकार त भएका छौं, तर प्रयोग गर्न पाइएको छैन । दलित, अल्पसंख्यक लगायतका लक्षित वर्गका लागि पालिकाले कुनै दीर्घकालीन कार्यक्रम तयार गर्न सकेको छैन । नगर प्रमुख र उपप्रमुखहरु बीच मात्र छलफल गरी कार्यक्रम गरिएको छ । यो प्रक्रिया सहभागितामूलक हुन सकेको छैन ।
- लक्षित वर्ग कार्यक्रम नियमित र निरन्तर छैन । केही दिने छोटो अभिमुखिकरण तालिमहरु यदाकदा भए पनि दीर्घकालीन कार्यक्रमहरु छैनन् । महिला, बालबालिका सम्बन्धी कार्यक्रमहरु हुन सकेका छैनन् ।
- मदर्सा शिक्षाको गुणस्तर सुधार गर्न लगानी गरिएको छ । पालिका धेरै मदर्साहरुका विद्यार्थीहरुलाई आजको आवश्यकता अनुसारको शिक्षा प्रदान गर्न प्रयासरत छ । परम्परागत शिक्षा बाहेक विद्यार्थीको क्षमता विकासमा सघाउ पुग्ने शिक्षा दिन सकियोस् भन्ने योजना हो ।
- मुस्लिम समुदायको महिला उपप्रमुख भएका कारण मुस्लिम समुदायको विवाह सम्बन्धमा नगरपालिकाको न्यायिक समितिमा विवादहरु आउन थालेका छन् । न्यायिक समितिले कार्यक्रमहरु गर्न तथा क्षमता विकास गर्न बजेट पर्याप्त छैन । यस भेगका महिलाहरुलाई सामाजिक सांस्कृतिक पक्षका कारणबाट पनि अगाडि आउन विशेष कार्यक्रमहरु चाहिन्छ ।

## ३. भीमेश्वर नगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तह

- संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध ऐन आए पनि सहजीकरणको विषयमा अझै काम हुन सकेको छैन । प्रदेशले स्थानीय अधिकार क्षेत्रमा बढी अवरोध गरेको छ । सिंहदरबारको अधिकार गाउँमा पुगेको भनिए पनि अधिकारको विषयमा स्पष्ट नभइदिँदा जनअपेक्षा अनुसार काम गर्न सकिएको छैन । प्रदेश सरकारसँगको समन्वयको विषय जुन र घाम जस्तो देखिएको छ । कुनै स्थानीय तहप्रति प्रदेशको मन्त्रीहरु पूर्वाग्रही हुँदा स्थानीय तहले त्यसको असर भोग्नु परेको छ ।
- प्रदेश सरकारले कुनै योजना स्थानीय तहसँग सरकार-सरकार तह (जिटुजी) प्रक्रियाबाट गर्न नहुने तर निजी तथा गैरसरकारी संस्थालाई दिन सक्ने अभ्यास बनाएको जस्तो छ । स्थानीय सरकारले प्रदेश सरकारले दिन खोजेको योजनामा अन्य गैरसरकारी संस्थासँगै आवेदन दिएर प्रतिस्पर्धा गरी लिनुपर्ने गरी सूचना गरेको अवस्था पनि छ ।
- प्रदेश सरकारसँग बजेट छ, तर खर्च गर्न सक्ने क्षमता देखिएको छैन । स्थानीय सरकारसँग खर्च गर्न सक्ने क्षमता भए पनि पर्याप्त बजेट छैन । कार्यसम्पादनको स्तर र प्रदेशको प्रशासनिक खर्चको हिसाब हेर्दा प्रदेश सरकारको आवश्यकतामा प्रश्न गर्नुपर्ने हुन्छ । अहिले बजेट खर्च गर्न संघ सरकारबाट 'सूत्र' प्रणाली लागु गरिएको छ । सो बमोजिम सुरुमै बजेट छुट्याइएको योजना बाहेक अन्यमा खर्च गर्न पाइँदैन । तर वर्षको बीचमा योजनाका लागि प्रदेश सरकारबाट पैसाको व्यवस्था गर्दा त्यस्तो योजना लागु गर्न पाइँदैन । यो समस्यामा प्रदेश सरकारको ध्यान जान सकेको छैन ।
- संघ र प्रदेश सरकारलाई स्थानीय तहले स्थानीय रुपमा आवश्यक जनशक्ति लिँदा आफ्नै कार्यकर्ता भर्ना गर्ने भय हुन सक्छ । जबकी स्थानीय तहले गर्ने कामहरुलाई स्थानीय जनताले नजिकबाट निगरानी गरिरहेका हुन्छन् । यसकारण स्थानीय सरकारहरु स्थानीय जनताप्रति अझै जवाफदेही भई कार्य गर्नुपर्ने वातावरण छ ।
- अर्गनाइजेसनल निड एस्सेसमेण्ट सर्भे गरी दरबन्दी सूचना गर्दा प्रदेश लोकसेवा आयोगले स्थानीय तहको दरबन्दी पनि हेर्ने भएकाले माथिको पद खाली भए पनि दरबन्दी गर्न नसक्ने अवस्था आएको छ । यसका कारण स्थानीय तहले आवश्यक जनशक्ति लिन पाएका त छैनन् नै, रिक्त दरबन्दीमा आन्तरिक पदपूर्ति गर्न नसकिँदा कर्मचारीको वृत्ति विकासमा पनि असर परेको छ ।
- प्रदेश सरकारका निकायमा हिजो संघको अधिकार अब आफूमा निहित गरेर राख्ने भन्ने मानसिकता रहेको पाइन्छ । प्रदेश सरकारको सोही मनस्थितिका कारण स्थानीय तहले संविधान बमोजिमका आफ्ना अधिकारहरु निर्धक्क प्रयोग गर्न सकेका छैनन् ।
- संघको सरकारबाट स्थानीय तहका लागि आउने बजेट समयमै आउने गरे पनि प्रदेश सरकारले स्थानीय तहको बजेट समयमै स्थानीय तहमा पठाउन सकेको छैन ।

यस्तोमा प्रदेश सरकारबाट आउने बजेटको स्रोतबाट भुक्तानी गर्ने गरी लगाइएको कामको भुक्तानी गर्न समस्या भोग्नु परेको छ । ससर्त अनुदानको अधिकांश रकम शिक्षामै खर्च हुन्छ । यसबाट अन्य कार्यहरुका लागि बजेट पुग्दैन ।

- जिल्ला समन्वय समितिको समन्वयकारी भूमिकाको आवश्यकता छ । जिल्ला समन्वय समितिको गठन संरचनामा पनि समस्या छ । अहिलेको व्यवस्थाले स्थानीय तहको सदस्य रहेको व्यक्ति जिल्ला समन्वय समितिको अध्यक्ष, उपाध्यक्ष वा सदस्यको उम्मेदवार हुन योग्य हुने भनेको छ । तर पालिकाहरुमा सदस्यका रुपमा उम्मेदवार हुने व्यक्तिहरुको योग्यता लगायतको कारणले पालिकाले नै वहाँहरुबाट नीति निर्माण, कानुनका विषयमा सोचेजस्तो लाभ लिन नसकेको परिस्थिति छ । यस्तोमा जिल्ला समन्वय समितिमा जाने व्यक्तिहरुको योग्यता केही फरक भए संविधानले तोकेको जिम्मेवारी पूरा गर्न सहज हुन्थ्यो । अहिले पालिकाको सदस्यमा चुनिएका व्यक्ति पछि जिल्ला समन्वय समितिको अध्यक्ष हुने अवस्था हुँदा स्थानीय तहमा कहिलेकाहीँ पदीय हैसियतको समस्या पनि देखा पर्ने गरेको छ ।
- स्थानीय खेलकुद ऐन, सांस्कृतिक सम्पदा तथा व्यवस्थापन ऐन, निजी गुठी दर्ता सम्बन्धी ऐन, साझा अधिकारका रुपमा राखिएका विषयहरुमा स्थानीय तहलाई काम गर्न अझै अप्ठ्यारो छ । संघीय सरकारले स्थानीय तहको अधिकारहरुलाई राम्रोसँग सीमाबद्ध गर्न अझै सकेको छैन ।

## स्थानीय कानुन निर्माण र कार्यान्वयनको विषय

- नयाँ संविधान बमोजिम स्थानीय तह नयाँ संरचना नै हो । संघ र प्रदेश पनि २०७२ को संविधान अनुसार नयाँ नै हो । स्थानीय सरकारको सुरुवात गर्दा कार्यपालिकाको कार्य सम्पादन नियमावली र बैठक सम्बन्धी नियम समेत नभएको अवस्था थियो । निर्वाचित भएको वर्ष स्थानीय तहहरुका लागि जेठ १० मा कार्यभार सम्हालेर असारमा बजेट ल्याउनु सहज थिएन । यदि बजेट समयमै ल्याउन नसकेको भए स्थानीय तहहरु काम गर्न असक्षम भन्ने आरोप लाग्ने अवस्था थियो ।
- स्थानीय तहलाई कर्मचारी भर्ना गर्ने अझै अधिकार भइसकेको छैन । धेरै स्थानीय तहहरुमा कानुन अधिकृतको समेत दरबन्दी हुन सकेको छैन । प्रमुख प्रशासकीय अधिकृतले नै जानेसम्म स्रोत व्यक्तिका रुपमा सहयोग गरेको अवस्था छ । आफूलाई आवश्यक कर्मचारी नियुक्त गर्दा कानुन विपरीत हुने डर छ ।
- विभिन्न कठिनाई हुँदाहुँदै पनि भीमेश्वर नगरपालिका दोलखा जिल्लाको अगुवा नगरपालिकाको रुपमा रहेको छ । कतिपय स्थानीय पालिकाहरुले यहाँ बनेका कानुनहरुलाई सन्दर्भका रुपमा प्रयोग गरेर आफ्नो कानुन निर्माण गरेका छन् । भीमेश्वर नगरपालिकाले मदिरा नियन्त्रण सम्बन्धी विषय र स्थानीय विपद् व्यवस्थापनको विषयलाई नयाँ कानुन आवश्यक भएको स्थानीय विषयको रुपमा राखेको छ ।
- मन्त्रालयले वेबसाइटमा नमुना कानुन राख्ने काम गरे पनि सबै पालिकाहरुले एकै मापदण्ड बमोजिम काम गर्न गाह्रो छ । किनकी भौगोलिक अवस्था लगायतका

कारणले सडक सम्बन्धी, खोलाबाट बालुवा निकाल्ने सम्बन्धी मापदण्डहरु पालना गर्न सकिने अवस्था छैन । कानुनलाई नै सुधार गर्नुपर्ने अवस्था छ ।

- ढोरपाटन पालिकाले सुरुमा शिक्षा नियमावली बनाई लागु गर्दा ऐन नबनाई नियमावली बनाएर कार्य गर्न नहुने भनी अदालतले फैसला गरेको थियो । अहिले हामी सिक्दै गर्दै गरिरहेका छौं ।
- कानुनको मनसाय बुझ्ने व्यक्ति हुँदा कानुन बनाउन सहज हुने हुन्छ । तथापि कानुन व्यवसायी नै भएर मात्र पनि ऐन बनाउन सहज हुने भने होइन । कानुन बनाउने विषयमा अध्ययन, स्रोत, विज्ञता र सम्बन्धित विषयवस्तु लगायतका पक्षहरु पनि जोडिएर आउने हुँदा भीमेश्वर र अन्य पालिकाहरुले कानुन बनाउन सबै प्रक्रियाहरु पूरा गर्न गाह्रो भएको छ ।
- कानुन बनाउन विज्ञता लिन स्रोतको उपयोग गर्नुपर्ने हुन्छ । तर महालेखा परीक्षकले त्यस्तो खर्चलाई बेरुजु लेखिदिने गरेको कारण कानुन बनाउँदा विज्ञताको प्रयोग गर्न अर्को समस्या देखिएको छ । स्रोतको अभावमा कानुनको पृष्ठभूमि भएका मानिसलाई कानुन अधिकृत राख्न नसकिने अवस्था छ ।
- संस्थागत क्षमता जस्तो तालिम निर्धारणका आधार के हुन् भन्ने निक्यौंल गर्न कार्यपालिकालाई गाह्रो हुन्छ । समस्या बुझेको हुन्छ । तर ऐनमा राख्नु पर्ने र नियमावलीमा राख्नुपर्ने विषयहरुका बारेमा पर्याप्त ज्ञान हुँदैन । सार्वजनिक खरिद नियमावली बनाउने विषय पेचिलो छ । यसमा संघीय सार्वजनिक ऐन अनुसार स्थानीय तहले सिधै नियमावली बनाउन पाउने भनिएको छ । तर स्थानीय ऐन नबनाई नियमावली बनाउन सकिँदैन । संघीय ऐन बमोजिम स्थानीय ऐन बनाउँदा पछि संघीय ऐन संशोधन भएको स्थानीय तहले थाहा नपाउँदा स्थानीय ऐन चाहिँ बाझिन सक्ने सम्भावना उत्तिकै रहन्छ । बजेट बाँडफाँटमा स्थानीय तहले अझै पनि पर्याप्त बजेट पाएको छैन । स्रोत नहुँदा वास्तविक रुपमा कानुन निर्माण लगायत सबै अधिकार प्रयोगको अवस्था प्रभावित भएको छ ।
- लगभग २० वर्षपछि स्थानीय तहमा जनप्रतिनिधिहरु आएका हुन् । नयाँ संविधान बमोजिमको नयाँ संवैधानिक भूमिकामा आएका स्थानीय तहका जनप्रतिनिधिहरु यसै पनि कानुन निर्माणको हिसाबले संक्रमणकालमा काम गर्नु परेको छ । माथिबाट आउने स्थानीय तहका अधिकारहरु संघ र प्रदेश स्तरबाट अझै स्पष्ट भइसकेको छैन ।
- पहिलो वर्ष निर्वाचित जनप्रतिनिधिको सिकाइमै बित्यो । धेरै सिकाई अनुभवमा आधारित छ । संघ र प्रदेशले यस सिकाईलाई सैद्धान्तिक आधार निर्माण गरिदिनु पर्छ ।
- यसका साथै कर्मचारी र जनप्रतिनिधि बीच समन्वयको विषय पनि रहेको छ । दुई पक्ष बीच समन्वय नहुँदा तथा जनप्रतिनिधिको अपेक्षा र प्रक्रियाका बीच तालमेल नहुँदा पनि कानुन कार्यान्वयनको पाटोमा ढिलाई हुने गर्दछ ।

- भीमेश्वर नगरपालिकामा सार्वजनिक जग्गाहरु व्यक्तिको नाममा परेको अवस्था पनि छ। तर नगरपालिकासँग त्यस्तो जग्गाहरु व्यक्तिको नामबाट फिर्ता ल्याउने कानुनी क्षमता छैन।
- सिफारिस दिंदा वडा अध्यक्ष बाहेक अरुले पनि दिने व्यवस्था नहुँदा वडा अध्यक्ष वडामै बाँधिनु पर्ने अवस्था छ। अन्यथा सेवाग्राहीको काम प्रभावित हुन्छ। वडा अध्यक्षको वडामा बाहेक नगरपालिकामा पनि भूमिका हुने भएकाले यस्तो व्यवस्थाका कारण वडा अध्यक्षलाई समयको तालमेल मिलाउन व्यवहारिक कठिनाई परेको छ।
- जनचेतना अत्यन्तै आवश्यक छ। जनताहरुमा कानुन भन्दा पनि आफ्नो काम जसरी पनि होस् भन्ने स्थानीय मानसिकता छ। चाहना विपरीत भए भोट नदिने सम्मको चेतावनी आउँछ। खासगरी स्थानीय विवादको विषयमा यस्तो समस्या बढी देखिने गरेको छ। जनतालाई नागरिक शिक्षा पुगेको छैन। स्थानीय कानुन मानेर समाधानमा जानु भन्दा पनि जसरी पनि काम गर्दिनु पर्छ भन्ने सोच छ।
- सेवा प्रवाहका सम्बन्धमा ठूलो भूगोल भएको वडामा जनप्रतिनिधिलाई चुनौती छ। स्थानीय जनचाहना स्थानीय तहको हकमा धेरै ठूला छैनन्। तरपनि सो बमोजिम बजेट पर्याप्त पाउन सकिएको छैन।
- नगर प्रमुख र वडा अध्यक्ष फरक दलको हुँदा वैचारिक तथा राजनीतिक आस्थाको भिन्नताले पनि सम्बन्धलाई प्रभावित गरेको हुन्छ। अर्को तर्फ फरक दलका प्रतिनिधि नगरप्रमुखसँग आफूलाई चित्त नबुझेका कुरा राख्न बढी स्वतन्त्र महसुस गर्छन् भने एकै दलका जनप्रतिनिधिलाई यस्तोमा आफूले फरक मत राख्न बढी सोचविचार गर्नुपर्ने पनि हुन्छ। यस्ता कुरालाई व्यवस्थापन गर्न समूह निर्माण (टिम बिल्डिङ्ग) को तालिम चाहिन्छ।
- स्थानीय कर्मचारी करारमा राख्न मापदण्ड बनेको छैन। वडामा कर्मचारी फेरबदल (वडा सचिव) गरिरहने हुँदा वडा कार्यालयको सेवा प्रवाह र व्यवस्थापनमा असर पारेको छ।
- नगरपालिकाले कर वृद्धि गर्दा सुविधा प्रदान गरेको आधारलाई नहेर्दा जनताले त्यस्तो वृद्धिलाई न्यायोचित मान्न नसकेको देखिन्छ। पालिकाले राजस्व वृद्धि गर्ने नाममा सम्पत्ति करमा अत्याधिक वृद्धि गरेका कारण पालिकाका वासीहरुमा चर्को कर तिर्नुपरेको असन्तुष्टि छ।
- अहिले भीमेश्वर नगरपालिकाको प्राथमिकतामा ग्रामीण भेगमा सडक जोड्ने विषय प्राथमिकतामा रहेको छ।
- फोहरमैला व्यवस्थापन गर्न नसकेको अवस्था छ। फोहरमैलालाई प्रकृति अनुसार छुट्याएर प्रयोग गरी त्यसबाट आम्दानी गर्न सकिने र नगर पनि सफा राख्न सकिनेमा अहिले फोहर एकै स्थानमा फ्याँक्नुपरेको छ। यो विषयलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ।

## स्थानीय व्यवस्थापिकाका रूपमा नगरसभा

- नगरसभा संसदीय अभ्यासको पद्धति बमोजिम सञ्चालित हुन्छ । विधेयकहरु कार्यपालिकाको विधायन समितिमार्फत छलफल गरेर सभामा लगिन्छ । सभामा सदस्य र अध्यक्ष बसेर ऐनहरु पारित गर्ने कार्य गरिन्छ । तथापि मिनट लेख्ने पाटोमा कमजोरी छ । यसलाई अझै व्यवस्थित बनाउनु पर्ने छ । विधेयकहरुमा वडा अध्यक्षहरुले केही योगदान गरे पनि नगर सभाका सदस्यहरुबाट त्यो किसिमको भूमिका निर्वाह हुन पाएको छैन ।
- संविधानको व्यवस्था बमोजिम स्थानीय तहमा महिला, दलित लगायतको समुदायबाट भएको सहभागिताले समावेशितालाई बलियो बनाउनुका साथै उपरोक्त वर्गलाई अनुभवका आधारमा राज्यको प्रक्रियामा सशक्तिकरण गरेको छ । तथापि यसको अर्को पक्षका रुपमा नगरसभा सदस्यहरु सिक्ने प्रक्रियामा हुँदा उनीहरुको ज्ञान र अनुभव पालिकाले प्रयोग गर्न पाइसक्ने परिस्थिति नहुँदा त्यो विषयमा पालिकाले अभाव महसुस गरेको छ ।
- सुरुमा नमुना कानुनहरुमा टेकेर स्थानीय कानुन बनाइएको थियो । नगरपालिकाले दोस्रो वर्षबाट कानुन बनाउन सुरु गरेको हो । कानुन बनाएपछि कार्यान्वयन हुन नसकेमा कानुन प्रभावकारी हुन सक्दैन । कानुन बनाउने क्रममा पूर्ण रुपमा सहभागिता भएन । नगरपालिकामा पनि विषयगत समितिका सदस्य बाहेक बुँदागत छलफल हुन्न । सभामा झनै हुन्न । पछि कार्यान्वयन भएर आउँदा अप्ठेरो परे पछि सदस्यहरुले किन यस्तो कानुन आएको भनी प्रश्न गर्दछन् ।
- विधायन समितिमा विज्ञ राखेर मस्यौदा बनाइन्छ । वडा अध्यक्ष कार्यपालिकाको सदस्य हुने भएकाले कानुन निर्माणमा भएका छलफलहरुमा पनि सहभागी हुनुपर्ने हुँदा कानुनका विषयवस्तुहरुका बारेमा जान्ने अवसर प्राप्त हुन्छ । वडा सदस्यले जनप्रतिनिधिका रुपमा महसुस गर्न सकेका छैनन् । वडा सदस्यले कानुन बनाउँदा भूमिका खेल्न सकेका छैनन् । सभाबाट कानुन पारित गराउन आवश्यक हस्ताक्षर गर्ने कार्य मात्र भएको छ ।
- नगरसभाको परिकल्पना राम्रो छ । तर यसले सोचेको जस्तो गति लिन सकेको छैन । यस सम्बन्धमा नगरपालिकाले अझै राम्रो तयारी गर्नुपर्ने हुन्छ ।

## सुशासन

- योजना अनुगमनका हकमा ५ लाख सम्मका योजनाहरुको अनुगमन वडाले नै गर्ने र सो भन्दा बढीको योजनाको अनुगमन उपप्रमुखले गर्ने व्यवस्था गरिएको छ ।
- बजार अनुगमनलाई नियमित गर्न चुनौती छ । सबैलाई नियमानुसार एक समान गर्न नसकिएका कारण पनि प्रभावकारी रुपमा अनुगमन गर्न नसकिएको हो ।

## विकास निर्माण, बजेट र समन्वय

- पाँचवटा विषयगत क्षेत्र छुट्याएर सो अन्तरगत १८ वटा समिति संलग्न भई वस्तीहरुमा छलफल गरेर वडाहरुले आफ्नो वडाका लागि योजनाहरु ल्याउने अभ्यास छ। वडाबाट आएको योजनालाई बजेट अनुसार प्राथमिकीकरण गरी बजेट निर्माण गरिने अभ्यास छ। वडामा बजेट सीमा निर्धारण गर्दा भौगोलिक विकटता, क्षेत्रफल, क्षेत्रगत विकास, जनसंख्या लगायत आधारहरु पनि हेरिने गरिएको छ।

## न्यायिक समिति

- न्यायिक समितिको संरचनामा कानुन बुझ्ने व्यक्तिहरुको उपस्थिति नहुँदा न्यायिक समितिले आफ्नो कार्यक्षेत्रमा काम गर्दा दुविधा हुने गरेको छ । अहिले न्यायिक निरुपण कार्य नगरेर मेलमिलापलाई न्यायिक समितिको प्राथमिकता बनाइएको छ।
- न्यायिक समिति तथा अदालत बीच समन्वय हुन सकेको छैन । जिल्ला अदालतले न्यायिक समितिलाई न्यायिक कार्यको बारेमा अभिमुखिकरण गरेर प्रभावकारी बनाउन सक्ने अवस्था बन्न सकेको छैन।
- कतिपय अवस्थामा न्यायिक समितिमा निवेदन दिएर वडामा पठाउँदा सम्म ससाना विवादहरु मिलिसकेको हुन्छ। यसरी विवाद मिलिसकेपछि नगरपालिकाले विवादका पक्षहरुलाई उपस्थित हुने पत्र आएको हुन्छ। यस हिसाबले हेर्दा न्यायमा ढिलाई भएको भन्न सकिन्छ।
- जनप्रतिनिधिले न्यायिक निरुपण गर्ने विषय जनप्रतिनिधिको कार्य प्रकृति बमोजिम अप्ठेरो किसिमको छ। किनकी निरुपणको विषयमा मुद्दामा फैसला दिनुपर्ने र यस्तोमा एक पक्षको जित र अर्को पक्षको हार हुने हुँदा जनप्रतिनिधिका लागि मुद्दा निरुपण गर्ने अधिकार कार्यान्वयन गर्दा राजनीतिमा असर पर्ने अवस्था छ।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- नगरपालिकाले दलित विद्यार्थीलाई छात्रवृत्ति दिएको छ । सरकारी विद्यालयमा विद्यार्थीहरुको उपस्थिति सुनिश्चित गर्न दिवा खाजाको व्यवस्था पनि गरेको छ।
- नेवार समुदायले मनाउने परम्परागत जात्रापर्वहरु सञ्चालनमा वडावासीहरुले वडासँग सहयोगको अपेक्षा राखेका हुन्छन् । तर वडामा त्यसका लागि पर्याप्त बजेट नभएको अवस्थामा नगरपालिकाले थप बजेट नदिँदा वडावासीहरुको अपेक्षा पूरा गर्न गाह्रो परेको छ। नगरपालिकाले नेवार समुदायको जात्रा निस्कने बाटोलाई सम्पदा बस्तीको रुपमा पहिचान गरी सो बाटोको १०० मिटर भित्र पर्ने घरहरु निर्माण गर्दा अगाडिको मुख पुरातन शैलीमा निर्माण गर्नुपर्ने नियम बनाएको छ। यसरी बनाउँदा लाग्ने खर्चको ५० प्रतिशत खर्च नगरपालिकाले व्यहोर्ने गरी सम्पदा क्षेत्रको पहिचान जोगाउन प्रयास भएको छ।
- महिला र दलित भनेर सीपमूलक र आयमूलक आयआर्जनको कार्यक्रमहरु सञ्चालन गरिएको छ। केवल गोष्ठी प्रकारको कार्यक्रम मात्र नगर्ने निर्णय गरिएको छ।

## ४. वालिङ नगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तह

- प्रदेशसँग कहिलेकाहीँ समन्वयका लागि बैठक हुन्छ । तर समन्वय, सहकार्य र सहअस्तित्वको अवधारणालाई प्रदेश सरकारले अझै मनन गरिसकेको अनुभूति हुन सकेको छैन । राजनीतिक खिचातानीका कारण पालिकाको विकास निर्माणको कार्य प्रभावित हुने गरेको छ । जस्तो सिद्धार्थ राजमार्गमा बाटो विस्तार गरी पक्की सडक बनाइयो । तर राजनीतिक दल नमिलेकै कारण वालिङ नगरपालिको खण्डमा सडक पक्का गरी कालोपत्रे गर्ने काम हुन सकेको छैन । स्थानीय तहको विकासको जिम्मा स्थानीय तहलाई नै दिनुपर्ने हो ।
- स्थानीय सरकार सञ्चालन ऐनमा संघीय र प्रादेशिक ऐनसँग नबाझिने गरी कानुन बनाउने भन्ने व्यवस्थाले स्थानीय सरकारको स्वायत्ततालाई असर गरेको छ। यसलाई संशोधन गरेर संविधानसँग नबाझिने गरी भन्ने शब्द राख्दा स्थानीय सरकारलाई सहज हुने थियो । स्थानीय तहलाई प्रभावित गर्ने धेरै कानुन भएका कारण स्थानीय सरकारहरुलाई काम गर्न गाह्रो बनाएको छ । जनताका स्थानीय चासोचिन्ताका विषयहरुमा स्थानीय तहलाई पूर्ण अधिकार दिइनु पर्दछ । अनि मात्र स्थानीय सरकारहरुले अझ बढी प्रभावकारी रुपमा काम गर्न सक्नेछन् । स्थानीय तहमा अहिले समाहित गरिएको एउटा वडामा पहिला ४७ जना जनप्रतिनिधि बराबरको वडा पनि छ । वडामा वडा समितिको काम कारवाहीका लागि वडा समिति बैठक बस्ने बाहेक वडा समिति सदस्यको कार्य जिम्मेवारी छैन । वडा सदस्यको भूमिका नभएको गुनासो छ । अनुसूची ८ को अधिकार स्थानीय तहले प्रयोग गर्न पाउनु पर्छ भन्ने स्थानीय तहका सरकारको मनशाय भए पनि संघीय र प्रादेशिक तहका सरकारहरुमा आफूले दिएका अधिकार मात्र स्थानीय तहले प्रयोग गर्न पाउँछन् भन्ने मानसिकता देखिएको छ । स्थानीय सहकारीहरुको नियन्त्रण र अनुगमनको विषयमा पनि पालिकाले काम गर्नुपर्ने छ ।
- जिल्ला समन्वय समितिसँग बजेट नहुने भएकाले त्यो धेरै प्रभावकारी हुन सकेको छैन । स्रोत र साधन संघमा हुँदा त्यसको न्यायोचित वितरण हुन सकेको छैन । प्रदेशले स्थानीय तहका लागि बनाउने योजनाहरु पालिका स्तरमा जानकारीमा आउँदैन ।
- स्थानीय सरकार सञ्चालन ऐनमा भएको एउटा कमी भनेको नगरपालिकाका सदस्यहरुले कतिवटा बैठकमा अनुपस्थित हुन पाउने भन्ने व्यवस्था नहुनु पनि हो । यसले गर्दा बैठकहरुमा सदस्यहरु अनुपस्थित हुने समस्या छ ।
- प्रदेश सरकारमा संघबाट आउने बजेट स्थानीय तहमा प्रभावकारी रुपमा वितरण हुन सकेको छैन । प्रदेशले स्थानीय आवश्यकताका बारेमा स्थानीय तहसँग सहकार्य गरेर काम गर्नु पर्दछ । प्रदेश र पालिका बीचमा कामको *डुप्लिकेसन* छ । अहिलेको अवस्था हेर्दा संघ र स्थानीय तह मात्रै भए हुन्छ, प्रदेश नभए पनि हुन्छ कि ? भन्ने

सोचाई पनि देखिँदैछ । प्रदेशसँग समन्वयात्मक प्रणालीगत सम्पर्क हुन सकेको छैन । प्रदेशबाट स्थानीय तहको आवश्यकता बमोजिमको बजेट विनियोजन भएको छैन ।

- आर्थिक वर्ष सुरु हुँदा जेठमा संघको अनि प्रदेश र स्थानीय सरकारको बजेट आउँछ । तर यो पहिला स्थानीय बजेट बनेपछि प्रदेश र संघको बन्यो भने काममा दोहोरोपना नहुने र सहज हुने थियो । अहिले संघको योजना आइसकेपछि स्थानीय योजना बाभिएर आउने समस्या छ ।
- संविधानको स्थानीय तह सम्बन्धी व्यवस्थाहरु र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारले काम गर भन्छ । तर काम गर्ने ठाउँमा संघीय तथा प्रादेशिक ऐनहरुले स्थानीय तहको हात बाँधिदिएका छन् ।

## स्थानीय कानुन निर्माण र कार्यान्वयनको विषय

- १५ वटा स्थानीय ऐन तथा १७ वटा स्थानीय नियमावलीहरु बनेका छन् । एक गाउँ एक उत्पादन कार्यविधि, न्याय सम्पादन कार्यविधि, कोभिड राहत वितरण व्यवस्थापन कार्यविधि, आन्तरिक आय संकलन र ठेक्का सम्बन्धी व्यवस्था, १०० मेगावाट सम्मको एफएम रेडियो सम्बन्धी कार्यविधिहरु छन् ।
- नगरपालिकाले पालिकाको तथ्यांकहरु वेबसाइटमा दैनिक अद्यावधिक गर्दछ । यसका लागि एक वेब एप्लिकेसनको व्यवस्था पनि छ । इन्टरनेट सेवा प्रदायकसँग मिलेर पालिकाले विभिन्न स्थानमा निशुल्क वाइफाइको व्यवस्था गर्दैछ । १०० घरको एक टोल बनाई फोहरमैला व्यस्थापनमा वालिङले आफ्नो घर अघि आफैंले सफा गर्नुपर्ने नीति बनाएको छ । नगरपालिका महासंघसँग मिलेर दिशाजन्य लेदो व्यवस्थापन गरी मलको रुपमा उपयोग गर्ने संयन्त्र निर्माण भई सेवामा ल्याउन लागिएको छ । सबै वडामा हेल्थपोष्ट छ । कुखुरा, गाइवस्तु पालन लगायतमा सयौं फर्महरुले काम गरिरहेका छन् । त्यसबाट उत्पादित वस्तु खेर नजाओस् भनेर नगरपालिकाले सबै १४ वटै वडामा होल्डिङ कोअपरेटिभहरुको व्यवस्था गरेको छ ।
- बजार अनुगमन गर्दा विशेष दक्षता चाहिने वस्तुको अनुगमन गर्न गाह्रो हुने अनुभव भएको छ ।
- नगरपालिकामा विभिन्न दलका सदस्यहरु निर्वाचित भएका छन् । तथापि समग्र नगरपालिकाको विषयमा सबैजना एकठाउँमा बसेर काम गरिरहेका छन् । अनावश्यक मतमतान्तर छैन । संघबाट आवश्यक भए जति बजेट उपलब्ध हुन सके पुग्दछ । पूर्वाधारमा सडक पहुँच आवश्यक छ भनेर समिति बनाई त्यसमा कार्यपालिका कार्यरत छ । वालिङ नगरपालिका भित्र भएर जाने सडक सुधार गरेपछि पालिकाभित्र सडक दुर्घटनामा कसैको ज्यान गएको छैन ।
- नगर प्रमुख र उपप्रमुख बीच तादाम्यता हुँदा प्रभावकारी भएको छ । यदि उनीहरु बीच राम्रो समन्वय र सहकार्य नभएमा स्थानीय तहको कार्य प्रभावकारी हुन सक्ने थिएन ।

## स्थानीय व्यवस्थापिकाका रूपमा नगरसभा

- नगरसभा सञ्चालन सम्बन्धी भिडियोले नगरपालिकाको पालिका संवैधानिक तह भएको बुझाई बढेको छ । स्थानीय कानुनहरु राजपत्रमा प्रकाशन गर्न स्रोतको समस्या हुने अवस्था छ । किनकी एउटा ऐनका लागि राजपत्र प्रकाशित गर्न होस् वा पाँचवटाका लागि होस्, खर्च उत्तिकै लाग्दछ । यस्तोमा प्रमाणिकरण गरिएका कानुनहरु डिजिटल राजपत्रमा प्रकाशित गरी बेवसाइटमा राखिएको हो । वार्षिक रुपमा राजपत्र प्रकाशन गर्ने व्यवस्था छ ।
- वालिङले नगरसभामा संसदीय अभ्यास गर्ने गरेको छ । नगरसभामा सदस्यहरुले बोलेको अभिलेख गर्ने प्रणाली छैन । कानुन बनाउने उचित प्रक्रिया (ड्यू प्रोसेस) अहिले पनि पूर्ण रुपमा पालना गर्न सकिएको छैन । कार्यपालिकाले विधेयक बनाएर सभाको विधेयक समितिमा पठाउने गरिएको छ। नगरसभा सञ्चालन नियमावलीका विधिहरुलाई कार्यसूची बनाएर अपनाउने प्रयास भने हुँदैछ। नगरसभामा विधायिकी प्रक्रिया बुझ्ने कर्मचारी चाहिन्छ । स्थानीय ऐन बनाउँदा टिप्पणी आदेश उठाएर नगरसभालाई सूचना गरिन्छ। कार्यसूची र कार्यतालिका स्वीकृत गरेर सोही बमोजिम सभाको कार्यसूचीमा चढाइन्छ। सभामा पेश भएको मस्यौदामा संशोधन प्रस्तावहरु लिएर सोही बमोजिम संशोधन सहित स्थानीय कानुनहरु पारित गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय कानुनहरुमा तादाम्यता मिलाएर संशोधन गरिन्छ। सबै पक्षलाई समेटेर कानुन बनाइएको छ। कार्यपालिका तथा सभा दुवैमा समितिहरु छन् । पहिले सभामा प्रमुख अतिथि पनि ल्याइयो । तर पछि सभाको महत्व बुझेपछि सभाको मर्यादा बमोजिम बैठकहरु हुन्छन् । स्थानीय तह आफैंमा स्वायत्त तह हो भनेर बुझिसकिएको छ । सभामा विषयगत समितिहरुको व्यवस्था बाहेक शून्य समयको पनि व्यवस्था गरेर सदस्यहरुको बोल्ने अभ्यास विकसित गर्दै लगिएको छ। काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल ले नगरसभाका बारेमा गरेको कार्यक्रम तथा देखाएको भिडियोबाट नगरसभालाई व्यवस्थित बनाउन मद्दत पुगेको छ। प्रणालीमा गएर काम गर्दा अव्यवस्थित भएर काम गर्नुभन्दा धेरै सहज महसुस भएको पनि छ ।

## सुशासन

- नगरपालिकाले स्मार्ट वालिङ एप सार्वजनिक गरेको छ । नागरिकले घरमै बसी नगरपालिकाले प्रदान गर्ने विभिन्न सेवाहरुका लागि प्रक्रिया सुरु गर्न तथा कर लगायतका सेवा शूल्कहरु भुक्तानी गर्न सक्छन् । यसबाट पारदर्शी सेवा प्रवाहमा सहयोग पुगेको छ । नगरपालिकाले प्रदान गरेका सेवाहरुको तथ्यांक वास्तविक समय (रियल टाइम) मा अद्यावधिक हुने व्यवस्था मिलाइएको छ ।
- पालिकामा हुने कार्यहरुको अनुगमन गर्ने छुट्टै संयन्त्र बनाइएको छ। सबैलाई समेटेर जान टोल विकास संस्था छ । टोल विकास संस्थाबाट योजना आउँछ, प्राथमिकता र विषयका आधारमा योजनाहरु छनौट गरिन्छ। यसो गर्दा बढी भन्दा बढी स्थानीय आवश्यकताका योजनाहरु पालिकाले समावेश गर्न सकेको छ । ज्येष्ठ नागरिक सम्मान, बालबालिका, अपांगता भएका व्यक्तिहरुको बारेमा कार्यक्रम गर्दा टोल

विकास समितिसँग सहकार्य गर्दा त्यहाँका कोही पनि लक्षित व्यक्तिहरु नछुटुन् भन्ने उद्देश्य राखिन्छ ।

## विकास निर्माण, बजेट र समन्वय

- पालिकाको बजेट १४ मध्ये १३ वटा वडामा बराबर रुपमा बाँडिएको छ । क्षेत्रफल, आयस्रोत, जनसंख्या आदि कारणले गर्दा एउटा वडामा केही बढी बजेट विनियोजन गरिन्छ ।
- सबै वडा सडकले जोडिएका छन् । नगरपालिकाको शूल्कहरु डिजिटल रुपमा भुक्तानी गर्न सकिन्छ । नगरपालिकालाई विशेष चिनारी दिन *पिन्क सिटी*को अवधारणा बमोजिम पालिकामा बनेका घरहरुलाई गुलाबी रंगमा रंग्याइएको छ । पालिकाको बीचबाट गएको अत्याधिक दुर्घटना हुने सडकलाई सुधार गरेर दुर्घटना घटाइएको छ ।
- नगरपालिकाले प्राथमिकताका आधारमा तीन चरणमा सम्पन्न गर्नेगरी २० वर्षे योजना बनाएको छ । यसमा पहिलो ८ वर्षमा आधारभूत संरचना सहितको नगर निर्माण, त्यसपछि सन् २०३० सम्म संयुक्त राष्ट्र संघको दिगो विकासका लक्ष्य सम्म पुगेर एक दिगो विकासमा आधारित नगरमा रुपान्तरण तथा बाँकी ८ वर्षमा सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स् तथा यान्त्रिकरण प्रविधिको प्रयोगबाट एक सम्पन्न नगरमा रुपान्तरण गर्ने योजना रहेको छ । यो योजना निर्माणमा वालिङका सबै सरोकारवालाहरु, वर्ग, जाति, पेशाका व्यक्ति तथा विद्यार्थीहरुलाई समेत संलग्न गराइएको छ ।

## न्यायिक समिति

- न्यायिक समितिलाई कानुन तथा प्रक्रियाका सम्बन्धमा सहयोग गर्न एकजना अधिवक्ता राखिएको छ । हरेक वडा मा ८-८ जना मेलमिलापकर्ताहरु छन् । विवादहरुको न्यायिक निरुपण गर्ने विषयमा धेरै कार्य हुन सकेको छैन । घरेलु हिंसामा परेकाहरुका लागि निर्णय दिनुपर्ने हुन्छ । अधिकांश विवादहरु मेलमिलापबाटै मिलाउन जोड दिइएको छ ।
- न्यायिक समितिमा आएका केही विषय अदालतमा पनि पुग्ने गरेको छ । जस्तो यही पालिकाकै सडक सुधार गर्ने क्रममा एकजना बासिन्दाले सडक छेउमा रातारात टहरो बनाएर परम्परागत बसोबास रहेकाले नहटाउन उजुरी गरेका थिए । नगरपालिकाले टहरो हटाउन सूचना गरेपछि त्यो विषय जिल्ला अदालतमा लिएर गए । त्यसमा अदालतले नगरपालिकाको पक्षमा फैसला सुनायो । त्यस्तै अर्को मुद्दामा एकजना पीडित महिलाको घर मालपोतमा बन्धक गर्न दिएकोमा राजीनाका रुपमा प्रयोग गरेर अरुले नै बिक्री गरिदियो । यो मुद्दा बुझ्दै जाँदा मिटर ब्याज लगायतको विवादहरु पनि गाँजिएको एउटा जटिल प्रकारको मुद्दा थियो । यस प्रकारका जटिल मुद्दाहरु आउन लागेका छन् ।

- न्यायिक समितिमा पर्ने मुद्दाहरुमा गाली बेइजती, जग्गा, पालनपोषण, साँधसीमाना, अंशवण्डा, घरेलु हिंसा, झैझगडा, लेनदेन, ढल निकास, जीउज्यान, सार्वजनिक कूलो बाटो, सम्बन्ध विच्छेद, वैवाहिक विवादहरु रहेका छन् । आफूले हेर्न नमिल्ने मुद्दा सम्बन्धित अदालतमा लैजान पनि परामर्श दिइएको छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- पालिकाले सुरुमा छात्राहरुलाई सेनिटरी प्याड वितरण गरिएको थियो । अहिले यो कार्यक्रम संघीय सरकारले गर्दछ । २१५ आमा समूहका लागि आर्थिक क्षमता अभिवृद्धि गर्न बीउ पूँजी (सिड मनी) को व्यवस्था गरिएको छ । यस्तो रकम कृषि गर्नका लागि निर्ब्याजी रुपमा ३ किस्तामा फर्काउने गरी दिइन्छ । यसमा व्यक्तिगत रुपमा भन्दा पनि आमा समूहको पूरै सदस्यलाई सीप सिकाउने, समूहले उत्पादन गर्ने र बिक्रीको प्रत्याभूति नगरपालिकाले गर्ने व्यवस्था छ । कार्यपालिकाका ४ वटै समितिको संयोजक महिला छन् । जनजाति महिलाहरुले तान बुनेर ढाकाको सल निर्माण गर्ने कार्यमा नगरपालिकाले सहयोग गरिरहेको छ । दलित समुदायका लागि मौलिक अधिकार तथा जातीय विभेदका सम्बन्धमा कानुनी साक्षरता कार्यक्रमहरु सञ्चालन गरिएका थिए ।
- पालिकाका बासिन्दाको आर्थिक विकासमा नगरपालिकाले बढी जोड दिएको छ । कृषि प्रवर्द्धन ऐनमा महिला र दलित समुदाय, अल्पसंख्यक तथा विपन्न वर्गका लागि बीउ पूँजी, नगरपालिका जमानी बसी विना धितो ४ प्रतिशतको न्यून ब्याजमा ऋण प्रवाह, दलित समुदायलाई तिनका हक अधिकारहरुका बारेमा कानुनी साक्षरता अभियान, कृषि तथा उद्यमशील सहकारी मार्फत दलित समुदायको आर्थिक उन्नयनका कार्यक्रमहरु गरिएको छ ।
- दलित सदस्य भएका कारणले नगरपालिकाभित्र कार्य गर्न विभेद महसुस भएको छैन । दलित, सीमान्तकृत समुदायका लागि कार्य गर्न सदस्यहरुले कार्यपालिका तथा सभामा आफ्नो आवाज र योजना राख्न सकेका छन् । पालिकाको समस्या भनेको बजेटको अभाव नै हो । तथापि समुदायमा कार्य गर्दा भने दलित भएकै कारणले समस्या तथा विभेदजन्य व्यवहारहरुको सामना भने गर्नुपरेको छ । समाजका सचेत व्यक्तिबाट नै पनि त्यस्तो व्यवहार भएको महसुस गरिएको छ । नगरपालिकामा सँगै बैठक गरे पनि आफ्नो घरमा त्यस्तो गर्न सक्ने अवस्था छैन ।
- निर्वाचन पश्चात सुरुका दिनहरुमा नगरपालिकामा दलित समुदायको सहभागिता नहुञ्जेल सम्म गैरदलित सदस्य र दलित सदस्यहरुले कसरी सँगै काम गर्ने भन्ने भावना थियो । तर क्रमशः सहकार्य गर्दै जाँदा सामाजिक अन्तरघुलन भएर दुवै समुदायहरुले सँगसँगै सहजतापूर्वक सहकार्य गर्न सक्ने अवस्था बन्दै छ । यो संविधानले दिएको निर्वाचन प्रणालीको एउटा राम्रो पक्ष हो ।
- बालबालिका तथा ज्येष्ठ नागरिकलाई यो वर्ष बजेट छुट्याइएको भए पनि दलितका लागि भनेर यो वर्ष बजेट छुट्याउन नसकेको देखिन्छ । यो सम्बन्धमा केन्द्रबाट बजेट आएको छैन । नगरपालिकाको बजेटले पुग्दैन ।

- दलित समुदायका सदस्यहरुको आफ्नै परम्परागत सीपहरु छन् । तथापि नीतिगत रुपमा नगरपालिकाले प्रदान गर्ने सहयोग प्राप्त गर्न सिटिइभिटीबाट त्यस्तो सीपको प्रमाणपत्र पेश गर्नुपर्ने अवस्था छ । तर सीप हुँदाहुँदै पनि प्रमाणपत्रको अभावमा कागजपत्र मिलाउन नसक्ने दलितहरु अवसरबाट वञ्चित हुन पुगेका छन् । तसर्थ परम्परागत सीपहरुको प्रवर्द्धन र त्यसलाई मान्यता दिने कुरामा पनि समस्या भएको छ ।

## ५. तानसेन नगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तह

- स्थानीय सरकारको ऐन कानुन संघ र प्रदेशसँग बाझिन हुँदैन । बाँझिएको हदसम्म खारेज हुने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरिदिएको विषयहरुमा राजस्व उठाउन पाउनु पर्नेमा हस्तक्षेप भएको जस्तो लाग्छ ।
- जनप्रतिनिधिहरु सामाजिक क्षेत्रबाट आएका व्यक्तिहरु भएको हुनाले कानुनको विषयमा खासै जानकार हुने कुरा भएन । तर स्थानीय सरकारको अभ्यासबाट व्यवहारिक सिकाइ भयो । जनप्रतिनिधिहरुले पहिलाको स्थानीय निकाय र अहिलेको स्थानीय तह बीचको फरक क्रमशः बुझ्दै गएका छन् ।
- स्थानीय सरकार सञ्चालन ऐनको केही विषयहरुमा संशोधन भएमा स्थानीय सरकारहरुलाई काम गर्न सहज हुने थियो । जस्तो तानसेन नगरपालिकामा साढे तीन वर्षको अवधिमा ६ पटक सम्म प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भएका छन् । यस्तोमा कम्तीमा एक कार्यकालसम्म वा तोकिएको अवधिसम्म साधारणतः परिवर्तन नहुने व्यवस्था भएमा स्थानीय सरकारको प्रशासनिक, व्यवस्थापकीय र संस्थागत विकासको पाटोमा केही स्थिरता हुने थियो । प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भइरहने कारणले जनप्रतिनिधिहरुलाई सम्बन्धित कर्मचारीलाई काममा लगाउन र समन्वय गर्न पनि समस्या हुन्छ ।
- स्थानीय तहले स्थानीय आवश्यकता हेरेर कानुन बनाउँदा संघीय ऐनसँग बाझिने विषयहरु पनि छन् । जस्तो सडक सम्बन्धी संघीय प्रावधानहरु पहाडी क्षेत्रमा कार्यान्वयन गर्न गाह्रो छ । तसर्थ संघीय मस्यौदा स्थानीय परिवेश बमोजिम निर्धारण गरिनु पर्ने हो । तर अहिले संघीय सरकारले बनाएको नमुना कानुनहरु पूरै नेपालका लागि एकै मापदण्डका आधारमा आएको छ । स्थानीय पालिकाहरुको परिस्थितिको मूल्यांकनका आधारमा आएको होइन ।
- संघीय सरकार स्थानीय सरकार सञ्चालन ऐनमा टिकेर बस्नु पर्दछ । पछि बन्ने ऐनहरुले पनि यो ऐनलाई प्रभावित गर्नु हुँदैन । यो ऐनलाई स्थानीय सरकार तथा जनताले सबैभन्दा धेरै चिनेका छन् । स्थानीय सरकारको मूल ऐन पनि यही हो ।

तर संघ र प्रदेश सरकारले आफूलाई दिएको अधिकार समेत पून: फिर्ता लगेको अनुभव तानसेन नगरपालिकासँग छ। घरेलु उद्योग सम्बन्धी विषय स्थानीय तहलाई हस्तान्तरण भएर पनि फेरि संघीय सरकारले फिर्ता लगेको छ। तानसेनमा शिक्षा सम्बन्धमा प्राथमिक र माध्यमिक विद्यालयहरु स्थानीय पालिकाले हेर्ने गरेकोमा अहिले शिक्षा इकाइ खोलेर त्यो अधिकार पनि खोसिएको छ। अब शिक्षामा तलब खुवाउने बाहेक अरु अधिकार पालिकासँग छैन।

- कैयन् अवस्थामा प्रदेश सरकारका ऐनहरु स्थानीय सरकारका लागि बाधक हुने गरी ल्याइन्छन। प्रदेशले पहिला आफ्नो ऐन नबनाउने र स्थानीय सरकारहरुले स्थानीय ऐन ल्याएर काम गर्न थालेपछि सोसँग बाझिने गरी ऐन बनाएको पनि छ। जस्तो, तानसेनले सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन बनाएर काम गर्न थालेपछि प्रदेशले ऐन बनायो। यसबाट तानसेन नगरपालिका काम नै गर्न नसक्ने अवस्थामा पुग्यो। यसले बनाएको ऐन प्रादेशिक ऐनसँग बाझिएर त्यस्तो अवस्था आएको हो। संघ सरकाले कृषि ज्ञान केन्द्र खोल्यो। तर फेरि स्थानीय तहमा अधिकार गएको भनेर बजेट, कर्मचारी लगायतका बारेमा कुनै व्यवस्थाहरु नै नगरी यत्तिकै पन्छियो। अहिले नगरपालिकाले आफैं यसको सञ्चालन गरिरहेको छ। यसबाट कानुनको शासनको अनुभूति हुन सक्दैन।
- प्रदेश सरकारले तानसेन अस्पताल स्थानीय तहले हेर्ने भनी हस्तान्तरण गरेर पछि फेरि आफैंले खोसेर लिएको छ। स्थानीय तहको अधिकारका रुपमा उल्लेख भएको घर भाडा कर उठाउने अधिकार पनि पालिकाबाट खोसिएको छ। मौखिक रुपमा अधिकार प्रत्यायोजन गर्ने र व्यवहारिक रुपमा खोस्ने काम भएको छ।
- जिल्ला समन्वय समिति सक्रिय हुन सकेको छैन। पाल्पामा जिसस प्रमुख नहुँदा उपप्रमुखलाई कार्य गर्न गाह्रो छ। अहिलेकै परिस्थितिमा जिसस प्रभावकारी हुन सकेको पनि छैन। तानसेन नगरपालिकामा संघ र प्रदेश सरकारका केही कार्यक्रमहरु छन्। स्थानीय तहको आवश्यकता बुझेर प्रदेशको कार्यक्रम आउने गरेको छैन। स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने क्रियाकलापहरु स्थानीय तहको आवश्यकता बमोजिम नहुँदा पालिकालाई समन्वयमा पनि समस्या छ। माथिल्लो तहबाट पलिकालाई न्यायसंगत रुपमा बजेट वितरण हुन सकेको छैन।
- स्थानीय सरकारले संघ र प्रदेश कानुन बमोजिम चल्नु पर्छ। यसका साथै संविधानले स्थानीय तहलाई दिएको एकल अधिकारका सम्बन्धमा संघ र प्रदेशले नदिएको हो वा स्थानीय तहले ती विषयहरुमा आफ्नो अधिकारका बारेमा संघ र प्रदेशसँग लिन नसकेको हो भन्ने प्रश्न पनि सँगसँगै छ।
- अहिलेकै विद्यमान अवस्थामा स्थानीय सरकारहरुले प्रभावकारी रुपमा काम गर्न या त स्थानीय तहका लागि संघीय तथा प्रादेशिक कानुनहरु स्थानीय परिवेश बमोजिम बनाइनु पर्छ, या सामान्य अवस्थामा अपरिवर्तनीय ऐन बनाई स्थानीय तहको अधिकार सुनिश्चित गर्नुपर्दछ। संघीय तहमा रहेको नेपाल कानुन

आयोगमा स्थानीय कानुन शाखाको निर्माण गरेर स्थानीय सरकारहरुलाई निरन्तर सहयोग गर्न सकिन्छ ।

- प्रदेश सरकारसँग समन्वय हुन सकेको छैन  प्रदेश सरकारको संयन्त्रले पहिलाको अञ्चलाधीशले झैं आदेशको भरमा स्थानीय तहलाई चलाउन खोज्छ । नगरपालिकालाई थाहा नदिई स्थानीय स्तरमा काम गर्ने र त्यसमा केही गाह्रोसाह्रो परेर जनताले गाली गरेपछि मात्र नगरपालिकालाई थाहा हुन्छ । स्थानीय तहलाई थाहा नदिई प्रदेशले कार्यक्रम ल्याउन भएन । समन्वयको कुरालाई महत्व दिनुपर्यो । स्रोत र साधनका कारणले गर्दा समन्वयकारी हुने जिम्मेवारी प्रदेशले नै बहन गर्दा स्थानीय पालिकाहरुलाई सजिलो पर्छ ।
- अधिकार बाँडफाँडको सम्बन्धमा माथिल्लो तहका सरकारहरुले बल मिचाइँ गरेको प्रष्ट अनुभव हुन्छ । अहिलेको अवस्थामा स्थानीय सरकारलाई प्रदेशले झनै भरथेग गर्नुपर्ने हो । त्यस्तो भएको छैन । यो परिस्थितिमा सुधार हुनु जरुरी छ । प्रदेश स्तरमा देखिएको आफूले आदेश दिएको कुरा स्थानीय तहमा हुनैपर्छ भन्ने मनस्थिति संघीयता र लोकतन्त्रका लागि हितकारी छैन । तीनै तहको सरकारलाई *लुब्रिकाण्ट* गर्ने संयन्त्र हुनुपर्छ । भएको संयन्त्र अहिलेको राज्य संरचना अनुकूल नभए त्यसमा सुधार गर्नुपर्छ । तर अहिलेकै तरिकाले स्थानीय तह राम्ररी चल्न सक्दैन । समन्वय र सहकार्य सम्बन्धमा संघ र प्रदेशबाट देखिएको यस्तो व्यवहारले अहिलेको व्यवस्था सफल बनाउन नखोजिएको हो कि भन्ने पनि अनुभूति हुन्छ । नयाँ संविधान अनुसार संघीयताको भविष्यका लागि यो परिस्थिति रहिरहनु राम्रो होइन ।
- घरको ढल निकास देखि घरेलु विवादमा स्थानीयहरु जनप्रतिनिधि कहाँ पुग्दछन् । यस्ता स्थानीय सेवा व्यवस्थापनको विषयमा संघ र प्रदेशको सदस्यहरुलाई जनताले प्रश्न गर्दैनन् । स्थानीय जनप्रतिनिधिहरु प्रत्यक्ष रुपमा उत्तरदायी हुनुपर्छ । तर स्थानीय समस्याका विषयहरु समाधान गर्न स्थानीय सरकारले कार्य गर्न नसक्ने अवस्था बनाउने हो भने स्थानीय सरकारहरुलाई जनताले असफल भएको धारणा बनाउने छन् । ऐनमा लेखिएको विषय पनि प्रयोग गर्न नपाए त्यसले विग्रह तथा असन्तुष्टि ल्याउन सक्छ ।
- तानसेन नगरपालिकामा २७ जना प्राविधिक कर्मचारीको कमी छ । तर कर्मचारी भर्ना गर्न सक्ने अवस्था भने छैन । अहिले देखिएको यथार्थ संविधान र स्थानीय सरकार सञ्चालन ऐनले परिकल्पना गरे बमोजिम छैन । स्थानीय तहहरुलाई उक्साउने काम मात्र भएको छ ।
- स्थानीय सरकारहरुलाई सीमित अधिकार दिए पनि स्पष्टसँग काम गर्न सक्ने गरी दिइनु पर्छ । लयमा चल्न दिनुपर्छ । हरेक पटक नयाँ व्यवस्था गर्दै त्यसलाई उखेल्दै गर्ने प्रवृत्ति हुनु हुँदैन । यसका साथै मानिसहरुमा वितृष्णा फैलाउन स्थानीय तहहरु सबैभन्दा बढी भ्रष्ट हुँदै गएको भन्ने हल्ला पनि चलाइँदैछ । स्थानीय सरकारको हरेक कामकारबाहीहरुलाई स्थानीयले नजिकबाट नियालिरहेका हुन्छन् र स्थानीय

जनप्रतिनिधिले प्रत्यक्ष रुपमा स्थानीयहरुसँग भेटघाट गर्नुपर्ने हुन्छ । कोभिडको समयमा स्थानीय तह भएकाले नै व्यवस्थापनमा सहज भएको सबैले अनुभव गरेकै कुरा हो । यो हल्ला निराधार हो ।

## स्थानीय ऐन निर्माण र कार्यान्वयनको विषय

- स्थानीय कानुन स्थानीय शिक्षा, संस्कृति, विचार र मानसिकता बमोजिम हुनुपर्छ । नमुना कानुनलाई आधार मानिएका कारण त्यसो हुन सकेको छैन । जनप्रतिनिधिहरु ऐन बनाउँदा स्थानीय समस्याका बारेमा बुझेको हुनाले भावनाले निर्देशित हुन्छन् । त्यसलाई कसरी ऐनमा उतार्ने भन्नका लागि कानुनको विज्ञ चाहिएको हो । अहिले पनि साना नगरपालिकाहरुमा कानुन अधिकृतको व्यवस्था छैन । संघीयता भएपछिको पहिलो स्थानीय सरकार भएकाले संरचनागत रुपमा यसलाई संस्थागत गर्न बढी जोड दिनुपरेको छ ।
- महालेखा परीक्षकले स्थानीय कानुन नहेरी संघीय कानुन हेरेर बेरुजु लेखिदिएको देखिन्छ । अहिलेको अवस्थामा स्थानीय कानुन बमोजिम कार्य गर्नका लागि पेश्की लिएर काम गर्न पनि डराउनु पर्ने स्थिति छ । नमुना कानुन र अन्य स्थानीय कानुनहरु पारित गरिएका छन् । तर ती कानुनहरु संघ र प्रदेश कानुनसँग बाझिएको छ कि छैन थाहा पाउन सकिँदैन । यस्तोमा कर्मचारीहरुमा संघीय वा प्रदेश कानुनसँग बाझिएर फस्न सकिने डर पनि छ ।
- स्थानीय सरकार आएपछि स्थानीय हितको संरक्षण र विकास गर्नुपर्छ भन्ने अपनत्व भने स्थानीय रुपमा आएको छ । बीस वर्ष अघि एक करोड हुने बजेट अहिले १ अर्बको भएको छ । सोही बमोजिम पालिकाको दायित्व पनि बढ्दै गएको छ ।
- तानसेनले हालै खानेपानीको मूल दर्ता सम्बन्धी कार्यविधि, एफ.एम सञ्चालन सम्बन्धी ऐन बनाएको छ । त्यस्तै उपभोक्ता हित संरक्षण, सहकारी र शिक्षा सम्बन्धी कानुनहरु बनेका छन् । कानुन बनाएर काम गर्दै जाँदा अप्ठेरो पर्न आउँदा संघीय कानुन खोजेर त्यससँग बाझिएको हकमा स्थानीय कानुनलाई संशोधन गर्नुपर्ने हुन्छ ।
- स्थानीय कानुन बनाउँदा विज्ञको अभाव हुन्छ । केही हदसम्म विधायन समितिका सदस्यको क्षमताको विषय पनि छ । तानसेन नगरपालिकाले बनाएको कानुनलाई यहाँका अरु पालिकाले सन्दर्भका रुपमा लिने र अरुले बनाएको कानुनलाई तानसेनले सन्दर्भका रुपमा लिएर पनि अनुभव आदानप्रदान गरिएको छ । धेरैजसो संघीय सरकारले दिएको नमुना कानुनहरु स्थानीय तहमा कानुनको प्रगति देखाउन पारित गरिन्छ । यसले स्थानीय आवश्यकतालाई प्रतिविम्बित गर्न सक्दैन । तथापि तानसेनले स्थानीय मुद्दाका लागि बनाएको कानुन प्रभावकारी रुपमा कार्यान्वयन भएको पनि छ । तसर्थ यस्ता विषयमा बढी केन्द्रित हुनुपर्दछ भन्ने तानसेनको अनुभव छ । स्थानीय परिवेश (पाल्पाको हकमा पाल्पाली ढाका, होमस्टे) जस्ता विषयमा कानुन

बनाएर जाँदा प्रभावकारी हुने हुन्छ । कति कानुन प्रभावकारी भए, कुन कानुनहरु सक्रिय रहेका छन् भन्ने अध्ययन गर्न सक्ने अनुसन्धान तथा कानुन शाखा छैन । कानुन बनेपछि कार्यान्वयनको पाटोमा समीक्षा हुन सकेको छैन ।

- नगरपालिकाको नेतृत्व जनप्रतिनिधिहरुले गर्दछन् । स्थानीय रुपमा उपलब्ध क्षमतावान शिक्षित व्यक्तिहरु अझै पनि जनप्रतिनिधि हुनका लागि आकर्षित हुन सकेका छैनन् । वडा सदस्य भन्दा वडाका अध्यक्षहरु माथिल्लो तहको भन्ने मानसिकता पनि देखिएको छ । वडामा सदस्यहरुलाई बैठकमा आउन नबोलाउँदा सम्म सहभागिता नहुने प्रवृत्ति पनि छ । कार्यपालिकाको निर्णय वडा कार्यालयमा वडा सदस्यलाई जानकारी नहुने समस्या पनि छ । कर्मचारीसँग काम गराउन जनप्रतिनिधिलाई अप्ठेरो छ । यसमा कसरी समन्वय गर्ने भन्ने विषयमा पालिकाले ध्यान दिनु पर्छ ।

## स्थानीय व्यवस्थापिकाका रुपमा नगरसभा

- सभालाई संसदीय अभ्यास बमोजिम सञ्चालन गरिएको छ। नगर प्रमुखले सभाध्यक्ष भएर सभाको सञ्चालन गर्दछन् । सभाले कार्यपालिकाबाट आएको विधेयकमा सुझावहरु तथा संशोधनहरु गर्दछ । नगरसभामा स्रोत, साधन र क्षमताले भ्याएसम्म संसदीय व्यवस्था पछ्याइएको छ । पूर्ण पालना गर्न नसके पनि सके जति प्रक्रियाहरु पालना गरिएको छ । अहिले नगरसभा पहिले भन्दा व्यवस्थित हुँदै गएको छ । सभामा वडा सदस्यहरु, महिला, उत्पीडित समुदायका सदस्यहरुले बोल्ने समय पाएका छन् ।
- कार्यपालिका र यसको विधायन समितिमा मस्यौदामा छलफल हुन्छ र त्यसपश्चात नगरसभामा पठाइन्छ । नगरसभामा एकैदिन ६ वटा ऐनहरु समेत पारित गरिएको पनि छ । यस्तो हुनु भनेको ऐनमा छलफल नगरी पारित भएको भन्ने पनि हो । ऐन बनाउँदा हुने यस्तो अवस्थामा सुधार गर्न खोजिँदैछ । सभामा प्रस्तुत भएका विधेयकहरुमा सभाका सदस्यहरुले अध्ययन गरेर तर्कसंगत विषय प्रस्तुत गरेमा त्यसले ऐनलाई सुधार गर्न र सहभागितामूलक बनाउन पनि सहयोग नै हुन्छ । तर अहिले अधिकांश सभा सदस्यहरुले त्यसरी समालोचनात्मक भएर योगदान गर्न सकेको देखिँदैन । त्यही भएर अधिकांश विधेयकहरु कार्यपालिकाले सुरुमा प्रस्तुत गरे बमोजिम नै पारित हुने गरेका छन् । यो भनेको सभा सदस्यहरुले पनि आफ्नो क्षमता, अध्ययन, योगदान र चासो बढाउनु पर्ने अवस्था रहेको छ भन्ने नै हो । नगर सभाभित्र आर्थिक समिति सरसफाई समिति, लेखा समिति लगायतका समितिहरु रहेका छन् । तथापि सभाका समितिहरुले विधायनका सम्बन्धमा काम गर्न पाएका छैनन् । लामो अधिवेशन हुन सके यो सम्भव हुने थियो ।
- संघको प्रतिनिधि सभामा ऐनको प्रावधानहरुमा दफावार छलफल भएको हुन्छ । तर स्थानीय तहमा मस्यौदा आउँछ । पारित हुन्छ । जनप्रतिनिधिको यसमा छलफल हुन सकेको पाइँदैन । सुरुमा मन्त्रालयको मस्यौदाहरुमा केही परिमार्जन गरी पारित

गरिएको थियो । पछिल्लो हिँउदे अधिवेशनमा ४ वटा स्थानीय परिवेशका ऐनहरु पारित गरिएको छ ।

## सुशासन

- सुरुमा ऐन बनाएर नियमावली बनाउनु पर्छ भन्ने कुरामा स्पष्ट भएको छ । पालिकाले उपभोक्ता हित संरक्षण समिति मार्फत उपभोक्ता सचेतना कार्यक्रम चलाउने र अनुगमन गर्ने गरिरहेको छ ।
- ऐनलाई कार्यान्वयन गर्नका लागि कार्यविधि बनाएर अघि बढ्ने अभ्यास विस्तारै अघि बढाइएको छ ।

## विकास निर्माण, बजेट र समन्वय

- तानसेन नगरपालिकामा जनसंख्या भूगोल र राजस्व संकलनलाई बजेट विनियोजनका आधारहरु बनाई सोही बमोजिम वडामा पठाइन्छ । नगर स्तरीय योजनाहरुका हकमा भने बराबर बजेट विनियोजन गरिएको छ ।
- तानसेन नगरपालिकाले विकास बजेटमा सडक विकासलाई अहिले प्राथमिकतामा राखेको छ । सडक पूर्वाधारको विषय खर्चिलो भए पनि यो अत्यावश्यक पनि छ ।
- स्थानीय तहलाई बलियो नबनाई विकास निर्माण हुन सक्ने देखिँदैन । स्थानीय विकास निर्माणका क्रममा हुने ठेक्काहरुमा धम्की दिएर अरुलाई प्रतिस्पर्धामा आउन नदिने गरेको गुनासो समेत आउने गरेका छन् । यस्तोमा शान्तिसुरक्षा र दण्डहिनता हुने अवस्थामा काम गर्न सक्ने परिस्थिति रहिरहन सक्दैन ।

## न्यायिक समिति

- न्यायिक समितिमा ऐन बमोजिम प्राय सबै विषयहरुमा मेलमिलाप गरिन्छ । न्यायिक निरुपण सम्बन्धी विवादहरुको हकमा विवादको प्रकृति बमोजिम अदालत वा प्रहरीमा पठाउने गरिएको छ ।
- तानसेन नगरपालिकाले यो अवधिमा ९२ वटा विषयमा मेलमिलाप गरिसकेको छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- तानसेन नगरपालिकामा दलित, अतिसीमान्तकृत समुदायका लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहेको छ । सुरक्षित मातृसेवा र अस्पताल जान सहयोग होस् भनेर सुत्केरीको स्वास्थ्य हेरचाहका लागि ३,००० रुपैयाँ भत्ता दिइन्छ । कुपोषण हुने अवस्था भएका सुत्केरीलाई सिफारिसका आधारमा पनि नगरपालिकाले राहत दिने गरेको छ । सुत्केरी स्याहार खर्च वितरण कार्यविधि अन्तर्गत सुत्केरी भएको महिलाले ४५ दिन भित्र जानकारी दिएमा १,००० रुपैयाँ दिइने गरिएको छ ।

संघीय सरकारको कार्यक्रम अन्तर्गत वृद्धवृद्धालाई घर घरमा स्वास्थ्य सेवा कार्यक्रम पनि गरिएको छ ।

- महिला र युवा लक्षित कार्यक्रम र बालबालिका लक्षित वर्ग कार्यक्रमहरु पनि छन् । वडाले कार्यक्रम बनाई बजेट दिन्छ । कोभिडका कारण वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई सहुलियत दरको ऋण प्रदान गरी व्यवसाय गर्न सहयोग गरिएको छ । पालिकामा करिब २,०० महिला स्वयंसेविकाहरु छन् । महिलाको कार्यक्रममा दलित महिला भन्ने छुट्टै कोटा नछुट्याइएको भए पनि सबैको सहभागिता गराइन्छ । दलित वस्तीमा हँसिया करुवा बनाउन लक्षित वर्गलाई विना धितो ऋणको प्रत्याभूति गरिएको छ । मिटर राख्न नसक्नेहरुका लागि निशुल्क विद्युत मिटर उपलब्ध गराइएको छ ।
- अपांगभत्ताको व्यवस्था छ । घर-घर गएर स्वास्थ्य जाँच र परिचय पत्र दिने कार्यक्रम पनि छ । रोजगारी हुने हिसावले उद्यम विकास होस् भन्नका लागि युवा स्वरोजगार कार्यनीति पनि छ । यति हुँदाहुँदै पनि स्रोत नभएको कारणले लक्षित वर्गका लागि अझै धेरै काम गर्न सकिएको छैन ।

## ६. वीरेन्द्रनगर नगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तह

- नयाँ संविधान लागु भएर स्थानीय तहको व्यवस्था भए पछि स्थानीय स्तरबाटै जनताले सेवा सुविधा पाउँदैछन् । संघीय सरकारले उबेलाको केन्द्रीय सरकारको अधिकार छाड्न चाहिरहेको छैन । जस्तो, वीरेन्द्रनगर नगरपालिकाले हाल उपयोग गरिरहेको जग्गाहरु लगायत सम्पत्ति अहिले पनि नगर विकास समितिकै नाममा छ । नगरपालिका र नगर विकास समितिको दोहोरो स्वामित्व भएको कारण नगरपालिकाले यसमा भएका स्रोतसाधनलाई आफूलाई चाहिने जसरी प्रभावकारी रुपमा उपभोग गर्न सकेको छैन ।
- स्थानीय तह, प्रदेश र संघ बीच अझै पनि समन्वय राम्रो हुन सकेको छैन । प्रदेश र संघले स्थानीय तहलाई तल्लो तहको सरकार मानेर व्यवहार गरेको अनुभव भएको छ । प्रदेश र स्थानीय सरकारहरु बीच समन्वय र सहकार्य हुनु जरुरी छ ।
- जिल्ला शिक्षा कार्यालय, जनस्वास्थ्य कार्यालय तथा कृषि सम्बन्धी कार्यालय स्थानीय तहमा आएको भन्ने नगरपालिकाको बुझाई थियो । ती कार्यालयबाट कर्मचारहरु स्थानीय सरकारमा आए पनि बजेट लगायत धेरैजसो विषय अझै स्थानीय तहले पर्याप्त पाउन सकेको छैन ।
- संघीय निर्देशन /परिपत्र नभएसम्म प्रदेशले स्थानीय तहलाई अधिकार दिन सक्दैन । त्यस्तो निर्देशन र परिपत्र दिने काममा संघीय सरकार अग्रसर हुनु पर्ने अवस्था छ ।

- संघीयता हुनु अघि जिल्ला प्रमुख भएर कार्यालय चलाउने कर्मचारीहरुले अहिले एउटा नगरपालिकाको शाखा प्रमुख भएर काम गर्दै छन् । यसले गर्दा कर्मचारीहरुमा उत्साहको अभाव भएको देखिन्छ ।
- कानुन लागु भए पछि काम गर्ने अधिकार दिइनु पर्दछ । अन्यथा काम गर्न गाह्रो हुन्छ । सुरुमा कानुनमा लेखिए बमोजिम काम हुन्छ भन्ने अपेक्षा थियो । कानुनको शासन हुन्छ भन्ने अपेक्षा भए पनि व्यवहारिकतामा त्यस्तो अनुभव गर्न बाँकी छ ।
- कार्यविधि, नीति, ऐनहरु बनेका छन् । ऐनको कार्यान्वयनको विषयमा गइएको छ । जनप्रतिनिधिहरुले पनि आफ्नो दायित्व बुझ्नु जरुरी छ । कानुन बनाउँदा जनताको सुविधा भन्दा पनि प्रशासनिक सुविधा हेर्ने चलन छ ।
- स्थानीय तहले चाहेमा मिलेर काम गर्न सक्ने अवस्था भने छ । साधन स्रोतको कमी छ । तर प्रदेश र संघीय सरकारलाई विकास निर्माणमा सँगै उभ्याउन स्थानीय सरकारहरुले पनि पहल गर्न सक्नुपर्छ ।
- योजनाबद्ध रुपमा कार्य गर्न सके थोरै साधनले पनि अधिकतम प्रतिफल प्राप्त गर्न सकिन्छ । स्थानीय तहमा हुने खर्चमा स्थानीय चासो अधिक छ । यसले जनप्रतिनिधिलाई निरन्तर निगरानीमा रहेको र राम्ररी काम गर्नुपर्छ भन्ने जिम्मेवारी पनि बोध गराउँछ ।
- अहिलेको अवस्थामा वडा अध्यक्षलाई एउटा कलम किन्नु परेमा पनि पालिका पुग्न पर्ने अवस्था छ । कर्मचारीतन्त्रले जनप्रतिनिधिहरुको आवश्यकतालाई सहजीकरण गर्न सकेका छैनन् ।
- शिक्षा ऐन बनाएर कार्यान्वयन गर्नका लागि अपनत्व नहुँदा गाह्रो छ । संघ र प्रंदेशको ऐन नहुँदा यस्तो समस्या आएको हो । शिक्षामा साझा अधिकारको विषयमा सहजीकरणको समस्या आएको छ । ऐन भएका विषयहरुमा पनि निर्देशिका बनाउन समस्या आएको छ ।
- संवैधानिक र कानुनी रुपमा अधिकार नभएको विषयमा प्रदेश र संघले अधिकार आफूमा खिच्न खोज्दा ती विषयहरुमा समस्या र विवाद भने छ । जिससमा यस्ता कानुनी अप्ठेराहरुका बारेमा छलफल हुन्छ । तर कानुनले जिससलाई दिएका अधिकार भन्दा बढी अधिकार जिससले प्रयोग गर्न खोज्दा भने असहज हुन्छ ।
- मन्त्रालयबाट मन्त्रीको हस्ताक्षरित निर्देशन परिपत्रहरुलाई सीधै कार्यान्वयन गरिने गरिएको छ । सचिव स्तरीय परिपत्रहरुको हकमा भने आवश्यकता अनुसार छलफल गरेर आवश्यक निर्णय लिने परम्परा छ ।

### स्थानीय ऐन र कार्यान्वयनको विषय

- प्रशासनका अधिकृतहरु मध्ये कतिपयले ऐन बनाउने विषय प्राविधिक र विज्ञता चाहिने विषय हो भन्ने विश्वास गर्दछन् । स्थानीय तहहरुलाई कार्यविधिगत कानुन बनाउन दिनु राम्रो हो । तर स्थानीय नीति निर्माणको कानुन बनाउने विषय दिँदा

भने प्रभावकारी भएको छैन। यो माथिबाटै बनेर आएमा काम गर्न सहज हुन्छ भन्ने मान्यता राख्दछन्।

- मन्त्रालयको परिपत्र ठूलो हो वा स्थानीय कानुनका प्रावधानहरु भन्ने प्रश्न उपस्थित भएको छ । धेरै पालिकाहरुमा नमुना कानुनमा सामान्य परिमार्जन गर्न सक्ने जनशक्ति पनि छैन। दैलेख जिल्लाको एक गाउँपालिकाले वीरेन्द्रनगर नगरपालिकाको एक स्थानीय कानुन उताको हकमा पारित गर्दा वीरेन्द्रनगर नगरपालिका भन्ने नाम समेत नसच्याई पारित गरेको घटना पनि छ।
- स्वास्थ्य ऐन, बजार व्यवस्थापन र नियमावली तथा स्वास्थ्य नियमावलीहरु पारित भएका छन्। नगरपालिकाले बजार अनुगमन, उपभोक्ता सचेतनालाई महत्व दिएको छ । उपभोक्ता संरक्षण, बजार अनुगमन तथा व्यवस्थापन ऐनहरु छन् । नगरपालिकाले स्थानीय व्यवसाय दर्ता तथा नवीकरण गर्दा पूँजी बमोजिम दर्ता नवीकरण शूल्क उल्लेख गरिनु पर्दछ। अनुगमन गर्दा खान अयोग्य खाद्य पदार्थहरु जफत र व्यवस्थापनको विषय उठेको छ। गुणस्तर जाँचका लागि प्राविधिक दक्षता र प्रविधि चाहिने भएकाले वस्तुको गुणस्तर अनुगमन गर्न अप्ठेरो छ। उद्योग वाणिज्य संघ नगरपालिकासँगै अनुगमनमा जान हिच्किचाउँछ । किनकी संघका पदाधिकारीहरुले अनुगमनमा आफ्नै सदस्य व्यवसायीहरुमा कानुन कार्यान्वयन गर्नुपर्ने हुन्छ।
- सुरुमा निर्वाचित नहुँदा केही अन्यौलता भए पनि अहिले अध्ययन अनुभवका आधारमा कुराहरु बुझ्न थालिएको छ । कामको जिम्मेवारीहरु सबैलाई पुगेको छैन । वडा सदस्यले बजेट योजना, अनुगमन कार्य गर्ने गरेका छन् । कार्यपालिकामा भएका कतिपय निर्णयहरु पारदर्शी हुन नसकेको टिप्पणी छ।
- उपप्रमुखले समितिको काम गर्दा अधिकार प्रत्यायोजन गरेर कार्य जिम्मेवारी बाँडफाँट गरिएको छ। उद्योग वाणिज्य संघ मिलेर बजार अनुगमन जस्ता कार्यहरु गरिन्छ।
- संविधानले के गर्ने भन्ने सुनिश्चितता भयो तर काम गर्न सुरु गर्दा सुरुमा कानुन बनिसकेको अवस्था थिएन । सुरुमा निर्देशिका र पछि नमुना कानुन, मन्त्रालयको कानुन लिएर काम गरेको हो। पछि स्थानीय विज्ञहरु राखेर शिक्षा ऐन बनाइएको छ। न्यायिक सम्पादन कार्यविधि बनाउँदा पनि त्यसैगरी गरिएको हो। तर कानुन अनुसार काम गर्दा पर्याप्त स्रोत, साधन र संरचना नभएको अवस्था छ।
- कार्यपालिकाबाट अहिले बजार अनुगमन निर्देशिका तथा न्यायिक समितिको कार्यविधिलाई पुनरावलोकन गर्ने तयारी हुँदैछ। नगरपालिकाभित्र निजी साझेदारीमा कसरी काम गर्न सकिन्छ तथा यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा काम गर्नुपर्ने महसुस भएको छ।
- उपत्यका विकास योजना बनेको यस पालिकामा अरु वडा मिसिँदा पालिकाले समस्या भोगेको छ।
- कृषि पकेट क्षेत्रलाई र स्थानीय उब्जनीहरुलाई प्रोत्साहित र व्यवस्थित गर्न खोजेको छ। कृषि पकेट क्षेत्रमा जग्गा खण्डीकरणको समस्या रोक्ने, फोहरमैला व्यवस्थापन, कृषि प्रशोधन केन्द्र जस्ता विषयलाई अघि बढाउन नगर प्रयत्नरत छ।

- कोभिड-१८ को महामारीमा जनप्रतिनिधिहरु सुरक्षा तथा राहतका लागि कार्यरत छन् । वडाका प्रतिनिधिहरुले वास्तविक राहत चाहिनेहरुको पहिचान गरेर राहत वितरण कार्य सञ्चालन गर्दा अन्य राहत आवश्यक नभएका स्थानीहरु रुष्ट भएको अनुभव गरिएको छ । स्थानीयको दवाबले पालिकाले पछि त्यस्ता राहत आवश्यक नभएको मानिसहरुलाई समेत राहत बाँड्दा वडा प्रतिनिधिहरुकै कारण उनीहरुले सुरुमा राहत नपाएको भन्ने जस्तो व्यवहार जनप्रतिनिधिले खेपेका छन् । वडामा क्वारेन्टिनको व्यवस्था गरिएको थियो । वडा समितिहरुबाट त्यसलाई व्यवस्थापन गरिएको थियो । राहतमा खँटिदा कर्मचारीहरुले सेवा सुविधा, भत्ताहरु लिए पनि जनप्रतिनिधिहरु रातदिन खटिँदा पनि कुनै सुविधा थिएन । घरमा आउँदा दिनभर घुमेर आएको भनेर सुन्नु पर्थ्यो । तर पछि महामारी व्यवस्थापनमा कार्यरत रहेको बुझेपछि परिवारका सदस्यहरु सहयोगी बनेका थिए । कोभिडमा जनप्रतिनिधिहरु खटिएर कार्य गरेका छन् । महामारीमा जनचेतना सुरक्षाका उपायका बारेमा सुरुका अभियानहरु चलेका थिए । तर कोभिड व्यवस्थापनको संघीय ऐन अझै बनेको छैन ।

## स्थानीय व्यवस्थापिकाका रुपमा नगरसभा

- सभा सञ्चालन सम्बन्धमा संघीय संसद जस्तै अभ्यास गरिएको छ । सभा सदस्यलाई कानुन अध्ययन गर्न र छलफल गर्न समय दिइन्छ । कानुन पारित गर्दा लगभग सबैजसो प्रक्रिया अनुसार गरिन्छ ।
- स्थानीय तहले कानुन बनाएर पछि संघ र प्रदेशको कानुनबाट बाझिएको भन्दा स्थानीय कानुन पूरै खारेज हुने हो वा बाझिएको जति मात्र खारेज हुने हो ? यस्तै प्रदेश र संघीय कानुन नबनेसम्म स्थानीय कानुन बमोजिम काम गर्न सकिने हो कि होइन ? प्रदेश सरकारले स्थानीय तहलाई सहजीकरण गराउन सके राम्रो हुने थियो ।
- सम्बन्धित शाखाबाट कार्यपालिकाको विधायन समितिमा मस्यौदा आउँछ र कार्यपालिकामा त्यसमा छलफल गरिन्छ । नगरपालिकाको विधायन समितिले नगरपालिकालाई आउँदो वर्षका लागि यस्ता यस्ता कानुन, विधि र निर्देशिकाहरु चाहिन्छन् भन्ने अध्ययन गर्न सकेको छैन । अहिले आएका कानुनका मस्यौदाहरुमा छलफल गरेर त्यसलाई कार्यपालिकाको आवश्यक परिमार्जन सहित सभाबाट पारित गराउने काम गरिएको छ । कानुन बनाउँदा सरोकारवाला र विज्ञहरुसँग छलफल हुन्छ । यद्यपि नयाँ कानुनहरु बन्छन् । वेवसाइटमा पनि राखिन्छ । तर वडा कार्यालयकै सदस्यहरुलाई पनि ती कानुनका प्रतिहरु भने प्राप्त छैनन् । पारित भएका कानुनहरु जनतासमक्ष बुझाउनका लागि हाल रहेका टोल विकास संस्थाहरुलाई पनि प्रयोग गर्न सकिनेमा त्यो गर्न सकिएको छैन ।
- विधायन समितिका सदस्यहरुलाई स्थानीय तहका नीति तथा कार्यक्रमका आधारमा यी यी कानुनहरु आवश्यक हुन्छन् भन्ने बारेमा अभिमुखिकरणको जरुरी छ ।

- नगरसभामा विधेयक पारित गर्दा सभाले पढेर अध्ययन गर्ने पर्याप्त समय पाएको छैन। संशोधन धेरै कम मात्र भएको छ। स्थानीय कानुनहरुलाई जनतासम्म पुऱ्याउन स्थानीय सञ्चार माध्यमहरुलाई प्रयोग गर्न सकिन्छ । अझै पनि वडास्तरमै पालिकाको महत्वपूर्ण कानुनी प्रावधानहरु तथा उपलब्ध सेवाका बारेमा बुझाउन सकिएको छैन। स्थानीय सभा (वर्षे सभा ३ दिन र हिउँदे सभा २ दिन) बसेको थियो। सभा भित्र फरक दलका सदस्य भन्ने विभेद छैन।
- धेरै महिला सदस्यको काम रजिष्टरमा हस्ताक्षर गर्ने मात्रै हो। स्थानीय समुदाय, जातजातिको योग्य प्रतिनिधिसँग छलफल गरेमा मात्र स्थानीय तहले स्थानीय विषयवस्तुलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सक्दछ।
- नगरपालिका सभा सञ्चालनलाई संसदीय पद्धतिमा लैजान कार्यरत छ। नगर सभामा समिति प्रणालीले काम गर्न सकेको छैन। वडाले ल्याएको योजना, समस्या अनुसार कार्यपालिकाले बजेट बनाउँछ। सभाको भूमिका गौण छ। वडा स्तरका लागि नगर गौरवका योजनाहरुमा नगरपालिकाले नगरस्तरीय छलफल गरेर पारित गरिन्छ। तोक आदेशमा नभई प्रणालीमा जाँदा विवाद कम हुन्छ।

## सुशासन

- पहिले वडामा बजेट पठाउँदा वडा अध्यक्षको व्यक्तिगत खातामा पठाइन्थ्यो। त्यसो हुँदा आर्थिक वर्ष सकिँदा फ्रिज गर्नुपर्ने बजेटहरु फ्रिज गर्न नसक्ने समस्याहरु थियो। मन्त्रालयबाट यस सम्बन्धमा परिपत्र पनि गरिएको थियो। अहिले यो पद्धतिमा सुधार भएको छ।
- पालिकामा कर्मचारीहरु अपुग छन्। एकै कर्मचारीले धेरै विषयमा हेर्नुपर्ने भएकाले व्यवस्थापन राम्रोसँग गर्न समस्या छ। ढिलासुस्ती हुने एक कारण यो पनि हो।
- लेखापरीक्षण गर्दा लेखापरीक्षकले स्थानीय कानुन भन्दा पनि संघीय कानुन बमोजिम भएको कार्यहरुमा प्रश्न गर्दैन। स्थानीय कानुन बमोजिम कार्य गर्दा भने लेखा परीक्षणमा धेरै प्रश्नहरुको जवाफ दिनु पर्छ।
- सार्वजनिक र सामाजिक परीक्षण भनिएको छ। यो कसरी गर्ने भन्ने बारेमा स्पष्ट हुनु जरुरी छ। आन्तरिक नियन्त्रण कार्यविधि बनाउनु जरुरी छ। वडा अध्यक्षको हैसियतको अनुक्रम (हाइरार्की) को विषय, वडा स्तरमा बजेट बाँडफाँट गर्दा अपनाउनु पर्ने आधारहरु, कसरी खर्च भर्पाइ गराउने जस्ता विषयहरु स्पष्ट भएका छैनन्।
- नगरपालिकाको सेवालाई सकेसम्म डिजिटल बनाउन खोजिएको छ।

## विकास निर्माण, बजेट र समन्वय

- संघीय बजेट तोकिएको समयमा नआइपुग्ने समस्या रहेको छ। प्रदेशसँग समन्वय नभएकाले स्थानीय स्तरका कार्यक्रमहरुमा दोहोरोपना भएको पाइन्छ। वीरेन्द्रनगर नगरपालिकाको पहिल्यै भएको नगर योजनाका वस्तीहरुमा बाटो मापदण्ड

बमोजिम बनेका भए पनि पछि जोडिएका वडाहरुमा नगर योजना बमोजिमको मापदण्ड नपुगिकनै बाटो बनाउँदा बाटो सम्बन्धी विवादहरुमा नगरपालिकाले मुद्दा खप्नुपरेको छ ।

- वडामा बजेट निकासा गर्दा क्षेत्र, भूगोल, जनसंख्या लगायतका विविध आधारहरु तोकी सोही आधारमा निकासा हुने व्यवस्था भए बढी न्यायोचित हुने थियो ।
- प्रदेशको बजेट खर्च नभएर फ्रिज हुने तर स्थानीय सरकारहरुलाई बजेटको अभाव हुने स्थिति पनि देखिएको छ। स्थानीय विकास निर्माण कार्यमा स्थानीय तहहरुलाई विनियोजन गरिने बजेटहरुका बारेमा यो स्थितिलाई हेरेर केही सोचिनु पर्दछ। प्रदेश जनतासँग पनि नजिक नहुने, स्थानीय तहसँग पनि नजिक नहुने तर स्थानीय तह जनतासँग नजिकै बसेर काम गर्नुपर्ने भएकाले जनप्रतिनिधिहरुले त्यस्को दबाब पनि झेलेर काम गर्नुपरेको छ। संघ र प्रदेशले स्थानीय तहको वडा सडक समेत बनाउन बजेट राखेर निर्माण कार्य गर्ने तर स्थानीय सरकारलाई त्यसका बारेमा काम सुरु नभएसम्म थाहा नहुने अवस्था पनि छ । जनशक्ति, दक्षता, क्षमता र विज्ञताको अभाव स्थानीय सरकारहरुको साझा समस्या बनेको छ ।
- बजेट स्रोत अनुमान तथा वडाको योजनामा विषयगत समितिको प्रमुखको संलग्नता र नगर प्रमुख आवश्यकता भएको अवस्थामा संलग्न हुने व्यवस्था देखिन्छ। सभाबाट बजेट पारित गर्नुपूर्व कार्यपालिकाबाट पारित गराइन्छ ।

## न्यायिक समिति

- मेलमिलापलाई बढी जोड दिइएको छ । न्यायिक निरुपण गर्नुपर्ने विवादको एउटा मात्र मुद्दा छ। एकजना कानुन व्यवसायीलाई दैनिक ३ घण्टा नगरपालिकाको न्यायिक समितिलाई सहयोग गर्न नियुक्त गरिएको छ ।
- मेलमिलापमा ठाडो निवेदनबाट पनि विवाद समाधान गरिएको छ। नगर योजनाको बाटोका सम्बन्धमा धेरै विवादहरु आएका छन्। घरेलु हिंसा सम्बन्धी विवाद मौखिक रुपमा आउँछ । यस्तो विवाद लिखित रुपमा प्रक्रियामा लैजान खोज्दा निवेदकहरु विवाद समाधानमै नआउने देखिएको छ । वडामा छलफल गर्दा नमिलेका छरछिमेकको सामान्य विवादहरु पनि नगरपालिकामा उपप्रमुख सामु आएपछि मिलेर गएका छन् ।
- असहाय, निवेदन गर्न नसक्ने सेवाग्राहीहरुलाई सहज होस् भनी एकजना कर्मचारी राख्ने कार्यपालिकाले निर्णय गरेको छ । असहाय विपन्नहरुका लागि निवेदन लेख्ने, कागज तयार गर्ने लगायतका सुविधाहरु निशूल्क सहायता उपलब्ध गराइएको छ । वार्षिक ५०-६० को हाराहारीमा निवेदनहरु आउँछन्। न्यायिक समिति सम्बन्धमा अपनाइएको कार्यविधि विस्तृत भएकाले कार्यविधि सजिलो पार्नुपर्छ भन्ने कुरा पालिकामा उठेको छ । तर सुधार गर्नुपर्ने विषय केके हुन् भन्ने बारेमा भने छलफल भएर टुंगो लागिसकेको छैन। कार्यपद्धति एकातिर अनि व्यवहार अर्कोतिर भएको छ ।

- बहुविवाह, जन्मदर्ता गर्न समस्याहरु देखा परेका छन् । नागरिकता तथा आवश्यक अभिलेखहरु नभएका सेवाग्राहीहरुलाई मेलमिलाप समितिले कसरी सेवा प्रवाह गर्ने भन्ने समस्या देखिएको छ । धेरै समस्याहरु विवाह दर्ता, जन्मदर्ता, नाता कायम सम्बन्धी विवादहरुमा देखिएको छ ।
- हालै मात्र न्यायिक समितिका काम कारबाहीहरुलाई विधि र प्रक्रियामा ल्याउने निर्णय गरिएको छ। नगरपालिकाले न्याय शाखामा कार्य जिम्मेवारी तोकेर दुई जना कर्मचारी नियुक्त गरेको छ। तर न्यायिक समितिको कार्य सहज रुपमा गर्न कम्तीमा दुई जना अदालतमा अभ्यास गर्ने वकिलको व्यवस्था गर्नुपर्ने पालिकाले महसुस गरेको छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- यस सम्बन्धमा नगरपालिकामा विकृतिहरु पनि देखिएको छ। जस्तो अपांगता नभएका व्यक्तिहरुले पनि अपांगता कार्ड बनाउनका लागि प्रयास गरेको पाइएको छ । यसले लक्षित वर्गसम्म तोकिएका सुविधाहरु नपुग्ने समस्या आउन सक्छ ।
- कानुन पिछडिएको वर्ग लक्षित पनि हुनु पर्छ । कृषि क्षेत्रको कानुन व्यवसायिक बनाउन फर्म वा जग्गा भएको व्यक्तिले मात्र अनुदान पाउने तर जग्गा नपुर्‍याउने, नागरिकता नहुनेहरुका लागि पालिकाको अनुदान जान नसक्ने अवस्था छ ।
- पहिले नगरपालिकाले कृषि अनुदान दिँदै आएकोमा त्यस्तो अनुदान पहुँचवालाले मात्रै पाउने अवस्था भएकोमा अहिले त्यस्तो अनुदान हटाएर सहुलियत ऋणको दिशातर्फ नगरपालिका गएको छ । यसबाट कृषि कार्य गर्न चाहने र आवश्यकता भएका व्यक्तिहरु लाभान्वित हुनेछन् भन्ने पालिकाले अपेक्षा गरेका छौं ।
- रुकुम हत्याकाण्डको विषयमा वीरेन्द्रनगर नगरपालिकाको सभामा छलफल भएको थियो । सो विषयमा नगरपालिकाले पीडितहरुलाई समवेदना व्यक्त गर्ने विषयमा सुरुवातमा नगरपालिकाले सो नमानेकोमा दलित जनप्रतिनिधिहरुले पहल गरी नगरपालिकालाई समवेदना व्यक्त गर्न मनाएर दलितहरुको भावनाको कदर गरिएको थियो ।
- नगरपालिकाले कार्यविधि बनाएर समावेशी करार कोटा सुनिश्चित गरेको छ ।
- कार्यपालिकालाई साझा अधिकारका विषयमा कार्य गर्न गाह्रो छ । संघीय र प्रदेश स्तरमा पुग्ने दलित तथा अन्य पिछडिएका वर्गका महिला जनप्रतिनिधिहरुले आफ्नो क्षमता र दक्षता विकास गरी प्रभावकारी रुपमा काम गर्न सक्ने हुँदैछन् । तर स्थानीय तहमा रहेका दलित, अल्पसंख्यक तथा पिछडिएका वर्गका धेरै महिला जनप्रतिनिधिहरु घरपरिवारको स्तरबाट माथि उठ्न संघर्ष गर्दैछन् । कतिपयलाई परिवारबाट सहयोग पनि छैन । न त सभा, न कार्यपालिकामा आफ्नो कुरा प्रभावकारी रुपमा राख्न सकेका छन् । घरपरिवारबाट दिनभरि बाहिर हिँडेर कमाईको बाटो गुमेको भनी मानसिक तनाव भोगिराख्नु परेको छ भने पालिकामा पनि अशिक्षा तथा अवसरको अभावमा निर्णयहरुमा हस्ताक्षर गर्ने भन्दा बढी प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको अवस्था छ । यद्यपि विगत ३ वर्षदेखिको कार्य अनुभवले उनीहरुमा आफ्नो

अधिकारहरु प्रति सचेतना भने आएको देखिन्छ । अहिलेको संघीयताले दक्ष, शिक्षित र बहुआयामिक जनप्रतिनिधि खोजेको छ । तर अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु र अन्य धेरै प्रतिनिधिहरु सो बमोजिम आउन सकेका छैनन् । अर्को पल्टका लागि भने उनीहरुको क्षमतामा प्रशस्त सुधार देखिने छ ।

- अधिकांश महिलाको हकमा पारिवारिक विषयले पनि असर पारेको छ । थारु परम्परामा पारिवारिक बन्धनमा बस्नु पर्ने सांस्कृतिक पाटो पनि छ । महिलालाई सामाजिक क्रियाकलापमा त्यति संलग्न गराइँदैन । त्यस्ता भेलाहरुमा पुरुषको वर्चस्व छ । महिलाको धेरै आवाज आउँदैनन् । त्यसले राजनीतिक विषयमा महिलालाई पछि पारेको छ ।
- थारु जनजातिमा देखिएको *सिकल सेल एनिमिया* रोगको निशुल्क परीक्षण र उपचार गर्न स्थानीय सभामा माग भएको छ । विशेषज्ञ डाक्टरको व्यवस्था गर्न अनुरोध गरिए पनि पालिकाले यस विषयमा निर्णय गर्न भने सकेको छैन ।
- सुगम र सुविधा सम्पन्न नगरपालिका भए पनि नगर सभाका महिला सदस्यहरु अझै आत्मविश्वासयुक्त हुन सकेका छैनन् । सार्वजनिक रुपमा बोल्न कतिपयले अझै लाज मान्दछन् । दुर्गमको अवस्था झन् गाह्रो छ । अध्ययनको कमी पनि छ । स्थानीय तहको कानुनी विषयमा विस्तारमा बुझाउन सक्ने लामो तालिमको आवश्यकता देखिएको छ । यस्तो तालिम कानुन सम्बन्धी विषय, वडा सदस्यको जिम्मेवारी, कार्यपालिकाले गर्ने कामकारबाहीहरु, सभाको भूमिका, कार्यपालिका र सभाको सम्बन्ध जस्ता विविध विषयहरुमा हुनु जरुरी छ ।
- दलित महिला, द्वन्द्व पीडित, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिकका विषयमा बजेट बढी भए राम्रो कार्य गर्न सकिन्छ । महिला स्वरोजगार कार्यक्रम, कृषि बीउ बीजन कार्यक्रम आदि कार्यक्रमहरु नगरपालिकाले सञ्चालन गरेको छ । अटो रिक्सा चालक ऋणले जीवनस्तर उकास्न मद्दत गरेको छ । निम्न वर्गीय जनतालाई स्थानीय कार्यक्रमले सहयोग गरेको छ ।
- स्थानीय संग्रहालयहरु जस्ता सम्पदाले स्थानीय संस्कृति संरक्षण गर्न योगदान दिन्छ ।
- नयाँ संविधानले दलित, अल्पसंख्यक तथा जनजातिहरुको समावेशी प्रतिनिधित्वको व्यवस्थालाई सुनिश्चित गरेकाले अहिले १६ वटा वडाबाट १६ जना दलित महिला प्रतिनिधिहरु छन् । पढेलेखेका केही दलित महिलाहरुले खोजीनिति गरेर आफू जागरुक र सचेत भए पनि अधिकांश दलित महिला प्रनिनिधिहरुमा त्यसो हुन सकेको छैन । दलित महिलाले उठाएका मुद्दाहरुको सुनुवाई हुँदै छ ।
- दलित महिलाहरु दलित कोटामा आउँदा रोजगार, शिक्षा, विकासका कुरा उठाइन्छ । बजेट छुट्याइएको भए पनि थोरै भएका कारण प्रभावकारी हुन सकेको छैन ।
- नगरपालिकामा गर्भमैत्री नगरपालिका, महिलाका लागि नगरपालिका, एक घर एक रोजगार जस्ता कार्यक्रमहरु छन् । महिला हिंसालाई नगरपालिकाले संवेदनशील रुपमा लिन्छ । प्रहरीमा कुनै निवेदन परेमा नगरपालिकाले गर्नुपर्ने सबै सहयोग गरिन्छ । यो विषयमा नगर प्रमुख र उपप्रमुखले पनि समन्वय गर्दछन् । लैंगिकता मैत्री बजेटमा पनि ध्यान दिइएको छ ।

## ७. टीकापुर नगरपालिका

### नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तह

- प्रदेशको क्रियाकलापहरुले पालिकाहरुलाई समेट्न सकेको छैन । स्थानीय र संघ दुवैबाट स्रोतसाधन ओगटेर बसेको तर स्थानीय तहका लागि अभिभावकत्व लिन नसकेको अवस्था छ । स्थानीय पालिकालाई विज्ञताको सहजीकरण गर्ने कार्य समेत गर्न सकेको छैन । पालिकाले कानुनको प्रश्नमा सोध्न जाने बाटो प्रदेश हुन सकेको छैन । प्रदेश स्तरमा स्थानीय सरकारलाई कानुन निर्माणमा सहयोग गर्ने संयन्त्र चाहिएको छ । प्रदेशको कानुन मन्त्रालयले त्यस्तो सहयोग गर्न सक्दछ ।
- जिल्ला समन्वयन समितिले पहिलो वर्ष जिल्लाभरिका पालिकाहरुको दक्षता अभिवृद्धि गर्न खोजे पनि अहिले सेलाएको छ । यसले पर्यटन, कर्णाली र्‍याफ्टिङ्ग, केवलकार, डल्फिन संरक्षण, चक्रपथ निर्माण आदि विषयहरु उठाएको भने छ । अन्तरपालिका व्यवसाय प्रवर्द्धन गर्न पनि प्रयासरत छ । तर यसको अधिकार भनेको समन्वयकारी अधिकार मात्र हो ।
- स्थानीय परिवेश अनुसारको कानुन निर्माण गर्न पालिका प्रयासरत छ । भूमि सम्बन्धी कानुन नबन्दा तथा भएका कानुन पनि स्थानीय परिवेश अनुकूल नहुँदा सुकुम्बासी समस्या समाधान गर्न सकिएको छैन । मालपोत र वन कार्यालयलाई स्थानीय फ्रेमवर्कमा लैजान सके राम्रो हुन्छ । यस सम्बन्धी कानुनमा छलफल गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- कतिपय अवस्थामा संघ र प्रदेशका कार्यक्रम फिल्डमा कार्यान्वयनमा आइसकेपछि मात्र थाहा हुने अवस्था छ । स्थानीय सरकार अझै व्यवस्थित हुन सकेको छैन । प्रदेश भन्दा संघ स्थानीय तहका हकमा सुरुवात भन्दा केही व्यवस्थित हुँदै गएको अवस्था छ । स्थानीय तहलाई प्रभावित गर्ने कानुन निर्माण गर्दा प्रदेशले स्थानीय तहको सुझाव नलिएको परिस्थिति अहिले छ । नगरपालिकाले विज्ञता सेवा लिन पारिश्रमिक दिएर विज्ञ जनशक्ति राख्न पाउनु पर्ने व्यवस्था हुनु आवश्यक छ ।
- प्रदेशले अझै स्थानीय तहलाई हेर्न सकेको छैन । हरेक विषय संघीय सरकारसँग गएर ठोकिन्छ ।
- अधिकार घर-घर पुगेको भनेर प्रचार भए पनि घर-घर सरकार नपुगेको जनगुनासो छ ।

### स्थानीय ऐन निर्माण र कार्यान्वयनको विषय

- न्यायिक समिति र सभा सञ्चालनका अभ्यासहरु पालिका पिच्छे फरक छन् । कसैले संसदीय प्रणालीका रुपमा त कसैले आफैंले आफ्नो हिसाबले कानुन बनाउने अभ्यास छ । टीकापुर नगरपालिकाले न्यायिक समितिका लागि कानुन अधिकृत पनि राखेको छ । सभाभित्र प्रतिनिधित्व भएन र आफ्नो आवाज सुनिएन भन्ने गुनासो आएको छ । नीतिनिर्माण सार्वजनिक मञ्चमै गर्नुपर्ने भन्ने जस्ता आवाजहरु पनि सुनिएको

छ । केही पालिकाहरुको सभामा दलका सदस्यहरु समेत राखेर सभा सञ्चालन गरिएको अवस्था थियो । टीकापुरमा सभाको मर्यादा बमोजिम सभा सञ्चालन गर्ने अभ्यास छ ।

- पालिकालाई आवश्यक कर्मचारीका लागि संघीय सरकारको मुख ताकेर बस्नुपर्ने तथा निजामती कर्मचारीहरु आफूलाई प्रतिकूल हुने बित्तिकै सरुवा मागेर गइहाल्ने कारणले टीकापुर नगरपालिकामा वर्षमा ३ पटक प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भएको छ । यसले सेवा प्रवाह तथा संस्थागत विकासको कार्यमा समस्या पारेको छ । कर्मचारी थप गर्नुपर्ने परिस्थितिमा नगरपालिकाले काम गरिरहेको छ । स्थानीय कर्मचारीको वृत्ति विकासका सन्दर्भमा निजामती कर्मचारीलाई रोकिएको छैन तर स्थानीय कर्मचारीहरुको वृत्ति विकास रोकिएको छ ।
- स्थानीय तहलाई एकल अधिकारका विषयमा कानुन निर्माण र संशोधनको अधिकार भए पनि विज्ञताको अभाव भने पाइन्छ । 'घ' वर्गको निर्माण व्यवसायी सम्बन्धी कार्यविधिको कार्यान्वयनमा समस्या देखिएको छ ।
- नगरपालिकाले भाडामा दिएका व्यवसायिक सटरहरुबाट उठ्नुपर्ने भाडा रकमको आधा पनि उठाउन सकिएको छैन । स्थायी कर्मचारीहरु बाहिरबाट आएका होइनन् । लोकसेवाबाट नयाँ कर्मचारी आए पालिकामा नयाँ दक्षता आउने थियो । टीकापुर नगरपालिकाले पारित गरेको उपभोक्ता सम्बन्धी हित समिति सम्बन्धी ऐन र निर्देशिका अरु पालिकाहरुले पनि पछ्याएका छन् । सूचना प्रविधि सम्बन्धी ऐन बनाउनु आवश्यक छ । पालिकाको कामहरुलाई प्रविधिमैत्री बनाउँदै लैजानु पर्ने आवश्यकता देखिन्छ । संघ तथा प्रदेशसँग नबाझिने गरी ऐन बनाउने विषय पनि ध्यानमा राखिनु पर्छ । न्यायिक समितिलाई प्रशिक्षण दिएर कार्य दक्षता बढाउन सकिन्छ । वि.सं. २०५४ देखि लामो समयसम्म कर्मचारीहरुले स्थानीय निकाय चलाएका कारण उनीहरुमा एक प्रकारको *रेजिस्टेन्स* थियो । कर्मचारीहरुले नगर प्रमुखलाई नटेर्ने तथा जनप्रतिनिधिहरुले कर्मचारीलाई नटेर्ने अवस्था थियो । क्रमशः सुधार हुँदैछ । कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त गर्नुपर्ने आवश्यकता छ । कर्मचारीलाई थप क्रियाशील बनाउनुपर्ने तथा समय सापेक्ष तालिमको पनि आवश्यकता छ । कर्मचारीहरुको कामको मूल्यांकन गरी बढुवा दिने व्यवस्थाका लागि आवश्यक मापदण्ड र संयन्त्र बनाउँदा प्रभावकारी हुन सक्छ ।
- स्थानीय तहमा अधिकारहरु आइसकेको भनिए पनि स्थानीय तहले कानुनी आधारहरु बनाइ नसकेको हुनाले जनतालाई सेवा प्रवाह गर्ने क्रममा अझै सकस भएको छ । बनेका कानुनहरुको कार्यान्वयन प्रभावकारी रुपमा गर्नुपर्ने आवश्यकता पनि छ ।
- जनप्रतिनिधिहरुले कार्यालय समयभन्दा बाहिर गएर पनि कार्य गरेका छन् । महामारीको समयमा दिनरात नभनी खटिएको पनि हुन् । तर उनीहरुलाई सेवा सुविधाको अभाव छ ।
- नगरपालिकाको ७ वटा वस्तीमा सुकुम्बासी समस्या छ । उनीहरुसँग भूमिको जग्गाधनी पूर्जा वा नागरिकता नभएको कारण शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी जस्ता सार्वजनिक सुविधाबाट वञ्चित हुनुपर्ने अवस्थामा त्यस्तो कागजात नभए

पनि पहिचान गरी त्यस्ता परिवारलाई उपरोक्त आधारभूत सेवा सुविधाहरु प्रदान गरिएको छ ।

- नागरिकता सिफारिस गर्दा अंगीकृत नागरिक र भारतीयको हकमा विवाह भएपछि आधार कार्ड र ग्राम/नगर पञ्चायतको सिफारिस पत्रको आधारमा गर्ने गरिएको छ । बच्चाको बुवा पत्ता नलागेको अवस्थामा पनि शिक्षाबाट वञ्चित नगर्ने नीति वडाले लिएको छ ।
- अन्य पालिकाहरुको अनुभव व्यक्तिगत तथा अनौपचारिक सम्पर्कको माध्यमबाट सहजीकरण गरेर कार्य गरिरहेको अवस्था छ । गरिबी तथा अत्याधिक जनघनत्वका कारणबाट उत्पन्न हुने समस्याहरु पनि छन् ।
- संघीयतालाई बल पुग्ने खालको अभिमुखीकरण स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुमा नपुगेको अवस्था छ । दलगत रुपमा निर्देशित हुने र संकुचित घेरामा बसेर नगर विकासको काम भएको उदाहरण पनि देख्न सकिन्छ । अन्य व्यक्तिहरुको प्रतिक्रिया तथा सल्लाह सुझावहरु लिने र फरक कुरा सुन्ने प्रवृत्तिको विकास हुनु जरुरी छ ।
- स्थानीय तह र प्रदेश सभासद बीच अनौपचारिक सम्पर्कले पनि सम्बन्धित स्थानीय तहलाई लाभ हुन सक्छ । यसलाई कसरी बढाउने भनेर सोचिनु पर्दछ । दीर्घकालीन परिदृश्यको अभाव, प्रतिबद्धताको कमी तथा व्यक्तिगत स्वार्थको विषय बढी प्राथमिकतामा परेको छ ।
- यहाँ पालिकाले भूमिहीन र सुकुम्बासीहरु तथा कमलरी एवम् मुक्त कमैयाहरुको समस्यालाई सम्बोधन गर्नुपरिरहेको छ । यो विषयमा प्रदेश र संघ सरकारले अग्रसरता नलिएसम्म स्थानीय सरकारले मात्रै स्थायी समाधान खोज्न सक्ने परिस्थिति छैन । उनीहरुलाई कतै स्थापित गर्न सके टीकापुरको ठूलो समस्या समाधान हुन सक्दछ ।
- टीकापुरका करिब १५ प्रतिशत स्थानीय जनताहरुले भोगचलन गरेको भूमि कसको नाममा छ भन्ने थाहा छैन । भूमाफियाहरुको जगजगी छ। टीकापुरमा भूमिको विवाद संवेदनशील रुपमा रहेको छ । जग्गाको भोगचलनका हकमा पनि उदाहरणका लागि १० कट्ठा जग्गा भोगचलन गरेको मानिससँग ५ कट्ठा जग्गाको मात्र कागज छ, बाँकीको ५ कट्ठा जग्गा कसको हो भन्ने थाहा छैन ।

## स्थानीय व्यवस्थापिकाका रूपमा नगरसभा

- एकल अधिकारका विषयमा स्थानीय कानुन बनाउने विषयमा जोड पुग्न सकेको छैन । स्थानीय सभामा कानुन निर्माणमा सदस्यहरुको चासो कम छ । नगर सभा भित्रको विधायन समिति सक्रिय छैन । कार्यपालिकाकै हकमा पनि गैरसरकारी संघ संस्थाले कुनै प्रकारको कानुन चाहियो भने मात्र उक्त विषयमा कानुन बन्ने गरेको छ । उनीहरुको सहयोग कार्यपालिकालाई प्राप्त छ ।

- जनप्रतिनिधिहरुले स्थानीय योजना र विकास निर्माणको बढी सक्रिय तर नीतिगत तथा उपयुक्त कानुन प्रणालीको विकासमा धेरै अभिरुचि राख्ने गरेका छैनन् । नगरपालिकामा उपलब्ध कर्मचारीहरुमा विषयगत विज्ञता नभएका कारण प्रभावकारी सेवा प्रवाहमा व्यवधान भएको छ ।
- सभा सञ्चालनमा नगरसभा सञ्चालन कार्यविधि अनुसार संसदीय अभ्यास हुन सकेको छैन । संसदीय अभ्यास गर्नका लागि सभा सदस्यहरुको राजनीतिक पृष्ठभूमिको पनि असर परेको देखिन्छ । स्थानीय सरकारले जिम्मेवारी पाएपछि जनतामाझ लोकप्रियता कमाउन खोज्ने प्रवृत्ति छ । तर सभालाई पर्याप्त काम दिने र संलग्न गराउने काम भएको छैन । मर्यादापालक तथा नगरप्रहरीहरुको प्रयोग गरेर सभालाई अझै संगठित बनाउन सकिन्छ । पालिका अनुसार जनशक्ति र दक्षता नपुगेको अवस्था छ । यद्यपि विगतका दिनभन्दा नगर सभा राम्रो हुँदै गएको भने छ ।
- विधायन समितिमा छलफल गरेर कार्यपालिकाले कानुनको आवश्यकता महसुस गरेपछि समुदायमा गएर स्थानीय परिवेश समाहित गरी नयाँ ऐनहरु ल्याउन नगरपालिका प्रयासरत छ ।
- सभा सदस्यहरुमा क्षमता, विज्ञता, अभिरुचि र प्रतिबद्धताको अभावजस्ता समस्याहरु पनि छन् । आफूले काम गर्नुपर्ने विषयमा अध्ययन गर्ने संस्कृतिको कमी छ । यो संस्कृति विकास गर्दै लैजानु छ ।
- सुरुमा विधेयक अध्ययन नगर्ने तर पारित गर्ने बेलामा ऐन नै पारित गर्न नदिने जस्ता कार्य पनि भएका छन् । तर यो निरन्तर विशेषता होइन । सभामा समिति प्रणाली सुदृढ भइसकेको छैन । यसो हुन सकेमा यस्ता समस्या आउँदैनन् ।
- प्रदेश सरकारले १२ वटा नमुना पठाएको छ । यो राम्रो सहयोग हो । स्थानीय ऐन कानुन परिमार्जन गरेर राम्रो बनाउनु पर्छ भन्ने सचेतनामा अभिवृद्धि भएको छ ।

## सुशासन

- भएका विकास निर्माण कार्यहरुको स्वतन्त्र विज्ञबाट अनुगमन हुन सकेको छैन । पालिकाको इञ्जिनियर आफैंले बनाउने र आफैंले अनुगमन गर्ने गर्दा गुणस्तरीयताको उपयुक्त मूल्यांकन हुन सकेको छैन । कतिपय कार्यका लागि पहिला बजेट छुट्याइन्छ, त्यसपछि बल्ल अनुमान गर्ने काम हुन्छ । पहिला अनुमान गरेर पछि बजेट छुट्याउने कार्य भएमा राम्रो हुने स्पष्ट छ ।
- पारदर्शिताको अभाव छ । उदाहरणका लागि कुनै एक समूहलाई ८०-९० लाखको माटो पुर्ने जिम्मा दिएर कामचलाउ हिसाबले काम गरेको देखेका छौं ।
- जथाभावी धाकधम्कीका आधारमा पालिकाबाट भुक्तानी गराउने अवस्था पनि छ । पालिकाको लेखा अधिकृतलाई हतियार देखाएर चेक लिने तर त्यस्तालाई केही गर्न नसकेको भन्ने भनाई पनि सुनिएको छ । त्यसरी दुख दिनेलाई कानुनको दायरामा ल्याउन सकिएको छैन ।

- ऐन कानुन मार्फत जानु भन्दा सजिलो बाटो खोज्ने प्रवृत्ति छ। दवाब दिनेहरुले यसै बाटोलाई पछ्याउँछन्। नगरपालिकामा विगतका वर्षहरुमा सामाजिक परीक्षण भएको भएता पनि यो वर्ष हुन सकेको छैन।

### विकास निर्माण, बजेट र समन्वय

- बजेटका हकमा स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन हुनु पर्ने आवश्यकता छ। राजस्व परामर्श समिति र बजेट तर्जुमा समितिमा दुईजना हुँदा कार्य गर्न बाधा परेको अवस्था छ। जसको नेतृत्व हो, उसैले बजेट निर्माण गर्न पाउँदा प्रभावकारी हुन्छ।
- विकास निर्माणका क्रममा ऐलानी जग्गा र नक्सा पास भएको जग्गामा बाटो विस्तार गर्दा पनि नगरपालिकाले समस्या भोग्नु परेको छ।

### न्यायिक समिति

- न्यायिक समितिमा आउने सबैजसो विवादहरुलाई मेलमिलापका माध्यमबाट समाधान गर्ने गरिएको छ। विवादहरुको न्यायिक निरुपण सकेसम्म नगरेको अवस्था हो। कानुनी प्रावधानहरु सम्बन्धी ज्ञानको अभावका कारणले यस्तो समस्या आएको हो। सुरुमा न्यायिक समितिको सदस्य बन्न होडबाजी भएपनि अहिले सदस्यहरु आफ्नै वडाको जिम्मेवारीले घेरिएको भनेर समितिलाई टार्ने प्रवृत्ति पनि देखा परेको छ।
- न्यायिक समितिलाई न्यायालयले मार्गदर्शन गर्नुपर्ने आवश्यकता छ। तर सामान्यतः त्यो माग गर्ने कानुनी हैसियत न्यायिक समितिमा छैन। न्यायिक निरुपणको विषयमा अझै प्रणालीगत अभ्यास फितलो छ। यो सेवा प्रवाह गर्ने राम्रो संयन्त्र पनि पालिकासँग रहेको छैन।
- न्यायिक समितिलाई सुनुवाइका लागि केही बजेट छुट्याइएको छ।
- पालिकाको कानुन अधिकृत न्यायिक समिति तथा सभाको विधायन समितिको सचिव हुनु पर्दछ। यस्तो भयो भने विवाद सम्बन्धमा कानुनी ज्ञानको पूर्ति हुन सक्दछ।

### लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- "हाम्री छोरी, राम्री छोरी", "आमासँग उपमेयर", "उपप्रमुख अनाथ असहाय छात्रवृत्ति" जस्ता लोकप्रिय कार्यक्रमहरु सञ्चालनमा ल्याइएको भए पनि दीर्घकालका लागि स्रोतसाधनले उक्त कार्यक्रमलाई निरन्तरता दिन सकिन्छ वा सकिन्न भनी मूल्यांकन भने हुन सकेको छैन।
- नगरपालिकाले शिक्षा, स्वास्थ्य, बालबालिका, अपांगता भएका व्यक्तिहरुका बारेमा सामाजिक सुरक्षा कार्यक्रमहरुको नेतृत्व गरेको छ। बालबालिकाका लागि घरेलु हिंसा कोषको व्यवस्था गरिएको छ। टीकापुर नगरपालिकाको समस्याको रुपमा

रहेको मानव बेचबिखनको समस्या कम हुँदैछ । लैंगिक समानता र सामाजिक समावेशिकरणको विषयमा बजेट कनिका छर्ने प्रकारका छन् ।

- हाम्री छोरी, प्यारी छोरी कार्यक्रमबाट २० वर्षपछि बिहे गर्दा पालिकाले २० हजार रुपैयाँ दिने व्यवस्था गरी बालबिवाहलाई रोक्न खोजिएको छ। नगरपालिकाले निशुल्क रक्त सेवा सञ्चालन गरेको छ । सुत्केरीलाई घरबाट अस्पताल निशुल्क लैजाने व्यवस्था गरेको छ । त्यसको एम्बुलेन्स खर्च पालिकाले नै तिर्ने प्रबन्ध टीकापुर नगरपालिकामा छ ।
- सभा र कार्यपालिकाको संरचनाले नै यसमा सहयोग गरेको छ। वडा नै सरकार हो भन्ने धारणा विकसित भएको छ । उपभोक्ता समिति आदिमा महिलाहरुको सहभागितालाई प्रोत्साहित गरिएको छ।
- स्थानीय सरकार सञ्चालन ऐनमा महिला, बालबालिका तथा सामाजिक समावेशिकरणको विषयमा पहिल्यै यति बजेट दिने भन्ने प्रावधान राख्न सके यो विषय बाध्यकारी हुने थियो ।
- लैंगिक समता र समावेशिताको विषयमा एक मस्यौदा नीति तयार हुँदै छ। अति विपन्न वर्ग पहिचान गर्ने सूचकांकहरु तयार गरिएका छन् ।
- विवाह दर्ताको समस्या पनि छ। जस्तो एक व्यक्तिको दोस्रो श्रीमती शारीरिक रुपमा अशक्त तथा विवाह दर्ता पनि नभएको र सोही कारण बच्चाको जन्मदर्ता समेत हुन सकेको छैन । नगरपालिकाले समाधान खोज्नु पर्ने भएको छ । त्यस्तै, घर र माइतीबाट नागरिकता नपाएको, महिलाहरुको विवाह दर्ता नभएको, बच्चाको जन्मदर्ता नगरेका कारण शिक्षाबाट वञ्चित हुनु परेको अवस्थाहरु छन्। बहुविवाहको परिस्थितिमा अंशको प्रश्न पनि समावेश छ ।
- सुकुम्बासी (दलित, चौधरी, मुसहर, राइ लगायत) हरुलाई सरकारी सुविधा, बाटोघाटो, बिजुली पानीको सुविधा दिन असहज भएको छ ।

उपरोक्त सबै दृष्टिकोणहरुले नगरपालिकाहरुको कानुन निर्माण तथा कार्यान्वयनको परिप्रेक्ष्यलाई उल्लेख गर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने सामान्यतया सबै नगरपालिकाहरुलाई आफ्नो परिस्थितिको ज्ञान छ। उनीहरुले कैयौं स्थानीय समस्याहरुलाई पहिचान गरेका छन्। तर पहिचान गरेका विषयहरुलाई नगरपालिकाले आवश्यक कानुन, नीति नियम, कार्यविधि तथा कार्यक्रमहरु बनाएर समाधानको बाटोतर्फ लैजान प्रभावकारी रुपमा काम गर्नुपर्ने देखिन्छ ।

भाग ६

# निष्कर्ष तथा सुझावहरू

नेपालको परम्परागत केन्द्रीकृत शासन व्यवस्थामा व्यापक परिवर्तन गर्न भएका विभिन्न आन्दोलन पश्चात देशको शासकीय व्यवस्था लगायतका नयाँ राज्यस्वरुप निर्धारण गर्न निर्वाचन मार्फत संविधानसभाको गठन गरिएको थियो । जेठ १५, २०६५ मा आफ्नो कार्य सुरु गरेको पहिलो संविधानसभाको कार्यकाल कुनै निष्कर्षमा नपुगी २०६९ सालको जेठ १४ गते मध्यरातमा सकियो । एक वर्षभन्दा बढीको अलमल पछि ४ वर्षका लागि दोस्रो संविधानसभाको निर्वाचन भएको थियो । वि.सं. २०७० सालको मंसीर महिनामा भएको निर्वाचन मार्फत आफ्नो कार्यकाल सुरु गरेको दोस्रो संविधानसभा करिब दुई वर्षमा नयाँ संविधान जारी गर्दै व्यवस्थापिका संसदमा रुपान्तरित भएको हो । यसप्रकार नेपालमा दोस्रो संविधानसभा मार्फत असोज ३, २०७२ मा नेपालको नयाँ संविधान जारी भयो । यो संविधानले नेपालको परम्परागत राज्यको स्वरुपलाई पुन: संरचना गर्दै नेपालमा संघ, प्रदेश र स्थानीय गरी ३ तहको शासन व्यवस्था रहने उल्लेख गर्‍यो । सोही अनुसार ७५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र एउटा संघीय सरकारको निर्वाचन भई तीनवटै तहका सरकार आज नेपालमा कायम रहेका छन् । संघ, प्रदेश र स्थानीय तहहरु सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भन्दै संविधानले आफ्नो विभिन्न धाराहरुमा यी सबै तहको संवैधानिक अवस्थितिका बारेमा उल्लेख गरेको छ । संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारका विषयहरु पनि समावेश भएका छन् । स्थानीय तहका लागि संघीय व्यवस्थापिका संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आधार बनाउँदै स्थानीय तहहरु आफ्नो संवैधानिक कार्यक्षेत्रमा कार्यरत छन् ।

यसै पृष्ठभूमिमा स्थानीय तहको निर्वाचन भई करिब तीन वर्षको अवधि पूरा हुन लागेको अवस्थामा नयाँ व्यवस्था अनुसार कार्य गर्दा स्थानीय कानुन निर्माणमा स्थानीय सरकारको वर्तमान स्थिति; यो अवधिमा कुन कुन विषयमा कस्ता कानुनहरु निर्माण भएका छन्; कानुन निर्माणमा नगरसभाको भूमिका र प्रभावकारिता कस्तो छ; लैंगिक समानता र सामाजिक समावेशिकरणका विषयमा स्थानीय सरकारहरुले कसरी काम गर्दै छन् भन्ने विषयमा यो अध्ययन गरिएको हो ।

लिखित स्रोतहरुको अध्ययनका क्रममा स्थानीय अनुभव बटुलेका सातवटा प्रदेशका सातवटा नगरपालिकाहरुलाई नमुनाका रुपमा लिइएको थियो । प्रदेश १ बाट दमक नगरपालिका, प्रदेश २ बाट कलैया उपमहानगरपालिका, बागमती प्रदेशबाट भीमेश्वर नगरपालिका, गण्डकी प्रदेशबाट वालिङ नगरपालिका, लुम्बिनी प्रदेशबाट तानसेन

नगरपालिका, कर्णाली प्रदेशबाट वीरेन्द्रनगर नगरपालिका तथा सुदुरपश्चिम प्रदेशबाट टीकापुर नगरपालिकाको कानुन निर्माणको अवस्थितिको अध्ययन र स्थलगत भ्रमण गरिएको थियो । यस्तो स्थलगत अध्ययनमा सबै नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य तथा नगरसभाका सदस्य एवम् कर्मचारीहरुसँग छलफल गरिएको थियो ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय कानुन निर्माणका समस्या तथा अवसरहरुलाई यस अध्ययनको अघिल्ला पाँचवटै भागहरुमा स्पष्ट गरिसकिएको छ । केही विषयवस्तुहरु संक्षिप्त रुपमा यहाँ निष्कर्ष तथा सुझावहरुका रुपमा प्रस्तुत गरिएका छन् ।

## १. स्थानीय कानुनहरूको स्थिति

संविधानले स्थानीय तहलाई एकल अधिकारको रुपमा रहेको अनुसूची ८ का विषयवस्तुहरुमा आवश्यक कानुन बनाउन सक्ने अधिकार दिएको छ । सोही बमोजिम अध्ययन गरिएका सबै ७ स्थानीय सरकारहरुले विभिन्न विषयमा उत्साहप्रद रुपमा स्थानीय कानुन, नियमावली तथा कार्यविधिहरु निर्माण गरेको पाइएको छ । स्थानीय तहहरुलाई कानुन निर्माणमा सहजीकरणका लागि सूरुको अवधिमा संघ सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न नमुना कानुन (नमुना ऐन, नियमावली, कार्यविधि, निर्देशिका) हरु पनि उपलब्ध गराएको देखिन्छ । यस्तो नमुना कानुनहरुमा स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण; विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन, कृषि व्यवसाय प्रवर्द्धन, एफ एम रेडियो व्यवस्थापन र सञ्चालन, नगरसभा, न्यायिक समितिको कार्यविधि, शिक्षा, सहकारी, आर्थिक तथा विनियोजन ऐन, सम्बन्धित पालिकाको कार्य सम्पादन एवम् कार्यविभाजन, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनहरु देखि लिएर बजार अनुगमन तथा गरिबी निवारण सम्मका विषयहरु परेका छन् । तेस्रो तहमा रहेका अलमल हटाउनका लागि आधारभूत विषयवस्तुमा न्यूनतम स्तर तथा स्थिरता कायम गर्न उक्त नमुनाहरुले प्रशस्त योगदान गरेको पाइन्छ ।

उपरोक्त बाहेक पनि सबै स्थानीय तहले आफूलाई आवश्यक ठानेका विषयहरुमा आफ्नो शासकीय अधिकार अन्तरगत उपयुक्त कानुनहरु बनाएर जारी गर्ने प्रक्रिया कायम छ । सुरुवातमा अधिकांश ऐनहरु नमुना कानुनमा आधारित भएर ल्याएको देखिन्छ । तथापि नमुना कानुन बाहेक पनि स्थानीय सरकारहरुले विभिन्न नियमावली तथा कार्यविधिहरु बनाएको पाइन्छ । अध्ययन गरिएका सबै स्थानीय तहले बनेका नियम कानुनहरु वेबसाइटमा राखी सबैको जानकारीका लागि राख्ने एवम् अद्यावधिक गर्ने गरेका छन् । यस अध्ययनको लागि नगरपालिकाको वेबसाइटमा उपलब्ध ऐन, नियमावली तथा कार्यविधिहरुलाई नै उपरोक्त स्थानीय तहले बनाएको समग्र कानुनका रुपमा लिइएको छ । यस खण्डमा पनि त्यस्ता कानुन, नियम तथा निर्देशिकाहरुलाई उल्लेख गर्न सकिन्छ ।

उदाहरणका लागि दमक नगरपालिकाले विनियोजन ऐन, आर्थिक ऐन, न्यायिक समिति कार्यविधि ऐन, सहकारी ऐन, कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, स्थानीय बजार व्यवस्थापन ऐन, कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धी ऐन, तथ्यांक तथा अभिलेख संकलन ऐन, बसपार्क ऐन, स्वास्थ्य तथा सरसफाई ऐन, आधारभूत तथा माध्यमिक शिक्षा ऐन, संस्था दर्ता ऐन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, नगर प्रहरी ऐन, प्रशासकीय कार्यविधि ऐन, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन र प्रज्ञा प्रतिष्ठान ऐन बनाएको पाइन्छ । यसबाहेक दमक नगरपालिकाले नगरसभाबाट पारित गरी प्रशासकीय संगठन, संरचना र दरबन्दी मापदण्ड पनि लागु गरेको छ । उपरोक्त ऐनबाहेक सातवटा नियमावली तथा ३५ भन्दा बढी कार्यविधिहरु दमक नगरपालिकामा लागु भएको देखिन्छ ।

त्यसैगरी, कलैया उपमहानगरपालिकामा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, आर्थिक ऐन, विनियोजन ऐन, न्यायिक समिति सम्बन्धी कार्यविधि ऐन, शिक्षा ऐन, स्वास्थ्य ऐन, स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन तथा वातावरण संरक्षण ऐन लागु रहेका छन् । यसबाहेक कलैया उपमहानगरपालिकामा १५ वटा नियमावली तथा कार्यविधिहरु बनाइएको छ ।

बागमती प्रदेशको भीमेश्वर नगरपालिकामा विनियोजन ऐन, आर्थिक ऐन, सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, सहकारी ऐन, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, न्यायिक समिति कार्यविधि ऐन, कृषि तथा पशुपालन सम्बन्धी ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, आधारभूत सरसफाई तथा फोहरमैला व्यवस्थापन ऐन, आधारभूत तथा माध्यमिक शिक्षा ऐन बनेका छन् । यसबाहेक १२ वटा नियमावली, कार्यविधि तथा दिग्दर्शनहरु पनि लागु गरिएको देखिन्छ ।

गण्डकी प्रदेशको वालिङ नगरपालिकामा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, स्थानीय शिक्षा ऐन, बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, सहकारी ऐन, स्वास्थ्य तथा सरसफाई ऐन, वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन लागु रहेका छन् । यसबाहेक ३० वटा भन्दा बढी नियमावली तथा कार्यविधिहरु यस नगरपालिकामा कार्यान्वयनमा छन् ।

त्यसैगरी, तानसेन नगरपालिकामा स्वास्थ्य सेवा ऐन, आर्थिक ऐन, विनियोजन ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन र कृषि व्यवसाय प्रवर्द्धन ऐन वेबसाइटमा उपलब्ध छन् । यसबाहेक १५ वटा नियमावली तथा कार्यविधिहरु पनि लागु गरिएको छ ।

वीरेन्द्रनगर नगरपालिकामा नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, विनियोजन ऐन, स्थानीय सेवा ऐन, आर्थिक ऐन, शिक्षा ऐन, सहकारी ऐन, न्यायिक

कार्यविधि सम्बन्धी ऐन र कृषि व्यवसाय प्रवर्द्धन ऐन बनाई नगरपालिकाको वेबसाइटमा सबैको जानकारीका लागि प्रकाशित गरिएको छ । यसबाहेक ११ वटा नियमावली तथा कार्यविधिहरु र ७ वटा निर्देशिकाहरु जारी भएको छ ।

टीकापुर नगरपालिकामा स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, शिक्षा ऐन, स्वास्थ्य तथा सरसफाई ऐन, जलचर एवम् जैविध विविधता संरक्षण ऐन, अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, सहकारी ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, आर्थिक कार्यविधि कानुन, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, विनियोजन ऐन, आर्थिक ऐन, न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन तथा स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन लागु छन् । उपरोक्त ऐनहरु बाहेक १७ वटा नियमावली तथा कार्यविधिहरु एवम् ४ वटा निर्देशिकाहरु टीकापुर नगरपालिकाको वेबसाइटमा सार्वजनिक गरिएको छ ।

यसरी सबै नगरपालिकाहरुले पारित गरेका ऐन, नियमावली, कार्यविधिहरु हेर्दा नगरपालिकाहरु कानुन निर्माणमा अभ्यासरत रहेको पाइन्छ । नगरपालिकाले सुरुका अवधिहरुमा नमुना कानुनका आधारमा स्थानीय कानुन पारित गर्ने गरेको अवस्था रहेकोमा अहिले नगरपालिकाका स्थानीय विषय र आवश्यकताहरुका आधारमा स्थानीय कानुन बनाउने तर्फ विस्तारै सबै पालिकाहरुको ध्यान केन्द्रित हुन थालेको पाइन्छ । सबै नगरपालिकामा पारित भएका कानुनहरुलाई संख्यात्मक आधारमा हेर्दा कुनै नगरपालिका अघि र कुनै केही पछि परेको देखिन्छ । तथापि सबै नगरपालिकाहरुमा आवश्यक कानुन निर्माणको विषयमा अहिले सचेतता देखिन्छ ।

## २. स्थानीय सरकारहरूको अनुभव

नेपालको नयाँ संविधानले स्थानीय तहको कार्यकारिणीका रुपमा स्थानीय कार्यपालिकाको व्यवस्था गरेको छ । यसै अनुसार सबै नगरपालिकाहरुको नगर कार्यपालिका गठन भई कार्य सञ्चालन भएको छ । अध्ययन गरिएका नगरपालिकाको नगरकार्यपालिकाहरुमा विभिन्न कार्यपालिका समितिहरु गठन गरिएको पनि छ । यस्ता समितिहरुमा विधायन समिति, लेखा समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति जस्ता समितिहरु पालिकाको कार्यविभाजन नियमावली बमोजिम गठित भई कार्यरत छन् । यी सबै समितिहरुले नगर कार्यपालिकालाई आफ्नो क्षेत्राधिकार भित्रका विषयमा अध्ययन तथा प्रतिवेदन गर्दछ । विभिन्न दल तथा पृष्ठभूमिका कार्यपालिकाका सदस्यहरु बीच शासकीय विषयमा छलफल गर्ने, नरमगरम मिलाउने तथा एकता कायम गरी आवश्यक दृष्टिकोण कायम गर्न यस्ता समितिहरुले भूमिका खेलेका छन् । मिश्रित शासन प्रणाली तेस्रो तहको विशेषता भएकाले कार्यपालिका भित्रको समिति प्रणालीले जति सक्षमतापूर्वक कार्य गर्दछ, सरकाको क्षमता सचेतकको व्यवस्था नभए पनि त्यति नै वृद्धि हुने अवस्था हुन्छ ।

अध्ययन गरिएका स्थानीय सरकारहरुले ३ वर्ष कार्य गर्दा कानुन निर्माणका सम्बन्धमा सामना गर्नुपरेको समस्याहरु साझा समस्याका रुपमा रहेको देखिन्छ । यसैगरी हरेक नगरपालिकाको आ-आफ्नो छुट्टै विशिष्ट स्थानीय समस्याहरु पनि रहेको पाइएको थियो । यस्ता समस्याहरु समाधान गर्न चाहिने कानुन निर्माण गर्न विशेष दक्षताको आवश्यकता हुने पनि देखिएको छ ।

अध्ययन गरिएका स्थानीय सरकारबाट व्यक्त केही मुख्य साझा समस्याहरु यसप्रकार छन्:

**१) संघ तथा प्रदेशबाट पर्याप्त बजेट विनियोजन नभएको**: संघ तथा प्रदेशबाट पर्याप्त बजेट विनियोजन नभएको तथा कानुन निर्माणको विषय विनियोजनमा नपरेको विषयमा जोड दिँदै अध्ययन गरिएका सबै नगरपालिकाका पदाधिकारीहरुले संघ तथा प्रदेशले स्थानीय तहलाई आवश्यक बजेट अझै उपलब्ध नगराएको गुनासो गरेका छन् । आवश्यक बजेटको अभावका कारण स्थानीय तहले कानुन निर्माण तथा कार्यान्वयन गर्न असहज भएको, कानुन मस्यौदाका लागि आवश्यक विज्ञ राख्न नसकेको, विकास निर्माण तथा सामाजिक विकासका कार्यमा सोचे जति गर्न नसकेको साझा गुनासो थियो । यसका साथै प्रदेश सरकारले सामान्यत: आफूले पाएको बजेट खर्च गर्न नसकेको अवस्था तर्फ सबैको टिप्पणी रहेको देखिन्छ । स्थानीय तहले आफूले काम गर्नका लागि बजेट अभाव भएको स्थितिमा त्यसरी प्रदेश स्तरमा भएको बजेट खर्च हुन नसक्नुको असन्तुष्टि स्थानीय स्तरमा देखिन्छ ।

**२) कानुन निर्माण तथा प्रदेश सरकारको भूमिका**: स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गर्ने विषयमा प्रदेश सरकारहरुको भूमिका संघ सरकारभन्दा पनि कम रहेको सबै पालिकाहरुको अनुभव देखिन्छ । प्रदेश स्तरका आन्तरिक मामिला तथा कानुन मन्त्रालयहरुमा कानुन मस्यौदा शाखा नरहनु, अधिकृत कर्मचारीहरु रहेपनि विधायिनी मस्यौदाकारको अभाव रहनु, मन्त्रालय स्तरबाट स्थानीय सरकारहरुलाई कानुनी मस्यौदा वा सम्बन्धित नीतिगत विषयमा सहजीकरण वा समन्वयको प्रक्रिया नथालिनु इत्यादि कारणले गर्दा स्थानीय तहले प्रदेशको क्षमता तथा स्रोत र साधनबाट लाभ पाउन सकिरहेको छैन । अर्कोतर्फ, स्थानीय तहहरुमा पनि प्रदेश सरकारको आवश्यक संरक्षण वा सहयोग प्राप्त गर्ने अपेक्षा बलियोसँग नरहेको देखिन्छ । कानुन निर्माणमा स्थानीय तहको एकल तथा साझा दुवै अधिकारहरुमा स्थानीय क्षमताको अभाव तथा बजेट विनियोजन गर्न सक्ने परिस्थिति नहुँदा चाहना भए पनि चित्त बुझाएर बसेको देखिन्छ । अझ भन्नुपर्दा, अधिकांश पालिकाहरुले प्रदेश सरकार असहयोगकै तहमा रहेको मानेको देखिएको छ । प्रदेश सरकारहरुले आवधिक रुपमा स्थानीय तहलाई समयमै पठाउनु पर्ने विनियोजन रकम अझै समयमै पठाउन नसक्दा प्रदेश सरकारबाट आउने त्यस्तो बजेटबाट स्थानीय तहमा गराइने कामहरुको भुक्तानीमा पनि समस्या परेको पाइएको छ ।

**३) जिल्ला समन्वय समिति**: सबै पालिकाहरुका भेटघाट गरिएका सबै सदस्यहरुले जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी हुन नसकेको मत राखेका थिए । जिल्ला समन्वय समितिको प्रमुखमा वडा सदस्य पनि उठ्न सक्ने व्यवस्थाले पालिका स्तरमा

वडा सदस्य हुने अनि जिससमा अध्यक्षको भूमिका हुँदा स्थानीय 'प्रोटोकल' मा असहज हुनसक्ने अनुभव पनि व्यक्त गरिएको थियो । यस्तै जिससका पदाधिकारीहरुको स्थानीय सरकार सञ्चालन ऐनको संशोधन वा अन्य कानुनद्वारा निश्चित योग्यता तोकिन सके उनीहरुको भूमिका अझै प्रभावकारी हुनसक्ने मत आएको थियो । तथापि नगरपालिकाहरु माझ पनि जिल्ला समन्वय समितिलाई संविधानले दिएको अधिकारको प्रयोगमा अझ समन्वयकारी कसरी बनाउने भन्ने विशेष जोड भने कतै देखिएन । कम्तिमा पनि जिल्ला स्तरमा एकअर्कालाई सहयोग गर्ने वातावरणमा वृद्धि गर्न सके नीतिगत तथा कानुन निर्माण सम्बन्धी जिल्ला स्तरीय विषयवस्तुमा दक्षता आउन सक्दछ । यसतर्फ सोचिनु जरुरी छ । त्यस्तै जिल्ला समन्वय समिति सानो बजेटको निकाय हुन पुगेकाले स्थानीय तहले यसबाट बजेटगत लाभ लिन नसक्ने कारणले पनि यसको प्रभावकारिता कम भएको अनुभवहरु व्यक्त गरिएको छ ।

**४) विकास निर्माणका काममा कानुनको शासन तथा समन्वयको अभाव**: स्थानीय तहमा वडा वा टोल स्तरका कतिपय साना परियोजनाहरु समेत संघ र प्रदेश सरकारहरु आफैंले सञ्चालन गरिरहेका छन् । यसरी वडा वा टोल स्तरका परियोजना समेत प्रदेश र संघ सरकारले सञ्चालन गर्दा त्यसबाट आफ्नो टोल वा वडामा भएका कार्यहरुका बारेमा वडाअध्यक्षहरुले आवश्यक जानकारी र समन्वयको प्रयास नभएको भनी असन्तुष्टि व्यक्त गरेका थिए । त्यस्ता परियोजनामा केही समस्या आए स्थानीय जनताले आफूलाई जिम्मेवार बनाउने र त्यस्ता समस्या समाधान गर्न खटिनु पर्ने परिस्थिति रहेको देखिन्छ ।

**५) न्यायिक समिति र न्यायिक निरूपणको विषय**: भ्रमण गरिएका सबै नगरपालिकाहरुको न्यायिक समितिमा देखिएको एक साझा विषय भनेको सबै न्यायिक समितिहरु न्यायिक निरुपणको विषयमा कार्य गर्न उत्सुक नरहेको अवस्था हो । अधिकांश न्यायिक समितिले न्यायिक निरुपणबाट अत्यन्तै न्यून मात्र विवाद समाधान गरेको देखिन्छ । यसलाई झण्डै शून्यको संख्या पनि भन्न सकिने अवस्था छ । सबै पालिकाका न्यायिक समितिहरुले मेलमिलापको बाटो अपनाउन रुचाएको देखिएको छ । न्यायिक निरुपणको विषयमा न्यायिक समितिलाई काम गर्न स्पष्ट रुपबाट अप्ठ्यारो परेको देख्न सकिन्छ । न्यायिक समितिका सदस्यहरुको कानुनी ज्ञानको अभाव तथा कानुनी सल्लाहकारहरुको पर्याप्त व्यवस्था नभएका कारणले पनि न्यायिक निरुपण गर्ने क्षमताका बारेमा आफैंलाई विश्वास नभएको परिस्थितिलाई समितिका सदस्यहरुले सामान्यतः स्वीकार गरेको देखिन्छ । त्यस्तै कतिपय वडाअध्यक्षहरु न्यायिक समितिको सदस्य हुँदा समय दिन नसकेको पनि देखिन्छ । नगर प्रहरी नहुँदा र स्थानीय प्रहरीले सहयोग नगर्दा न्यायिक समितिको कार्य प्रभावकारी हुन नसकेको विषय पनि उल्लेख गरिएको थियो ।[३८]

**६) प्रमुख प्रशासकीय अधिकृतको सरुवा तथा स्थानीय सेवा व्यवस्थापन**: यो स्थानीय तहको अर्को साझा समस्याका रुपमा देखिएको छ । चाहे पनि नचाहे पनि

---

[३८] न्यायिक समितिका बारेमा द एसिया फाउण्डेसनबाट प्रकाशित *नेपालमा न्यायिक समितिः नजिकबाट नियाल्दा* नामक पुस्तकमा अझै विस्तारमा हेर्न सकिन्छ ।

पालिकामा रहेका प्रमुख प्रशासकीय अधिकृतहरु स्थानीय तहका लागि स्थानीय रुपमै उपलब्ध एकमात्र "मित्र, दार्शनिक र पथप्रदर्शक" (फ्रेण्ड, फिलोसफर एण्ड गाइड) का रुपमा रहेका छन् । सामान्य प्रशासनको ज्ञान, कानुन तथा नीति कार्यान्वयनको अनुभव, लेखन क्षमता, विभिन्न तहका सरकारहरुसँग सम्पर्क तथा सहयोग लिनेदिने अनुभव, अंग्रेजी भाषाको ज्ञान लगायतका कारणले उनीहरुले हरेक विषयमा स्थानीय तहलाई सहयोग गरेको पाइएको छ । तथापि प्रमुख प्रशासकीय अधिकृतहरुले संघीयता लगायत स्थानीय स्तरमा गर्नुपर्ने विभिन्न कामकारबाही वा कायम राख्नुपर्ने प्रशासनिक संस्कृतिका बारेमा पर्याप्त अभिमुखिकरण पाएका छैनन् । उनीहरु संघीय सरकारमुखी रहेको आरोप पनि छ । अतः प्रमुख प्रशासकीय अधिकृतलाई क्षमतावान तथा स्रोत सम्पन्न बनाउने तर्फ मात्र नभई उनीहरुलाई स्थानीय सरकारको विश्वास प्राप्त गर्न योग्य बनाउने तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

अध्ययन गरिएका अधिकांश पालिकाहरु प्रमुख प्रशासकीय अधिकृतको अस्थिरताबाट प्रभावित भएको देखिन्छ । स्थानीय सरकारको स्थायी संयन्त्रको रुपमा रहने कर्मचारीतन्त्रको प्रमुखका रुपमा कार्य गर्ने प्रमुख प्रशासकीय अधिकृतको सेवा अवधि निश्चित नहुँदा पालिकाको व्यवस्थापकीय, संरचनागत विकास तथा कार्यान्वयनको कामलाई प्रत्यक्ष असर पारेको छ । यसैगरी प्रदेश लोकसेवाको विषय लगायतका कारणले स्थानीय तहहरुले अझै पनि आफूलाई आवश्यक जनशक्ति प्राप्त गर्न नसकेको अनुभवले देखाएको छ । अहिले करारमा अर्के पदमा भर्ना लिएर नगरपालिकाको दैनिक प्रशासन नियमित गराउनु पर्ने बाध्यता पालिकाहरुले भोगेको देखिन्छ । यसबाहेक सोही कारणबाट स्थानीय तहको कानुनको प्रभावकारी पालना गर्न आवश्यक अनुगमन तथा नियमन गर्ने क्षमता समेत प्रभावित भएको पाइन्छ । प्रमुख प्रशासकीय अधिकृतहरुको छिटोछिटो सरुवा र यसको प्रक्रियामा स्थानीय सरकारको पहुँच नहुनु उनीहरुको क्षमता तथा प्रतिबद्धतालाई प्रभावित गर्ने अर्को विषय हो । कानुन निर्माण प्रक्रियामा यसले निश्चय नै असर गरेको छ । यसमा सुधार हुनु जरुरी छ ।

**७. साझा अधिकारको विषयमा कानुन निर्माणमा अस्पष्टता**: स्थानीय तहहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आफैंमा एउटा सानो संविधानका रुपमा माने पनि यसलाई आधार मानेर आफ्ना एकल अधिकारका विषयहरुमा कानुन बनाएर निर्धक्कसँग काम गर्न सकेका छैनन् । स्थानीय जनताको दैनिकीसँग जोडिने आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य जस्ता विषयहरुमा स्थानीय तहहरुले माथिल्लो तहबाट आफ्नो क्षेत्राधिकार सबैभन्दा बढी मिचिएको अनुभूति गरेका छन् । संघीय सरकारले त्यस्ता कामकार्यवाही मात्र गर्ने हो, जो स्थानीय स्तरमा स्थानीय सरकारहरुद्वारा गर्न नसकिने हुन्छ भन्ने "सब्सिडियारिटी" को सिद्धान्तलाई स्थानीय एकल अधिकारको अनुसूची बमोजिम प्रयोग नगरिदिएकाले पनि अस्पष्टता आएको हो । अतः एकल अधिकारमा उल्लेख गरिएका शिक्षा, स्वास्थ्य, सहकारी, कृषि लगायतका विषयहरुमा आफ्नो अधिकार नमिचिने गरी संघ र प्रदेश सरकारबाट उचित भूमिका निर्वाह होस् भन्ने पालिकाहरुको अपेक्षा छ ।

**८. स्थानीय कानुन अनुसार गर्दा पनि बेरूजु देखिने समस्या**: स्थानीय तहहरुको आर्थिक परीक्षण महालेखा परीक्षकबाट हुने र महालेखा परीक्षकले संघीय मापदण्ड बमोजिम लेखा परीक्षण गर्ने हुँदा स्थानीय तहले स्थानीय कानुन बमोजिम गरेका विभिन्न कामहरुको खर्च बेरुजु देखिने गरेको गुनासो पनि अध्ययनरत स्थानीय तहले साझा रुपमा गरेका थिए । यही कारणले स्थानीय तहले आफूलाई आवश्यक पर्ने विज्ञतालाई शूल्क तिरेर पनि ल्याउन नसकेको भन्ने विषय पनि छलफलमा आएको थियो ।

उपरोक्त समस्याहरु स्थलगत भ्रमण गरिएका सातवटै पालिकाले साझा रुपमा भोग्नु परेको भनेका छन् । हरेक नगरपालिकाहरुका आफ्नै विशिष्ट स्थानीय समस्याहरु पनि रहेका छन् । उदाहरणका लागि दमक नगरपालिकामा भूमिको वर्गीकरण र सडकका लागि छाड्नु पर्ने जग्गाका मापदण्डहरु कार्यान्वयन गराउन समस्या देखिएको छ । भीमेश्वर तथा तानसेन जस्ता पहाडी भेगमा रहेका नगरपालिकाहरुमा सडक, बालुवा उत्खनन जस्ता विषयमा संघीय मापदण्ड पालना गर्न भौगोलिक रुपमा कठिनाई हुने भएकाले विकास निर्माणका कार्यमा सबै भौगोलिक क्षेत्रका लागि एकै खालको संघीय मापदण्ड कायम हुँदा असहजता महसुस भएको छ । तानसेन नगरपालिकासँग आफ्नो अधिकारक्षेत्रमा राखिएको अस्पताल लगायतका सेवाहरु प्रदेश सरकारले पटक-पटक पत्र काटेकै भरमा फिर्ता लिएको अनुभव छ । यस्ता विषयहरुमा पूर्व छलफल तथा विचार-विमर्शलाई महत्व दिएको पाईंदैन । कलैया उपमहानगरपालिका पूरानो नगर भएका कारण पूर्वाधार विकासको मापदण्ड नीति कार्यान्वयन गर्ने सम्बन्धमा यसले स्थानीय रुपमा अवरोधको सामना गर्नुपरेको छ । वालिङ नगरपालिकामा उठाइएको एक समस्या दलित समुदायको परम्परागत सीपलाई औपचारिक रुपमा मान्यता दिने कागजपत्र नहुने हुँदा उनीहरुलाई नगरपालिकाले प्रदान गर्ने अनुदान तथा न्युन ब्याजदरको ऋण प्राप्त गर्न समस्या देखिएको छ । बीरेन्द्रनगर नगरपालिकामा थारु जनजातिमा देखिने सिकल सेल एनेमिया रोगको विषय समाधान गर्नुपर्ने विशिष्ट स्थानीय समस्याका रुपमा रहेको छ । थारु जाति लगायतका महिला नगरसदस्यहरुको राजनीतिक सक्रियतालाई बढाउनु पर्ने चुनौती पनि छ । त्यस्तै कृषि 'पकेट' क्षेत्रमा जग्गा खण्डीकरण रोक्ने विषय पनि छ । टीकापुर नगरपालिका राजनीतिक रुपमा अहिले पनि संवेदनशील नगरपालिकाको रुपमा रहेको छ । टीकापुरमा करिब साँढे पाँच वर्ष अघि भएको आन्दोलनको असन्तुष्टिहरुलाई संविधान बमोजिम राजनीतिक रुपमा समाधान नखोजिँदा सम्म स्थानीय तहको प्रयासले मात्र यो विषय सम्बोधन हुन सक्दैन । यहाँ स्थानीय रुपमा भूमिहीन तथा सुकुम्बासीहरु तथा कमलरी र मुक्त कमैयाहरुको समस्या समेत रहेको देखिन्छ । यो सबै विषयलाई प्रदेश तथा संघ सरकारबाट सहजीकरण नभएसम्म स्थानीय सरकार आफैंले कानुन निर्माण गरेर मात्र समाधान गर्न सक्ने अवस्था पनि छैन ।

## ३. स्थानीय नगरसभाहरू

संविधान बमोजिम स्थानीय नगरसभाहरु स्थानीय तहको व्यवस्थापकीय अंगको रुपमा रहेको छ । नगरसभाहरुले स्थानीय ऐन निर्माण गर्ने, बजेट पारित गर्ने, नगरकार्यपालिकालाई जिम्मेवार र उत्तरदायी बनाउने, नगरसभामा स्थानीय जनचासोका विषयहरु उठाउने जस्ता महत्वपूर्ण जिम्मेवारीहरु निर्वाह गर्नुपर्दछ । यसका लागि

नगरसभाहरुले नगरसभा कार्य सञ्चालन कार्यविधि पारित गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ र ५ ले केही विषयका आन्तरिक प्रक्रियाहरु निर्धारित गरेको छ भने संविधानको धारा २२७ अन्तरगत नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन इत्यादिका सम्बन्धमा प्रदेश कानुन बनेका छन् । तर नगरसभाहरु व्यवस्थापकीय मापदण्डमा चल्न चलाउन अझै मेहनत गर्नुपर्ने देखिन्छ ।

नगरसभाको भूमिकाको विषयमा स्थलगत भ्रमणमा ३ प्रकारको प्रवृत्ति देखिएको छ १) नगरसभाका धेरै सदस्यहरु आफ्नो जिम्मेवारी प्रति जानकार छैनन्; २) नगरसभामा सक्रिय सहभागिता खोजेका सदस्यहरुले आवश्यक भूमिका पाएका छैनन्; ३) स्थानीय सभामा बजेट र कार्यपालिकाबाट आएको विधयेक पारित गरे सभाको दायित्व सकिएको मान्ने र कार्यपालिकाले यसो हुँदा सहज मान्ने पनि देखिन्छ ।

नगरसभामा केही सक्रिय तथा पढेलेखेका सदस्यहरु जागरुक पनि देखिन्छन् । अधिकांश अल्पसंख्यक तथा जनजाति समुदायका महिला सभा सदस्यहरुमा आफ्ना कुराहरु सभामा व्यक्त गर्नसक्ने आत्मविश्वास अझै आइसकेको छैन । नगरसभाको सदस्यका रुपमा आफूले खेल्न सक्ने भूमिकाका बारेमा जानकारी पनि छैन । केही नगरपालिकामा यस्ता महिलाका श्रीमान तथा केहीमा छोराले सक्रिय सहयोगी भूमिका खेलेको पाइएको छ । केही महिला सदस्यहरुले नगरपालिकाको काम गर्न हिँड्नु पर्दा पारिवारिक असहयोग खप्नु परेको अनुभव सुनाएका थिए । यसबाहेक सक्रिय रुपमा भूमिका निर्वाह गर्न चाहना राख्ने महिला तथा दलित समुदायका सदस्यहरुले आफूले के कस्ता विषय प्राथमिकताका रुपमा उठाउनु उपयुक्त हुन्छ भन्ने बारेमा मेसो नपाएको कुरा पनि व्यक्त गरेका थिए ।

भ्रमण गरिएका सबै नगरसभाले सभाको अधिवेशन बसेर सभाभित्र कानुन पारित गर्ने औपचारिक प्रक्रिया पूरा गरेको पाइन्छ । तथापि सभामा कार्यपालिकाले पठाएको विधेयकहरुमा विस्तारमा अझै छलफल हुन सकेको अवस्था भने छैन । अधिकांश नगरपालिकाहरुमा सभामा कानुन पारित गर्न ३ दिनका लागि सभा सञ्चालन हुने गरेको छ । यही ३ तीन दिनको सानो अधिवेशन भित्र सदस्यहरुलाई विधेयकको प्रति उपलब्ध गराइने अभ्यास रहेको पाइन्छ । सदस्यहरुले राम्रोसँग विधेयक पढ्न तथा बुझ्न पाएका हुँदैनन् । सभाभित्रका समितिहरु कतै पनि प्रभावकारी हुन सकेको छैन । सभा नबसेपनि समितिले काम गर्न सक्ने अवस्था हुनुपर्ने हो । त्यसतर्फ प्रयास गरिएको देखिँदैन । कार्यपालिकालाई उत्तरदायी बनाउन सभाका समितिको महत्वपूर्ण भूमिका हुन सक्ने भए पनि यो नियमित र प्रभावकारी हुन सकेको छैन । यसका साथै सभालाई लामो समय सञ्चालन गर्न बजेटको व्यवस्था, सभामा विधेयकहरुका बारेमा छलफल गर्न तथा परामर्शका लागि आवश्यक विज्ञहरुको अभाव जस्ता समस्याहरु पनि छन् । यद्यपि कार्यपालिकाको विधायन समितिका सदस्यहरुले केही मात्रामा स्थानीय रुपमा उपलब्ध विज्ञहरुसँग छलफल र परामर्श गर्ने अभ्यास भने गरेको देखिन्छ । यसबाट कानुन निर्माणमा केही सहयोग पुगेको स्वीकार गरिएको छ ।

यसका साथै केही पालिकाका प्रमुखहरुले सभाका सदस्यहरुबाट सोचेजस्तो योगदान पाउन नसकेको बताएका थिए । तसर्थ स्थानीय तहको नगरसभालाई प्रभावकारी बनाउन

नगरप्रमुखको नेतृत्वदायी भूमिकाका साथै सभाका सदस्यहरुको रचनात्मक सहयोग दुवै आवश्यक हुन्छ । यो विषयमा सभाका सदस्यहरुलाई अझै बढी सचेत गराउन पालिका र अन्य सरोकारवाला संस्थाहरुले कार्य गर्नुपर्ने देखिन्छ ।

कतिपय सदस्यहरु माझ नगरकार्यपालिका तथा नगर सभा बीचको काम, कर्तव्य र अधिकारका सम्बन्धमा दुविधा भएको पनि पाइन्छ । यसको कारण सरकार तथा व्यवस्थापिका बीचको विभेद थाहा नभएर पनि हो । नगरसभाले आफ्ना संवैधानिक दायित्वभन्दा बाहिर गएर कार्यपालिकाको कार्यक्षेत्रमा निर्णय गरेको एउटा स्पष्ट उदाहरण उल्लेख गर्न सकिन्छ । कलैया उपमहानगरपालिकाको नगरसभाले कोरोना महामारीका कारण नगरपालिकालाई बुझाउनु पर्ने ठेक्का बापतको रकम कुनै एक अमूक व्यक्तिले तिर्न नसकेकाले मिनाहा गर्नु भनी कार्यपालिकालाई निर्णय गरी आदेश दिएका कारण सो विषयको कार्यान्वयन गर्ने वा नगर्नै भन्ने विषय कार्यपालिकाका लागि असहज विषय बनेको अवस्था छ । यस्तो परिस्थिति अन्य पालिकामा भने देखिएन । यसलाई नियमित हुने घटना भन्दा पनि नगरसभाले आफ्नो व्यवस्थापकीय संवैधानिक जिम्मेवारी नबुझेका कारण भएको घटना मान्न सकिने आधारहरु बढी छन् । यस्ता विषयमा नगरपालिकाले आफ्ना सदस्यहरुलाई उनीहरुको संवैधानिक जिम्मेवारीका बारेमा अभिमुखिकरण गर्नुपर्ने हुन्छ ।

नगरसभामा अर्को चुनौतीका रुपमा विधेयक, नीति तथा कार्यक्रम वा अन्य प्रस्तावहरु अध्ययन गर्ने संस्कृतिको अभाव पनि हो । सभामा आएका विषयवस्तुमा अध्ययनशील भएर स्थानीय विषयहरुमा भविष्यको बाटो बारे विचार विमर्श गर्नु नगरसभा सदस्यको कार्य हो । तर सभाका अधिकांश सदस्यहरुले विषयको गहिराईमा पुगेर त्यसमा सुधारका बाटोहरु सुझाव गरेर कार्यपालिकालाई रचनात्मक र समालोचनात्मक सहयोग गर्न सकेका छैनन् ।

नगरसभाको प्रभावकारितामा अर्को समस्या भनेको सभामा कानुन निर्माणमा सक्रियतापूर्वक सहभागी नभई कानुन पारित गर्ने र पछि सो कानुनका प्रावधानले आफूलाई काम गर्न गाह्रो पारेपछि कानुन नमानी काम गर्न खोज्ने वा कानुनमा परिवर्तन गराउन खोज्ने विषय पनि हो ।

विकास निर्माणको विषय स्थानीय सरकारको एक महत्वपूर्ण जिम्मेवारी हो । सबै सभा सदस्यहरु विकासमुखी देखिन्छन् । तथापि यो कार्य लाभदायी रुपमा सम्पन्न गर्न नगरपालिकालाई उपयुक्त नीति तथा कानुन प्रदान गर्ने जिम्मेवारी सभाकै हो । सामान्यतः नगरकार्यपालिकाको प्रस्तावमा यी कार्यहरु सम्पन्न हुन्छन् । तर सभाका सदस्यहरुले कानुन निर्माणको विषयलाई धेरै चासो दिएको पाइँदैन । आफ्नो वडामा आउने बजेट र विकासका परियोजनाहरु बढी प्राथमिकतामा राखेको पाइन्छ । कानुन निर्माण उनीहरुका लागि प्राथमिकतामा पर्दैन ।

उपरोक्त चुनौतीहरु हुँदाहुँदै पनि समग्रमा नगरसभाको क्रमशः स्तरोन्नति हुँदै गएको देख्न सकिन्छ । यो तीन वर्षको अवधिमा नगरपालिका र यसका सदस्यहरुमा स्थानीय तहमा

आफ्नो भूमिकाका बारेमा सचेतनामा अभिवृद्धि भएको छ । पिछडिएका समुदायका सदस्यहरुले राज्यको तहमा प्रतिनिधित्व गरेर आफ्नो आवाज राख्ने अवसर पाएका छन् । उनीहरुको राजनीतिक चेतनामा अभिवृद्धि भएको छ । नगरसभालाई व्यवस्थापिकाको मापदण्डमा रुपान्तरण गर्दै लान सके नगरसभाबाट पारित कानुनहरुले अब आउने नयाँ जनप्रतिनिधिलाई काम गर्ने स्पष्ट आधार दिने छ ।

## ४. लैंगिक समानता र सामाजिक समावेशिकरण

कानुन निर्माण तथा कार्यान्वयनमा लैंगिक समानता र सामाजिक समावेशिकरणको विषय एउटा महत्वपूर्ण विषय हो भन्नेतर्फ स्थानीय तहको नेतृत्व सजग देखिन्छ । यो विषयमा संविधानले सबै तहका सरकारहरुलाई आफ्नो तह अनुसारको कार्यजिम्मेवारी पूरा गर्नुपर्ने दायित्व सुम्पेको छ । लैंगिक समानता र सामाजिक समावेशिकरण महिला, अल्पसंख्यक तथा बहिष्करणमा परेका समुदायलाई सशक्तिकरण गरी उनीहरुको जीवनस्तर सुधार गरी राज्यको अंगहरुमा उचित प्रतिनिधित्व हुने अवसर प्रदान गर्दै समानता प्राप्त गर्ने अवधारणा हो । संविधानले नै स्थानीय तहको हकमा महिला, दलित तथा अल्पसंख्यक समुदायका व्यक्तिको प्रतिनिधित्वलाई एक हदसम्म संरक्षित गरेको छ । तथापि यसबाट मात्रै लैंगिक समानता र सामाजिक समावेशिकरणको उद्देश्य प्राप्त भएको मान्न सकिँदैन ।

संविधान बमोजिम स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरुमा महिला, दलित तथा अल्पसंख्यक समुदायको न्युनतम प्रतिनिधित्व भएको अवस्था छ । सोही कारण अध्ययन गरिएका नगरपालिकामा उपरोक्त समुदायका जनप्रतिनिधिलाई आफ्नो आवाज राख्ने अवसर प्राप्त भएको छ । उदाहरणका लागि वीरेन्द्रनगर नगरपालिकामा दलित सदस्यले गैरदलित समुदायको युवतीसँग विवाह गर्न खोज्दा दलित समुदायका सदस्यको हत्या भएको रुकुम हत्याकाण्डको[३९] विषयमा नगरपालिकाले आफ्नो औपचारिक धारणा राख्नुपर्ने आवाज उठाएको प्रसंग छ । स्थलगत अवलोकन गरिएका सबै नगरपालिकाका महिला, अल्पसंख्यक, दलित समुदायका सदस्यहरुले संविधानले दिएको न्युनतम प्रतिनिधित्वको व्यवस्थाले संविधानलाई समावेशी बनाई संविधान प्रतिको अपनत्वमा बृद्धि भएको धारणा राखेका थिए । यसबाट उपरोक्त प्रावधानलाई सामाजिक समावेशिकरणतर्फको एक बलियो पहिलो पाइला मान्न सकिन्छ । तर यी विषयहरु कानुन निर्माण वा कार्यान्वयनमा बलियोसँग स्थापित हुन सकेको छैन ।

उदाहरणका लागि, स्थानीय कानुन अन्तरगत गठित हुने विभिन्न समितिहरुमा कम्तिमा एक जना महिलाको प्रतिनिधित्व हुने गरी धेरै समितिहरु बनेको देखिन्छ । जस्तो, स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन अन्तगत बन्ने अस्पताल व्यवस्थापन समिति, स्थानीय शिक्षा

[३९] https://kathmandupost.com/national/2020/07/14/rukum-west-murder-of-six-youths-was-result-of-caste-based-discrimination-parliamentary-probe-says

ऐन अन्तरगत गठन हुने नगर शिक्षा समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरिएको छ। नगरसभाकै प्रभावकारितामा प्रश्न गर्न सकिने थुप्रै ठाउँहरु रहेको अवस्थामा उपरोक्त समितिहरुमा प्रतिनिधित्वको व्यवहारिक कार्यान्वयन कुन रुपमा भएको छ भनी आशंका गर्न सकिने अवस्था विद्यमान छ।

सबै नगरपालिकाहरुले लैंगिक समानता तथा सामाजिक समावेशिकरणको विषयलाई कुनै न कुनै रुपमा आफ्नो नीति तथा कार्यक्रम एवम् बृहत नगर योजनामा समावेश गरेको पाइन्छ। यो विषयमा काम गर्न केही लक्षित समूह कार्यक्रमहरु पनि सञ्चालन भएका छन् । नगरपालिकाहरुले पहिला औपचारिक छलफल कार्यक्रमहरु गरे पनि पछिल्लो समयमा महिला र विपन्न वर्गहरुलाई सक्षम र आत्मनिर्भर बनाउने व्यवहारिक तालिमहरुलाई प्राथमिकतामा राख्न थालेका छन् ।

नगरपालिकाहरुले लक्षित वर्ग कार्यक्रम भनी कृषि, व्यवसाय, उद्यम गर्न तालिम तथा सुलभ कर्जा उपलब्ध गराउने, जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु गरेको देखिन्छ। त्यसैगरी केही नगरपालिकामा सेफ हाउसहरु सम्बन्धी कार्यविधि, हिंसामा परेका महिलाहरुका लागि कार्यविधिहरु पनि बनाइएको पाइन्छ। तथापि लक्षित वर्ग कार्यक्रम नियमित गर्न नसकिएको तथ्य पनि स्वीकार गरिएको छ।

दलित विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था, आमा समूहको आर्थिक क्षमता अभिवृद्धि गर्न बीउ पूँजीको व्यवस्था, दलित समुदायका मौलिक अधिकार र जातीय विभेद सम्बन्धमा कानुनी साक्षरता कार्यक्रम, दलित तथा अतिसीमान्तकृत समुदायका लागि नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम, सुत्केरी गराउन अस्पताल आउन निशुल्क एम्बुलेन्स सेवा तथा भत्ता, अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचय पत्र तथा स्वास्थ्य बीमा लगायत विभिन्न कार्यक्रमहरु अध्ययनरत नगरपालिकाहरुमा सञ्चालन गरिएको छ। अधिकांश अवस्थामा यसलाई कानुन निर्माण गरी अधिकारमुखी व्यवस्थाका रुपमा रुपान्तरण गर्न बाँकी नै छ।

धेरै राम्रा कार्यक्रमहरु सञ्चालनमा आए पनि नगरपालिकाले बजेटको कमीको कारण देखाउँदै दीर्घकालीन कार्यक्रम सञ्चालन गर्न चुनौती रहेको मानेका छन्। नगरपालिकाको बजेटबाट कनिका छरेजसरी विभिन्न शीर्षकमा बजेट वितरण गर्नुपर्दा कार्यक्रम प्रभावकारी हुन नसकेको पालिकाका अधिकारीहरुको अनुभव थियो। यो विषयमा संघ तथा प्रदेश स्तरबाट गर्नुपर्ने कार्यहरु पनि रहेको र नगरपालिकालाई स्थानीय रुपमा यो क्षेत्रमा निरन्तर कार्य गर्न पुग्नेगरी बजेट विनियोजन गरिनु पर्ने माग पनि स्थानीय तहबाट आएको छ।

## ५. स्थानीय तहमा कानुन निर्माण र कार्यान्वयनका केही मुख्य अवलोकनहरू

सातवटै नगरपालिकाहरुको स्थलगत भ्रमण तथा नगरपालिकाहरुले पारित गरेका कानुनहरुको अध्ययनबाट स्थानीय तहहरु कानुन निर्माण, यसको प्रभावकारी कार्यान्वयन,

विकास निर्माणका साथै लैंगिक समानता तथा सामाजिक समावेशिकणको मुद्दामा कस्तो रुपमा कार्यरत छन् भन्ने सम्बन्धमा सामान्य चित्रण गर्न सकिने अवस्था छ । सबै नगरपालिकाहरुका प्रतिनिधिहरु, कर्मचारीहरुसँगको छलफल, प्रश्नावली तथा अध्ययनबाट देखिएका केही मुख्य अवलोकनहरु यसप्रकार छन् :

- स्थानीय तहको निर्वाचन भई आएका सबै नगरपालिकाका नेतृत्वदायी निर्वाचित पदाधिकारीहरुमा आफ्नो नगर विकासको जिम्मेवारी आफ्नो हातमा आएको जिम्मेवारी बोध भएको देखिएको छ ।
- स्थानीय तहमा लामो रिक्ततापछि नयाँ संविधान अनुसार नयाँ संरचना र संवैधानिक दायित्व मातहत रहेर काम गर्नुपर्ने परिस्थिति रहेको छ । जनप्रतिनिधिहरु आफैंले कानुन बनाएर पालिकाको सञ्चालन र सामाजिक विकास तथा पूर्वाधार निर्माणका कामहरु गर्नुपर्ने जिम्मेवारी छ । तर जनप्रतिनिधिहरु आफैं अभिप्रेरित भएर बन्नुपर्ने कानुनहरुका बारेमा स्पष्ट थिएनन् । स्थानीय तहमा स्थानीय कानुनको कानुनी संरचनागत आधार पनि तय भएको थिएन । यस्तोमा कताबाट सुरु गर्ने भन्ने अन्यौलबाट निस्कँदै नगरपालिकाहरुले आफ्नो कानुनी आवश्यकताहरु बुझेर आवश्यक स्थानीय कानुन निर्माणमा लागिसकेको देखिन्छ ।
- स्थानीय कानुन निर्माण गरे पनि त्यो कानुन प्रदेश वा संघीय कानुनसँग बाझिन सक्ने हुँदा ढुक्कसँग कार्य गर्न नसकेको अवस्था छ । संघ र प्रदेशसँग स्थानीय तहको अधिकारको प्रष्टसँग लेनदेन अझै भइनसकेको देखिन्छ । यस्तोमा स्थानीय तहहरुले आफ्नो अधिकार सकेसम्म संघ र प्रदेशसँग समन्वय गर्दै अभ्यास गर्ने प्रयत्न गरेका छन् । यसलाई अझ अघि बढाउनु पर्ने अवस्था छ ।
- स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएका अधिकारहरु संघ तथा प्रदेश सरकारका निकायहरुले विभिन्न बहाना र परिपत्रबाट संकुचित गर्ने प्रयास गरेका उदाहरणहरु प्रशस्तै छन् । स्थानीय तहले आफ्नो अधिकार विभिन्न बहानामा अतिक्रमण हुँदा पनि संस्थागत रुपमा त्यस्तो अतिक्रमण रोक्ने पहल गर्न सकेका छैनन् । संघीय सरकारले पनि स्थानीय सरकार सञ्चालन ऐन स्थानीय तहका लागि सानो संविधान नै मान्नु पर्नेमा त्यसो हुन सकेको छैन । यो ऐनसँग बाझिनेगरी अन्य संघीय ऐनहरुमा प्रावधानहरु राखिँदा कानुनी अन्यौलता बढ्दै गएको देखिन्छ ।
- सकेसम्म संघ र प्रदेशको कानुनसँग नबाझिने गरी स्थानीय कानुन निर्माण गर्ने सुरक्षित अभ्यासमा स्थानीय तह लागेको देखिन्छ । यति गर्दागर्दै पनि कतिखेर कुन संघीय कानुनमा के परिवर्तन भएर त्यसले स्थानीय कानुनलाई बाझिने बनाउँछ भन्ने जानकारी नहुने परिस्थिति पनि छ ।
- स्थानीय कानुन प्रदेश र संघ कानुनसँग बाझिएको अवस्थामा आफूहरु कानुनी अनुसन्धानमा पर्न सक्ने र वृत्ति विकासको विषयमा प्रभाव पार्न सक्ने भएकाले स्थानीय तहको कर्मचारी प्रशासन स्थानीय तहले स्पष्ट रुपमा गर्ने भनी संघ

र प्रदेश सरकारले मानेको विषय बाहेकको स्थानीय तहको अधिकारको विषयमा कार्य गर्दा बढी सतर्क हुने र सकेसम्म स्थानीय कानुनका त्यस्ता विषयहरुमा सुरक्षित बस्न खोज्ने गरेको अवस्था छ ।

- कानुनको प्रभावकारी कार्यान्वयनमा स्रोतका साथै जनशक्तिको विषय पनि महत्वपूर्ण हुन्छ । प्रदेश लोकसेवा आयोगमार्फत स्थानीय तहले आफ्ना कर्मचारीहरुको भर्ना गर्नुपर्ने प्रावधान छ । तर स्थानीय तहले माथिल्लो तहका दक्ष कर्मचारी अझै राख्न सकेका छैनन् । दक्ष प्राविधिक जनशक्ति भर्ना पनि गर्न सकेका छैनन् । यस्तोमा अन्य पदमा दरबन्दी गरेर दक्ष प्राविधिक काममा लगाउनु पर्ने परिस्थिति पनि छ । आवश्यक संख्यामा नगरप्रहरी राख्न नसकिँदा तथा भएका नगर प्रहरीलाई उचित तालिम तथा अभिमुखिकरणको अभावमा न्यायिक समिति तथा बजार अनुगमन जस्ता स्थानीय प्रशासनको विषय फितलो भएको छ ।
- स्थानीय तहहरु प्रदेश सरकारसँग संघ सरकारभन्दा बढी आशंकित देखिएका छन् । प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक सहजीकरण तथा सहयोग गर्न नसकेको, अधिकार आफैंमा केन्द्रित गर्न खोजेको, प्रदेश सरकारले आफूले बजेट खर्च गर्न नसके पनि स्थानीय तहलाई बजेट कम दिएको, स्थानीय स्तरका अति नै साना टोलस्तरको निर्माण कार्य पनि आफैंले गर्ने गरेको जस्ता गुनासोहरु सबै स्थानीय सरकारका प्रतिनिधिले गरेका थिए ।
- अधिकांश नगरपालिकाले कानुन अधिकृतको व्यवस्था गरेका छन् । कानुन अधिकृत राख्न नसकिएको परिस्थितिमा कानुनी सल्लाहकारको रुपमा कार्य गर्न स्थानीय रुपमा उपलब्ध कानुन व्यवसायीलाई नियुक्त गरी कानुनी आवश्यकता पूरा गर्न उनीहरुको विज्ञता प्रयोग गर्ने प्रयास गरिएको छ । तर कानुन निर्माण प्राविधिक रुपमा प्रस्तावना, दफा र उपदफा लेख्ने विषय मात्र होइन । यस्तोमा नगरपालिकाको बहुविषयमा कानुन बनाउन स्थानीय स्तरमा विषयगत विज्ञहरु नहुँदा कानुन अधिकृतको योगदान मात्रले उत्कृष्ट मस्यौदा दिन नसक्ने स्पष्ट देखिएको छ । जानकार विषयगत विज्ञहरुको अभाव सबै स्थानीय तहका प्रमुखहरुले व्यक्त गरेका थिए । प्रदेश सरकारको अगुवाई तथा 'ब्याकस्टपिङ' आवश्यक भएको छ ।
- करिब बीस वर्षदेखिको स्थानीय तहको रिक्तताले स्थानीय जनतामा विकास निर्माणको काममा जनप्रतिनिधिहरुप्रतिको आकांक्षा अति उच्च भएर गएको छ । यो स्वभाविक पनि हो । तर पालिकाहरु कानुनी आधारको अभाव, भौतिक पूर्वाधारको अभाव, संघ र प्रदेशसँगको प्रभावकारी समन्वय र सहकार्यको अभाव, स्रोत तथा साधनको अभाव, विज्ञता एवम् दक्षताको अभाव, अनुभवको अभाव जस्ता कारणले जनसेवा प्रवाहका क्रममा हुने कमजोरीहरुका कारण जनस्तरमा आलोचित पनि हुँदै गएका छन् । यसैगरी स्थानीय जनताहरुमा पालिकामा अनियमितता बढेको भन्ने असन्तुष्टिहरुले पनि नगरपालिकालाई आफ्नो कार्य प्रमाणित गरेर देखाउनु पर्ने परिस्थिति सिर्जना भएको छ ।

## ६. निष्कर्ष

स्थानीय कानुन निर्माण तथा कार्यान्वयन एउटा महत्वपूर्ण विषय हो । यस सन्दर्भमा स्थानीय तहहरुले विभिन्न चुनौती तथा दुविधाहरुका बीच आफ्नो कार्य सम्पादन गर्नु परिरहेको छ । सबै पालिकाहरु भौगोलिक रुपले सुगम पनि नभएको र स्थानीय रुपमा पालिकाको आयको राम्रो तथा स्थिर स्रोत नभएको कारण संघ तथा प्रदेश सरकारबाट आउने बजेटमा नै मुख्य रुपमा निर्भर हुनु परेको अवस्था छ। स्थानीय तहले आफ्नो आय बढाउन करको दर बढाउँदै गएको तर दिनुपर्ने सुविधा प्रभावकारी रुपमा दिन नसकेको भन्ने गुनासाहरु अर्कोतर्फ छँदैछ ।

कानुन निर्माण भएपछि त्यसको प्रभावकारी र न्यायोचित कार्यान्वयन हुनुपर्छ । बनेका कानुनहरु कसैलाई लाग्ने र कसैलाई नलाग्ने परिस्थिति सिर्जना भएमा त्यसले विधिको शासनलाई नै असर पुऱ्याउँछ । यसबाट भर्खरै काम गर्दै गरेका स्थानीय सरकारहरु प्रतिको आम जनताको विश्वास घट्दै जान्छ। यो अवस्था आउन नदिन स्थानीय तहले स्थानीय चाहना बमोजिम स्थानीय कानुनहरु निर्माण गर्नु पर्ने र त्यसको कार्यान्वयन गर्दा अझै विशेष रुपमा ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ।

स्थानीय समस्या र आवश्यकताको पहिचान गर्दै स्थानीय रुपमा साना तर प्रभावकारी परियोजनाहरुमा स्थानीय तहले ध्यान दिनुपर्ने, पालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनु पर्ने, स्थानीय तह मातहतका कार्यालयमा अनियमितता हुन सक्ने ठाउँहरु पत्ता लगाई त्यसलाई रोक्ने स्थानीय संयन्त्र बनाई स्थानीय जनताको कार्यालय प्रतिको विश्वास जोगाइराख्ने, स्थानीय परिवेश बमोजिम सामाजिक सामावेशिकरणको काम र अभियानलाई निरन्तरता दिने कार्यहरु निरन्तर गर्नु पर्दछ । स्थानीय रुपमा बन्ने कानुनहरुलाई कानुनको मस्यौदा तयार गर्दाका अवस्थादेखि नै स्थानीय जनतासम्म पुऱ्याउने बन्दोबस्त गरी स्थानीय कानुन आफैं र आफ्नो नगरको विकासको लागि हो भन्ने चेतना नागरिक स्तरमा जगाउनु पर्ने अवस्था पनि छ । स्थानीय तहले यस्ता विभिन्न विषयहरुमा संविधानको कसीमा आफूलाई बलियो रुपमा उभ्याइराख्नु पर्दछ । यस अध्ययनको अन्तिम निचोड यही नै हो ।

**अनुसूची १**: नेपाल सरकार तथा संवैधानिक अंगहरु लगायतबाट स्थानीय तहलाई गरिएका परिपत्र तथा निर्देशनहरु (फागुन २०७५-साउन २०७७)

| परिपत्र विवरण | परिपत्र गर्ने निकाय | मिति | कैफियत |
|---|---|---|---|
| कानुन उपलब्ध गराइदिने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन १८ | सबै पालिकाहरु<br>पारित कानुनको सूची तथा पारित गरिएका नमुना कानुनहरुको जानकारी |
| प्रगति विवरण पठाउने | युवा तथा खेलकूद मन्त्रालय | २०७७ साउन १६ | पत्रमा उल्लिखित स्थानीय तह खेलकूल बजेट विवरण पठाउनका लागि तोकिएको तहका लागि |
| विवरण पठाउने सम्बन्धमा | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७७ साउन १३ | सबै स्थानीय तह<br>सहकारी संस्थाको एकीकृत अद्यावधि विवरण बनाउन |
| बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन १६ | कार्यक्रम लागु भएको ३०८ स्थानीय तह |
| सम्पत्ति विवरण अनलाइनमा भरी पठाउन | राष्ट्रिय सतर्कता केन्द्र | २०७७ साउन २१ | सबै स्थानीय तह |
| विवरण सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७७ साउन ११ | कोरोना रोकथाम, नियन्त्रणमा भएको खर्चको विवरण पठाउन |
| निर्णय कार्यान्वयन सम्बन्धमा | प्रतिनिधि सभा महिला तथा सामाजिक समिति | २०७७ साउन ९ | महिला तथा सामाजिक समितिले बालबालिकाका लागि बजेट छुट्याउन दिएको निर्देशन |
| बजेट विवरण पुनः प्रविष्ट गर्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन १८ | सबै स्थानीय तह<br>कारोनाका रोकथामका लागि भएको खर्चको विवरण प्रम कार्यालयमा पठाउन |
| खरिद सम्झोताको म्याद थप | अर्थ मन्त्रालय | २०७७ साउन १६ | खरिद सम्झौताको म्याद नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरी ६ महिना थप गर्न सकिने मन्त्रिपरिषद्को निर्णय |
| नमुना कानुन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन १३ | नमुना कानुनको ढाँचा तयारी गर्ने कार्य वस्तुगत र आवश्यकतामा आधारित बनाउन आवश्यक पर्ने |

| | | | |
|---|---|---|---|
| | | | कानुनको विषय र क्षेत्र जानकारी गराइदिन सबै स्थानीय तहलाई |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना कार्यान्वयनको सर्त सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री स्वरोजगार कार्यक्रम) | २०७७ साउन १३ | सबै पालिकाहरु |
| राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ को लागि विवरण उपलब्ध गराउने | राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ कार्यालय | २०७७ साउन १४ | प्रदेश १ का स्थानीय तहको छुवाछुत लगायतको विषयमा आगामी वर्षको बजेट, निर्णयहरु |
| प्राविधिक सहायक नियुक्तिको प्रक्रियाका सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री स्वरोजगार कार्यक्रम) | २०७७ साउन १२ | सबै गाउँपालिका तथा नगरपालिका<br>सो पदपूर्तिको प्रक्रियाको नियम र यसको बजेट संघीय सरकारको सशर्त अनुदानबाट खर्च हुने जानकारी |
| विश्व स्तनपान सप्ताह सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | २०७७ साउन ११ | सबै स्थानीय तह |
| विवरण उपलब्ध गराइदिने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन ११ | सूचनाको हक सम्बन्धमा भएको कार्यक्रमका बारेमा सूचना आयोगलाई |
| प्रगति विवरण उपलब्ध गराइदिने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन ९ | सबै स्थानीय तह<br>स्थानीय तहबाट सञ्चालित भौतिक पूर्वाधार  लगायत कार्यक्रमको विवरण प्रधानमन्त्री कार्यालयमा  पठाउन |
| बेरुजु फछ्यौंट कार्ययोजना मार्गदर्शन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन ९ | सबै स्थानीय तह |
| करार सेवामा कार्यरत | संघीय मामिला तथा सामान्य | २०७७ साउन ७ | सबै स्थानीय तहहरु |

| | | | |
|---|---|---|---|
| कर्मचारीहरुको विवरण सम्बन्धमा | प्रशासन मन्त्रालय | | |
| अपांग परिचय पत्र सम्बन्धी विवरण | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन ७ | सबै स्थानीय तहहरु |
| सम्पत्ति विवरण दर्ता सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन ७ | सबै स्थानीय तहहरु |
| निर्णय कार्यान्वयन सम्बन्धमा | राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण | २०७७ साउन १ | सबै स्थानीय तहहरु<br>विपद् जोखिम न्युनीकरण सम्बन्धी राष्ट्रिय परिषद्को निर्णय पठाइएको |
| बजेट विवरण पठाउन पुन ताकेता | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ साउन ४ | सबै स्थानीय तह |
| कोरियामा नेपाली श्रमिकहरु पठाउने विधि सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ साउन २ | सबै स्थानीय तह |
| रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्ति सूचीकृत सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ असार ३० | गाउँपालिका तथा नगरपालिका सबै |
| राजस्व खाताको रकम सञ्चित कोष खातामा ट्रान्सफर गर्ने सम्बन्धमा | महालेखा नियन्त्रक कार्यालय | २०७७ असार २५ | सबै स्थानीय तहहरु |
| कार्यक्रम सञ्चालन सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७ असार ३० | कार्यक्रम लागु भएका सबै स्थानीय तह<br>समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र प्रगति विवरण माग |
| जानकारी सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार ३० | सबै स्थानीय तह<br>प्रम कार्यालयबाट कोरोना नियन्त्रणका लागि रकम पठाइएको |

| | | | |
|---|---|---|---|
| सोझै भुक्तानी प्रविष्टि सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार ३० | सबै स्थानीय तहहरु वैदेशिक सहायता नगद तथा वस्तुगत तर्फ भएको सोझै भुक्तानीको कारोबार महालेखा परीक्षक कार्यालयको जानकारीका लागि |
| आब २०७६ ७७ को प्रगति प्रतिवेदन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - तराई मधेस समृद्धि कार्यक्रम | २०७७ असार ३० | सबै स्थानीय तहहरु तराई मधेश समृद्धि कार्यक्रम लागु भएका जति |
| पुनः ताकेता गरिएको सम्बन्धी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार २९ | सबै स्थानीय तह सामाजिक समावेशिकरण नीति, २०७६ को मस्यौदामा रायका लागि |
| आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७७ असार २४ | सबै स्थानीय तह कोरोनाको क्वारेण्टाइनमा रहेका महिला बालबालिकामा हुने दुर्व्यवहारको सम्बन्धमा |
| राजस्व खाताको रकम सञ्चित कोषको खातामा ट्रान्सफर गर्ने बारे | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार २६ | सबै स्थानीय तहहरु |
| कृषि तथा पशुसेवा प्राविधिकको थप तलब भत्ता भुक्तानी सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार २५ | कार्यक्रम लागु भएका सबै स्थानीय तहहरु |
| श्रेणीविहिन कर्मचारीको स्तरवृद्धि सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार | सबै स्थानीय तह स्थानीय र प्रदेश कानुन नबनेसम्म निजामती सेवा ऐन र नियमावली बमोजिम गर्नका लागि |
| आवश्यक समन्वय सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार २१ | सबै स्थानीय तह कृषि सम्बन्धी कूल बजेट विवरणका लागि |
| विवरण उपलब्ध गराइदिन | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७७ असार १६ | सबै स्थानीय तह सीपमूलक तालिम र स्थानीय तहले सहभागिता गर्न सकिने विषयका लागि |
| गरिबी निवारणका लागि लघु उद्यम | उद्योग, वाणिज्य तथा | २०७७ असार १७ | सबै स्थानीय तहहरु |

| | | | |
|---|---|---|---|
| विकास कार्यक्रम (मेड्पा) सम्बन्धमा | आपूर्ति मन्त्रालय | | सशर्त अनुदानमा स्थानीय तहबाट सञ्चालन हुने भएकाले मोडालिटी उपलब्ध गराउन |
| सम्पत्ति विवरण बुझाउने सम्बन्धमा | राष्ट्रिय किताब खाना | २०७७ असार १० | सबै स्थानीय तहहरु |
| स्वदेशी कृषि उत्पादन उपभोग प्रवर्द्धन सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७ असार ११ | सबै स्थानीय तहहरु |
| सलह कीराको व्यवस्थापन सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७ असार १७ | सबै स्थानीय तह<br>सलह किराको व्यवस्थापन गर्ने विभिन्न सुझावहरु स्थानीय तहलाई पठाइएको |
| निर्णय पठाइएको सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७७ असार १० | सबै स्थानीय तह<br>कोरोनाका लागि स्थानीय तहका बजेट पठाइएको |
| राय सुझाव उपलब्ध गराउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार ११ | सबै स्थानीय तह<br>सामाजिक समावेशिकरण नीति, २०७६ को मस्यौदामा राय सुझाव पठाउन |
| संशोधित निशान छापको प्रयोग | गृह मन्त्रालय | २०७७ असार ५ | सबै स्थानीय तह<br>संशोधित निशान छापको प्रयोग |
| राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि समन्वय गरिदिने सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७७ असार १० | सबै स्थानीय तह |
| स्थानीय तहसँग सम्बन्धित सुझाव कार्यान्वयन प्रगति सम्बन्धमा | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७७ असार २ | सबै स्थानीय तह<br>अ.दु.अ.आ. ले पूर्वाधार विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा अनियमिता तथा भ्रष्टाचार बारे पठाएको सुझावहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम ( सञ्चालन कार्यविधि) नियमावलीको तेस्रो संशोधन सम्बन्धी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार ७ | सबै स्थानीय तह<br>यस कार्यक्रम अन्तर्गत विनियोजित तर खर्च नभएको रकम कोभिड १९ को रोकथाम र नियन्त्रणमा प्रयोग गर्ने बारे |

| | | | |
|---|---|---|---|
| जानकारी सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - तराइ मधेस समृद्धि कार्यक्रम | २०७७ असार ७ | तराइ मधेस समृद्धि कार्यक्रम लागु भएका स्थानीय तहहरु कार्यक्रम स्वीकृत भएको सम्बन्धमा |
| नगर/गाउँसभामा बजेट पेश भएको विवरण पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ असार ७ | सबै स्थानीय तहहरु |
| सशर्त अनुदानका कार्यक्रमहरुको लागत साझेदारी सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७ असार २१ | सबै स्थानीय तहहरु यस मन्त्रालयबाट सञ्चालन हुने सशर्त अनुदानका कार्यक्रमहरुको लागत साझेदारी सम्बन्धी निर्णय |
| क्राइसिस म्यानेजमेण्ट इन्फरमेसन सिस्टम अद्यावधिक गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ ३० | सबै गाउँपालिका नगरपालिका |
| तलब भत्ता सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७७ जेठ १ | सबै स्थानीय तह नेपाल सरकारबाट मनोनयन भई मेडिकल कलेज पढिरहेका डाक्टरका लागि तलबभत्ता उपलब्ध गराउने तथा नपुग भएमा निकासा माग्ने |
| उखु कृषक दर्ताका लागि सार्वजनिक सूचना प्रकाशन सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्राललय | २०७७ जेठ | सबै स्थानीय तह |
| एक गाउँ एक प्राविधिकका लागि बजेट व्यवस्थापन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ २९ | कार्यक्रम कार्यान्वयन भएका सबै स्थानीय तह |
| बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस बारे | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ जेठ २८ | सबै स्थानीय तह |
| स्थानीय तहको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ २० | सबै गाउँपालिका र नगरपालिका कोभिडको परिप्रेक्ष्यलाई पनि ध्यानमा राख्ने गरी |

| | | | |
|---|---|---|---|
| बजेट तर्जुमा सम्बन्धमा | | | |
| कृषिजन्य वस्तुको उत्पादन, ढुवानी र बजारीकरणमा सहजीकरण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ २० | सबै गाउँपालिका र नगरपालिका (कतिपय ठाउँमा कृषिजन्य उत्पादन नष्ट गरेको सन्दर्भमा) |
| गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा विकास गरी रोजगारी प्रवर्द्धन गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ २० | गरिबी निवारण कार्यक्रम लागु भएका सबै स्थानीय तह |
| आ.व. २०७७/७८ को लागि रोजगारमूलक आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गर्ने बारे | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ जेठ १८ | सबै स्थानीय तहहरु |
| रोजगार संयाजक नियुक्ति प्रक्रिया | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ जेठ १५ | सबै स्थानीय तहहरु प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि |
| गणतन्त्र दिवस २०७७ मनाउने बारे | गृह मन्त्रालय | २०७७ जेठ १३ | सबै गाउँपालिका र नगरपालिकाहरु |
| खोप तथा बाल स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७७ जेठ ८ | सबै गाउँपालिका र नगरपालिकाहरु |
| राष्ट्रिय सूचना आयोगको आदेश सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् मार्फत राष्ट्रिय सूचना आयोग | २०७७ जेठ ८ | सबै गाउँपालिका र नगरपालिका कोरोना भाइरस बारे सबै सरकारका काम कारबाहीहरुको सूचना प्रवाहका बारेमा सूचना आयोगको आदेश |
| निर्णय कार्यान्वयन सम्बन्धमा | स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र -स्वास्थ्य | २०७७ वैशाख १२ | सबै गाउँपालिका र नगरपालिका कोभिड १९ ट्रेसिङको टिम बनाउन |

| | | | |
|---|---|---|---|
| | तथा जनसंख्या मन्त्रालय | | |
| विवरण उपलब्ध गराइदिने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ ५ | सबै स्थानीय तह<br>स्थानीय पूर्वाधार विकास र साझेदारी कार्यक्रम अन्तरगत सञ्चालन हुने कार्यक्रम तथा बजेटको तपसील |
| बजेट विनियोजन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ जेठ ५ | प्रमुख प्रशासकीय अधिकृत<br>पूर्वाधार निर्माणका लागि बजेट विनियोजन भएका गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका |
| सशर्त अनुदानको रकम कार्यान्वयन एवम् खर्च गर्ने सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ बैशाख ३० | सबै स्थानीय तहहरु<br>यसमा सशर्त अनुदान कार्यान्वयनका सर्तहरु समेत समावेश गरिएको छ |
| खर्च व्यवस्थापनको सन्दर्भमा जानकारीको सम्बन्धमा | अर्थ मन्त्रालय | २०७७ चैत २१ | सबै स्थानीय तहहरु<br>कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष |
| भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ पठाइएको | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७७ बैशाख १४ | सबै गाउँपालिका र नगरपालिकाहरु |
| भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण सम्बन्धमा | भूमि सम्बन्धी समस्या समाधान आयोग | २०७७ बैशाख १४ | सबै गाउँपालिका र नगरपालिकाहरु |
| दीप प्रज्वलन सम्बन्धमा गृह मन्त्रालयको सूचना | गृह मन्त्रालय | २०७७ बैशाख २५ | सबै गाउँपालिका र नगरपालिका<br>कोरोनामा खटिने कर्मीहरुका लागि विश्वशान्तिका लागि |
| उपसमिति गठन गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ बैशाख २३ | सबै स्थानीय तह<br>कोरोना महामारीबाट महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुमा |

| | | | |
|---|---|---|---|
| | | | पर्ने असरका बारेमा सुधार र सम्बोधन गर्न |
| दीर्घकालीन सोच कार्यान्वयनको सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७ वैशाख २५ | सबै गाउँपालिका र नगरपालिका *संरक्षित कृषि, सुनिश्चित बचत* अन्तर्गत पाँचवटा नीतिगत आधारहरु उल्लेख गरिएको |
| निजामती कर्मचारीहरुको विवरण पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ वैशाख १४ | सबै स्थानीय तह |
| सशर्त अनुदानको रकम कार्यान्वयन एवम् खर्च गर्ने सन्दर्भमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७७ वैशाख १४ | सबै स्थानीय तह प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका कार्यक्रममा हकमा |
| नियमित खोप सञ्चालन सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७७ वैशाख १० | सबै गाउँपालिका र नगरपालिका |
| निर्णय कार्यान्वयन सम्बन्धमा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको फागुन २९, २०७६ को पत्र | २०७७ वैशाख ७ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति) | सबै स्थानीय तह गाउँपालिका/नगरपालिका स्तरीय संरक्षण विषयगत क्षेत्र समिति - विपद अवस्थामा पीडित तथा प्रभावित महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा यौनिक तथा अल्पसंख्यकहरुको संरक्षणको आवश्यक कार्य गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय महिला तथा बालबालिका विभागको निर्णय |
| सि-एमआइएस सञ्चालन गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ वैशाख ५ | सबै स्थानीय तह कोभिड १९ म्यानेजमेण्ट इन्फरमेसन सिस्टम |
| चीन सरकारले प्रदान गर्ने सहायता सामग्री स्थगन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ वैशाख ५ | पत्रमा उल्लिखित स्थानीय तहहरु |
| निर्देशन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७७ वैशाख ४ | सबै स्थानीय तहका अधिकृतहरुका लागि कोभिड १९ को विपदको बेला कार्यालयमा अनुपस्थित नहुने बारेमा |

| | | | |
|---|---|---|---|
| कर्मचारी माग गर्ने सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ चैत २३ | सबै स्थानीय तहहरु<br>कृषि तथा पशुपन्छी सेवा तर्फ रिक्त पदहरुमा |
| स्थानीय तहमा दीर्घकालिन महत्वको एक एक खेलकुद पूर्वाधारको निर्माणको सम्बन्धमा | युवा तथा खेलकूद मन्त्रालय | २०७६ चैत १४ | सबै संलग्न स्थानीय तह |
| वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने बारे | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ चैत ३० | सबै स्थानीय तह |
| *संरक्षित कृषि, सुनिश्चत बचत* भन्ने दीर्घकालिन सोचको कार्यान्वयनको लागि बस्तुस्थिति विश्लेषण सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ चैत २५ | सबै स्थानीय तह |
| विवरण उपलब्ध गराउने सम्बन्धमा | अर्थ मन्त्रालय | २०७६ चैत २१ | सबै स्थानीय तह<br>आ.व. २०७७/७८ का लागि नेपाल सरकारको वित्तीय हस्तान्तरण (सशर्त, समपूरक र विशेष अनुदान) आयोजनाहरु |
| विशेष संरक्षण गर्नुपर्ने वर्गहरुलाई आवश्यक सहयोग तथा समन्वय गर्ने सम्बन्धमा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ चैत २१ | सबै स्थानीय तहहरु |
| राहत सम्बन्धमा (नमुना मापदण्ड स्वीकृत गरी कार्य अघि बढाउन) | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६चैत १९ | सबै स्थानीय तह<br>असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी नमुना मापदण्ड, २०७६ स्वीकृत गरी सोही बमोजिम कार्य गर्न |
| निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा | गृह मन्त्रालय | २०७६ चैत १३ | सबै स्थानीय तहहरु<br>आपूर्ति व्यवस्था सहज बनाउने सम्बन्धमा |
| निर्णय कार्यान्वयन सम्बन्धमा | महिला, बालबालिका | २०७६ चैत ३ | सबै स्थानीय तह |

| | | | |
|---|---|---|---|
| | तथा ज्येष्ठ नागरिक मन्त्रालय | | जिल्ला बाल कल्याण समिति अब जिल्ला सदरमुकाममा भएको पालिका प्रमुखको संयोजकत्वमा रहने |
| आवश्यक समन्वय तथा सहजीकरण गर्नका लागि | महिला, बालबालिका तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ चैत ४ | सबै स्थानीय तहहरु आमाबुवा विहीन बालबालिकाको तथ्यांक संकलनका लागि |
| बिदा सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ चैत ३० | सबै स्थानीय तहहरु कोरोना भाइरस महामारीको समयमा प्रसुती बिदा र किरिया बिदा बाहेक अन्य बिदा स्वीकृत नगर्ने सम्बन्धमा |
| निर्णय सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७६ चैत ३ | सबै स्थानीय तह कोभिड १९ सम्बन्धमा प्रधानमन्त्रीको कार्यालयको निर्णयहरु |
| आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ चैत २७ | सबै स्थानीय तह |
| विवरण उपलब्ध गराइदिने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा अनुगमन शाखा | २०७६ चैत ९ | सबै स्थानीय तह स्थानीय तह प्रमुख प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको लागि विनियोजन भएको बजेटको विवरणका लागि |
| कार्यक्रम स्थगित गरिएको बारे | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा | २०७६ चैत ७ | उल्लिखित स्थानीय तहहरु बृहत पोषण प्रशिक्षक प्रशिक्षण तालिम स्थगित गरिएको बारे |
| स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ चैत ७ | सबै स्थानीय तह स्थानीय पदाधिकारीले कोभिड १९ नियन्त्रणमा नआउञ्जेलसम्म विदेश भ्रमणका कार्यक्रम अघि नबढाउन |

| | | | |
|---|---|---|---|
| | स्थानीय तह समन्वय शाखा | | |
| सहयोग र समन्वय गरिदिने सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ चैत ४ | सबै स्थानीय तह<br>चैत ५, २०७६ पछि कुनै शैक्षिक कार्यक्रम नगर्न |
| कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि स्वयंसेवक परिचालन गर्ने गराउने सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ चैत २ | सबै स्थानीय तह |
| स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय योजना तथा अनुगमन शाखा | २०७६ चैत ६ | उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु<br><br>विवरण सफ्टवेयरमा भर्न |
| बृहत पोषण प्याकेज प्रशिक्षक प्रशिक्षण तालिम सम्बन्धमा | स्थास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ चैत २ | पत्रमा उल्लिखित जिल्लाका स्थानीय तहहरु |
| आवश्यक समन्वय सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ चैत २ | सबै स्थानीय तहहरु<br>क्षयरोग दिवसमा क्षयरोगका बारेमा जनचेतना कार्यक्रम |
| स्थानीय तहको सहजीकरणका लागि प्रदेशगत रुपमा फोकल पर्सन तोकिएको | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ३० | सम्बन्धित सबै स्थानीय तहहरु |
| प्रशासकीय भवनको विवरण उपलब्ध गराइदिने बारे | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ चैत २ | गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सबै |
| तालिममा सहभागिताका सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ फागुन २९ | पत्रमा उल्लिखित गाउँपालिका र नगरपालिका<br>स्थानीय तहका कृषि कर्मचारीहरुका लागि तालिम |
| विवरण उपलब्ध गराउने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ चैत १ | गाउँपालिका तथा नगरपालिका सबै<br>कोभिड १९ को नियन्त्रण र रोकथामको लागि स्थानीय तहबाट भएको पूर्वतयारीको विवरण |

| | | | |
|---|---|---|---|
| प्रशिक्षण कार्यक्रममा सहभागिता सम्बन्धमा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | २०७६ फागुन २७ | सुदुरपश्चिम प्रदेश अन्तरगत पत्रमा उल्लिखित स्थानीय तहहरु |
| प्रशिक्षण कार्यक्रममा सहभागिता सम्बन्धमा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | २०७६ फागुन २७ | कर्णाली प्रदेश अन्तरगत पत्रमा उल्लिखित स्थानीय तहहरु |
| प्रशिक्षण कार्यक्रममा सहभागिता सम्बन्धमा | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | २०७६ फागुन २७ | बाँके ५ नं. प्रदेशमा उल्लिखित स्थानीय तहहरु |
| आगामी आ.व.को कार्यक्रममा धुम्रपान तथा सूर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रण गर्ने कार्यक्रम समावेश गर्ने बारे | स्वास्थ्य कर कोषको सचिवालय ( स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) | २०७६ फागुन १९ | सबै स्थानीय तहहरु |
| कोभिड १९ को संक्रमण सजगता, रोकथाम तथा नियन्त्रणका सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन २८ | सबै स्थानीय तह |
| आवश्यक व्यवस्था सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयन | २०७६ फागुन २८ | सबै स्थानीय तह<br>पोषण केन्द्रित कार्यक्रमको खर्च तथा फोकल पर्सनको व्यवस्था गर्ने सम्बन्धमा |
| कोभिड १९ को संक्रमण सजगता, रोकथाम तथा नियन्त्रणका सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०७६ फागुन २३ | सबै स्थानीय तह |
| रोजगार संयोजकको करार अवधि थप गर्ने सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ फागुन २३ | सबै स्थानीय तह<br>मन्त्रालयले आफैं आगामी वर्षको तलब भत्ता व्यहोर्ने गरी |
| कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा यथाशीघ्र प्रारम्भ गर्ने सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ फागुन २० | सबै स्थानीय तह<br>चैत ५ सम्ममा समाप्त गरिसक्ने बारेमा |

| | | | |
|---|---|---|---|
| सार्वजनिक स्थलमा धुम्रपान, सुर्तीजन्य पदार्थ निषेध गर्ने सम्बन्धमा | स्वास्थ्य कर कोषको सचिवालय ( स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) | २०७६ फागुन १९ | सबै स्थानीय तह |
| जनचेतना तथा आवश्यक पूर्वतयारी सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयन | २०७६ फागुन २३ | सबै गाउँपालिका तथा नगरपालिकाहरु<br>कोरोना भाइरसको बारेमा जनचेतना तथा पूर्वतयारीका सम्बन्धमा |
| सहयोग र समन्वय सम्बन्धमा | निर्वाचन आयोग नेपाल | २०७६ फागुन १५ | सबै स्थानीय तह<br>मतदाता नामावली संकलन, त्रुटी सच्याउने लगायत कार्यका लागि |
| पत्राचार सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिम सुरक्षा मन्त्रालय | २०७६ फागुन २१ | सबै स्थानीय तह<br>न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारेको सूचना |
| आयोजनाको विवरण उपलब्ध गराउने सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ फागुन १९ | सबै स्थानीय तह<br>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक परियोजनाको विवरण |
| विश्व श्रवण दिवस २०२० सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन १५ | सबै स्थानीय तहहरु<br>विश्व श्रवण दिवसमा जीवनको लागि श्रवण नारा रहेको कार्यक्रम गर्ने बारे |
| विश्व मुख स्वास्थ्य दिवस मनाउने बारे | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन १५ | सबै स्थानीय तह |
| सहभागिता र सहजीकरणका सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन १५ | दोलखा जिल्लाका स्थानीय तहहरु<br>आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्नुपर्ने सम्बन्धमा |
| कार्यक्रममा सहभागिताका सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन १८ | पत्रमा उल्लिखित स्थानीय तहहरु<br>जनसंख्या व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्बन्धमा |
| ११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने सम्बन्धमा | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २०७६ फागुन १४ | सबै स्थानीय तहहरु |

| | | | |
|---|---|---|---|
| जानकारी सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ फागुन १२ | सबै स्थानीय तह<br>विपन्न लक्षित छात्रवृत्तिका लागि आवेदनमा स्थानीय तहले विद्यालयलाई सहजीकरणका लागि |
| नपुग तलब भत्ता लगायत अनिवार्य दायित्व सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन १३ | सबै स्थानीय तहहरु<br>सशर्त अनुदान तर्फ विनियोजित बजेट मध्ये स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ताको लागि रकम अपुग सन्दर्भमा |
| असल अभ्यास पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन १५ | सबै स्थानीय तह<br>पालिकाले गरेका असल अभ्यासको विवरण पठाउने सम्बन्धमा |
| सहभागी मनोनयन सम्बन्धमा | कृषि तथा पशुपंछी मन्त्रालय | २०७६ फागुन १४ | पत्रमा उल्लेखित स्थानीय तह<br>अधिकृत स्तरीय प्राविधिक तालिम कार्यक्रम |
| साझेदारी सपोर्ट टु फेडेरलिज्म परियोजना सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन १३ | पत्रमा उल्लिखित स्थानीय तह<br>परिचात्मक कार्यक्रममा सहभागिताका लागि |
| राजस्व र व्ययको अनुमानित विवरण पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयन | २०७६ फागुन १३ | सबै स्थानीय तह |
| निर्णय कार्यान्वयन सम्बन्धमा | अर्थ मन्त्रालय | २०७६ फागुन २ | सबै स्थानीय तह<br>संविधान तथा प्रचलित कानुन प्रतिकूल हुने गरी कुनै पनि कर, महसुल तथा शुल्क असूल नगर्ने आवश्यक व्यवस्थाको निर्णय |
| सहभागी पठाइदिने सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन १३ | पत्रमा उल्लिखित स्थानीय तहहरु<br>विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तरगत समीक्षा गोष्ठीका लागि |
| तालिममा मनोनीत गरी पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ११ | पत्रमा उल्लिखित स्थानीय तहहरु<br>ग्रामीण सडकको क्षेत्रमा काम गर्ने निकाय र कार्यरत पदाधिकारीको क्षमता अभिवृद्धिको कार्यक्रम ( एडिबी तथा नेपाल सरकार) |
| विवरण उपलब्ध गराउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ८ | सबै स्थानीय तह<br>सेण्डाई फ्रेमवर्क फर डिज्यास्टर रिस्क रिडक्सन) को तोकिएको विवरण पठाउने |

| | | | |
|---|---|---|---|
| कार्यक्रममा सहभागिताका लागि | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन ८ | पत्रमा उल्लिखित सबै स्थानीय तह<br>सहयोग समिति नेपाल र राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको कार्यक्रम |
| विवरण उपलब्ध गराइदिने बारे | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ८ | सबै स्थानीय तहहरु<br>संघ र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणका लागि आधार र ढाँचा तर्जुमा गर्ने प्रयोजनको विवरण |
| आवश्यक व्यवस्था गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ६ | काठमाण्डौ महानगरपालिका जर्मन दुतावासको छिमेकमा भएको निर्माण कार्यले दुतावास परिसरमा अतिक्रमण भएकाले रोक्ने सम्बन्धमा |
| राष्ट्रिय औद्योगिक सर्भेक्षण | केन्द्रीय तथ्यांक विभाग | २०७६ माघ २६ | सबै स्थानीय तह<br>राष्ट्रिय औधोगिक सर्भेक्षण, २०७६ का लागि स्थलगत तथ्यांक संकलनका लागि |
| आदेश कार्यान्वयन सम्बन्धमा | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय | २०७६ माघ २४ | सबै स्थानीय तह<br>जलवायु परिवर्तन सम्बन्धी एकीकृत कानुन नबनेसम्म जलवायु परिवर्तन नीति २०७६ लगायतका नीतिहरु अवलम्वन गर्ने सम्बन्धमा |
| कार्यक्रममा सहभागिताका सम्बन्धमा | सहरी विकास मन्त्रालय | २०७६ माघ ६ | पत्रमा उल्लिखित स्थानीय तहहरु राष्ट्रिय शहरी नीति २०७६ तर्जुमाका लागि प्रदेश स्तरीय छलफल कार्यक्रम सञ्चालनका लागि |
| जानकारी सम्बन्धमा (सार्वजनिक सरोकारको विवादमा भएका आदेश / निर्देशनात्मक आदेश कार्यान्वयन सम्बन्धमा ) | सर्वोच्च अदालत फैसला कार्यान्वयन विभाग | २०७६ माघ २० | सबै स्थानीय तहहरु |
| प्राविधिक २ ग्रेडको कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ७ | सबै स्थानीय तह<br>सर्वोच्च अदालतको फैसला बमोजिम गर्नु गराउन |

| | | | |
|---|---|---|---|
| राष्ट्रिय तथ्यगत विवरणमा तथ्यांक प्रविष्टि गर्ने बारे | केन्द्रीय तथ्यांक विभाग | २०७६ फागुन ६ | सबै स्थानीय तह |
| कार्ययोजना कार्यान्वयन सम्बन्धमा | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ फागुन १ | सबै स्थानीय तह<br>लैंगिक हिंसा विरुद्धको अभियान वर्ष २०७६ वार्षिक कार्ययोजना कार्यान्वयन गराउने बारे |
| नमुना युवा संसदको अभ्यास सम्बन्धी जानकारी | राष्ट्रिय युवा परिषद् | २०७६ माघ २१ | पत्रमा उल्लिखित स्थानीय तहहरु |
| महामारी/प्रकोप नियन्त्रणमा तालिम प्राप्त जनशक्तिको परिचालन सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ फागुन ४ | सबै स्थानीय तहहरु<br>तालिम दिइएका सूचीकृत स्वास्थ्यकर्मीलाई परिचालन स्थानीय तहले परिचालन गर्ने बारे |
| असल अभ्यास पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ फागुन ४ | सबै स्थानीय तहहरु |
| परिपत्र सम्बन्धमा | गृह मन्त्रालय | २०७६ फागुन १ | सबै स्थानीय तह<br>प्रजातन्त्र दिवस मनाउने बारे |
| कुष्ठरोग उपचार बहुऔषधी व्यवस्थापन सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ २९ | सबै स्थानीय तह<br>कुष्ठरोग उपचारको औषधीको मात्रा बारे |
| पत्राचार सम्बन्धमा | वैदेशिक रोजगार बोर्डको सचिवालय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ माघ २९ | सबै स्थानीय तह<br>बोर्डबाट आर्थिक सहायताका लागि स्थानीय तहबाट निवेदन दिने व्यवस्था सम्बन्धी सूचना |
| राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने बारे | गृह मन्त्रालय | २०७६ फागुन १ | सबै स्थानीय तह |
| सशर्त अनुदान कार्यान्वयन एवम् खर्च गर्ने सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ फागुन १ | सबै स्थानीय तह<br>सशर्त अनुदानको विनियोजित रकम र सर्तहरु |

| | | | |
|---|---|---|---|
| आयोजना, कार्यक्रम माग, प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना | तराई मधेश समृद्धि कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ माघ २८ | तराई मधेश कार्यक्रम लागु भएका स्थानीय तहहरु |
| दादुरा रुवेला खोप अभियान सञ्चालनको समन्वयका सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ २६ | सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु |
| जानकारी सम्बन्धमा | शिक्षा तथा मानव स्रोत विकास केन्द्र ( शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) | २०७६ माघ २१ | पत्रमा उल्लिखित स्थानीय तहहरु शिक्षकहरुको तलब भत्ता पुग अपुग भएको विवरण पठाउने बारेमा |
| आयोडिन सम्बन्धी महिनाव्यापी कार्यक्रम मनाउने सम्बन्धमा | परिवार कल्याण महाशाखा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ २२ | सबै स्थानीय तहहरु |
| बृहत पोषण प्याकेज प्रशिक्षक प्रशिक्षण तालिम | परिवार कल्याण महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ २२ | पत्रमा उल्लिखित जिल्लाका स्थानीय तहहरु |
| पुनः ताकेता सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ माघ १२ | सबै स्थानीय तह<br>बाल श्रमिकको अनुगमन, उद्दार, पुनर्मिलन एवम् पुनःस्थापना सम्बन्धी कार्यविधि, २०७६ को मस्यौदा मा स्थानीय तहहरुको राय, सुझाव तथा प्रतिक्रिया प्रेषण सम्बन्धमा |
| राय, प्रतिक्रिया सुझावका सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ माघ १२ | सबै स्थानीय तह<br>बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) को मस्यौदा |

| | | | |
|---|---|---|---|
| अन्तरक्रिया कार्यक्रममा सहभागिताका सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ माघ १५ | सुदुरपश्चिमका सबै स्थानीय तह स्थानीय तहको शैक्षिक व्यवस्थापन तथा गुणस्तर अभिवृद्धि सम्बन्धी अन्तरक्रिया कार्यक्रम |
| रोजगार संयोजकको तलब र भत्ता सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ माघ १५ | सबै स्थानीय तह सो शीर्षकमा सशर्त अनुदानमा प्राप्त हुने रकम अपुग हुने स्थानीय तहले विवरण पठाउनका लागि |
| असल अभ्यास पठाउने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ माघ १६ | सबै गाउँपालिका तथा नगरपालिकाहरु प्रोत्साहन स्वरुपमा अन्य पालिकाहरुमा प्रचार प्रसार गर्न |
| कार्यक्रम सञ्चालनका लागि समन्वय गरिदिने सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य समन्वय शाखा | २०७६ माघ १३ | पत्रमा उल्लिखित पालिकाहरु विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालनार्थ |
| जानकारी सम्बन्धमा | कृषि तथा पशुपन्छी मन्त्रालय | २०७६ माघ ५ | सबै स्थानीय तहहरु पशुप्रति निर्दयी व्यवहार निरुत्साहन सम्बन्धमा |
| स्थानीय स्तरमा लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने सम्बन्धमा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ माघ ९ | सबै स्थानीय तहहरु |
| खर्च गर्न निर्देशन र रकम सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ ८ | मातृशिशु तथा बाल्यकाल कार्यक्रम लागु भएका स्थानीय तहहरु |
| आवश्यक समन्वय सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ ८ | पत्रमा उल्लिखित स्थानीय तहहरु राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रमका लागि आर्थिक विवरण उपलब्ध गराइदिने बारे |
| जानकारी सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ माघ ६ | सबै स्थानीय तह एक स्वास्थ्य रणनीति, २०७६ को प्रति पठाइएको |
| ६७ औ विश्व कुष्ठरोग दिवस मनाउने सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ पुस २४ | सबै स्थानीय तह |

| | | | |
|---|---|---|---|
| कानुन व्यवस्था कार्यान्वयन सम्बन्धमा | स्वास्थ्य कर कोषको सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ पुष २८ | सबै स्थानीय तह<br>सूर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ र नियमावली २०६८ को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतलाई निरीक्षक तोकिएको |
| सुत्र लेखा प्रणाली लागु गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ माघ ८ | सबै स्थानीय तह<br>स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) सबै स्थानीय तहमा लागु गराउने निर्देशन |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतका आयोजनाको कार्यान्वयन | संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय | २०७६ माघ ७ | सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकारीलाई आयोजना कार्यान्वयन गराउन र बाधा व्यवधान गर्ने प्र.प्र.अ.लाई कारबाहीको व्यवस्था भएको जानकारी गराउन |
| पुनः ताकेता सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ माघ ६ | सबै स्थानीय तह<br>बालश्रममुक्त पालिका घोषणा कार्यविधि, २०७६ मा सुझावका लागि |
| जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास सम्बन्धमा | गृह मन्त्रालय | २०७६ पुस २९ | सबै स्थानीय तह<br>अहिले स्थानीय तहले सिधै शहरी विकास तथा भवन निर्माण विभागमा पत्राचार गरिरहेकोमा स्थानीय विपद व्यवस्थापन समितिको निर्णय तथा सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय भई आउनु पर्ने जानकारी |
| बृहत पोषण प्याकेज प्रशिक्षण तालिम सम्बन्धमा | परिवार कल्याण महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ माघ २ | पत्रमा उल्लिखित जिल्लाका सबै स्थानीय तहहरु |
| रोजगार सेवा केन्द्रबाट माग गरी काममा खटाउने सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ पुस २७ | सबै स्थानीय तह<br>स्थानीय तह मातहतका रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोगजार व्यक्तिहरुलाई सार्वजनिक खरिद नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम काममा लगाउनु पर्ने |

| | | | |
|---|---|---|---|
| कार्यक्रममा सहभागिताका सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ पुस २९ | पत्रमा उल्लिखित स्थानीय तहहरु क्षयरोगका बिरामी प्रेषण, निदान कार्यक्रम |
| अन्तरक्रिया कार्यक्रममा सहभागिता सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ पुस २५ | गण्डकी प्रदेशका तोकिएका स्थानीय तहहरु स्थानीय तहको शैक्षिक व्यवस्थापन तथा गुणस्तर अभिवृद्धि सम्बन्धी अन्तरक्रिया |
| प्रशिक्षण कार्यक्रममा भाग लिन पठाइदिन हुन बारे | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | २०७६ पुस २९ | पत्रमा उल्लिखित प्रदेश र स्थानीय तहहरु |
| काठमाण्डौ उपत्यकाको ट्राफिक व्यवस्थापन सम्बन्धी अल्पकालीन कार्ययोजना २०७६ सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७६ पुस २२ | काठमाण्डौ उपत्यकाका सबै स्थानीय तहहरु कार्ययोजना पठाइएको |
| ताकेता सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस २५ | सबै महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिकाहरु कार्यालयमा कार्यरत सबै कर्मचारीको विवरण तोकिएको ढाँचामा पठाउने सम्बन्धमा |
| २२ औं भुकम्प दिवसको नारा सम्बन्धमा | गृह मन्त्रालय | २०७६ पुस २४ | सबै स्थानीय तह तय गरिएको नारा जानकारीका लागि पठाइएको |
| सुरक्षित नागरिक संख्या एकीन गरी पठाउने सम्बन्धमा | शहरी विकास मन्त्रालय | २०७६ पुस २३ | सबै स्थानीय तह खरको छाना हटाइ टिनको छाना लगाउनु पर्ने नागरिकको संख्या पठाउने सम्बन्धमा |
| कार्यक्रममा सहभागिताका सम्बन्धमा | गृह मन्त्रालय | २०७६ पुस २३ | पत्रमा उल्लिखित स्थानीय तहहरु इमर्जेन्सी प्रिपेयर्डनेस कपासिटी इन्डेक्स फोकस ग्रुप डिस्कसन कार्यक्रम |
| राष्ट्रिय योग दिवस सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ पुस २२ | सबै स्थानीय तह योग दिवस कार्यक्रम गरी मनाउने बारे |
| निर्णय कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस २२ | सबै स्थानीय तह चालु आर्थिक वर्षको बीचमा संघ तथा प्रदेशबाट स्थानीय तहमा सशर्त, विशेष र समपूरक अनुदान मार्फत प्राप्त हुने रकमलाई |

| | | | |
|---|---|---|---|
| | | | आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनु अगावै सम्बन्धित गाउँ/नगर सभाबाट समर्थन/स्वीकृत गराई बजेट कायम तथा सोही बमोजिमको प्रतिवेदन गर्ने व्यवस्था मिलाउने अर्थ मन्त्रालयको निर्देशन |
| कन्सुलर प्रमाणिकरण सम्बन्धमा | परराष्ट्र मन्त्रालय कन्सुलर सेवा विभाग | २०७६ पुस २० | सबै स्थानीय तह पालिकाबाट सेवाग्राहीले पाउने प्रमाणपत्र पालिकाका अधिकारीले प्रमाणिकरण गराएर मात्रै सेवाग्राहीलाई कन्सुलरमा पठाउनु हुन |
| आवश्यक समन्वय सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ पुस १६ | पत्रमा उल्लिखित स्थानीय तहहरु विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ्ग सेवा कार्यक्रम व्यवस्थापन निर्देशिकाको मस्यौदामा छलफल कार्यक्रम |
| ज्येष्ठ नागरिक दिवा सेवा सञ्चालन सम्बन्धमा | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ पुस १३ | उल्लिखित स्थानीय तहहरु ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी (नमुना) कार्यविधि, २०७६ बमोजिम सेवा सञ्चालन गर्न |
| कार्यमूलक लेखा परीक्षण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस १७ | पत्रमा उल्लिखित स्थानीय तह कार्यमूलक लेखापरीक्षण प्रश्नावली २०७५ विवरण भरी पठाउनका लागि |
| निर्णय कार्यान्वयन सम्बन्धमा | गृह मन्त्रालय | २०७६ पुस १३ | सबै स्थानीय तह भूकम्प सुरक्षा दिवस २०७६ मनाउन समन्वय |
| परिपत्र गरिएको | गृह मन्त्रालय | २०७६ पुस ८ | कर्णाली र सुदुरपश्चिमका सबै स्थानीय तहहरु छाउपडी प्रथा जस्ता अन्धविश्वास र कुरीतिलाई  निषेध र उन्मुलनको कार्य गर्न गर्नका लागि स्थानीय तहको सहकार्य र समन्वयका लागि |
| बालबालिकाको समग्र स्थिति सम्बन्धी अन्तरक्रिया कार्यक्रममा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ पुस ९ | प्रदेश १ का पत्रमा उल्लिखित स्थानीय तहहरु |

| | | | |
|---|---|---|---|
| सहभागिताका सम्बन्धमा | | | |
| निर्णय कार्यान्वयन सम्बन्धमा | गृह मन्त्रालय | २०७६ पुस १० | काठमाण्डौ महानगरपालिका होर्डिङ्ग बोर्ड, पोस्टर जस्ता सामाग्री हटाउने सर्वोच्च अदालतको आदेश कार्यान्वयन सम्बन्धमा |
| सहजीरकण गर्ने सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ पुस ९ | सबै स्थानीय तह<br>सेनटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामुदायिक विद्यालयका छात्राहरुलाई प्याड वितरण गर्न र सोका लागि सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण पठाइसकिएको |
| तालिम कार्यक्रममा सहभागिताका सम्बन्धमा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ पुस ११ | कैलाली जिल्लाका सबै स्थानीय तह<br>३ दिने खरिद सम्बन्धी तालिम कार्यक्रम |
| नेपाल भ्रमण वर्ष, २०२० को प्रवर्द्धनका लागि सरकारी एवम् सार्वजनिक निकायले गर्नुपर्ने कार्य जिम्मेवारी सम्बन्धमा | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | २०७६ पुस ११ | सबै स्थानीय तह<br>मन्त्रिपरिषद्ले गरेका निर्णयहरु पठाइएको |
| अभिमुखिकरण कार्यक्रममा सहभागिता सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस ११ | पत्रमा उल्लिखित स्थानीय तह<br>स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी अभिमुखीकरण आवासीय कार्यक्रम |
| अन्तरक्रिया कार्यक्रममा सहभागिता सम्बन्धमा | गृह मन्त्रालय | २०७६ पुस ९ | पत्रमा उल्लिखित स्थानीय तह<br>डिजास्टर इन्फरमेसन म्यानेजमेण्ट सिस्टमको स्थानीयकरण |
| अन्तरक्रिया/गोष्ठी कार्यक्रम | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ पुस ७ | पत्रमा उल्लिखित स्थानीय तह<br>शिक्षा क्षेत्रका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन र विद्यालय शिक्षाको समग्र व्यवस्थापन सम्बन्धी |
| रमाना दिने सम्बन्धमा | संघीय मामिला तथा सामान्य | २०७६ पुस ९ | सबै स्थानीय तह<br>संघमा समायोजन भई भूमि व्यवस्था, सहकारी तथा गरिबी |

| | | | |
|---|---|---|---|
| | प्रशासन मन्त्रालय | | निवारण मन्त्रालय वा अन्तरगत पदस्थापना भइसकेका कर्मचारीहरुलाई मात्र रवाना दिई हाजिरी हुन पठाउने सम्बन्धमा |
| कार्यक्रममा सहभागिताका सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस ७ | पत्रमा उल्लिखित स्थानीय तह वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐनको प्रारुप तयार पार्ने कार्यको सहजीकरण गर्ने अभिमुखिकरण |
| विवरण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस ८ | सबै स्थानीय तह कार्यालयमा कार्यरत सबै कर्मचारीको विवरण तोकिएको ढाँचामा पठाउने |
| परिपत्र सम्बन्धमा | कर्मचारी सञ्चय कोष | २०७६ असोज १३ (सामान्य प्रशासनले २०७६ पुस ७ मा लेखेको) | सबै स्थानीय तह योगदानमूलक निवृत्तिभरण योजना कार्यान्वयन सम्बन्धमा |
| जानकारी सम्बन्धमा | परराष्ट्र मन्त्रालय | २०७६ मंसीर २० | पत्रमा उल्लिखित स्थानीय तह बौद्ध धर्मप्रति आस्था राख्ने मेयरहरुसँग स्पेनको क्यासरेस सहरका मेयरको भेटघाटका लागि |
| अपांगता भएका व्यक्तिको रोजगारी सम्बन्धी विवरण सम्बन्धमा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ मंसीर ३० | सबै स्थानीय तह |
| प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँट गर्न कार्यक्रम प्रस्ताव आव्हानको राष्ट्रिय योजना आयोगको सूचना | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ पुस ६ | सबै स्थानीय तहका लागि राष्ट्रिय योजना आयोगले पत्रिकामा प्रकाशित गरेको सूचना |
| कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा | गृह मन्त्रालय | २०७६ मंसीर २६ | सबै स्थानीय तह हिमपात, शीतलहर, चिसो लगायतका विपद् जोखिम न्युनीकरण कार्यकारी समितिको निर्णय कार्यान्वयन |

| | | | |
|---|---|---|---|
| खोरेत तथा रेविज रोगलाई सूचित गर्नुपर्ने रोगको सूचीमा समावेश गरिएको | कृषि तथा पशुपन्छी मन्त्रालय | २०७६ मंसीर २४ | सबै स्थानीय तह |
| निर्णय कार्यान्वयन सम्बन्धमा | अर्थ मन्त्रालय | २०७६ मंसीर १८ | सबै स्थानीय तह<br>वैदेशिक ऋण र सहायताका सम्बन्धमा नेपाल सरकारको सहमति सम्बन्धी मन्त्रिपरिषद्को निर्णय बमोजिम गर्न |
| आ.व. २०७५/०७६ को खर्चको विवरण सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ मंसीर २४ | पत्रमा उल्लिखित स्थानीय तह समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजनाको खर्च विवरण |
| फैसला कार्यान्वयनको आवश्यक व्यवस्थाका लागि | सर्वोच्च अदालत | २०७६ मंसीर १८ | सबै स्थानीय तह<br>उत्प्रेषण / परमादेश समेत स्थानीय तहको पदाधिकारी तथा सदस्यहरुले संविधान विपरीत पारिश्रमिक लिएको सम्बन्धी विवाद |
| बेरोजगार सूची निर्धारण तथा मार्गदर्शन, २०७६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ मंसीर १९ | सबै स्थानीय तह<br>स्थानीय तहले बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण गर्दा यही मार्गनिर्देशन बमोजिम गर्न मन्त्रीस्तरीय निर्णय |
| NWASS-APPS प्रयोग गर्ने सम्बन्धमा | खानेपानी मन्त्रालय | २०७६ मंसीर १३ | सबै स्थानीय तहहरु<br>खानेपानी, स्वच्छता र सरसफाईको २०३० को दिगो लक्ष्य प्राप्त गर्न यो एपको प्रयोग मार्फत तथ्यांक संकलन |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७६ मंसीर १५ | सबै स्थानीय तह<br>पालिकाबाट सेवा प्रवाह तथा पूर्वाधार विकास निर्माणमा भएका अनियमितताको छानबिनको विश्लेषणबाट प्राप्त सुझाव |
| राष्ट्रिय संयुक्त वार्षिक समीक्षा सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ मंसीर ६ | पत्रमा उल्लिखित स्थानीय तहहरु आ.व. २०७५/७६ मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको उपलब्धि समीक्षा गर्न |
| निर्णय कार्यान्वयन तथा आवश्यक पूर्वतयारी गर्ने सम्बन्धमा | गृह मन्त्रालय | २०७६ मंसीर ५ | सबै स्थानीय तह<br>विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको |

| | | | |
|---|---|---|---|
| | | | बैठकले स्थानीय तहहरुले गर्ने भनी निर्णय गरेका विषयहरु |
| परिपत्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ मंसीर ५ | सबै स्थानीय तह<br>स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुको पदस्थापना सम्बन्धमा |
| गढीमाई मेला सम्बन्धमा | कृषि तथा पशुपन्छी मन्त्रालय | २०७६ कार्तिक २२ | कलैया उमनपा र महागढीमाई नगरपालिका<br>मेलाका लागि पशु क्वारेन्टिइन सेवाका लागि कर्मचारी उपलब्ध गराइएको |
| उखु किसानलाई अनुदान दिने सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७५ पठाइएको | कृषि तथा पशुपन्छी मन्त्रालय | २०७६ मंसीर ३ | सबै स्थानीय तह |
| स्थानीय तहको परियोजनाका लागि जग्गा प्राप्तिको लागि आवश्यक विवरण | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ कार्तिक २६ | सबै स्थानीय तह<br>जग्गा प्राप्तिका लागि स्थानीय तहले पेश गर्नुपर्ने विवरणहरुको सूची |
| सम्पर्क व्यक्तिको जिम्मेवारी दिने बारे नीतिगत व्यवस्था | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ मंसीर ६ | सबै स्थानीय तह<br>क्षयरोगका सम्बन्धमा स्थानीयत तहमा हुने गतिविधिहरुको योजना, कार्यान्वयन, अनुगमन लगायतका लागि एक जना स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीलाई क्षयरोग सम्पर्क व्यक्तिको जिम्मेवारी दिने बारे |
| राय उपलब्ध गराउने सम्बन्धमा | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६ मंसीर ५ | सबै स्थानीय तह<br>राष्ट्रिय लैंगिक समानता नीति, २०७६ को मस्यौदा |
| राय उपलब्ध गराउने सम्बन्धमा | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ कार्तिक २८ | सबै स्थानीय तह<br>बालश्रम मुक्त घोषणा कार्यविधि, २०७६ को मस्यौदा |
| न्युनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि व्यक्तिको आयका सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ मंसीर ३ | सबै स्थानीय तह |

| | | | |
|---|---|---|---|
| नियुक्ति तथा कर्मचारी व्यस्थापन बारे | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ मंसीर ३ | सबै स्थानीय तह<br>स्थानीय तहले माग गरी लोकसेवाले सिफारिस गरेका कर्मचारीहरुको बारेमा |
| स्थायी नियुक्ति पत्रको ढाँचा सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ मंसीर २ | सबै स्थानीय तहहरु<br>स्थानीय तहको अधिकृत स्तरको कर्मचारीको नियुक्तिको ढाँचा एकरुपताका लागि पठाइएको |
| ताकेता गरिएको | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ कार्तिक २९ | सबै स्थानीय तह<br>राजस्व सम्बन्धी ऐन बनाउन स्थानीय तहको राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोगलाई ध्यान दिनु पर्ने र प्राकृतिक स्रोतको बाँडफाँट अनुदान सिफारिसका लागि पनि आवश्यक भएकाले |
| निर्णय कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ कार्तिक २५ | सबै स्थानीय तह<br>पर्यटन मन्त्रालयको ०७६ कार्तिक २० को निर्णय बमोजिम यातायात स्टेसनमा गार्बेज कन्टेनर तथा सडक छेउको होटेल मोटेल छेउमा कन्टेनर राख्ने आदेश |
| शिक्षकको कार्यसम्पादन मूल्यांकन सम्बन्धी | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६ कार्तिक ५ | सबै स्थानीय तह<br>शिक्षक सेवा आयोग दशौं संशोधन नियमावली, २०७६ बमोजिम शिक्षकको कार्यसम्पादन मूल्यांकन |
| सुशासनका लागि क्षमता विकास कार्यक्रम (३ वर्षीय) | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ कार्तिक १४ | उल्लिखित स्थानीय तह<br>जिआइजेड<br>को सहयोगमा हुने कार्यक्रम मन्त्रीस्तरीय निर्णयबाट छनौट |
| आ.व. २०७५/०७६ को सम्पत्ति विवरण अनलाइन प्रविष्टि सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ कार्तिक १४ | सबै स्थानीय तह |
| स्थानीय तहका विज्ञापित पदहरु एकिन गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ कार्तिक ४ | सबै स्थानीय तह<br>स्थानीय तहबाट माग भई मन्त्रालयले लोक सेवा आयोग मार्फत गरेको विज्ञापन |
| निर्णय कार्यान्वयन सम्बन्धमा | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७६ असोज १५ | सबै स्थानीय तह<br>शिक्षा नियमावली, २०५९ विपरीत शिक्षक नियुक्त नगर्न नगराउनु भन्ने अख्तियारको पत्र |

| | | | |
|---|---|---|---|
| एक स्थानीय तह एक प्राविधिकको तलब भत्ता सम्बन्धमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ असोज १२ | सबै स्थानीय तह कृषि तर्फका प्राविधिकका लागि सशर्त अनुदानमा रकम विनियोजन भइसकेको बारे |
| निर्णय कार्यान्वयन सम्बन्धमा | राष्ट्रिय सतर्कता केन्द्र | २०७३ जेठ ५ (संघीय मामिला असोज १४) | सबै स्थानीय तह ऐतिहासिक दस्तावेज तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण वैज्ञानिक प्रविधि प्रयोग गरी संरक्षण गर्न निर्देशन |
| निर्णय कार्यान्वयन सम्बन्धमा | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७६ असोज ८ | सबै स्थानीय तह प्राविधिक रुपले जटिल काम ...अनभिज्ञ तथा प्रयोगशालाको पहुँचबाट टाढा रहेका... उपभोक्ता समितिबाट नगराई ... खुल्ला बोलपत्र आव्हानबाट गराउने सुझाव लेखी पठाएको |
| निर्णय कार्यान्वयन सम्बन्धमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७६ भदौ ३० | सबै स्थानीय तह स्यानिटरी प्याड वितरण कार्यक्रम सम्बन्धमा |
| निर्णय कार्यान्वयन बारे | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७६ भदौ २५ | सबै स्थानीय तह प्रम कार्यालयको भदौ २४ को डेंगु नियन्त्रणका लागि भएको निर्णयहरुको कार्यान्वयन |
| आदेश कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असोज ५ | काठमाण्डौ उपत्यका भित्रका स्थानीय तहहरु बागमती नदी र बागमती सभ्यता सम्बन्धी सर्वोच्च अदालतको निर्णय कार्यान्वयन सम्बन्धी |
| राजस्वको दर सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असोज ७ | चन्द्रकोट गाउँपालिका बसाइसराइ दर्ता प्रमाण पत्र बापतको रकमको बारेमा यथार्थ जानकारी |
| नेपाल भ्रमण वर्ष २०२० सम्बन्धी निर्णयहरुको कार्यान्वयन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ भदौ २९ | सबै स्थानीय तह भ्रमण वर्ष भव्यताका साथ सम्पन्न गर्न बनाएको बजेट कार्यक्रम र सहकार्यको विवरण उपलब्ध गराउने लगायत |
| राजस्व परामर्श समितिका सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ भदौ ३० | सबै स्थानीय तह राजस्व परामर्श समितिमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रतिनिधित्वको व्यवस्था मिलाउनका लागि |

| | | | |
|---|---|---|---|
| प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ भदौ २० | सबै स्थानीय तह प्रशासकीय भवनमा एकरुपमा ल्याउन कार्यविधि बमोजिम गर्न गराउन |
| जग्गा उपलब्ध गराउन सहमति माग सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ भदौ १६ | सबै स्थानीय तह पालिकाको नाममा रहेको जग्गा नेपाल वा प्रदेश सरकारका निकायलाई उपलब्ध गराउन मन्त्रालयको सहमति माग्दा सम्बन्धित तहको सभाबाट निर्णय भई प्रचलित कानुन बमोजिम कार्य पूरा गरी प्राप्त भए मात्र स्वीकृतिको प्रक्रिया अघि बढाइने |
| आर्थिक वर्ष २०७६ /७७ को बेरुजु फछ्यौंट कार्ययोजना तथा मार्गदर्शन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन ३० | सबै स्थानीय तह |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सञ्चालन विवरण सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ साउन २६ | सबै स्थानीय तह सबै वडामा आधारभूत स्वास्थ्य सेवा स्थापना गर्न स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ |
| अधिकार प्रत्यायोजन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन २१ | सबै जिससलाई नदीजन्य पदार्थ संकलन उत्खनन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको अधिकार कार्यविधि तयार नभएसम्म बढीमा पुस २०७६ सम्मका लागि दिइएको |
| सिफारिस सम्बन्धमा मानव अधिकार आयोगबाट प्राप्त | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन १९ | सबै स्थानीय तह जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गरी दलित समुदायको मानव अधिकारको रक्षाका लागि आयोगका सिफारिसहरु |
| परिपत्र सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन १६ | सबै स्थानीय तह र जिसस स्थानीय पदाधिकारी तथा कर्मचारीहरुको विदेश भ्रमण निर्देशिका २०७५ बमोजिम वैदेशिक भ्रमण जान स्वीकृतिका सर्तहरु लगायतका विषय |

| | | | |
|---|---|---|---|
| आ.व. २०७६ / ७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन १० | सबै स्थानीय तह<br>अर्थ मन्त्रालयले साउन १ मा पठाएको ५७ बुँदे मार्ग निर्देशन |
| मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन १३ | सबै स्थानीय तह<br>केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको चल अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बाल अधिकार परिषद् र स्थानीय बाल अधिकार समितिमा हस्तान्तरण गर्ने |
| निर्णय पठाइएको बारे | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ असार २९ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साउन १२) | सबै स्थानीय तह<br>स्वास्थ्य कर्मीको सुरक्षा व्यवस्था सम्बन्धी निर्णय |
| निर्णय कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन ९ | सबै स्थानीय तह<br>प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्यांकन र पुनरावलोकनको संयन्त्रमा रहने पदाधिकारीका बारेमा सामान्य प्रशासन सचिवले मिलाउने बारे |
| राय प्रतिक्रिया सुझाव सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ साउन ८ | सबै स्थानीय तह<br>बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को संशोधनमा स्थानीय तहको राय सुझावका लागि तीन महलेको मस्यौदा पठाइएको |
| जातीय सिफारिस र जातीय प्रमाणपत्र सम्बन्धमा | राष्ट्रिय दलित आयोग | २०७६ साउन ५ | सबै पालिकाहरु<br>सबै वडाले यस्तो प्रमाणपत्र तथा सिफारिस सेवा नदिएकाले सो सेवा उपलब्ध गराउनका लागि |
| स्थानीय तहले जग्गा प्राप्ति गर्ने तथा सरकारी जग्गा दाखिल खारेज र लिजमा उपयोग गर्न | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ साउन १ | सबै स्थानीय तह<br>जग्गा प्राप्ति ऐन, २०३४ तथा सरकारी जग्गा लिजमा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यविधि, २०७१ बमोजिम गर्ने बारे |

| | | | |
|---|---|---|---|
| पाउने बारे प्रष्ट्याइएको | | | |
| छानवीन कार्यमा सहयोग गर्ने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असार २९ | सबै स्थानीय तह<br>स्थानीय तहको अनियमित कार्यहरुको छानवीन गरी प्रारम्भिक प्रतिवेदन तयार गर्न खटिआउने कर्मचारीलाई सहयोग गर्नुहुन |
| परिपत्र | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असार २८ | सबै पालिकाहरु<br>बाढी पहिरोको स्थानीय स्तरमा विपद् जोखिम न्युनीकरण, रोकथाम, नियन्त्रण, व्यवस्थापन र शीघ्र पुनर्लाभका लागि देहायका कार्य गर्न |
| अधिकार प्रत्यायोजन सम्बन्धी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असार २६ | सबै स्थानीय तह<br>स्थानीय तहको खरिद नियम नबन्दा सम्म सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ क को प्रयोजनका लागि नियम १५०(२) बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गर्ने |
| दरबन्दी कायम गरी जिम्मेवारी दिने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असार २३ | सबै स्थानीय तह<br>कर्मचारी समायोजन सम्बन्धी आदेश |
| नेपालमा विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६ को कार्यान्वयन सम्बन्धमा | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७६ असार १६ | सबै स्थानीय तह<br>उपरोक्त रणनीतिको केही क्रियाकलाप स्थानीय तहबाट समेत कार्यान्वयन हुने गरी जिम्मेवारी तोकिएको हुँदा स्थानीय तहमा परिपत्र गरिदिन |
| सहयोग गरिदिने बारे | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७६ असार ४ | सबै स्थानीय तह<br>पशुपन्छी रोगको सूचना विश्व पशु स्वास्थ्य संघमा पठाउनु पर्ने बाध्यता भएकाले स्थानीय तहले सूचना प्रणाली चुस्त बनाई रिपोर्ट भेटेरिनरी इपिडेमियोलोजी शाखा त्रिपुरेश्वरमा पठाइ सहयोग गर्न |
| सभामा बजेट पेश तथा पारित गरी खर्च गर्ने सम्बन्धमा | अर्थ मन्त्रालय | २०७६ असार १ | सबै स्थानीय तह<br>संविधान र कानुन बमोजिम बजेट सम्बन्धी प्रक्रिया पालन नभए नेपाल सरकारबाट हुने सबै प्रकारका अनुदानहरुको निकासा र |

| | | | |
|---|---|---|---|
| | | | राजस्वको बाँडफाँटको रकम हस्तान्तरण लगायतका प्रक्रियामा प्रचलित कानुन बमोजिम कठिनाई आउन सक्ने |
| दरबन्दी कायम गरी जिम्मेवारी दिने सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असार ८ | सम्बन्धित सबै स्थानीय तह समायोजित कर्मचारी बारे आदेश |
| प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ता सम्बन्धमा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६ असार ५ | सबै स्थानीय तह<br>मन्त्रिपरिषद्को निर्णयले जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ बमोजिम त्यस्ता कर्मचारीको २५ प्रतिशत जोखिम भत्ता सम्बन्धित कार्यालयले नै दिनु पर्ने निर्णय कार्यान्वयन गर्न पठाइएको |
| निर्णय कार्यान्वयन सम्बन्धमा | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७६ जेठ ९ (संघीय मामिलाले जेठ ३० मा चिट्ठी पठाएको) | सबै स्थानीय तह<br>पासाङ ल्हामु गाउँपालिका सोलुखुम्बुले प्रति पर्यटक २,००० शुल्क उठाएको सम्बन्धमा अख्तियारको निर्णय कार्यान्वयन |
| प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको असाधारण बिदा तथा अध्ययन बिदा स्वीकृत सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ असार २ | सबै स्थानीय तह<br>प्रदेश र स्थानीय निजामती सेवा ऐन नबनेसम्म साविक निजामती सेवा ऐन र नियमावली बमोजिम हुने भनी नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ असार २ को मन्त्रिस्तरको निर्णयानुसारको पत्र |
| मुक्त हलिया तथा कमैयाहरुको पुनर्स्थापना सम्बन्धमा | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७६ जेठ २१ | बर्दिया, बैतडी, डडेलधुरा लगायतका ९ जिल्लाका सबै स्थानीय तह<br>नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ जेठ ६ को निर्णयानुसार पुनस्थापनाको आवश्यक रकम मन्त्रालयबाट प्राप्त हुने गरी पुन:स्थापना कार्य सम्बन्धित स्थानीय तहले सम्पन्न गर्ने |
| गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ जेठ २४ | सबै स्थानीय तह<br>*गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना* |

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास आयोजनाको व्यवस्थापन सम्बन्धमा | | | *सञ्चालन सम्बन्धी सामान्य मार्गदर्शन, २०७५* बमोजिम गरिबी निवारण कोषबाट सञ्चालन र प्रवर्द्धन हुँदै आएका सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजनाहरुको कार्यान्वयन तथा व्यवस्थापनको कार्य सम्बन्धित स्थानीय तहबाटै हुने व्यवस्था मिलाउन प्रधानमन्त्रीको अध्यक्षताको सञ्चालक समितिको बैठकले गरेको निर्णय कार्यान्वयन |
| बजेट कार्यान्वयन सम्बन्धमा | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६ जेठ २९ | सबै स्थानीय तह<br>आ.व. २०७५/७६ देखि प्रदेश र स्थानीय तहको सहकार्यमा आरम्भ भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत *कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५* मिति २०७६ वैशाख २२ गतेको मन्त्रिस्तरको निर्णय बमोजिम स्वीकृत भएको र सोही बमोजिम क्रियाकलाप गर्ने गरी स्थानीय रुपमा बाँडफाँट गरिएको बजेट कार्यान्वयन |
| मार्गदर्शन पठाइएको बारे | गृह मन्त्रालय | २०७६ वैशाख ३१ | सबै स्थानीय तह<br>गृह मन्त्रालय मन्त्रीस्तरको निर्णयबाट २०७६ वैशाख २९ को निर्णय अनुसार स्वीकृत *लागु औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६* बमोजिम बजेटमा कार्यक्रम सञ्चालन गर्न परिपत्र<br>पालिका प्रमुख अध्यक्ष रहने १७ सदस्यीय लागु औषध नियन्त्रण समित गठन गर्न पनि भनेको |
| परिपत्र सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ वैशाख २९ | सबै स्थानीय तह<br>मन्त्रालयको २०७६ वैशाख २९ को मन्त्री स्तरीय निर्णयले दरबन्दी संरचनामा संशोधन सम्बन्धमा "कर्मचारी समायोजन |

| | | | |
|---|---|---|---|
| | | | ऐन, २०७५ को दफा ३(१०) मा कर्मचारी समायोजनको कार्य सम्पन्न भइसके पछि प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने छन्" भन्ने व्यवस्था भएकाले कर्मचारी समायोजन कार्य भइसकेपछि आआफ्नो निकाय वा अन्तरगतका कार्यालयहरुको संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सकिने व्यहोरा अनुरोध गरेको |
| कर्मचारी स्थायी पदपूर्ति सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ वैशाख २६ | महा/उपमहा/नगर/गाउँपालिका सबै<br>स्थायी पदपूति सम्बन्धी कानुनी व्यवस्था राखी २०७६ वैशाख २६ को मन्त्रीस्तरको निर्णयले स्थानीय तहबाट रिक्त पदमा स्थायी पदपूर्तिको लागि प्रक्रिया अगाडि बढाउने व्यवस्था प्रचलित कानुनमा नभएकाले सो सम्बन्धमा प्रचलित कानुन बमोजिम प्रक्रिया अवलम्बन गर्ने व्यवस्था मिलाउने कानुन विपरीतका स्थायी पदपूति सम्बन्धी विज्ञापनहरु समेत बदर गर्ने निर्णय |
| अन्तरसरकारी वित्त परिषद्ले गरेका निर्णय कार्यान्वयन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६ वैशाख २५ | सबै स्थानीय तह<br>२०७५ चैत २८ मा बसेको अन्तरसरकारी वित्त परिषद्का निर्णयहरु |
| अधिकार प्रत्यायोजन सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ चैत २८ | जिसस कार्यालय सबै<br>वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ बमोजिमको नदिजन्य पदार्थको संकलन, उत्खनन, सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षणको अधिकार अर्को व्यवस्था भए सोही बमोजिम हुने गरी हाललाई मिति २०७६ असार ३१ सम्म तपसील |

| | | | |
|---|---|---|---|
| | | | बमोजिम हुनेगरी नेपाल सरकार मन्त्रीस्तरबाट २०७५ चैत २६ मा भएको निर्णय बमोजिम गर्ने |
| निर्देशन सम्बन्धमा | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७५ चैत ११ | कमैयाका हकमा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर तथा हलियाका हकमा हुम्ला, जाजरकोट, सुर्खेत, दार्चुला, बैतडी, बाजुरा, डोटी, डडेल्धुरा, अछाम, कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहहरु<br><br>मुक्त कमैया र हलिया पुनःस्थापना कार्यमा उपरोक्त जिल्लाका स्थानीय तहले सहजीकरण गरिदिन मन्त्रालयको पत्र |
| निर्णय कार्यान्वयन सम्बन्धमा | गृह मन्त्रालय | २०७५ चैत १४ | सबै स्थानीय तह<br>गृह मन्त्रालयले मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७६ तयारी बैठकका निर्णयहरु कार्यान्वयनका लागि स्थानीय तहमा संघीय मामिला मन्त्रालय मार्फत पठाएको |
| मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका सम्बन्धमा | महालेखा नियन्त्रक कार्यालय | २०७५ फागुन ५ | सबै स्थानीय तह<br>बजेट कार्यान्वयनमा देखिएका समस्या समाधान सम्बन्धमा मन्त्रिपरिषद्को निर्णय<br>स्थानीय तहको बजेटबाट संघ र प्रदेशले गर्ने कार्यक्रम र संघ तथा प्रदेशको बजेटबाट स्थानीय तहले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुको बजेट कार्यान्वयनको समस्यामा मन्त्रिपरिषद्को बाधा अड्काउ फुकाउ निर्णय |
| स्वतः समायोजन भएका स्थानीय तहका कर्मचारी तह मिलान सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ चैत १ | सबै स्थानीय तह<br>कर्मचारी समायोजन तथा स्थानीय सेवाको गठन सञ्चालन सम्बन्धी संघीय मापदण्ड नबनेसम्मका लागि तहमिलान गर्न नसक्ने अवस्थामा २०७५ चैत १ को मन्त्री स्तरीय निर्णय |
| पदपूर्तिका लागि माग फारम पठाउने | संघीय मामिला तथा सामान्य | २०७५ फागुन २६ | सबै स्थानीय तह<br>स्थानीय तहमा रिक्त पदहरुमा पदपूर्ति गर्न संघीय लोक सेवा |

| | | | |
|---|---|---|---|
| | प्रशासन मन्त्रालय | | आयोगमा मन्त्रालयले माग पठाउनु पर्ने भएकाले पदपूर्ति फारम भरेर पठाउने बारे |
| निर्णय कार्यान्वयनका लागि | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ फागुन ८ | सबै स्थानीय तह<br>सर्वोच्च अदालतको रिट नं. ०७३-WO-१३८४ को परमादेश अनुसार स्थानीय तहबाट ढुंगा, गिट्टी बालुवा जस्ता प्राकृतिक स्रोत साधनको उत्खनन, दर्ता अनुमति लगायतका कार्य गर्दा वातावरण सम्बन्धी प्रचलित कानुनको पूर्ण पालना हुने गरी मात्र गर्ने सर्वोच्चको आदेश |

## सन्दर्भ सामाग्रीहरू

कृष्ण प्रसाद सापकोटा, रुद्र सापकोटा तथा नवराज कोइराला, *संघीय नेपालमा तहगत सरकार बीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँट* (काठमाण्डौः असोज २०७६)

तिलप्रसाद श्रेष्ठ तथा नमित बाग्ले, *नेपालमा न्यायिक समितिः नजिकबाट नियाल्दा* (काठमाण्डौः नेपाल कानुन समाज, २०७६)

बालानन्द पौडेल तथा कृष्ण प्रसाद सापकोटा, *संघीयतामा स्थानीय तहः संवैधानिक व्यवस्था र कार्यान्वियन अवस्था* (काठमाण्डौ)

विपिन अधिकारी, *नेपालको संविधानमा स्थानीय व्यवस्थापिकाः औचित्य तथा प्रयोगका पक्षहरु* (धुलिखेलः काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल, २०७५)

*स्थानीय तहबाट जारी भएका कानुनबारे तुलनात्मक अध्ययन प्रतिवेदन, २०७७* (काठमाण्डौः नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७७)

नेपालको संविधान (२०७२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

संघ, प्रदेश तथा स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

कर्मचारी समायोजन ऐन, २०७५

सबै प्रदेशबाट पारित स्थानीय सभा सञ्चालन कार्यविधि सम्बन्धी कानुनहरु

अध्ययन गरिएका नगरपालिकाहरुको स्थानीय कानुनहरु

Bipin Adhikari, *Salient Features of the Constitution of Nepal, 2015* (Kathmandu: Nepal Consulting Lawyers Inc, 2016)

— *A Treatise on the Constitution of Nepal (2015)* (Dhulikhel: Kathmandu University School of Law, 2020)

Democracy Resource Center, *The Roles of Local Governments in Disaster Management and Earthquake Reconstruction* (Kathmandu: April 2019)

Nepal Administrative Staff College, *Political Economy Analysis of Emerging Education Governance at Local Governments In Nepal* (Lalitpur: September 2018)

Paper on *Public Private Partnerships and Emerging Lessons with Municipal Governments* (Kathmanu: The Asia Foundation and VROCK & Company, April 6, 2019)

Paper on *Policy Dialogue on the 'Functional Assignment across Spheres of Government* (Kathmandu: Australian Government, Department of Foreign Affairs and Trade (DFAT) – The Asia Foundation Partnership on Subnational Governance in Nepal, 30 July 2019)

Paper on *Policy Dialogue on the Role of Local Government in Reconstruction* (Kathmandu: Australian Government, Department of Foreign Affairs and Trade (DFAT) – The Asia Foundation Partnership on Subnational Governance in Nepal, 1 Feb 2019)

Paper on *Nepal's Locally Elected Women Representatives Exploratory Study of Needs and Capacity* (Kathmandu: Australian Government, Department of Foreign Affairs and Trade (DFAT) – The Asia Foundation Partnership on Subnational Governance in Nepal)

Study on *Diagnostic Study of Local Governance in Federal Nepal 2017* (Kathmandu: Australian Government, Department of Foreign Affairs and Trade (DFAT) – The Asia Foundation Partnership on Subnational Governance in Nepal, 2017)

Study on *Political Economy Analysis of Local Legislature in Nepal* (Lalitpur: Nepal Administrative Staff College)


Subnational Governance in Nepal Quarterly Newsletter, Issue 1, July 2019 (Kathmandu)

Subnational Governance in Nepal Quarterly Newsletter, Issue 2, September 2019 (Kathmandu)

Subnational Governance in Nepal Quarterly Newsletter, Issue 3, August - October 2019 (Kathmandu)

Subnational Governance in Nepal Quarterly Newsletter, Issue 4, November 2019 - January 2020 (Kathmandu)

Subnational Governance In Nepal Quarterly Newsletter, Issue 5, February- Aprli 2020 (Kathmandu)



प्रकाशक :

Nepal Consulting Lawyers Inc
Kathmandu

सहयोग :

Australian Aid

The Asia Foundation

The Australian Government - The Asia Foundation Partnership in Nepal